घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ काठमाडौं | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

अथक परिश्रम
अपार सफलता

130000+
Students enrollment

40000+
compentent & world-class engineers

30000+
Students pursuing engineering couses in Nepal & abroad

PEA's
B.E./B.Arch.
BSc.CSIT Entrance Preparation

25 Years of EXCELLENCE



"विगत २५ वर्षको अनुभव र सर्वोत्कृष्ट नतिजा नै हाम्रो परिचय हो ।"

key to success in life

Since 1994
PEA
Association Pvt. Ltd.

Jaycees Marga, Thapathali, Kathmandu, Tel: 014245730, 4257187, www.pea.edu.np

अथक परिश्रम अपार सफलता

25 Years of EXCELLENCE

IOE Result 2019 (97 out of Top 100)

शैक्षिक शत्र २०७६/७७ का लागि इ.अ.स. द्वारा सञ्चालित प्रतिस्पर्धात्मक वि.इ. प्रवेश परिक्षामा उच्च अङ्क हासिल गरी भविष्यमा इञ्जिनियर हुने सुनिश्चतता कायम गर्न सफल सम्पूर्ण विद्यार्थीहरूलाई PEA हार्दिक बधाई ज्ञापन गर्दछ । यस संस्थामा प्रवेश परिक्षा तयारी गरी ९७% सर्वोच्च स्थानहरू हासिल गर्दै PEA को साख र गौरवमय परम्परालाई निरन्तरता दिनु भएकोमा सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

IOE Toppers 2019



Pratik Dahal
Rank : 1
Bishnu Memorial, Dharan

Rahul Kumar Jha
Rank : 2
Liverpool

Biraj Pandey
Rank : 3
SOS, Bhaktapur

Aayushma Baral
Rank : 18 (Girls Topper)
SOS, Pokhara

Pratik Dahal
Rank : 1
Bishnu Memorial, Dharan



Rahul Kumar Jha
Rank : 2
Liverpool

Biraj Pandey
Rank : 3
SOS, Bhaktapur



Ishan P Banjara
Rank : 4
KMC

Bishal Khand Thakuri
Rank : 6
KMC



Suraj Pathak
Rank : 7
St. Xavier's

Prince Panta
Rank : 8
Prasadi



Nabin Khanal
Rank : 9
Nepal Megha

Bikal Devkota
Rank : 10
St. Xavier's



Suman Poudel
Rank : 11
Ktm. Bernhardt

Manoj Khattri
Rank : 12
New Horizon, Butwal

Amit K Mishra
Rank : 13
Trinity

Nishant Luitel
Rank : 14
St. Xavier's

Biplav Sharma
Rank : 15
Orchid, Chitwan



Bijay Poudel
Rank : 16
KMC

Nirmal P Panta
Rank : 17
Chelase Int'l

Aayushma Baral
Rank : 18
SOS, Pokhara

Prakash Bhattarai
Rank : 19
Pokhara SS



Aviral Sharma
Rank : 20
KMC

Shireejan Satyal
Rank : 21
NIST

Prakash Chaulagain
Rank : 22
Nobel Academy



Siddanta Poudel
Rank : 23
KMC

Pramish Aryal
Rank : 24
NIST

Bikash Joshi
Rank : 25
Trinity

Sagar K Thapa
Rank : 26
Tilottama, Butwal

Mahesh Khanal
Rank : 27
St. Xavier's

Nabin Da Shrestha
Rank : 28
Seabird



Rajanbabu Panta
Rank : 30
Valmiki, Chitwan

Diwakar Lamichhane
Rank : 31
St. Lawrence

Tikaharu Sharma
Rank : 32
St. Xavier's

Bijay Raj Marasaini
Rank : 33
KMC



Abhishek Sharma
Rank : 34
SOS, Pokhara

Anish Sapkota
Rank : 35
Aroma, Chitwan

Sandesh Dhungana
Rank : 36
SOS, Chitwan

Aashish Sharma
Rank : 37
KMC



Sachin Acharya
Rank : 38
V.S. Niketan

Kushal Subedi
Rank : 39
Aroma, Chitwan

Sankalpa Poudel
Rank : 40
SOS, Chitwan

Manish Awasthi
Rank : 41
Radient, Mahendranagar

Apil Dhungana
Rank : 42
Aroma, Chitwan

Saurav Bastola
Rank : 43
Valmiki, Chitwan

Suraj Thapa
Rank : 44
Moliss

Shakshyam Kafle
Rank : 45
CCRC

Nischal Shrestha
Rank : 46
Liverpool

Pradeep Adhikari
Rank : 47
Valmiki, Chitwan

Swastav Acharya
Rank : 49
CCRC

Roshan Neupane
Rank : 50
Sun-rise, Chitwan

Abiral Adhikari
Rank : 51
St. Xavier's

Sailesh Siwakoti
Rank : 52
GGIC

Samyak Shrestha
Rank : 53
St. Xavier's

Saurabh Koju
Rank : 54
SOS, Bhaktapur

Krishna Datt Bhatta
Rank : 55
Radiant, Mahendranagar

Shobhit Raj Joshi
Rank : 56
Prasadi

Dennis Shrestha
Rank : 57
St. Xavier's

Saurav Phuyal
Rank : 58
New Summit

Smriti Dahal
Rank : 59
St. Xavier's

Aditya Khanal
Rank : 60
KMC

Swatantra Ghimire
Rank : 61
NIST

Aashish Adhikari
Rank : 62
SOS, Pokhara

Nabin Ayer
Rank : 63
NIST

Raunak Jha
Rank : 64
St. Xavier's

Bivek Shrestha
Rank : 65
Valmiki, Chitwan

Anish Shrestha
Rank : 66
St. Xavier's

Sunil Adhikari
Rank : 67
Valmiki, Chitwan

Prashant Giri
Rank : 68
Herald Int'l

Anish Neupane
Rank : 69
KMC

Prajjwal Bista
Rank : 70
Xavier Academy

Subash Tamang Lama
Rank : 71
KMC

Sagar Poudel
Rank : 72
Valmiki, Chitwan

Saurab Dawadi
Rank : 73
Valmiki, Chitwan

Sanjeev Lamichhane
Rank : 74
SOS, Bhaktapur

Mridul Neupane
Rank : 75
KMC

Santosh Pandey
Rank : 76
Oxford, Butwal

Prashant Bist
Rank : 77
NAST, Dhangadi

Jubin Adhikari
Rank : 78
Everst, Butwal

Shrey Upadhyaya
Rank : 79
Prasadi

Eros Kuikel
Rank : 80
St. Xavier's

Saugat Baral
Rank : 81
Motherland, Pokhara

Abhushan Subedi
Rank : 82
Bishnu Memorial, Dharan

Kishan Dhaka;
Rank : 83
Amarsingh, Pokhara

Kamal Biswakarma
Rank : 84
St. Xavier's

Bikash Bhandari
Rank : 85
Diamond, Pokhara

Niraj Chapagain
Rank : 86
Nepal Megha

Himal KC
Rank : 87
Prasadi

Abhinav Kafle
Rank : 88
Liverpool

Sachin Gautam
Rank : 89
Greenland, Biratnagar

Yubaraj Karki
Rank : 90
CCRC

Suman Balayer
Rank : 91
NAST, Dhangadi

Asian Chudali
Rank : 92
Oxford, Butwal

Ashish Baral
Rank : 93
SOS, Pokhara

Saurab Kattel
Rank : 94
Xavier, Int'l

Sanjay Thapa
Rank : 95
NIST, Banepa

Pawan Shrestha
Rank : 96
Trinity

Ashmin Poudel
Rank : 97
GBS, Pokhara

Vikrant Panjiyar
Rank : 98
Nepal Megha

Sanjeev Joshi
Rank : 99
DAV

Amrit Baral
Rank : 100
Everest, Butwal

"विगत २५ वर्षको अनुभव र सर्वोत्कृष्ट नतिजा नै हाम्रो परिचय हो ।"

यस अतिरिक्त अन्य सर्वोच्च स्थान हासिल गर्ने विद्यार्थीहरूको परिचय PEA Prospectus 2020 मा समावेश गरिने छ ।

12 Class-Running विद्यार्थीहरूका लागि Pre-engineering का तयारी कक्षाहरू सञ्चालन भइरहेको जानकारी गराउँदछौ ।

एक वर्षे Detail Course तथा Indian Embassy तयारी कक्षाको लागि विशेष छुटका साथ भर्ना भईरहेको जानकारी गराउँदछौ ।

since 1994

PEA

Association Pvt. Ltd.

Jaycees Marga, Thapathali, Kathmandu

Tel: 01-4245730, 4257187 www.pea.edu.np

www.facebook.com/peaedunp

कुनै त्रुटि भएमा ९८५९९६००३० मा सम्पर्क राख्नुहोला ।

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ काठमाडौं | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

सडकमै धराप | ललितपुरको पुल्चोकस्थित मन्त्री क्वार्टरतर्फ जाने सडकको पैदलमार्गमा रहेको खाडल । सधैं खुला रहने यो खाडलको डिलसमेत होचो छ, जहाँ हिँडिरहेको व्यक्तिसमेत पर्न सक्ने जोखिम छ ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/कान्तिपुर

ब्युँताइयो सरकारी निर्माण कम्पनी

■ **बलराम बानियाँ** (काठमाडौं)

ठूला भौतिक पूर्वाधार निर्माणमा वैधानिक रूपमै आर्थिक चलखेलको जोखिम बढ्ने गरी सरकारले 'नेपाल पूर्वाधार निर्माण कम्पनी' खडा गरेको छ । यसबाट विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर 'कमिसन' खाने वैधानिक बाटो खुल्ने आशंका बढेको छ ।

पञ्चायतकालदेखि २०५८ सालसम्म विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले नेसनल कन्स्ट्रक्सन कम्पनी अफ नेपाल (एनसीसीएन) मार्फत ठूला भौतिक संरचना निर्माणको काम बिनाप्रतिस्पर्धा आफू नजिकका ठेकेदारलाई दिलाएर गैरकानुनी कमाइ गर्ने गरेका थिए । प्रभावशाली मन्त्रीहरूको प्रस्तावमा सरकारी ठेक्कामा कानुनी रूपमै कमाउ धन्दा चलाउन झन्डै २० वर्षपछि त्यस्तै प्रकृतिको 'नेपाल पूर्वाधार निर्माण कम्पनी' ब्युँताइएको स्रोतले जनायो ।

सरकारले सरकारी स्वामित्वको कम्पनीलाई मन्त्रिपरिषद् निर्णयबाट बिनाप्रतिस्पर्धा सोझै भौतिक पूर्वाधार निर्माण या अरू कुनै पनि ठेक्का दिन पाउने कानुनी व्यवस्था छ । सरकारी कम्पनीले तोकिएको अनुमानित लागत रकममा भौतिक पूर्वाधार निर्माण या कुनै पनि ठेक्का पाउनेछन् । सरकारी कम्पनीले अरू ठेकेदार कम्पनीले जस्तो अनुमानित लागत रकममा घटाघट गरी प्रतिस्पर्धा गर्नु पर्दैन । एनसीसीएनले अनुमानित लागतमा सरकारी पूर्वाधार निर्माणको जिम्मा लिएर १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा ठेकेदारलाई उपठेक्का दिने गर्थ्यो । एनसीसीएनकै ढाँचामा अहिले खोलिएको सरकारी कम्पनीले पनि अनुमानित लागतमा १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा जुनसुकै ठेकेदारलाई जिम्मा दिएर काम गराउन सक्नेछ । 'पञ्चायतकाल र २०५८ सालसम्म प्रभावशाली मन्त्रीहरूले एनसीसीएनमार्फत आफ्नो स्वार्थसिद्धि गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर ठूलो परिमाणमा कमिसन लेनदेन गर्ने प्रवृत्ति फस्टाएको थियो । सरकारले त्यही प्रकृतिको कम्पनीलाई पुनर्जीवन दिएर सरकारी ठेक्कापट्टामा

बिनाप्रतिस्पर्धा सरकारी कम्पनीमार्फत आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई ठेक्का दिलाइने आशंका

विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूलाई फेरि चलखेल गर्ने मौका दिन लागेको छ,' एनसीसीएनमार्फत भएको भ्रष्टाचार देखेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिवले कान्तिपुरसित भने । ती पूर्वसचिवका अनुसार खुला प्रतिस्पर्धा गर्दा ठेकेदारहरूले अनुमानित लागतभन्दा ४० प्रतिशतसम्म कम रकम कबोल गरी ठेक्का लिएर काम गर्ने गर्छन् तर सरकारी कम्पनीमार्फत १० प्रतिशत कम रकममा ठेकेदारले उपठेक्का पाउँदा बढी नाफा हुने भएकाले त्यसैमा ठूलो चलखेल र लेनदेन हुन्छ ।

बाँकी पृष्ठ १४

भित्र

नेपाल स्याटेलाइटको अनुमतिपत्र खारेज

नेकपा सचिवालयमा एक्लिए नेता नेपाल

विवादास्पद न्यायाधीश अधिकारीद्वारा राजीनामा

राजनीतिक दललाई अनुदान दिने कानुन बन्दै

भर्ती केन्द्र बन्यो लुम्बिनी विकास कोष

गजब छ बा !

- अविन -

तपैं नि यै पार्टीको ? अनि कतातिरको नि ?... दायाँतिरको कि बायाँतिरको ...कि छायाँतिरको ?

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक | समृद्ध नेपालको लागि

नेपाल-भारत संयुक्त आयोग बैठक भोलि

एजेन्डाहरू पुरानै

कान्तिपुर संवाददाता (काठमाडौं)

परराष्ट्रमन्त्री स्तरमा बुधबार सुरु हुने नेपाल-भारत संयुक्त आयोगको पाँचौं बैठकमा प्रबुद्ध समूह (ईपीजी) ले यसअघि सम्बोधन गरेकै मुद्दा तथा सुझ्झन नसकेका द्विदेशीय सरोकारका विषयमा छलफल हुने भएको छ ।

बैठकमा राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत, संस्कृति-शिक्षासहितका मुख्य एजेन्डामाथि छलफल हुने परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिए । दुईदिने बैठकमा सहभागी हुन भारतीय विदेशमन्त्री एस जयशंकरसहितको प्रतिनिधिमण्डल बुधबार काठमाडौं आउँदै छ ।

'बैठकमा नयाँभन्दा पनि भइरहेकै समस्या र सरोकारका विषयमा बृहत् छलफल हुनेछ,' परराष्ट्रका एक उच्च अधिकारीले कान्तिपुरसँग भने, 'विगतमा नेपाल-भारत प्रबुद्ध समूहले उठाएका एजेन्डा आयोग बैठकमा पनि दोहोरिँदै छन् । विशेषगरी डुवान समस्या, भारतले प्रतिबद्धता जनाएर पूरा नभएका योजना र पञ्चेश्वरजस्ता थाती रहेका परियोजनाको निकासबारे नेपालले धारणा राख्नेछ ।' लामो समयदेखि अल्झेर बसेका परियोजनालाई कि त खारेज गर्ने अथवा योजनामा नयाँ मोडालिटी पहिल्याउन नेपालले प्रस्ताव गर्ने परराष्ट्रमा दक्षिण एसिया मामिला हेर्ने ती अधिकारीले बताए । परराष्ट्र मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्ञवालीले नेपाल-भारतको सहकार्यमा सञ्चालित योजना तथा तिनका प्रगति एवं उपलब्धिबारे आयोग बैठकमा विस्तृतमा छलफल गरिने बताए । 'अहिले नेपाल-भारत समझदारी उच्चस्तरमा छ,' उनले भने, 'मोतिहारी-अमलेखगन्ज रेलवे

राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत मुख्य एजेन्डा

पाइपलाइन, हुलाकी राजमार्ग, एकीकृत चेकपोस्ट (आईसीपी), जनकपुर-जयनगर रेलवेजस्ता योजनाको उपलब्धिमाथि छलफल हुनेछ । अरुण तेस्रो, अपर कर्णाली जलविद्युत् परियोजनालाई तीव्रतासाथ अघि बढाउनेबारे धारणा राख्नेछौं ।' रक्सौल-काठमाडौं रेलवेको प्राविधिक सर्वेक्षण पूरा भइसकेको र यसको विस्तृत परियोजना रिपोर्ट (डीपीआर) बन्ने क्रममा रहेको उनले जानकारी दिए । बैठकमा नारायणी र कोसी नदीको जलमार्गमा मध्यमस्तरका जहाज सञ्चालन हुनेबारे तयारी तथा प्रस्तावनामा छलफल हुँदै छ । बैठकमा प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदन बुझ्न र कार्यान्वयन तहमा अघि बढ्नसमेत समकक्षी जयशंकरसँग कुरा राखिने मन्त्री ज्ञवालीले बताए । प्रबुद्ध समूहले एक वर्षअघि तयार गरेको प्रतिवेदन भारत सरकारले अझैसम्म नबुझ्दा यसको कार्यान्वयन 'अर्थहीन' बनेको छ ।

'लामो समयदेखि अल्झिएका योजनाबारे पुनरावलोकन गर्नुपर्छ भनेर दुवै देशको तहमा समझदारी बनेको छ,' उनले भने, 'कुनै विषय छ र अघि बढ्न सकेको छैन भने त्यसलाई 'रिभ्यु' गर्न सकिन्छ । अब कार्यान्वयनमा लागौं भन्ने हो ।' नेपाल-भारत समस्या एवं सरोकार सम्बोधनमा मन्त्रीस्तरीय संयन्त्र बैठकमा भाग लिन आउने भारतीय विदेशमन्त्री जयशंकर यसअघि विदेश सचिवका रूपमा सेवारत थिए । नेपालमा संविधान जारी हुनुअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका 'विशेषदूत' भएर काठमाडौं आएका जयशंकरले 'सबै पक्षको सहमति नजुटाई संविधान जारी नगर्न दिएको सुझाव' का कारण उनको छवि विवादित बनेको थियो ।

बाँकी पृष्ठ १४

सामाजिक सञ्जालमा फैलँदै घृणा, आक्रोश र अफवाह
पृष्ठ २

कलिलैमा बिहेले कानुनी झमेला

■ **बिनु तिम्सिना** (विराटनगर)

● ९ महिनाअघि मोरङको रंगेली नगरपालिकाका १७ वर्षीया एक किशोरी र १९ वर्षीय एक किशोर गाउँबाट हराए । गाउँमा खैलाबैला मच्चियो । किशोरीका आमाबुबाले इलाका प्रहरी कार्यालयमा छोरी हराएको भन्दै निवेदन दिए । प्रहरीले दुवैलाई एकै स्थानबाट फेला पाऱ्यो । लामो समयदेखि प्रेम सम्बन्धमा रहेका उनीहरू सँगै भागेका थिए । कानुनत: २० वर्ष नपुगी विवाह गर्न नमिल्ने भएकाले प्रहरीले दुवैलाई आ-आफ्नो अभिभावकको जिम्मा लगायो । तर केही दिनपछि

किशोरीका आमाबुबाले किशोरविरुद्ध जबर्जस्ती करणीको मुद्दा दर्ता गराए । किशोर पक्राउ परे । अदालतबाट धरौटीमा छुटेपछि दुवै किशोरकिशोरी भागेर भारत गए ।

● विराटनगर महानगरपालिकाका १८ वर्षीया किशोरी र २१ वर्षीय युवा एक महिनाअघि हराए । परिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गरायो । प्रहरीले खोजतलास गर्दा उनीहरू सँगै बसेको फेला पऱ्यो । किशोरीको उमेर २० वर्ष पूरा नपुगेकाले उनीहरूलाई पनि छुटाएर प्रहरीले आफ्नो अभिभावकको जिम्मा लगायो ।

बाँकी पृष्ठ १४

HUAWEI

Y9 Prime 2019

HUAWEI Ultra FullView Display
Auto Pop-Up Camera

Rs. 29,990/-

HOT SALE

Product pictures and display contents on the page are provided for reference only. Actual product features and specifications (including but not limited to appearance, colour, and size), as well as actual display contents (including but not limited to backgrounds, UI, and icons) may vary.

Call Mobility

Authorized Sole Distributor:
Call Mobility Pvt. Ltd.
Tel: 01-4240886
E-mail: marketing@callmobility.com.np
TRADE ENQUIRY NO. 9801248055

Authorized Showrooms: OLA Electronics, Near Tamrakar Complex, Pako Newroad, Ph. No.: 01-4220758, Mob: 9801248177 | Next to Peoples Plaza, Pako, Newroad, Ph. No: 01-4269092

Authorized Service Centers: OLA Electronics Pvt. Ltd., 5th Floor, CTC Mall, Sundhara, Kathmandu, Ph. No.: 01-4218084 | 6th Floor, Tamrakar Complex, Pako, Newroad, Ph No. 01-4252193, 01-4249803 | Narayanghat Service Center (KL Mall, Lions Chowk) Ph. No: 9803571355 | Itahari: Dharan Road, Opposite Gorkha Dept Store Ph. No: 9801248193

WARRANTY: 1 YEAR ON MOBILE PHONE | 6 MONTHS ON BATTERY

FOR SERVICE ENQUIRY: TOLL FREE 16600107107

घरमै पेट्रोल पम्प

काठमाडौंको बालाजुस्थित एक घरको सटरमा सञ्चालित कोत: धुकु: पेट्रोल पम्प । आयल निगमको अधिकृत बिक्रेता यो पेट्रोल पम्प मापदण्डविपरीत जोखिमपूर्ण रूपमा सञ्चालन भइरहेको छ । निगमको बिक्रेता विनियमावली (छैटौं संशोधन) ०७३ अनुसार महानगरपालिकाभित्र पेट्रोल पम्प सञ्चालन गर्न कम्तीमा डेढ रोपनी जग्गा हुनुपर्छ । सरकारले ६ महिनाअघि नै योसहित राजधानीका १५ वटा पेट्रोल पम्प हटाउने तयारी अघि बढाएको थियो ।

तस्बिर : कविन अधिकारी/कान्तिपुर

सामाजिक सञ्जालको जञ्जाल

फैलिँदै आवेग, अफवाह र आक्रोश

■ **जनकराज सापकोटा** (काठमाडौं)

चितवनको नारायणगढस्थित एक होटलमा झुन्डिएको अवस्थामा फेला परेका माउन्टेन टेलिभिजनका पत्रकार शालिकराम पुडासैनीको मोबाइलमा प्रहरीले फेला पारेको भिडियो यतिबेला सामाजिक सञ्जाल र युटचुबमा व्याप्त छ । भिडियो सार्वजनिक भएलगत्तै सोही घटना जोडिएको एउटा तस्बिर पनि त्यसरी नै भाइरल भइरहेको छ । पुडासैनीको मृत्युअघिको भिडियोबाट स्क्रिनसर्ट लिइएको फोटोमा उनको आँखा देखिन्छ र आँखाको नानीमा कुनै मान्छेको प्रतिछाया छ । यही प्रतिछायालाई आधार बनाएर युटचुबमा दर्जनौं भिडियो अपलोड भएका छन् । सयौंले यही तस्बिर पोस्ट गर्दै पत्रकार मृत्यु प्रकरण र सञ्चारकर्मी रवि लामिछाने पत्राउबारे आ-आफ्ना धारणा, दाबी र विरोधहरू पोस्ट गरेका छन् ।

के सामाजिक सञ्जालहरूमा भनिएजस्तै पुडासैनीको आँखामा अर्को मानिसको प्रतिछाया देखिएको हो ? आँखामा देखिएको व्यक्तिले नै उनको हत्या गरेको हुन सक्छ भन्ने अड्कल कसरी फैलियो ? कान्तिपुरको खोजमा यसबारे केही नयाँ तथ्य फेला परेका छन् ।

मनोरम जोशी चर्चित फेसबुक पेज 'मेन्स रुम रिलोडेड' (एमआरआर) का सुदूरपश्चिम प्रतिनिधि हुन् । एक लाख सदस्य भएको यो फेसबुक पेजका सदस्यहरू विपदका बेला, सामाजिक काममा र कहिलेकाहीं न्यायपूर्ण अभियानमा सक्रिय देखिन्छन् । यही पेजले हो भन्डै एक वर्षअघि निर्मला पन्तको बलात्कार र हत्यापछि 'सरकार भेटियो न्याय भेटिएन' भन्ने स्लोगनको पोस्टर डिजाइन गरेको । निर्मलाको स्केचसहितको पोस्टर डिजाइन गरेर यही समूहका सदस्यले प्रिन्ट गर्न चाहनेहरूलाई सफ्ट कपी उपलब्ध गराएका थिए । ग्रुपकै केही सदस्यले त्यस्तो पोस्टर रातभर काठमाडौं उपत्यकालगायत विभिन्न क्षेत्रका सार्वजनिक स्थानमा टाँसेका थिए ।

मनोरमले भन्डै ७ महिनाअघि होलीको बेला एउटा तस्बिर यही पेजमा पोस्ट गरेका थिए । फागुले रंगीन भएको एमआरआर लेखिएको सेतो टिर्सट पहिरेको र कालो चस्मा लगाएको, कुनै फुटबल खेलाडी झैं उफ्रिएको मनोरमको फोटो फेसबुकमा धेरैले मन पराए । केही दिनअघि मनोरमलाई एउटा तस्बिर ट्याग गरिएको थियो । जसमा पत्रकार पुडासैनीले आत्महत्याअघि खिचेको भिडियोबाट स्क्रिनसट लिइएको क्लोज अप तस्बिर थियो । अनि त्यही तस्बिरको आँखाको नानीमा मनोरमको फागुको तस्बिर धमिलो बनाएर राखिएको थियो । सामाजिक काम र न्यायपूर्ण अभियानका निम्ति सक्रिय फेसबुक पेजमा एमआरआर ग्रुपकै कुनै सदस्यले यस्तो तस्बिर पोस्ट गरेका थिए । पत्रकार आत्महत्याका कारण र सञ्चारकर्मी लामिछाने पत्राउ प्रकरण गर्माइरहेको बेला पुडासैनीको आँखाको नानीमा कसैको प्रतिछाया देखिनु आफैंमा कौतूहलको विषय थियो । फोटोसपका माध्यमबाट मनोरमको तस्बिर मृतक पत्रकारको आँखाको नानीमा राखेको र उक्त तस्बिर के-के नै भेटियो जस्तो गरेर एमआरआर पेजमा पोस्ट भएपछि अफवाह फैलिने भन्दै पेजमा सक्रिय साथीहरूले उक्त पोस्ट डिलिट गरिदिए ।

एमआरआर एडमिनका एक सदस्य विक्रम केसीले आफूहरूले उक्त पोस्ट एक घण्टाभित्रै डिलिट गरेको तर अरू कसैले कपी गरेपछि बाहिर फैलिएको बताए । 'एकजना साथीले कसरी विभिन्न घटनामा सामान्य मानिस आफैं अनुसन्धानकर्मी बन्न खोजेजस्तो गर्छ, आफैंले सत्य पहिल्याएजस्तो गर्छ भन्नेबारे व्यंग्य गर्न त्यस्तो पोस्ट गरेका थिए,' उनले भने, 'तर त्यसले अर्कै अर्थ लगाउला कि भनेर हामीले डिलिट गरिहाल्यौं ।'

डिलिट गरिए पनि उक्त तस्बिर सामाजिक सञ्जालमा फैलिसकेको थियो । कमल चालिसे नामका फेसबुक प्रयोगकर्ताले सोही तस्बिर मेन्स एन्ड वमेन्स रुम रिलोडेड नामक फेसबुक पेजमा राख्दै यति प्रमाण भए पुग्छ कि अरू चाहियो भनेर लेखिसकेका थिए । उनी जस्तै सयौंले सोही फोटोलाई सेयर गर्दै पत्रकारको हत्यारा आँखाका नानीमा देखिएको भन्दै आ-आफ्नो धारणा फैलाइसकेका थिए । केही सामाजिक सञ्जालका प्रयोगकर्ताले उक्त तस्बिर वास्तविक नरहेको लेखे पनि त्यसको भने उत्तिकै सेयर भएन । 'यही हो हाम्रो समाज, आज बिहान यो फोटो एमआरआरमा कसले मजाकमा हालेको थियो,' किरन तिमल्सेनाले फेसबुकमा लेखेका थिए, 'बाहिर समाजले भ्रामक प्रमाणका रूपमा प्रयोग गरिरहेछ ।' किरन जस्ता वहकाउमा नलाग्ने फेसबुक प्रयोगकर्ताले तस्बिर असत्य रहेको बताइरहँदा उक्त तस्बिर सामाजिक सञ्जालभरि फैलिएर युटचुबमा यसैमा आधारित भिडियोहरू देखिन थालिसकेका थिए ।

कसरी मृतक पुडासैनीको आँखाको नानीमा प्रतिछाया भएको तस्बिर देखियो र त्यसैमा आधारित भएर सामाजिक सञ्जालमा टिप्पणीहरू आए भन्नेबारे प्रहरी प्रधान कार्यालयले पनि खोजी गरिरहेको छ । हालसम्मका खोजले फोटोसपबाट चलाइएको तस्बिरलाई सही ठानेर सामाजिक सञ्जालमा अनेकन क्रिया-प्रतिक्रिया आइरहेका र तिनैलाई हजारौं-लाखौं सदस्य तथा सब्सक्राइबर रहेका फेसबुक पेज र युटचुब च्यानलहरूले फैलाइरहेका छन् । सञ्चारकर्मी लामिछानेको फ्यान भन्दै खुलेका दर्जनभन्दा बढी फेसबुक पेजमा त कैयन्ले आँखाका नानीमा देखिएको मान्छे पत्रकार बसेकै होटलको कर्मचारी वा मालिक भन्ने दाबीसमेत गरेका छन् ।

अगस्ट १७ मा रिसेन्ट खबर नामक युटचुब च्यानलले 'पत्ता लाग्यो शालिकरामको हत्यारा' शीर्षकमा त्यही आँखाको नानीमा देखिएको प्रतिछायालाई लिएर भिडियो प्रस्तुत गरेको छ । यसलाई सोमबारसम्म ४ लाख ४६ हजार ९ सयभन्दा धेरैले हेरेका छन् भने ७ सय ११ कमेन्ट आएका छन् । यही भिडियोको लिंक आइतबार साँझ ७ बजे विनोद शाही ठकुरीको नाममा रहेको फेसबुक अकाउन्टमा पोस्ट भएको छ, जुन १८ घण्टामै २२ सय सेयर भएको छ ।

नेपालगन्ज स्थायी घर भई बानेश्वरमा बस्दै आएका विनोद तीनवर्षे फार्मेसीको कोर्स सकेर फुर्सदमा छन् । पत्रकारको आत्महत्या प्रकरण र लामिछाने पत्राउबारे उनले सामाजिक सञ्जालबाटै केही कुरा थाहा पाएका हुन् । कान्तिपुरसँगको कुराकानीमा उनले भने, 'फेसबुक स्क्रोल गर्दै जाँदा त्यस्तो भिडियो देखेपछि सेयर गरिदिएको हुँ तर भिडियो पूरै हेरेको छैन ।' सनसनीखेज भन्दै सेयर गरेको भिडियोबारे कुरा गर्न खोज्दा उनी पन्छिए । 'मलाई उक्त भिडियो कसको फेसबुकमा थियो वा कुन पेजले सेयर गरेको थियो भन्ने सम्झना पनि छैन,' उनले भने, 'मलाई सबै कुरा थाहा छैन । त्यत्तिकै पोस्ट हान्देको हो ।'

पोखराका सागर गिरी व्यवस्थापनमा स्नातक सकेर बसेका हुन् । उनी तीनवटा युटचुब च्यानल चलाउँछन् । लामिछाने पत्राउ परेपछिका पछिल्लो ४ दिनयता उनी पोखराबाट चितवन गएर बसेका छन् । यो बीचमा उनले कतिवटा भिडियो बनाएर पोस्ट गरे, उनलाई नै सम्झना छैन । सोमबार साँझ उनले फेसबुकमा आफ्नै युटचुबमा अपलोड गरेको भिडियो पोस्ट गरे, जसको शीर्षक छ, 'हत्यारा पत्ता लाग्यो, रवि लामिछाने निर्दोष साबित । काली माताले खुलाइन् वास्तविकता ।' सोमबार नै पोस्ट गरिएको उक्त भिडियो रातिसम्म झन्डै ६ सय जनाले हेरिसकेका छन् । सागरले भने, 'आन्दोलन भएको ठाउँमा एकजना माता बताउने भेटिनुभयो । अनि त्यही कुरा हालेको हो युटचुबमा ।' उनले पोखराबाट मात्रै झन्डै १०/१२ जना विभिन्न युटचुबर चितवन पुगेको बताए । उनले भने, 'माताले जे भनिन् त्यही त हालेको हो ।' भिडियोमा माताले आफू साधारण देखिए पनि माताको शक्ति रहेको बताउँदै घटनाबारे अनेकन टिप्पणी गरेकी छन् ।

पत्रकारको मृत्यु र रवि लामिछाने पत्राउ प्रकरणबारे सामाजिक सञ्जालमा घृणा, आक्रोश, लाञ्छना र आरोप/प्रत्यारोपको बाढी नै छ । बग्रेल्ती युटचुब च्यानलहरूले यसबारे आ-आफ्नै किसिमले तथ्य र सूचनाको बाढी लगाइरहेका छन् । जस्तो कि, १४ अगस्टमा इन्फो खबर नामक युटचुब च्याननले एउटा भिडियो पोस्ट गरेको छ । त्यसको शीर्षक छ, 'करेन्ट लगाएर बन्दुक ताकेर घोचेर मरेको शालिकराम पुडासैनी ।' सोमबार राति ८ बजेसम्म उक्त भिडियो झन्डै ४ लाखले हेरेका छन् भने यसमा १३ सय कमेन्ट छ । १४ अगस्टमै अर्को भिडियो पोस्ट भएको छ, सिंगर सतिश नामको युटचुब च्यानलमा । त्यसको शीर्षक छ, 'शालिकरामलाई दबाबमा राखेर गराइएको भिडियो हो ।' उक्त भिडियो सोमबार राति ८ बजेसम्म झन्डै ३ लाख ७५ हजारले हेरेका छन् भने ११ सय ७५ कमेन्ट छ । १८ अगस्टमा मोर्डन अनलाइन टीभी नाम युटचुब च्याननले 'शालिकराम झुन्डिएको होटेलको साउनीले गरे डरलाग्दो खुलासा, केटी आएको शंका, वाहिरियो रहस्य' शीर्षकमा भिडियो पोस्ट गरेका छन् । यो भिडियो सोमबारसम्ममा २ लाख ८९ हजारभन्दा धेरैले हेरेका छन् भने ६ सय १८ कमेन्ट छन् । युटचुबमा भेटिने अनेकन 'यो हो सही तथ्य', 'बल्ल खुल्यो रहस्य' 'वाहिरियो प्रमाण', 'भयो खुलासा' जस्ता उत्तेजक शीर्षकका भिडियोहरू सामान्यदेखि हजारौं फलोअर्स भएका फेसबुक पेजसम्मै छाइरहेका छन् ।

सामाजिक सञ्जालमा लामिछानेको समर्थन मात्रै छैन, उनको पक्राउप्रति आक्रोश, पुडासैनीको आत्महत्याबारे अनेक आशंका र अफवाह पनि छन् । यी दुवैभन्दा पर एकथरी समर्थकले फरक मत राखेकै आधारमा अश्लील गाली गर्ने र मृत्युको कामना गर्दै रिप लेख्ने प्रवृत्ति पनि देखिन्छ । सामाजिक सञ्जालमा लामिछानेबारे फरक मत राखेकै कारण एक युवतीको तस्बिरमा 'रवि सरको बारेमा नराम्रो शब्द प्रयोग गर्ने ... लाई हार्दिक श्रद्धाञ्जली' भन्ने तस्बिरलाई भाइरल बनाइएको छ । धरानका जीवन विस्टले अगस्ट १७ मा फेसबुकमा लेखेका छन्, 'साथीहरू रवि लामिछानेको विरोधमा बोलेको भिडियो हाल्ने युटचुब अनसस्काइब र पेजहरूलाई अनलाइक गरौं, जसले सेयर गरेको छ, त्यसलाई तुरुन्तै ब्लक गरौं, समर्थक एक बनौं, विरोधीहरू होसियार ।'

प्रहरी प्रधान कार्यालयको सचिवालयमा कार्यरत सई विजय यादव सोमबार बिहान त्यतिबेला चकित भए जब उनले सञ्चारकर्मी लामिछानेलाई हतकडी लगाइरहेको र उनको बर्दीसहितको तस्बिर फेसबुकमा देखे । त्यसमा लेखिएको थियो, 'हार्दिक श्रद्धाञ्जली ।' विजय आफैं छक्क परे । न रवि पक्राउ प्रकरणमा उनी संलग्न थिए न यसबारे उनी सम्बन्धित पक्ष नै हुन् । पहिल्याउँदै जाँदा थाहा भयो, २०७० सालमा उनी पर्सामा कार्यरत थिए । हालका प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल त्यतिबेला एसपीको हैसियतमा जिल्लाको कमान्ड सम्हालिरहेका थिए । भारतमा शृंखलाबद्ध हत्या र डकैती मच्चाइरहेको बब्लु दुवेलाई सर्वेन्द्रको टोलीले पक्राउ गरेको थियो । त्यही बेला विजयले बब्लुलाई हतकडी लगाएर हिँडाएका थिए । कुनै छद्म व्यक्तिले फोटोसप प्रयोग गरेर बब्लुको टाउको हटाएर रवि लामिछानेलाई जोडेको थियो । झट्ट हेर्दा यस्तो लाग्थ्यो, सई विजयले रविलाई हतकडी लगाएर हिँडाइरहेका छन् । विजयले हाँस्दै सुनाए, 'फोटोसपको यही तस्बिर सबैतिर विस्तारै फैलिरहेको छ । अनि यसैलाई अन्तिम सत्य मानेर मानिसहरू नानाथरी गाली बसाइरहेका छन् ।'

सामाजिक सञ्जालमा विभिन्न प्रहरी अधिकारीको तस्बिरमाथि हार्दिक श्रद्धाञ्जली लेख्दै उनीहरू नै लामिछानेलाई पक्राउ गर्ने हुन् भनेझैं गरिएका पोस्टहरू पनि उत्तिकै देख्न पाइन्छ । यस्ता पोस्टले प्रहरीको व्यक्तिगत आत्मसम्मानमा त चोट पुऱ्याइरहेको छ, समाजमा पनि अनेकन हल्ला र अफवाह फैलिइरहेको छ । चितवनका प्रहरी प्रमुख एसपी दानबहादुर मल्लदेखि राजनीतिक दलका कतिपय नेताको नामसमेत यही किचाघानमा मुछिएको छ ।

लामिछाने पक्राउ प्रकरणलाई जोडेर सोमबार प्रहरी परिसर काठमाडौंका एसएसपी उत्तमराज सुवेदीको तस्बिरमा पनि अमर्यादित शब्दसहितको पोस्ट सामाजिक सञ्जालमा सार्वजनिक भयो । प्रहरीले त्यस्तो पोस्ट गर्ने अछाम मंगलसेनका रिदम बिसी भनिने शंकर विकलाई पक्राउ गरेर काठमाडौं झिकायो । परिसरका प्रवक्ता डीएसपी होविन्द्र बोगटीका अनुसार विकले आफूले गल्ती गरेको र व्यक्तिगत मानमर्दन गरेको भन्दै माफी मागेपछि अब यस्तो गल्ती नगर्ने सर्तमा उनलाई छोडिएको छ ।

सामाजिक सञ्जाल र युटचुबमा हल्ला, अफवाह र अनेकन उत्तेजक टिप्पणीहरूको बाढी आएको यो पहिलो घटना भने होइन । यसअघि कञ्चनपुरकी किशोरी निर्मला पन्तको बलात्कार र हत्याको प्रकरणमा पनि यस्तै प्रवृत्ति देखिएको थियो । 'यिनै प्रहरी हुन् निर्मला पन्तको बलात्कारपछि हत्या गर्ने' भन्दै सामाजिक सञ्जालमा पोस्ट भएका सामग्रीलाई अनलाइनमा हालेको आरोपमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले गत वर्षको साउन दोस्रो साता आरएमखबर डटकमको अध्यक्ष एवं प्रबन्ध निर्देशक प्राप्ति सापकोटा पौडेललाई पक्राउ गरेर विद्युतीय कारोबार ऐनअन्तर्गत मुद्दा चलाएको थियो ।

सामाजिक सञ्जालका प्रयोग र प्रवत्तिबारे ज्ञान राख्ने नेपाल प्रहरीको सञ्चार निर्देशनालयमा कार्यरत डीआईजी राजीव सुब्बा कुनै घटना हुनेबित्तिकै आफैं अनुसन्धानकर्मी भएझैं गरेर तथ्यभन्दा धेरै भ्रामक खबर, अनुमान र अफवाह फैलाउने प्रवृत्ति यस्ता सञ्जाल र युटचुबमा बढ्दै गएको सुनाउँछन् । यस्तो प्रवृत्ति अहिलेसम्म अनेकन मुद्दा र घटनामा मात्रै सीमित रहे पनि भविष्यमा राजनीतिक वा जातीय विषयमा पनि दोहोरिनसक्ने उनको आशंका छ । 'अनेक फोटो जोडेर नयाँ तथ्य पत्ता लगाएझैं गर्ने र फोटोसप चलाएर अनेकन मिथ्या सिर्जना गर्ने भिडियो बनाउने समय मानिसहरूलाई कसरी मिलिरहेको छ ?' उनी अचम्म मान्दै भन्छन्, 'यसरी नै सामाजिक सञ्जालका कन्टेन्ट पत्याउने र धारणा निर्माण गर्ने बानी बढ्दै जाँदा समाज नै प्रभावित बन्न पुग्ने जोखिम छ ।'

डीआईजी सुब्बाले केही समयअघि बीबीसीले नाइजेरिया, केन्या र भारतमा गरेको 'कसरी फैलिन्छ फेक न्युज ?' भन्ने खोज सामग्री पढ्न सुझाए । उक्त अध्ययनले मानिसहरू सत्य के हो भन्नेबारे कत्ति ध्यान नदिई सामाजिक सञ्जालमा भेटिएका सामग्रीहरू सेयर गर्न वा त्यसबारे आफ्नो धारणा राख्न कसरी हतारिन्छन् भन्ने देखाएको छ जसरी कि विनोदले आफ्नो फेसबुक पेजमा युटचुबको भिडियो सेयर गरे ।

पत्रकारको आत्महत्या र पक्राउ प्रकरणकै छेकोपारेर अभिनेत्री करिश्मा मानन्धरले सामाजिक सञ्जालमा राज्यले गर्नुपर्ने कामकाज निजी तवरबाट छानबिन हुनु खतरनाक हुने भन्दै 'संसद्, संविधान र राज्य संयन्त्रलाई हामीले कर तिरेको पनि यही कामका लागि हो ?' भन्ने आशयको पोस्ट गरिन् । उनको भनाइ आक्रोश, अफवाह फैलाउने र राज्यको अनुसन्धानलाई प्रभावित पार्नेतर्फ लक्षित थियो । तर उक्त स्टाटस फेसबुकमा पोस्ट गरेपछि करिश्मालाई नै धेरैले सामाजिक सञ्जालमार्फत अभद्र र अश्लील टिप्पणी गरे । कतिले त धम्की नै दिए ।

कान्तिपुरसँगको कुराकानीमा मानन्धरले आफूमाथि सामाजिक सञ्जालमार्फत दुर्व्यवहार भएको बताइन् । उनले भनिन्, 'हामीले कस्तो विधि व्यवस्था बनाएछौं । कुनै कुरा राख्नै नपाइने । अत्ति भइसक्यो ।' स्टाटसकै कारण अभद्र टिप्पणी गर्ने, धम्की दिने, उग्र प्रतिक्रिया जनाउने शैली देखेर चकित पर्दै उनी भन्छिन्, 'मेरो स्टाटसमा आएका कमेन्ट पढेर मेरी छोरीलाई कस्तो लाग्ला ? तपाईं आफैं भन्नुस् ? त्यतिबेला तपाईंलाई कस्तो हुन्छ ?'

सचिवालयमा एक्लिए नेपाल

नेकपा सचिवालयमा तत्कालीन एमालेबाट ६ र माओवादीबाट ३ सहित ९ सदस्य छन् । तीमध्ये एमाले पक्षका ५ जना ओली कित्तामा उभिएका छन् । माओवादी पक्षले पनि साथ नदिएपछि माधवकुमार नेपाल एक्लोजस्ता छन् ।

■ **दुर्गा खनाल** (काठमाडौं)

सत्तारूढ नेकपाभित्र यसैसाता भएका दुई बैठकका निर्णयले विवाद चुलिएको छ । वरिष्ठ नेता माधव नेपाल आफूलाई 'कर्नर' मा पार्न अन्य सबै नेताले गठजोड गरेको निष्कर्ष निकाल्दै भन्दै चिढिएका छन् । एकताको काम सक्दा नसक्दै विशेषगरी पूर्वएमाले समूहमा विवादको खाडल गहिरिएको छ ।

गत शुक्रबार र आइतबार बसेका सचिवालय बैठकले नेताहरूको कार्यविभाजन गर्दै केन्द्रीय विभागको टुंगो लगायो । विभाग नेतृत्वको विषयलाई लिएर लामो समयदेखि परेको गाँठो फुके पनि यही क्रममा असन्तुष्टिको नयाँ बीउ रोपियो । शुक्रबारको बैठकले विधानमै नभएको 'उपाध्यक्ष' पद सिर्जना गर्दै त्यसमा वामदेव गौतमलाई लैजाने निर्णय गऱ्यो । आइतबारको बैठकले वरिष्ठ नेताहरूको वरीयता हेरफेर गर्दै नेता नेपाललाई घटुवा र झलनाथ खनाललाई बढुवा गऱ्यो ।

यी दुवै निर्णयबाट नेपाल समूह चिढिएको छ । यसलाई नेता-नेता भिडाउने र अपमान गर्ने कामका रूपमा नेपालले चित्रण गरेका छन् । 'पार्टीमा भएको गल्तीका कारण मलाई अपमानित गर्ने कोसिस भएको छ,' उनले सोमबार जनकपुरमा आयोजित कार्यक्रममा भने, 'पूर्वएमालेको विधानबमोजिम झलनाथ खनाललाई पहिलो चरणमा अपमानित गरियो । दोस्रो चरणमा मलाई अपमानित गर्ने कोसिस भएको छ । राजनीतिमा गल्ती गर्नु हुँदैन ।'

नेपालले खनालको वरीयता बढाएकोमा आपत्ति जनाएका होइनन् । वरिष्ठता क्रम निर्धारण गर्ने बेला अध्यक्ष ओलीले प्रदर्शन गरेको नियतमाथि नेपालको प्रश्न हो । पार्टी एकता हुने बेलामा ओलीले नै नेपाललाई दुई अध्यक्षपछिको वरीयतामा राख्न प्रस्ताव गरेका थिए । जबकि तत्कालीन एमालेमा खनालभन्दा पछिको वरीयतामा नेपाल थिए । एकता हुने समयमा खनाल चीनमा थिए । चीनबाट फर्केलगत्तै खनालले वरीयता घटाइएकोमा असहमति जनाए तर पार्टी निर्णय भन्दै तत्कालका लागि स्विकारे । १४ महिनापछि खनाललाई वरीयतामा माथि लैजाने प्रस्ताव ओलीबाटै आयो । यसलाई नेता नेपालले नेताहरूलाई भिडाउने षड्यन्त्रका रूपमा बुझेका छन् ।

मर्यादाक्रमको कुरा उठेपछि नेपालले आइतबारको बैठकमा खनाललाई आफूभन्दा वरिष्ठ मान्न कुनै आपत्ति नरहेको सहज जवाफ दिएका थिए । सँगसँगै उनले काउन्टर प्रस्तावका रूपमा तीन जनालाई सचिवालयमा ल्याउनैपर्ने धारणा राखे । तत्कालीन एमालेका उपाध्यक्ष भीम रावल, अष्टलक्ष्मी शाक्य र युवराज ज्ञवालीमाथि अन्याय भएको भन्दै उनले मर्यादाक्रम मिलाउँदा उनीहरूलाई सचिवालयमा ल्याउनुपर्ने प्रस्ताव गरे । तत्कालीन उपाध्यक्ष गौतम, महासचिव ईश्वर पोखरेल, उपमहासचिव विष्णु पौडेललाई सचिवालयमा ल्याउँदा तीन उपाध्यक्षलाई किन छुटाउने भन्ने उनको प्रश्न थियो । पौडेलसँगै घनश्याम भुसाल पनि उपमहासचिव थिए । उनलाई ल्याउने प्रस्तावमा अर्का नेता गौतमले पनि जोड दिएका छन् ।

यो विषयलाई नेपालले आगामी दिन आन्तरिक लडाइँको एउटा अस्त्र बनाउँदै छन्, जसका लागि उनी पक्षधर नेताले दबाबसमेत दिएका छन् । 'विधानमै नभएको उपाध्यक्ष पद सिर्जना गरिएको छ, बैठक राखिँदैन, मनलाग्दी निर्णय गरिन्छ, एउटै

> पहिलो चरणमा झलनाथलाई अपमानित गरियो । दोस्रो चरणमा मलाई अपमानित गर्ने कोसिस भएको छ ।

महाधिवेशनबाट निर्वाचित उस्तै पदका व्यक्तिमाथि विभेद गरिन्छ, यो मान्य हुँदैन,' नेपाल पक्षका नेता युवराज ज्ञवालीले भने, 'यसरी उल्टो दिशामा हिँडेर कहीं पुगिन्न ।'

सचिवालयमा तत्कालीन एमालेबाट ६ र माओवादीबाट ३ सहित ९ सदस्य छन् । ती ९ जनामध्ये एमालेका ५ जना पछिल्लो दुई बैठकमा एकातिर उभिएका छन्, माओवादी पक्षले पनि साथ नदिएपछि उनी सचिवालयमा एक्लोजस्ता छन् ।

पछिल्लो कार्यविभाजनमा ओलीले नेपालबाहेक आफूसँग असन्तुष्ट सबै नेतालाई मिलाएका छन् । कुनै जिम्मेवारी नदिइएको भन्दै रुष्ट रहेका गौतमलाई उपाध्यक्ष बनाउन ओलीले नै जोडबल गरे । दाहालका लागि त गौतम यसै पनि रुचाइएका पात्र हुन् । ओलीले गौतमलाई कास्की-२ मा चुनाव लड्नसमेत 'अफर' गरेका छन् । ईश्वर पोखरेललाई केही दिन छलफल लम्ब्याएर भए पनि ओलीले स्कुल विभाग दिलाए । यो विभागको नेतृत्वमा पूर्वमाओवादी पक्षसँग विवाद हुँदा नेपाल समूहले अन्य विकल्पमा जान सकिने धारणा राखेको थियो । पोखरेल पछिल्लो समय ओलीसँग असन्तुष्ट थिए ।

एकताकै क्रममा वरीयता तल झारिएकामा खनाल ओलीसँग रुष्ट थिए । खनाललाई पनि बढुवा गरेर ओलीले खुसी पारेका छन् । एकतापछि अध्यक्षहरूले गरेको काममा सचिवालयका बहुमत नेता असन्तुष्ट थिए । पुसमा भएको स्थायी समिति बैठकमा गौतमले १६ पेज लामो प्रतिवेदन पेस गरेका थिए । प्रतिवेदनमा ओलीको आलोचना गर्दै सरकार वा पार्टीमध्ये एउटा काममा मात्र केन्द्रित हुन सुझाएका थिए । काठमाडौं-७ का निर्वाचित सांसद रामवीर मानन्धरले गौतमका लागि पद छोड्ने घोषणा गर्दा ओलीले गौतममाथि आरोपसमेत लगाएका थिए । पोखरेल पनि पार्टी भूमिका खुम्चाइएको, कम प्राथमिकताको मन्त्रालय दिइएको लगायत विषयका कारण ओलीसँग खुसी थिएनन् । पूर्वमाओवादी पक्षले पनि ओलीको कार्यशैली पचाइरहेको थिएन । त्यसैले ओली विदेश गएका बेला अध्यक्ष पुष्पकमल दाहालसहित नेपाल, खनाल, गौतम र नारायणकाजी श्रेष्ठको धोबिघाटमा दुइटा बैठकसमेत भएका थिए ।

यो प्रकरणमा नेपालको दाहाल, गौतम, खनाललगायतसँग गठबन्धन बन्दै गइरहेको थियो । पछिल्लो समय अन्य सबै नेता ओली कित्तामा पुगे । आइतबारको बैठकमा नेपालले ओलीलाई पार्टीको काम दाहाललाई हस्तान्तरण गर्न प्रस्ताव गरेका थिए । दाहाल पनि केही अधिकार बढाउने गरी यसअघिका छलफलमा नेपाललगायत नेतासँग प्रस्तुत हुने गरेका थिए । गौतमले एक व्यक्ति एक पदको कुरा पुसमा पेस गरेको प्रतिवेदनमै उठाएका थिए । आइतबारको बैठकमा नेपालले यही विषय प्रवेश गराउँदा दाहाल र गौतमले सहयोग गरेनन् ।

त्यसैले नेपालले सचिवालयमा आफ्नो शक्ति बढाउन अरू तीन नेतालाई ल्याउने प्रस्ताव अघि बढाएका हुन् । जसलाई उनीनिकट नेताहरू पार्टीलाई विधि र पद्धतिअनुसार चलाउने प्रस्तावका रूपमा व्याख्या गर्छन् । 'पार्टीलाई विधि र पद्धतिअनुसार चलाउनुपर्छ भन्ने हाम्रो कुरा हो,' नेता घनश्याम भुसालले भने, 'केही नेताको वरीयता वा पदको कुरा होइन, तल्लो तहसम्मको विषय हो ।' नेताहरूलाई भिडाउने खालको योजना पार्टीभित्र चलिरहेको उनले बताए । 'बाघचाल खेलेजस्तो गरेर राजनीति चल्दैन, विधि स्थापित गर्दैन,' उनले भने ।

सचिवालय बैठकमा नेपाल एउटा कर्नरमा परेजस्तो देखिए पनि पूर्वएमालेमा रहँदाको उनको पृष्ठभूमि हेर्दा कमजोर चाहिँ छैनन् । स्थायी समितिमा ओली पक्षमा देखिएका गौतम, पोखरेल पहिले पनि नेपाल पक्षमा थिएनन् । खनाल छुट्टै कित्तामा थिए । उनी अहिले ओलीसँग नजिकिएजस्तो भए पनि विगतमा नेपालसँग थिएनन् । स्थायी समितिमा नेपालको पक्षमा रहेका नेताहरू ओली वा दाहालको समूहमा ढल्किएका छैनन् । केन्द्रीय समितिमा धेरै नेता नेपाल पक्षका छन् । 'विगतको शक्ति सन्तुलन कमजोर भयो भन्ने सोचिएको छ भने त्यो होइन, बरु झन् दह्रो भएको छ,' नेपालनिकट केन्द्रीय सदस्य विष्णु रिजाले भने । विगतमा नेपालले प्रदेश इन्चार्जलगायत तोक्दा पार्टीभित्र नोटअफ डिसेन्ट राखेका थिए । उनले दोहोरो जिम्मेवारी दिन नहुने अडान राख्दा छलफल गर्नैपर्ने बाध्यतामा नेताहरू पुगेका थिए । नेपालले 'बाइपास' गरेर अघि बढ्न खोज्ने कसैको योजना भए त्यो सफल नहुने रिजालले बताए ।

पूर्वएमालेको पछिल्लो महाधिवेशनमा ओली र नेपालको प्यानल बनेको थियो । त्यो प्यानलअनुसार तल्लो तहसम्म तत्कालीन एमाले विभाजित थियो । माओवादीसँग मिलेपछि पनि विगतको एमाले गुट भत्किएको छैन । तल्लो तहसम्मको बलमा नेपाल अहिले बोलिरहेका छन् ।

पछिल्लो प्रकरणमा नेपालले आफूलाई कमजोर बनाउन प्रयास गरिएको रूपमा बुझे पनि यसलाई त्यो रूपमा लिन नहुने अन्य नेताको धारणा छ । वरिष्ठ नेता खनालले पछिल्लो समय पार्टीले विगतका गल्ती कमजोरी सच्याउँदै जान थालेकाले सबैले यसलाई सकारात्मक रूपमा लिनुपर्ने बताए ।

न्यायाधीश अधिकारीद्वारा राजीनामा

काठमाडौं (कास)- गोर्खा ब्रुअरीको कर छली प्रकरणमा क्षेत्राधिकार नाघेर आदेश दिएका कारण छानबिनमा तानिएका उच्च अदालत पोखराका न्यायाधीश जीवनहरि अधिकारीले राजीनामा दिएका छन् । न्याय परिषद्मार्फत प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणासमक्ष अधिकारीले दिएको राजीनामा सोमबार स्वीकृत भएको जानकारी सर्वोच्च अदालत स्रोतले दिएको छ । अधिकारीले राजीनामापत्रमा घरायसी समस्याका कारण पदत्याग गर्न चाहेको उल्लेख गरेका थिए । प्रधानन्यायाधीश राणाको इजलासले गोर्खा ब्रुअरीको मुद्दामा क्षेत्राधिकार मिचेर फैसला गरेकामा अधिकारी, नरबहादुर शाही र रामचन्द्र यादवलाई कारवाही गर्ने आदेश गरेको थियो । न्याय परिषद्ले सर्वोच्चकी न्यायाधीश सपना प्रधान मल्लको नेतृत्वमा समिति गठन गरेर तीनै जनामाथि छानबिन गरिरहेको छ ।

सँगै खाजा खाने पनि थुनामा

काठमाडौं (कास)- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घूसको कारोबार गर्नेहरूसँग खाजा खाएका दुई प्रहरीलाई समेत भ्रष्टाचार आरोपमा छानबिन गरेको छ। सवारी दुर्घटनाको प्रहरी प्रतिवेदन बनाइदिने बहानामा घूस माग्न गएका दुई प्रहरीका साथमा अन्य दुई जना पनि सामेल थिए। उनीहरू खाजा खाँदै गर्दा समातिएका हुन्।

'घूसको लेनदेन हुँदा घटनास्थलबाट चार जनालाई नियन्त्रणमा लिइएको थियो,' अख्तियारका प्रवक्ता प्रदीप कोइरालाले कान्तिपुरसित भने, 'पछि अनुसन्धान हुँदा दुई जना प्रत्यक्ष सामेल नभएकाले मतियार भएको भेटियो। अनुसन्धानमा सहयोग गरेको हुनाले उनीहरूलाई सजायको मागदाबी नगरी मुद्दा दायर भएको हो।'

अख्तियारले महानगरीय ट्राफिक प्रहरी नयाँ बसपार्कका जवान देवेन्द्र बलायर, आकाश खनाल, नीरज भण्डारी र हिटलर साउदलाई एक लाख घूससहित पक्राउ गरेको थियो। तीमध्येका आकाश खनाल र नीरज भण्डारीले घूस लिएको नभेटिएको तर घूस खानेको मतियार देखिएको निष्कर्ष निकाल्दै अख्तियारले अनुसन्धानमा सहयोग गरेकाले मुद्दा नचलाई सजाय मागदाबीमा छुट दिइएको जनाएको हो। अनुसन्धान अवधिभर भने उनीहरू थुनामा परेका थिए।

फौजीकिराले बाली सखाप

रामेछाप (कास)- रामेछापको खाँडादेवी ३ भीरपानीमा फौजीकिराले खाद्यबाली नष्ट पारेको छ। केही दिनअघि देखा परेको उक्त किराले सावित्र भीरपानीको डब्खा, लाक्पा क्षेत्रमा लगाइएका खाद्यबाली नष्ट गरेको हो।

स्थानीय शंकर पौडेलका अनुसार भीरपानीका लाक्पा, भलायाखर्क क्षेत्रमा लगाइएका कृषि बाली फौजीको आक्रमणले पूर्णरूपमा नासिएको छ। 'मकै, अन्य खाद्यबाली र डालेघाँस सकियो,' पौडेलले भने, 'बारीमा झारसमेत छियाछिया पारेको छ।'

उनले बालीनाली नष्ट भएपछि स्थानीय किसानले गहत छर्ने योजना बनाएका छन्। तर त्यसभन्दा अघि फौजीकिरा नियन्त्रण गरिदिन स्थानीयको माग छ। डब्खाका दुर्गा माझीका अनुसार एकपटकको बाली किराले खाएपछि किसानले फेरि मकै रोपेका थिए। त्यो पनि सकिएको छ। गबारा जस्तो भित्रभित्रै खाइदिने उक्त किरा फौजी हो भन्ने बुझिएको उनले बताए। 'मकैको गुभामा केलायो भने भेटिन्छ,' माझीले भने, 'हामीले त चिन्नै सकेनौं, अरूले फौजी भन्छन्।' डब्खाका किसानले किरा नियन्त्रणका लागि बारीमा नोभानसमेत छर्के तर नियन्त्रणको साटो अझ फैलियो।

गाउँपालिका अध्यक्ष प्रेमबहादुर तामाङले भीरपानीमा फैलिएको किरा अमेरिकन फौजीकिरा भएको पत्ता लागेको बताए। उनले फौजीकिरा नियन्त्रणका लागि नेपाल कृषि अनुसन्धान परिषद्मा आग्रह गरी प्राविधिक र विषादि झिकाएको जनाए। 'गाउँपालिकाको समेत सहकार्यमा फौजीकिरा नियन्त्रणका लागि हामी तत्कालै विषादि छिट्ने योजनामा छौं,' तामाङले भने।

कृषि ज्ञान केन्द्र रामेछापका प्रमुख दिनेश आचार्यका अनुसार फौजीकिरा नियन्त्रणका लागि विषादि वितरण गर्ने बताए। 'नियन्त्रणको प्रयास त्यति कामयावी हुँदैन धेरै गाह्रो हुन्छ,' आचार्य भन्छन्, 'तैपनि हामी प्रयास गर्छौं।' उनले साना किराहरू नियन्त्रणमा आएपछि वयस्कहरूलाई नियन्त्रण गर्न कठिन हुने बताए।

भारतमा अघिल्लो वर्ष देखापरेको उक्त फौजीकिरा यो वर्ष नेपालका विभिन्न जिल्ला देखिएको र रामेछापमा सिन्धुपाल्चोक हुँदै आएको अनुमान आचार्यले गरे।

वन र पर्यटकीय क्षेत्र

७ हजार ४० हेक्टर अतिक्रमण

प्रदेशअन्तर्गत १३ जिल्लामध्ये सबैभन्दा बढी ३७ सय हेक्टर वन मकवानपुरमा अतिक्रमणमा परेको छ। दोलखामा जिल्ला प्रशासनिक व्यक्तिको हेरफेर हुनेबित्तिकै पर्यटकीय स्थल अतिक्रमणको चपेटामा पर्ने गरेको छ। काभ्रेमा अनियमित तरिकाले व्यक्तिको नाममा दर्ता भएको २० रोपनी खरिद गर्नेले साँधमा रहेको वनको जग्गामा डोजर चलाएको छ।

व्यक्तिले खरिद गरी प्लटिङ गरेको काभ्रेको धुलिखेल-१० स्थित वनक्षेत्र। तस्विर : नगेन्द्र /कान्तिपुर

■ **प्रताप विष्ट** (हेटौंडा), **राजेन्द्र मानन्धर** (दोलखा) **र नगेन्द्र अधिकारी** (काभ्रे)

प्रदेशअन्तर्गतका १३ जिल्लामा कुल ७ हजार ४० हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ। तीमध्ये मकवानपुरमा सबैभन्दा बढी ३७ सय ९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ। मकवानपुरमा अतिक्रमित क्षेत्रमा ५९ सय ५५ घरधुरी बसेका छन्। ०५० र ०५९ मा गएको बाढीपहिरोपछि घरबारविहीन बनेकाहरू वनक्षेत्र अतिक्रमण गरी घर बनाएर छन्। मनहरी गाउँपालिका-७ साविकको मनहरी गाविस ३ स्थित रमनटारको जंगल सुकुम्बासीले अतिक्रमण गरी अहिले ८ सयभन्दा बढी घर बनाइसकेका छन्। ०५० र ०५९ मा मनहरी, सरिखेत, काकडा, खैराङ, कालिकाटार, राक्सिराङलगायत गाविसमा गएको बाढीपहिरोबाट सयौं परिवार घरबारविहीन भएका थिए। त्यतिबेला वन कार्यालयलगायत सरोकारवाला निकायले त्यहाँबाट उनीहरूलाई उठाउने प्रयत्न गरेन। स्थानीयले रातारात जंगल अतिक्रमण गर्दै घर बनाए। उनीहरूको जमात बलियो भएपछि सरोकारवालाहरूले सूचना जारी गरेर बस्ती उठाउन खोज्दा टेरेनन्। भोट बैंकको रूपमा राजनीतिक दलहरूले पनि उनीहरूलाई प्रयोग गर्ने उद्देश्यले वनक्षेत्र अतिक्रमण गरी बसेकाहरूलाई उठाउन सहयोग गर्नुको साटो संरक्षण नै गऱ्यो।

सशस्त्र द्वन्द्वको अवस्था भएका कारणले पनि वन कार्यालय र आरक्षले वन अतिक्रमण गर्नेहरूलाई कानुनी दायरामा ल्याउन सकेन। 'मनहरीको रमनटारको जंगल अतिक्रमण गर्न सुकुम्बासीहरू सफल हुनुमा सशस्त्र द्वन्द्वको अवस्था भएर पनि हो,' डिभिजन वन हेटौंडाका सहायक वनअधिकृत अच्युतप्रसाद लामिछानेले भने, 'त्यतिबेला वन अतिक्रमणकारीहरूलाई उठाउन सकिने कुरै थिएन।' बाढीपहिरोले घरबारविहीन भएपछि बाध्य भएर रमनटारमा छाप्रो हालेर बसेको साविक राक्सिराङ गाविस ८ का गणेशबहादुर मोक्तानले भने, 'सुरुमा २० जनाले छाप्रो हालेर बसेका थिए। अहिले उक्त स्थानमा ५ सयभन्दा बढी पक्की घर बनेका छन्।' उक्त स्थानमा थोरै सुकुम्बासी धेरै गैरसुकुम्बासी रहेको उनले बताए। रुखको कुरै छोडौं जरा पनि उखेलेर बाँकी राखेका छैनन्। मकवानपुरमा पछिल्लो समयमा संगठित रूपमै वन अतिक्रमण गरेको क्षेत्र यही नै हो। यो अहिले पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्छ। निकुञ्जले बेलाबेलामा बस्ती खाली गर्न सूचना जारी गरेर डचुटीसम्म पूरा गर्ने गरेको छ।

वन अतिक्रमणको चर्को चाप मकवानपुरको पूर्वी क्षेत्र बकैया गाउँपालिकाको १ र २ मा पर्ने साविकको धियाल गाविस रहेको छ। उक्त गाविसलाई खाली गर्ने उद्देश्यले विगतमा सरकारले त्यहाँबाट बस्ती नै उठाएर अन्यत्र पठाएको थियो। पछि क्रमशः त्यही स्थानमा फर्केर वन अतिक्रमण गरेर बसेका छन्। जिल्ला वन कार्यालयका अनुसार धियाल गाविसस्थित ७ सय ४० हेक्टर वनक्षेत्र अतिक्रमण गरिएको छ। अतिक्रमण गरिएका क्षेत्रमा १ हजार १ सय १२ घरधुरी बसेका छन्।

मठमन्दिर, सामाजिक विकास निर्माणको नाममा वनक्षेत्र कब्जा

बाढीपहिरो पीडितबाट सबैभन्दा बढी अतिक्रमण

कब्जा गर्नेहरू अटेरी गर्दै

मठमन्दिर, सामाजिक विकास निर्माण र धार्मिक एवं सामाजिक कार्यबाट प्रदेशका जिल्लाहरूको २३ सय ३० हेक्टर वन अतिक्रमण भएको उद्योग, पर्यटन तथा वन निर्देशनालय हेटौंडाका उपसचिव कृष्णराज न्यौपानले बताए। 'गत आवमा ४९ हेक्टरबाट वन अतिक्रमणकारीहरूलाई हटाएर वृक्षरोपण गरिएको छ,' उनले भने।

मकवानपुरका साविकका हर्नामाडी, छतिवन, राईगाउँ, फापरबारी, धियाल, मकवानपुरगढी,राक्सिराङ, बसामाडी, सरिखेत, मनहरी, हेटौंडा, गोगने, भैसे, हाँडीखोला, चुरियामाई, पालुङ, मार्खु र भीमफेदी गाविसका वनक्षेत्र अतिक्रमण गरिएको छ। मकवानपुरको कुल क्षेत्रफलमध्ये ५९.१ प्रतिशत अर्थात् १ लाख ४४ हजार ५ सय ८८ हेक्टर वनक्षेत्र रहेको छ।

कालिञ्चोकमा रोकिएन अतिक्रमण

दोलखा जिल्लाको प्रशासनिक व्यक्तिहरू हेरफेर हुनेबित्तिकै धार्मिक तथा पर्यटकीय स्थल कालिञ्चोक थप अतिक्रमणको चपेटामा पर्ने गरेको छ। केही वर्षयताको घटनाक्रम हेर्दा प्रमुख जिल्ला अधिकारी सरुवासँगै कालिञ्चोकको अतिक्रणमा उतारचढाव आएको देखिन्छ। कालिञ्चोक अतिक्रमणका लागि कुनै प्रशासकले खुकुलो त कुनैले कडाइ गरेको घटनाक्रम र निर्णयले देखाउँछ। व्यापार व्यवसायको लोभमा प्राकृतिक मनोरमले भरिएको पवित्र स्थल कालिञ्चोकको चमक क्रमिक रूपमा घट्दै छ। पुष्पराज शाही प्रमुख जिल्ला अधिकारी छँदा ०७३ साउन २१ मा गरेको निर्णयपछि कालिञ्चोक अतिक्रमणको क्रमले नयाँ मोड लिएको देखिन्छ। उक्त निर्णयपछि ३८ सय ४२ मिटर उचाइ आसपासको भूमि ओगट्ने होडबाजी उत्कर्षमा पुग्यो। सदरमुकाम चरिकोटबाट १७ किलोमिटर उत्तरमा रहेको कालिञ्चोकको हरिया मैदानहरू घडेरी खार्ने बाहानामा छियाछिया पारिए। संरचना बनाउनका लागि वरपरका जंगल विनाश हुँदै गए। छाप्रा, फलामे र पक्की घरहरूले प्राकृतिक सुन्दर तपोभूमि कोलाहाल बन्दै जान थाल्यो।

कालिञ्चोकमा केवल कारदेखि होटल र व्यवसायका लागि घरहरू थपिने क्रम तीव्र छ। जसलाई जहाँ मन लाग्यो त्यहाँ किला गाडेर जग्गा कब्जा गर्ने, डोजर चलाउने क्रम बढ्दै गयो। सागरमणि पाठक प्रमुख जिल्ला अधिकारी भई आएपछि त्यसको नियन्त्रण प्रयास थलियो। जिल्ला प्रशासन कार्यालयले तत्काल भएको बाहेक कालिञ्चोकको कुनै पनि क्षेत्रमा थप संरचना बनाइन नपाइने सार्वजनिक सूचना जारी गऱ्यो।

जिल्ला समन्वय प्रमुख डबल पाण्डे, प्रजिअ पाठक र जिल्ला संवाद समूहका नागरिक प्रतिनिधिहरूले बारम्बार उक्त क्षेत्रको निरीक्षण गरेका थिए। कालिञ्चोक गाउँपालिका अध्यक्ष विनकुमार थामीसहितको टोलीले हालको संरचनाको लगत संकलन गर्ने कार्यमा जिल्ला प्रशासनलाई सघाएका थिए।

पाठक सरुवा भएर खगेन्द्रप्रसाद रिजाल प्रजिअ भई आउनेबित्तिकै कालिञ्चोकमा अतिक्रमण सुरु भएको छ। अतिक्रमणकारीहरूले शान्ति सुरक्षाका लागि चौकी बनाउन छुट्याइएका जग्गाहरूमा पनि संरचना बनाइसकेका छन्। प्रजिअ रिजालले अनुगमन गर्दा चौकी बनाउने क्षेत्रमा पनि छाप्रो बनाइसकिएको पाइएको बताए।

कालिञ्चोकको सवालमा प्राकृतिक स्रोत कब्जामा दुई सरकारी निकायबीच नै घम्साघम्सी देख्न सकिन्छ। बन ऐन २०४९ र नियमावली २०५१ बमोजिम उक्त क्षेत्र झरेनी सामुदायिक वनमा दर्ता भएको छ। त्यसो हुँदाहुँदै जंगल, ठूला घाँसेमैदान र डाँडाकाँडाले भरिएको जमिनमाथि गुठी संस्थानको आँखा परेको देखिन्छ। विसं. १८८६ वैशाख १४ गतेको लालमोहर आधारमा उक्त जमिनमाथि प्रमुख जिल्ला अधिकारीमार्फत् गुठीले आधिपत्य जमाउने खेल सुरु भएको पाइन्छ। गुठीको पत्राचारपछि प्रजिअ शाहीले आफ्नै अध्यक्षतामा बैठक बसी निकै मिहिनेतपूर्वक उक्त जग्गालाई गुठीकरण गर्दै भोगाधिकार करहरू मालपोतमा जम्मा गराउन थालेका हुन्।

उक्त कार्यपछि उक्त जग्गा कसको स्वामित्वको हो भन्ने सवालमा दुई सरकारी कार्यालयबीच द्वन्द्व चलिरहेको छ। जिल्ला वनले उक्त प्रयोजनका लागि प्रजिअले बोलाएको बैठकमा असहमति दर्ता गराउनेदेखि काजप्रमाण भिडाइरहेकै अवस्था छ। कालिञ्चोकको खास महत्त्वपूर्ण ठानिएको सामुदायिक वनमा हस्तान्तरित कुरी, टुटुवान, मेहेले, थामीदुराली, रातमाटे, गैरी, सिक्री र झरेनी क्षेत्रको करिब दुई सय हेक्टर जमिनहरू अहिले गुठी र वनबीच खोसाखोसको भइरहेको छ। त्यसैको फाइदा लिँदै जमिन अतिक्रण भइरहेको स्थानीयहरू बताउँछन्। करिब तीन दशकअघिसम्म कालिञ्चोकमा एक दर्जन अस्थायी छाप्रा थिए। गर्मी मौसममा उक्त क्षेत्रमा चौरी र भेडीगोठ देखिन्थे। दर्शनार्थी र प्राकृतिक सौन्दर्य अवलोकन गर्नेहरू बिहान गएर साँझ फर्कन्थे। बास बस्नुपरे कुटी र ओढारहरू उपयोग गर्थे। अहिले उक्त क्षेत्रमा करिब एक सय २५ भन्दा बढी साना ठूला संरचना छन्। गुठीमा दर्ता गरी भाडा तिर्न राजी हुनेहरू ४० जना छन्। उनीहरूले पनि मालपोतमा गुठीलाई बुझाउन शुल्क नबुझाइरहेको प्रजिअ रिजालले बताए।

वनको जग्गामा डोजर

अनियमित तरिकाले व्यक्तिको नाममा दर्ता भएको २० रोपनी जग्गा खरिद गर्ने समूहले साँधमा रहेको वनको जग्गामा पनि डोजर चलाएको छ। साविक शारदावतासे गाविसको ३ 'ख' मा पर्ने कित्ता नं १० को करिब ३ रोपनी र कित्ता नं १५ को केही भागमा डोजर चलाएको नापी कार्यालय काभ्रेले जनाएको छ। स्थानीयले भने अझै धेरै क्षेत्रफल अतिक्रमण भएको भन्दै नापी कार्यालयले गरेको नक्सांकनमा पनि असन्तुष्टि जनाएका छन्। फिल्डबुकमा उल्लेख भएअनुसार नक्सा नभएको र सोही 'त्रुटिपूर्ण' नक्साका आधारमा नापी भएको भन्दै स्थानीयले पुनः नापीको माग गरेका छन्। '१४ नं कित्ताको सिमाना यकिन गर्न नाप्दा १५ नं वनक्षेत्रको केही भाग र १० नं कित्ताको करिब ३ रोपनी जग्गामा डोजर चलाएको पाइयो,' फिल्डमा खटिएका नापी अधिकृत सुरेश मानन्धरले भने, 'स्थानीयले माग गर्ने हो भने १५ नं को पनि सिमाना यकिन गर्न नापी गर्छौं।'

तत्कालीन कायममुकायम मालपोत अधिकृत रामेन्द्र रानाभाटलाई प्रभावमा पारेर स्थानीयले प्रयोग गर्दै आएको गौचरन, पानी घाट र बस्तुभाउ चराउने साविक शारदावतासे गाविसको वडा नं ३ 'ख' को २० रोपनी ८ आना १ पैसा २ दाम जग्गा तत्कालीन वडा अध्यक्ष बलराम पराजुलीले 'छुट जग्गा दर्ता' प्रक्रियामार्फत् आफ्नो नाममा दर्ता आफ्नो नाममा 'अनियमित' दर्ता गरी २०७५ असार २९ गते विदुरबहादुर बस्नेत र रवीन्द्र अधिकारीलाई बिक्री गरेका थिए। सोही जग्गा खरिद गरेको समूहले वनको जग्गा पनि हडपेर डोजर चलाएको हो।

हेटौंडाबाट दुई ठूला राजमार्गलाई बाइपास गरिँदै

मकवानपुर (कास)- हेटौंडाको मुख्य बजार क्षेत्रमा पर्ने दुईवटा ठूला राजमार्गलाई बाइपास गरिने भएको छ।

प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयले ०७६/७७ मा हेटौंडा-१, चौकीटोलदेखि हेटौंडा-१०, कर्रा खोलासम्मको १२ किलोमिटर सडकखण्डलाई स्तरोन्नति गरी बाइपास गर्ने भएको हो। संघीय सरकारले पूर्वपश्चिम राजमार्ग र त्रिभुवन राजपथअन्तर्गत हेटौंडा सडकखण्डको दायाँ-बायाँ २५ मिटर सडक विस्तार गर्ने नीति अवलम्बन गरेसँगै प्रदेश सरकारले त्यसको विकल्पका रूपमा बाइपास सडकको स्तरोन्नति गर्न लागेको हो।

पूर्वपश्चिम राजमार्ग र त्रिभुवन राजपथअन्तर्गत हेटौंडा बजार क्षेत्रमा सडक विस्तार गर्दा अर्बौंको क्षति हुने, व्यापार/व्यवसाय र हेटौंडाको सौन्दर्य हराउनेभन्दै प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलको पहलमा भौतिक पूर्वाधार मन्त्रालय बाइपास सडक निर्माणमा जुटेको छ। मन्त्रालयले बाइपास सडकलाई चौकीटोल-राप्तीपुल र राप्तीपुल-कर्रा गरी दुई भागमा विभाजन गरी काम अगाडि बढाउने भएको छ। पहिलो चरणमा चौकीटोल-राप्तीपुल र दोस्रो चरणमा राप्तीपुल-कर्रा सडक गरी दुई भागमा विभाजन गरी काम अगाडि बढाउन लागेको मन्त्रालयले जनाएको छ। भौतिक पूर्वाधार मन्त्रालय मुख्यमन्त्री पौडेल आफैंले सम्हालिरहेका छन्।

'हेटौंडाको बजार क्षेत्रमा सडकको विस्तार गर्नुपर्छ तर, विकासको नाममा विनाश हुनु हुँदैन। हेटौंडा बजार क्षेत्र दायाँबायाँ १६/१६ मिटर विस्तार गर्ने र बाइपास सडक पनि बनाउने अभियानमा प्रदेश सरकार रहेको छ,' मुख्यमन्त्री पौडेलले भने, 'हेटौंडा बजारलाई बचाउनुपर्छ। यसका लागि बाइपास सडकको विकल्प छैन। कहीं पनि राजमार्ग बजारको मध्यभागबाट गएको छैन। त्यसकारण बजार क्षेत्रको पनि विस्तार गर्ने र बाइपास पनि बनाउने अभियानमा हामी रहेका छौं।'

मन्त्रालयले करिब २२ करोड रुपैयाँ लागत अनुमान गरेर हेटौंडा-१, चौकीटोलदेखि राप्तीपुलसम्म टेण्डर आह्वान गरिसकेको छ। 'टेन्डर आह्वान भइसकेको छ। भदौको अन्तिम साताबाट काम अगाडि बढ्ने छ,' यातायात पूर्वाधार निर्देशनालय प्रमुख सहदेव भण्डारीका अनुसार राप्ती खोलाको किनारैकिनार निर्माण हुने बाइपासले नदी नियन्त्रण गर्ने र हेटौंडा बजार क्षेत्रको समेत सुरक्षा गर्ने छ। उनका अनुसार गत आर्थिक वर्षमा यस सडक खण्डका लागि पाँच करोड रुपैयाँ विनियोजन भएकोमा उक्त रकम फ्रिज भएको र चालु आवमा १० लाख रुपैयाँ थप बजेट प्राप्त भएको बताए। उनका अनुसार उक्त सडक खण्डमा ग्याबिन लगाउँने, आरसीसी पर्खाल लगाउँने र दायाँबायाँ ५० मिटर क्षेत्र कायम गरी तत्कालका लागि १० मिटरको बाटो निर्माण गरिने छ।

यसैगरी, हेटौंडा-१०, राप्तीपुलदेखि कर्रा खोलासम्मको आठ किलोमिटर सडक खण्डको डीपीआर निर्माण कार्य सम्पन्न भइसकेको छ। यसखण्डको लागत करिब १५ करोड रुपैयाँको अनुमान गरिएको उनले जानकारी दिए। 'तत्काल हामी पिच गर्दैनौं। ट्रयाक खोल्ने काम गर्छौं। ट्रयाक खोल्ने काम सकिएपछि संघीय र प्रदेश सरकारको बजेटबाट यो आयोजना पूरा हुने छ,' उनले भने। उनका अनुसार यस सडक खण्डलाई चालु आर्थिक वर्षमा पाँच करोड रुपैयाँ विनियोजन भएको छ। दुवैतर्फको ट्रयाक खोल्ने काम दुई वर्षभित्रमा पूरा गर्ने लक्ष्य प्रदेश सरकारको रहेको छ।

विनाक्षतिपूर्ति संघीय सरकारले पूर्वपश्चिम र त्रिभुवन राजपथअन्तर्गत हेटौंडा क्षेत्रको सडक विस्तार अभियान अगाडि बढाएसँगै यहाँका घरधनी तथा व्यवसायीहरू अहिले क्षतिपूर्तिको माग गर्दै अदालत धाइरहेका छन्। लामो समयदेखि यहाँका घरधनी तथा व्यवसायी आन्दोलनरत छन्।

राजमार्ग अवरुद्ध हुन नदिन योजना

धादिङ- वर्षात् हुनेबित्तिकै आउने बालुवा र लेदोले पृथ्वीराजमार्ग अवरुद्ध हुन नदिन गल्छी गाउँपालिकाले विशेष योजना बनाएको छ।

गाउँपालिकाकाको विशेष योजनामा राजमार्गबाट ग्रामीण क्षेत्रका लागि खनिएका सडक ग्राभेल गर्ने र नाला बनाएर भल व्यवस्थित गर्ने रहेको छ। बैरेनी बजारको बीच भागबाट बग्ने गर्दो खोलाको चौडाइ कम्तीमा ६ मिटर कायम गराउने, बालुवाले थुनिएका सबै कल्भर्टहरू खोल्ने र राजमार्गको दुवै किनारामा बनाएको नाली खोलेर राजमार्ग व्यवस्थित गर्ने योजनासमेत बनाएको गल्छी गाउँपालिका कृष्णहरि श्रेष्ठले बताए। यस कार्यका लागि सडक डिभिजन कार्यालयसँग पनि समन्वय गरेर काम गरिने उनको भनाइ छ।

भरतपुरस्थित सडक डिभिजन कार्यालयले गरेको अध्ययनमा गल्छीको दक्षिण भेकमा बालुवाकै भूबनोट रहेको र उक्त लेदोले सवारीसाधनका टायरहरू समात्ने भएको, पानी बग्ने साना भई बालुवा भरिएर सडकमा खोला बग्ने भएको, गर्दो खोला अतिक्रमण र साँघुरो भएको, सडक छेउका नाली पुरिएको प्रतिवेदन दिएको थियो।



तपाईंको आज

मेष	कान्ति क्षय	तुला	डर चिन्ता
वृष	कार्य सफल	वृश्चिक	वादविवादमा सफल
मिथुन	मिष्ठान्न भोजन	धनु	खटपट
कर्कट	पुण्य आर्जन	मकर	पराक्रम बढ्ने
सिंह	नैरश्यता	कुम्भ	धन आर्जन
कन्या	नविन मित्र बन्ने	मीन	पदोन्नति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र ४ गते बुधबार तदनुरुप २१ अगस्ट २०१९ भाद्र कृष्णपक्ष षष्ठि तिथि रात्रिको २:४२ बजेसम्म उप्रान्त सप्तमी तिथी, अश्विनी नक्षत्र रात्रिको १० बजेसम्म उप्रान्त भरणी नक्षत्र, ज्ञण्ड योग दिनको ३:३५ बजेसम्म उप्रान्त वृद्धि योग, ज्ञर करण दिनको २:५४ बजेसम्म उप्रान्त वणिज करण, मेष राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	फाभरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँग (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	लाइसेन्स दु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	मंगलम (लाइभ)
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	चू ण्ड आई (रिपिट)
३:००	फाभरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स दु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर न्यूज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्यूज रिपोटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट १)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	मंगलम (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कामुनी बहस र परामर्श (कमला)
०८:००	डेलामपलेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धनिसा)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड ह्याप्पिनेस डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:००	पुनर्निर्माण
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	लाउड (रेमन)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (गुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२२५३४४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१५४५०
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५०२७८८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७९३२२/४३७९३७४
मानसिक अस्पताल	५५०२३३३
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६२९
तिलगंगा आँखा अस्पताल	४४९३६८४
नेपाल आर्थोपेडिक अस्पताल	४२९५०२५
मरुभूमि अस्पताल	६६५०६७६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४२९५००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४६४५२०
काठमाडौं मोडल अस्पताल	४२४०८०५/६
नेपाल मेडिसिटी अस्पताल	९९३४/४२५७०६६/४२५७०५५
बी एण्ड बी अस्पताल	५५३३०८६
मेडीकेयर मेरोनल अस्पताल	४४६०८६०
मेडीकेयर मेरोनल अस्पताल (धनबुलेन्स)	४४६०८६०
कान्तिपुर हस्पिटल	४९९९२५७/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४

भूत भगाउन रातभर नाच

चार दिनयता मध्यपुर थिमिमा रातभर भैरव, नीलबाराही र महाकाली देवगण (देवीदेवता) को रूप धारण गरी संस्कृति बचाउन बालकदेखि युवाहरू तल्लीन छन्

कान्तिपुर संवाददाता (भक्तपुर)

भक्तपुरको मध्यपुर थिमि नगरदेशस्थित राति महाकाली नाच प्रस्तुत गर्दै महाकाली देवगण । *तस्बिर : कान्तिपुर*

मल्लकालीन समयमा मध्यपुर थिमि क्षेत्रमा भूतप्रेत, पिसाच, डाकिनीलगायत दानवरूपी आत्माले साह्रै दुःख कष्ट दिन थाले । किसानहरू खेतमा जान नसक्ने भए । व्यापारीहरू सामान खरिद गर्न अन्य सहर जान नसक्ने भए । राज्यमा ठूलो आतंक मच्चियो । जतातै हाहाकार मच्चिन थालेपछि तत्कालीन दरबारमा सभा बस्यो र यसको समाधानको उपाय खोज्न थालियो । यसै क्रममा त्यसबेलाका नामुद शास्त्रज्ञ, तान्त्रिक र विद्वान् गुरुहरूले तान्त्रिक विधिद्वारा मानिसमा विभिन्न देवीदेवताहरू जगाएर रातभर नचाउन सुरु गरी भूतप्रेत, पिसाच, डाकिनीलगायत प्रेतात्माहरू भागाउने जुक्ति निकाले ।

सोही कथनअनुसार गाईजात्राको भोलिपल्टदेखि चार रात अर्थात् भाद्र कृष्ण द्वितीया (गुँलागा द्वितीया) देखि पञ्चमीसम्म मध्यपुर थिमि क्षेत्रको थिमिमा लायू भैरव, बोडेमा नीलबाराही र नगदेशमा महाकाली नाचको विकास भएको किम्वदन्ती रहेको छ । चार दिनयता मध्यपुर थिमिमा रातभर भैरव, नीलबाराही र महाकाली देवगण (देवीदेवता) को रूप धारण गरी संस्कृति बचाउन बालकदेखि युवाहरू तल्लीन छन् ।

थिमिको भैरव नाच

मध्यपुर थिमि लायुस्थित लायु भैलः नाच प्रदर्शन भइरहेको छ । करिब साढे चार दशक रोकिएर २०७२ देखि पुनः सञ्चालनमा आएको थिमिको लायू भैल प्याँखा ज्यापुँगः एक, न्हापा र लिपाँ गरी दुई भैरव र न्हापाँ र लिपाँ दाँगी अर्थात् कुमारी दुई गरी पाँच देवीदेवताले शास्त्रीय र तान्त्रिक विधिद्वारा विभिन्न मुद्रामा नाच प्रस्तुत गर्दै आएका छन् । यस वर्षको लायू भैलमा १४ वर्षीय सोहन श्रेष्ठ ज्यापुँगः, विनोद श्रेष्ठ न्हापाँ भैल, साजन श्रेष्ठ लिपाँ भैलः, सज्जन श्रेष्ठ न्हापाँ दाँगी र सोनिस श्रेष्ठ लिपाँ दाँगीको रूपमा रहेका छन् ।

भैलः प्याँखमा भैरवले खड्ग र दाँगीले डमरु लिएर नाच्छन् भने ज्यापुँगःले कपासको बियाँ, अक्षता र ताय् (लावा) भएको भाँडा हातमा लिएर नाच्छन् । ज्यापुँगःले भैरव र दाँगी नाच्दा नाच्दै क्रोधित भएर काम्ने बेला कपासको बियाँले हानेर शान्त पार्ने काम गर्दछन् । भैलः प्याखःमा पाँच जना देवीदेवताले नाच प्रस्तुत गर्ने भए पनि वाद्यवादन, सहयोगी र व्यवस्थापक गरी करिब तीन सय जनाको समूह अहोरात्र खटिनुपर्ने लायू भैलः सञ्चालन समितिका संयोजक अर्जुन श्रेष्ठ बताउँछन् ।

श्रेष्ठका अनुसार भैलः प्याखः प्रदर्शनका क्रममा १२ वटा दागः ९ काठ र छालाबाट बनेको विशेष बाजा, आठ जोर भुस्याय् बाजा, आठ जनाले पोइ्रा बाजा र चार जनाले मुहाली (सनई) बाजा बजाउनुपर्छ । नाच निस्केदेखि विश्राम नभएसम्म रातभर बाजा निरन्तर बजाउनुपर्दछ । त्यसका लागि आलोपालो बाजा बजाउनेहरू तयारी अवस्थामा राख्नु पर्दछ । 'बाजा बजाउने वाद्यवादकहरू मात्रै एक सय ५० जनाको हाराहारीमा छन्,' उनले भने, 'पाँच जना देवीदेवताले ८/८ जना ज्वकुलु (सहयोगी) नियुक्त गर्दछन् ।' थिमिको लायूमा प्रशिक्षण गरिएको भैलः प्याँख प्रदर्शनका क्रममा बालकुमारी, दथुटोल, लायू, ईनायटोल, दिगुटोल, चपाचो, गुँगाचिवा र भुँलाखेलमा प्रदर्शन गरेपछि लायू दरबारमा पुगेर विसर्जन हुन्छ । यो क्रम निरन्तर चार रातसम्म चल्ने संयोजक श्रेष्ठले बताए ।

बोडेमा नीलबाराही

ऐतिहासिक नीलबाराही नाच चार दिन चार रात बोडेको विभिन्न स्थानमा प्रदर्शन गरिन्छ । नीलबराही नाच बोडेको नारायणस्थान लाछीबाट सुरु भई लायकु छें, विष्णु घाट, महालक्ष्मी थान, भाँगुटोल, खोंसी टोल, नीलबाराही स्थान हुँदै पुनः नारायणथानमा प्रदर्शन गरेर समापन गरिन्छ । नाचमा धाँ बाजा, भुस्याय्, काँय, पोगाँ बाजाको तालमा परम्परागत शैलीमा देवी र देवगणहरू नाच्ने गुठी नाइके प्रेमचन्द्र अदुवा श्रेष्ठ बताउँछन् । नीलबाराही नाचको देवगणमा भैरव, बाराही ४, कुमारी ४, सिहं ४, द्वारपाल २ र गणेश ४ गरी १९ जनाको समूह हुन्छ । देवगणका ज्वकुलु (सहयोगी) र वाद्यवाधक गरी एक सय जनाभन्दा बढी व्यक्ति नाचमा क्रियाशील हुने श्रेष्ठले बताए । नीलबाराही गणनाच तान्त्रिक विधि विधानयुक्त नाच हो । यसमा कठिन विधिविधान रहेको श्रेष्ठले बताए । नीलबाराही नाचमा देवता बनेर नाच्ने व्यक्ति नाच्नका लागि घरबाट निस्केदेखि कसैसँग बोल्न नहुने, हावाहुरी र ठूलै पानी परे पनि कतै ओत लाग्न नहुने, घामपानीबाट बच्न छाता ओढ्न नहुने, तिर्खा लागे पानी पिउन नहुने, थकाइ लागे कहीं कतै बस्न नहुने र बस्नै भर्ने भए जोकलको तिघ्रामा मात्र आसन लगाएर बस्नुपर्ने, दैनिक १४/१५ घण्टा थकाइ नभनी नाच्नुपर्ने विधान छ । नीलबाराही नाचमा एकपटक देवता बनेपछि मृत्यु नभएसम्म उनको स्थानमा अर्को व्यक्तिलाई देवता बनाउन नहुने विधान रहेको समेत उनले बताए । देवता बनेको व्यक्ति भागेमा, विदेश गएमा, बिरामी भएमा उसको मुखुण्डो देवघरमा राखेर पूजा गरी राख्ने तर उसको स्थानमा अर्को व्यक्तिलाई देवता बनाउन नहुने विधान छ । नीलबाराही नाच कहिलेदेखि सुरु भएको भन्ने यकिन प्रमाण नभए पनि भक्तपुरको नवदुर्गा नाचसँगै नीलबाराही नाच सुरु भएको स्थानीय बताउँछन् । अर्को तथ्यअनुसार सुवर्ण मल्लको पालामा नेपाल मण्डल र काठमाडौं उपत्यकामा मुखुण्डो नाचको प्रचलन सुरु भएको र सोही बेलादेखि बोडेमा नीलबाराही नाच सुरु भएको मानिन्छ । नीलबाराही नाचबारे प्रचलित किम्वदन्तीअनुसार नीलबाराही देवी मानिसको रूपमा बोडे सहर आएर स्थानीय धों जातका एक मानिसलाई नीलबाराही जंगलमा चार दिनसम्म राखेर नाचको सम्पूर्ण विधिविधान सिकाएर पठाएअनुसार नाच सुरु भएको जनविश्वास छ । नीलबाराही स्वयं मनुष्यको रूप धारण गरी सिकाएको विश्वास रहेको नाचका लागि आवश्यक सामान र बाजागाजासमेत देवी स्वयंले नै बनाएर पठाएको विश्वास छ । यसको प्रमाणको रूपमा भैरवले लगाउने तामाको माला रहेको छ, जुन माला त्यही धों भन्ने व्यक्तिको घरमा गएर लिन जानुपर्ने र नाच सकेपछि पुऱ्याउन जानुपर्ने प्रचलन छ ।

नगदेशको महाकाली

मध्यपुर थिमिको नगदेशमा शनिबार रातिदेखि महाकाली जागेकी छन् । नगदेशमा अनिस वैद्य महाकाली, सुशान घजू महालक्ष्मी, सञ्जय तको कुमारी, राजु वैद्य सिंह, रोहन श्रेष्ठ, रोजिन सलाजु, सविन वैद्य र मञ्जिल बाडे बेटा, रोहन सलाल र राजु कौरी भूत भैरव, स्वर्णिम अवाल र रिदेश तको कवा, निरज बाडे र आशिष कोजू ख्या, क्षितिज बाडे र सुजल मन्तिसिर माक, अनुस बाडे महिसाशुर र बाबुराम दुवाल मयूरको भेषमा नाच्दै छन् । महाकाली नाचमा महाकाली, महालक्ष्मी, कुमारी, सिंह, बेता चार, भूत भैरव दुई, कवां दुई, ख्याक दुई, माकः (बाँदर) दुई, म्हुयखा एक र महिसाशुर दैत्य एक गरी १८ देवगण समूह हुने नगदेश सांस्कृतिक पुचःका सचिव विनोद कोजूले बताए । वाद्यवादन समूहसमेत गरी ५० भन्दा बढी कलाकारहरूको सक्रिय सहभागिता रहने महाकाली नाच दैनिक करिब चार घण्टाका दरले नगदेशको च्वें त्वाः गाः, कुमालाछी, छास त्वाः, नृत्यनाथ, लाछी टोलमा प्रदर्शन गरिने नाचका गुरु भक्तबहादुर घजू बताउँछन् । त्यस्तै, महाकाली नाच बाहः ननीस्थित उःननी र थःननी, भ्वापुननी, क्वें त्वाः गाः र पुखुसिमा पनि प्रदर्शन गरिन्छ । दस ठाउँमध्ये नृत्यनाथ, च्वे त्वाः गा, छास त्वाः र उःननीमा महाकालीको सम्पूर्ण नाच प्रदर्शन गरिने गुरु घजूले बताए ।

नाचका गुरु घजूका अनुसार मुहाली बाजा, नायखी, धाँ बाजा, तः, मृदङ, भुस्याय्, छुस्याय्लगायतको बाजाको संयुक्त तालमा उक्त नाच प्रस्तुत गरिन्छ । महाकाली नाचमा विभिन्न २१ वटा ताल रहेको र विभिन्न फरक फरक समूह तालमा नचाइने परम्परा रहेको छ । मुख्य भूमिकामा रहेका देवीको एकल नाच पनि प्रदर्शनी हुने छ । नाचमा एकताल, दुताल, चौताल, परताल, ब्रह्ममताल, अष्ट्राताल, बौतय्गु ताल, दैत्यसम्हार तालमा पूरै कलाकार सहभागी गराएर मृदङ, मुहाली, ताः, बौ, धाँ, भुस्याय्, नायखी, छुस्याय्लगायतका बाजा बजाएर महाकालीको एकल नाच, महालक्ष्मीको एकल नाच, कुमारीको एकल नाच प्रदर्शन गरिन्छ । महाकाली नाच नगदेशको विभिन्न भाग र आमन्त्रण भएबमोजिम मध्यपुर थिमिका अन्य भागमा समेत प्रदर्शन गर्ने प्रचलन रहेको छ ।

वीरको नयाँ भवन प्रयोगविहीन

काठमाडौं (कास)- अत्याधुनिक संरचनामा बनेको सेतो भवन । कुरुवाका लागि फराकिलो बस्ने ठाउँ । संक्रमण आफैं नियन्त्रण हुने भित्ताका रङ । अपागमैत्री शौचालय र बिजुलीका लागि ब्याकअप जेनेरेटर । अत्याधुनिक लिफ्ट । सेन्सरबाटै खुल्ने पानीका धारा । सेमिनारका लागि चिटिक्क हल अनि डाक्टर र नर्सका बस्न व्यवस्थित कक्ष भएको वीरको नयाँ भवन हेर्दा विकसित मुलुकको अत्याधुनिक अस्पतालको झल्को आउँछ । तर, जनशक्ति र उपकरण अभावका कारण वीरको नयाँ भवन अझै सञ्चालनमा आउन सकेको छैन । जापान सरकार (जाइका) को ८० करोड आर्थिक सहयोगमा बनेको भवन हस्तान्तरण भए पनि प्रयोगमा आउन नसकेको हो । पूर्वाधार अभावकै कारण नयाँ भवनका दुई विभाग बन्द अवस्थामा छन् । यी विभाग सञ्चालनका लागि आन्तरिक हस्तान्तरणसमेत भएको छैन ।

६ वर्षअघिको भूकम्पका कारण भत्किएको र चर्किएको भवनलाई जापान सरकारले अत्याधुनिक मोडेलमा पुनर्निर्माण गरेर २ महिनाअघि नै हस्तान्तर गरे पनि भवन खाली छ । विशेषगरी मेडिसिन प्रायोजनका लागि बनेको यो भवन तीनतले छ । जहाँ मुटु, मृगौला र ग्यास्ट्रो विभाग छन् । ९४ बेडको यो भवन सञ्चालनमा आउन सके बिरामीले उपचारका लागि भोगिरहेको सास्ती कम हुने वीर अस्पतालका निर्देशक डा.केदारप्रसाद सेन्चुरीले बताए । उनले भने, 'भवन भए पनि बेड छैन । मुख्य त नर्सिङ जनशक्ति नै छैन ।' बेड खरिदका लागि स्वास्थ्य मन्त्रालयबाट गत वर्ष नै बजेट आए पनि अस्पतालले खरिद गर्न सकेको छैन । मटुरोग उपचारका लागि अत्यावश्यक उपकरण क्याथल्याब महँगो भएकाले अस्पतालको वार्षिक बजेटबाट खरिद गर्न नसकिने बताउँदै डा. सेन्चुरीले भने, 'आईसीयू कक्षका लागि भेन्टिलेटर छैन । बेडसाइड मनिटर र भिडियो एक्सरे पनि छैन ।' जाइकाले भवन निर्माणसँगै केही उपकरण पनि दिएको छ । जस्तै मृगौला डायलासिसका लागि ८ वटा हेमोडाइलासिस उपकरण ।

उपकरण भएकाले नयाँ भवनमा मृगौला फेल भएका बिरामीले डाइलासिस सेवा भने पाइरहेका छन् । बेड नभएकै कारण बिरामीलाई नयाँ भवनमा डायलासिस गराइन्छ र भर्ना गर्नुपरे पुरानो भवनमा लगिन्छ । यसबाहेक जाइकाले ग्यास्ट्रो विभागका लागि पनि केही उपकरण दिएको छ । उपकरण पर्याप्त नभएकाले यो विभाग पनि प्रयोगविहीन छ ।

पोखरीमा पार्किङकै पक्षमा प्रशासन

काठमाडौं (कास)- जिल्ला प्रशासन कार्यालय ललितपुरले सर्वोच्च अदालत र तत्कालीन नगर पञ्चायतले गरेको निर्णय बेवास्ता गर्दै अर्को विवादास्पद निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी प्रेमराज जोशीको नेतृत्वमा सोमबार बसेको बैठकले विवादित विषय पुल्चोक नःटोलस्थित पले स्वाँ पूखु (कमलपोखरी) मा पार्किङ सञ्चालन गर्न दिने निर्णय गरेको हो । सर्वोच्च अदालतले २०२९ र तत्कालीन नगर पञ्चायतले २०२६ मा पोखरी नै कायम गर्ने निर्णय गरेको थियो । त्यतिबेला पाटन क्वाल्खु टोलका कीर्तिब्रम्हानन्द जोशीले घर बनाउन खोजेका थिए ।

स्थानीयले भने एकलौटी ढंगबाट निर्णय भएको भन्दै आपत्ति जनाएका छन् । बैठकमा ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन, ज्यापू समाजका अध्यक्ष एवं पूर्वसांसद चन्द्र महर्जन, नःत्वाः पले स्वाँ पुखू संरक्षण समिति अध्यक्ष बाबुराजा महर्जनलगायत उपस्थित थिए । स्थानीयले बैठकको उपस्थितमा हस्ताक्षर गरे पनि निर्णयमा भने गरेनन् । पूखु संरक्षण समिति अध्यक्ष महर्जन भन्छन्, 'मंगलबारबाट पार्किङ सञ्चालन गर्ने भनेका छन् । तर, हामी स्थानीयसँग छलफल गरेर मात्र निर्णय दिन्छौं भनेर मानेका छैनौं । जबरजस्ती गरेमा कडा रूपमा प्रस्तुत हुन बाध्य हुने छौं ।'

ललितपुरका प्रमुख जिल्ला अधिकारी जोशी भन्छन्, 'एउटा पोखरी बनाउनुपर्ने अर्को पार्किङ सञ्चालन गर्नुपर्ने पक्षमा छन् । दुवै पक्षबीच झडप सिर्जना हुने देखियो । द्वन्द्व नहोस् भनेर साम्य पार्न निर्णय गरेका हौं ।'

उनले निर्णय गरेर सुझाव मात्र दिएको बताए । 'पार्किङ सञ्चालन गर्न दिने निर्णय त नगरपालिकाले गरेको हो,' उनले भने । महानगरका प्रवक्ता राजु महर्जन भने सम्पर्कमा आउन चाहेनन् । सम्पदा बचाउन नःटोलबासी एकजुट भएका छन् । उनीहरूले पोखरीमा पार्किङ सञ्चालन गर्न आएका टोलीलाई आइतबार नाराबाजी गरेर फिर्ता पठाएका छन् । पोखरीमा पार्किङ सञ्चालन गर्न ललितपुर महानगर मेयर महर्जन, उपमेयर गीता सत्याल, प्रवक्ता महर्जन, कर्मचारी र प्रहरी दलबलसहित आएका थिए । दिउँसो टोलमा मानिस कम भएको मौका छोपेर आएका उनीहरूले पोखरीको प्रवेश गेटमा लगाएको ताला फोरेर भित्र पसेका थिए । लगतै एक जनाले टोलमा आपत्विपत् आउँदा बजाउने साइरन बजाएपछि सबै आएर विरोध जनाए । मेयर महर्जनविरुद्ध नाराबाजी गरे । पोखरी परिसरबाट बाहिर निकाले । र प्रहरी पुनः गेटमा ताला लगाउन बाध्य बनेका थिए । ताला फोर्दा ज्यापू समाजका अध्यक्ष एवं पूर्वसांसद चन्द्र महर्जन, समाजका पूर्वअध्यक्ष प्रेमकृष्ण महर्जन पनि उपस्थित थिए । ज्यापु समाज यलका अध्यक्ष महर्जन भन्छन्, 'सर्वोच्च र नगर पञ्चायतको निर्णयबारेमा थाहा छैन । बैठकमा स्थानीयले मौखिक मात्र जानकारी गराए । पेस गरेको भए त्यहीअनुसार लाग्नु त छँदै छ ।'

पार्किङको ठेक्का रद्द र गैरकानुनी रूपमा काम गर्नेलाई कारबाहीको दायरामा ल्याउन माग गर्दै जिल्ला प्रशासन कार्यालय ललितपुरमा दर्ता गरेको उजुरीको समेत बेवास्ता गरेको छ । दर्ता गरेको पत्रमा स्थानीय प्रशासन ऐन २०२८ का दफा ९, प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकारको उपदफा ६ पोखरी संरक्षण र सम्वर्द्धन गर्ने कानुनी दायित्व प्रमुख जिल्ला अधिकारीसमेतलाई तोकेको र गैरकानुनी काम तत्काल रोक्न अनुरोध गरेका थिए ।

लक्ष्यअनुसार उठेन राजस्व

काठमाडौं (कास)- काठमाडौं महानगरले लक्ष्यअनुसार कर उठाउन सकेको छैन । महानगरले करिब ५० शीर्षकमा राजस्व उठाउँछ । गत वर्ष महानगरले १० अर्ब ५५ करोड ७३ लाख ५७ हजार अनुमान गरेकामा जम्मा ९ अर्ब ६४ करोड २४ लाख ८० हजार रुपैयाँ राजस्व रकम उठाउन सफल भएको छ । महानगरले सबैभन्दा बढी राजस्व बहाल करबाट उठाएको हो । करिब २ अर्ब रकम अनुमान गरेकोमा महानगरले १ अर्ब ३३ करोड ७७ लाख रुपैयाँ संकलन गरेको हो ।

त्यस्तै, दोस्रो शीर्षक नक्सापासमा महानगरले लक्ष्यभन्दा बढी रकम उठाउन सफल भएको छ । महानगरले ५५ करोड अनुमान गरे पनि १ अर्ब ७६ करोड रुपैयाँ राजस्व उठाउन सफल भएको हो । अनुमानितभन्दा बढी रकम उठाए पनि गर्व गर्नुपर्ने विषय नभएको महानगरको राजस्व विभागका प्रमुख नुरनिधि न्यौपाने बताउँछन् । '५० औं वर्ष अगाडि मापदण्डविपरीत बनेका घरहरूको बक्यौता रकम उठेको छ,' उनले भने, 'त्यसैले अनुमानित रकमभन्दा बढी रकम उठेको हो ।' मापदण्डअनुसार स्वीकृत नहुने घरलाई पनि महानगरले नक्सा प्रमाणीकरण गरेकाले महानगरले बढी आम्दानी गरेको उनको भनाइ छ

NCCS College of IT & Management [Affiliated to TU]

ADMISSION OPEN

BHM
BIM BBM
LAST DATE OF CMAT FORM SUBMISSION : BHADRA 11, 2076
CMAT EXAM : BHADRA 21, 2076, SATURDAY

BCA
LAST DATE OF FORM SUBMISSION : BHADRA 20, 2076
ENTRANCE EXAM : BHADRA 28, 2076, SATURDAY

BSc.CSIT
LAST DATE OF FORM SUBMISSION : BHADRA 9, 2076 [WITH NORMAL FEE] | BHADRA 16, 2076 [WITH LATE FEE]
ENTRANCE EXAM : BHADRA 27, 2076, FRIDAY

National College of Computer Studies
Paknajol, Kathmandu | Phone: 4251711, 4228807, 4267866, 4268221
Fax: 4269807 | Email: info@nccs.edu.np | Web: www.nccs.edu.np
ISO 9001:2015 certified

सम्पादकीय

विश्वविद्यालयमा ठीक मौका

देश दिशाविहीन भएका बेला बाटो देखाउने दायित्व विश्वविद्यालयहरूको हो । हाम्रा विश्वविद्यालय भने आफैं प्रकाशविहीन छन् । कतै अलमलिएर बाटो भुलेका छन् । प्राज्ञिक स्वायत्तताको अभ्यास गर्नुपर्ने यी थलो राजनीतिक हस्तक्षेपले थिलथिलो बनेका छन् ।

विश्वविद्यालय सुधार्न यतिबेला स्वर्णिम मौका छ । दुई दिनपछि त्रिभुवनलगायत सात विश्वविद्यालयमा उपकुलपति रिक्त हुँदै छन् । सरकारले यस कार्यकारी नेतृत्वको पदमा जस्तो व्यक्ति नियुक्त गर्छ, विश्वविद्यालय हिँड्ने बाटोको तय त्यसैले गर्छ ।

स्वयं शिक्षामन्त्री अध्यक्ष रहेको गत वर्ष गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले आयोगले विश्वविद्यालय सञ्चालनका लागि 'बोर्ड अफ ट्रस्टी' गठन गर्न सुझाएको छ । सरकारले यसै सुझाव शिरोपर गर्दै पदाधिकारी नियुक्ति गर्नुपर्छ । राजनीतिक भागबन्डालाई निरन्तरता दिइयो भने विश्वविद्यालयको भविष्य सुधार होइन, सखाप हुने आयोगको सुझावलाई सरकारले मनन गर्नुपर्छ ।

प्राज्ञिक स्वतन्त्रताप्रति अनुदार भएर हो कि, सरकारले 'बोर्ड अफ ट्रस्टी' गठनपट्टि चासो देखाएको छैन । शिक्षामन्त्री तथा त्रिवि सहकुलपति नेतृत्वको 'सर्च कमिटी' ले प्रस्ताव गरेको व्यक्तिलाई कुलपति तथा प्रधानमन्त्रीले उपकुलपति नियुक्त गर्ने प्रावधानबाटै चल्न खोजेको छ । 'सर्च कमिटी' ले सम्भावित नामहरू छान्न कुनै विश्वासिलो मोडल पनि अपनाएको छैन ।

विश्वविद्यालयहरूलाई साँच्चिकै ज्ञान उत्पादनका कारखाना बनाउने हो भने सरकार अझै पनि संवेदनशील बन्न सक्छ । उपकुलपतिका आकांक्षीहरूसित विश्वविद्यालय हाँक्ने खाका मागेर जसको उत्तम ठहरिन्छ, उसैलाई नियुक्त गर्न सक्छ । यसो मात्रै गरिए पनि नियुक्ति प्रक्रिया केही हदसम्म भए पनि निष्पक्ष र पारदर्शी देखिन सक्छ । त्रिभुवन विश्वविद्यालयबाहेकका हकमा त 'सर्च कमिटी' समेत गठन भएको छैन ।

सरकारको संकेत भागबन्डाबाट माथि उठ्ने देखिँदैन । त्रिभुवन विश्वविद्यालयको सेवा आयोग अध्यक्षमा पूर्वएमाले समर्थित र सदस्यमा पूर्वमाओवादी समर्थित प्राध्यापक नियुक्ति गर्दै हिजोकै गलत पद्धतिको पुनरावृत्ति गरिसकेको छ । आम आशंका छ- उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिवमा पनि सत्तारूढ दलभित्रका दुई खेमाका प्राध्यापकबीचमै बाँडफाँट हुनेछन् । फेरि पनि उसैगरी खल्तीको व्यक्तिले नियुक्त पाउनेछन् । सरकारले यस्तो आशंकालाई गलत साबित गर्नुपर्छ ।

विश्वविद्यालयको छवि सुधार्न र प्राज्ञिक उन्नयन गर्न सरकारले यस्तो बाटो रोज्नु हुँदैन । विश्वविद्यालयलाई निष्पक्ष र अराजनीतिक बनाउने बाटोमा सरकार चुक्नु हुँदैन । विश्वविद्यालय सुधारमा उठिरहेका सार्वजनिक चासो र बहसलाई कम आँक्नु हुँदैन । उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिवमा दलगतभन्दा माथि उठेर सक्षम व्यक्ति नियुक्त गर्न सक्ने हो भने त्यही प्रचलन क्याम्पस प्रमुख, विभागीय प्रमुखका हकमा लागू गर्न सकिन्छ । त्यसो भयो भने प्राज्ञिक वातावरणको विकास हुन सक्छ ।

प्राज्ञिक थलोमा भागबन्डाको राजनीति अन्त्य गराउने दायित्व स्वयं विश्वविद्यालयका प्राध्यापक र उनीहरू आबद्ध संगठनहरूको पनि हो । उनीहरूले हाम्रो होइन, योग्य मान्छे चयन गर्न सरकारलाई घचघच्याउन सक्नुपर्छ । विश्वविद्यालय ओरालो लाग्दा होइन, उन्नत हुँदा नै उनीहरूको पनि छवि उजेलिन्छ । ज्ञानको मुहान तहसनहस बनाउनबाट रोक्न उनीहरूले पनि यथोचित पहल गर्नुपर्छ ।

विश्वविद्यालय मुलुकका मुहार हेर्ने ऐना हुन् । त्यहाँ आलोचनात्मक बहस र चेतको अवस्था जस्तो छ, समाजमा त्यसैको प्रतिबिम्ब देखिन्छ । तसर्थ ज्ञानका यी थलोमा पोतिएका दाग पुछ्ने अवसर सदुपयोग गर्नबाट सरकार चुक्नु हुँदैन । राजनीतिक आस्था भएकै सही, उच्च प्राज्ञिक व्यक्तित्व भएको क्षमतावान् र इमानदारलाई मात्र विश्वविद्यालयको नेतृत्व सुम्पनुपर्छ । विश्वविद्यालयहरू आजको विश्वास र भविष्यका आशा प्रतीक हुन् । यो विश्वास जोगाइराख्न र आशा जगाइराख्न दुई तिहाइ बहुमतको शक्तिशाली सरकार सफल हुनुपर्छ ।

केन्द्र-प्रदेश खटपट

खिमलाल देवकोटा

प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा त्यसको समाधानका लागि तत्काल कानुन बन्न आवश्यक छ ।

घटना १ : साउनको दोस्रो सातातिर सागरनाथ वन विकास परियोजनाको कार्यक्षेत्रका सम्बन्धमा प्रदेश २ सरकारले संघीय सरकार विरुद्ध मुद्दा हाल्यो । प्रदेश सरकारले यसको कार्यक्षेत्रका सम्बन्धमा पटक-पटक वन तथा वातावरण मन्त्रालयलाई ध्यानाकर्षण गराएको थियो । मन्त्रालयले वास्ता गरेको थिएन । २०७५ फागुन २४ को प्रदेश मन्त्रिपरिषदको निर्णयले यो विषय प्रदेश सरकारको अधिकारक्षेत्र भएकाले प्रदेश अन्तर्गत राखेर संरक्षण र व्यवस्थापन गर्ने निर्णय गरी त्यसको जानकारी संघीय सरकारलाई दियो । संघीय सरकारले पनि प्रदेश सरकारको निर्णयलाई वास्ता गरेन । अन्ततः प्रदेश सरकारले मुद्दा हाल्यो ।

घटना २ : कालीगण्डकीमा डाइभर्सन बनाएर कपिलवस्तु र रूपन्देहीमा सिंचाइ सुविधा पुऱ्याउन सरोकारवालालाई मनाउने जिम्मा लिएका छन्, नेकपा महासचिव विष्णु पौडेलले । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले भने प्रदेशका पाल्पा, तनहुँ स्याङजा, नवलपुर लगायतका क्षेत्रलाई सुख्खा बनाएर पानी अन्य प्रदेशमा लैजान नदिने सार्वजनिक रूपमै उद्घोष गरेका छन् । प्रदेश सरकारसँग कुनै रायसल्लाह नगरी बाहिर मात्र बढी हल्लाखल्ला गरेकाले आफूले बाध्य भएर बोल्नुपरेको मुख्यमन्त्रीको धारणा छ ।

घटना ३ : प्रदेश ३ सरकारले प्रदेश गौरवको आयोजनाका रूपमा भीमफेदी-कुलेखानी सुरुङ मार्ग अगाडि सारेको छ । यो आयोजना गत वर्षको बजेट व्यक्तव्यमा पनि थियो । अहिलेको बजेटमा पनि छ । तर यो आयोजनालाई एक निजी कम्पनीले 'होल्ड' गरेर राखेको छ । त्यो कम्पनीले सरकारसँग सन् २०१३ मा गरेको सम्झौता अनुसार २०१६ मा कार्य सम्पन्न गर्ने उल्लेख छ । त्यस कम्पनीले सिन्को भाँचेको छैन । परियोजना सिङ्गो प्रदेश सरकारको प्रतिष्ठासँग जोडिएको छ । प्रदेश सरकारले त्यो परियोजनामा हात हाल्न संघीय सरकारको सहयोग चाहिन्छ ।

माथि उल्लेख गरिएका घटना संघ-प्रदेश सम्बन्धका अलि फरक सवाल हुन् । यी प्रदेश तथा मुलुकको विकास र समृद्धिमा दूरगामी महत्त्व राख्ने प्रकृतिका छन् । यी विषय सरकारका अधिकारक्षेत्रसँग पनि जोडिएका छन् । संविधानले तीन तहका सरकारका लागि अधिकारक्षेत्रको बाँडफाँड गरिदिएकाले आफ्नो लक्ष्मणरेखाभन्दा बाहिर कुनै पनि तहको सरकार जान हुँदैन । संविधानद्वारा प्रदत्त साझा सूची लगायत केही अधिकारक्षेत्रको कार्यान्वयनका लागि नियम, कानुन र विधि बनिनसकेको अवस्थामा तीनै तहका सरकार मिलेर जानुको विकल्प छैन । संघीयताको सुदृढीकरणका लागि अहिलेदेखि नै सतर्क हुन जरुरी छ भन्ने यी घटनाले पुष्टि गर्छन् ।

छिमेकी मुलुक भारतको कर्नाटक र तमिलनाडु राज्यबीच ३३ वर्षदेखि काभेरी नदीको पानी बाँडफाँडको विवाद अन्त्यका लागि लोकसभाबाट गत महिना विधेयक पास भएको छ । यी दुई राज्यबीच ८०२ किमि लामो काभेरी नदीको पानीको उचित बाँडफाँडका लागि दर्जनौंपटक विवाद भएका छन् । विवादका क्रममा अहिलेसम्म कैयौं मानिसको ज्यानै गएको छ । नेपालमै पनि २०६६ असारमा बहुमूल्य जडिबुटी यार्सा टिप्न जाँदा गोर्खा केरौंजा गाउँका सातजना मनाडमा मारिएका थिए ।

सामान्य स्तरका वादविवाद र झैझगडाको चर्चा गर्ने हो भने ठूलै सूची बन्छ । धुलिखेल नगरपालिकामा वितरण हुने खानेपानी पनौती नगरपालिकाको कलातीमा उत्पादन हुन्छ । खानेपानीकै विषयमा धुलिखेलवासी र पनौतीवासीबीच कैयौंचोटी विवाद भएको छ । धुलिखेल, पनौती र वनेपा नगरपालिका मिलाएर महानगरपालिका बनाउने प्रयास यी नगरपालिकाबीच यस्तै विवादका कारण हुन सकेन । केही वर्षअघि सिन्धुली खुर्कोटका वासिन्दाले विश्व बैंकको रु ८१ करोडको ऋण सहयोगमा निर्मित खिम्ती ढल्केवर ७५ किमि विद्युत प्रसारण लाइन निर्माण कार्य लामो समयसम्म अवरोध गरे । काठमाडौंको फोहोर धादिङ र नुवाकोटमा फाल्नुपर्ने बाध्यता छ भने काठमाडौंवासीका लागि सिन्धुपाल्चोकदेखि खानेपानी ल्याउनुपर्ने परिस्थिति छ । प्राकृतिक साधन र स्रोतको मात्र हैन, साना-ठूला विकास निर्माणका काममा पनि विवाद हुने गर्छ ।

सांविक एकात्मक व्यवस्थामा विभिन्न जिल्ला विकास समितिहरू (जिविस) का बीचमा प्राकृतिक स्रोत र साधनको उपयोग लगायतका विषयमा बेला-बेला विवाद हुने गरेको थियो । जस्तो मोरङ र सुनसरी, धनुषा र महोत्तरी, बारा र पर्सा, मकवानपुर र चितवन, धादिङ र नुवाकोट, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक, कपिलवस्तु र दाङ, कैलाली र कञ्चनपुर जिविसहरूका बीच ढुंगा, गिट्टी, बालुवाको उत्खनन तथा निकासीका सम्बन्धमा प्रशस्तै विवादहरू थिए । अर्घाखाँची र कपिलवस्तु, कैलाली र डडेलधुरा लगायतका जिविसका बीच पानी तथा वनजंगलको उपयोग सम्बन्धमा विवाद थियो । यस्ता खालका विवाद रोयल्टी र राजस्व बाँडफाँड लगायतका विषयमा पनि हुन्थ्यो । जस्तो– तनहुँ र लमजुङ जिविसका बीच विद्युत रोयल्टीका विषयमा, दोलखा, रामेछाप र सोलुखुम्बुका बीच पर्वतारोहणको रोयल्टी बाँडफाँडका विषयमा आदि । यार्चा गुम्बाका लागि डोल्पा र रुकुमका बीच विवाद धेरै पहिलेदेखि नै हुन्थ्यो । यस्ता विवादहरू जिविस-जिविस बीचमा मात्र हैन, गाविस-गाविस र नगरपालिका-नगरपालिका बीचमा पनि हुने गर्थ्यो । गाविस र नगरपालिकाले जिविस विरुद्ध पनि प्रशस्तै उजुरी हाल्ने गरेका थिए ।

घर जग्गा रजिस्ट्रेसन, खानी, पर्यटन दस्तुर, पेट्रोलियम, वन, जलस्रोत तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने राजस्व बाँडफाँडको निश्चित रकम जिविसले मापदण्ड बनाएर गाविस र नपालाई बाँडफाँड गर्नुपर्ने कानुनी व्यवस्था थियो । अधिकांश जिविसले यसो गर्दैनथे । ढुंगा, गिट्टी लगायत प्राकृतिकजन्य वस्तुको बिक्रीबाट प्राप्त आयको ३५ देखि ५० प्रतिशत आय जिविसले सम्बन्धित गाविस र नपालाई पनि दिनुपर्ने सांविक स्थानीय स्वायत्त शासन ऐनमा व्यवस्था थियो । यसको पालना प्रायः जिविसले गर्दैनथे । यी विषयसँग सम्बन्धित उजुरीहरूको चाङ सांविक स्थानीय विकास मन्त्रालयमा हुने गर्थ्यो । विवाद निरुपणका लागि ठूलो संयन्त्र थिएन । मन्त्रालयको विकेन्द्रीकरण शाखा र स्थानीय निकाय वित्तीय आयोगमा केही उजुरी आउँथे । तिनमाथि मन्त्रालयले आवश्यक सुनवाइ पनि गर्थ्यो । त्यतिबेला विवाद खासै चर्चामा आउँदैनथे ।

२० वर्षसम्म निर्वाचित जनप्रतिनिधिविहीन अवस्थामा रहेको स्थानीय सरकारसँग जनताको धेरै अपेक्षा छ । जनअपेक्षा अनुसार काम हुन नसके पनि स्थानीय सरकारसँग निराश हुनुपर्ने अवस्था छैन । आफ्नो सीमित स्रोतसाधन र सामर्थ्यले भ्याएसम्म काम गरेका छन् । सांविकमा स्थानीय निकायलाई कानुनद्वारा केही विकेन्द्रीकृत अधिकारहरू प्रदान गरिएको थियो । स्थानीय निकायकै बीचमा अधिकारका सम्बन्धमा वादविवाद हुन्थ्यो । स्थानीय निकायसँग अन्य विषयगत क्षेत्रका कस्तीमा २३ वटा कानुन बाझिएको पहिचान गरिएको थियो । स्थानीय निकाय र विषयगत निकायहरूबीच भूमि, पानी, वन, खनिज, पहाड, निकुञ्ज, वफरजोन, जटिबुटी जस्ता प्राकृतिक साधन र स्रोतको उपयोग लगायतका विषयमा पनि धेरै विवाद हुन्थ्यो । स्थानीय निकायसँग बाझिएका कानुन सुधारका लागि तत्कालीन समयमा पनि प्रयास नभएको हैन । तर एकात्मक सोच भएको तत्कालीन राज्यसत्ताले स्थानीय निकाय र समुदायलाई अधिकार दिन चाहेन । अहिले परिस्थिति फरक छ । नागरिकहरू सार्वभौम भएका छन् । सिंहदरबारको अधिकार प्रदेश र स्थानीय तहसम्म पुगेको छ । तैपनि नागरिकले प्राप्त गर्ने सेवासुविधामा खासै परिवर्तन भएन भन्ने आम गुनासो छ । यस सम्बन्धमा सरोकारवालाको ध्यान जान आवश्यक छ ।

प्राकृतिक न्यायको सिद्धान्त अनुसार स्थानीय साधन र स्रोत उपयोगको प्रमुख हकदार स्थानीय समुदाय नै हुन् । हरेक कानुन स्थानीय समुदायको हित हुनेगरी बनाउन जरुरी छ । प्रदेश-प्रदेश बीचको सम्बन्ध घनिभूत बनाउन र अधिकारक्षेत्रका विषयमा विवाद आउन नदिन विभिन्न कार्यक्षेत्रभित्र रही कानुन बनाउन विशेष जोड दिनुपर्छ । प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा त्यसको समाधानका लागि तत्काल कानुन बन्न आवश्यक छ ।

प्रारम्भमा उल्लेख गरिएका जस्ता घटना हुन नदिन सरकारका विभिन्न तहबीच घनिभूत छलफल र अन्तरक्रिया आवश्यक छ । प्रधानमन्त्रीको अध्यक्षताको अन्तरप्रदेश परिषद र अर्थमन्त्रीको अध्यक्षताको अन्तरसरकारी वित्त परिषद सक्रिय हुन जरुरी छ । संवैधानिक अंगका रूपमा रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग पनि त्यत्तिकै चलायमान हुनुपर्छ । प्राकृतिक साधनको उपयोगमा भइरहेका र हुनसक्ने विभिन्न खालका विवाद निरुपणका लागि आयोगले अहिलेदेखि नै तत्परता देखाउनुपर्छ । संघीयता सबलीकरणका लागि समन्वय र सहकार्यमा सबै पक्षबाट उचित जोड आवश्यक छ ।

devkotakl@gmail.com



सम्पादकलाई चिठी

सरकार निरन्तरताको पक्षमा

कान्तिपुरमा सोमबार प्रकाशित कार्टुनले वर्तमानको सत्ता राजनीति बोल्छ । 'तान्नोस् ! तान्नोस् !
कुर्सी तपैंकै हो...अर्को चुनावपछि !' प्रधानमन्त्रीको कुर्सीमा बसेका केपी शर्मा ओलीलाई नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालले सकी-नसकी धिच्याइरहेका छन् । यसले दाहालको प्रधानमन्त्री बन्ने सपना निकै पर धकेलिने सम्भावना बढेको देखिन्छ । अबको नौ महिनापछि प्रधानमन्त्री बन्ने उनको सपना थियो । तर आइतबार प्रतिनिधिसभामा विशेष समय लिएर प्रधानमन्त्री ओलीले आफू अर्को निर्वाचनसम्मै मुलुकको कार्यकारी प्रमुख बनिरहने दाबी गरे । यतिबेला पूर्वमाओवादी खेमामा खुल्दुली बढेको हुनुपर्छ । सर्वसाधारण भने प्रधानमन्त्रीको वक्तव्यले विचलित देखिँदैनन् । अधिकांशले पहिलेदेखि स्थायी र शक्तिशाली सरकारको निरन्तरता चाहेका छन् । विगतमा छोटो अवधिको अस्थायी सरकारले मुलुकलाई झन् पछाडि धकेलेको तथ्य जनतामा विझाएको छ । अब नेकपाका चार शीर्षनेता : केपी ओली, पुष्पकमल दाहाल, झलनाथ खनाल र माधवकुमार नेपालले काँधमा काँध मिलाएर विकासमा दौड लगाउने भूमिका निर्वाह गर्न सक्नुपर्छ । उल्लेख्य काम नगर्ने तर वरियता मिचिएको भन्दै आफूलाई ठूलो प्रमाणित गर्न मरिहत्ते गर्ने सन्दर्भ समानताको सिद्धान्त बोकेको कम्युनिस्टका शीर्षनेतालाई सुहाउँछ र ? जनताले रोजेको स्थायी सरकार, कानुनी सर्वोच्चता, अनुशासन, समानता, इमानदारि र द्रुत विकास नै हो, ठूलो-सानोको झगडा, वरियताको टिठलाग्दो रूप, सरकार फेरी-फेरी देश दोहन गर्ने कार्य होइन ।

- भुवनेश्वर शर्मा, *चन्द्रागिरि-२, काठमाडौं*

आत्मनिर्भर नीति चाहियो

कुनै बेला भुकुटी कागज कारखानाबाट उत्पादित कागज भारत, चीन र भूटानसम्म निर्यात हुन्थ्यो । हामीकहाँ उत्पादित खाद्यान्न कोरिया पठाएर सहयोग गरिएको थियो । वीरगन्ज कृषि औजारद्वारा उत्पादित कृषि औजार जापानसम्म पुग्थ्यो । देशमा धेरै उद्योगधन्दा, कलकारखानाहरू सञ्चालित थिए । तीमध्ये विराटनगर जुट मिल, हेटौंडा सिमेन्ट उद्योग, हेटौंडा कपडा उद्योग, वीरगन्ज चीनी कारखाना अन्तर्राष्ट्रिय स्तरमा नाम चलेका उद्योगहरू थिए । एभरेडी ब्याट्री, एभरेस्ट टुथपेस्ट, नेबिको बिस्कुटजस्ता उद्योगहरू पनि लोकप्रिय थिए । ट्रलीबस थियो । रोपवे थियो । औषधी उद्योग थियो । मानिसहरू कृषि पेसामा रमाउँथे । कलकारखाना प्रशस्त भएको हुँदा धेरै युवा वर्गले यहीं काम पाएका थिए । देशको रकम आजजसरी विदेश जान पाउँदैनथ्यो ।
केही दशकयता नेपालमा फरक खालको 'विकास' हुन थाल्यो । उल्लिखित उद्योगधन्दाहरू धमाधम बन्द हुनथाले । नेतृत्व वर्गमा देशका लागि रामो काम गर्न होइन, सरकार र शक्तिमा गएर कसरी कमाउने भन्ने खालको प्रवृत्ति देखियो । जनप्रतिनिधिहरूको सङ्ख्या बढ्यो । राजनीतिमा सुविधा र मोजमज्जा गर्ने प्रवृत्तिले परम्पराको रूप लियो । त्यसैले यहाँ जसले 'यस्तो-उस्तो विकास गऱ्यौं' भनेर जति फुइँ लाए पनि ती सबै असल नीति र नेताका कारण होइन, समयक्रममा स्वाभाविक रूपमा स्वतः भएका हुन् ।
अहिले हामीकहाँ विकासको स्वरूप र परिभाषा नै बिग्रिएको छ । विदेश जान, विदेशी उत्पादन लाउन र विदेशी कुरा खान नै विकास हो भन्ने ठान्न थालिएको छ । सरकार पनि नयाँ-नयाँ देशमा श्रम सम्झौता गर्न मरिहत्ते गर्छ । नागरिकको मन यो देशमा अडिँदैन । सरकार र नागरिकको मनसाय कस्तो मिलेको ! अनि भाषण छाँटिन्छ- मेची-महाकाली, नारा लगाइन्छ- 'समृद्ध नेपाल सुखी नेपाली !'
वास्तवमा असल नेता, आत्मनिर्भर नीति र राष्ट्रवादी भावना नभएसम्म हामीले समृद्धि हेर्न/भोग्न गाह्रै छ ।

- वृन्दा श्रापित, *गुमनाम टोल, ओखलढुंगा*

आधार आवश्यकताको खोजी

गाँस, बास, कपास, औषधि-उपचार, शिक्षा, खानेपानी र सजिला बाटाघाटा जनताका न्यूनतम आवश्यकता हुन् । यति सानो मुलुकमा तीन-तीनवटा सरकार छन्, तर कसैले सिन्को भाँच्दैनन् । सरकारमा हुनेहरू देश र जनताका लागि आकाशका तारा झार्ने डिङ हाँक्छन्, कामचाहिँ केही गर्दैनन् । नीति निर्माण तहमा बसेकाहरूको ध्यान ठूलठूला सपना देखाउनभन्दा जनताका आधारभूत आवस्यकता पूरा गर्नतिर चाहिँ जानुपर्ने होइन र ? एउटा बिरामी सिटामोल खान नपाएर मरिरहेको छ, यात्रुले सडकमा सास्ती खेपिरहेको छ, जलस्रोतको धनी देशका जनता एक बोतल पानी किन्न ३० रूपैयाँ तिर्न बाध्य भइरहेका छन् । यहाँभन्दा ठूलो विडम्बना अर्को के होला ?

- पुरुषोत्तम धिमिरे, *जोरपाटी, काठमाडौं*

विश्वविद्यालयको उपकुलपति कस्तो हुनुपर्छ ?

भदौ ५ मा हाम्रा सातवटा विश्वविद्यालयका उपकुलपतिको पदावधि सकिँदैछ । राजनीतिक भागबन्डाभन्दा बाहिर बसेरका नयाँ जोश र जाँगरका सक्षम व्यक्तिलाई उक्त पदमा नियुक्ति गर्नुको साटो फेरि पनि दलीय भागबन्डाको कसरत सुरु भएको छ । पुरानै सोच र प्रवृत्ति भएका व्यक्तिहरू यी विश्वविद्यालयको विकासमा नयाँपन देखाउन असमर्थ भैसके । त्यो हामीले देखिसक्यौं, भोगिसक्यौं । सरकारले उपकुलपति चयन गर्न शिक्षामन्त्रीको संयोजकत्वमा सिफारिस समिति गठन गरेको छ । आकांक्षी व्यक्तिहरूले भने राजनीतिक दलसम्बद्ध नेताकोमा दौडधुप तीव्र पारेको देखिँदैछ । यहाँ काम गर्ने सक्षम व्यक्तिभन्दा चाकडी बढी गर्नेको कदर भैरहेको देखिन्छ । यस पटक विश्वविद्यालयमा त्यस्तो नहोस् । सधैं भागबन्डामै महत्त्वपूर्ण संस्था चलाउने हो भने प्रतिभाशाली र नयाँपन पस्कने सोच राख्ने व्यक्तिले कहिले स्थान पाउने ? भागबन्डामा नियुक्ति खानेले जहिल्यै दलकै सोझो गरेको देखिन्छ । विश्वविद्यालय
बनाउन चिन्तन गरेको देखिँदैन ।
कुनै राजनीतिक आस्था भएको व्यक्ति उपकुलपतिमा आउनै हुँदैन भन्ने कदापि होइन । उनीहरू स्वच्छ छवि भएका, इमानदार र सक्षम भने हुनुपर्छ । विश्वविद्यालय कुनै राजनीतिक दलको भ्रातृ संस्था होइनन् । जनताको करबाट सञ्चालित सार्वजनिक संस्था हुन् । यी संस्थाहरू भताभुङ्ग हुँदा आम नागरिकको मन दुख्छ । विगतमा राजनीतिक नियुक्तिको चलन चल्यो होला । तर नराम्रो कामलाई निरन्तरता किन दिने ? अबबाट केही नयाँ र राम्रो काम थाल्दा हुँदैन र ?

- सुन्दर शर्मा, *उपप्राध्यापक*

●●●

विश्वविद्यालयका उपकुलपति सहितका पदाधिकारीमा नियुक्तिमा राजनीतिक हस्तक्षेप नहोस् भन्ने सबैको चाहना छ । विश्वविद्यालयको अभिभावक उपकुलपति भएकाले उक्त पदको नियुक्तिमा सरकार गम्भीर हुनुपर्छ । देशलाई शिक्षा क्षेत्रका विकृतिहरूलाई पहिचान गरी निर्मूल गर्न सक्ने उपकुलपति चाहिएको छ । औद्योगिक क्रान्ति ४.० को चुनौतीहरू बुझेको र र भोलिको शिक्षा कस्तो हुनुपर्छ, जानेको दूरदृष्टि भएको व्यक्ति उपकुलपति बनाइनुपर्छ । उपकुलपति तथा अरु पदाधिकारी छनोट गर्दा अन्य देशका प्रख्यात विश्वविद्यालयहरूमा हुने प्रक्रियालाई अवलम्बन गर्नुपर्छ । 'बोर्ड अफ ट्रस्टी' बनाएर छनोट प्रक्रिया अघि बढाउनुपर्छ । राजनीतिक हस्तक्षेपबाट बचाउन बोर्ड अफ ट्रस्टी सक्षम हुनुपर्छ । यसको भूमिकाबारे उच्चशिक्षा आयोगले प्रधानमन्त्रीलाई बुझाएको प्रतिवेदनमा पनि प्रस्ट उल्लेख छ ।

- प्रा.मनिष पोखरेल, *काठमाडौं विश्वविद्यालय, धुलिखेल*



लेखका लागि : article@kmg.com.np
प्रतिक्रियाका लागि : letter@kmg.com.np
(लेख-रचना पठाउँदा सम्पर्क नम्बर अनिवार्य उल्लेख गर्नुहोला)

सामाजिक सञ्जाल र स्त्रीद्वेष

समवेत

सरिता तिवारी

‘उबेला आफूविरुद्ध सामाजिक बहिष्कारको अभियान चलाउने आलोचकको पहुँचमा म थिइनँ। तर आज म फेसबुक र ट्वीटरमा त्यस्ता सबै आलोचकको पहुँचमा छु। सामाजिक सञ्जालमा मलाई घेर्न, निम्नस्तरको गाली गर्न तिनलाई आज धेरै सजिलो भएको छ। म र आलोचकबीच मात्र एक क्लिकको दूरी छ।’

केही समयपहिले बंगलादेशकी चर्चित लेखक तसलिमा नसरिनले एउटा लेखमार्फत यसो भनेकी थिइन्। नसरिन उदारवादी र मुक्त विचारमाथिको सामूहिक अस्वीकृति र घृणाका सबै रूप झेलेकी लेखक हुन्। ‘कन्फर्मिस्ट’ सांस्कृतिक सत्ता र समाजको मूलधारविरुद्ध लेखेकै कारण उनले दशकौंदेखि आफ्नै देश टेक्न पाएकी छैनन्। समाजको एउटा पंक्ति अपमान र घृणाको हतियार उध्याएर निरन्तर उनीविरुद्ध खनिएको छ। र त्यो पंक्तिलाई अहिले फेसबुक, ट्वीटर लगायतका प्रविधि सञ्जालको उपयोग गरेर हिंसक प्रतिक्रिया गर्न झनै सहज भएको छ। कतिसम्म भने उनलाई यस्तैमध्येका मानिसहरू घिनलाग्दा गाली मात्रै गर्दैनन्, बलात्कारको धम्कीसमेत दिन्छन्।

बीसौं शताब्दीको अन्त्यताकाको र आजको समाजको प्रतिक्रियात्मक चरित्रको तुलना गर्दै नसरिनले भनेको कुरा वर्तमान विश्वमा जहीं पनि लागू हुन्छ। त्यसमा पनि धार्मिक-साम्प्रदायिक, राष्ट्रवादी भय र तनाव मौलाइरहेका समाजमा त अझ बढी! विशेष गरी महिला र उत्पीडितमाथिको संरचनात्मक हिंसाको रूप सामाजिक सञ्जालमा ऐनाजस्तै गरी छर्लंग देखिन्छ। सामाजिक सञ्जाल पनि आखिरमा समाजकै प्रतिरूप हो भन्ने कुरा यसभित्रका व्यक्तिगत (यद्यपि ती व्यक्तिगत मात्रै हुँदैनन्) धारणा, टिप्पणी आदिमा व्यक्त भैरहने चरम असहिष्णुता र शाब्दिक हिंसाले देखाउँछन्।

हाम्रो जीवनमा अभिन्न बनिसकेको सामाजिक सञ्जालको आवश्यकता र भूमिकाबारे हामी भलिभाँती परिचित छौं। सूचना र सन्देशको सम्प्रेषणमा मात्रै होइन, विचार र अनुभूतिको तत्काल प्रकाशन र शिष्ट टिप्पणीका लागि फेसबुक, ट्वीटर लगायतका माध्यमले खेलेको सकारात्मक भूमिकालाई कम आँक्न सकिन्न नै, तर सामाजिक सञ्जाल जीवन र समाजका कतिपय संवेदनशील विषयमा कुन मात्रामा सामाजिक बन्न सकेको छ? यसमाथि बहस जरुरी भैसकेको छ।

सामाजिक सञ्जालभित्र कृत्सित शैली र अश्लील भाषामा विरोधी स्वरलाई जतिखेरै झम्टिन सक्ने सुविधाले पनि मानिसहरूका अनियन्त्रित रोष र विकृत कुण्ठा छताछुल्ल छन्। पुरातनपन्थी सोचको अति आग्रह, चर्को असहिष्णुता र अराजकता चुलिँदो छ। प्रायः उदार र लोकतान्त्रिक मूल्यमा विश्वास गर्ने जुनसुकै समाजको बौद्धिक तप्कामाथि यति बेला निरन्तर यस्तै पंक्तिको आक्रमण बढिरहेको छ। त्यसमाथि पनि सामाजिक संवाद र बौद्धिक गतिविधिमा अगाडि देखिने महिलामाथिको आक्रमण भीषण स्तरमा वृद्धि हुँदै छ। आज यहाँ आफ्ना केही यस्तै अनुभूति साझा गर्न चाहन्छु।

सन् २००८ ताका नेपालमा फेसबुक भर्खरै लोकप्रिय हुँदै थियो। प्राध्यापन पेसा थाल्दै थिएँ, त्यही वर्ष। कलेजका एक कर्मचारी मित्रको सहयोगमा बडो उत्सुकताका साथ फेसबुकभित्र छिरेकी थिएँ, त्यही वर्ष। त्यसपछिका केही वर्षसम्म फोटो र सूचना राख्ने कामबाहेक अरू कुराका लागि फेसबुक उति चलाइनँ। ट्वीटर र अन्य माध्यम त धेरै पछि मात्रै चलाउन थालेकी हुँ। पछिल्ला वर्षहरूमा हातेफोनमै फेसबुक चलाउने सुविधा उपलब्ध भयो। यसपछि फेसबुकलाई वैचारिक बहसको एउटा सहज उपलब्ध मञ्च बनाउने विचारले आफ्ना धारणाहरू सार्वजनिक गर्ने क्रम तीव्र पारें। यसको तीव्रतामा शिष्ट असम्मतिहरूलाई स्वागत गर्नुपर्थ्यो नै, गरेँ पनि। तर राजनीतिक र लैंगिक प्रतिशोधबाट जन्मेका यस्ता-यस्ता प्रतिक्रिया पनि पाउन थालें, तिनले मलाई हाम्रो सामाजिक सोचको भुइँ के हो भन्ने कुरा अति नजिकबाट चिन्ने अवसर दिए।

> एक जनाले त मेरा विरुद्ध मेरी छोरीको दृष्टिविन्दु बनाएर लेखेको निम्नकोटिको हिंसक कविता नै फेसबुकमा पोस्टिए।

विषयको गम्भीरतामा भन्दा उत्तिखेरै गरिने तीखो र फटाफट प्रतिक्रिया देखेर मलाई वास्तवमै दिक्क लाग्थ्यो। तथापि सामाजिक-सांस्कृतिक मुद्दामा बोल्न कति जरुरी छ भन्ने कुराले मलाई लगातार प्रेरित गरिरहन्थ्यो। यसबीच अधिकांश प्रतिक्रिया मेरो लैंगिक हैसियतका आधारमा पेलेरै र हेपेरै आए। कुनै विषयमा गरिएको शिष्ट बहसको आग्रहमा भन्दा मानिसहरूलाई ‘महिला भएर पनि बढ्ता जान्ने भएको’ मा मप्रति आपत्ति थियो। फेसबुकमा लामा-छोटा स्टाटसका रूपमा सार्वजनिक सरोकारका विचारहरू राखेकै कारण पुरुष वर्गबाट भोगेको हिंसा कुन स्तरसम्म थियो भने, एक जनाले त मेरा विरुद्ध मेरी छोरीको दृष्टिविन्दु बनाएर लेखेको निम्नकोटिको हिंसक कविता नै फेसबुकमा पोस्टिए। त्यसलाई वाह र आहा भनेर प्रतिक्रिया गर्ने पनि मैले चिनेका पुरुष नै थिए। विडम्बना नै भन्नुपर्छ, ती सबै ‘तथाकथित’ लेखक नै थिए! तर उनको आफ्नै विवेकले भन्यो या अरू कसैले, कविताको नाममा गरिएको त्यो चरम स्त्रीद्वेषी पोस्ट अलिबेरमै डिलिट गरे। यो विषयलाई मैले यत्तिकै छोड्न भने सकिनँ, रूखो भाषामा खै-खबर लिएँ। त्यसपछि उनको खेदसहितको मौखिक माफिनामासँगै म पछि हटें। एउटा पाको उमेरको (लेखक) व्यक्तिसँग, उनको त्यस्तो हर्कतविरुद्ध, त्यसरी प्रस्तुत हुनुपर्दा म धेरै दिनसम्म आफैभित्र विथोलिइरहें। तर चेतन मनले भन्यो, हिंसाको प्रतिरोधमा नउत्रनु आफैप्रतिको अन्याय थियो। यसमा केको क्षोभ?

विचार आदान-प्रदानमा फेसबुकको भूमिकाबारे अनौपचारिक छलफलका क्रममा एक लेखकले मसँग मुख फोरेरै भनेका थिए, ‘हेरिराख्नू, तेस्रो विश्वयुद्ध पुरुष र महिलाका बीचमा हुन्छ।’ उनले मेरा ‘व्याक टु व्याक’ स्टाटसमाथि व्यंग्य गर्दै वाक्युद्धतर्फ संकेत गरेका हुन् भन्ने मैले नबुझ्ने कुरो थिएन। प्रतिक्रियामा मैले भनेकी थिएँ, ‘त्यसो भए तेस्रो विश्वयुद्ध हाम्रै पालामा हुनुपर्छ!’

सामाजिक सञ्जाल कदाचित् महिलामैत्री छैन भन्ने कुरा मैले आज होइन, धेरै अघि नै बुझेकी हुँ। यसमा महिलाका कामुक तस्बिरहरूले जति ‘वाह’ पाउँछन्, तिनका निर्भीक र ‘बोल्ड’ विचारहरूले त्यति नै दुत्कार, खप्की र सार्वजनिक बेइज्जती पाउँछन्। सामान्य र भुइँतहको चेतनाका प्रयोगकर्तालाई हेरेर मैले यसो भनेकी होइन। बौद्धिक र विचार उठेको भनिएकै तप्काबाट महिलाका मतमाथि झन् ठूलो प्रहार भैरहेको मैले देखे-भोगेकी छु। जब त्यस्तो दृश्यले मेरो भद्रता र विवेकको बाँध फुटाउन थाल्छ, कहिलेकाहीं रणचण्डीजस्तो बनेर एक-एकलाई जवाफ दिन मन लाग्छ।

कतिपय मेरा मित्र सामाजिक सञ्जालमा मलाई बहस आमन्त्रक र प्रतिक्रियात्मक होइन, शालीन र ‘सबैको साझा’ कविका रूपमा देखिन सुझाउँछन्। उनीहरू ठान्छन्– एक लेखकका रूपमा, सामाजिक कर्ताका रूपमा वा सचेत महिलाका रूपमा मेरो छवि विवादित र कुनै ‘पक्षधर’ हुनु हुँदैन। कतिपय आफन्त भन्छन्– विचार र पक्षधरताको ठेक्का लिनुपर्ने तँ को होस्?

तीन वर्षअघि तीज पर्ववारे मैले लेखेको स्टाटसमा टिप्पणी दिँदै एक ‘वरिष्ठ’ लेखकले नै मलाई सामाजिक व्यक्ति र असल आमा बन्नुपर्ने सुझावसहित ‘डन्ट बी सोसल पुलिस!’ भनेर चेतावनी दिए। स्त्री-गरिमाविरोधी र भड्किलो तीजलाई कसरी सिर्जनात्मक बनाउन सकिएला? मेरो धारणा यसैको वरिपरि थियो। आफ्ले सम्मान गर्दै आएका एक लेखकले त्यस्तो घोर विवेकविरोधी धम्की दिएको देख्दा मलाई पक्का भएकै हो, वर्गीय समाजमा लेखक पनि वर्गीय हुन्छ भनेको साँच्चै रहेछ।

जसरी घर र समाजमा महिला निरन्तर अपमानित र लाञ्छित छन्, सामाजिक संवादका मञ्चहरूमा त्यसको हुबहु रूप देखिन्छ। फेसबुक, ट्वीटर आदिमा महिलाको उँचो स्वर किन मन पराईंदैन भन्ने कुराको उत्तर समाजको संरचनात्मक हिंसाको भाष्यसँगै जोडिन्छ। दृढ र निश्चिन्त भएर अमुक महिलाले आफ्ना विचार राखिरहँदा अमुक पुरुषलाई आफ्नै घरका महिलाजनको ‘पोथी डाँको’बाट औडाहा छुटेजस्तो मनोवैज्ञानिक तनाव हुँदो हो। कतिपयले मेरा पोस्टमा टिप्पणी गर्दै लेखेका छन्- यसले आफ्नो लोग्नेलाई के गर्दी हो? यद्यपि यो मेरो अति निजी मामिला हो, स्पष्टीकरण जरुरी छैन। तथापि, प्रेम र सद्भावले ढकमक्क फक्रेको फूलबारीजस्तो गृहस्थी धानेरै म उनीहरू जस्ताको लबस्तरो चेतनासँग लडिरहेकी हुन्छु भन्ने तिनलाई के थाहा?

अन्त्यमा, सबैभन्दा पछिल्लो अनुभव सुनाउँछु।

गएको भानु जयन्तीमा मेरो पोस्ट थियो, ‘भानुभक्त आचार्य पुरुष, ब्राह्मण-क्षत्री र शासकका मात्रै कवि हुन्। राज्यको पछिल्लो सत्तरी वर्षयताको भाष्यले उनलाई यिनै तीन थरीको कविमात्रै बनाइरहेको छ। बाँकी जनले भानु जयन्ती मनाउनु निरर्थक छ!’ यसपछि पंक्तिकारमाथि असिनाझैं खनिएको ‘पौरुष’ भानुभक्तको होइन, आफ्नै उच्चजातीय अहंकारको बिर्केटोपी जोगाउने दस्ता हो भन्ने म राम्रै बुझ्छु। तब त स्क्रिनसट तानेरै सेयर गर्ने भानु-कुलका अर्का एक कनिष्ठ आचार्यले भने, ‘गजाधर सोतीकी घर बूढीजस्तै नानी फेला परिन्, हाम्रा बाजेले ठीकै भन्या र’चन्।’ उनको प्रतिक्रियामा त्यही कोटिका टिप्पणीकर्तामध्ये एक बुजुकले लेखेका छन्, ‘यसलाई स्याङ्जाली गालीले ठोकौं?’ मलाई लाग्छ, उत्पीडित वर्गले निहुँ खोजिरहनुपर्छ, तब न सत्ताधारी चिन्तनको वमन र दुराग्रह कुन स्तरमा छ भन्ने थाहा पाइन्छ! नभए, सामाजिक सञ्जाल स्त्रीद्वेषको कति ठूलो प्रतिविम्ब हो भन्ने कुराको प्रत्यक्ष ज्ञानबाट म कसरी लाभान्वित हुन पाउँथें?



लोकतान्त्रिक राजनीतिको खोजी

राम गुरुङ
r82s2s@gmail.com

बितेका दुई दशकयता विश्व राजनीति नाटकीय ढंगले चलिरहेको छ। लोकतन्त्र यसलाई रुचाउने/नरुचाउने सबैले उत्तम मानेको राजनीतिक व्यवस्था हो। तर आर्थिक-सामाजिक सवालमा राजनीतिक दलहरू चुके। भ्रष्टाचार, दण्डहीनता र असन्तुलित विकासले गर्दा लोकतन्त्रभित्रै लोकतन्त्र खोज्न थालिएको छ। दलीय नेतामाथिको आक्रोश र निरीह राजनीतिक विचारधाराको चेपमा लोकतन्त्र फँसेको छ। राजनीतिक दल विचारभन्दा धेरै अघि पुगेको छ।

केही वर्षदेखि पपुलिजममा पिङ खेलिरहेको नेपाली राजनीति खुद्रे कार्यक्रममा व्यस्त छ। यसका दुई आधार छन्। पहिलो, संसदीय सत्ता, सीमा र नाकामा उभिएकाले आर्थिक विचारधारा फजुल भएका छन्। दोस्रो, दलीय अभ्यास अलोकतान्त्रिक भएकाले समृद्धि एवं आर्थिक विकासको मुद्दाले महिला, जनजाति, दलित लगायतका सामाजिक आन्दोलनमार्फत मुखर हुनुपरेको छ। वामपन्थी दल (नेकपा) संसदीय सत्तामा छ। सिद्धान्ततः ऊ लोकतन्त्रवादी नभएकाले लोकतान्त्रिक अभ्यास उसको राजनीतिक दायित्वभित्र पर्दैन। तथापि ऊ लोकतान्त्रिक प्रणालीभित्र क्रियाशील छ। नेपाली कांग्रेस लोकतान्त्रिक दल हो, तर संगठनभित्र हुर्किरहेको केन्द्रीकृत नेतृत्व र ‘एपिसेन्ट्रिक राजनीति’ले गर्दा यसभित्र पनि लोकतान्त्रिक पद्धति खुम्चिएका कुरा बाहिर आएका छन्।

> नेपाली राजनीतिमा बलियो देखिएको भौगोलिक राष्ट्रवादले लोकतान्त्रिक मान्यता र आचरणलाई अवमूल्यन गरिरहेको छ।

लोकप्रियतावाद

लोकप्रियतावाद लोकतन्त्रका लागि वैरी बराबर हो। यसको ध्यान आर्थिक-सामाजिक मुद्दामा ज्यादा हुन्छ, जसका कारण परिवर्तन र समृद्धि दिगो हुन पाउँदैन।

सन् १९६० प्रारम्भबाटै समाजवाद-पुँजीवादबीच शीतयुद्ध चर्किए। अन्तर्राष्ट्रियवादले विश्व लतारियो। तर अन्तर्राष्ट्रियवाद सापेक्ष सामाजिक मुद्दामा पस्न नसकेकाले क्षेत्रीय, जातीय, भौगोलिक असमानता झन् गहिरिए। साम्यवादी वा अन्य मुलुक कतै पनि प्रतिव्यक्ति आयको न्यायीक वितरण हुन सकेन। नेपाल पनि शीतयुद्धको चपेटामा पऱ्यो। मौलिक र सापेक्ष राजनीतिक विचारधाराको विकास भएन। देशको झन्डै ८० प्रतिशत जनसंख्या उचित र प्रतिस्पर्धात्मक शिक्षा, रोजगार र आय आर्जनबाट बञ्चित भयो। वामपन्थी वा गैर-वामपन्थीहरू राजनीतिक विचारधारालाई छोडेर लोकप्रिय नारा पछाडि दौडिए। सामाजिक न्याय र आर्थिक समृद्धिका कुरा टालटुल पारिए। आर्थिक-सामाजिक मुद्दा दलीय स्वार्थभन्दा माथि उठ्नै सकेन।

लोकतान्त्रिक मुलुक कसरी चलेको छ भन्ने कुरा त्यहाँ क्रियाशील सत्ता वा प्रतिपक्षको संगठनको बनोट, चरित्र र अभ्यासबाट थाहा हुन्छ। कुरा सामान्य छ। दल लोकतान्त्रिक हुन यसका नेता-कार्यकर्तामा लोकतान्त्रिक आचरण र व्यवहार हावी हुनु जरुरी छ। लोकतान्त्रिक चरित्र र आचरण पार्टी तथा राज्यसत्ता सञ्चालनमा देखिए मात्र राज्य लोकतान्त्रिक ठहरिन्छ। आफ्नै दलमा लोकतान्त्रिक विधिलाई नरुचाउने दल वा नेतृत्वबाट लोकतान्त्रिक आचरण र व्यवहारको अपेक्षा गर्न सकिन्न। नेपालका प्रमुख राजनीतिक दल नै आन्तरिक लोकतान्त्रिक र विचारधारात्मक अभ्यासमा कमजोर छन्। दलको महाधिवेशन समयमा हुँदैन। महत्त्वपूर्ण सवालमा नेता-कार्यकर्तासँग गरिने परामर्श संकीर्ण हुँदै गएका छन्। पार्टी बैठकमा प्रस्तुत प्रतिवेदनमाथि छलफल नै नभई निर्णय हुन्छन्। मतलब, दलभित्र पूर्णतः लोकतान्त्रिक विधि र पद्धति नै उपेक्षित भइरहेको देखिन्छ। दल स्वयं लोकविधिलाई रुचाउँदैन भने मुलुक लोकतान्त्रिक पद्धतिमा उन्नत कसरी हुनसक्छ?

वैचारिक शिथिलता

लोकतन्त्र आफैमा एउटा लामो अर्थराजनीतिक र सामाजिक प्रक्रिया एवं संघर्षको उपलब्धि हो। यसैले दलहरूको उपेक्षामा परेको लोकतन्त्रलाई ‘लोकतान्त्रिक मन्दी’ भन्नुपर्ने हुन्छ। यस्तो मन्दीका बेला ‘भर्चुअल लोकतन्त्र’ सक्रिय भई गलत स्वार्थ हावी हुन्छ। वास्तविक लोकतन्त्र आन्तरिक सामाजिक द्वन्द्वमा फँस्न सक्ने जोखिम बढेर जान्छ। स्वार्थ समूहले आदिवासी/जनजाति, नश्लीय, आप्रवासी, महिला, शरणार्थीजस्ता छरिएका विषयको उठान गर्छ। र, समाजको तलसम्म पुऱ्याउँछ, जसले परम्परागत राष्ट्रियताको औचित्य पुष्टि गर्न जोडबल लगाउँछ।

विचारधारा बिनाको सत्ता अधिनायक वा तानाशाही हुन्छ। राजनीतिक विचारधारा नहुँदा साना घटनाकै कारण पनि देश मोडिन्छन्। २०१० मा ट्युनिसिया प्रहरीले सडक व्यापारी मोहम्मद बौजिजीलाई निर्मम कुटेपछि सामान जफत गऱ्यो। उनले सामान फिर्ता पाउन गरेको अनुनयको सुनुवाइ भएन। यसबाट विक्षिप्त बौजिजीले शरीरमा पेट्रोल खन्याई आत्मदाह गरे। यसले सारा देश आन्दोलित भयो। व्यक्तिगत लहडमा चलेका तानाशाह जिन एल अबेदिन बेन अली लोकतान्त्रिक विचारसँग पराजित भए।

१९३२ मै लोकतान्त्रिक भएको थाइल्यान्ड राजनीतिक प्रतिबद्धता (विचारधारा) ले चलेन। राजनीतिक भ्रष्टाचारले थलिएको थाइल्यान्डले २०१४ मा सैनिक ‘कू’ मार्फत लोकतन्त्र नै गुमाउनुपऱ्यो।

लोकतन्त्रमा समृद्धि र न्याय नै राष्ट्रवाद हो। तर नेपाली राजनीतिमा भौगोलिक राष्ट्रवाद आर्थिक-सामाजिक विचारधाराभन्दा बलियो देखिएको छ, जसले लोकतान्त्रिक मान्यता र आचरणलाई नै अवमूल्यन गरिरहेको छ। महत्त्वपूर्ण नियुक्तिमा हुने दलीय भागबन्डा र देशलाई नै थला पार्नेगरी भएका भ्रष्टाचारप्रतिको दलीय मौनता यसका उदाहरण हुन्। यो नै लोकतन्त्रभित्रको अकाट्य अभ्यास भएको छ, जुन निर्वाचित अधिनायकत्व विकासका लागि पर्याप्त छ। राजनीतिक आग्रह र स्वार्थको अलमलमा शून्यात्मक विचारधारा फैलँदो छ। यसका दर्जनौं राष्ट्रिय-अन्तर्राष्ट्रिय उदाहरण छन्। रसियाका पुटिन, टर्कीका एर्डगन, हंगेरीका ओर्वान, अमेरिकाका ट्रम्प, भारतका मोदी र नेपालका ओली भौगोलिक राष्ट्रवादका उपज हुन्।

दलीय विशिष्टताको पतन

मानिस भौतिक उपयोगका साथै अन्य कुराको खोजीमा पनि भौंतारिएका छन्। यही कारण लोकतन्त्रमा अस्वाभाविक लाग्ने घटना भएका छन्। यसलाई आक्रोशको राजनीति पनि भन्न सकिएला। आक्रोशको राजनीतिक उपयोगले अर्थराजनीतिक विचारलाई काम नलाग्ने बनाइदियो। दिगो सामाजिक मुद्दा नहुँदा दलीय विशिष्टता र भिन्नता नै छुट्टिएन। हेपिएका वा दबाइएका निमुखाले भौगोलिक राष्ट्रवादमा हामफाल्दा अनपेक्षित गैरराजनीतिक शासकको उदय भयो, विचारविहीन राजनीतिले जित्यो। यसलाई विचारच्युत दलले नै साथ दिए। भौगोलिक राष्ट्रवाद विजय भयो। तर यो कुनै एक खास राजनीतिक दललाई मन पराएरभन्दा पनि चरम आर्थिक निराशाको परिणाम थियो।

अहिलेको राष्ट्रिय प्राथमिकता नै बजार अर्थतन्त्रलाई कसरी सामाजिक न्याय र समानतामा आधारित बनाउने भन्ने हो, जुन पूर्ण परिपक्व लोकतन्त्रमा मात्र सम्भव छ। तर अर्थराजनीतिक विचारधाराले रित्तिएका दलहरू भौगोलिक राष्ट्रवादको पपुलिष्ट सत्तामा उठेका छन्, उठ्ने कोसिसमा छन्। १९९० देखि नै विश्वका वामपन्थीहरूले बजार अर्थतन्त्रलाई स्वीकार्न सुरु गरे। अद्यापि यसप्रति उसको रुचि ज्यादा देखिँदैन। अर्थात् सारमा नेकपा वा कांग्रेसभित्र भावी राष्ट्र कस्तो बनाउने भन्नेबारे नै वैचारिक अलमल छ। राजनीतिक दलले बजारलाई होइन, बजारले चाहिँ राजनीतिक दललाई चलाएको छ। नेपाली कांग्रेसले अमूर्त समाजवादप्रति देखाएको प्रतिबद्धता एवं नेकपा सत्तामा स्वायत्त संघ र प्रदेशप्रति देखाएको अनुदारता एवं शक्ति केन्द्रीकरणका प्रयास यसका उदाहरण हुन्।

सबै दलसँग बालिग नागरिकलाई विश्वस्त गर्ने विशिष्ट अर्थराजनीतिक विचारधारा नै छैन। व्यक्तिगत आलोचना र क्षणिक विषयका कारण राजनीतिक व्यस्तता बढेको छ। यसले जनमत दलहरूबाट टाढिने क्रम बढ्दो छ। नेकपाले विश्व परिवेश बुझेरै होला, आफ्नो दस्तावेज हेरफेर गर्दै लगेको छ। तथापि विचारधाराको ठाउँ पपुलिष्ट नारामा लिइनै रहेको छ, जुन लोकतन्त्र सुहाउँदो होइन। अर्थात् लोकप्रियतावादले होइन, लोक-सहभागितामा चल्छ। शासकीय प्रणालीमा घट्दो लोक-सहभागिता पद्धतिको नतिजा निर्वाचनमा देखिएको छ। संसदीय अंकगणितमा सफल नेकपाले १९९१ यता हरेक निर्वाचनमा ११ प्रतिशतभन्दा बढी मत गुमाउँदै आइरहेको छ। नेपाली कांग्रेसको मत पनि उत्तिकै अस्थिर छ। दलहरूले मतदाताको दायरा बढाउनसकेका छैनन् वा तिनलाई नागरिकले पत्याउन छाडेका छन्।

टुक्रिँदै सगोल परम्परा, छुट्टिँदै परिवार

एउटाले कमाउने सम्पत्तिमा परिवारका धेरैजनाको भाग लाग्ने भएपछि छुट्टिएर सानो परिवारमा बस्न युवापुस्ताको रहर

■ **कमल पन्थी** (बर्दिया)

पुस्तौँदेखि सगोलमा बसेर एउटै चुलोमा पाक्ने खाना खाने बारबर्दिया नगरपालिका-४ का वडा सदस्य लालबिहारी थारू दुई वर्षअघि परिवारबाट अलगिए। ४५ सदस्यीय परिवारबाट उनी अलग भएपछि अरू पनि बेग्लाबेग्लै बस्ने क्रम बढ्यो।

गुलरिया-१० का वडाध्यक्ष वीरेन्द्र चौधरीको ५० जनाको परिवार थियो। आठ वर्षदेखि उनी अलग्गै छन्। घरमूलीको आदेशानुसार चल्ने सगोल परिवारको मुख्य पेसा खेती हुन्थ्यो। एक दशकयता आर्थिक संकट, एउटाको कमाइमा धेरैजना आश्रित हुनुपर्ने र खेतीप्रति आकर्षण घट्दै जानुले संयुक्त परिवारबाट छुट्टिएर बस्ने क्रम बढेको हो। वडा सदस्य थारूले रोजगारीका लागि बाहिर जाने चलन भएपछि घरमूलीको निर्देशनमा चल्ने सगोल परम्परामा असर पारेको बताए। 'सञ्चारको विकाससँगै गाउँघरका युवा रोजगारीका लागि विदेश जान थाले,' उनले भने, 'आफैंले कमाउन थालेपछि परिवारबाट अलग्गै बस्ने परिपाटी सुरु भयो।' सीमित जिम्मेवारी, आवश्यकता र सम्पत्तिमाथिको अधिकार आदिका सुविधाले छुट्टै सानो परिवारमा बस्ने चलन बढेको उनले बताए।

गुलरिया नगरपालिका-१० थपुवाका हरिप्रसाद थारू पनि आठ वर्षअघि ठूलो परिवारबाट छुट्टिएका हुन्। उनका दुई भाइ पनि बुबाआमा जीवित छँदै आआफ्नो अंश लिएर छुट्टै घर बनाएर बस्न थाले। ६ बिघा जग्गामध्ये २/२ बिघा जग्गा भाइका नाममा गयो। 'सगोलमा बस्दा आम्दानी बाँड्नु पर्थ्यो,' उनले भने, 'अहिले आफूले जोडेको सम्पत्ति बाँड्नुपरेन, सानो घरपरिवारसँग रमाइलो गरी बस्न थालेका छौं।' सगोलमा बस्दा घरधन्दा पालैपालो हुने गर्छ। एकआपसमा दुःखसुख बाँड्ने र काममा सघाउने हुन्थ्यो। खेतमा काम गर्ने युवा सगोलबाट अलग भएपछि मजदुरीका लागि अरूलाई गुहार्न बाध्य भएको वडाध्यक्ष चौधरीले बताए। 'सगोलको ठूलो परिवारमा बस्दाका फाइदा पनि छन् तर समयले सगोलभन्दा सानो परिवार नै सुखी भन्ने बुझाइ बढेको छ,' उनले भने।

बर्दिया गुलरिया नगरपालिका-१० का वडाध्यक्ष वीरेन्द्र चौधरीसहित स्थानीय गाउँले। *तस्बिर : कमल/कान्तिपुर*

थारू समुदायमा सगोलमा रहने करिब ९० प्रतिशत जनसंख्या अहिले छुट्टिएर अलग्गै बस्न थालेको उनको अनुमान छ। सगोलबाट सानो परिवारमा अलग्गै बस्न खोज्ने गाउँघरमा बढ्दै छन्। गुलरिया थपुवाका ६८ वर्षीय गोलेराम थारूको परिवारमा २२ जना एकैसाथ छन्। परिस्थिति हेर्दै उनले पाँच छोराका लागि पाँच बिघा जग्गा भागबन्डा गरे। ६ बिघामध्ये एक बिघा आफूले राखेका छन्। भागबन्डा भए पनि पाँच छोराको खाने एउटै चुलो छ।

ठूलो परिवारमा बुहारी र नातिनातिनाबीच हुने अन्तरकलहले पनि सगोल परिवार टुक्रिँदै गएको बुढापाका बताउँछन्। कतिपय घरका श्रीमान् जागिर खान बाहिर गएर फर्कंदा कमाएको धनले परिवारमा कलह हुने गरेको छ। परिवार विभाजनको यो पनि कारक छ। स्थानीय हरिप्रसाद थारूले बढी मनमुटाव भएकाले सगोल परिवारबाट अलग भएको बताए। खेती प्रमुख पेसा मानिन्थ्यो। घरमूलीले भनेअनुसार चल्नुपर्थ्यो। अब खेतीयोग्य जमिन घट्दै गएपछि वैदेशिक रोजगारमा जान थालेपछि सगोलमा बस्ने चलन हराउँदै गएको छेदा थारूले बताए। 'हाम्रा परिवारका धेरै युवा कृषि छाडेर अब अरू पेसामा छन्,' उनले भने।

अहिले पनि निकै रमाइलोका साथ एउटै चुलोमा पाकेको खाना खाने थारू समुदायका सगोल परिवार जिल्लामा नभएका भने होइनन्। जिल्लाका विभिन्न ठाउँमा पुस्तौँदेखि सगोलमा बसी एउटै चुलोमा खाने २० देखि ६० सदस्य एउटै परिवारमा बस्दै आएका छन्। समाजमा एक पुस्ता नबिदै अलग्गै बस्ने सामान्य भए पनि गुलरिया नगरपालिका-१२ भैसाहीका ६० वर्षीय जोगीराम थारूको ठूलो परिवारमा अहिलेसम्म कसैले छुट्टै बस्ने आँट गरेका छैनन्। बारबर्दिया-४ की ५७ वर्षीया रामती थारूको २२ जनाको परिवार एकै घरमा बस्छन्।

८१ वर्षीय महादेव थारू सगोलभन्दा अबका युवा एकल परिवार मन पराउने बताउँछन्। 'जिल्लामा अब मुस्किलले ठूलो परिवार भेटिन्छ, निकै कम भइसके,' बारबर्दिया-४ का फूलपाती चौधरीले भने। बर्दियामा करिब ५१ प्रतिशत थारू समुदायको बसोबास छ।

बर्गिकृत विज्ञापन

घर जग्गा

Full Furnished 3 bedroom new flat south facing in Citiscape Hattiban for sale 9851103079

एकतलेघर बिक्रीमा पेप्सीकोला 9851048472, 9841800978

चितवनको पिचबाटोमा 0-5-12-5 एकमुष्ट १,१५,००००० / 9851154507

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364, midasrealestate9@gmail.com

घरजग्गा खरिदबिक्री गर्नपरेमा कुमारलामा Realestate 9851045824, 4720460

नारायणगोपालचोक चक्रपथट्यूवाकमा ५४आना जग्गाबिक्रिमा 9851036108

साखुबजार नजिक सस्तो टुक्रा घडेरी बिक्रीमा (५-१०) रोपनी बिक्रीमा, ९८५१०२९६५९, ९८६१३९६२९०

सितापाइलामा 19500000 नयांघर बिक्रिमा 9849556301

ललितपुरको जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रिकोलागी 9849188782

गोकर्ण नयाँपाटीमा बीसफिटेबाटोमा ०-४-२-२ कोटृकाजग्गाहरू बिक्रीमा 9851194703, 9813870615

बौद्ध नजिकै ०-३-०-० जग्गा बिक्रीमा 9841567917

दिव्येश्वरी आयोजना सानोठिमीमा घडेरीहरू 9851209035

पेप्सीकोलासंगै घर बिक्रीमा 9863948080, 9819827153

गट्ठाघर, बालकोटको जग्गा बिक्रिमा ९८४२७५७३४६

०-१२-२-२ तौलुङ्ग, नारायणथान प्रतिआना २३,००,०००/- 9803312082

२-४-०-० बधेली नारायणथान प्रतिआना ८,००,०००/- 9803312082

धापासी ०-१५-२-०, चुनिखेल ०-४-३-०, मण्डिखाटार १-०-०-१, धुम्बाराहि ०-६-०-०, रविभवन ०-१५-०-०, ताहाचल ०-६-१-०, ९८००९१४८८८, ९८०८३३७०७८

बुढानिलकण्ठ तौलुगंहाईटमा जक्सनको ३-३-०-० जग्गा बिक्रीमा प्रतिआना १७,५०,०००/- रिसोर्ट, लगानी, हाउजिगंको लागि काठमाडौं देखिने, ९८६९६६४८८५

घरजग्गा खरीदबिक्रिलाई हाम्रोलामा रियलस्टेट 9841005743

गहेश्वरी नगरप्लानिङ्ग टुक्राघडेरी बिक्रिमा ९८५१०८७२७३

धुलिखेलमा ११आना ८८ लाख ९८४१४८९५३५

पेप्सीकोला नयां प्लानिङमा ४ आना जग्गा बिक्रीमा, 9801099625

धापासीको च्यासीनटोलमा ०-७-१-२ प्रतिआना-२०,२५,०००। ९८५१०७४००१

सानोभञ्याङ हाउजिंगमा ०-३-०-० वंगलो 9803133907

हेपालीपारी साढेदुइतलाको नयाघर बिक्रीमा 9851098006

बुढानीलकण्ठ न्यूकोलनीभित्र यूरो स्कूलअगाडी ०-४-०-० जग्गाबिक्रीमा 9841429189

निर्मलनिवास पछाडि बिसफिटे बाटोमा ४ आना जग्गा बिक्रिमा 9823827885

कौशलटारमा टुक्रा जग्गाहरू चाहिएमा ९८५१०४३५३७

वास्तु मिलेको आकर्षक घर बिक्रीमा, बुढानिलकण्ठ न.पा.-६ तल्ला पोसिकोट कपुरचोक र यूरो स्कूलको बिचमा रहेको पूर्व-उत्तर मोहडामा ०-९-०-० जग्गामा बनेको २.५ तल्ले घर बिक्रीमा ९८४७९१७१८०

महाराजगंज निर्मलनिवास नजिकै ५/६आना टुक्राजग्गा तुरुन्तैबिक्रीमा 9823582607

डांछी भद्रबासमा ०-५-०-०, सुन्ताखानमा ०-४-२-०, मेनरोडमा आनाको २०/२२ लाख, 9851037919

चपलीहाईटमा ०-१२-०-० जग्गामा बंगला, भंगाल जगनाथ मन्दीरछेउ ३-०-०-० जग्गाबिक्रीमा ९८४१५१३४६५

टेकमा गोदामकोलागी उपयुक्त ०-५-३-० प्रतिआना १२,५०,००० अर्जेन्ट बिक्रीमा ९८४५०२४९०२, ९८५१०३०७०९

मनमैजु इन्द्रेणीपुल नजिक ४आनामा बनेको २.५तल्लेघर बिक्रीमा मूल्य २करोड ४०लाख ९८२३२०१००४

नयांबसपार्कबाट १कि.मिबाहिर लोकतान्त्रिक चोकहाईटमा ७कोठाको पार्किङसहितको साढेदुई तलेघर तुरुन्तैबिक्रीमा 1,55,00,000/- 9864248472

बुढानिलकण्ठ चपली चोकबाट १५० मिटर पूर्व ३०x४६दक्षिण मोहडाको ०-४-०,९८५१९०४५९९

भैसीपाटी एरीयामा घडेरीहरू बिक्रीमा, ९८४१५१५३०२

देउवा निवास पछाडी ०-५-२-० आनाको २०,००,०००/- ९८९३४३३६२४

सुदुरपश्चीमको जग्गा चाहियो ९८९३६७३६०४

सिभिलहोम्सको घर ०-४-०-३ ४बेडरुम ९८४५०२४९०२, ९८५१०३०७०९

गट्ठाघर, बालकोटको जग्गा बिक्रिमा ९८४२७५७३४६

०-१२-२-२ तौलुङ्ग, नारायणथान प्रतिआना २३,००,०००/- 9803312082

२-४-०-० बधेली नारायणथान प्रतिआना ८,००,०००/- 9803312082

धापासी ०-१५-२-०, चुनिखेल ०-४-३-०, मण्डिखाटार १-०-०-१, धुम्बाराहि ०-६-०-०, रविभवन ०-१५-०-०, ताहाचल ०-६-१-०, ९८००९१४८८८, ९८०८३३७०७८

बुढानिलकण्ठ तौलुगंहाईटमा जक्सनको ३-३-०-० जग्गा बिक्रीमा प्रतिआना १७,५०,०००/- रिसोर्ट, लगानी, हाउजिगंको लागि काठमाडौं देखिने, ९८६९६६४८८५

घरजग्गा खरीदबिक्रिलाई हाम्रोलामा रियलस्टेट 9841005743

गहेश्वरी नगरप्लानिङ्ग टुक्राघडेरी बिक्रिमा ९८५१०८७२७३

धुलिखेलमा ११आना ८८ लाख ९८४१४८९५३५

पेप्सीकोला नयां प्लानिङमा ४ आना जग्गा बिक्रीमा, 9801099625

धापासीको च्यासीनटोलमा ०-७-१-२ प्रतिआना-२०,२५,०००। ९८५१०७४००१

सानोभञ्याङ हाउजिंगमा ०-३-०-० वंगलो 9803133907

हेपालीपारी साढेदुइतलाको नयाघर बिक्रीमा 9851098006

बुढानीलकण्ठ न्यूकोलनीभित्र यूरो स्कूलअगाडी ०-४-०-० जग्गाबिक्रीमा 9841429189

निर्मलनिवास पछाडि बिसफिटे बाटोमा ४ आना जग्गा बिक्रिमा 9823827885

कौशलटारमा टुक्रा जग्गाहरू चाहिएमा ९८५१०४३५३७

वास्तु मिलेको आकर्षक घर बिक्रीमा, बुढानिलकण्ठ न.पा.-६ तल्ला पोसिकोट कपुरचोक र यूरो स्कूलको बिचमा रहेको पूर्व-उत्तर मोहडामा ०-९-०-० जग्गामा बनेको २.५ तल्ले घर बिक्रीमा ९८४७९१७१८०

बुढानिलकण्ठ सिद्धार्थकोलनी ०-१-२-० कपन आकाशधारा २.५तल्लेघर, मुलपानी क्रिकेटग्राउण्डसँगै २.५तल्लेघर र टुकादुकी जग्गाबिक्रीमा 9851246812

सवारी साधन

2010 अल्टोकार 800AC तु.बिक्रीमा 9803144700

मारुती कार २००१ बिक्रिमा ९८४१५२९६२७

2011 Model Tucson 44,00,000 9851093662

नयां Scorpio रिजर्भ चाहिएमा ९८५१०४३५३७

सम्पर्क

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

Cash Deposit विदेशकोलागी सस्तोमा 9803453019

सेकेण्डहयाण्ड फर्निचर खरिदबिक्रि बसुन्धारा ९८५१२३४०४७

सस्तोमा Cashdeposit धितोफुकुवा ऋण ९८५१०८७७४९, ९८४९२१६१९६

पत्रपत्रिकाहरूमा विज्ञापन गर्नुपरेमा ९८४१५२२९३३, ९८४९११०२२२

Cash Deposit. Without Collateral 9841756349

अति सस्तोमा बैंक Deposit 9863646909

धितोराखी ऋण चाहिएमा ९८६५५८९१७७, ९८६६१८०८७४

सस्तोमा Bank Deposit गर्नुपरेमा 9851161202

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखी ९८४१६६९६१६, ९८०३९२३५७८

Australia education loan student visa dependent 9864591320

सस्तोमा बैंक Deposit 9806031546, 9860689041

America Australia Europe Korea Japan Visit-Visa, 9869862433

अतिसस्तोमा धितोफुकुवागर्न, विदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

विद्यार्थीलाई सस्तोमा Cash Deposit 9818013909

सस्तोमा Cashdeposit धितोफुकुवा ऋणलिन 9851243313, 9851014416

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

व्यवसायकोलागि धितो चाहियो साथै ऋणलिन चाहानेले ९८४५३५२८३३

धितो पासगरी लोन चाहिएमा Easy Loan Consultancy 9813138779

एक हप्तामा तुरुन्त कर्जा 9843180968

ट्याङ्करको शुद्धपानी चाहीयमा सम्पर्क:- 9841712243, 9860182491

धितो राखी ऋण चाहिएमा ९८५१११४९३०

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

Website Design and Development 9823317384

विद्यार्थीलाई सस्तोमा Bank Deposit, 9824372426

कृषिलाई चाहिने सामाग्रीहरू Website: www.agronepal.org

विविध बिक्रीमा

३०० इस्क्वाएरफिट ३.२५ खालीसटर कमलादी ९८१८२८२५५५

HOSTEL बिक्रिमा नयाँबानेश्वर थापागाउँ ९८१८६७२३०७

बानेश्वरको जुत्ता पसल बिक्रीमा 9843953290

नक्सालमा राम्रोचल्ने पसल बिक्रीमा ९८४१२२३३१८

पुतलीसडकमा चलिरहेको ट्राभल एण्ड टुर बिक्रीमा ९८५१०-८७४६१, ९८६९-११५०५२

माछापोखरी चोकको फेन्सी पसल बिक्रीमा ९८४१३४१३४०

कोटेश्वर हाइवेचोकमा चलिरहेको कपडापसल बिक्रिमा ९८२३२० ९९०२

चावहिलचोकमा चलिरहेको कपडापसल बिक्रिमा ९८६९४१६८६२

पोलीक्लिनिकको सम्पूर्णसामानहरू (Lab, U.S.G., ECG, X-Ray, Physiotherapy) बिक्रिमा फाइनान्सकोसुविधा ९८१३४२८७६८

दुईलाखमा चलिरहको होटल बिक्रीमा, 9840304381

चलिरहेको कम्प्युटर ईन्स्च्युट बिक्रीमा 9866473700

असनचोकमा चलिरहेको पसल बिक्रिमा ९८१३४३४८६१, ९८१८३९१४६१

बेकरी बिक्रीमा ईमाडोल। 9849664378

चलिरहेको होटलबिक्रीमा आखाँहस्पिटल अगाडी रिङ्गरोडटच गेष्टहाउसलाई उपयुक्त 9843586605

त्रिपुरेश्वरचोक नजिकै व्यस्तचलेको ममंगाडेन बिक्रीमा 9841491286

पुतलीसडक चोकमा चलिरहेको रेष्टुरेण्ट ९८६४४७७९५९

बसन्तपुरमा रेष्टुरेन्ट क्याफे ९८६१३१७२०१, ९८६११९४७३३

मैतिदेवीमा मोवाइल तथा इलेक्ट्रोनिक पसल, बस्नेठाउँ सहित 9841912605

चलिरहेको किराना पसल बिक्रिमा ९८४०१८४९६४

नयाँबसपार्कमा चलिरहेको गेष्टहाउस तुबिक्रिमा ९८६३१९६२२२

पुरानो बानेश्वरमा चलिरहेको बुटिक बिक्रीमा 9860163367

जुत्ता पसल बिक्रिमा सिनामंगल ९८१३४३८०३६

बानेश्वरमा चलिरहेको कन्सल्टेन्सी बिक्रीमा 9814939792

पुतलीसडकचोकको रेष्टुरेण्ट अथवा कन्सलटेन्सीकोलागि खोली ठाउबिक्रिमा ९८१३३९६१४९

चलिरहेको नेवारी रेष्टुरेण्ट कलंकी 9808297747

काठमाण्डौमा राम्रो चलिरहेको अस्पतालको शेयर लिनचाहनेले सम्पर्क 9813305501

चलिरहेको रेष्टुरेण्ट तुबिक्रीमा सोह्रखुट्टे 9861435421, 9869921969

नक्सालमा सब्जी पसल बिक्रीमा 9848743890

स्टेशनरी, गिरुतखेलौना, कस्मेटिक, भत्तेकेकोपुल 9841357473

रेष्टुरेण्ट + पार्टीपालेस बिक्रीमा इच्छुक केतोले मात्र ९८४३२२४५६० धोबिघाट

निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

सेफ्टिटैंकि सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१-५१८२४०१

सेफ्टिटैंकि सफाई सस्तोमा ९८४१३४३४८७, ०१-४४६४५६८

सेफ्टिट्याकि सफाई गाडिबाट ९८५१११८२७९, ९८५१०८७०५८

भ्याकुमबाट सेफ्टिट्याकि सफाई ०१-४११४४५५, ०१-५७१२६७१, ९८५१०५२२९९

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

सेफ्टीट्याङ्की सफाई गाडीमा १,५००/-, ९८४३७६८७३७

सेफ्टीट्याङ्की सफाई ठुलोगाडीमा मेसिनबाट ५२५१०९२, ९८५१०२४३६४

प्रोफेसनल पानीट्याकि सफाई ९८५११५२२९९, ९८४१३६७८५१

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9851013512, 9841607856

सेफ्टीट्याङ्गी, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

प्लम्बिङ्ग, बोरिङ्गसर्भिस, रिजर्वटैङ्किसफाई, भ्याकुमबाट इनारसफाई, पहेंलोपानिफिल्टर, ढलट्वाइलेटजाम, मेशिनबाटखोल्ने 9841404028

धेरैसस्तोमा सेफ्टीट्याङकी सफाईगर्ने 9841691494, 9823859294

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टीटैंकी मेशिनबाट ९८४१४४८७७० होमप्रसाद

ग्यारेण्टीमा ढलट्वाईलेट जामखोल्ने सम्पूर्णनिर्माण 9851018828

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9841714665

ढलमंगाल बनाउने जामखोल्ने 9849759072, 9841319394

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9851024861

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344

इनारसफाई, रिजबटेङ्कीसफाई, फिल्टरमर्मत, ढलजडान, ढलट् वाइलेट, जामखोल्ने 9851116022

भाडामा

ललितपुर ढोलाहिटि मेनरोडमा 5,400/- Sq.ft पार्किङ्ग सहित घर भाडामा, 9851114104, 9851071590

ललितपुरमा घरफल्याट छिटै लिनदिने, ९८४१३५८६८४

भाडामा लिनदिन परेमा bhumikanealstate@yahoo.com 9851136162

ललीतपुरमा घर फल्याट लिनदिन, 9840997501

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

पुतलीसडक, ज्ञानेश्वरमा खाली Space, 9851017230

ललितपुर,भैसेपाटी आवाशचोकमा सटर तथा स्पेश भाडामा ९८२३५०५५०५

कृष्णपाउरोटी प्राईमलोकेशनमा हाँड्डा, IT सेयरब्रोकर टुरिष्ट अफिसकोलागि उपयुक्तघर 9860041227 नोदलाल

Paying-guest Homestay Service In Swoyambhu 9818059214

तिनकुने बागमति करिडोरको ठुलो बाटोमा ३रोपनीमा बनेको फलफुल, माछामासु, लत्ताकपडा, गोदाम, सोरुम, पार्टीप्यालेस आदिकालागि व्यवसायिक ट्रस्टभाडामा ९८४८५९४२६३, ९८४१५४२७१७, ९८५११०६४३८

तिनकुने बसस्टप बागमतिपुल–अरनिकोहाइवेमा अफिस तथा व्यापार व्यवसायका लागि उपयुक्त ३२०० sqft ट्रस्टभाडामा ९८४८५९४२६३, ९८४१५४२७१७, ९८५११०६४३८

ललितपुरमा घरफल्याट, बंगला लिनदिने 9851085854

LA पछाडी फल्याट ९८४१५०० ९९४, ९८४१९५९३२८

मध्यवानेश्वरमा आवासिय, अफिसियल फल्याटखाली, 9841659007

मनैकै जस्तो तुःभाडामा लिनदिन 9841005743

काठमाण्डौंमा घरफल्याट अफिसस्पेस लिनदीन 9843715050

घर/फल्याट लिनुदिनु परेमा 9846578599

मध्यवानेश्वर भेनस हस्पिटल नजिक पार्किङ गार्डेन सहितको आधुनिक बंगला घर भाडामा, ९८४१३७०२९१

रिसेप्सनिष्ट, सेल्सगर्ल, सेल्सब्वाई १५,०००/- ९८०४१८०२२४

सामाखुशी, बांसबारीमा घर, फल्याट भाडामा 9860901799

भक्तपुर नलिन्चोक हाइवेमा १९ आना जग्गा २.५तल्ला घर रेष्टुरेण्ट पसल अफिसको लागि 9751018724

चाहियो

मित्रपार्कको ओमसाई अफिसमा साधारणदेखि SEEabove कर्मचारी आवश्यकता 18,500/- +खाजाभाडा 9810286955, 9860912207

नयांअफिस गोंगबुलाई कर्मचारी 15,500/- 9842942463, 9803390405

गोंगबुमा कर्मचारी 15,500/- 9860768436, 9823748140

दशैंबोनस सहित चावहिललाई कर्मचारी 15,500/- 9851048039, 9823365740

Salesgirl/ Salesboy बालाजुचोक 9803605757, 9818645542

Homebased Typing job 25,500/- 9803188112

ग्वाकोचोकैको PGLअफिसलाई अफिसस्टाफअर्जेन्ट 18500/- जोकोहिले गर्नमिल्ने 9808728580, 9846599866

इन्स्टिच्युट, रेष्टुरेन्टकालागि पार्टनर चाहियो ९८४३७५५४९०

कोटेश्वर अफिसलाई कर्मचारी 14,500/- गाडीभाडा 9880238712, 9851087809

बिजनेश कम्पनी नख्खुलाई कर्मचारी 15,000/- 9808481425

पढेनपढेका महिलापुरुष कामदार २४,५००/ 9810260716

गोपिकृष्णहल नजिकैको अफिसमा बेरोजगारहरूलाई रोजगार 25,500/ 9823691949, 9861497188

कुपण्डोलमा होस्टेलको जिम्मा लिएर बस्न सक्ने स्टाफ चाहियो 9851075881

घरमा कामगर्ने महिलाहरू चाहियो 01-4788604

लगनखेलको फेन्सी पसलमा लेडिज स्टाफ ५,००,०००।–,(पांचलाख) सुरक्षित लगानीकासाथ तलब १०,०००।–, सुविधा १०,०००।–, खाजा खर्च १,५००।– जम्मा २१,५००।–, ९८४९०५३७३६

गोपिकृष्णनजिकै अफिसियल कर्मचारीहरू अर्जेन्ट 27,500/ +खाजाभाडा पढेनपढेका सबैलेगर्नमिल्ने 01-4820559, 9818282550

डलखेलौना धुपअगरबत्ति कर्मचारी २७,०००/- 9823064266

हाडीगाँउको रेष्टुरेण्टमा आफ्नै बाइकभएको डेलिभरीब्वाई आकर्षकतलब ९८०३२५९२४२

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9823280255

उपत्यकाभित्र गाडिसर्भिसिङ्ग सेन्टर बिक्रिमाभए सम्पर्कगर्नुहोला ९८२३९७९२१४

रिसेप्सनिष्ट 5 Housekeeping 10 Guard 30 Helper 20 Driver 5 9851079597 9823641670 015235176

कस्मेटिकमा इमान्दार कर्मचारी 15,500/- 9813370285, 9841266753

थापाथलीको रेष्टुरेण्टमा अनुभवी हेल्पर 9851070853

मेडिकलसामग्री कम्पनीलाई बजारप्रतिनिधिहरू चाहियो ९८४१७५१७२५

रिसेप्सनिष्ट 5 Housekeeping 10 Guard 30 Helper 20 Driver 5 9851079597 9823641670 015235176

कुक, भाडा माझ्ने चाहियो ९८०३० ९७६६९

गोंगबु अफिसलाई कर्मचारी 15,499/- 9849365964, 9824937551

दशैंभत्तासहित बालाजु अफिसलाई कर्मचारी 15,500/- 01-4388962, 9818349301

Secondary social teacher, grade teachers for 1 and 2 9851195902

साधारण सेक्युरीटी तुअर्जेन्ट 17000 9813210032

कालिमाटीमा साधारण कर्मचारी अर्जेन्ट रु.२०,०००/-, 9813586522, 9861881845

सहायक कुक चाहियो, तलब: १४,०००/- खाना छ, बस्ने छैन ९८०१०५५६६७

ग्रील सम्बन्धी कामदार चाहियो 9843225619

सातदोबाटो, कलंकी, कोटेश्वरमा सामानहरू उत्पादन/प्याकिङगर्नेमा कामदारहरू 22,500/- अफिसटाढा भएमा घरकोठामा लगिकाम गर्नमिल्ने 9823641308, 9848761292

कर्मचारी अर्जेन्ट माछापोखरीचोक 9803361488, 9861169675

फ्लेक्सप्रिन्ट अफिसकोलागि डिजाइनर चाहियो 9841732270

computer teacher for grade 6,7&8 9849218208

अफिस कर्मचारी 18,500/- 9810233680 ललितपुर

चावहिल अफिसलाई कर्मचारी 14,500/- 9851010159, 9808624200

Cook for Hostel 15,000/- 9845657037

होस्टेलकोलागि अल्राउण्डर कुक चाहियो (खानबस्न सुविधा) 9851075881

कट्पेस्ट तलब १६,०००-२४,००० पार्टटायम सम्पर्क 9810399099, 9866660260

Receptionist/ Counselors for Consultancy 014250841, 9803023740

चावहिलचोकैमा टाईपिङ्ग, पेपरकटिङ, डल्समा पढेनपढेका कर्मचारीहरू रु.२४,५००।- 9817749612

All subject primary teacher 9841781941

जोरपाटीचोकैमा English टाइपिङ्ग, चाईनिज विट्स, पेपरकटिङ्गमा पढेनपढेका कर्मचारीहरू १८,५००। खाजागाडीभाडा ०१-४९१२८६७, ९८१३५२८०११

मोटरसाईकल वर्कसपमा मिस्त्री, हाफमिस्त्री चाहियो ९८१८२६५१९४, ९८४०२६६५०७

बालाजु कस्मेटिकमा कर्मचारी 13,000/- 9818620949

खानाबस्न कामदार चाहियो, ८००० ९८१८३९१६७३

International कम्पनीलाई कर्मचारी 15,000/- 9805104649, 9860453054

उपत्यका बाहिर होटल कर्मचारी 9803594121

अफिसलाई इमान्दार कर्मचारीहरू खानबस्नसहित १५,७७७/- ९८१३३७१०५५, ९८४०३२७९००

ठमेलको प्राइमलोकेसनमा चलिरहेको टुरिष्ट होटेलकोलागि पार्टनरचाहियो ९८१३०५८२२४

वेटर चाहियो, नयाँबानेश्वर शखंमुल 9844443335

होटललाई इमान्दार पार्टनर चाहियो 9860467664

फास्टफुडलाई मसाल्दी खानबस्नको सुविधा शंखमुल ९८०३६९६६३४

स्टलमाबस्ने मार्केटिङ्गगर्ने लेडिज,जेन्स १०, ०१-४२१९७६४, ९८१०३०६०४७

रिसेप्सनिष्ट, सेल्सगर्ल, सेल्सब्वाई १५,०००/- ९८०४१८०२२४

होस्टलमाबसेर कामगर्ने महिला हेल्परहरू ९८४१२६८१३४

थकाली, नेवारीकुक सुकेधारा 9841246768, 9851080127

कुक, हेल्पर, लेडिज वेटर चाहियो 9868560672, 9841199985, 9849470094

Urgently wanted secondary level Social Studies Parttime teacher 9851098876

कपडा पसलमा सेल्सगर्ल, सेल्सब्वाई 9823032573

अफिसकोलागि लेडिज क्लीनर बालाजु 9808401892

अनुभवी डिसवासर १२०००। सायावुड 9843652175

क्लबमा बोन्सर, लेडिज कर्मचारि तलब:- २०,०००/- 9868723650

बुटिकलाई कटिङ्ग मास्टर सिनामंगल 9851125862, 9851012803

साधारण लेखपढ SEE,+2 अन्तराष्ट्रिय सामान उत्पादन/प्याकिङ्ग काम अफिस घरैमा बसेरगर्न 13000-25000/ No Intervew 9849016948, 9818528216, महालक्ष्मीस्थान

हस्पिटल क्यान्टिनलाई अनुभवी कुक, वेटर, हेल्पर खानबस्न सुविधा जोरपाटी ९८४१९२२४६०, ९८१३७७५५०६

कोटेश्वरको रेष्टुरेन्टमा वेटर चाहियो ९८५१२२५१६०

सिधै कम्पनीमा फिक्सतलबमा बिक्रेता 9851071202

खाना बस्नसहित घरमा कामगर्ने महिला ९८४१६७१९२९

किचेन-कुक ५वर्ष अनुभव भएको ९८६१०५२१८५ धोबिघाट

मर्मत

ढलट्वाईलेट मगाल जामखोल्ने साथैममर्मत 9807622373

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

सेफ्टीट्याङ्गी, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9866457955

TV/LED, Computer, CCTV ग्यारेन्टीसाथ घरैमाममर्त 01-4215169, 9841688285

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

घरैमा फ्रिज, LEDT.V. 01-4464254, 9841296192

फ्रिज, वासिङ्गमेशिन, A/C, LEDTV, Microwave ग्यारेन्टी घरमैममर्त अशोक इलक्ट्रोनिक्स 9851156123

TVLCD ग्यारिन्टीसाथ जुनसुकै कम्पनीको घरैमा ममर्त 9851059629

ढलट्वाइलेट, मंगलाबनाउने, जामखोल्ने 9841516395, 9844531660

भर्ना

प्राईभेट SLC भर्ना खुल्यो ९८१३४७८६३३

होटल तालिममा निशुल्क भर्ना 9851154507

प्राइभेट SLC/SEE, +2 100% पास साथै अंग्रेजी, जापानिज भाषा कक्षाहरू ९८८०७८०४१३

तालिम

होटल म्यानेजमेण्ट, कुक, वेटर ०१-४३८२१९६

डोजर (एस्काभेटर, JCB) फोर्कलिफ्ट अपरेटर तालीमकेन्द्र CTEVT सम्बन्धनप्राप्तः 9851122136

निशुल्कमा मोवाइल, ल्यापटप, हाउसवायरिङ्ग 9803471693

सेक्यूरिटीगार्डको तालिम प्रमाणपत्रतथा रोजगार तालिमफी -५,०००। 9803121700

जापान जानकोलागि केयरगिभर भाषा 9851147191

काठमाण्डौ,ललितपुरमा ड्राइभिङ्ग सिकी कार ८,००० बाइक २,००० सम्पर्क 9843259935

उपचार

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

दम, पायल्स, निःसन्तान ग्यारेन्टी उपचार ९८०७०३३६४८

युरीकएसिड, सुगर, दम मनीब्याक ग्यारेन्टी ९८६१६८६७०४, ९८०८३०००७३

लिङ्गको मोटाई लुजलाई कडाबनाउने Herbal Supplement 9851030269

पशुपंक्षी

गुणस्तरीय कुकुरहरू बिक्रीमा मौउण्ट-एभरेष्ट केनल 4495668, 9841031037

बिहावारी

३४वर्षिया अफिसरछोरीलाई अफिसर वरचाहियो ९८२३२४९१७८

३७वर्षिय MBA छोरालाईशिक्षित खान्दानीवधु ९८८६३२४१५८

बर्गिकृत विज्ञापन संकलन काउन्टरहरू

रिजन एड मिडिया एण्ड मार्केटिङ्ग	पेप्सीकोला/कोटेश्वर	५८५११७८८३०/५८५११८५८६७
जिरो मिडिया	अनामनगर	४२२०३२७
सुस्मिता क्लासिफाइड	नयाँबानेश्वर	०१-४१०४२३७, ५८५१०२११७२
सिद्धि गणेश एडभरटाइजिङ्ग	फुलबारी टोल, कपन	४८२३१२५, ५८४३७८७५५६
युनिटेक आई.टी. सोलुसन	चुच्चेपाटी	५८४१३१५४४१
जयबागेश्वरी कम्युनिकेशन	जयबाग

राजनीतिक दललाई अनुदान !

चुनावका बेला अनुदान दिने विषयलाई आयोगले प्रस्तावित रणनीतिक योजनामा समेटेको छ । आयोगले राजनीतिक दलहरूसँग अनौपचारिक छलफलसमेत गरेको छ ।

■ **राजेश मिश्र** (काठमाडौं)

निर्वाचन आयोगले राजनीतिक दललाई राज्यका तर्फबाट एकमुष्ट अनुदान दिनुपर्ने कानुन निर्माणका लागि निर्वाचन आयोगले अग्रसरता लिएको छ। अनौपचारिक छलफल थालिसकेको आयोगले यो विषयलाई आफ्नो रणनीतिक योजनाको मस्यौदामा समेत समेटेको छ।

चुनावका बेला राजनीतिक दलहरूले स्रोत नखुलेका आर्थिक स्रोतमा भर पर्नुपर्ने र त्यसले समग्र लोकतन्त्रलाई अप्ठ्यारो पार्ने भएकाले 'स्टेट फन्डिङ' को प्रस्ताव ल्याइएको आयोगले जनाएको छ। राज्यले चुनावका बेला दललाई अनुदान दिनुपर्ने विषय पहिलेदेखि उठ्दै आएको भए पनि आयोगले यसलाई आफ्नो तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६-८१) मा पहिलो पटक समेटेको हो। यस विषयमा अध्ययन र छलफलपछि कानुनको मस्यौदा बनाउने तयारी गरिरहेको आयोगले दुई वर्षभित्रमा कार्यान्वयनमा ल्याइसक्ने लक्ष्य लिएको छ।

राजनीतिक दलको आयव्यय र निर्वाचनसम्बन्धी खर्चलाई पारदर्शी बनाउन जोड दिँदै आयोगले ल्याएको प्रस्तावमा राजनीतिक दलहरू पनि सकारात्मक देखिएका छन्। आयोगले गत असार ९ मा राष्ट्रपति कार्यालयमा गरेको उच्चस्तरीय राजनीतिक छलफलमा पनि यो विषयले प्रवेश पाएको थियो। पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई र पूर्वअर्थमन्त्री प्रकाशचन्द्र लोहनी लगायतका केही नेताले 'स्टेट फन्डिङ' आवश्यक रहेको बताएका थिए।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले राज्यले राजनीतिक दललाई अनुदान दिने अभ्यास कतिपय मुलुकमा रहेकाले त्यसबारे आयोगले छलफल चलाउन चाहेको बताए। 'यस विषयमा राजनीतिक दलसहितका सरोकारवालासँग चरणबद्ध छलफल चलाउँछौं,' उनले भने। राजनीतिक दल र तिनका उम्मेदवारले पछिल्लो निर्वाचनमा प्राप्त गरेको मतका आधारमा अनुदान दिनुपर्ने कुरा उठ्दै आएको छ।

निर्वाचन आयुक्त नरेन्द्र दाहालले अनुदानको मोडलबारे निर्क्योल भइनसकेको बताए। 'राजनीतिक दललाई राज्यले अनुदान दिनुपर्छ भन्ने विषय प्रवेश गराएका हौं। यो पहिलो पाइला मात्रै हो,' उनले कान्तिपुरसँग भने, 'यो आयोगको मात्र विषय होइन। राजनीतिक दल, सरकार र अन्य सरोकारवालासँगको छलफलपछि गन्तव्य निर्धारण हुनेछ।'

राज्यले राजनीतिक दललाई अनुदान दिने अभ्यास केही मुलुकमा छ। यस विषयमा सरोकारवालासँग चरणबद्ध छलफल चलाउँछौं।

-दिनेश थपलिया
प्रमुख निर्वाचन आयुक्त

आयोगले राजनीतिक दलहरूको स्वमूल्यांकनको विधिसमेत विकास गर्ने भएको छ। दलले आफूलाई कति व्यवस्थित गरेका छन्, संविधान र कानुनको पालना कति गरेका छन्, आर्थिक पारदर्शिता जस्ता धेरै विषय स्वमूल्यांकन विधिमा रहनेछन्। सरकार चलाउने, नीति, नियम, कानुन बनाउने र सिंगो देशमा सुशासन कायम गराउने जिम्मेवारी बोकेका राजनीतिक दलहरू आफ्नै संरचना, महाधिवेशन र आर्थिक पारदर्शिताका सन्दर्भमा चुक्दै आएका छन्। आयोगले राजनीतिक दलको आयव्यय विवरण र निर्वाचन खर्चको सार्वजनिकीकरण तथा आर्थिक कारोबार बैंकिङ प्रणालीमार्फत हुने व्यवस्था मिलाइने कार्ययोजनामा उल्लेख गरेको छ।

प्रमुख आयुक्त थपलियाले स्वमूल्यांकन गर्न सकिने सफ्टवेयर विकास गरेर प्रयोगमा प्रेरित गरिने बताए। 'स्वमूल्यांकन विधिले राजनीतिक दलको वैधानिकता र पारदर्शितालाई थप सुनिश्चित गर्छ,' उनले भने, 'यो सबै गर्नुको उद्देश्य लोकतन्त्रको सुदृढीकरण, स्वच्छ र निष्पक्ष निर्वाचन नै हो।'

आयोगको सुदृढीकरण, प्रविधियुक्त निर्वाचन व्यवस्थापन प्रणालीको विकास, निर्वाचन ऐन/नियममा सुधार, राजनीतिक दलको नियमन र निर्वाचनको नागरिक शिक्षामा साझेदारी लगायतका विषयलाई प्रस्तावित रणनीतिक योजनामा प्राथमिकता दिइएको छ। त्यसमा सबै मतदान केन्द्रको विवरण भूसूचना प्रणालीमा आबद्ध गरी नक्सांकन गर्ने, निर्वाचन सामग्रीको व्यवस्थापनलाई विकेन्द्रित गर्दै लाने, निर्वाचनमा विद्युतीय मतदान यन्त्रको प्रयोग बढाउँदै लाने, मतदान स्थलमै मतगणना गर्ने जस्ता लक्ष्यहरू राखिएका छन्। त्यस्तै, तीनवटै तहको निर्वाचन मिति कानुनमै तोकिने प्रबन्ध मिलाउने, जनमत संग्रहसम्बन्धी कानुन तर्जुमा गर्ने, विदेशमा रहेका नेपाली नागरिकलाई मतधिकार दिने सम्बन्धमा कानुनी व्यवस्था गर्ने र निर्वाचनसम्बन्धी नियमावली निर्देशिका तथा कार्यविधिलाई परिमार्जन गर्ने विषय पनि रणनीतिमा समेटिएका छन्।

आयोगका प्रवक्ता सहसचिव शंकरप्रसाद खरेलका अनुसार पञ्चवर्षीय रणनीतिमा पाँचवटा विषयमा ४० वटा कार्यनीति र १ सय ५६ वटा क्रियाकलाप समेटिएका छन्। रणनीतिक योजना कार्यान्वयनका लागि ८ अर्ब ५ करोड ६० लाख बजेट अनुमान गरिएको छ। प्रवक्ता खरेलले वेबसाइटमा राखिएको रणनीतिक योजनाको मस्यौदामा राजनीतिक दलहरू र अन्य सबै सरोकारवालाले सुझाव दिन सक्ने बताए। 'सुझाव संकलनपछि योजनालाई अन्तिम रूप दिन्छौं,' उनले भने।

प्रधानमन्त्रीको स्वास्थ्य

मिर्गौलाको कार्यक्षमतामा ह्रास

■ **अतुल मिश्र** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओली मिर्गौलाको कार्यक्षमतामा समस्या देखिएपछि आउँदो शनिबार पुनः सिंगापुर जाँदै छन्। १२ वर्षअघि दिल्लीस्थित इन्द्रप्रस्थ अपोलो अस्पतालमा मिर्गौला प्रत्यारोपण गराएका प्रधानमन्त्रीको रगतमा 'क्रिएटिनिन' को स्तर बढेको छ। 'क्रिएटिनिन' बढ्नुको अर्थ मिर्गौलाको कार्यक्षमतामा ह्रास आउनु हो।

सैनिक अस्पताल छाउनीमा स्वास्थ्य परीक्षणपछि चिकित्सकको सुझावअनुसार थप फलोअपका लागि प्रधानमन्त्री ओली गत साउन १८ गते सिंगापुर गएका थिए। छाउनीमा प्रधानमन्त्रीको नियमित ल्याब परीक्षणसहित यूएसजी गाइडेड 'रेनल बायोप्सी' समेत गरिएको थियो। त्यसताका समेत उनको रगतमा 'क्रिएटिनिन' मात्रा बढेको पाइएको थियो। चिकित्सकहरूका अनुसार रेनल (मिर्गौलाको) बायोप्सीमा एउटा सुईको माध्यमले मिर्गौलाको तन्तुको सानो नमुना निकालेर परीक्षण गरिन्छ। कहिलेकाहीं यो परीक्षण प्रत्यारोपण गरिएको मिर्गौलाको अवस्था मूल्यांकन गर्नसमेत गरिन्छ। मिर्गौलाको कार्यप्रणालीमा कमी, पिसाबमा निरन्तर रगत वा पिसाबमा प्रोटिन देखिए पनि यो परीक्षण गरिन्छ।

सिंगापुरस्थित नेसनल युनिभर्सिटी हस्पिटलमा उपचार गराएर ओली १० दिनपछि साउन २७ मा फर्किएका थिए। प्रधानमन्त्रीकी निजी चिकित्सक प्रा.डा.

चिकित्सकका अनुसार रगतमा क्रिएटिनिनको स्तर पहिले सिंगापुर जानुअघि र अहिले खासै घटेको छैन।

दिव्यासिंह शाहले प्रधानमन्त्री ओलीलाई कुन समस्या भएको, स्वास्थ्य स्थिति कस्तो छ भन्नेबारे कुनै जानकारी सार्वजनिक गरेकी छैनन्। उपचारमा संलग्न एक चिकित्सकका अनुसार प्रधानमन्त्रीको रगतमा क्रिएटिनिनको स्तर अहिले र सिंगापुर जानुअघि समेत 'बेसलाइन' भन्दा बढी देखिएको छ। 'क्रिएटिनिनको स्तरमा पहिला र अहिलेको अवस्थामा खासै कमी देखिएको छैन,' उनले भने।

सिंगापुरमा उपचार गराउने क्रममा केही परीक्षण बाँकी रहेकाले समेत प्रधानमन्त्री ओली फेरि सिंगापुर जान लागेको ती चिकित्सकले बताए। 'सिंगापुरमा चिकित्सकहरूले दिनहुँ दिने 'इम्युनोसप्रसेन्ट' औषधि मिलाएर दिइँदै छ। यसलाई थप मिलाउनुपर्ने भएकाले समेत सिंगापुर दोस्रोपटक जानुपर्ने भएको हो,' उनले भने। प्रत्यारोपणपछि अर्काको मिर्गौलालाई शरीरले अस्वीकार नगरोस् भनेर जीवनभर रोग प्रतिरोधक क्षमता कम गर्ने इम्युनोसप्रसेन्ट औषधि सेवन गर्नुपर्छ। यो औषधिमध्ये 'टाक्रोलिमस' ले मिर्गौलालाई क्षति पुऱ्याउन सक्छ। एक मिर्गौला प्रत्यारोपण विशेषज्ञका अनुसार 'इम्युनोसप्रसेन्ट' औषधिले शरीरको संक्रमण प्रतिरोधी क्षमतामा कमी ल्याएर संक्रमणको जोखिम बढाउँछ।

मिर्गौलाको कार्यक्षमतामा कमी आउनुको कारण सामान्य मिर्गौलाको संक्रमणदेखि लिएर मिर्गौलाले काम नगर्ने (किड्नी फेल) स्थितिसम्म हुन सक्ने एक प्रत्यारोपण विशेषज्ञले जानकारी दिए।

उत्कृष्ट स्कुल भेट्नै मुस्किल

■ **सुदीप कैनी** (काठमाडौं)

सामुदायिक विद्यालयबीच गरिएको अध्ययनमा उत्कृष्ट विद्यालय भेट्नै मुस्किल परेको छ। सरकारले नमुनाका रूपमा छनोट गरेका विद्यालयको अवस्था पनि कमजोर पाइएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सामुदायिक विद्यालयको कार्यसम्पादन मूल्यांकन गरेको थियो। मुलुकभरका २ हजार विद्यालयमाथि गरिएको अध्ययनमा एउटा विद्यालय मात्र उत्तम (उत्कृष्ट) श्रेणीमा पर्न सफल भएको छ। केन्द्रको प्रतिवेदनअनुसार सबैभन्दा धेरै १ हजार ६ सय ४४ विद्यालय सामान्य श्रेणीमा परेका छन्। अति कमजोर श्रेणीका १७ र मध्यमस्तरका ३ सय ५ वटा छन्। केन्द्रले कमजोर, सामान्य, मध्यम र उत्तम गरी ४ श्रेणीमा विद्यालयको कार्यसम्पादन परीक्षण गरेको थियो। लगानी, प्रक्रिया, उपलब्धि र विद्यार्थीलाई आधार मानी २६४ पूर्णांकमा ती विद्यालयको परीक्षण गरिएको हो। तीमध्ये ४० प्रतिशतभन्दा कम अंक प्राप्त गर्ने विद्यालयलाई कमजोर स्तरमा र ४० देखि ७० प्रतिशत अंक ल्याउनेलाई सामान्य स्तरमा वर्गीकरण गरिएको छ। ७० देखि ९० सम्म प्रतिशत प्राप्त गर्नेलाई मध्यम र ९० भन्दा बढी ल्याउनेलाई उत्तम मानिएको छ।

केन्द्रका निर्देशक हरिप्रसाद अर्यालले अधिकांश सामुदायिक विद्यालयको स्तर कमजोर पाइएको जनाए। लगानीलाई २५, प्रक्रियालाई ३०, उपलब्धिलाई ४० र सेवा प्राप्त गर्ने विद्यार्थीलाई ५ प्रतिशत अंक भार दिएर मूल्यांकन गरिएको थियो। नमुनाका रूपमा छनोटमा परेका ३२ विद्यालयमा गरिएको स्तर मापनमा एक विद्यालय कमजोर, २३ वटा सामान्य र ८ वटा मध्यमस्तरको पाइएको प्रतिवेदन उल्लेख छ। सरकारले देशभर १ हजार नमुना विद्यालय बनाउने लक्ष्य लिएको छ। छनोटमा परेकालाई सरकारले विशेष आर्थिक सहयोग गर्छ। शिक्षा मन्त्रालयले पहुँचका आधारमा यस्ता विद्यालय छान्ने गरेकोमा आलोचना हुने गरेको छ।

२ हजार विद्यालयमाथि गरिएको अध्ययनमा एउटा विद्यालय मात्र उत्तम (उत्कृष्ट) श्रेणीमा

सिकाइ उपलब्धि खस्किँदो

केन्द्रको अध्ययनमा सिकाइ उपलब्धि पहिलेभन्दा कमजोर बन्दै गएको औंल्याएको छ। केन्द्रले कक्षा ५ का विद्यार्थीको गणित र नेपाली विषयको सिकाइ स्तर मापन गरेको हो। नासा नामक रिपोर्टअनुसार गणितभन्दा नेपाली विषयमा बालबालिकाको सिकाइ स्तर राम्रो रहेको पाइएको छ। २८ जिल्लाका १ हजार ४ सय विद्यालय, शिक्षक, विषय शिक्षक र २८ हजार ३ सय विद्यार्थीसँग सर्वेक्षण गरेर रिपोर्ट तयार पारिएको हो। गणितमा कक्षा ५ मा अध्यनरत ३२ प्रतिशत विद्यार्थीले न्यूनतम सिकाइ हासिल गर्न सकेका छैनन्। ३९ प्रतिशतले कक्षाकोठामा न्यूनतम सिकाइमात्र प्राप्त गरेको अध्ययन संलग्न केन्द्रका अधिकृत श्यामप्रसाद आचार्यले जनाए। २८ प्रतिशत विद्यार्थीले मात्र कक्षा ५ को गणित विषयमा आवश्यक सिकाइ उपलब्धि हासिल गर्न सकेको प्रतिवेदनको निष्कर्ष छ।

नेपाली विषयमा २० प्रतिशत विद्यार्थीले कक्षाकोठामा पाठ्यक्रमको उद्देश्यअनुसार सिक्न सकेका छैनन्। ३५ प्रतिशत विद्यार्थीले न्यूनतम सिकाइ हासिल गरेको आचार्यले बताए। ४५ प्रतिशत विद्यार्थीले मात्रै कक्षा ५ को नेपाली विषयमा सही सिकाइ उपलब्धि प्राप्त गरेका हुन्। 'सिकाइ उपलब्धि हासिल गर्न नसकेका विद्यार्थी त्यो कक्षामा पढ्न योग्य छैनन् भन्ने बुझिन्छ,' केन्द्रका महानिर्देशक टेकनारायण पाण्डेले भने, 'न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका विद्यार्थीलाई सिकाउन धेरै मिहिनेत, लगानी र समय खर्च गर्नुपर्छ।'

प्रदेशगत रूपमा हेर्दा प्रदेश १, कर्णाली र प्रदेश ५ का विद्यार्थी गणितमा कमजोर देखिएका छन्। नेपालीमा कर्णाली, प्रदेश ५ र सुदूरपश्चिम प्रदेशका बालबालिका कमजोर रहेको प्रतिवेदनले जनाएको छ। गणितमा प्रदेश २ र नेपालीमा गण्डकी प्रदेश सबैभन्दा अगाडि छन्। सामुदायिक र निजीतर्फको सिकाइ मापन विश्लेषण गर्दा गणिततर्फ करिब समान स्तर भेटिएको छ। नेपालीमा भने सामुदायिकभन्दा निजीको स्तर राम्रो देखिन्छ।

सिकाइ उपलब्धिलाई मूल्यांकन गर्दा सन् २०१५ को भन्दा सन् २०१८ को उपलब्धि घटेको पाइएको हो। सिकाइ उपलब्धि सुधार गर्न शिक्षा नीतिमै परिवर्तन जरुरी रहेको शिक्षाविद् विनय कुसियतले प्रस्ट्याए। 'सामुदायिक विद्यालयको सशक्त नियमन र अनुगमन हुन सकेको छैन,' उनले भने, 'त्यसैकारण सामुदायिक विद्यालय झन् आरोलो लाग्दै गए।' उपलब्धि घट्नुको कारण पत्ता लगाएर सुधार गर्न सरकारले ध्यान दिनुपर्ने उनको जोड थियो। 'शिक्षा मन्त्रालय आफैंले गरेको अध्ययनमा अवस्था डरलाग्दो गरी घटेको छ,' कुसियतले भने, 'सिकाइ, शिक्षक, विद्यालय वातावरण, पाठ्यक्रम, शिक्षा नीतिमै खोट भएकाले यस्तो भएको हुन सक्छ।'

HIMALAYA COLLEGE OF ENGINEERING
(Affiliated to T.U.)

ADMISSION OPEN

For the Academic Session 2076/77

BE
Civil (96)
Computer (48)
Electronics, Communication & Information (48)
B Architecture (48)
BSc CSIT (48)
BCA (36)

नोट: BSc CSIT र BCA को लागि पनि फाराम वितरण भईरहेको छ ।

For the further details, please contact:
HIMALAYA COLLEGE OF ENGINEERING
Chyasal -9, Lalitpur, Nepal, Ph.: 5540555, 5554287, 5554297
Email:info@hcoe.edu.np, Website: www.hcoe.edu.np

कहीं नहुने जात्रा **खोकनामा**

कान्तिपुर संवाददाता (ललितपुर)

गाईजात्रादेखि लगातार तीन दिन खोकनामा फरक दृश्य देखियो । कोही नेवारी परम्परागत बाजा खिँ (मादलजस्तै) बजाउँदै थिए, कोही नाच्दै । सेतो पोसाक लाएका केही मान्छे भने खँड्कुलोमा गाग्री, करुवा, कलशलगायतका सामग्री डोहोऱ्याउँदै थिए । एकै दिनमा सुरु हुने भएकाले धेरैले यसलाई गाईजात्रा नै माने । स्थानीयबासी भने यो जात्रालाई 'धँज्या' भन्छन् । परम्परागत कृषि प्रणालीसँग जोडिएको धँज्याकै दिनदेखि यहाँका किसानहरू आराम गर्छन् । 'धँज्याको अर्थ नै आराम गर्नु भन्ने लाग्छ,' स्थानीय संस्कृतिका ज्ञाता अशोक महर्जनले भने, 'असार र साउन महिनाभरि लगातार काम गरेपछि यही दिनदेखि किसानहरू आराम गर्न थाल्छन् । दसैंसम्म काम हुँदैन । दसैंको बेला 'मुँज्या' पर्व सुरु भएपछि फेरि कामको अर्को सिजन सुरु हुन्छ । किसानहरू धान-मकै भित्र्याउन र हिउँदेबाली लगाउनतिर लाग्छन् ।'

किराँत समुदायमा प्रचलित 'उँधौली र उँभौली' जस्तै खोकनामा पनि मुख्य गरी पर्वहरू 'धँज्या र मुँज्या' दुई पक्षमा बाँडिएको उनले बताए । यी दुवै पर्व खेतीपाती र कृषि प्रणालीमा आधारित छन् । 'यहाँको संस्कृतिको भित्री पाटो नबुझ्नेहरूले धँज्यालाई गाईजात्रा मान्छन् । यहाँ आउँछन्, तस्बिर खिच्छन् र बाहिरिया चस्माले हेरेर यहाँको संस्कृति व्याख्या गर्छन्,' नेपाल सांस्कृतिक पुनर्जागरण केन्द्रका केन्द्रीय सदस्यसमेत रहेका अशोकले गुनासो गरे, 'खासमा यस्ता जात्रा खोकना र भक्तपुरको नगदेशबाहेक कहीं पनि हुँदैन । गाईजात्रा त झन्डै चार सय वर्ष अगाडि प्रताप मल्लले चलाएका हुन् तर खोकनाको संस्कृति गोपाल वंशको पालादेखिकै देखिन्छ ।' नेवार समुदायको पर्व 'सापारु' को दिन पारेर प्रताप मल्लले जात्राको घोषणा गरेको भएर मानिस झुक्किन पुगेको उनले दाबी गरे । त्यसअघि नै कृषि सभ्यता अनुरूप उपत्यकामा गाई पाल्ने गोपालहरूले 'सापु' पर्व चलाएका थिए । "सापारु' को अर्थ गाईलाई मान्ने पहिलो दिन हुन्छ, यही दिनदेखि पर्व सुरु भएर पन्ध्रौं दिनमा गाईको पूजा गर्ने चलन खोकनामा छ । यो गोपाल वंशको पर्व हो,' उनले भने, 'त्यही भएर खोकनालाई नेवार परम्पराके आदि थलो मानिन्छ । यहाँ पन्ध्रौं दिनमा हुने गाईको पूजा पनि अन्त कतै प्रचलनमा छैन ।' खँड्कुलोमा भाँडाकुँडा राखेर डोहोऱ्याउने चलन पनि 'मृतआत्मको स्वर्ग बास' सँग नजोडिएको उनले बताए । 'खोकनाका स्थानीयबासीमा यस्तो विश्वास नै छैन,' उनले भने, 'यो विशुद्ध कृषि सभ्यतासँग जोडिएको आराम गर्ने पर्व हो ।' यसरी डोहोऱ्याउँदै लाने भाँडाकुँडाचाहिँ खोबहाल (इन्द्रायणी मन्दिर) मुनि रहेको नासद्यौमा लगेर पूजा गरी घरघरमा भित्र्याइन्छ । यही बेला विभिन्न नेवारी बाजागाजा बजाउँदै दाफा खलः (गीत गाउने समूह) गुँला पुजा गर्न खोबहाल आउँछन्, अहिले यो जारी नै छ । वडा अध्यक्ष रवीन्द्र महर्जनले पनि खोकनाको जात्रा र पर्व संस्कृति बाहिरी नेवार समुदायसित नमिल्ने बताए । उनका अनुसार 'धँज्या' पर्व पहिलेपहिले ९ दिनसम्म हुन्थ्यो । अहिले तीन दिनमा झरेको छ । यो बेला विभिन्न समूहले ख्यालः (नाटक) निकाल्ने परम्परा पनि थियो । अहिले यो हरायो । 'खोकनाको मौलिकतामा माथि गम्भीर अध्ययन गर्नुपर्ने देखिन्छ,' उनले भने, 'संस्कृति र परम्पराको हिसाबले उपत्यकाकै पुरानो सभ्यता यहाँबाट सुरु भएको देखिन्छ । ऐतिहासिक दस्तावेजहरू पनि त्यस्तै बताउँछ । तर, बाहिरी संस्कृतिको प्रभावले मौलिक परम्परा गुम्दै गइरहेको छ ।' वडाले पनि यसपटक संस्कृति संरक्षण र सम्वर्द्धनको योजनालाई प्राथमिकतामा राखेको उनले बताए । 'हामीसँग रहेको नेपाल सम्वत् ६१० को दस्तावेजले सहकारीमूलक कृषि प्रणाली उतिबेलै खोकनामा सुरु भएको बताउँछ,' अशोकले भने, 'त्यस हिसाबले संसारमै पहिलोपटक सहकारी मोडल यहाँबाट सुरु भएको देखिन्छ । तर, खोकनाको संस्कृतिको खासै प्रचार प्रसार भएन ।'

मुँज्या पर्वचाहिँ घटस्थापनाको पाँचौं दिनदेखि सुरु हुन्छ । यसको अर्थ हुन्छ, मुख्य काम गर्ने । नौ दिन मुँज्या पर्व मनाएपछि यहाँका किसान खेतमा पस्छन्, धान र मकै भित्र्याउन । मुलुकभर दसैं मानिरहेको बेला खोकनामा भने न जमरा राखिन्छ न त टीका नै । 'यहाँ दसैं नै मनाईंदैन,' अशोकले भने, 'यो कुरा पनि बाहिरी दुनियाँलाई थाहा छैन ।'

ललितपुरको खोकनामा धँज्या पर्व मनाउँदै स्थानीय । *तस्बिर : कान्तिपुर*

धनगढीको जाईमा आयोजित हरेरी पर्वका अवसरमा आयोजित महोत्सवमा नृत्य गर्दै थारू समुदायका सदस्य । नयाँ पुस्तालाई हरेरीबारे जानकारी दिन महोत्सव गरिएको आयोजकले जनाएको छ । असारमा रोपेको धानलगायतका बालीनाली सप्रिऊन् भन्ने कामनासहित थारू समुदायले हरेरी मनाउने गर्छन् । *तस्बिर : निर्मला/कान्तिपुर*

क्यानभासमा वेगवान् घोडा

सुशीला तामाङ (काठमाडौं)

भित्ताभरि दौडिरहेका घोडा छन् । कुनै युद्धमैदानको दृश्यजस्तै । विभिन्न रंगका घोडाहरूको आफ्नै रफ्तार छ । कतै कुरुक्षेत्रको युद्ध, कतै फिल्म बाहुबलीको जस्तै देखिने दृश्य । परीकथामा आउने वायुपंखी घोडाहरू पनि देखिन्छन् । यी हुन् भारतीय कलाकार सारफुदिन अहम्मदले आफ्नो क्यानभासमा सजाएका घोडा आकृति ।

बबरमलस्थित नेपाल आर्ट काउन्सिलमा सजिएका उनका चित्रहरू हेर्दैगर्दा हाम्रै पाका चित्रकार शशी शाहको याद आउने छ । तर, सारफुदिनले चलाउने रंग, शैली र उद्देश्य भने फरक लाग्ने छ । बीकेे आर्ट ग्यालरीले आइतबारदेखि सारफुदिनको चित्रलाई 'उनान्तिस' शीर्षक दिएर प्रदर्शनीमा ल्याएको हो, जहाँ २ ९ वटै घोडा सिरिजका चित्रहरूको रसास्वादन गर्न सकिन्छ ।

सारफुदिनले कोरेका घोडाहरू अत्यन्तै तेजवान् र गतिशील देखिन्छन् । चित्र हेर्दै गर्दा नै शरीरमा एक किसिमको ऊर्जा पैदा हुने प्रदर्शनीमा भेटिएका चित्रकार बीके नरबहादुरले बताए । अर्धमूर्त शैलीमा कोरिएका घोडाका आकृतिहरूमा अत्यन्तै तेज गतिदेखि गति सीमित गर्दै गएको चालसमेत प्रस्ट देखिन्छ । मानव शक्तिलाई प्रतीकात्मक रूपमा घोडामा चित्रण गरिएको चित्रकार अहम्मदले भने । झन्डै तीन दशकको उनको कला क्षेत्रको अनुभवमा दुई दशक त उनले घोडा सिरिजकै क्यानभास कोरेर बिताएका छन् । सवारीसाधनको विकाससँगै पहिले मानिसको आउजाउदेखि हरेक कामकाजमा प्रयोग हुने घोडाको अस्तित्व घटदै गएकोले उनले घोडाको शक्ति एकपटक फेरि पुष्टि गर्न चाहेको बताए । उनका प्रत्येक चित्रका पृष्ठभूमिमा भने धार्मिक, सामाजिक र प्राकृतिक दृश्यहरू झल्किएका छन् । 'मानव सभ्यताको प्रत्येक कालखण्डमा घोडामाथि गरिएको प्रयोगलाई देखाउन चाहेको हुँ,' उनले भने, 'यो एउटा शक्तिको प्रतीक हो ।'

कुनै समय सवारीसाधनको रूपमा मान्छेले प्रयोगमा ल्याएको घोडा पछि ठुल्ठूला लडाइँ र धार्मिक युद्धसम्म प्रयोगमा आए । घोडाका प्रयोग सँगसँगै मानव सभ्यताले पनि फडको मार्दै आयो । शक्तिको प्रतीक मानिने यही घोडालाई अहिले आधुनिक सवारीसाधनले विस्थापन गरेको छ । घोडाको तीव्र र धीमा चालमार्फत् चित्रकार सारफुदिनले यसलाई प्रकट गर्न खोजेका छन् । साथसाथै बाल्यकालमा आफ्नी हजुरआमाले लोक कथाहरू सुनाउँदा घोडाका अद्भुत रहस्यहरू दिमाग नाचेको भन्दै त्यसको समेत प्रभाव आफूमा रहेको उनले बताए । भगवान्का रथहरूदेखि मैदानमा उन्मत्त दौदिरहेका उनका घोडाहरूमा कतै खुसी, कतै आवेग, कतै रोमाञ्चक क्षणले भरिएका भावहरू पाइन्छन् । प्रत्येक क्यानभासहरूमा घोडाहरूको सिंगो रूप देखिँदैन । चलायमान हुँदै जाँदा घोडाका शरीरका अंगहरू हराउँदै गएका छन् । नेपालमा पनि घुम्दै जाँदा थुप्रै ठाउँमा देखिएका घोडाहरूलाई नै स्मरणमा राख्दै कला प्रस्तुत गरेको उनले बताए ।

समाजमा शक्तिका स्वरूपहरू कसरी परिवर्तन हुँदै जान्छन् भन्ने पक्ष पनि उनका चित्रहरूले दर्साउँछ । एक्रेलिक, चारकोल, वाटर कलर, पेन एन्ड इन्कका माध्यमबाट तयार गरिएका चित्रहरूमा कतै रातो, कतै नीलो, कतै सेतो र कतै पहेँलो रंग प्रयोग गरिएको छ । प्रदर्शनी आगामी बुधबारसम्म जारी रहने छ ।

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलको प्रदर्शनी कक्षमा राखिएको भारतीय चित्रकार सारफुदिन अहम्मदको कला । *तस्बिर: सुशीला/कान्तिपुर*

चिनियाँ हातमा नेपालसम्बन्धी पुस्तक

लक्ष्मी लम्साल (बेइजिङ)

नेपाल भ्रमण वर्ष २०२० को मुखैमा चीनका केही शिक्षक र विद्यार्थीले नेपाल चिनाउने पुस्तक सार्वजनिक गरेका छन् । बेइजिङस्थित नेपाली दूतावासमा एक औपचारिक कार्यक्रमको आयोजना गरी चाइना युथ प्रकाशन गृहले नेपाली विशेषता झल्काउने 'निपोअर त सिङ क' नामक पुस्तक सार्वजनिक गरेको हो । छिङ्हुवा विश्वविद्यालयका एक शिक्षक र तीन विद्यार्थीको पहलमा चिनियाँ भाषाको पुस्तक अब चिनियाँका हातमा परेको छ ।

चीनका लागि नेपाली राजदूत लीलामणि पौड्यालले नेपाल र नेपाली सम्पदाबारे जानकारी गराउन पुस्तक उपयोगी भएको

बताए । उनले भने, 'पुस्तकले चिनियाँ पाठकलाई नेपालको सामाजिक, सांस्कृतिक तथा जीवनशैलीको पाटोबारे बुझ्न मद्दत पुऱ्याउने छ ।'

उनले नेपालको सांस्कृतिक विविधता तथा नेपाल-चीन जनस्तरीय सम्बन्ध विस्तारका लागि स्थलगत र सामूहिक अध्ययन तथा अनुभव समेटिएको पुस्तकमा नेपाली समाज र प्रकृति सौन्दर्यबारे ताजा जानकारी समेटिएको बताए ।

नेपालमा विभिन्न स्थानको भ्रमण गरेका चिनियाँ समूहले पुस्तकमा गरिबीभन्दा परको देश, नागरिकको मुस्कान चेत, देवताको देश मानिने नेपालीको धार्मिक आस्था र सहिष्णुता तथा कमजोर पूर्वाधारका कारण कठिन जीवनशैलीको अनुभव समेटेका छन् । पुस्तकका एक लेखक एवं छिङ्हुवा विश्वविद्यालयका प्राध्यापक यु हुले नेपालका विभिन्न स्थानमा पुगेका बेला गरिएको अध्ययनले पुस्तक लेखनमा सहयोग पुऱ्याएको जनाए । लुम्बिनीको धार्मिक पर्यटन, पोखरा र हिमाली क्षेत्रको हाइकिङलगायत नेपालको जैविक पर्यटनले जीवनलाई नयाँ ऊर्जा दिने विषय पुस्तकमा उल्लेख छन् । पुस्तक हु वेइ, वान निङनिङ, सन यियी, चाङ चिनपाउले सहलेखन गरेका हुन् ।

सन् २०१८ मा १०६ जना स्वयंसेवी शिक्षक नेपालका ८० विद्यालयमा खटिएका थिए । त्यसमध्येका एक लिउ लिडले भने, 'शिक्षाको स्तर बलियो भए नेपालले विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्छ । बेल्ट एन्ड रोडको पक्षराष्ट्र नेपाल र चीनबीच अर्थतन्त्र, व्यापार, सांस्कृतिक आदानप्रदान गहिरिँदै जानु सकारात्मक कुरा हो ।'

सहलेखक एवं नेपाल-चीन सांस्कृतिक आदानप्रदान संघकी अध्यक्ष सन छिन् यीले भनिन्, 'चिनियाँ भाषामा लेखिएकाले यसले चिनियाँमाझ नेपालको सौन्दर्य र जीवनशैलीबारे बुझाउने छ ।'

नेपालबारेको जानकारी अझै विस्तृत पार्ने उद्देश्यले पुस्तकको नेपाली र अंग्रेजी संस्करण पनि प्रकाशित गर्ने लेखकहरूको योजना छ । यसको अनुवाद तयारी पनि भइसकेको प्रकाशनले जानकारी दिएको छ ।

It's TIME for
BETTER CAREER at
CITIZENS.....

Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

Citizens Bank International Limited, established as a reliable and trustworthy partner for all financial solutions, seeks applications from highly motivated, skilled, dynamic and result oriented qualified Nepalese citizens for the vacant job positions at its Upcoming Branches at **Kohalpur (Banke), Lambagar (Tarkeshwor, Kathmandu), Kamaladi (Kathmandu), Sinamangal (Kathmandu), Tandi (Ratnanagar, Chitwan), Devighat (Nuwakot), Pokhara (Hospital Chowk), Bhoteodar (Lamjung), Jitpur (Kapilvastu), Gamgadi (Mugu), Juphal (Dolpa), Attariya (Kailali), Sukkhad (Kailali)** and existing departments/ branches of the Bank.

Job Positions	Vacancy Code
1. Branch Manager - Kamaladi (Kathmandu), Biratnagar (2) **Senior Officer/ Assistant Manager** Minimum 8 years experience for Senior Officer position and 10 years for Assistant Manager position in Commercial Bank.	BM-46/19
2. Branch Manager - Officer/ Senior Officer (5) **Sinamangal (Kathmandu), Tandi (Ratnanagar, Chitwan), Itahari, Dharan, Damak** Minimum 7 years experience for Officer position and 8 years for Senior Officer position in Commercial Bank.	BM-47/19
3. Branch Manager - Officer (4) **Lambagar (Tarkeshwor, Kathmandu), Kohalpur (Banke), Pokhara (Hospital Chowk), Attariya (Kailali)** Minimum 7 years experience in Commercial Bank.	BM-48/19
4. Branch Manager - Junior Officer/ Officer (6) **Bhoteodar (Lamjung), Jitpur (Kapilvastu), Devighat (Nuwakot), Sukkhad (Kailali), Jumla, Nijgadh** Minimum 5 years experience for Junior Officer position and 7 years for Officer position in Commercial Bank.	BM-49/19
5. Branch Manager - Supervisor/ Junior Officer (3) **Gamgadi (Mugu), Juphal (Dolpa), Mohanyal (Kailali)** Minimum 3 years experience for Supervisor position and 5 years for Junior Officer position in Commercial Bank.	BM-50/19
6. Chartered Accountant (Junior Officer/ Officer) - Few Candidates should be Chartered Accountant from ICAN or ICAI. Candidates applying for Officer position must have minimum 2 years post qualification experience. Chartered Accountant without any prior work experience shall be appointed in Junior Officer position after selection process.	CA-51/19
7. Risk Department - Junior Officer (1) Minimum 5 years experience in Commercial Bank. Candidate must have experience in Risk Management department with ability to assess and evaluate the current potential risk, prepare strategy to combat the risk and design overall risk management process for the Bank.	RD-52/19
8. Supervisor (Few) - All Upcoming Branches, Baglung, Banglachuli (Dang) Minimum 3 years experience in Commercial Bank. Candidate must have sound knowledge of Branch Operation and/ or Credit.	SUP-53/19
9. Relationship Officers (Junior Officer/ Officer) - Few Minimum 5 years experience for Junior Officer position and 7 years for Officer position. Candidate must have prior work experience in credit department of Commercial Bank.	RO-54/19
10. Information Technology Department - Supervisor/ Junior Officer (1) Candidate must have minimum of Bachelor's degree in Computer Application with proven technical experience of minimum 3 years in Core Banking Application preferably in FINACLE, its scripting and application workflow. Candidate must also have sound knowledge in P/L SQL scripting.	IT-55/19

- Candidate applying for all positions except Chartered Accountant must have minimum Bachelor's Degree preferably in Management from recognized university.
- Candidate applying for Branch Manager must have prior work experience as Branch Manager, Assistant Branch Manager, Relationship Manager/ Officer with focus in sales, operations, deposit marketing and customer relationship management.
- Candidate must presently be working at the same or one level below (minimum one year experience in one position below) the position applying for.
- Candidate must have working knowledge of MS Office applications and must be fluent in English and Nepali (written and spoken).
- Preference shall be given to candidate with lower age and higher experience in related field.
- Preference shall be given to suitable local candidate or the candidate from the surrounding areas of the branches.
- Shortlisted candidate shall only be informed about further selection process.

Candidate meeting the above requirements must submit online application form by clicking "**Career Section**" at
www.ctznbank.com

The online application must be submitted not later than 17:30 hours; August 27, 2019.

- Candidate canvassing for the job at any stages of selection process shall be immediately disqualified.
- Any telephonic query and application received at the Bank through post or/and email shall not be entertained.
- The Bank reserves the right to reject any or all the applications without assigning any reason whatsoever.

"The Bank is an Equal Opportunity Employer"

URGENTLY WANTED

A reputed school at Lalitpur is seeking to appoint application from experienced and dedicated teachers for:

- **Social Studies (Lower Secondary)**
  Salary : NRs. 30,000 (Negotiable)
- **Math Teacher (Primary)**
  Salary : NRs. 27,000 (Negotiable)

Experience : **Min. 3 years for both posts.**

Email your updated C.V. within 3 days at :
academyadv2019@gmail.com
(Only shortlisted candidates will be called for interview.)

कर्मचारी आवश्यकता

विगत २० वर्ष देखि संचालित बहुउद्देश्यीय सहकारी संस्था र पोलिक्लिनिकलाई अनुभवी तथा ईमानदार कर्मचारीको आवश्यकता भएकोले योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सम्पर्क गर्नु होला ।

S.N.	Post	Qualification	Experience
1.	Medical Officer	MBBS	१ वर्ष सम्बन्धी माथि
2.	Health Assistant	HA Passed	१ वर्ष
3.	Staff Nurse	Staff Nurse Passed	१ वर्ष
4.	Pharmasist	D Pharmacy	१ वर्ष
5.	Marketing Officer	BBS, BBA, BA	महिलालाई विशेष प्राथमिकता(१ वर्ष)
6.	Loan Recovery Officer	+2 or Above	१ वर्ष
7.	Asst. Accountant	BBS, BBA, BA	१ वर्ष

- सवारी साधन अनुमतीपत्र भएको साथै स्थानीय व्यक्तिलाई विशेष प्राथमिकता दिईनेछ ।
- तलब तथा सेवा सुविधा कार्यदक्षताको आधारमा संस्थाको नियमअनुसार हुनेछ ।

सम्पर्क: **विकास बहुउद्देश्यीय सहकारी संस्था**
कोटेश्वर, काठमाडौं, फोन नं.: ०१-४६००१७१
ईमेल: bikashbachat971@gmail.com

कर्मचारी आवश्यकता

स्टार बचत तथा ऋण सहकारी संस्था लि. कुमारीपाटी को विभिन्न सदस्य सेवा केन्द्रहरुका लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक भएकोले सक्षम, दक्ष तथा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र २ प्रति PP फोटो सहित ७ दिनभित्र आफूलाई पायक पर्ने कार्यालयमा आई आवेदन दिनुहोला ।

क्र.स.	कर्मचारी	संख्या	शैक्षिक योग्यता	सेवा केन्द्र
१.	बजार प्रतिनिधि	५	SLC/SEE पास	सल्लाघारी
२.	कार्यालय सहायक	२	+2 पास	कालीमाटी

- ❖ २ पाङ्ग्रे सवारी साधनको लाइसेन्स अनिवार्य ।
- ❖ बजार प्रतिनिधि र कार्यालय सहयोगीको तलब रु. १२,०००/- दिइनेछ ।
- ❖ बजार प्रतिनिधिहरु लाई ३ महिना पछि यातायात खर्च साथै १ बर्ष पछि मोबाइल खर्च र खाजा खर्च उपलब्ध गराइनेछ ।

थप जानकारीका लागी
01-6614248/9801979809
Email : hr@starsaving.com.np

WE ARE HIRING

Nepal Liquors Pvt. Ltd. (Formerly known as United Spirits Nepal Pvt. Ltd.) is a fast growing liquor bottling company with leading, popular, successful brands under its umbrella like Signature Premier Grain Whisky, Signature Rare Aged Whisky, Antiquity Blue Whisky, McDowell's No. 1 Whisky, McDowell's No. 1 Celebration Rum, Royal Challenge Premium Whisky, Blue Riband Gin, Golden Grape Brandy and many more. **Nepal Liquors Pvt. Ltd.** urgently seeks **"Commercial Officer"** for its factory in Biratnagar.

Essential Key Skills and Abilities:

- BBA / BBS from a recognized university of Nepal.
- At-least 3 years of working exp. in Accounts/Commercial Dept. in a reputed organization.
- Good working knowledge of FG Dispatch process.
- Excellent numerical skills. Skillful in preparing various MIS reports.
- Ability to maintain FG stocks accurately.
- Confident in overseeing dispatch functions.
- Advanced Excel User (V-Look Up, Pivot Table).
- Good letter drafting and typing skills in Nepali and English.
- Excellent knowledge of MS Office Package.
- Must be flexible in working.
- Must have 2 wheeler driving license.

Candidates residing in close proximity to Biratnagar are highly encouraged to apply. Interested candidates fulfilling the above requirements are requested to apply with their updated Resume, Salary expectation and date of joining at *vacancy@nepalliquors.com.*

NEPAL LIQUORS PVT. LTD.

ब्रेक्जिट विवाद

'संकट टार्न चुनाव'

मध्यावधि चुनावको माग गर्दै विपक्षी दल लेबरले बेलायतको राजधानी लन्डनमा सोमबार गरेको प्रदर्शन । *तस्बिर : रोयटर्स*

■ **नवीन पोखरेल** (लन्डन)

बेलायतको प्रमुख विपक्षी दल लेबर नेता जेरेमी कोर्बिनले युरोपेली संघबाट बेलायतको बहिर्गमन (ब्रेक्जिट) संकट रोक्नका लागि मध्यावधि चुनाव गर्नुपर्ने माग गरेका छन् । कोर्बिनको भनाईसँगै लेबर सर्मकहरू चुनावको माग गर्दै सडकमा समेत उत्रेका छन् । विपक्षी नेता कोर्बिनले 'युरोपेली संघसंघ बिनासम्झौता बेलायतको बहिर्गमन रोक्न जस्तोसुकै कदम चाल्न' समेत आफू तयार रहेको चेतावनी समेत दिएका छन् ।

बोरिस जोन्सन नेतृत्वको सरकारले आगामी अक्टोबर ३१ को समयसीमाभित्रै बेलायत युरोपेली संघबाट अलग हुने बताउँदै आएका छन् । तर विपक्षी दल लेबरले प्रधानमन्त्री जोन्सनविरुद्ध अविश्वास प्रस्ताव ल्याउने तयारीसमेत सुरु गरेको बेलायती अखबारहरूले जनाएका छन् । कोर्बिनले बिनाकुनै सम्झौता बेलायत ईयूबाट बाहिरिने स्थिति 'नो डिल ब्रेक्जिट' लाई रोक्न आफूलाई कामचलाउ प्रधानमन्त्री बनाउन आह्वान गरेका छन् ।

उनले बोरिस सरकारविरुद्ध आफ्नो दलले अविश्वास प्रस्ताव ल्याउने र त्यो पारित भए मध्यावधि चुनाव घोषणा गर्ने र ब्रेक्जिटको समयसीमा बढाउने तथा जनमतसंग्रहका लागि अभियानसमेत चलाउने जनाउने गरेका छन् । तर, संसदको तेस्रो ठूलो दल लिबरल डेमोक्रयाटकी नेतृ जो स्विन्सनले आफ्नो दलले कोर्बिनलाई समर्थन नगर्ने जनाएकी छन् । उनले आफ्नो दलले सत्तारुढ दलका केन क्लार्क वा लेबरकी ह्यारियट हर्मनलाई समर्थन गर्न सक्ने संकेत गरिन् । तर, कोर्बिनले आफ्नो प्रयास जारी राखेका छन् । स्कटिस प्रथममन्त्री निकोला स्टर्जनले बिनासम्झौताको खतरा टार्न स्कटिस नेसनल पार्टीले वेस्टमिनिस्टरमा स्विन्सनसँग पनि सहकार्य गर्ने जनाइन् ।

प्रधानमन्त्री बोरिस जोन्सनविरुद्ध अविश्वास प्रस्ताव ल्याउने विपक्षी दल लेबरको तयारी

प्रधानमन्त्री जोन्सनले आगामी अक्टोबर ३१ भित्र कुनै पनि अवस्थामा बेलायत युरोपियन युनियन (ईयू) बाट बहिर्गमन (ब्रेक्जिट) हुने घोषणा गर्दै आएका छन् । तर, यो अडानका कारण उनकै पद धरापमा पर्ने अनुमान सुरु भइसकेको छ । संसद्मा अविश्वासको प्रस्ताव आफ्नो पक्षमा पार्न सके स्वत: आमचुनावको पक्षमा जनमत जाने रणनीतमा विपक्षी नेता कोर्बिन देखिएका छन् । यद्यपि, सत्तारूढ दल कन्जरभेटिभको एक बहुमतका आधारमा प्रधानमन्त्री बनेका जोन्सनले अक्टोबर ३१ को ब्रेक्जिट समयसीमाअघि चुनाव गर्ने विषयको कुनै गुन्जायस नभएको बताउने गरेका छन् ।

बहुसंख्यक व्यवसायीले बेलायत ईयूसँग बिनासम्झौता बहिर्गमन भए व्यापारमा प्रतिकूल असर पर्ने बताउँदै आएका छन् । बैंक अफ इंग्ल्यान्डले 'नो डिल ब्रेक्जिट' भए वार्षिक ३० अर्ब पाउन्डभन्दा बढी नोक्सान पर्ने जनाएको छ ।

यसैबीच, ब्रिटेनले युरोपेली संघ (ईयू) छाड्नेबारे कुराकारी गर्न ब्रिटिस प्रधानमन्त्री जोन्सन आउँदो साता पेरिस र बर्लिन जाने भएका छन् । उनले फ्रान्सका राष्ट्रपति एम्यानुएल म्याक्रों तथा जर्मनीकी चान्सलर एन्जेला मर्केलसँग कुराकानी गर्ने छन् । टेरेजा मेले राजीनामा गरेर ब्रिटेनको प्रधानमन्त्री चुनिएपछि जोन्सनको यो पहिलो युरोप भ्रमण हो । उनले आइरिस प्रधानमन्त्री लियो भारदकर तथा युरोपेली काउन्सिलका अध्यक्ष डोनाल्ड टस्कसँग फोनमा कुरा गर्ने द गार्डियन समाचारपत्रले जनाएको छ ।

आउँदो सप्ताहन्त फ्रान्सको बिएरित्जमा हुने सात ठूला औद्योगिक राष्ट्रहरू (जी-७) को शिखर सम्मेलन अघि प्रधानमन्त्री जोन्सनले भेटघाट गर्न लागेका हुन् ।

यद्यपि, ब्रिटिस अधिकारीले ती भेटवार्ताबाट ठोस उपलब्धि हुनेमा आशंका व्यक्त गरेका छन् । जर्मन सरकारबाट चुहिएको एक दस्तावेजमा कुनै सम्झौता भए पनि वा नभए पनि आउँदो अक्टोबर ३१ का दिन बेलायतले युरोपेली संघ छाड्ने छ भन्ने प्रधानमन्त्री जोन्सनको भनाइले युरोपेली नेताहरूको सोचाइमा कुनै परिवर्तन नल्याएको उल्लेख छ । जर्मन अर्थ मन्त्रालयले ब्रेक्जिटबारे ब्रिटेनसँग फेरि औपचारिक वार्ता हुने सम्भावना नरहेको जनाएको छ ।

जिब्राल्टरले छाड्यो इरानी ट्यांकर

जिब्राल्टरबाट ग्रिसतर्फ जाँदै गरेको इरानी ट्यांकर । अमेरिकाको आग्रह अस्वीकार गर्दै जिब्राल्टरले ट्यांकर आइतबार इरानको जिम्मा लगाएको हो । *तस्बिर : एपी*

जिब्राल्टर (एएफपी)- अमेरिकाको आग्रह अस्वीकार गर्दै जिब्राल्टारले इरानी तेल ट्यांकर रिहा गरेको छ । रिहा भएलगत्तै ट्यांकर ग्रिसको कलम्टाका लागि प्रस्थान गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

जिब्राल्टरको तटीय इलाकाबाट गत जुलाई ४ मा नियन्त्रणमा लिइएको इरानी सुपर-ट्यांकर 'ग्रेस-१' लाई आइतबार छाडिएको हो । जिब्राल्टरको सर्वोच्च अदालतका एक न्यायाधीशले गत बिहीबार ट्यांकर छाड्न आदेश दिएका थिए । इरानले ट्यांकरको नाम परिवर्तन गरी 'एड्रियन डार्या-१' राखेको जनाएको छ ।

जिब्राल्टर अदालतको आदेशलगत्तै इरानले नयाँ चालक दल जिब्राल्टर पठाएको थियो । ट्यांकर छाड्नुअघि इरानले युरोपेली संघका प्रतिबन्ध भएका मुलुकमा नपठाउने लिखित प्रतिबद्धता जिब्राल्टर सरकारसमक्ष व्यक्त गरेको जनाइएको छ । जिब्राल्टर अदालतको आदेशपछि अमेरिकी न्याय मन्त्रालयले ट्यांकर पुन: नियन्त्रणमा लिन पक्राउ पुर्जी जारी गरेको थियो । अमेरिकी आग्रहको अवज्ञा गर्दै जिब्राल्टारले ट्यांकर छाडेको हो ।

अन्तर्राष्ट्रिय जलक्षेत्रमा जहाज कब्जाको प्रयास नगर्न अमेरिकालाई इरानको चेतावनी

जिब्राल्टारद्वारा जारी विज्ञप्तिमा 'इरानविरुद्ध अमेरिकाले लगाएको प्रतिबन्ध युरोपेली संघमा लागू नहुने' उल्लेख गरेको छ । उसले भनेको छ, 'इस्लामिक रेभोलुसनरी गार्ड कोर्प्सलाई अमेरिकालेजस्तो युरोपेली संघले आतंकवादी संगठनका रूपमा हेरेको छैन ।' जिब्राल्टर बेलायत नियन्त्रित टापु हो । अमेरिकाले उक्त ट्यांकरले इरानी तेल तस्करी गरी सिरिया लैजान खोजेको दावी गरेको थियो । जिब्राल्टरले युरोपेली संघका प्रतिबन्ध उल्लंघन गरी ट्यांकरले सिरियातर्फ इन्धन लगेको आशंकामा नियन्त्रणमा लिएको जनाएको थियो । जिब्राल्टरको कदमपछि बेलायत र इरानबीचको सम्बन्धमा गतिरोध आएको थियो । इरानले पटकपटक आफूले कुनै नियम उल्लंघन नगरेको दावी गर्दै आएको थियो ।

जिब्राल्टरको कदमको विरोधमा इरानले बेलायती ध्वजाबाहक 'स्टेना इम्पेरो' नामक तेल ट्यांकर कब्जामा लिइसकेको छ । 'स्ट्रेट अफ होर्मुज' बाट बेलायती नियन्त्रणमा लिइएको ट्यांकर हालसम्म पनि इरानको नियन्त्रणमा छ । 'एड्रियन डार्या-१' (ग्रेस-१) को रिहाइसँगै इरानले उक्त ट्यांकर छाड्नेसमेत अनुमान गरिएको छ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ताले 'आफूहरूले ट्यांकर रिहा गर्नेबारे अदालको आदेश पर्खिरहेको' जनाएका छन् । उनले 'अन्तर्राष्ट्रिय जलक्षेत्रका पानीजहाज नियन्त्रणमा लिने प्रयास नगर्न अमेरिकालाई चेतावनी' समेत दिएका छन् ।

इरानले 'आफ्नो माछा मार्ने डुंगालाई ठक्कर दिएर पनि कुनै वास्ता नगरेपछि ट्यांकर नियन्त्रणमा लिएको' जनाएको थियो । यद्यपि, ट्यांकर मालिकले 'स्टेना इम्पेरो' ले कुनै अन्तर्राष्ट्रिय नियम उल्लंघन नगरेको तथा नियन्त्रण लिइएका बेला अन्तर्राष्ट्रिय जलक्षेत्रमा रहेको' दावी गर्दै आएका छन् ।

पर्सियन र ओमानको खाडीबीचको २९ मिटर चौडा 'स्ट्रेट अफ होर्मुज' खाडीको रणनीतिक क्षेत्र हो । खाडी क्षेत्रबाट तेल ओसापसारका लागि प्रयोग हुने मुख्य नाका 'स्ट्रेट अफ होर्मुज' बन्द भए विश्व अर्थतन्त्रमाथि नै नकारात्मक असर पर्छ । जुलाई सुरुमा बेलायतको सहयोगमा जिब्राल्टारमा इरानी ट्यांकर नियन्त्रणमा लिइएपछि स्ट्रेट अफ होर्मुजमा तनाव बढेको हो । बेलायतले सिरियाविरुद्ध युरोपेली संघले लगाएको प्रतिबन्ध उल्लंघन गरेको जनाउँदै ट्यांकर नियन्त्रणमा लिएको बताएको थियो तर इरानले त्यसको खण्डन गर्दै 'बेलायती ट्यांकर नियन्त्रणमा लिने' चेतावनी दिएको थियो ।

हङकङबारे अस्ट्रेलियामा प्रदर्शन

अस्ट्रेलिया (कास)- हङकङमा जारी आन्दोलनले ११ साता नाघिसक्दा यसको असर अस्ट्रेलियामा समेत देखिएको छ । ठूलो संख्यामा चिनियाँ नागरिक बसोबास गरिरहेका अस्ट्रेलियाका विभिन्न सहरमा हङकङमा भइरहेको आन्दोलनको समर्थन र विरोधमा प्रदर्शन गरिएको छ ।

अस्ट्रेलियाको सिड्नी, मेलबर्न, ब्रिसबेन, एडिलेडलगायतका प्रमुख सहरमा हङकङमा जारी आन्दोलनको समर्थन र विरोधमा प्रदर्शन भएका हुन् । सयौंको संख्यामा रहेका प्रदर्शनकारीले हङकङमा भइरहेको प्रहरी दमन रोक्न तथा लोकतान्त्रिक मूल्य र मान्यता पालना गर्न माग गरे । हङकङमा जारी सरकारविरोधी आन्दोलनलाई समर्थन गर्दै प्रदर्शनकारीले शान्तिपूर्वक समाधानका लागि अस्ट्रेलियालगायतका देशलाई सहयोग गर्नसमेत आग्रह गरे । मुख ढाकेर शान्तिपूर्वक प्रदर्शनमा उत्रेका प्रदर्शनकारीले अस्ट्रेलियामा जस्तै हङकङमा पनि स्वतन्त्रता र लोकतन्त्रको अनुभूति गर्न पाउनुपर्ने माग गरे ।

हङकङका आन्दोलनकारीको पक्षमा शान्तिपूर्वक प्रदर्शन भइरहेका बेला चीन समर्थितसमेत सडकमा उत्रेका छन् । प्रदर्शनकारीले हङकङलाई माया नगर्नेले हङकङ तथा चीनलाई माया नगर्नेले हङकङ छाड्नुपर्ने माग गरेका थिए । प्रदर्शनमा अस्ट्रेलियामा अध्ययनरत चिनियाँ विद्यार्थी, दोस्रो तथा तेस्रो पुस्ताका चिनियाँ मुलका नागरिकका साथै भर्खरै आएका आप्रवासी सहभागी रहेका स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । विरोध कार्यक्रममा आयोजकमध्येका एक युवाले हङकङको पछिल्लो अवस्थाबारे जानकारी दिन प्रदर्शन गरिएको बताए ।

प्रदर्शनका क्रममा ठूलो मात्रामा सुरक्षाकर्मी तैनाथ गरिएको थियो । केही स्थानमा हङकङको पक्ष र विपक्षका प्रदर्शनकारीबीच सामान्य झडप भए पनि अधिकांश प्रदर्शन शान्तिपूर्ण रहे । हङकङमा जन्मिएर केही महिनाअघि सम्पन्न निर्वाचनबाट सांसद बनेकी अस्ट्रेलियाली राजनीतिज्ञ ग्लाडिस ल्युले आन्दोलनको शान्तिपुर्ण समाधान हुनुपर्ने बताएकी छन् । उनले हङकङमा विकसित घटनाक्रम पीडादायी भन्दै शान्तिपूर्ण समाधानको विकल्प नरहेको जनाइन् ।

यसैबीच, अस्ट्रेलियाका लागि चिनियाँ राजदूत चेङ जिङयेले विज्ञप्ति जारी गर्दै हङकङमा भइरहेका प्रदर्शन आन्तरिक मामिला भएको बताउँदै पक्ष वा विपक्षमा नउत्रन अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गरेका एबिसीले जनाएको छ ।

PI Academy
Where Great Stories Begin!!!
Congratulations!!!
You trusted & we proved...
IOE Achievers 2076

We are proud on our successful students and the beautiful stories engraved in the year of inception. On this occassion, we would like to express our sincere gratitude to our supportive parents, hardworking students, dedicated teachers and all our well-wishers.

Pratik Dahal
Bijaya Memorial, Dharan
IOE Entrance Topper
स्थापनाको पहिलो वर्षमै उत्कृष्ट नतिजा
७६ out of 528 Students

Reejan Karmacharya
NIST-Banepa
KUCAT Entrance Topper

Biraj Pandey
SOS, Bhaktapur
IOE Rank_3

Ishan Prasad Banjara
KMC, Kathmandu
IOE Rank_4

Amrit Kumar Mishra
Trinity, Kathmandu
IOE Rank_13

Biplov Sharma
Orchid, Chitwan
IOE Rank_15

Shreejan Satyal
NIST, Kathmandu
IOE Rank_21

Siddanta Poudel
KMC, Kathmandu
IOE Rank_23

Pramish Aryal
NIST, Kathmandu
IOE Rank_24

Raunak Jha
St. Xaviers, Kathmandu
IOE Rank_64

Mridul Neupane
KMC, Kathmandu
IOE Rank_75

Yubraj Karki
CCRC, Kathmandu
IOE Rank_90

Gaurav Kattel
Xavier Int'l, Kathmandu
IOE Rank_94

Sanjeev Joshi
DAV, Lalitpur
IOE Rank_99

Bishal Bharati
Takshashila, Kathmandu
IOE Rank_103

Rishab Bhattarai
KMC, Kathmandu
IOE Rank_105

Sujal Koirala
St. Xavier, Kathmandu
IOE Rank_109

Diwas Adhikari
St. Lawrance, Kathmandu
IOE Rank_135

Bidur Panthi
SOS, Bhaktapur
IOE Rank_151

Swodesh Sharma
Takshashila, Kathmandu
IOE Rank_158

Rajin Thapa
SOS
IOE Rank_181

Adityaraj Pandey
NIST, Kathmandu
IOE Rank_183

Kaushal Gautam
Canvas, Kathmandu
IOE Rank_215

Sanskar Adhikari
NIST, Kathmandu
IOE Rank_220

Aseem Godar
KMC, Kathmandu
IOE Rank_238

Barsha Chauhan
Canvas, Kathmandu
IOE Rank_248

Manoj Joshi
AVN, Dhangadhi
IOE Rank_257

Sanjaya KC
Sainik, Bhaktapur
IOE Rank_313

Prajwal Timsina
Devi SS
IOE Rank_321

Bipin KC
HSM, Hetauda
IOE Rank_345

Birat Dawadi
New Capital,College
IOE Rank_350

Aabhusan Aryal
NIST, Kathmandu
IOE Rank_359

Min Bahadur Nidal
AVN, Dhangadhi
IOE Rank_370

Aman Singh
HSM, Hetauda
IOE Rank_485

Manus Giri
SOS, Bhaktapur
IOE Rank_512
हाम्रा अन्य विद्यार्थीहरूको फोटो आगामी Prospectus मा समावेश गरिनेछ ।
Admissions Open !!!
• Pre Engineering Classes for +2 running students
• IOE Diploma in Engineering group
• 1 year indepth IOE integrated classes for +2 passed students
• Indian Embassy preparation classes
PI Academy
Maitighar, Mandala,Kathmandu
Ph: 01-4260880, 9851198288
www.piacademy.edu.np
fb.com/PIAcademyNepal
कुनै पनि भर्ना पार्इ एकेडेमीमा सम्पर्क गर्नुहोला ।

भर्ती केन्द्र बन्यो लुम्बिनी कोष

दरबन्दी नभए पनि कानुन मिचेरै ज्यालादारी र करारका नाममा पहुँचवाला नेता र कर्मचारीका नातागोता तथा राजनीतिक दलका कार्यकर्ता नियुक्त गरिएका छन् ।

■ **माधव दुंगाना** (लुम्बिनी)

बुद्ध जन्मस्थललाई विश्वकै शान्ति केन्द्र बनाउन स्थापित लुम्बिनी विकास कोषलाई पहुँचवाला नेता तथा कर्मचारीले भर्ती केन्द्र बनाएका छन् ।

कोषमा कर्मचारी छनोटको विकृति डेढ दशकअघि सुरु भएको स्थानीय सरोकारवाला बताउँछन् । उनीहरूका अनुसार जो शक्तिमा पुग्यो, उही निकटले अवसर पाउँदै आएका छन् । कर्मचारी नियुक्ति गर्दा ऐन, विनियमावलीलाई बेवास्ता गर्ने गरिएको छ । यहाँ नियुक्त कर्मचारीको ध्यान लुम्बिनी क्षेत्रको विकास, रेखदेख र भलाइभन्दा शक्ति केन्द्र रिझाउनतिर हुने गरेको छ । पदाधिकारीमा हुने राजनीतिक नियुक्तिको असर कर्मचारी चयनमा पर्ने गरेको हो ।

दरबन्दी सिर्जना नगरी हुने नियुक्तिले सम्बन्धित पदाधिकारीको व्यक्तिगत स्वार्थ मात्र पूरा हुने कोषकै एक पुराना कर्मचारीले बताए । कर्मचारी थुपार्दा कोषको आर्थिक व्ययभार बढेको उनको भनाइ छ । दरबन्दी कोषका अधिकारप्राप्त पदाधिकारीले रिक्त नभएको स्थानमा ज्यालादारी, करार र सेवा करारका नाममा बैठकबाट निर्णय गराएर नियुक्ति गरिरहेका छन् । 'कोषमा नियमविपरीत आफूनिकटलाई कर्मचारी नियुक्त गर्ने गरिएको छ,' लुम्बिनी विश्वविद्यालयका प्राध्यापक गीतु गिरीले भने । लोकसेवा आयोगबाट विज्ञापन प्रकाशित गर्दा आफू निकटका नपर्ने भएकाले विनासूचना र प्रतिस्पर्धा करार, सेवा करार र ज्यालादारी भन्दै कोषमा नियुक्ति गर्ने गरिएको हो । कोषले केही वर्षअघि पदपूर्ति समितिको विषयगत विशेषज्ञका रूपमा गिरीलाई सदस्यमा राखेको थियो । कोषका पूर्वसदस्य सचिव अजितमान तामाङका पालामा गिरीलाई हटाएर भैरहवाका अर्का प्राध्यापक बालकृष्ण भट्टराईलाई राखिएको छ । 'कतिपटक कोषमा आफ्ना मान्छे राख्न चलखेल गरियो, मैले मानिनँ,' गिरीले भने, 'कोषमा विधिवत् ढंगले काम नहुने देखेर नै समितिबाट म बारम्बार बाहिरिन चाहेको थिएँ ।'

ज्यालादारी र करारमा नियुक्त कर्मचारीले पछि स्वत: स्थायी हुनुपर्ने माग राख्दै आन्दोलन चर्काउने गर्छन् । त्यही आधारमा स्थायी नियुक्ति दिने गरिएको छ । यस्तो आन्दोलनलाई कोषका पदाधिकारी र विभिन्न राजनीतिक दलले समर्थन गर्ने गरेको सरोकारवालाको आरोप छ । कोषले पछिल्लोपटक दरबन्दीबिना पाँच जना कर्मचारी नियुक्त गरेको थियो । गत असार २७ गतेको उपाध्यक्ष स्तरीय बैठकले साउन १ गतेदेखि लागू हुने गरी वसिम खान, अख्तर हुसैन, सृष्टि भट्टराई, धर्मेन्द्र पाल र दामोदर सापकोटालाई नियुक्त गरेको हो । नियुक्ति पाएकामध्ये पदाधिकारी र कोषका कर्मचारीका निकट छन् । केही सत्तासीन पार्टीका प्रभावशाली मन्त्री र पहुँचवाला कार्यकर्तानिकट छन् । यो नियुक्ति विधिवत् नभएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी परेको छ । कोषमा स्थायी ४८, करार २४, सेवा करार ६९, ज्यालादारीका ९० जना कर्मचारी छन् । सुरक्षातर्फ वीर गोर्खा नामका १४ जना कार्यरत छन् । कोषको स्वीकृत दरबन्दी भने १ सय ५९ जनाको हो । करार, सेवा करार र ज्यालादारीमा विभिन्न समयमा गठित कोषका पदाधिकारीका पालामा नियुक्त गरिएका हुन् । पदाधिकारि सेवा अवधि सकिएर पदमुक्त भए पनि उनीहरूले राखेका कर्मचारी यथावत् छन् । कोषका एक कर्मचारीका अनुसार कतिपयले घरमै बसी तलब खाने गरेका छन् । कोषका निमित्त सदस्य सचिव तथा पदपूर्ति समितिका अध्यक्ष सरोज भट्टराईले ०६० सालदेखि स्थायी पदपूर्ति हुन नसकेकाले बेलाबेला आवश्यक पर्दा करार, सेवा करार र ज्यालादारीमा कर्मचारी नियुक्त गरी काम गराउनुपर्ने बाध्यता रहेको बताए । 'कोषको कार्यक्षेत्र बढ्दै गइरहेको छ र बजेट पनि बढेकाले काम धेरै गर्नुपर्नेछ,' उनले भने, 'अब भने सम्पूर्ण पदपूर्ति लोकसेवा आयोगबाटै हुने गरी प्रक्रिया अघि बढाएका छौं ।'

लुम्बिनी विकास कोषको कार्यालय भवन । *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

प्रमाणपत्रबिनै ४ वर्ष

लुम्बिनी विकास कोषको विनियमावलीमा कुनै पनि अधिकृत तहमा नियुक्तिका लागि स्नातक तह उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र पेस गर्नुपर्ने प्रावधान छ । कोषको सुरक्षा अधिकृतका रूपमा चार वर्ष बिताएका लीला श्रेष्ठले शैक्षिक प्रमाणपत्र पेस गरेनन् । उनको सेवा करार अवधि गत असार २४ मा समाप्त भएपछि म्याद थपिएको छैन । पुन: नियुक्तिका लागि श्रेष्ठ शक्ति केन्द्रमा धाइरहेको कोष प्रशासनले जनाएको छ । उनी सशस्त्र प्रहरीका सेवानिवृत्त डीएसपी हुन् ।

भीम आचार्य पर्यटन तथा संस्कृतिमन्त्री, कोषमा भिक्षु निग्रोध उपाध्यक्ष र अजितमान तामाङ सदस्य सचिव रहेका बेला उनी कोषको सुरक्षा अधिकृतमा करार नियुक्त भएका थिए । एक व्यक्तिले दुईवटा सरकारी सुविधा लिन नपाउने नियम छ । श्रेष्ठले त्यसविपरीत सरकारबाट पेन्सन र कोषबाट तलब र भत्ता बुझ्ने गरेका थिए । कोषमा बहाल भएकै बेला शैक्षिक योग्यताको प्रमाणपत्र पेस गर्न आफूले पत्र काटेको र श्रेष्ठले एसएलसीको पनि शैक्षिक प्रमाणपत्र पेस नगरेको कोषका निमित्त सदस्य सचिव भट्टराईले बताए । श्रेष्ठलाई पुन: नियुक्ति तथा म्याद थप गर्नका लागि विभिन्न शक्ति केन्द्रबाट दबाब आइरहेको उनले बताए । 'जस्तोसुकै दबाब आए पनि म्याद थप गरिदैन,' उनले भने ।

कोषले ०७१ असोज १५ गते ४५ जना कर्मचारी स्थायी पदपूर्ति गर्न खुला विज्ञापन प्रकाशित गरेको थियो । त्यसलाई लोकसेवा आयोगले रोक्यो । त्यसअघि करार नियुक्ति २१ जना कर्मचारीलाई सीमित परीक्षा (एक पदमा एकमात्र परिक्षार्थी कायम, न्यूनतम अंक ल्याएपछि उत्तीर्ण हुने) मार्फत स्थायी गर्ने प्रक्रियामा कोष अहिले अघि बढेको छ ।

लुम्बिनी क्षेत्रका प्रदेशसभा सदस्य फकरुद्दिन खानले कोषमा बेथिति र अपारदर्शिता बढेकाले सामाजिक लेखापरीक्षण गराइनुपर्ने बताए । 'पदाधिकारीले आफूअनुकूल कर्मचारी नियुक्त गर्दै जाने परिपाटीले निरन्तरता पाइरहेको छ,' उनले भने । कोषले पछिल्लोपटक नियुक्त गरेका कर्मचारीको आवश्यकता र प्रक्रियाबारे आफूले सूचनाको हक प्रयोग गरेर जानकारी मागेको उनले बताए । 'कोषको बेथितिबारे जनताले जनप्रतिनिधिसँग सोध्ने गरेका छन्,' उनले भने । कोषका उपाध्यक्ष अवधेश त्रिपाठीले ३०/३५ वर्षदेखिका समस्या रहेकाले एकैपटक सुधार ल्याउन गाह्रो भइरहेको बताए । 'सरकारले पनि त्यही किसिमको कार्यविधि बनाउनुपर्छ । कोषमा आफूअनुकूल नहुनेबित्तिकै कर्मचारीले आन्दोलन र तालाबन्दी गरिहाल्ने परिपाटीलाई सुधार गर्दै जान थालिएको छ,' उनले भने ।

पीएमा आफन्तै प्यारो

■ **प्रतीक्षा काफ्ले** (गण्डकी)

गण्डकीमा प्रदेशसभाका सांसदहरूले स्वकीय सचिव (पीए) राख्न पाउने सुविधामा आफन्त र आफ्नै परिवारका सदस्यलाई रोजेका छन् । नेकपाका धनञ्जय दवाडीले श्रीमती सर्वदा पौडेल दवाडी, नेकपाकै आशा कोइरालाले छोरी अस्मिता खनाल र कांग्रेसका सांसद डोबाटे विश्वकर्माले छोरा होमबहादुरलाई स्वकीय सचिव नियुक्त गरेका छन् ।

सांसदहरूले पोहोर पीए राख्न पाउनुपर्ने माग गरे पनि खर्च थपिने भन्दै प्रदेश सरकारले सुविधा दिन आनाकानी गरेको थियो । चालु वर्ष प्रदेश सरकारले बाटो खोलिदिएपछि उनीहरूले नासुस्तरका स्वकीय सचिव राखेका हुन् । ६० सदस्यीय गण्डकीको प्रदेशसभामा हाल ५९ जना छन् । यिनमा ३९ जनाले गत साउनदेखि तलबभत्ता पाउनेगरी पीए राखेका हुन् । अरू १३ जना राख्ने प्रक्रियामा छन् । प्रदेशका ७ मन्त्रीले सरकार गठनलगत्तैदेखि पीए राख्न पाउने सुविधा लिइसकेका छन् । बागलुङ-२ 'ख' का टेकबहादुर घर्तीको गत मंसिर तेस्रो साता निधन भएको थियो ।

प्रदेश सरकारले गत वर्ष आर्थिक मितव्ययिता अपनाउने भन्दै सांसद विकास कोष र पीएको सुविधा प्रदेश सांसदलाई दिएको थिएन । सदस्यहरूको सेवासुविधासम्बन्धी विधेयकको अनुसूचीमा एउटा खाली कोलम राखेर प्रदेशसभाले पारित गरेको थियो । अनुसूचीमा हेरफेर गर्न पाउने अधिकार उपयोग गर्दै मन्त्रिपरिषद्को गत असार २५ को निर्णयले उक्त ऐनको अनुसूचीमा खाली रहेको कोलममा सांसदले पनि पीए राख्न पाउने सुविधा थपिएको हो । यसलाई प्रदेशसभाबाट पुन: पारित गराउनु नपर्ने भएपछि सांसदले आफूले चाहेका व्यक्तिलाई पीए राख्न सुरु गरेका हुन् ।

सूचनाको हक प्रयोग गर्दै संवाददाताले निवेदन दिएपछि प्रदेशसभा सचिवालयले उपलब्ध गराएको जानकारीअनुसार अधिकांश सांसदले छोराछोरी, श्रीमान्/श्रीमती र भतिजाभतिजीलाई नियुक्ति गरेको पाइएको छ । मित्रकुमारी गुरुङ सुवेदीले छोरी भावना सुवेदी, लक्ष्मी सुनारले छोरा सुक्रिब, विष्णुप्रसाद लामिछानेले भतिजा गोविन्दराज लामिछाने, जुनादेवी नेपालीले मौसमी (नजिकको छोरी पर्ने), हरिशरण आचार्यले भाइ रविन, दीपक थापाले छोरा सागर, चन्द्रबहादुर बुढाले छोरी एलिसा बुढामगर, दिलमाया रोकामगरले श्रीमान् कर्णबहादुर गौतम, मोहनप्रसाद रेग्मीले भतिज सञ्जीव रेग्मी, ललितकला गुरुङले भतिज डेनिस गुरुङलाई धपीएमा नियुक्त गरेका छन् ।

श्रीमतीलाई नियुक्त गरेका सांसद दवाडीले पीए सबैभन्दा नजिकको मान्छेलाई नै नियुक्त गर्नुपर्ने बताए । 'सबैभन्दा विश्वासिलो मान्छे नै श्रीमती हो,' उनले भने, 'खोज्दा पनि श्रीमतीभन्दा विश्वासिलो मान्छे अरू कोही भेटिन्न । आफ्नो दु:खसुख बुझ्ने भएकाले राखेको हुँ ।' भाइलाई नियुक्त गरेका हरिशरण आचार्यले आफन्त जस्तो विश्वासिलो मान्छे अरू कोही नभेटिने प्रतिक्रिया दिए । 'विगतका धेरै सांसदसँग पीएको विषयमा छलफल गरें । बुझें,' उनले भने, 'नजिकबाट विश्वास लिन सक्नेगरी राख्नुपर्छ भन्ने पाएँ । त्यसैले भाइलाई नै पीएमा राखेको छु ।'

यसैगरी छोरी राखेकी आशा कोइरालाले घरपरिवार, पार्टीबाटै पीए राख्नुपर्ने बताइन् । 'स्वकीय सचिव राख्नु भनेको व्यक्तिगत समस्या हलका लागि हो,' उनले भनिन्, 'पीए भनेपछि व्यक्तिगत काममा पनि सहयोग गर्ने चाहिन्छ । विश्वासिलो पात्र भनेको पारिवारिक सदस्य नै हो ।' जागिर दिने हिसाबले मात्र बाहिरी कार्यकर्ता नियुक्ति गर्न सकिने उनको तर्क छ । उनी भन्छिन्, 'घरका

- प्रदेश सांसदले छोराछोरी र आफन्त रोजे
- घुमाउरो बाटोबाट सुविधाको निर्णय

सदस्य पीए राखे भन्दा पनि कस्ता सदस्य राखे ? ती सदस्यको पार्टी, देशका लागि जिम्मेवारी छ वा छैन । क्रियाशील छन् कि छैनन् । शुद्ध सदस्य मात्र हुन् त ? यो पनि बुझ्न जरुरी छ ।' द्वन्द्वकालमा आफूसँगै जेल बसेकाले छोरीलाई पीएमा नियुक्ति गरेको उनले बताइन् । प्रदेशसभा सचिवालयका सूचना अधिकारी राजेन्द्र न्यौपानेका अनुसार साउन मसान्तसम्म पीए नियुक्त गर्न सांसदका लागि सूचना जारी गरिएको थियो । प्रदेशसभा सदस्यले परिवारका सदस्य र आफन्तलाई स्वकीय सचिव राखेकामा उनीहरूका पार्टीका कार्यकर्तामाझ निराशा छ । निर्वाचनको बेलामा मात्र आफूहरूलाई परिचालन गर्ने र सेवासुविधा लिने विषयमा घरपरिवारको सदस्य नै रोज्ने भन्दै उनीहरूले पार्टीका भेला र भेटघाटमा असन्तुष्टि जनाएका छन् । 'गरिब, इमानदार, द्वन्द्वमा घाइते, दु:ख पाएका कार्यकर्ता हुँदाहुँदै आफ्नै परिवारका सदस्यलाई प्राथमिकता दिइनु दु:खद हो,' स्याङ्जाका विक्रम काफ्ले भन्छन्, 'अघिपछि पार्टी कार्यकर्ता चाहिने, सेवासुविधा लिने बेलाचाहिँ छोराछोरी ! के अब कार्यकर्ता चाहिँदैनन् ?'

बर्गिकृत डिस्प्ले

होटल तथा पर्यटन तालिम
20th Year of Establishment
Compare our quality with the others
* Hotel Management
* F& B Management
* Diploma in Culinary Art
* General Culinary Art
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
* Ice Cream
Job Guaranteed
Winner of The BIZZ Award 2018
सांगिला ट्रेनिङ्ग सेन्टर्स
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
4472553, 4475113
www.shangrilatraining.com.np
Affiliated: CTEVT, EUROSKILL, Associates: HAN, NATTA

यौन शक्ति
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्बलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाईट बढाउन, चाँयापोतो, डण्डिफोर चाउरीपना हटाउन
महिलाको पेट तथा छाती देखिने सेतो धर्सा हटाउने, मोटोपना बढाउन/घटाउन, हिपथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाईट पार्न
नेपालभरी फ्री-होम डेलिभरी
Global Fitness Shop
9851057631, 014461711, 9803464971, 9851057632
चावहिल (मेडिकेयर अगाडी)
Not For Medicinal Use

विना लगानीमा Business Patrner चाहियो
एकल संचालक भएको प्रतिष्ठित मेनपावर कम्पनीलाई Dubai, Qatar, Saudi, Kuwait तथा अन्य मुलुकका Top Company हरुसंग सम्बन्ध भएको र Demand निकाल्न सक्ने मेनपावर क्षेत्रको अनुभवी व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
Contact: 9851009946, 9813492755

सेक्युरिटी अर्जेण्ट
तालिम गरेका/नगरेका महिला पुरुष सेक्युरिटी गार्डहरु चाहियो
तलब: १६,000-१८,000 डे, नाइट, खाना बस्न, पार्ट टाईम, फुल टाईम जुन गरे पनि आफ्नो एरियामा पाइनेछ ।
योग्यता: साधारण लेखपढ
९८१८७५१३६, ९८१३२८२१४१
नोट: १००% जब ग्यारेण्टी, विदेश जानको लागि तालिम र प्रमाण पत्र दिइन्छ ।

अर्जेन्ट आवश्यकता
सोलुखुम्बुको नाम्चे बजारलाई अर्जेन्ट कर्मचारी
•बेकरी कुक : ४०,000।-
•अल्राउन्डर कुक : ३०,000।-
•बार टेन्डर : २५,000।-
•लेडिज वेट्रेस-२ : २०,000।-
•केटा वेटर : १५,000।-
•कुक हेल्पर : १६,000।-
•कँटी हाउसकिपिङ : १५,000।-
•कुकको काम सिक्ने/भाडा माझ्ने : १५,000।-
नोट: आउने जाने बाटो खर्च र खानबस्न सुविधा
सम्पर्क: 01-4913065, 9851041997

यौन-शक्ति
फ्री-होम डेलिभरी
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना SEX-TOYS घटाउन-बढाउन पनि पाईन्छ
कपाल झर्न रोकी पुन: उमार्न-Hair Building Fiber
हेलो शप नेपाल
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This is Food Supplement Products, Not For Medicinal Use

33 कर्मचारी अर्जेन्ट
काम: अफिसभित्रै
No Interview, 100% Job
योग्यता: Test, SEE, +2 above देखि साधारण लेखपढ गरेकालाई पनि अवसर दिईनेछ
तलब 18,500/-देखि 23,500/-सम्म
सुविधा: (खाजा खर्च १०० - बराबर १००)
समय: 9:00 AM- 5:00 PM
Parttime/Fulltime
ड.नि. हातं लानु होइन ।
ग्वार्कोचोकैमा
9808728580, 9846599866
01-6224646
मार्केटिङ्ग अनलाईन जब होइन १६ वर्षभन्दि जरुरीमा मात्र मिल्ने ।

यौन-सन्तुष्टि
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्बलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाईट बढाउन, चाँयापोतो, डण्डिफोर चाउरीपना हटाउन
महिलाको पेट तथा छाती देखिने सेतो धर्सा हटाउने, मोटोपना बढाउन/घटाउन, हिपथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाईट पार्न
महिला तथा पुरुषको Sex Toys पनि पाईन्छ
नेपालभरी फ्री-होम डेलिभरी
सगरमाथा हर्बल, ग्वार्को
9843457081, 9803647576
Not For Medicinal Use

CTF Training & Job offer
•Montessori Training 3 Months - Level 1/2/3
•Fashion Design - 3, 6, 12 months
•Care giver - 3 months
CTEVT Affiliated
Teej Offer 25% off
CTF Nepal
Bagbazar, Yeti Plaza (Opp.to P.K)
01-4265637/ 9851299632

८५ कर्मचारी अर्जेन्ट
काम: अफिस मित्रै, घरैमापनि गर्न सकिने
No Interview Job/ आजैबाट गार्नसकिने
योग्यता: साधारण लेखपढ गर्नजाने बुझ्ने देखि Test/SEE/+2 above महिलापुरुष विद्यार्थी गृहिणी जोकोहीले गर्नसक्ने
तलब: 24,500-49,000/-
सुविधा: खानाखाजा+बसभाडा-२००
Parttime/Fulltime मा मिल्ने
तिनकुनेचोकैमा
01-5199302 जनता बैङ्कक नजिकै
9861604419, 9823705671
नोट: यो Online, marketing placement अफिस होइन, दक्षता, क्षमता र योग्यतामा तलब बढ्ने ।

URGENTLY WANTED
One of the leading Handicraft company urgently requires:
HIGH QUALITY PRODUCT PHOTOGRAPHER
Candidates with similar experience can apply for the post:
01-4387428

८१ कामदारहरु अर्जेन्ट
काम: अफिस र घरमा गर्न मिल्ने
No interview, 100% Job
योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जाने/नजाने
सुविधा: - खाजा:-, गाडीभाडा:-१००।-
तलब: 26,500 - 48,500/-
समय: 9 to 4:00PM/ 12 to 4:00 PM
चावहिल SSD Nepal
मित्रपार्क पुष्पाञ्जली पेट्रोल पम्पसगै
01-4493437, 9813994099
महिला/गृहिणीलाई घरैमा कामको व्यवस्था

आकर्षक मूल्यमा !!!
महाराजगंज नारायणगोपाल रिङ्गरोड ट्र्याकको कमर्सियल जग्गा, सपिङ्ग सेन्टर, कम्प्लेक्स, होटल, हस्पिटल, कलेज, स्कुल, बैंक, वित्तिय संस्थाहरुको लागि अति उपयुक्त जग्गा बिक्रीमा
सम्पर्क: 9851036108, 9823582607

भाडामा चाहियो
एक प्रतिष्ठित हेण्डीक्राफ्ट कम्पनीलाई म्हेपी, बालाजु चोक आसपास, चमती, नँया बजार लगाएतको एरियामा कम्पाउण्डसहित पुरै घर भाडामा चाहियो।
घरधनीले सिधा सम्पर्क गर्नुहोला
०१-४३८७४२८

Hotel तालिम केन्द्र बिक्रीमा
CTEVT/Lincoln University आदिको affiliation मा सञ्चालित तालिम केन्द्र तथा सम्पूर्ण सामाग्री (१५ वटा ४x४ चुलो, भाडा, बेकरी सामान, ओभन, furniture आदि) बिक्रीमा छ । कोटेश्वर
फोन: 9851238280

पसल बिक्रीमा
काठमाण्डौ कै सबै भन्दा पुरानो होलसेल मार्केटमा चलिरहेको रेडिमेड पसल फर्निचर सहित बिक्रीमा, करिब २०० स्क्वायर फिट इन्द्रचोक, सुरज आर्केड तेश्रो तल्ला ।
सम्पर्क: ९८५१०३२८२५

Teacher's Wanted
Immediately wanted English Teacher for Lower Secondary/ Primary Level
Contact: 9851237929, 9851059458

८७ कर्मचारीहरु अर्जेन्ट
नेपाल सरकारबाट मान्यता प्राप्त
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जाने/नजाने
सुविधा: - खाजा खर्च १००।- गाडीभाडा:१००।-
तलब: Parttime:- 24,500/- Fulltime :- 48,500/-
समय:- 9:00 to 4:00 PM / 12:00 to 4:00 PM
चावहिलचोक
9818045529, 9849660021

कर्मचारी चाहियो
No Interview Required
Counselor 5 Bach. 16-26,000
Graphic Desinger 5 12-30,000
Accountant 5 +2/Bach. 15-30,000
Receptionist 5 +2/Bach. 12-18,000
CMA/ANM/HA/Nurse 8 12-18,000
रिसेप्सनिष्ट ४ जना SEE/+2 10-13,000
Bike Holder 4 SLC 12-15,000
कार्यालय सहायक ४ जना SLC 12,000
सेल्स केटा वा केटी ६ जना अनभवी 12-20,000
English Good Person 10 10-18,000
Tinkune: 01- 4111669
काम गर्ने ठाउहरु: Baneshwor, Bagbazar, Koteshwor Chabahil, Gangabu, Iagankhel etc

आवश्यकता
प्रतिष्ठित सहकारीको लागि कर्मचारी आवश्यकता
लेखापाल १ जना
व्यवस्थापक १ जना
बजार प्रतिनिधि ५ जना
यस क्षेत्रमा २ वर्ष भन्दा माथि अनुभव हुनेलाई विषेश प्राथमिकता दिइनेछ ।
सम्पर्क नं.
०१-४३८८७०१, ४३८८७०२
९६५६७१५१३४

Teachers Wanted
For in/outside Valley
+2: Account, Business Studies, Botany Gov. Scale
Sec: Eng, Science, Computer 35,000/-
L. Sec: Eng, Social, Science, Math 25,000/-
Prim: Eng, Science, Computer 15,000/-
Montessori/Grade Teachers 15,000/-
Job In Nepal
Putalisadak: 01-4239968, 9840112515
Gongabun: 01-4389754, 9849585685
Email:choicejobnepal@gmail.com

जग्गा बिक्रिमा
चन्द्रागिरी न.पा. वडा नं. १ दहचोक स्थित पिचबाटोमा ५२ आना जग्गा (७ कित्ता सगै) एकमुष्ठ बिक्रिमा


सम्पर्क: ९८४९३२७३२५ रमेश, ९८०८८४०५५९ दिनेश

सुकस बचत तथा ऋण सहकारी संस्था लि., चावहिल
साधारण सभाको सूचना
यस संस्थाको विनियम बमोजिम २०७६ भाद्र २८ गते शनिबार विहान ११.३० बजे सुर्खेती कल्याण समाजको भवन चावहिल काठमाडौमा हुने एघारौं वार्षिक साधारण सभामा सम्पूर्ण शेयर सदस्यहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ । सभामा आ.व. २०७५/२०७६ को वार्षिक प्रतिवेदन, आ.व. २०७६/०७७को कार्य-योजना, आय र व्यय अनुमान तथा अन्य प्रस्तावहरु प्रस्तुत गरी छलफल गरिने कार्यक्रम छ ।
सम्पर्क : ४४८२००२
मोबाइल नं. : ९८४९३८५९९९

TEACHER WANTED URGENTLY
Pre-primary Teacher
Mount Gauri Shankar School
Baluwatar
Contact: 9851198727

कर्मचारी आवश्यकता
यस सहकारी संस्था लि को लागि SLC वा +2 पास गरेका १० जना बजार प्रतिनिधि आवश्यक भएकोले इच्छुक नेपाली नागरिकले ७ दिनभित्र आवेदन दिनुहुन आव्हान गरिन्छ ।
अनुभवीलाई विषेश ग्राहयता ।
सम्पर्क : हाम्रो एकीकृत साकोस
९८६९४८७९२०, ०१४७२०७००
०१४३५७५४७, ०१४४६८७१२२,
०१४२८८३९४

Hardware पसलको लागि कर्मचारी आवश्यकता
सिमेन्ट, फलामे छड लगायत निर्माण सामाग्री पसलमा काम गरिरहेका कम्तिमा ५ बर्षको अनुभव भएको व्यवस्थापक तथा Salesman को तु. आवश्यकता ।
तलब रू. ४५,000/-
(अनुभवको आधारमा)
सम्पर्क:
9851112853

१००% जब ग्यारेन्टी सेक्युरिटी अर्जेन्ट
तालिम गरेका/नगरेका महिला/पुरुष सेक्युरिटीगार्ड चाहियो
(खानेबस्ने सुविधा,डे/नाइट,पार्टटाइम फुलटाइम जुन मरेपनि मिल्ने/ डिउटी स्थान आफुलाई पायक पर्ने ठाउँमा
तलब: १८,000 देखि २५,000 सम्म
योग्यता: साधारण लेपखढ
9862820308
9823411221
नयाँबसपार्क, माछापोखरी/ चावहिल

जग्गा बिक्रीमा
पेप्सिकोला नजिक दिब्यश्वरी प्लानिङ्मा ११मि. बाटोमा गोदाम तथा साना फ्याक्ट्री को लागि अति उपयुक्त ७ आना जग्गा बिक्रीमा छ ।
सम्पर्क : ९८५१०१६८६८

कार्टुन टेप बिक्रीमा
होलसेल मात्र
राम्रो क्वालिटी, धेरै बलियो चौडा कार्टुन टेप बिक्रीमा छ । यस टेपबाट फुट्ने सामान, तरल पदार्थ औषधी लगायत बहुमुल्य सामान ठुला कार्टुन पैक गर्न सकिन्छ ।
सम्पर्क: ९८१६२५०४२३, ९८४५८०८८५७

SUTTER ON RENT

1200 Sq. Ft. Suitable for Showroom, Department Store, Financial Institute, Office at Koteshwor
Contact 9851023377, 9841602457

सुखेंती कल्याण समाज, काठमाडौं
साधारण सभाको सूचना
समाजको विधान, २०४९ बमोजिम सम्पन्न हुने साधारण सभामा गत वर्षको प्रगति, चालु वर्षको बजेट र कार्यक्रम तथा अन्य प्रस्तावहरु प्रस्तुत हुने सभामा समाजका सदस्यहरुको उपस्थितिका लागि अनुरोध गर्दछौं । थप जानकारी समाजको सूचना पाटीमा छ ।
मिति :२०७६ भदौ २१ गते शनिवार
समय :बिहान ११:३० बजे
स्थान :समाजको भवन, चावहिल
सम्पर्क :४४८२००२ मो.नं.९८४९३८५९९९

बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३000/-*
स्पट कलर: रू. ३५00/-*
मल्टि कलर: रू. ५000/-*

घर बिक्रिमा, गाडि बिक्रिमा, जग्गा बिक्रिमा
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

सम्झौताअनुसार ओलीजी चल्नुहुन्छ : दाहाल

■ अजित तिवारी (जनकपुर)

नेकपा अध्यक्ष पुष्पकमल दाहालले आफूहरूबीच भएको समझदारीअनुसार प्रधानमन्त्री केपी शर्मा ओली अघि बढ्ने बताएका छन् । जनकपुर विमानस्थलमा सोमबार पत्रकारसँगको भेटमा उनले सरकारको नेतृत्व आवश्यकताअनुसार आलोपालो गर्ने लिखित सहमति भइसकेको दाबी गरे । 'नेकपाको सरकार ५ वर्षसम्म रहन्छ । यसमा दुविधा छैन,' उनले भने, 'ओलीजी पनि समझदारीअनुसार चल्नुहुन्छ ।'

धनुषाको बरमझियामा आयोजित सहिद रामवृक्ष यादवको स्मृतिसभामा सहभागी हुन दाहाल नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल र पत्नी सीता दाहालसहित सोमबार जनकपुर आएका हुन् । 'सरकारको पहिलो वर्ष कानुनी जटिलता थियो । छिटछिटो विकास होस् भन्ने जनताको चाहना थियो,' दाहालले भने, 'पहिलो वर्ष यी सबै आधार बने । अब सरकार अगाडि बढ्छ ।'

समृद्ध नेपाल, सुखी नेपालीको अभियानलाई सरकारले अगाडि बढाउने उनको भनाइ छ । 'पार्टी एकतामा धेरै भ्रम छर्न खोजियो । तर हामीले त्यसलाई टुंग्याइछाड्यौं,' उनले भने । 'पार्टी एकता नगरे भए हुन्थ्यो' भनाइको सञ्चारमाध्यमहरूले अपव्याख्या गरेको उनले बताए । 'मैले त्यसो भनेकै होइन । पार्टी एकता गरिसकेका हौं । अब विकल्प छैन भनेको हुँ । तर मिडियामा त्यसको अपव्याख्या गरियो,'

जनकपुर विमानस्थलमा सोमबार नेकपा अध्यक्ष पुष्पकमल दाहाल, वरिष्ठ नेता माधवकुमार नेपाललगायत । *तस्बिर : सन्तोष सिंह/कान्तिपुर*

उनले भने । आफूले भाषण गर्ने बेला पार्टी महासचिव विष्णु पौडेल उपस्थित रहेको र मिडियामा अपव्याख्या भएर आउँदा उनी पनि आश्चर्यमा परेको दाहालले सुनाए । 'पार्टी एकता गर्नु गल्ती भयो भनेर प्रचार गरियो, जुन गलत हो,' दाहालले भने, 'पूर्वमाओवादी, पूर्वएमाले भनेर माथापच्ची गर्नुको अब अर्थ छैन ।'

'तराई-मधेसमा प्याकेज'

अध्यक्ष दाहालले समृद्धि र विकासको प्याकेजसहित प्रधानमन्त्री ओलीसँगै आफू पनि छिट्टै तराई-मधेसमा आउने आश्वासन दिए । धनुषाको बरमझियामा आयोजित स्मृति सभालाई सम्बोधन गर्दै उनले तराई-मधेसको विकासमै पहाडको पनि समृद्धि जोडिएको बताए । मधेसको समस्याबारे प्रधानमन्त्रीसँग छलफल भएको छ । बाढीको क्षति न्यूनीकरण, सुक्दै गएका जलाधार, आगलागी र डुबानको समस्या हटाउन मास्टर प्लान आवश्यक रहेको उनको भनाइ छ । 'यी सबै समस्याको दीर्घकालीन समाधान हुनुपर्छ ।

चुरे संरक्षणको मास्टर प्लान नगरेसम्म तराई जोगाउन सकिन्न,' दाहालले भने, 'जनता आवास, जनताको तटबन्ध, रेलमार्ग, हुलाकी मार्ग, फास्ट ट्रयाक, निजगढ अन्तर्राष्ट्रिय विमानस्थललगायत परियोजनाले तराई-मधेसको विकासमा फड्को मार्छन् । हामी दुवै अध्यक्ष विकासको विशेष प्याकेज लिएर आउँदै छौं ।' सशस्त्र द्वन्द्वको पहिलो तालिम धनुषामै लिएको दाबी गर्दै दाहालले तराई-मधेससँग आत्मीयता जोडिएको प्रसंग निकाले । 'दोस्रो संविधानसभामा सिरहाबाट चुनाव जितें । प्रधानमन्त्री पनि बनें,' उनले भने । तराई-मधेसका जनताले त्याग र बलिदानअनुसार प्रतिफल पाएका छन् कि छैनन् भन्ने विषय महत्त्वपूर्ण रहेको उनले बताए ।

को हुन् रामवृक्ष ?

सहिद रामवृक्ष यादव तत्कालीन नेकपा (एकता केन्द्र) का पोलिटब्युरो सदस्य थिए । २०५१ भदौ २ गते धनुषाको बरमझियामा उनको हत्या गरियो । पेसेवर गुन्डाबाट उनको हत्या भएको भनिए पनि पार्टीले यादवको हत्यामा कांग्रेसीहरू संलग्न रहेको आरोप लगाएको थियो ।

'जुनसुकै बेला आन्दोलन'

■ माधव दुंगाना (भैरहवा)

कांग्रेस सभापति शेरबहादुर देउवाले कम्युनिस्ट पार्टी र वर्तमान सरकारबाट प्रजातन्त्रमाथि सबैभन्दा बढी खतरा रहेको बताएका छन् । उनले मुलुकको रक्षाका लागि आफ्नो पार्टी जुनसुकै बेला आन्दोलनमा जान सक्नेसमेत बताए । 'विस्तारै प्रजातन्त्र खतरामा पर्ने देखिएको छ । प्रजातन्त्रविरोधी गतिविधि कांग्रेसलाई सहय हुँदैन,' पार्टी केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले प्रदेश ५ स्तरीय महाधिवेशन प्रतिनिधिका लागि सोमबार आयोजना गरेको प्रशिक्षणमा उनले भने ।

सरकारले जनअपेक्षाका काम गर्न नसकेको देउवाले आरोप लगाए । 'जनताका अधिकार खोस्न सरकारले एकपछि अर्को कानुन ल्याइरहेको छ । जताततै निराशा मात्र छ, विकास-निर्माणका काम अधुरा छन्,' उनले भने । सरकारले

'प्रजातन्त्रविरोधी गतिविधि कांग्रेसलाई सहय हुन्न'

अधिनायकवादी व्यवहार प्रदर्शन गरिरहेको उनको टिप्पणी थियो ।

पार्टीलाई आगामी निर्वाचनमा पहिलो दल बनाउन कार्यकर्तामा इमानदारी जरुरी रहेको उनले बताए । 'चुनावका बेला पार्टीलाई भोट नहाल्ने नेताकार्यकर्ता कांग्रेसमा बसिरहन आवश्यक छैन,' उनले भने, 'चुनावमा पार्टीलाई धोका दिने कांग्रेस होइन । त्यस्ता नेताकार्यकर्ता जतिसुकै भए पनि कारवाही गरेरै छाड्छु ।' सभापति देउवाले पार्टी विधि, पद्धति र पारदर्शितामा चलेको दावी गरे । 'पार्टीमा पारदर्शिता कहाँ छैन ? हेर्नुस् जताततै पारदर्शिता छ,' उनले भने, 'चुनाव जित्न नसक्ने, कार्यकर्तामाथि नजाने अनि पार्टीमा पारदर्शिता भएन भनेर प्रश्न गर्ने ?' देउवाभन्दा अगाडि बोलेका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीमा पारदर्शिता नभएको टिप्पणी गरेका थिए ।

सभापति देउवाले मिठो भाषणले मात्र चुनाव नजित्ने भन्दै जनतामा जान नेताहरूलाई निर्देशन दिए । 'बोलेर र भाषण गरेर मात्रै भोट आउँदैन । मभन्दा धेरै राम्रो बोल्ने नेता छन् तर चुनाव हारे,' उनले भने, 'कार्यकर्तामाथि जानुपऱ्यो । चुनाव कसरी जित्ने भनेर रणनीति बनाउनुपऱ्यो ।' कांग्रेसमा जस्तो समावेशी अन्य दलमा नभएको उनले दाबी गरे । 'हरेक समुदायले पार्टीमा जति प्रतिशत आरक्षण पाएका छन्, त्यसअनुसार भोट ल्याउनुपर्छ । यसो भए मात्रै पार्टी बलियो हुन्छ,' उनले भने । पार्टी एक नभएसम्म चुनाव नजितिने उनको भनाइ थियो । वरिष्ठ नेता पौडेलले कम्युनिस्ट सरकारले मुलुकमा काण्डैकाण्ड मच्याएको र ठूला भ्रष्टाचार निरूपण गर्न नसकेको आरोप लगाए । उनले पनि सरकारबाट लोकतन्त्रमाथि खतरा रहेको बताए । 'संघीयतामाथि प्रहार भइरहेको छ,' उनले भने, 'सबै ठाउँमा कम्युनिस्ट सरकार छ तर स्थानीय तह र प्रदेशको अधिकार केन्द्रमा कुण्ठित गरिएको छ ।' सरकारले राज्यको ढुकुटी आफ्ना कार्यकर्ता पोस्न खर्चिएको आरोप उनले लगाए ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
छात्रवृत्ति सहित भर्ना खुल्यो

1. BBS	5. MBS
2. BSW	6. MA (SOCIOLOGY)
3. B. Ed.	7. MA (ANTHROPOLOGY)
4. BA	8. MA (POLITICAL SCIENCE)

विशेषताहरू:

१. विगत १७ वर्ष देखि सहुलियत शुल्कमा गुणस्तरीय शिक्षा सहित सर्वोत्कष्ट नतिजा हासिल गर्दै आएको ।
२. BBS मा Computer Lab को अभ्यास गराईने, BSW मा best practice हरु गर्न सिकाईने, B. Ed. मा शिक्षण अभ्यास आफ्नै स्कुल/कलेजमा गराईने, BA तर्फ लोकसेवा आयोगको तयारी अभ्यास गराईने ।

सम्पर्क: एक्टिभ एकेडेमी कलेज बसुन्धारा, काठमाडौं ।
फोन नं. ४३८१६९१, ४३५६४००, ४३६०६०५, ४३८०८६४
कलेज खुल्ने समय: विहान ६ बजेबाट बेलुकी ६ बजे सम्म

शनिबार र सार्वजनिक विदाको दिन समेत कलेज खुल्ला रहनेछ ।

CTEVT को प्राविधिक शिक्षामा भर्नाको अवसर ।

१० कक्षा/SEE उत्तिर्ण गरेको विद्यार्थीहरूका लागि ३ वर्षे डिप्लोमा इन सिमिल इन्जिनियरिङ्गमा केही सिट खाली रहेकोले तुरून्त सम्पर्क गर्नुहोला ।

यस बर्षको CTEVT ले लिएको डिप्लोमा तहको जुनसकै विषयको शूल्किय/छात्रवृत्ति/अन्य कुनै विषयमा प्रवेश परीक्षा उत्तिर्ण अनिवार्य छ ।

शैक्षिक योग्यता : SEE मा गणित र विज्ञान विषयमा न्यूनतम C र अंग्रजीमा न्यूनतम D+ हुनु पर्नेछ । (ओभरसियर/सब-इन्जिनियरिङ्ग)

सम्पर्क
म्याली कलेज अफ इन्जिनियरिङ्ग
कोटेश्वर काठमाण्डौ
फोन : ०१-४६०२४७४,९८०८६००१४०

VISIT 12th MALAYSIA EDUCATION FAIR

Meet Representatives from Malaysian Universities
Spot Admission & Upto 100% Scholarship

Venue: Hotel Yellow Pagoda , Kantipath, Kathmandu
Date: 22 - 23 August 2019 (Thur & Fri) Time: 11 am - 5 pm

☞ Worldwide Recognition ☞ Hassle-Free Visa
☞ 3 Times Lower Tuition Fee than Australia, USA & UK
☞ Low Living ☞ Cost Credit Transfer Facilities

BRING YOUR ACADEMIC DOCUMENTS FOR SPOT ADMISSION

Study Plus
Your Gateway to Malaysia
1st Floor, Kamaladimode, Kathmandu
Tel. 4266716, 4246352, 9851177776
Email. info@studyplus.com.np
Web. www.studyplus.edu.np
supported by
Embassy of Malaysia

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ३, हेटौडा, नेपाल ।

सेवा करारमा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति २०७६/०५/०३)

यस मन्त्रालयको आ.व. २०७६।७७ को स्वीकृत 'एक विद्यालय एक नर्स' कार्यक्रमअन्तर्गत देहाय बमोजिमका स्थानीय तहभित्रको एक सरकारी माध्यमिक विद्यालयमा रहनेगरी विद्यालय नर्सको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी सेवा करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिनभित्र कार्यालय समयमा तोकिए बमोजिम दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण (योग्यता, आवेदन फारम, कार्य बिवरण आदि) मन्त्रालयबाट वा मन्त्रालयको वेवसाइट mosd.p3.gov.np बाट उपलब्ध हुनेछ ।

सि.नं.	जिल्लाको नाम	स्थानीय तहको नाम	संख्या	कैफियत
१	सिन्धुली	दुधौली नगरपालिका, गोलन्जर गाउँपालिका, घ्याङलेख गाउँपालिका, तीनपाटन गाउँपालिका, फिक्कल गाउँपालिका, मरिण गाउँपालिका, सुनकोशी गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका	८	१ जना प्रति स्थानीय तह
२	रामेछाप	रामेछाप नगरपालिका, उमाकुण्ड गाउँपालिका, खाँडादेवी गाउँपालिका, गोकुलगङ्गा गाउँपालिका, दोरम्बा गाउँपालिका, लिखु गाउँपालिका, सुनापती गाउँपालिका	७	" "
३	दोलखा	जिरी नगरपालिका, भिमेश्वर नगरपालिका, कालिन्चोक गाउँपालिका, गौरीशङ्कर गाउँपालिका, तामाकोशी गाउँपालिका, मेलुङ्ग गाउँपालिका, विगु गाउँपालिका, शैलुङ्ग गाउँपालिका	८	" "
४	सिन्धुपाल्चोक	बाह्रविसे नगरपालिका, मेलम्ची नगरपालिका, जुगल गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका, बलेफी गाउँपालिका, भोटेकोशी गाउँपालिका, लिसंखु पाखर गाउँपालिका, सुनकोशी गाउँपालिका, हेलम्बु गाउँपालिका, त्रिपुरासुन्दरी गाउँपालिका	१०	" "
५	काभ्रेपलाञ्चोक	धुलिखेल नगरपालिका, बनेपा नगरपालिका, पनौती नगरपालिका, पाँचखाल नगरपालिका, नमोबुद्ध नगरपालिका, मण्डनदेउपुर नगरपालिका, खानीखोला गाउँपालिका, चौरीदेउराली गाउँपालिका, तेमाल गाउँपालिका, भुम्लु गाउँपालिका, महाभारत गाउँपालिका, रोशी गाउँपालिका	१२	" "
६	ललितपुर	गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका, कोन्ज्योसोम गाउँपालिका, बागमती गाउँपालिका, महाङ्काल गाउँपालिका	५	" "
७	भक्तपुर	चाँगुनारायण नगरपालिका, मध्यपुर थिमी नगरपालिका, सूर्यवनायक नगरपालिका	३	" "
८	काठमाडौं	कागेश्वरी मनोहरा नगरपालिका, गोकर्णेश्वर नगरपालिका, चन्द्रागिरी नगरपालिका, टोखा नगरपालिका, तारकेश्वर नगरपालिका, दक्षिणकाली नगरपालिका, नागार्जुन नगरपालिका, बुढानिलकण्ठ नगरपालिका, शंखरापुर नगरपालिका	५	" "
९	नुवाकोट	बेलकोटगढी नगरपालिका, ककनी गाउँपालिका, किस्पाङ गाउँपालिका, तादी गाउँपालिका, तारकेश्वर गाउँपालिका, दुप्चेश्वर गाउँपालिका, पञ्चकन्या गाउँपालिका, लिखु गाउँपालिका, शिवपुरी गाउँपालिका, सुर्यगढी गाउँपालिका	१०	" "
१०	रसुवा	उत्तरगया गाउँपालिका, गोसाईकुण्ड गाउँपालिका, नौकुण्ड गाउँपालिका, आमाछोदिङमो गाउँपालिका	४	" "
११	धादिङ	धुनीबेंशी नगरपालिका, खनियाबास गाउँपालिका, गजुरी गाउँपालिका, गल्छी गाउँपालिका, गङ्गाजमुना गाउँपालिका, ज्वालामूखी गाउँपालिका, थाक्रे गाउँपालिका, नेत्रावति गाउँपालिका, रुवी भ्याली गाउँपालिका, सिद्धलेक गाउँपालिका, त्रिपुरासुन्दरी गाउँपालिका	११	" "
१२	मकवानपुर	थाहा नगरपालिका, इन्द्रसरोबर गाउँपालिका, कैलाश गाउँपालिका, बाग्मति गाउँपालिका, भिमफेदी गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका, राक्सिराङ्ग गाउँपालिका	८	" "
१३	चितवन	कालिका नगरपालिका, खैरहनी नगरपालिका, माडी नगरपालिका, रत्ननगर नगरपालिका, राप्ती नगरपालिका, इच्छाकामना गाउँपालिका	६	" "
		जम्मा	१०१	

थप जानकारीका लागि:
सामाजिक विकास मन्त्रालय
प्रदेश नं ३, हेटौंडा, मकवानपुर, नेपाल । फोन नं. ०५७-५२४८३६, मोवाईल नं ५८५१२३५०२०

APPLICATION CALL
FOR
Hybrid International Emergency Medicine- HIEM Training Program
THE DEGREES OF
MRCEM (Member of Royal College of Emergency Medicine)
&
FQim (Fellowship in Quality Improvement

HIEM is the first collaborative international Emergency Medicine (EM) training developed in the UK. HIEM trainees will go through 4 years of training (1st and 4th year training in Nepal and 2nd and 3rd year training in the UK). Trainees will follow Royal College of Emergency Medicine (RCEM) curriculum, RCEM eportfolio, and Fellowship in Quality improvement (FQim) modules as part of the training. At the end of the training process, trainees will appear for Member of Royal College of Emergency Medicine MRCEM exam, and will receive two qualifications (MRCEM and FQim). The degree of MRCEM will be awarded by Royal College of Emergency Medicine which is accepted by NMC. The degree of FQim will be awarded by the World Academy of Medical Leadership (WAML). The candidates will be designated as International Training Registrar (ITR), after selection in the HIEM training entrance exam.
For further details, please visit: www.cmc.edu.np

I. ENTRY CRITERIA/ EXAM

A. Eligibility criteria of HIEM entrance exam:
MBBS degree with one-year internship registered in Nepal Medical Council.

B. Eligibility criteria of applying MTI application to continue HIEM UK training (2nd year and 3rd year training):
1. Have completed at least 3 years postgraduate experience, including an internship and minimum one-year RCEM recognised Emergency Medicine training programme (HIEM training 1st year), thus completing three years of post-graduate experience.
2. If selected candidates who have completed only internship should work for one year as Medical Officer in the Emergency Department of CMC and then they can continue into the first year of HIEM Training at CMC, thus completing three years of post-graduate experience.
3. Be certified in at least one life support course - ALS (or RCEM recognised equivalence).
4. Have achieved a minimum score of 7.0 in each section (speaking, listening, reading and writing) of the academic module of the IELTS and an overall minimum score of 7.5. Test should have been taken within the last 2 years. Or Have achieved a grade of at least 'B' in each testing area (speaking, listening, reading and writing) of the Occupational English Test (OET)-medicine version. Test should have been taken within the last 2 years. If the candidate fails to clear IELTS or OET - medicine version, the candidate will undertake HIEM training at Chitwan Medical College.
5. End of every year of training, trainees must be successful in their Annual Review of Competence Progression (ARCP) outcome which will be conducted by a panel of Consultants from RCEM/NHS/CMC. End of Nepal first year HIEM training, trainees must be successful in their ARCP, before enter MTI UK training.
6. Letter from WAML confirming that, appropriate topic has been identified in the field of Emergency Medicine and adequate progression has been achieved in their thesis work.
7. Have an institutional sponsor specifying the post they will return to Chitwan Medical College.

II. EXAM DETAILS: 25th September 2019
- MCQ- 100 MCQ true or false Emergency Medicine questions
- Selected first sixteen candidates will appear for OSCE
- Exam will be conducted by ICEM (International Centre for Emergency Medicine-UK)

26th and 27th September 2019(Only for selected 16 candidates):
- English test (Only for selected candidates)- 500 words essay
- OSCE 4 stations -
  - Clinical Questions
  - Practical OSCE
  - Leadership and management
  - General Questions

28th September 2019: 2nd Chitwan, International Emergency Medicine Conference
Exam venue: QiMET National centre, Chitwan Medical College, Chitwan, Nepal
Application charge: NRS. 5000
Application Form: Please log in to: www.cmc.edu.np
Application submission deadline: 20th September, 2019

III. EXIT EXAM: At the end of four years of HIEM training, trainees to travel to India to give their MRCEM exam ascompletion of this training.

IV. HIEM COURSE ADMISSION/TUTION FEE:
Admission fee: 1 lakh NPR
Tuition fee: 22 Lakhs NPR
Deposit: 5 Lakhs NPR (refundable at the completion of HIEM Training)

V. STIPEND/BENEFITS:
- Stipend during CMC Training (1ST and 4th Year): NPR 18,000 per month in the 1st Year and NPR 20,000 per month in the 4th Year
- Stipend/Benefits during UK Training (2nd &3rdyear): £35,000/ annum (Nepalese Rupee 5,065,119.00) + 50% banding £17,500 (Nepalese Rupee 2,532,559.00)
- Other funding benefits during UK Training (£3800-Nepali Rs 549,932) as follows:
  - Fellowship in Quality improvement (FQim) course fund - £2000
  - ALS, ATLS, APLS course funding support (around £1200)
  - eportfolio funding support (£400/ year)
  - First month accommodation free (£175)
  - Entitle to bring your immediate family (wife+ children)
- Successful applicants can obtain full GMC registration without taking the Professional and Linguistic Assessment Board (PLAB) test.

For details, please log in to: www.cmc.edu.np

४३ देशका उड्डयनकर्मी नेपालमा

काठमाडौं (कास)- नागरिक उड्डयनलाई थप सुरक्षित गर्ने उद्देश्यसहित एसिया प्रशान्त क्षेत्रका हवाई महानिर्देशकहरूको ५६औं सम्मेलन सोमबारदेखि काठमाडौंमा सुरु भएको छ। 'हवाई क्षमताको सीमिततालाई सम्बोधन गर्न साझा प्रयास' नाराका साथ सुरु भएको अन्तर्राष्ट्रिय सम्मेलन ५ दिनेसम्म चल्नेछ।

संयुक्त राष्ट्रसंघको विशिष्टीकृत निकाय अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ) को बैंककस्थित एसिया प्रशान्त क्षेत्र हेर्ने एप्याक र नेपाल नागरिक उड्डयन प्राधिकरणले सम्मेलन आयोजना गरेका हुन्। सम्मेलनमा ४३ मुलुकका २ सय ९१ प्रतिनिधि, क्षेत्रीय हवाई महानिर्देशक, युरोपियन युनियनको नियामक निकायका प्रमुख, संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्सका नियामक निकायका प्रतिनिधि, जेट विमान उत्पादन गर्ने बोइङ, एयरबस, इन्टरनेसनल एयर ट्रान्सपोर्टसनलगायत उड्डयनसँग सरोकार राख्ने विज्ञ तथा संस्था सहभागी छन्।

सम्मेलन उद्घाटनका अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले संघीयता जारी भएसँगै थुप्रै ऐनकानुन बनाई आर्थिक विकासका लागि नेपाल द्रुत गतिमा अघि बढिरहेको दाबी गरे। नेपाललाई सुरक्षित गन्तव्यका रूपमा चिनाउन आवश्यक नीति तथा कानुन बनाउने कामलाई सरकारले तीव्रता दिएको उनले बताए।

स्थापनाको ७५औं वर्ष पुगेको अवसरमा आईकाओले सन् २०२० मा विशेष जयन्ती मनाउँदै छ। यसै अवसरमा नेपाल सरकारले यस पटकको वसन्तकालीन सगरमाथा आरोहण सिजनमा आईकाओको झन्डा सगरमाथा चुचुरोमा पुऱ्याएको थियो। सम्मेलन उद्घाटनका अवसरमा प्रधानमन्त्री ओली तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले नेपाल पर्वतारोहण संघले चुचुरोमा पुऱ्याएको उक्त झन्डा आईकाओ काउन्सिलका अध्यक्ष ओलुमुइवा बेनार्ड आलियुलाई हस्तान्तरण गरे।

सम्मेलनमा आईकाओको एसिया प्रशान्तका क्षेत्रीय निर्देशक अरुण मिश्रले यस क्षेत्रमा उड्डयन मापदण्ड तथा सिफारिसहरूको परिपालना दरको अवस्थाबारे बताएका थिए। यस क्षेत्रका ३९ वटा सदस्य मुलुकमध्ये १२ मुलुकको अवस्था अझै औसत दरभन्दा मुनि रहेको उनको भनाइ छ। उडान सुरक्षाका लागि आईकाओले तोकेको उड्डयन मापदण्ड तथा सिफारिसहरूको परिपालना दर ६८ प्रतिशत हाराहारी हो। तर एसियाका ३९ मध्ये १२ मुलुकको परिपालना दर ६० प्रतिशतभन्दा तल छ। नेपालको परिपालना दर ६६.७६ प्रतिशत पुगेको छ।

भोटेकोसीमा आइतबार राति आएको बाढीले टिमुरेमा भत्काएको बेलिब्रिज। बाढीले रसुवागढी जलविद्युत् आयोजनाको दुइटा पेनस्टक पाइप र कफर ड्यामसमेत बगाएको छ। *तस्बिर सौजन्य : छवि गैरे*

गोदामचौर बलात्कारमा १० वर्ष कैद

काठमाडौं (कास)- उच्च अदालत पाटनले गोदामचौरमा भएको सामूहिक बलात्कारका तीन जना आरोपितलाई दोषी ठहर गर्दै १०-१० वर्ष कैद सजाय हुने जिल्ला अदालतको फैसलालाई सदर गरेको छ। न्यायाधीशद्वय रमेशबहादुर थापा र यज्ञराज भट्टको इजलासले ०७५ फागुन १७ गते जिल्ला अदालतले गरेको फैसला सदर गरेको हो।

जिल्ला अदालत ललितपुरका न्यायाधीश धनसिंह महराको इजलासले 'गोदामचौर क' माथि सामूहिक बलात्कार गरी काल्नामुनि फालेको घटनामा उनीहरूलाई दोषी ठहर गरेको थियो। आरोपितहरू रघु सिलवाल, विशालध्वज कार्की र पवन कुँवरलाई बलात्कारका साथै ज्यान मार्ने उद्योग र चोरी घटनामा पनि दोषी ठहर गर्दै बलात्कारमा ५ वर्ष र सामूहिक बलात्कारमा थप ५ वर्ष गरी १०-१० वर्ष कैद किटान भएको हो। उनीहरूबाट एक-एक लाख रुपैयाँका दरले क्षतिपूर्ति भराउने फैसला पनि सदर भएको छ।

ज्यान मार्ने उद्योगमा पनि १० वर्षका दरले कैद सजाय फैसला भएको छ भने चोरीको आरोपमा ६० दिन कैद तोकिएको छ। पीडितले हराएको ३ हजार तीन जनाबाट दामासाहीबाट भराउने फैसला भएको छ।

कलिलैमा बिहेले...

- केटी पक्षका आफन्तले ती युवाविरुद्ध जबर्जस्ती करणीको मुद्दा चलाउन प्रहरीलाई दबाव दिए। 'तर किशोरीले जाहेरी दिन नमानेपछि हामीले मुद्दा दर्ता गरेनौं,' प्रहरी नायब उपरीक्षक घनश्याम श्रेष्ठले भने, 'केटीको उमेर १८ वर्षभन्दा कम भएको भए कानुनतः नाबालिग हुने हुँदा अभिभावकको जाहेरीका आधारमा जबर्जस्ती करणीको मुद्दा लाग्ने थियो।' प्रहरीले अहिले दुवै जनालाई 'काउन्सिलिङ' मा राखेको छ।
- मोरङकै १९ वर्षकी पहाडे मूलकी किशोरी र २२ वर्षका ऋषिदेव समुदायका युवाले गत चैतमा भागेर विवाह गरे। तस्बिर सामाजिक सञ्जालमा पोस्टसमेत गरे। अभिभावकले उजुरी गरेपछि प्रहरीले उनीहरूलाई फेला पारेर अभिभावकको जिम्मा लगायो। लगत्तै किशोरीले जबर्जस्ती करणीको निवेदन दिइन्। ती युवा जेलमा छन्।

मोरङ प्रहरीका डीएसपी श्रेष्ठ राजीखुसी बिहे गरेर भाग्ने र पछि अभिभावकको दबावमा जबर्जस्ती करणीको जाहेरी दिने घटनाले केही वर्षयता प्रहरीलाई हैरान बनाएको बताउँछन्। 'महिला तथा नाबालिग किशोरीसँग सम्बन्धित मुद्दामा जाहेरी नलिँदा पनि समस्या हुन्छ,' उनले भने, 'केटाकेटीले राजीखुसी बिहे गरेको थाहा पाए पनि कानुनले त्यसलाई मान्यता दिँदैन। त्यसैले समस्या हुन्छ।'

जिल्ला प्रहरी कार्यालयकी महिला तथा बालबालिका सेल प्रमुख जमुना बस्नेतले हराएको भनी निवेदन परेपछि खोजी गर्दा भागेर विवाह गरेको अवस्थामा भेटिएकाहरूको संख्या उल्लेख्य रहेको बताइन्। 'कानुनले २० वर्षभन्दा कम उमेरको विवाहलाई मान्यता नदिने हुँदा सँगै फेला परेका उनीहरूलाई हामी अभिभावकको जिम्मा लगाउँछौं,' उनले भनिन्।

उनका अनुसार कतिपय अभिभावकले छोरी फेला परेपछि जबर्जस्ती करणीको मुद्दा चलाउने गरेका छन्। 'केटी पक्षले जबर्जस्ती करणीको मुद्दा दर्ता गराएपछि राजीखुसीले केटासँग भागेको हामीलाई थाहा भए पनि कारबाही प्रक्रिया अगाडि बढाउनुपर्छ,' उनले भनिन्।

बस्नेतका अनुसार आर्थिक वर्ष २०७४/७५ मा ८ सय १ जना र २०७५/७६ मा ९ सय ४७ जना मानिस हराएको निवेदन दर्ता भएको थियो। आर्थिक वर्ष २०७४/७५ मा जबर्जस्ती करणीमा ८० वटा मुद्दा दर्ता भएका थिए। त्यसमध्ये ३० वटा महिलाको र ४७ वटा २० वर्षमुनिका बालिकाको छ। २०७५/७६ मा दर्ता भएका १ सय ८ वटा मुद्दामध्ये महिलाको ३७ वटा र २० वर्षभन्दा कम उमेरका बालिकाको ७२ वटा छन्।

'जबर्जस्ती करणीका मुद्दामध्ये २५ प्रतिशत जति उमेर नपुगेर भागेर बिहे गरेपछिका हुन्छन्,' डीएसपी श्रेष्ठले बताए, 'यस्तो घटनाले धेरै युवाको भविष्य डामाडोल बनाएको छ।' विद्यालय शिक्षादेखि नै खुला बहस हुन सके यौनप्रति जिज्ञासा मेटिने र कम उमेरमा किशोरकिशोरीले भागेर विवाह गर्ने घटना कम हुँदै जाने उनको भनाइ छ।

ब्युँताइयो सरकारी...

'सत्तारूढ प्रभावशाली नेता तथा मन्त्रीहरूले कथित वैधानिक बाटोबाट कमाउधन्दा चलाउन कम्पनी खोलिएको हो,' ती पूर्वसचिवले भने।

ती पूर्वसचिवका अनुसार एनसीसीएनमा अनुभवी कर्मचारी र भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक अर्बौंका उपकरण हुँदासमेत उसमार्फत अरू ठेकेदारलाई उपठेक्का दिइन्थ्यो। 'अहिले अनुभवी कर्मचारी र निर्माण उपकरणसमेत नभएको नयाँ कम्पनी खोल्नुमा सत्तारूढ प्रभावशाली नेता तथा मन्त्रीले मोटो रकम पहिल्यै असुलेर चाहेका ठेकेदारलाई छानीछानी ठूला पूर्वाधार निर्माणको ठेक्का दिनेबाहेक अर्को उद्देश्य हुने सक्दैन,' ती पूर्वसचिवले भने। उनले पूर्वाधार निर्माण कम्पनीका नाममा भौतिक पूर्वाधार निर्माणमा नयाँ प्रकृतिको भ्रष्टाचार मौलाउने बताए।

खुमबहादुर खडका भौतिक पूर्वाधार तथा यातायातमन्त्री भएका बेला एनसीसीएनमार्फत सोझै ठेकेदार दिएर हुने चलखेल उत्कर्षमा पुगेको थियो। मुलुकका निजी निर्माण व्यवसायी कम्पनी र विश्व बैंक तथा एसियाली विकास बैंकजस्ता दाताको चर्को विरोधमा एनसीसीएनलाई काम दिने र त्यसमार्फत अरूलाई ठेक्का दिएर दुरुपयोग गर्ने क्रम रोकियो। एनसीसीएन कमजोर हुँदै गयो। एनसीसीएनका तत्कालीन महाप्रबन्धक त्रिवेन्द्रराज पन्तका पालामा दर्ता नवीकरण नगरिएपछि कम्पनी २०५८ सालमा खारेज भएको थियो।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका पूर्वसचिव तुलसीप्रसाद सिटौलाले पूर्वाधार निर्माण कम्पनीलाई बिनाप्रतिस्पर्धा उपठेक्का दिन सक्ने व्यवस्थाले भ्रष्टाचार मौलाउने चिन्ता व्यक्त गरे। उनी सकेसम्म आफै काम गर्ने र उपठेक्का दिँदासमेत खुला प्रतिस्पर्धा गराउने व्यवस्था गरिए मात्र सरकारी ठेकेदार कम्पनी खोल्नुको औचित्य साबित हुने, नभए पूर्वाधार निर्माणमा अपारदर्शी चलखेल बढ्ने बताउँछन्। 'पूर्वाधार निर्माण कम्पनीलाई राजनीतिक हस्तक्षेपबिना पारदर्शी ढंगले चल्न दिनुपर्छ। पुरानो अनुभवबाट पाठ सिकेर उसले उपठेक्का दिँदासमेत खुला प्रतिस्पर्धा गराउने कानुनी व्यवस्था गर्नुपर्छ,' उनले भने, 'सरकारी कम्पनीलाई समेत सरकारी पूर्वाधार निर्माणको ठेक्कामा प्रतिस्पर्धा गराउने कानुनी व्यवस्था हुनुपर्छ, सोझै ठेक्का दिने व्यवस्था हुनु हुँदैन।'

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता सहसचिव राजेश्वर ज्ञवालीले मन्त्रिपरिषद्बाट निर्णय गराएर ठूला र महत्त्वपूर्ण भौतिक पूर्वाधार निर्माणको काम सोझै दिन सकिने गरी आफ्नो मन्त्रालयमातहतमा नेपाल पूर्वाधार निर्माण कम्पनी खुलेको बताए। 'मन्त्रिपरिषदको निर्णयअनुसार पूर्वाधार निर्माण कम्पनी हालै दर्ता भएको छ। कर्मचारीको व्यवस्था गरी कम्पनीले काम सुरु गर्न ६ महिनाजति लाग्ला,' उनले भने, 'मन्त्रिपरिषद्ले निर्णय गरेर ठूला पूर्वाधार निर्माणको काम कम्पनीमार्फत गराउन सक्नेछ। निजी ठेकेदार कम्पनी प्रतिस्पर्धामा नआउने खालका चुनौतीपूर्ण निर्माणको कामसमेत सरकारले कम्पनीमार्फत गर्नेछ।' कम्पनीले जुनसुकै सरकारी ठेक्कामा प्रतिस्पर्धासमेत गरी काम लिन सक्ने उनले जनाए।

पूर्वाधार निर्माणमा निजी कम्पनीहरूले ढिलासुस्ती गर्ने, गुणस्तरीय काम नहुनेलगायत समस्या बढ्न थालेपछि सरकारी पूर्वाधार निर्माण कम्पनी स्थापना गर्नुपरेको दावी भौतिक पूर्वाधार मन्त्रालयको छ। सरकारले कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी दर्ता गरेको छ। अर्थ, ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको संस्थापक सेयर राखी कम्पनी खोलिएको हो। कम्पनीको अधिकृत पुँजी १० अर्ब र जारी एवं चुक्ता पुँजी ३ अर्ब रुपैयाँ छ। चारवटै मन्त्रालयको ७५/७५ लाख कित्ता सेयर रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अधिकारीले जानकारी दिए। भौतिक पूर्वाधार मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले कम्पनी खोल्ने निर्णय गरेको हो। कम्पनीको प्रबन्धपत्र र नियमावलीसमेत बनाइसकिएको छ।

कम्पनीको मुख्य उद्देश्यमा भौतिक संरचना निर्माणका लागि सम्भाव्यता अध्ययन, योजना, डिजाइन, निर्माण तथा त्यसको व्यवस्थापनसम्बन्धी व्यवसाय सञ्चालन गर्ने राखिएको छ। ठेक्का व्यवसाय सञ्चालन गर्ने, भवन, कारखाना, हवाईमार्ग, रेलमार्ग, ड्राइपोर्ट, लघु रेलमार्ग, पुल, सुरुङ, जल सुरुङमार्ग, रोपवे, विमानस्थल, हयांगर, नहर, जहाजघाट, पानी ट्यांकी, पोखरी, बाँध, गोदाम, होटल, शीतभण्डार, जलविद्युत् गृह, पौडी र मत्स्य पोखरीसमेतको निर्माण गर्ने भनिएको छ।

सरकारले बजेटमै सरकारी पूर्वाधार कम्पनी खोल्ने उल्लेख गरेको थियो। एनसीसीएन विघटन भएपछि त्यसको हलचोकस्थित जग्गा सशस्त्र प्रहरी बललाई दिइएको छ। एनसीसीएनको पोखरामा २६ रोपनी र हेटौंडामा ५ रोपनी जग्गा थियो। पञ्चायतकालमा निजी ठेकेदार कम्पनीहरू नफस्टाइसकेकाले एनसीसीएनले निर्माणका क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पूर्वसचिवहरू स्मरण गर्छन्।

एनसीसीएनले नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको कालोपत्र गरेको हो। ठेक्का पाएको भारतीय कम्पनीले भालुवाङमा राप्ती नदीमाथिको पुल बनाउन नसकेपछि एनसीसीएनले निर्माण गरेको थियो। एनसीसीएनका अर्बौं रुपैयाँका निर्माण उपकरण अझै पनि छन्। सरकारले तिनलाई बिक्री या लिलाम नगरी धोबीघाटमा भाडाको घरमा थन्क्याएर राखेको छ। काठमाडौं र तराई-मधेस जोड्ने द्रुतमार्गको सम्भाव्यता अध्ययनसमेत एनसीसीएनले नै गरेको हो। पञ्चायतको पछिल्लो काल र बहुदलमा २०५८ सालसम्म एनसीसीएनको चरम दुरुपयोग गरिएको थियो।

एजेन्डाहरू पुरानै...

वडाध्यक्ष पक्राउ

खोटाङ (कास)- कुटपिटमा संलग्न रहेको आरोपमा केपिलासगढी गाउँपालिका-५ का वडाध्यक्ष खगेन्द्र राई पक्राउ परेका छन्। स्थानीय ३० वर्षीय महेश राईलाई निर्घात कुटपिट गरेको आरोपमा वडाध्यक्षसहित चार जनालाई आइतबार प्रहरीले पक्राउ गरेको हो। 'अहिले घटनाको छानबिनका लागि उहाँहरूलाई ल्याइएका हौं,' डीएसपी वामदेव गौतमले भने, 'दोषी ठहरिएपछि मात्र मुद्दा चल्ने, नचल्ने थाहा हुन्छ।' गत बिहीबार भएको कुटपिटबाट राई गम्भीर घाइते छन्। जिल्लामा उपचार हुन नसकेपछि आइतबार उनलाई हेलिकप्टरबाट काठमाडौं पठाइएको छ।

परराष्ट्रमन्त्री ज्ञवालीले 'नेपाल सरकारले कश्मीर मामिलालाई नजिकबाट नियालिरहेको' प्रतिक्रिया दिएका छन्। 'छिमेक र क्षेत्रीय रूपमा समेत शान्ति र स्थिरताका पक्षमा नेपाल उभिएको छ,' उनले भने, 'समस्या र असमझदारी आउँदा संवादका माध्यमबाट शान्तिपूर्ण समाधान हुन सक्छ भन्ने हाम्रो विश्वास छ।'

भारतमा विशेष राज्यको दर्जामा रहँदै आएका जम्मु-कश्मीरलाई दुई साताअघि केन्द्र शासित दुई प्रदेश बनाइएको बारे अन्तर्राष्ट्रिय समुदायले सरोकार राखिसक्दा पनि नेपालले 'औपचारिक धारणा' सार्वजनिक गरेको थिएन। 'हामीले जम्मु-कश्मीरमा रहेका हजारौं नेपालीबारे चासो राखेका छौं। दिल्लीस्थित नेपाली दूतावास पनि निरन्तर सम्पर्कमा छ। त्यहाँ रहेका नेपालीलाई कुनै किसिमको असजिलो नहोस् भनेर घटनाक्रम नजिकबाट नियालिरहेका छौं,' मन्त्री ज्ञवालीले भने।

आसन्न राष्ट्रसंघीय महासभाअन्तर्गत सार्क विदेशमन्त्री तहको साइडलाइन बैठकमा पनि सार्क संगठनको अध्यक्षका हैसियतमा नेपालले क्षेत्रीय शान्ति र स्थिरताका विषय उठाउने उनले जानकारी दिए।

'सांसद गिरीको भनाइ स्वीकार्य छैन'

गत साता संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा सांसद प्रदीप गिरीले राखेको 'हिन्दुस्तानले चाहे नेपाललाई सिक्किम बनाउन सक्छ' भन्ने धारणामा परराष्ट्रमन्त्री ज्ञवालीले आपत्ति जनाएका छन्। नेपालको स्वतन्त्र अस्तित्व समाप्त हुन्छ भन्ने कुरा 'कल्पनाभन्दा बाहिरको' रहेको र यस्तो गम्भीर विषयलाई हल्का रूपमा प्रस्तुत नहुनसमेत मन्त्री ज्ञवालीले आग्रह गरे।

'बोलिएको कुरा सत्य हो भने यो स्वीकार्य होइन। यसले दुई देशबीचको सम्बन्धमा अनावश्यक रूपमा चिसोपन ल्याउन सक्छ,' उनले भने, 'नेपाल सधैं स्वतन्त्र, सार्वभौम र अखण्ड मुलुक रहिआएको छ। हामी कहिल्यै कसैको अधीनमा परेका छैनौं। सांसद गिरीले बोलेको कुरा सत्य हुन् भनेर पत्याउन मुस्किल परिरहेको छ। सरकार उक्त भनाइको खण्डन गर्छ।'

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
डीनको कार्यालय, परीक्षा शाखा
वीर अस्पताल, महाबौद्ध, काठमाडौं

Master in Nursing
तहमा नयाँ विद्यार्थी भर्नासम्बन्धी सूचना

यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले शैक्षिक वर्ष २०७६/०७७ मा सञ्चालन गर्ने निम्नअनुसारका विषयमा २ वर्षे स्नातकोत्तर (Master in Nursing) तहमा नयाँ विद्यार्थी भर्नासम्बन्धी सूचना प्रकाशित गरिएको छ। नेपाल नर्सिङ काउन्सिलको पूर्वाधार पूरा गरिसकेका स्नातक नर्सिङ पास भई कम्तीमा २ वर्ष मान्यता प्राप्त अस्पताल वा शिक्षणसंस्थामा काम गरेको (स्नातक अघि वा पछि गरी कम्तीमा १ वर्ष मान्यता प्राप्त अस्पतालमा अनिवार्य कार्य अनुभव भएका) नेपाली नागरिक उम्मेदवारहरूले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको अनलाइन आवेदन फाराम **मिति २०७६।०५।१५** गतेदेखि **२०७६।०५।२५** गतेसम्म भर्नु हुन अनुरोध गरिएको छ। Online फाराम website: online.nams.org.np मा गई भर्न सकिनेछ र परीक्षा शुल्क रु. ३,१००।- (तीन हजार एक सय रुपैयाँ फिर्ता नहुने गरी) ई-सेवाबाट मात्र तिर्न सकिनेछ। थप जानकारीका लागि यस प्रतिष्ठानको website: nams.org.np मा हेर्न सकिनेछ।

सि.नं.	संस्था	विषय	सिट संख्या
१.	वीर अस्पताल नर्सिङ क्याम्पस	**Master in Nursing** 1. Women's health and development (WHD) - 6 2. Paediatric Nursing - 4	१० (दश)

द्रष्टव्य:

१. **वीर अस्पताल नर्सिङ क्याम्पसको कोटाबाट सःशुल्क**
- ६ सिट (WHD - ४ सिट र Paediatric Nursing - २ सिट) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको उम्मेदवारका लागि।
- १ सिट वीर अस्पताल र ट्रमा सेन्टरमा कार्यरत स्थायी नर्सिङ स्टाफहरूका लागि।
- १ सिट वीर अस्पताल नर्सिङ क्याम्पसमा कार्यरत स्थायी नर्सिङ शिक्षकहरूका लागि।
- १ सिट पुरुष उम्मेदवारहरूका लागि।
- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उम्मेदवार र Sponsored candidate ले फाराम भर्दा आफ्नो संस्थाबाट अध्ययनका लागि पूर्व स्वीकृति पत्र अनिवार्य पेश गर्नुपर्नेछ।
- Sponsored candidate ले आफ्नो संस्थामा कम्तीमा २ वर्ष स्थायी नोकरी गरेको तथा भर्नाको बखत Bond गरेको कागज पेश गर्नुपर्नेछ। नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उम्मेदवारहरूले भर्नाको बखत विदासम्बन्धी सम्पूर्ण प्रक्रिया सम्बन्धित उम्मेदवार आफैंले पूरा गरी भर्ना हुनुपर्नेछ।
- आरक्षित सिटहरू खाली हुन गएमा खुल्लाबाट पूर्ति गरिनेछ।

२. प्रवेश परीक्षाको मिति, समय र स्थान पछि प्रतिष्ठानको Web-site मा प्रकाशित गरिनेछ।
३. अनलाइन फाराम भर्दा तोकिएको प्रमाणपत्र पेश नगरिएका, विधि नपुगेका उम्मेदवारको आवेदन रद्द गर्न सकिनेछ।
४. भर्ना शुल्क प्रतिष्ठानको नियमानुसार हुनेछ।
५. अनलाइन फाराम भर्दा केही समस्या आएमा ई-सेवाका टोल फ्रि नम्बर : १६६०-०१०-२१२१ मा सम्पर्क गर्नु होला।

व्यापारिक भवन बिक्रीमा

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २२, न्यूरोड, खिचापोखरी स्थित कित्ता नं. ५०७, क्षेत्रफल ०-२-२-१ (रोपनी) मा बनेको व्यापारिक भवन तुरुन्त बिक्री गर्नु परेकोले उक्त भवन खरिद गर्न इच्छुक व्यक्ति तथा संघ संस्थाहरुले तल उल्लेखित मोबाइल नं. मा सम्पर्क गर्नुहोला।

मोबाइल नं. ९८५१२१५६०८

सेन्टर फर डेमोक्रेटिक इन्जिनियर्स नेपाल (सिडेन) को साधारण सभा सम्बन्धी सूचना !

यस सेन्टर फर डेमोक्रेटिक इन्जिनियर्स नेपाल (सिडेन) को विधान २०६५ को परिच्छेद ४ को दफा १३(घ) बमोजिमको साधारण सभा निम्न उल्लेखित मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण संस्थापक तथा साधारण सदस्य महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

मिति : २०७६/०५/२१ गते
समय : दिनको १:०० बजे
स्थान : ज्वागल ब्यांक्वेट, ज्वागल

साथै सिडेनका सम्पूर्ण सदस्यहरुको व्यक्तिगत विवरण अध्यावधिक गरि सदस्यता नम्बर समेत अभिलेखीकरण गर्ने समेत निर्णय भएको हुँदा संस्थाका सम्पूर्ण साधारण सदस्यहरुलाई सिडेनको वेवसाइट www.cden.org.np मा Membership Update मा उपलब्ध रहेको फारम भरि आफ्नो नविकरण शुल्क समेत बुझाई आफ्नो व्यक्तिगत विवरण अध्यावधिक गर्नुहुन सिडेन कार्यकारिणी समिति हार्दिक अनुरोध गर्दछ।

पुनश्चः मिति २०७६/०५/२० गते बेलुकी ५:०० बजे सम्ममा आफ्नो विवरण अध्यावधिक गराईसक्नु भएका सदस्य महानुभावहरु मात्रै सिडेनको वार्षिक साधारण सभामा भाग लिन पाउनुहुनेछ।

ई. बिनोद प्रकाश पण्डित
(महासचिव)

Call for proposals

First Date of Publish: 7th Aug 2019

Rural Reconstruction Nepal (RRN) a leading non-government development organization requests the call for sealed proposal for setup a mushroom farming unit and provide training for different varieties of mushrooms in Dolakha, District Nepal. This assignment will start from 27 August and will be completed by 27th September 2019 please visit www.rrn.org.np to see the full details of this procurement. The vendor (either national or international) should submit the company registration, PAN certificate, company tax clearance certificate before 23 Aug 2019 to RRN office Ghairidhara with a maximum bid price of NRs. 2,200,000.

RRN reserves the right to cancel the whole bidding process or accept or reject any bids at any stage of the selection process without assigning any reasons whatsoever. For any query please contact **abkhadka@rrn.org.np** or 014004985/ 4004976 (Ext 138)

PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

Empowered lives. Resilient nations.

The UNDP Nepal is soliciting proposals from interested firms/companies to provide the following services.

Reference No.: Request for Quotation - **UNDP/RFQ/17/2019 (Round 2)**
Project: Comprehensive Disaster Risk Management Programme (CDRMP)
Purpose: First Aid, Light Search & Rescue Training & Emergency Simulation Exercise for Community Based Disaster Management Committees in Sindhupalchok & Dolakha
Deadline for quotation submission: 5:00PM, August 23, 2019

Reference No.: Request for Quotation - **UNDP/RFQ/22/2019**
Purpose: Event Management Services to Manage Organization and Communication of Social Protection Conference
Deadline for quotation submission: 5:00PM, August 25, 2019

Reference No.: Request for Quotation - **UNDP/RFQ/23/2019**
Purpose: To Establish Long-Term Agreement for Conducting Written Exam
Deadline for quotation submission: 5:00PM, August 25, 2019
Interested firms/companies are requested to attend pre-bid meeting scheduled as follows:
Date: 21 August 2019, Time: 11:30 am to 12:30 pm
Venue: UN House, Pulchowk, Lalitpur

Reference No.: Request for Quotation - **UNDP/RFQ/16/2019 (Round 2)**
Project: Parliament Support Project (PSP)
Purpose: Establishing Virtual Communication/Conferencing Facility (VCF) in Provincial Assemblies and their districts
Deadline for quotation submission: 5:00PM, August 25, 2019

Reference No.: Request for Quotation - **UNDP/RFQ/24/2019**
Purpose: For Construction of Ramps at UN House, Pulchowk
Deadline for quotation submission: 5:00PM, August 26, 2019

Reference No.: Request for Proposal - **UNDP/RFP/05/2019**
Project: Green Climate Fund Readiness & Preparatory Support Programme (GCFRPSP)
Purpose: Capacity building training for National Designated Authority of Nepal
Deadline for bid submission: 09 September 2019

Weblink: http://www.np.undp.org/content/nepal/en/home/operations/procurement.html
Who can apply: National and international firms/companies
How to apply: As per the instructions in the detailed bidding document.

kantipurdaily.com

अर्थ वाणिज्य

धान रोपाइँ पोहोरजत्ति नै

■ **राजु चौधरी** (काठमाडौं)

सरकारले मुलुकभर धान रोपाइँ पोहोरकै हाराहारीमा रहेको विवरण सर्वजनिक गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार २०७६ भदौ १ गतेसम्म ९४.४३ प्रतिशत रोपाइँ भएको छ । यो २०७५ भदौ १ गतेको तुलनामा करिब १ प्रतिशत विन्दुले मात्रै कम हो । विवरणअनुसार २०७५ भदौसम्म ९५.३९ प्रतिशत रोपाइँ भएको थियो ।

'समग्रमा धान रोपाइँ क्षेत्रफलकै हाराहारीमा भएको छ,' कृषि मन्त्रालयका प्रवक्ता तेजबहादुर सुवेदीले भने, 'सिंचाइ, रोग/किरा नियन्त्रण र मलखाद सहज भए उत्पादन पनि राम्रो हुन्छ ।' गत वर्ष ५६ लाख १० हजार धान उत्पादन भएको थियो । वर्षभरि ६१ लाख टन धान आवश्यक पर्छ । यो कुल मागको करिब ५ लाख टन अपुग रहेको मन्त्रालयले जनाएको छ ।

'धान उत्पादनको अवस्थाबारे अहिले नै भन्न सकिएन, रोपाइँ क्षेत्रफलअनुसारै छ,' सुवेदीले भने, 'धानलाई चाहिने मल सिंचाइ भए उत्पादन पनि बढ्छ ।' मुलुकभर १३ लाख ७१ हजार ७ सय ६ हेक्टरमा धान रोपाइँ हुन्छ । यसमध्ये १२ लाख ९५ हजार २ सय ८३ रोपाइँ भएको उल्लेख छ । मन्त्रालयका विवरणअनुसार उच्च पहाडमा साढे १ प्रतिशतले बढेको छ । विवरणअनुसार २०७५ मा ९६.४४ प्रतिशत रोपाइँ भएकामा बढेर ९७.९३ प्रतिशत पुगेको छ । मध्य पहाडमा भने रोपाइँको संख्या घटेको छ । २०७६ भदौ १ गतेसम्म ९१.९५ प्रतिशत रोपाइँ छ । २०७५ भदौसम्म मध्य पहाडमा ९४.१६ प्रतिशत रोपाइँ भएको उल्लेख छ । धान रोपाइँ हुने मुख्य क्षेत्र तराईमा १ प्रतिशत रोपाइँ घटेको छ । २०७५ भदौ १ गतेसम्म ९५.७८ प्रतिशत रोपाइँ भएको थियो । २०७६ भदौ १ गतेसम्म ९५.१३ प्रतिशत रोपाइँ भएको उल्लेख छ ।

- १२ लाख ९५ हजार २ सय ८३ हेक्टरमा धान रोपाइँ
- रोपाइँको तथ्यांक कागजमा मात्रै हो : विज्ञ

मन्त्रालयले गत वर्षकै हाराहारीमा रोपाइँ भएको दाबी गरे पनि जानकारहरू तथ्यांक कागजमै मात्रै सीमित रहेको बताउँछन् । 'तीन तहका सरकारको मापदण्ड स्पष्ट छ । मातहतका कर्मचारीले बढाइचढाइ तथ्यांक दिएका छन्,' कृषिविज्ञ कृष्ण पौडेलले भने,

'बाँझो जमिन र प्लटिङ बढिरहेको छ । रोपाइँको तथ्यांक कागजमा मात्रै हो ।' यस वर्ष रोपाइँ पनि ढिला सुरु भएको थियो ।

रोपाइँ ढिला हुनुको मुख्य कारण मनसुन हो । नेपालको खेती प्रणाली मनसुनमै आधारित छ । पर्याप्त सिंचाइ सुविधा नहुँदा रोपाइँका लागि मनसुन नै कुनुपर्छ । मनसुन सक्रिय नहुँदा मन्त्रालयले पनि रोपाइँ घट्ने आकलन गरेको थियो । यस वर्ष झन्डै १० दिन पछि सुरु भएको मनसुन, त्यसपश्चात विभिन्न ठाउँमा आएको बाढीपहिराले रोपाइँ प्रभावित भएको मन्त्रालयको दाबी थियो । 'त्यसको हिसाबले रोपाइँ २०/२५ प्रतिशतले कम भएको देखिन्छ,' उनले भने । यद्यपि मन्त्रालयले रोपाइँ गत वर्षकै हाराहारीमा पुगेको दाबी गरेको हो । मन्त्रालयले भने स्थानीय तहसँगको सहकार्यमा विवरण संकलन गर्दै आएको जनाएको छ ।

मन्त्रालयका अनुसार प्रदेश १ मा धान रोपाइँको क्षेत्रफल करिब १ प्रतिशतले घटेको छ । भदौसम्म ९३.४९ प्रतिशत रोपाइँ भएको छ । धानको मुख्य उत्पादन हुने क्षेत्र प्रदेश २ र ३ मा रोपाइँ सामन्य भएको उल्लेख छ । विवरणअनुसार २०७५ भदौ १ सम्म ९३.१७ प्रतिशत रोपाइँ भएको प्रदेश २ मा ९३.३१ प्रतिशत रोपाइँ पुगेको छ । प्रदेश ३ मा करिब २ प्रतिशतले बढेर ९६.९५ प्रतिशत पुगेको छ । वर्षाका कारण यही दुई प्रदेश बढी प्रभावित भएका थिए । यस्तै गण्डकी प्रदेशमा भने ८ प्रतिशतले रोपाइँ घटेको छ । मन्त्रालयको विवरणअनुसार गण्डकी प्रदेशमा ८८.९२ प्रतिशत मात्रै रोपाइँ भएको उल्लेख छ । प्रदेश ५ मा पनि २ प्रतिशतले घटेर ९६.१६ प्रतिशत भएको छ ।

कर्णाली प्रदेशमा पनि धान रोपाइँ घटेको उल्लेख छ । कर्णालीमा ९८ प्रतिशतबाट घटेर ९६ मा झरेको छ । सुदूरपश्चिममा भने रोपाइँ शतप्रतिशत रहेको मन्त्रालयको तथ्यांकमा छ ।

क्यानडाको रिचमन्डमा जारी एघारौं लसुन उत्सवमा ताजा लसुन खरिद गर्दै उपभोक्ता । *तस्विर: सिन्हुवा*

नेपाल स्याटेलाइटको अनुमतिपत्र खारेज

दूरसञ्चार प्राधिकरणले दिएको म्यादमा बक्यौता तिर्न सकेन

■ **विजय तिमल्सिना** (काठमाडौं)

व्यापारी अजेयराज सुमार्गीको स्वामित्व रहेको दूरसञ्चार सेवा प्रदायक नेपाल स्याटेलाइटको अनुमतिपत्र खारेज भएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले दिएको म्यादमा बक्यौता तिर्न नसकेपछि अनुमतिपत्र खारेज भएको हो ।

प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले आइतबार नेपाल स्याटेलाइटको अनुमतिपत्र खारेज गर्ने निर्णय भएको जानकारी दिए । 'अब उसले ३५ दिनभित्र अनुमतिपत्र खारेजीको निर्णयविरुद्ध उजुरी हाल्न सक्छ,' उनले भने, 'हामीले दिएको म्यादमा बक्यौता नतिरेपछि खारेजीको निर्णय गरिएको हो ।'

नेपाल स्याटेलाइटले फ्रिक्वेन्सी दस्तुरबापत प्राधिकरणलाई करिब ८० करोड रुपैयाँ बक्यौता बुझाउन बाँकी छ । नेपाल स्याटेलाइटले हेलो नेपाल ब्रान्डमा सेवा प्रदान गर्दै आएको छ । प्राधिकरणबाट नेपाल स्याटेलाइटले ग्रामीण दूरसञ्चार सेवाको अनुमतिपत्र पाएको थियो ।

उसले मध्यपश्चिमाञ्चल, पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका दुर्गम स्थानमा सेवा पुऱ्याउने सर्तमा २०६४ फागुन ५ मा अनुमतिपत्र पाएको हो ।

प्राधिकरणले गत चैतमा बक्यौता बाँकी रहेको दूरसञ्चार सेवा प्रदायकलाई असार मसान्तसम्म बक्यौता तिर्न निर्देशन दिएको थियो । असार मसान्तसम्म बक्यौता नबुझाउनेलाई प्राधिकरणले १० दिने म्याद दिएर स्पष्टीकरण सोधेको थियो ।

प्राधिकरणले साउन ६ गते नेपाल स्याटेलाइटलाई अनुमतिपत्र किन खारेज नगर्ने भनेर स्पष्टीकरण सोधेको थियो । स्पष्टीकरणको जवाफ दिँदै नेपाल स्याटेलाइटले काठमाडौंमा सेवा विस्तारको अनुमति दिए मात्रै बक्यौता तिर्ने सर्त तेर्स्याएको थियो ।

साउन १८ गते बसेको प्राधिकरणको सञ्चालक समिति बैठकले नेपाल स्याटेलाइटलाई १५ दिनभित्र ७ करोड र ३ महिनाभित्र बाँकी रकम तिर्न म्याद दिएको थियो । अन्तिम पटक तोकिएको म्यादमा पनि रकम बुझाउन नसकेपछि अनुमतिपत्र खारेज भएको हो ।

नेपाल स्याटेलाइटका सेयरधनी

- सम्झना अर्याल
- मुक्तिश्री टेलिकम प्रालि
- एयरवेल सर्भिस लिमिटेड, साइप्रस
- पाकिस्तान मोबाइल कम्युनिकेसन, पाकिस्तान
- शेबा टेलिकम प्रालि, बंगलादेश

प्राधिकरणले बक्यौता बाँकी रहेको नेपाल स्याटेलाइटसहित अन्य दूरसञ्चार सेवा प्रदायकलाई पनि यही प्रक्रियामार्फत स्पष्टीकरण सोधेको थियो ।

स्मार्ट टेलिकमले नेपाल दूरसञ्चार प्राधिकरणलाई स्पष्टीकरण पेस गर्दै तत्काल ३० करोड बक्यौता रकम बुझाउने र बाँकी रकम ३ महिनाभित्र बुझाउने प्रतिबद्धता गरेको थियो । स्मार्टले आफ्नो प्रतिबद्धताअनुसार ३० करोड रुपैयाँ प्राधिकरणलाई बुझाइसकेको छ । प्राधिकरणका अनुसार स्मार्ट टेलिकम प्रालिले २ अर्ब ५९ करोड बक्यौता तिर्न बाँकी छ ।

प्राधिकरणलाई युनिलिभर नेपालसहित ब्रोडलिंक कम्युनिकेसन, वेभसर्फर नेपाल कम्युनिकेसन सिस्टम प्रालि, आइटेल कम्युनिकेसन प्रालि, आइफो टेक्नोलोजी प्रालिले पनि बक्यौता बुझाउन बाँकी छ । प्राधिकरणले आइतबारै वेभसर्फर कम्युनिकेसन सिस्टम प्रालि र आइटेल कम्युनिकेसन प्रालिको पनि अनुमतिपत्र खारेजीको निर्णय गरेको छ । दुवै कम्पनीले क्रमशः ४ करोड ६२ लाख र ३४ लाख रुपैयाँ बुझाउन बाँकी छ । नौ वटा दूरसञ्चार सेवा प्रदायक कम्पनीले असार मसान्तसम्म प्राधिकरणलाई ४ अर्ब ३१ करोड रुपैयाँ बुझाउन बाँकी छ । फ्रिक्वेन्सी दस्तुर, नवीकरण दस्तुर, रोयल्टी र ग्रामीण दूरसञ्चार कोषजस्ता शीर्षकमा दूरसञ्चार कम्पनीले रकम तिर्न बाँकी छ ।

संसदको अर्थ समितिले माघ २७ गते एक महिनाभित्र बक्यौता असुल्न र नतिर्नेको लाइसेन्स खारेज गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको थियो । समितिको निर्देशनअनुसार प्राधिकरणले सेवा प्रदायकलाई एक महिनाभित्र बक्यौता तिर्न पत्राचार गरे पनि केही सेवा प्रदायकले तत्काल रकम तिर्न नसक्ने भन्दै प्राधिकरणलाई पत्र लेखेका थिए ।

अर्थ समितिले प्राधिकरणलाई बक्यौता रकम असुल नभएसम्म ती कम्पनीहरूलाई थप सुविधा र पुँजी वृद्धिलगायत सेवा विस्तारको अनुमति नदिन पनि निर्देशन दिएको थियो । बक्यौता तिर्न बाँकी रहेका कम्पनीले एक महिनाभित्र तिर्न नसक्ने भन्दै पत्र पठाएपछि प्राधिकरणले चैतमा असार मसान्तभित्र तिर्ने गरी नयाँ म्याद तोकेको थियो ।

प्राधिकरणले बक्यौता तिर्न बाँकी भएको अर्को कम्पनी युनाइटेड टेलिकम लिमिटेड (यूटीएल) लाई पनि स्पष्टीकरण सोध्ने तयारी गरेको भए पनि अदालतले अन्तरिम आदेश दिएका कारण पत्र पठाइएको छैन । यूटीएलले प्राधिकरणलाई ८७ करोड रुपैयाँ बुझाउन बाँकी छ ।

प्राधिकरणले असार २२ गते सेवा प्रदायकहरूलाई असार मसान्तभित्र बक्यौता नतिरे खारेजी प्रक्रियामा जाने भन्दै स्मरण गराएको पत्रलाई लिएर यूटीएलले अदालतमा मुद्दा दायर गरेको थियो ।

यूटीएलले दायर गरेको मुद्दामा असार ३१ गते न्यायाधीश पुरुषोत्तम भण्डारीले यूटीएललाई पठाइएको पत्र कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएका थिए । अदालतको अन्तरिम आदेशका कारण यूटीएललाई स्पष्टीकरण सोध्न नसकिएको खनालले बताए । अदालतको अन्तरिम आदेशविरुद्ध प्राधिकरण भ्याकेटमा गएको छ ।

दूरसञ्चार ऐनको दफा २८ को उफा दफा ४ मा अनुमति पत्र खारेज गर्नुअघि सम्बन्धित अनुमति प्राप्त व्यक्तिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्ने प्रावधान छ ।

आधारदर घटे पनि ब्याज घटेन

■ **यज्ञ बज्राडे** (काठमाडौं)

अघिल्लो वर्षको तुलनामा गत वर्ष बैंकहको ऋणको ब्याजदर निर्धारण गर्ने सूत्र (आधारदर) घटे पनि ग्राहकले सस्तो दरमा ऋण पाउन सकेका छैनन् । राष्ट्र बैंकको निर्देशनअनुसार आधारदरमा आएको घटबढअनुसार बैंकले हरेक तीन महिनामा ऋणको (नयाँ/पुराना) ब्याजदर पनि परिमार्जन गर्नुपर्छ । आधारदरमा आएको परिवर्तन अनुसार अपवादबाहेक सबैजसो बैंकले ऋणको ब्याजदर घटाएका छैनन् । यसको अर्थ राष्ट्र बैंकको निर्देशन प्रभावकारी रूपमा पालना भएन भन्ने हो ।

बैंकहरूले प्रकाशित गरेको चौथो त्रैमासको वित्तीय विवरणअनुसार गत असारमा वाणिज्य बैंकको औसत आधार ब्याजदर ९.५५ प्रतिशत छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा गत असारमा यस्तो दर ०.८७ प्रतिशत विन्दुले घटेको हो । अघिल्लो वर्षको असारको तुलनामा गत वर्षको सोही अवधिमा २६ वटा बैंकको आधारदर घटेको छ भने २ वटाको मात्र बढेको छ ।

यही बीचमा राष्ट्र बैंकले बैंकको आधारदर गणना सूत्र पनि परिमार्जन गरेको छ । नयाँ सूत्रअनुसार बैंकले आधारदर गणना गर्दा सम्पत्तिमा प्रतिफल जोड्न पाउँदैनन । यसअघि सम्पत्तिमा प्रतिफलबापत ०.७५ प्रतिशत आधारदरमा जोड्न पाउने व्यवस्था थियो । आधारदर गणनाको परिमार्जित सूत्रअनुसार हरेक बैंकको आधारदरमा ०.७५ प्रतिशतले घटेको थियो । आधारदर घटे पनि बैंकहरूले सोही दरले ऋणको ब्याजदर घटाएनन् । बरु बैंकहरूले नयाँ ऋणको ब्याजदर घटाउने तर पुरानाको नघटाउने प्रस्ताव राष्ट्र बैंकमा पेस गरे । उक्त प्रस्तावलाई राष्ट्र बैंकले सिधै स्वीकार त गरेन, मौन स्वीकृति दिएको देखियो किनकि त्यतिबेला पनि अपवादबाहेक बैंकले पुराना ऋणको ब्याजदर घटाएनन् । (नयाँ ऋणको ब्याजदर भने केही बैंकले थोरै घटाएका थिए ।) यो अवस्था धेरै टिकेन । बजारमा तरलता (लगानीयोग्य रकम) अभाव समस्या सिर्जना भयो । यही मौकामा बैंकले फेरि ऋणको ब्याजदर बढाइहाले । अहिले पनि यही अवस्था छ । गत असारमा बैंकहरूको आधारदर करिब एक प्रतिशत विन्दुले घटेपछि ग्राहकले ऋण घटेको आभास गर्न पाएका छैनन् ।

बैंकहरू भने ऋणको ब्याजदर पनि घटेको दाबी गर्छन् । ग्राहकलाई जहिले पनि ब्याजदर घट्नैपर्छ भन्ने भएकाले उनीहरूलाई ब्याजदरमा आएको सामान्य परिवर्तनले नछुने उनीहरूको भनाइ छ । 'अघिल्लो वर्षभन्दा गत वर्ष ऋणको ब्याजदर घटेको छ, यो बिस्तारै घट्दै जाने हो,' बैंकर्स संघका कार्यकारी सदस्य एवं प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले भने । बैंकहरूको ब्याजदर एकै पटक नभए बिस्तारै घट्ने भएकाले आत्तिहाल्नुपर्ने अवस्था नरहेको उनको भनाइ छ ।

बैंकहरूले ऋणको ब्याजदर घटेको बताइरहे पनि राष्ट्र बैंकको तथ्यांकबाट त्यो पुष्टि हुँदैन । राष्ट्र बैंकको तथ्यांकअनुसार गत आर्थिक वर्षको ११ महिनासम्म वाणिज्य बैंकहरूको औसत कर्जा दर १२.२० प्रतिशत छ । अघिल्लो वर्षको ११ महिनामा बैंकको यस्तो दर औसत १२.२३ प्रतिशत थियो । यसको अर्थ बैंकको आधार ब्याजदर एक वर्षमा औसतमा एकदेखि डेढ प्रतिशतले घटेको छ तर ऋणको औसत ब्याजदर भने ०.३ प्रतिशत विन्दुले मात्र घटेको देखिन्छ । ऋणको ब्याजदर नघटेको उद्योगी व्यवसायीले पनि गुनासो गर्दै आएका छन् ।

यो वर्ष राष्ट्र बैंकले बैंकको कर्जा तथा निक्षेपको ब्याजअन्तर (स्प्रेड) सूत्र परिमार्जन गरेको छ । ऋणको ब्याजदर घटाउनकै लागि यो व्यवस्था गरिएको राष्ट्र बैंकको भनाइ छ । नयाँ सूत्रअनुसार बैंकले सरकारी सुरक्षणमा गरेको लगानीबापतको प्रतिफल स्प्रेड गणनामा समावेश गर्न पाउँदैनन् । यो व्यवस्थाले प्रत्येक बैंकको मुनाफा करिब १ प्रतिशत विन्दुले घट्ने बताइएको छ ।

यसकारण ऋणको ब्याजदर घटाउनुपर्ला भन्ने डरले वाणिज्य बैंकको छाता संगठन नेपाल बैंकर्स संघले स्प्रेड गणनाको नयाँ विधिमा आपत्ति जनाइसकेको छ । संघले विज्ञप्ति निकालेर नयाँ सूत्रअनुसार स्प्रेड गणना गरिए बैंकको आम्दानी करिब २५ प्रतिशतले कमी आउने दाबी संघले गरेको छ ।

त्यसो त यो विषयमा राष्ट्र बैंक केही लचिलो बन्ने संकेत पनि दिइसकेको छ । स्प्रेड गणनाको नयाँ विधिले ठूलो परिणाममा आम्दानी घट्ने भन्दै अत्तालिएका बैंकहरूलाई राष्ट्र बैंक केही चचिलो बन्ने आश्वासन दिएको जानकारी प्राप्त भएको छ ।

हाललाई पुरानै विधिबाट स्प्रेड गणना गर्ने र ०७७ असारसम्ममा नयाँ सुत्र अनुसार स्प्रेड ४.४ विन्दुमा कायम गरे हुने आश्वासन राष्ट्र बैंकबाट प्राप्त भएको बैंकहरू दबी गर्छन् । 'यो वर्ष पुरानै विधिबाट स्प्रेड गणना हुन्छ,' बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगानाले कान्तिपुरसँग भने, '०७७ असारसम्म ४.४ विन्दुमा झार्नुपर्छ, यो विषयमा बैंक र राष्ट्र बैंक दुवै स्पष्ट छौं ।'

यसअघिको व्यवस्थाअनुसार गत असारसम्म वाणिज्य बैंकहरूले स्प्रेड ४.५ प्रतिशतमा झारिसक्नुपर्ने थियो तर यो मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले स्पेडको गणना विधि परिमार्जन गऱ्यो । वित्तीय विकास रणनीतिको व्यवस्था भन्दै बैंकहरूले ०७७ असारसम्म ४.४ प्रतिशत विन्दुमा झारे हुने व्यवस्था राष्ट्र बैंकले गऱ्यो । यो व्यवस्था बैंकहरूलाई चित्त बुझेको छैन ।

यस्तै, गत वर्ष बैंकको खुद नाफा करिब २५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष करिब ५२ अर्ब रूपैयाा कमाएका २८ वटा वाणिज्य बैंकहरूले गत वर्ष कुल ६५ अर्ब रूपैयाँ नाफा कमाएका छन् । उता बैंकको नाफा बढे पनि सेयरधनीको प्रतिफल (आरओई) धेरै बैंकको घटेको छ । गएको दुई वर्षमा बैंकहरूले चार गुणा पुँजी बढाए । एकै पटक धेरै पुँजी बढाएकै कारण पछिल्ला तीन वर्षमा आरओई घटदो क्रममा छ । यसकारण रकमका आधारमा मात्र बैंकको नाफा बढेको रूपमा हेर्न नहुने बैंकरहरूको तर्क छ ।

इन्जिनियरले खोले ठेट्नो मकै घर

■ **नुमा थाम्सुहाङ** (काठमाडौं)

नेपाली ठेट शब्द हो ठेट्नो । भुट्दा फुल नउठेको मकैलाई ठेट्नो भनिन्छ । नेपाली मौलिक शब्दलाई इंगित गर्ने यो शब्दले स्थानीय मकैको स्वाद पनि झल्काउँछ । यही स्वादलाई बचाइराख्न नयाँ बानेश्वरको संगम चोकमा खुलेको छ- ठेट्नो मकै घर ।

मकैका पारखीहरूलाई यो घरले लोभ्याउँदै छ । बीबीए सकेका विद्यार्थी अभिषेक सिंह साथी रिचा केसीसँग मकैको फरक परिकार चाख्न यहाँ आएका थिए । साथीले भनेपछि पहिलोपकट मकै घर आएका दुवैलाई भिन्न परिकारको स्वाद लिन हतारो थियो । 'साथीले मकै घरको परिकार भिन्न छ भनेपछि हामी पनि एकचोटि स्वाद लिई हेरुम् भनेर आएका हौं,' रिचाले भनिन्, 'ठेट्नो नामै फरक छ । खाना पकाउने शैली र परिकार पनि नयाँ ।'

त्यही मेसोमा मकै घरमा पुगेका थिए- ठमेलका अनील खड्का । उनलाई भने मकैघरको म:म: मिठो र फरक लाग्यो । परिकारको मूल्य पनि सबै नेपालीले धान्न सक्ने लागेको उनले बताए । 'म ठमेलबाट मकैघरको म:म: चाख्न आएको हुँ,' खड्काले भने, 'म:म:को स्वादै बेग्लै छ । मकैको परिकारको मूल्य पनि ठिकै छ ।'

स्वयम्भूका चन्द्रसिंह तामाङ र कविता तामाङ पनि पहिलोपटक मकैघर आएका थिए । मकैघर मकैका पारखीहरूका लागि राम्रो, सफा, व्यवस्थित र क्रिएटिभ लागेको कविताले बताइन् । 'मकैघरले साँच्ची नै मकै प्रेमीलाई लोभ्याउँछ,' उनले भनिन्, 'यहाँको वातावरण नै व्यवस्थित र क्रिएटिभ छ । नयाँ मानिसले मकैको परिकारको मज्जा लिँदा हुन्छ ।' मकैघरले स्थानीय खानाको पनि झल्को दिने उनले बताइन् ।

पात्पाका विपिल कँडेलले जेठ २३ गतेबाट ठेट्नो मकै घरको सुरुवात गरेका हुन् । मकैका पारखीहरूलाई व्यवस्थित, सफा र शुद्ध मकैको परिकार तथा स्थानीय खानालाई प्रवर्द्धन गर्ने उद्देश्यले ठेट्नो मकैघर खोलेको उनले बताए ।

मकैका पारखीहरूलाई व्यवस्थित, सफा र शुद्ध मकैको परिकार तथा स्थानीय खानालाई प्रवर्द्धन गर्न बानेश्वरमा ठेट्नो मकै घर

०६७ सालमा स्नातक तहमा इन्जिनियरिङ गर्न काठमाडौं आएका कँडेलले आफ्नै फर्म पनि सञ्चालन गरेका छन् । पुल्चोक इन्जिनियरिङ कलेजबाट मास्टर सकेका उनले फार्म सञ्चालन गरेको २ वर्ष नबित्दै आफ्नै मिहिनेत र लगानीमा खानाको व्यवसाय सुरु गरेका हुन् ।

अफिसमा साथीहरूसँग बसेर चिया खाइरहेको समयमा बाहिर एक महिलाले गाह्रो तरिकाले मकै पोलेको देखेपछि केही गर्ने सोच पलाएको उनले बताए । 'मैले ती महिलाले एकदम अप्ठ्यारो तरिकाले मकै पोलेको देखें,' कँडेलले भने, 'त्यतिबेलै केही गर्ने सोच भयो ।'

मकैका पारखीहरूलाई व्यवस्थित रूपले खाने ठाउँ छैन । सफा, शुद्ध र व्यवस्थित मकैको परिकार खाने वातावरण उपलब्ध गराउन यसको सुरुवात गरेको उनले बताए ।

केही गर्ने सोच भए पनि कसरी सुरुवात गर्ने समस्या कँडेललाई थियो । यसलाई व्यवस्थित गर्न उनले मकै पोल्ने मेसिन तयार गर्ने सोचमा इन्टरनेटमा खोजी सुरु गरे । इन्टरनेटमा खोज्दा पनि केही नभएपछि उनी आफैंले प्रयास गरे । ६ महिनापछिको प्रयासले मकै पोल्ने मेसिन तयार गरे ।

'आफैंले ट्राइल गर्दै बनाउँदा ६ महिना लाग्यो,' कँडेलले भने, '१ लाख ५० हजार रुपैयाँ लगानीमा मकै पोल्ने मेसिन तयार भयो ।' मेसिनले एकपटकमा १० वटा र एकदिनमा १ हजारवटासम्म मकै पोल्न सक्ने उनी बताउँछन् । 'अहिलेसम्म मकै पोल्ने मेसिन मैले यहाँबाहेक अन्त प्रयोगमा आएको देखेको छैन । ग्राहकले माग गरे भने बनाएर बेच्ने सोचमा छु,' कँडेलको भनाइ छ । ८ लाख रुपैयाँ लगानी गरेर सञ्चालन गरेको व्यवसायले तीनजनाले प्रत्यक्ष र दुईजनाले अप्रत्यक्ष रूपमा रोजगारी पाएका छन् ।

भक्तपुर र सिन्धुपाल्चोकको पाँचखालबाट दिनमा ६० वटाका दरले मकै मगाउने गरेको कँडेलले बताए । लोकल उत्पादन र नेपाली प्रविधिलाई प्रवर्द्धन गर्न नेपालकै स्थानीय क्षेत्रमा पाइने खाद्यान्न बाली तथा प्रविधिको प्रयोग गरेको उनको भनाइ छ ।

त्रिवेणी नाकाबाट सामान आयात खुला

■ **नवीन पौडेल** (नवलपुर)

गण्डकी प्रदेशको भारतसँग जोडिएको त्रिवेणी छोटी भन्सारबाट २५ हजार रुपैयाँ बराबरको सामान निकासी पैठारी सुरु भएको छ। यसअघि सवारी सुविधा काट्ने मात्र सेवा हुँदै आएकामा आइतबारदेखि यस्तो सेवा थपिएको हो।

त्रिवेणी पश्चिम नवलपरासीस्थित महेशपुर भन्सार कार्यालयमातहत छ। संघीयतापछि गण्डकी प्रदेशको भारतसँग जोडिएको एक मात्र त्रिवेणी नाका भएकाले यसको स्तरोन्नतिको माग हुँदै आएको छ। पूर्वी नवलपरासीका उद्योगी व्यवसायी र स्थानीयले जनप्रतिनिधिमार्फत प्रदेश र केन्द्र सरकारलाई छोटी भन्सारको स्तरोन्नतिको माग गर्दै आइरहेका छन्।

नाकाको स्तरोन्नति नभए पनि घरायसी सामान किनमेलका लागि सर्वसाधारणलाई सहज हुने भएको छ। प्रदेश नम्बर ५ को नाका हुँदै किनमेलका लागि जानुपर्ने सीमावर्ती नाकाका स्थानीयलाई सहज भएको छ।

भन्सार सेवाको संघिय सांसद तिलक महतले भारतबाट नेपालमा सामान ल्याएका ३ जना सन्तोष सिंह, राजेश शाह र दिनेश उरहुलाई प्रज्ञापन पत्र प्रदान गरी सेवाको प्रारम्भ गरेका थिए। 'वर्षौंदेखि बन्द जस्तै अवस्थामा रहेको त्रिवेणी भन्सारलाई स्तरोन्नति गर्ने कार्यको थालनीस्वरूप २५ हजारसम्मको भन्सार काट्ने सुविधा सुरु भएको छ,' महतले भने, 'आगामी २ महिनाभित्र १ लाख बराबरको भन्सार काट्न सक्ने गरी स्तरनोन्नति गर्न भन्सार विभागमा पहल गर्नेछु।'

सर्वसाधारणलाई घरायसी सामान किनमेलका लागि २५ हजारसम्मको भन्सार सुविधा पर्याप्त भए पनि व्यवसायीका लागि भने यसले खासै महत्त्व नराख्ने व्यवसायीको भनाइ छ।

उद्योग वाणिज्य संघ नवलपुरका अध्यक्ष डासुराज पोखेलका अनुसार २५ हजार रुपैयाँसम्मको सामान भारतबाट नेपाल ल्याएर व्यवसायीलाई कुनै पनि फाइदा नहुने बताए। 'सामान्य किनमेलका लागि खुला नाका भएको कारण घरायासी प्रयोजनका लागि दैनिक उपभोग्य वस्तु यसअघि पनि भारत र नेपाली पक्ष कसैले पनि रोकेका थिएनन्,' उनले भने, 'यसको भौतिक रूपमा पूर्वाधार निर्माण गरेर आयात र निर्यात दुवै हुने गरेर करोडौंको सामान ओसारपसार गर्न पाउने गरी स्तरोन्नति हुन आवश्यक छ।'

महेशपुर भन्सार कार्यालयका प्रमुख हेमचन्द्र शर्माका अनुसार मूल भन्सारबाटै सोचेजस्तो आयात निर्यात नभएको बताए। 'छोटी भन्सार सञ्चालनका लागि भारततर्फ पनि भारतीय कस्टम (नाका) हुन आवश्यक छ,' उनले भने, 'दुवै देशका भन्सार विभागका अधिकारी बसेर भौतिक पूर्वाधार पूरा गरेपछि स्तरोन्नति गर्न सकियो भने बल्ल नाका पूर्ण रूपमा सञ्चालन हुन सक्छ।'

अर्थ संक्षेप

नाडामा महिन्द्राका दुई नयाँ मोडल

काठमाडौं (कास)- यस पटकको नाडा अटो शोको अवसर पारेर महिन्द्राका पछिल्ला उत्पादनहरू 'एक्सयूभी-३००' तथा 'मराजो' नेपाली बजारमा सार्वजनिक गर्न लागिएको छ। एक्सयूभी-३०० र मराजोले नाडा अटो शोमा सबैको ध्यान खिच्ने अपेक्षा गरिएको छ। महिन्द्राको एक्सयूभी-३०० नेपाली बजारमा निकै प्रतिक्षा गरिएको मिड साईज एसयूभी हो। महिन्द्राको नयाा प्लाटफर्म 'एक्स-१००' अवधारणामा आधारित एक्सयूभी-३०० को डिजाइन निकै आक्रामक रहेको बताइएको छ। यस्तै महिन्द्राको पहिलो एमपीभी मराजो पनि यस वर्षको नाडा अटो शोमा मुख्य आकर्षणको रूपमा रहनेछ।

दसैंमा केएनपीको रंगमा दंग

काठमाडौं (कास)- जापानको हेल्थी होम पेन्ट केएनपीले दसैंको अवसर पारेर पुनः रंगमा दंग योजना बजारमा ल्याएको छ। यस योजनाअन्तर्गत ग्राहकहरूले केएनपी इम्प्रेसन र एक्सल टोटलको प्रत्येक ६० हजार (भ्याटसहित) को खरिदमा एउटा कुपन प्राप्त गर्न सक्नेछन्। यस योजनामा ग्राहकले लक्की ड्र मार्फत बम्परमा १० तोला सुन, १० भाग्यशाली ग्राहकले स्मार्ट फोन र ३ भाग्यशाली ग्राहकले एलईडी टीभी जित्ने अवसर प्राप्त गर्न सक्ने जनाइएको छ। यसका साथै ग्राहकले हात खाली नजाने उपहारअन्तर्गत हाते घडी जित्न सक्ने बताइएको छ।

सिप्रदी-बिमा कम्पनी सम्झौता

काठमाडौं (कास)- नेपालका लागि टाटा मोटर्सको आधिकारिक वितरक सिप्रदी टेड्रिङ तथा एनएलजी इन्स्योरेन्स, प्रिमियर र ओरियन्टल इन्स्योरेन्स कम्पनीबीच क्यासलेस इन्स्योरेन्ससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

काठमाडौंस्थित सिप्रदीको मुख्य कार्यालयमा आयोजित एक समारोहमा हस्ताक्षर भएको हो। सिप्रदीका उपाध्यक्ष सौरभराज थपलिया, प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठ, प्रमुख अपरेटिङ अधिकृत राजेश गिरी, एनएलजीका प्रमुख कार्यकारी अधिकृत सुनील पन्त, प्रिमियरका प्रमुख कार्यकारी अधिकृत सुधुम्न प्रसाद उपाध्याय र ओरियन्टल इन्स्योरेन्सका तर्फबाट क्षेत्रीय प्रबन्धक एमडी नायरले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए।

चेम्बर-मेडिसिटी सहकार्य

काठमाडौं (कास)- नेपाल चेम्बर अफ कमर्स र मेडिसिटी हस्पिटलबीच सोमवार सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। चेम्बरका तर्फबाट अध्यक्ष राजेश काजीश्रेष्ठ र मेडिसिटी हस्पिटलका तर्फबाट अध्यक्ष डा. उपेन्द्र महतोले समझदारीपत्रमा हस्ताक्षर गरे। दुवै पक्षले संयुक्त रूपमा व्यवशायीक उत्तरदायित्वसहितको कार्यक्रम गर्ने, नेपाल चेम्बर अफ कमर्सका पदाधिकारी, सदस्य, वस्तुगत, आवद्ध, द्विराष्ट्रिय, जिल्ला, नगर चेम्बर अफ कमर्सका सदस्य र चेम्बरसाग आवद्ध व्यक्तिलाई हस्पिटलमा सहुलियतपूर्ण दरमा स्वास्थ्य सेवा उपलब्ध गराउनेलगायतमा सहमति गरेका थिए।

रावा बैंक एम्बासडरमा अनुष्का

काठमाडौं (कास)- राष्ट्रिय वाणिज्य बैंकले आफ्नो व्यवसाय प्रवर्द्धनका लागि मिस नेपाल-२०१९ अनुष्का श्रेष्ठलाई सोमबार एक कार्यक्रमका बीच ब्रान्ड एम्बासडरमा नियुक्त गरेको छ। बैंक र दि हिडन ट्रेजरबीच भएको सम्झौतामा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र दि हिडन ट्रेजरका अध्यक्ष गोपाल सुन्दरलाल कक्षपतिले हस्ताक्षर गरे। प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्नका लागि बैंकले ब्रान्ड एम्बासडरमा मिस नेपाल २०१९ अनुष्का श्रेष्ठलाई नियुक्त गरिएको बताए।

फर्निसिङ एक्स्पोको तयारी अन्तिम चरणमा

काठमाडौं (कास)- भदौ अन्तिम साता काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने सातौं फर्निचर तथा फर्निसिङ एक्स्पो फर्नेक्स २०१९ को तयारी अन्तिम चरणमा पुगेको छ। एक्स्पो भदौ २५ देखि २९ गतेसम्म सञ्चालन हुनेछ। नेपाल फर्निचर तथा फर्निसिङ संघको आयोजनामा हुन लागेको एक्स्पोको व्यवस्थापक इभेन्ट सोलुसनले सबै तयारी अन्तिम चरणमा पुगेको जनायो।

नेपाल स्टक एक्सचेन्ज

२ भदौ २०७६ को कारोबार

कम्पनीको नाम	अघिल्लो दिनको मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	फरक
कृषि विकास बैंक	४३०	४३१	३८७१७	१
अपी पावर लि	१३०	१३१	५७१५	१
अरूण कावेली पावर	१५८	१६३	१९१८	५
अरूणभ्याली हाइड्रोपावर	१०१	१०२	५२२९	१
आशा लघुवित्त	४६६	४७६	२१६५	१०
एसियन लाइफ इन्स्योरेन्स	३४३	३४९	३०७२	६
बैंक अफ काठमाडौं लि.	२५८	२६०	११४०४	२
बेस्ट फाइनान्स	९८	९७	१७५६	-१
बुटवल पावर क. लि.	३८६	३९६	५३८४	१०
सेन्टल फाइनान्स	११६	११४	५७१९	-२
सेन्चुरी कमर्सियल बैंक	१५७	१६१	२२६४६	४
छिमेक लघुवित्त विकास बैंक	९८८	९९३	२१५९	५
चिलिमे हाइड्रोपावर	४५८	४४९	११७२४	-९
सिटिजन बैंक इन्टरनेशनल	२१७	२१८	२०१६५	१
सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट	२३५८	२३६२	१४८५	४
सिभिल बैंक	१४८	१४९	३४९१०	१
डिप्रोक्स डेभलपमेन्ट बैंक	७५२	७५६	३७६८	४
देव विकास बैंक	१३८	१३८	७२६२	०
दिव्यश्वरी हाइड्रोपावर	६०	६०	१९८१	०
एभरेष्ट बैंक लि.	६४२	६५१	७५८८	९
एक्सेल डेभलपमेन्ट बैंक	२७५	२८९	१९५१	१४
फस्ट माइक्रोफाइनान्स	३९४	३९६	४४३४	२
गणपति माइक्रोफाइनान्स	५६४	५८१	५७०	१७
गण्डकी विकास बैंक	२०४	२०७	८५३६	३
गरिमा विकास बैंक	२१६	२१५	१२६३१	-१
ग्लोबल आईएमई लघुवित्त	७४७	७९३	७०४४	४६
गुडविल फाइनान्स	१३९	१४१	२४४१	२
ग्रामीण विकास बैंक	३६१	३६६	२६४५	५
ग्रिन डेभलपमेन्ट बैंक	१०६	१०६	२३२५	०
गुहेश्वरी मर्चेन्ट एन्ड फाइनान्स	११९	११६	२९७३	-३
गुराश लाइफ इन्स्योरेन्स	४४९	४५६	३०१६	७
गोर्खा फाइनान्स	११९	११८	२८७६	-१
हिमालयन ऊर्जा विकास	१२७	१२८	१५१०	१
हिमालयन बैंक	५४८	५४९	५२३१	१
हिमालय जनरल इन्स्योरेन्स	३३१	३२८	५४८८	-३
हिमालय पावर पार्टनर	१५८	१६२	२०४०	४
जलविद्युत लगानी तथा विकास क.	१४७	१५०	७३४९	३
आईसीएफसी फाइनान्स	१६१	१६१	११०१	०
इन्फिनिटी लघुवित्त	४६७	४७४	३४६९	७
जानकी फाइनान्स	१९०	१९०	१०४६	०
ज्योती विकास बैंक	१५६	१५८	१३५१७	२
कामना सेवा विकास बैंक	१४८	१५१	२३९५	३
कुमारी बैंक लि.	२०२	२०५	३३२३५	३
लक्ष्मी बैंक	२१४	२१६	१४७८६	२
लाइफ इन्स्योरेन्स	११२०	११२०	८७८	०
लुम्बिनी विकास बैंक	१७७	१८०	११२१२	३
लुम्बिनी जनरल इन्स्योरेन्स	४०७	४०७	३७२५	०
माछापुच्छ्रे बैंक लि.	२५५	२५७	२०८९१	२
महालक्ष्मी विकास बैंक	२०३	२११	४१५५०	८
मञ्जुश्री फाइनान्स	१२७	१२९	१५०४०	२
मेगा बैंक	२००	२०२	२६०९३	२
मेरो माइक्रोफाइनान्स	५२५	५३५	८८१	१०
माउन्टेन हाइड्रो	१००	९९	८७०	-१
मुक्तिनाथ विकास बैंक	३२६	३२९	२५६३३	३
नबिल बैंक	७७९	७७८	१०२९७	-१
नेशनल हाइड्रोपावर	६२	६१	४२५५५	-१
नेशनल लाइफ इन्स्योरेन्स	५५२	५७१	४४६१	१९
नेको इन्स्योरेन्स	४५१	४५२	१२०२६	१
नेपाल एग्रो लघुवित्त	८१०	८००	१७८०	-१०
नेपाल बंगलादेश बैंक लि.	२१६	२१८	२७४९०	२
नेपाल बैंक लि.	३२५	३२६	३३७७९	१
नेपाल क्रेडिट एन्ड कमर्स बैंक	२०३	२०५	२२७४६	२
नेपाल दुरसंचार कम्पनी	६६६	६७०	६४९३	४
नेपाल इन्स्योरेन्स	३१०	३०९	६४६०	-१
नेपाल इन्भेष्टमेन्ट बैंक	४७९	४८०	३११९२	१
नेपाल लाइफ इन्स्योरेन्स क. लि.	८६८	८६९	२७११	१
नेपाल एसबीआई बैंक	४४०	४४६	५८९५	६
नेरूडे लघुवित्त	५४८	५६०	४४१२	१२
एनआईसी एसिया बैंक	४५१	४६०	३७४८८	९
निर्धन उत्थान	८७०	८७९	८९०	९
ओरिन्टेल होटल	५८९	६०५	३४४९	१६
पन्चकन्या माई हाइड्रो	१०२	१००	६७०	-२
पाचथर पावर क.	११७	११५	११६५	-२
प्रभु बैंक	२७०	२७१	४४९८०	१
प्रभु इन्स्योरेन्स	३४९	३४७	४२२९	-२
प्रिमियर इन्स्योरेन्स	४५५	४६०	१३६१	५
प्राइम कमर्सियल बैंक	२७६	२७८	१२७८८	२
प्राइम लाइफ इन्स्योरेन्स	४०७	४१०	३८९८	३
प्रुडेन्सियल इन्स्योरेन्स	४८५	४८०	२२७८	-५
राइराङ हाइड्रोपावर	१०३	१०२	५१७०	-१
राष्ट्रिय बीमा	९३१०	९१७२	४५	-१३८
रसुवागढी हाइड्रोपावर	२०५	२०६	१०५३३८	१
आरएसडीसी लघुवित्त	३५१	३५८	२५९७	७
सामुदायिक लघुवित्त	६८९	६९४	१८८०	५
साना किसान विकास बैंक	९८०	९८३	७४४४	३
सानिमा बैंक	३४८	३५०	१२२५६	२
सानिमा माइ हाइड्रो	२३२	२३१	१२७४४	-१
सान्जेन जलविदुत	२१७	२२२	३७३००	५
सांग्रीला डेमलपमेन्ट बैंक	१४६	१४४	६३३०	-२
साइन रेसुङ्गा डेभलपमेन्ट बैंक	२५१	२५२	२१२२	१
शिवम सिमेन्ट	५८२	५८८	१९९३७	६
सिद्धार्थ बैंक	३१५	३१९	७९००	४
सिद्धार्थ बैंक संस्थापक	१९६	१९६	१३१७९३	०
सिद्धार्थ इक्विटी फन्ड	८.८०	८.७०	१०२००	-०.१०
सिद्धार्थ इन्स्योरेन्स	४३२	४३३	१३४०	१
सिन्धु विकास बैंक	१३०	१३२	२५७२	२
सोल्टी होटल	२३२	२३०	७२५९९	-२
स्पर्श लघुवित्त	६०८	६१८	१३१०	१०
स्ट्यान्डर्ड चार्टर्ड बैंक	६४०	६४२	३५७१	२
समिट माइक्रोफाइनान्स	५३०	५५०	७९२	२०
सनराईज बैंक	२३३	२३७	७९९९	४
सूर्य लाइफ इन्स्योरेन्स	३०२	३०२	५४५६	०
स्वावलम्बन विकास बैंक	९१५	९१९	१५८१	४
स्वाभिमान लघुवित्त	८२५	८३४	९४०	९
स्वदेशी लघुवित्त वित्तिय संस्था	६१५	६२५	१८८८	१०
स्वरोजगार लघुवित्त	५५०	५७१	२९१५	२१
तारागाउं रिजेन्सी होटल	३०४	३०९	३४८०	५
युनाइटेड इन्स्योरेन्स	३१२	३०४	१४७३	-८
युनिभर्सल पावर क.	८२	८४	३३०४	२
अप्पर तामाकोशी हाइड्रोपावर	२५८	२५८	१९२९२	०
विजय लघुवित्त	६००	६०४	८०५	४
वर्ल्ड मर्चेन्ट बैकिङ एन्ड फाइनान्स	९७	१००	७२०	३.०

कुल कारोबार मूल्य : ३८९,६२५,२६५ कारोबार संख्या : ,३०६
सेयर संख्या : १,४७७,४३५ नेप्से : १,२२२.०६ (७.२३)

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जे.डी.ए. कम्प्लेक्स, सुन्धारा काठमाडौं

सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूलाई अत्यन्त जरूरी सूचना

सामाजिक सुरक्षा ऐन, २०७५ तथा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ बमोजिम जेष्ठ नागरिक, एकल महिला, विधबा, पूर्ण अपाङ्गता, अति अशक्त अपाङ्ग, दलित, जनजाती, तोकिएका बालबालिकाहरुलाई मासिक रुपमा नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने नीति रहेको छ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न कानून अनुसार तोकिएको योग्यता पुगेका लाभग्राहीहरुले स्थानीय सरकार मार्फत रकम पाउने गरी आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा दरखास्त दिई नाम दर्ता गर्नु पर्ने कानूनी व्यबस्था रहेको छ। तसर्थ यसअघि साबिकमा सामाजिक सुरक्षा भत्ता पाईरहेका लाभग्राहीहरुले आफ्नो वडा कार्यालयमा सम्पर्क राखी आगामी आर्थिक बर्षका लागि नविकरण गर्नु हुन र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिएको योग्यता पुगेका नागरिकले श्रावणदेखि २०७६ साल पौष मसान्त भित्र तीनपुस्ते विवरण, नागरिकता नम्बर र सम्पर्क नम्बर सहित नाम दर्ता गर्नु हुन अनुरोध छ। तोकिएको अवधी भित्र नविकरण तथा नयाँ नाम दर्ता नगर्नेलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन। साथै काठमाडौं महानगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरुलाई यसै सूचना अनुसार गर्नु र गराउनु हुन समेत अनुरोध गरिएको छ। यस सम्बन्धमा थप जानकारी लिन चाहने लाभग्राहीले काठमाडौं महानगरपालिकाको website www.kathmandu.gov.np वा कार्यालय समय भित्र आ आफ्नो वडा कार्यालयमा सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ।

काठमाडौं महानगरपालिका
सामाजिक विकास विभाग
बबरमहल, काठमाडौं।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
डीनको कार्यालय, परीक्षा शाखा
वीर अस्पताल, महाबौद्ध, काठमाडौं

BNS/BMS नर्सिङ तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना

यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले शैक्षिक वर्ष २०७६/०७७ मा सञ्चालन गरिने Bachelor in Nursing Sciences (BNS) र Bachelor in Midwifery Sciences (BMS) ३ वर्षे नर्सिङ कार्यक्रममा नेपाल नर्सिङ काउन्सिलको पूर्वाधार पूरा गरी सर्टिफिकेट नर्सिङ पास भई १ वर्ष कार्य गरेको अनुभव भएका योग्य नेपाली नागरिक उम्मेदवारहरूले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको अनलाइन आवेदन फाराम **मिति २०७६।०५।५** गतेदेखि **२०७६।०५।२५** गतेसम्म भर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। Online फाराम website: online.nams.org.np मा गई भर्न सकिनेछ र परीक्षा शुल्क रु. २,१००।- (दुई हजार एक सय रुपैयाँ फिर्ता नहुने गरी) ई-सेवाबाट मात्र तिर्न सकिनेछ। थप जानकारीका लागि यस प्रतिष्ठानको website: nams.org.np मा हेर्न सकिनेछ।

सि.नं.	संस्था	कार्यक्रम	सीट संख्या
१.	वीर अस्पताल नर्सिङ क्याम्पस	**BNS** (Critical Care Nursing)	४० (चालीस)
		BMS (Midwifery)	२० (बीस)
२.	भरतपुर अस्पताल नर्सिङ क्याम्पस, भरतपुर	**BNS** (Critical Care Nursing)	४० (चालीस)

द्रष्टव्य:

१. **वीर अस्पताल नर्सिङ क्याम्पसको कोटाबाट सःशुल्क**
- २५ सिट (BNS - १० सिट र BMS - १५ सिट) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको उम्मेदवारका लागि।
- २ सिट (BNS) वीर अस्पताल र टूमा सेन्टरमा कार्यरत स्थायी स्टाफ नर्सहरूका लागि (छनौटसम्बन्धी विस्तृत जानकारीका लागि चि.वि.रा. प्रतिष्ठानमा सम्पर्क राख्न सकिनेछ)।
- ३ सिट (BNS) चि.वि.रा. प्रतिष्ठानसँग आबद्ध अन्य अस्पतालहरूका लागि (एउटा अस्पताललाई एक सिटमा नबढाई)।
- Sponsored candidate ले आफ्नो संस्थामा कम्तीमा २ वर्ष स्थायी नोकरी गरेको तथा भर्नाको बखत Bond गरेको कागज पेश गर्नु पर्नेछ। नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उम्मेदवारहरूले भर्नाको बखत विदासम्बन्धी सम्पूर्ण प्रक्रिया सम्बन्धित उम्मेदवार आफैंले पूरा गरी भर्ना हुनु पर्नेछ।
- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उम्मेदवार र Sponsored candidate ले फाराम भर्दा आफ्नो संस्थाबाट अध्ययनका लागि पूर्व स्वीकृतिपत्र अनिवार्य पेश गर्नु पर्नेछ।
- आरक्षित सिटहरू खालि हुन गएमा खुल्लाबाट पूर्ति गरिनेछ।

२. **भरतपुर अस्पताल नर्सिङ क्याम्पसको कोटाबाट सःशुल्क**
- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको उम्मेदवारका लागि - १० सिट

३. पुरुष उम्मेदवारहरूका लागि १५% (पन्ध्र प्रतिशत) सिट छुट्याइएको छ।

४. भर्ना शुल्क प्रतिष्ठानको नियमानुसार हुनेछ। अस्पताल विकास शुल्क सम्बन्धित संस्थाले बढीमा मासिक प्रतिविद्यार्थी रु. ३,०००।- सम्म लिन सक्नेछ। सेवा/सुविधा सम्बन्धित अस्पताललले तोकेबमोजिम हुनेछ।

५. प्रवेश परीक्षाको मिति, समय र स्थान पछि प्रतिष्ठानको Web-site मा प्रकाशित गरिनेछ।

६. अनलाइन फाराम भर्दा तोकिएको प्रमाणपत्र पेश नगरिएका, विधि नपुगेका उम्मेदवारको आवेदन रद्द गर्न सकिनेछ।

७. अनलाइन फाराम भर्दा केही समस्या आएमा ई-सेवाका टोल फ्रि नम्बर : १६६०-०१०-२१२१ मा सम्पर्क गर्नु होला।

बी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल
भरतपुर, चितवन

HPV Vaccine उपलब्ध गराउने प्रस्ताव सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७६/०५/०३ गते

पाठेघरको मुखको क्यान्सर महिलाको प्रमुख रोगको रुपमा रहेको छ। नेपालमा यस प्रकारको क्यान्सर अग्रस्थानमा नै रहेको छ। पाठेघरको मुखको क्यान्सर रोकथाम र नियन्त्रण गर्न सकिन्छ। Human Papilloma Virus (HPV) को सङ्क्रमण पाठेघरमा भएमा यो क्यान्सरको जोखिम घेरै हुने बैज्ञानिक अध्ययनबाट पुष्टी भएको छ। यस भाइरसको सङ्क्रमण लामो समय सम्म रहेमा क्यान्सर हुने संभावना बढेर जान्छ।

यो भाइरस धेरै किसिमको हुने हुनाले यसलाई विभिन्न नम्बरको आधारमा चिनिन्छ। जस्तै- HPV 6, 11, 16, 18 आदि। करिब ७० प्रतिसत जति सङ्क्रमण HPV 16, 18 को कारणले भएको अनुमान छ। हाल यो भाइरसलाई नियन्त्रण गर्न सक्ने खोप HPV Vaccine को आविष्कार भई सो खोप सम्पन्न देशका महिलाहरूले लगाउदै आएका छन् सो को परिणाम राम्रो देखिएको छ।

यसै कुरालाई मनन गरी नेपाल सरकारले २०७६/०७७ को नीति तथा कार्यक्रमको १७५ बुँदामा **"महिलाहरूमा बड्दो सर्भाइकल क्यान्सर र स्तन क्यान्सर जस्ता रोगहरूको सिघ्र पहिचानको लागि निःशुल्क स्वास्थ्य परीक्षण र सर्भाइकल क्यान्सर बिरुद्ध खोप कार्यक्रम कार्यान्वयनमा ल्याइने छ"** भन्ने उल्लेख भएको र नेपाल सरकारबाट वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताललाई **पाठेघरको मुखको क्यान्सर बिरुद्ध खोप कार्यक्रम** सम्पन्न गर्न बजेट विनियोजन भएको छ। उक्त खोपको खरिद प्रचलित कानून बमोजिम गर्नुपर्ने भएकोले सोको पुर्व तयारीका लागि HPV Vaccine खोप उपलब्ध गराउन सक्ने योग्यता पूगेका आपूर्तिकर्ता/फर्म/कम्पनिहरूले आफ्नो आर्थिक तथा प्राबिधिक प्रस्ताव १५(पन्ध्र) दिन भित्र यस अस्पतालमा वा Email: bpkmchhospital@gmail.com पठाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

कार्यकारी निर्देशक

एसोसियसन अफ इन्जिनियरिङ कलेजेज नेपाल
(AECoN -TU Chapter)

विज्ञप्ति

विगत केही वर्षदेखि सुनियोजित ढङ्गले नेपालका विश्वविद्यालयहरुलाई प्रहार गर्ने, पठनपाठनको वातावरण खल्बल्याउने र भर्नाका समयमा विभिन्न किसिमले अस्थिरता उत्पन्न गर्ने जस्ता कार्य भइरहेको हामी सबैले देखिरहेका छौं। यस्ता कार्यले नेपाल आफ्ना विद्यार्थी विदेश पठाउने र केही कमिसन एजेन्टले कमाउने थलो बन्दै गएको छ। नेपालका कलेजहरुमा गुणस्तरीय पठनपाठन हुँदाहुँदै पनि विभिन्न भ्रम फैलाएर विद्यार्थीलाई विदेसिन बाध्य पार्ने माहौल सिर्जना गरिएको छ र राज्यको ठूलो धनराशी विदेसिने परिस्थिति निर्माण भएको छ। फलतः नेपालले आपेक्षाकृत रुपमा आर्थिक फड्को मार्न सकिरहेको छैन।

नेपाली विद्यार्थीलाई विदेश पठाउन विभिन्न किसिमका भ्रम छर्ने कार्यले संस्थागत मान्यता प्राप्त गरेको छ। यो कार्य एउटा व्यवसायकै रुपमा विकसित भएको छ। नेपालको शैक्षिक जगत्का हरेक क्षेत्रमा यो समस्या देखिएको छ र यसबाट इन्जिनियरिङ क्षेत्र पनि अछुतो रहन सकेको छैन। नेपालका इन्जिनियरिङ कलेजहरु खाली गराएर विद्यार्थीहरुलाई इन्जिनियरिङ पढ्न भारत र अन्य मुलुकका निम्न श्रेणीका कलेजमा पुऱ्याउनेहरु आफ्नो उद्देश्य पूरा गर्न सफल भइरहेका छन्। कमिसनको जालोले शैक्षिक क्षेत्र मात्र होइन, मुलुकको आर्थिक व्यवस्थालाई समेत कसरी धराशयी बनाउँदै गएको छ भन्ने कुरा हामी कसै सामु लुकेको छैन।

त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका कलेजहरुमा विगत ४-५ वर्षदेखि सिट संख्या अनुसार विद्यार्थी भर्ना हुन नसक्दा कलेजहरुले मात्र क्षति व्यहोरेका छैनन्, राज्यले हजारौंको रोजगारी समेत गुमाएको छ। यसका विभिन्न कारण मध्ये इन्जिनियरिङ अध्ययन संस्थानको प्रवेश परीक्षा प्रणाली पनि एक हो। यसको प्रमाणका रुपमा केही वर्षअघि प्रवेश परीक्षामा ८००० विद्यार्थी भर्ना योग्य हुने गरेकोमा अघिल्लो वर्षसम्म घटाउँदै लगेर ६३०० परीक्षार्थी मात्र प्रवेश योग्य बनाइएको सन्दर्भ नै पर्याप्त छ। जबकि कक्षा ११ र १२ मा विज्ञान विषय पढ्ने विद्यार्थीको सङ्ख्या प्रत्येक वर्ष १५ प्रतिशतको हाराहारीमा बढ्दै आएको छ।

इन्जिनियरिङ अध्ययन संस्थानले सञ्चालन गरेको प्रवेश परीक्षाको यस्तो अधोगामी नतिजाको प्रत्यक्ष असर सोझै नेपालका इन्जिनियरिङ कलेजलाई परेको छ। प्रवेश परीक्षामा ८००० विद्यार्थी प्रवेश योग्य हुँदा पनि पूरै सिट भर्ना हुन नसकेको परिस्थितिमा ६३०० विद्यार्थी प्रवेश योग्य गराउँदा अघिल्लो वर्ष मात्रै १२०० सिट रिक्त रहन गए। १२०० सिट रिक्त हुन जाँदा एकातिर १० प्रतिशत अर्थात् १२० जना विद्यार्थीले निःशुल्क पढ्न पाउने अवसरबाट वञ्चित हुनुपऱ्यो भने अर्कोतिर स्वयम् कलेजहरूलाई पनि ठूलै क्षति भएको छ।

योग्यता पुगेका सबै १२००० विद्यार्थीले त्रि.वि. अन्तर्गतका कलेजमा पढ्ने इच्छा राखेर प्रतिस्पर्धा गर्दा पनि प्रवेश परीक्षामा केही अंक मात्र अपुग भएको प्राविधिक कारणले देखाएर कलेजहरूमा सिट हुदाँहुदै पढ्न पाउनुपर्ने अधिकारबाट उनीहरूलाई वञ्चित गर्नु निन्दनीय विषय हो। एकातिर सरकार विदेशमा विद्यार्थी धेरै गएकाले आर्थिक असन्तुलन भयो भन्दै जसरी पनि नैपालमै पठन पाठनको उचित व्यवस्थाका निमित्त चिन्तित भइरहेको छ भने अर्कोतिर त्रि.वि.जस्तो गरिमामय विश्वविद्यालय अर्न्तगतको इन्जिनियरिङ अध्ययन संस्थानले सिट खाली हुँदाहुँदै र विद्यार्थीको पढ्ने चाहना र क्षमता दुवै भएर पनि विशुद्ध प्राविधिक अड्चन देखाएर विद्यार्थीहरुलाई विदेशी संस्थाका एजेन्टको चंगुलमा धकेल्ने काम गरिरहेको छ।

त्रि.वि.को इन्जिनियरिङ संकायमा भर्ना नपाएर मात्र वर्षेनी दुई अर्ब रूपैयाँ बराबर नेपाली मुद्रा बाहिरिएको छ। तिनकै प्रभावले बाहिरिनेको अरु संख्या पनि त्यत्तिकै छ। विद्यार्थीलाई विदेश जाने माहौल सिर्जना गर्नेमा आई.ओ.ई.को प्रवेश परीक्षा, नतिजा प्रकाशन र झन्झटिलो भर्ना प्रणाली मुख्य कारक बनेका छन्। नेपालबाट बाहिर देशमा घुम्न समेत डलर दिन नसकिने भन्दै राज्यले मुद्रा सटही

मूल भन्सारमै छैन क्वारेन्टाइन

■ **गणेश चौधरी** (टीकापुर)

टीकापुरमा रहेको सत्ती छोटी भन्सार मूल भन्सार बनेको एक वर्ष पुगे पनि बनस्पती र पशु क्वारेन्टाइन चेकपोस्ट नहुँदा व्यवसायी मर्कामा परेका छन् । उनीहरूलाई धनगढी त्रिनगरस्थित भन्सारबाट क्वारेन्टाइन जाँचको कागज बनाउनुपर्ने बाध्यता छ ।

फलफूल, तरकारी, पशुपक्षी र खाद्य सामग्री आयात निर्यात गर्न खाद्य प्रयोगशाला स्थापनाका लागि सम्बन्धित कार्यालयमा अनुरोध गरे पनि सुनुवाइ नभएको सत्ती भन्सार कार्यालयका प्रमुख वसन्त केसीले बताए । उनका अनुसार सामान सत्ती भन्सारबाट आउँछ तर प्रयोगशाला नहुँदा व्यवसायीले क्वारेन्टाइन जाँचको कागज बनाउन धनगढी जानुपर्ने बाध्यता छ ।

वाणिज्य बैंकनै भन्सार कार्यालयबाट करिब ३० किलोमिटर टाढा छ । धरौटी रकम जम्मा गर्न टाढा जानुपर्ने झन्झटले पनि व्यवसायी हैरान छन् । खानेपानी, टेलिफोन र इन्टरनेट समस्याले पनि कार्यालय सञ्चालनमा कठिनाइ भइरहेको केसीले बताए ।

सामान सत्ती भन्सारबाट आउँछ, प्रयोगशाला नहुँदा व्यवसायी क्वारेन्टाइन जाँचका लागि धनगढी पुग्नुपर्छ

यस्तै छोटी भन्सार हुँदा आर्थिक वर्ष ०७४/७५ मा २ करोड १५ लाख रुपैयाँ राजस्व संकलन गरेको सत्तीले मूल भन्सार बनेपछि भने ५ करोड ६९ लाख रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ तर राजस्व चुहावट भने अझै रोकिएको छैन । खुला सीमा नाकाका कारण चोरीनिकासी भइरहेको भन्सार प्रमुख केसीले स्विकारे । 'करिब ४ सय मान्छे चोरीतस्करीमा संलग्न छन् । कतिलाई निगरानी गर्ने,' उनले भने । भारतबाट लत्ताकपडा, हार्डवेयर र मेसिनरी सामानका पार्टलगायत चोरीपैठारी हुने गरेका छन् ।

केही दिनयता विदेशबाट आयात भएको केराउको चोरी निकासी भइरहेको भन्सार प्रमुख केसीको भनाइ छ । उनले भने, 'करिब ४/५ ट्रक केराउ भारत गयो होला । करिब १० क्विन्टल जति समातियो ।' उद्योग वाणिज्य संघसित व्यापार सहजीकरणका लागि आफूले बैठक गर्न खोजे पनि संघले सहयोग नगरेको केसीको गुनासो छ ।

टीकापुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रशुराम चपाईले आफूहरूले सोचेजस्तो ठूला सामान ल्याउन सकिने अवस्था नरहेको बताए । 'भारतमा नेपालको भन्सारसम्म आउने सडक राम्रो छैन । ठूला कन्टेनर आउन सक्दैनन् । साना सामान मात्रै आइरहेका छन् । बाटो बनाउने क्रममा भारतीय पक्षसित छलफल चलिरहेको छ,' उनले भने ।

टीकापुर बजारका व्यापारी ध्रुव खत्रीले मूल भन्सार बने पनि आयात निर्यातमा सिस्टम बस्न नसकेको बताए । 'कुन सामानमा भन्सार लाग्ने ? कुनमा नलाग्ने थाहा छैन,' उनले भने, 'भन्सार र व्यापारीबीच के कसरी सहकार्य गर्ने भन्ने कुराको समन्वय भइरहेको छैन ।'

कालाकुन्डा प्रहरी चौकीका प्रहरी नायब निरीक्षक कुलबहादुर साउदले प्रहरी सक्रियताकै कारण विगतका वर्ष भन्दा धेरै राजस्व संकलन सम्भव भएको बताए । 'तस्करी पुरै रोकिएको भन्दिनँ तर एक वर्षको अवधिमा प्रहरीले चोरी पैठारी गर्दा समातेको सामानको रेकर्डले पनि प्रहरीले गरेको कामको मूल्यांकन गर्न सकिन्छ,' उनले भने ।

दक्षिण चीनको गुडसी झुआड स्वायत्त क्षेत्रको गुलानतुन गाउँस्थित हरितगृहमा जुनारका बेर्ना सार्दै किसान । तस्बिर: सिन्हुवा

खाद्यान्न आयात घट्यो

■ **देवनारायण साह** (मोरङ)

विराटनगर भन्सार कार्यालयबाट खाद्यान्न आयातमा कमी आएको छ । विगत वर्षभन्दा गत आव ०७५/७६ मा १७ दशमलव १४ प्रतिशत कम खाद्यान्न आयात भएको हो । खुला नाकाबाट चोरी तस्करी बढेपछि आयातमा कमी आएको भन्सार कार्यालयको दावी छ ।

गत आवमा ७ अर्ब ८८ करोड ९१ लाख ४५ हजार रुपैयाँ मूल्य बराबरको २ लाख ५० हजार ८ सय १८ टन खाद्यान्न आयात भएको छ । आव ०७४/७५ मा ८ अर्ब ८७ करोड ११ लाख ११ हजार रुपैयाँ मूल्य बराबरको ३ लाख २ हजार ६ सय ९८ टन खाद्यान्न आयात भएको थियो । यस्तै ०७३/७४ मा ३ लाख ५ हजार ३ सय २८ टन खाद्यान्न आयात भएको तथ्यांक छ ।

प्रदेश १ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्यांकअनुसार यस प्रदेशमा खेतीयोग्य जग्गा र खाद्यान्न उत्पादन दुवै घट्दै गएको छ । प्रदेश १ का १४ जिल्लामा १५ वर्षयता धान उत्पादनमा कमी आएर १४ लाख १५ हजार ८ सय टनमा समिति भएको हो ।

१५ वर्षअघि प्रदेश १ अन्तर्गतका १४ जिल्लामा ३ लाख ६६ हजार हेक्टरमा धान खेती हुँदै आएको थियो । धानको वार्षिक उत्पादन १६ लाख ४७ हजार टन थियो । १५ वर्षको अन्तरालमा धानको वार्षिक उत्पादन १४ लाख १५ हजार ८ सय टनमा झरेको मन्त्रालयको तथ्यांक छ । धान खेती हुने जग्गा पनि खुम्चिएर ३ लाख १२ हजार हेक्टरमा सीमित भएको छ ।

प्रदेशमा खाद्यान्न उत्पादनमा कमी आइरहेको अवस्थामा भन्सार कार्यालयको आयात घट्नुले भन्सार छलेर चोरी तस्करी भइरहेको प्रस्टिने कृषिविज्ञ काशी चौधरीले बताए । जिल्लास्थित छोटी भन्सार नाकाबाट सुरक्षाकर्मीकै मिलेमतोमा निर्बाध खाद्यान्नको चोरी पैठारी हुने भएकाले भन्सार नाकाबाट आयात घटेको भन्सार स्रोतले जनाएको छ । खुसा सीमाको फाइदा उठाउँदै भारतबाट तस्करी हुने क्रम अनियन्त्रित बनेको छ । तस्करहरूले धान, गहुँ, मकैलगायत खाद्यवस्तु भन्सार छलेर भित्र्याउने गरेका छन् ।

धनपालथान गाउँपालिका २ स्थित खैरबाना, तरिगामा, रंगेली, आमगाछी, डायनियाको सिक्टी, बरडंगा, झुरकिया, घर्रुचोक,

खुला नाकाबाट चोरीतस्करी बढेपछि आयातमा कमी आएको भन्सार कार्यालयको दाबी

धनापट्टी, चोपरा, सौराभागलगायत नाकाबाट खाद्यान्न चोरी तस्करी हुँदै आएको स्थानीयले बताए । जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक विश्व अधिकारीले खुला सिमाना, गोदाम र धर्मकाँटाहरू सीमा क्षेत्रमै रहेको स्विकारे । 'प्रहरी एक्लैले यो नियन्त्रण सम्भव नभएकाले स्थानीय नागरिकलाई आआफ्नो क्षेत्रमा भइरहेको चोरी तस्करीलगायत अवाञ्छित क्रियाकलापबारे जानकारी गराउन आग्रह छ,' उनले भने, 'हामीलाई जानकारी प्राप्त भएपछि तत्काल त्यस्ता कार्य गर्ने र त्यस्ता कार्यमा संलग्न सुरक्षाकर्मीलगायत जोकोहीलाई पनि कारवाहीको दायरामा ल्याउँछौं ।'

सशस्त्र प्रहरी नेपाल नम्बर ३ गण टंकिसिनुवारीका सशस्त्र प्रहरी उपरीक्षक नेत्र कार्कीले आफू नयाँ भएकाले गत वर्षको बारेमा खासै जानकारी नभएको बताए । 'सीमा क्षेत्रमा हुने चोरी तस्करी नियन्त्रण गर्नु हाम्रो दायित्व हो,' उनले भने, 'भन्सार छलेर अवैध कारोबार गर्ने र गराउने दुवैलाई नियन्त्रण गर्छौं ।'

विराटनगर भन्सार कार्यालयका सूचना अधिकारी मणिराम पौडेलले गत आवमा विगत आवभन्दा १७ दशमलव १४ प्रतिशत कम अर्थात् ७ अर्ब ८८ करोड ९१ लख ४५ हजार रुपैयाँ मूल्य बराबरको २ लाख ५० हजार ८ सय ८१ टन खाद्यान्न आयात भएको बताए । 'गत वर्ष धान ४९ हजार ६ सय ५३, गहुँ मुडुला, जौ, जुनेलो ३६ हजार ३ सय ७, चामल र किनका ४० हजार ४ सय ६४ र मकै १ लाख २४ हजार ३ सय ९४ टन आयात भएको छ,' उनले भने, 'अघिल्लो वर्षमा धान ५५ हजार ८ सय ६१, गहुँ ३९ हजार ७ सय ६४, चामल र कनिका ५१ हजार ९ सय ४२ र मकै १ लाख ५५ हजार १ सय ३१ टन आयात भएको थियो ।'

फलफूल आयात दोब्बर

विराटनगर भन्सारमा गत आर्थिक वर्षमा फलफूल आयात दोब्बरले वृद्धि भएको छ । गत वर्षमा ७१ करोड ७१ लख ५० हजार रुपैयाँ मूल्य बराबरका १० हजार ९ सय १ टन अम्बा, आँप, सुन्तला, स्याउ र अंगुर आयात भएको हो ।

विराटनगर भन्सार कार्यालयका सूचना अधिकारी पौडेलका अनुसार विगत वर्ष ४५ करोड ५० लाख ७४ हजार रुपैयाँ मूल्य बराबरका ७ हजार ४ सय २० टन अम्बा, आँप, सुन्तला, स्याउ र अंगुर आयात भएको थियो । 'गत वर्ष अम्बा र आँप १ हजार ६ टन, सुन्तला १ हजार ६६ टन, स्याउ ७ हजार १४ र अंगुर १ हजार ८ सय छ टन आयात भएको छ,' उनले भने, 'विगत वर्ष अम्बा र आँप ५ सय ४२, सुन्तला ६ सय १०, स्याउ ४ हजार ७ सय ४९ र अंगुर १ हजार ५ सय ११ टन आयात भएको थियो ।'

तीन दिनपछि बढ्यो नेप्से

काठमाडौं (कास)- अघिल्ला तीन कारोबार दिनपछि नेप्से परिसूचक बढेको छ । अघिल्लो दिनको तुलनामा ७.२३ अंकले बढेपछि समग्र नेप्से १ हजार २ सय २२.०६ विन्दुमा उक्लेको हो । यसअघि गत मंगलबार नेप्से ०.१३ अंकले सकारात्मक रहेको थियो ।

उक्त दिन १ हजार २ सय १४.९६ विन्दुबाट सुरु भएको नेप्से पहिलो घण्टासम्म घटेर १ हजार २ सय १०.८ विन्दुमा झरेको थियो । त्यसपछि बढ्न सुरु गरेको नेप्से बढेर १ हजार २ सय २९.५१ विन्दुसम्म पुग्यो । त्यो वृद्धिपनि धेरै समय टिकेन । त्यसपछि फेरि ओरालो लागेको बजार अन्त्यमा केही ०.६० प्रतिशतले बढेर बन्द भएको छ ।

उक्त दिन कारोबारमा आएकामध्ये निर्जीवन बिमा समूहको परिसूचकबाहेक बाँकी सबै समूहको परिसूचक बढेर बन्द हुँदा समग्र नेप्से सकारात्मक भएर बन्द भएको छ । यस दिन लघुवित्त समूहको परिसूचक सबैभन्दा बढी १.४३ प्रतिशत बढेको छ । यसैगरी, विकास बैंक समूहको परिसूचक ०.८५ प्रतिशत, जीवन बिमाको ०.७८ प्रतिशत र बैंकिङको ०.६७ प्रतिशत बढ्यो । उक्त दिन निर्जीवन बिमा समूहको परिसूचक ०.६१ प्रतिशत घटेको नेप्सेको तथ्यांक छ ।

करिब ९ हजार तीन सय कारोबारबाट १ सय ७५ कम्पनीका १४ लाख ७७ हजार कित्ता सेयर किनबेच भए । ती किनबेचबाट ३८ करोड ९६ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको नेप्सेले जनाएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम करिब १८ प्रतिशतले बढी हो । आइतबार करिब ३२ करोड ९५ लाख रुपैयाँ रकम बराबरको कारोबार भएको थियो ।

नेप्सेको वर्गीकरणमा 'क' वर्गका कम्पनीको सेयर कारोबार मापक सेन्सेटिभ परिसूचक ०.७ प्रतिशत र व्यापारमा रहेका सबै कम्पनीहरूको सेयर कारोबार मापक फ्लोट परिसूचक ०.६१ प्रतिशतले सकारात्मक रहेको नेप्सेको तथ्यांक छ ।

दूधकोसीको डीपीआर धमाधम

खोटाङ (कास)- दूधकोसी जलविद्युत् आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण अन्तिम चरणमा पुगेको छ । खोटाङको उत्तरी क्षेत्रमा पर्ने रावाबेसी गाउँपालिका-३ लामीडाँडा र ओखलढुङ्गाको चिशङखुगढी गाउँपालिका-६ भदौरेको सिमानामा दूधकोसी नदीस्थित रभुवाघाटबाट ६ सय ३५ मेगावाट क्षमताको जलविद्युत्को डीपीआर अन्तिम चरणमा पुगेको हो ।

आयोजना प्रमुख वसन्त श्रेष्ठका अनुसार डीपीआरको काम अन्तिम चरणमा पुगेको छ । 'अहिले डीपीआरको काम धमाधम भइरहेको छ,' श्रेष्ठले भने, 'अब कात्तिक-मङसरभित्र पूरा हुनेछ ।' उनका अनुसार फिजिबिलिटी प्रतिवेदन, संरचनाको विस्तृत मस्यौदा, बोलपत्रको मस्यौदालगायतको विज्ञ समूहद्वारा अध्ययन भएको छ । यसभित्र टिओआर र स्कपिङ, वातावरणीय प्रभाव मूल्यांकन (आईईई) लगायतका अन्य थुप्रै काम भइरहेको श्रेष्ठले सुनाए । यो काम इटली र जापानको संयुक्त ईएलसी इलेक्ट्रो कन्सल्ट एसपीए इन एसोसिएसन विथ न्युजेक नामक कम्पनीले लिएको हो । यसले २०७३ जेठ १७ गतेदेखि आयोजनाको विस्तृत इन्जिनियरिङ ढाँचा, सामाजिक तथा वातावरणीय प्रभाव र सम्भाव्यता अध्ययनको काम सुरु गरेको थियो । लामीडाँडाको रभुँवाघाटमा एक सय ६० मिटर अग्लो बाँध हालेर बनाइने जलाशयबाट १३ दशमलव ५ किलोमिटर लामो सुरुङमार्फत धितुङमा पानी खसाएर विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ आयोजनाको काम अघि बढाइएको हो ।

उक्त जलविद्युत् आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गर्न खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बुका सांसदहरूले माग गरेको प्रतिनिधिसभा सदस्य विशाल भट्टराईले बताए ।

रोगको संक्रमणले मासिँदै अलैंची

■ **विप्लव भट्टराई** (इलाम)

इलाम नगरपालिकाको सिडफ्रडमा अलैंची टिप्दै । तस्बिर : विप्लव/कान्तिपुर

रोगका कारण बगान नै सखाप भएर पुन: जगाइएको अलैंची खेतीमा पनि रोगको संक्रमण देखिएको छ । खोलाखोल्सी र जंगलमा सखाप भएपछि घरबारीमा लगाइएको अलैंचीमा पनि उस्तै प्रकृतिको रोगको प्रकोप बढ्न थालेपछि उत्पादनमा पनि कमी आएको छ ।

वैदेशिक मुद्रा आर्जनका लागि अब्बल मानिएको अलैंची बगानमा रोगको संक्रमण बढ्दै गए पनि निदानको भरपर्दो उपाय नहुँदा समस्या भएको कृषकले बताए । 'अघिल्लो वर्ष १२ मन हाराहारीमा अलैची उत्पादन भएको थियो,' माईजोगमाई ६ प्याडका रमेश दाहालले भने, 'अहिले क्षेत्रफल बढे पनि पुरानो बगानमा रोग देखिएकाले पहिलेको जस्तो उत्पादन छैन ।'

रोग निदानका लागि भरपर्दो प्राविधिक ज्ञान नहुनुले पनि कृषकले यो खेतीमा अपेक्षाअनुसार फाइदा लिन सकिरहेका छैनन् । गाउँमा उपलब्ध गहुँत, तितेपातीलगायत जैविक विधिबाट केही कृषकले रोग निदानको उपाय गरे पनि सफल भएन । नयाँ मौलाएको बगानमा केही वर्ष राम्रो उत्पादन दिए पनि क्रमश: रोगले गाँजेर उत्पादन नै शून्य हुने अवस्थामा पुग्दै गएको धेरै कृषकको भनाइ छ ।

लेकाली क्षेत्रमा मात्र गरिँदै आएको अलैंची खेती पछिल्लो समयमा औल क्षेत्रमा पनि खेतबारी मासेर लगाउने क्रम बढेको थियो । कृषकले लहडको भरमा जुनसुकै उचाइ र माटामा जस्तोसुकै जातको बिरुवा लगाउँदा पनि समस्या आउने गरेको पाइएको छ । औल क्षेत्रका लागि सिफारिस गरिएको सलकपुरे अलैंची लेकाली क्षेत्रमा पनि पुगेको छ । त्यस्तै भार्लाङ र रैथाने अलैंची पनि उत्तिकै प्रचलनमा छ । माटो, हावापानी र उचाइको वास्तै नगरी आफ्खुसी अलैंची रोप्दा यस्तो समस्या आउने गरेको कृषि प्राविधिक रविकिरण अधिकारीले बताए ।

'अलैंचीलाई उचाइ र हावापानीअनुसारको जात छनोट गर्नेसँगै मलखाद, जैविक विषादी र सिँचाइको पनि उचित समयमा प्रबन्ध गरिनुपर्छ,' अधिकारीले भने, 'तर अधिकांश कृषकले त्यो विधि अपनाएका छैनन् ।' दाम महँगो भएकाले कालो हिराको समेत उपमा पाएको अलैंचीको फूलमै रोग देखा परेको छ । फूल नै कालो हुँदै गएपछि दाना लाग्न पाउँदैन । यही समस्याका कारण बोटै मर्न थालेको कृषकले बताए । स्वस्थ फल रातो तथा कलेजी रंगको हुन्छ । अलैंचीमा छिर्के, फुर्के रोग, गानो कुहिने रोगसँगै फैलिएको झाँग सुक्ने रोगका कारण किसानका बगानमा समस्या देखिन थालेको छ ।

पछिल्लो दशकमा कृषकले अलैंचीबाट राम्रो आम्दानी लिने उद्देश्यले मेहनत बढाएका थिए । महँगो बिरुवा किनेरै कृषकले बगान बनाएका हुन् तर मुख्य आम्दानी सुरु हुन थालेपछि रोगको संक्रमण बढेपछि अर्को विकल्प खोज्न कृषक बाध्य छन् । अलैंची खेतीको समस्या निदान गर्दै प्राविधिक ज्ञान दिने उद्देश्यले सूर्योदय नगरपालिकाको पान्दाममा अवस्थित अलैंची विकास केन्द्रले पनि कृषकलाई उचित सेवा पुऱ्याउन सकेको छैन । न्यून जनशक्ति र स्रोतसाधनबीच पनि आवश्यक सेवा दिँदै आएको केन्द्रको भनाइ छ ।

सजिलो खेती र राम्रो मूल्य पाउने भएकाले प्राय: किसानले अलैंची खेती गर्दै आएका छन् । हाल अलैंचीको मूल्य प्रतिमन २६ हजारदेखि ३० हजार रूपैयाँसम्म छ । पहाडी जिल्लाबाट सुरु अलैंची खेती देशका अन्य जिल्लामा विस्तार भइरहेको छ । सरकारले २०३९ मा इलाम, पाँचथर, ताप्लेजुङ र तेह्रथुमलाई अलैंची विकास क्षेत्र घोषणा गरेको थियो । त्यसपछि अलैंचीलाई जोगाउने कार्यक्रम अघि सार्न नसकेको किसानको गुनासो छ ।

रोजिन उद्योग जर्जर

■ **रूपा गहतराज** (नेपालगन्ज)

बाँकेमा रहेका आधा दर्जन रोजिन एन्ड टर्पेन्टाइन उद्योग बन्द हुने अवस्थामा पुगेका छन् । लागत खर्चमा वृद्धि, रोजिन र टर्पेन्टाइन तेलको मूल्यमा गिरावटले उद्योग बन्द हुने अवस्थामा पुगेका हुन् ।

०५० सालमा स्थापना भएको खनाल रोजिन एन्ड टर्पेन्टाइन पहिलो उद्योग हो । खर्च धान्न नसकेपछि उद्योग बन्द गर्न लागेको सञ्चालक दिवाकर खनालले बताए । 'कति दिनसम्म घाटा खाएर उद्योग चलाउने ?' खनालले भने, 'तीन वर्षसम्म घाटा खाएर चलाएँ । अब चलाउँदिनँ ।'

बचेखुचेको पुरानो कच्चा पदार्थबाट उत्पादन सकिएपछि उद्योग पूर्ण रूपमा बन्द हुने उनले बताए । दैनिक १ हजार ५ सय टन रोजिन उत्पादन क्षमता भएको उद्योगमा तीन सयभन्दा बढी कामदार छन् । उद्योग बन्द भएपछि कर्मचारीलाई बिदा गरिने जानकारीसहितको पत्र श्रम कार्यालयमा पठाउने तयारी गरिरहेको खनालले बताए । जिल्लामा बंगलामुखी, मनकामना, गंगा, लक्ष्मीजस्ता रोजिन उद्योग संचालनमा छन् ।

धेरै पहिले बन्द भएको लक्ष्मी उद्योगलाई अन्य लगानीकर्ताले खरिद गरेर सञ्चालनमा ल्याएका थिए । यहाँका उद्योगमा झन्डै एक अर्ब रुपैयाँ लगानी छ । सञ्चालकका अनुसार एउटा उद्योगमा न्यूनतम पाँचदेखि अधिकतम २५ करोड रुपैयाँसम्म लगानी रहेको छ । अहिले सञ्चालनमा रहेका सबै उद्योग बन्द हुने अवस्थाका पुगेको खनालले बताए । 'पुरानो कच्चा पदार्थले काम भइरहेको छ,' उनले भने, 'नयाँ कच्चा पदार्थ ल्याएर कसैले उत्पादन गर्लाजस्तो लाग्दैन । सबै निराश छन् ।'

लागत खर्च वृद्धि, रोजिन र टर्पेटाइन मूल्यमा गिरावट

रोजिन एन्ड टर्पेन्टाइन नेपालगन्ज भन्सार नाकाबाट निर्यात हुने प्रमुख वस्तुमा पर्छ । आर्थिक वर्ष ०७५/७६ मा नेपालगन्ज नाका हुँदै ५० करोड मूल्य बराबरको ४७ लाख ६६ हजार किलो रोजिन र खोटो निर्यात भएको थियो । यस्तै १६ करोड रुपैयाँ बराबरको तार्पिन तेल निर्यात भएको भन्सार कार्यालयले जानकारी दिएको छ । पछिल्ला वर्षमा रोजिनको निर्यात घट्दै गएको देखिन्छ ।

आर्थिक वर्ष ०७२/७३ मा ७४ करोड रुपैयाँ बराबरको ५४ लाख किलो रोजिन निर्यात भएको थियो । 'तीन वर्षदेखि लगातार घाटा खानुपरेको छ,' खनालले भने, 'अहिले सहनै नसक्ने अवस्था आएको हो ।' रोजिनप्रति स्वदेशमा अस्पष्ट नीति र रोजिनको प्रमुख बजार भारतमा यसको मूल्य घटेकाले प्रभाव परेको हो । विभिन्न औषधि बनाउन प्रयोग गरिने भएकाले भारतमा यसको माग धेरै छ । अहिले मुलुकमा तीन तहका सरकारलाई कच्चा पदार्थको रोयल्टी बुझाउनुपर्दा महँगो हुन गएको खनालले बताए ।

'रोयल्टी बढ्यो, कच्चा पदार्थ ल्याउन लैजान छुटपुर्जीका नाममा अनेक झन्झट हुन थाल्यो,' उनले भने । सरकारले कुनै प्रकारको सहुलियत नदिएपछि उद्योगमा ताल्चा लगाउनुपर्ने अवस्था आएको उनले बताए । रोजिनको कच्चा पदार्थ पहाडमा पाइने सल्लाको खोटो हो । सामुदायिक वनबाट उपलब्ध हुने त्यस्तो खोटो संकलनबाट पहाडमा समेत थुप्रै रोजगारी सिर्जना भएको छ । उद्योग बन्द हुँदा झन्डै दुई हजारको रोजगारी संकटमा परेको खनालले बताए ।

बिक्न छाड्यो भारतीय तरकारी

भारतीय तरकारीमा अत्यधिक मलखाद र रसायन प्रयोग हुने थाहा पाएपछि उपभोक्ता महँगो भए पनि विषादीरहित स्वदेशी तरकारी किन्न थाले

■ **जितेन्द्र साह** (विराटनगर)

बजारमा नेपाली बोडी पाउको ३० रुपैयाँ, भारतबाट आयातितको १५ रुपैयाँ । विराटनगरकी गृहिणी ४३ वर्षीया सानु दुलाललेे आइतबार बिहान आधा किलो स्थानीय बोडी नै किनिन् । मूल्य बढी परे पनि स्थानीय खेतबारीकै हरिया तरकारी एवं सागपात किन्दै आएको उनले बताइन् ।

'पहिले दाम होइन, कहाँ उत्पादन भएको सोध्छु,' दुलाललेे कान्तिपुरसँग भनिन्, 'अत्यधिक रसायनको प्रयोग हुने गरेको थाहा पाएर भारतको तरकारी किन्नै छाडेकी छु ।' रोचक के छ भने भारतबाट आयातित तरकारीहरूको तुलनामा स्वदेशी तरकारीहरूको मूल्य झन्डै दोब्बर प्रतिकिलो परवल ८०/१०० रुपैयाँ, इस्कुस ४० रुपैयाँ, काउली १ सय ५०, बन्दा ४० रुपैयाँ, काँक्रा ८० रुपैयाँ, गोलभेंडा सय रुपैयाँ, घिरौंला ५० रुपैयाँ, भिन्डी ४० रुपैयाँ, भान्टा ८० रुपैयाँ, खुर्सानी १ सय २० रुपैयाँ, धनियाको पात प्रतिमुठा २० रुपैयाँ, निग्रो २० रुपैयाँ र लौका प्रतिगोटा ६० रुपैयाँ पर्छ ।

'स्वास्थ्यको सवालमा मूल्य हेर्नुभएन, बरु थोरै खाने तर शुद्ध खाने बानी बसाल्नुपर्छ,' विराटनगरकी स्वाथ्यकर्मी मैयाँ कार्कीले भनिन् । स्थानीय गोल्डेन अस्पतालमा कार्यरत उनले ड्युटीबाट समय निकालेर आफैं तरकारी किन्छिन् । 'नियमित किनिराख्नेले तरकारीको मुहार हेरेरै नेपाली र विदेशी ठम्याउन सक्छन्,' कार्कीले भनिन्, 'हाम्रा तरकारी आकार, प्रकार, रङरुप एवं तौलमा ठिक्कको हुन्छ ।' भान्छाका लागि बन्दोबस्ती आफैंले गर्ने स्थानीय कपडा व्यवसायी राजेश अग्रवालको छनोटमा बरिपरिकै गाउँका तरकारी पर्छन् । १२० रुपैयाँमा भारतबाट आयातित तरकारी किन्दा दुई छाकलाई र नेपालका किन्दा केवल एक छाकका लागि पुग्ने गरेको उनको अनुभव छ । 'महँगो भए पनि हाम्रो तरकारी एक त ताजा हुन्छ, अर्को कुरा विषादी पनि कम हुन्छ,' उनले भने, 'बेच्ने पनि चिनेजानेका भएकाले बिग्रेको भएमा पैसा पनि फिर्ता गर्छन् ।' अर्का स्थानीय ५५ वर्षीया पवित्रा वंशलले अहिलेसम्म भारतीय तरकारी नकिनेको बताइन् । 'भारतका तरकारीमा बढी विषादी भएको अहिले आएर सबैले थाहा पाए तर म दुई दसशदेखि नेपाली तरकारी नै खाइरहेको छु,' उनले भनिन्, 'नेपाली लौका, काँक्रा, भिन्डी र मुलाको जस्तो स्वाद संसारमै कहींको तरकारीमा हुन्न ।'

उत्पादन गर्दादेखि ट्रकमा लादेर यहाँ ल्याउँदासम्म भारतको तरकारीमा अत्यधिक मलखाद र रसायन प्रयोग हुने गरेको सबैले थाहा पाइसकेको खुद्रा तरकारी व्यवसायी ४० वर्षीय रामकुमार यादवले बताए । उनले यसै कारणले नेपाली बजारमा भारतको हरिया तरकारी बिक्नै छाडेको जानकारी दिए ।

'भारतीयहरूले तरकारीलाई हरियो र पोटिलो देखाउन मनग्य मलखाद हाल्छन्, त्यसपछि नेपालमा ढुवानी गर्ने क्रममा नबिग्रिउन् भनेर तरकारीमा थप रसायन छर्किइन्छ,' उनले भने, 'भारतबाट हाम्रो बजारमा आइपुग्न तीन दिन लाग्ने हुनाले तरकारी ताजा रहँदैन, भान्छामा दुई दिनमै बिग्रन थाल्छ, हाम्रो खेतबारीको तरकारी त सातासम्म राख्दा पनि बिग्रिँदैन ।'

विराटनगरको शनिहाटको तरकारी बजारमा साँझपख उपभोत्तलाको भीड । विषादी कम हुने भएकाले स्वदेशी तरकारीको माग बढ्दो छ । *तस्बिर : जितेन्द्र/कान्तिपुर*

सुनसरीको देवानगन्ज गाउँपालिका-७ का यादवले नेपाली खेतबारीकै तरकारी ल्याएर विराटनगरमा बेच्छन् । तरकारीको खुद्रा बिक्रेता उनले सम्पूर्ण खर्च काटेर वार्षिक २ लाख रुपैयाँ बचत गरिररहेको बताए । 'स्थानीय तरकारीको माग बढेकोले व्यापार अझै बढ्छ,' यादवले भने । यादवकै गाउँका युवा विनोद मेहतालेे चार बिघामा खेतमा आफैंले तरकारी उत्पादन गरी विराटनगरको बजारमा बेच्छन् । 'दुई महिनाअघिसम्म सस्तो भारतीय तरकारी खोज्ने अधिकांश सहरियाले जे जस्तो भए पनि यहींकै खेतबारीको सागसब्जी खोज्न थालेकाले राम्रो दाम पाइरहेका छौं, मनोबल बढेको छ,' उनले भने, 'अर्को वर्ष दोब्बर उत्पादन गर्छु ।'

मेहता सरकारप्रति भने असन्तुष्ट छन् । 'उत्पादन बढाउन सरकारले किसानसम्म पुग्ने गरी कृषि ऋण, सहुलियत र राहत दिनुपर्छ,' उनले भने, 'अहिलेसम्म पहुँचवाला किसानले मात्र पाएका छन्, सरकारले गरिखाने किसानलाई हेर्नुपऱ्यो ।'

चार वर्षदेखि यहाँकै बजारमा तरकारी बिक्री गर्ने भारत विहार दरभंगाका गणेश सिंहले नेपाली उत्पादन नै बेच्ने गरेको बताए । 'भारतको तरकारी खुवाएर मान्छेको ज्यान लिनु छ र ?' उनले भने । सिंहले पूर्वी पहाडी जिल्लाका उत्पादनहरू निग्रो, मुला, काउली, बन्दा, गोलभेंडा, मुन्टा र काँक्रो ल्याएर बेच्छन् । मुख्यत: स्थानीय उत्पादन पाइने विराटनगरको साप्ताहिक हाटहरूमा अचेल हिलो र पानी छिछोल्दै तरकारी किन्नेको घुइँचो लाग्छ । विराटनगर र कटहरी सीमासँग जोडिएको सिंधिया खोलामा आइतबार एवं बुधबार, विराटनगरको तीनपैनीमा सोमबार, अशोक चोकमा मंगलबार, बरगाछीमा बिहीबार, कञ्चनबाडीमा शुक्रबार र नगरपालिका मार्गमा शनिबार हाट लाग्छ ।

घरेलु तरकारीप्रति बढ्दो आकर्षणले हाटबजारका खुद्रै तरकारी व्यवसायीहरूमा उमंग छाएको छ । 'सबैभन्दा पहिले कहाँको तरकारी हो भनेर सोध्छन्, सानकासाथ जहदाको हो भनेर जवाफ दिन्छु, त्यसपछि मात्रै दाम सोध्छन्,' तरकारी व्यवसायी ३८ वर्षीया सीतादेवी मण्डलले भनिन् । भारतबाट आउने तरकारीको तुलनामा बढी महँगो भए पनि ग्राहकले स्थानीय खेतबारीकै उत्पादन छान्ने गरेको उनले बताइन् । 'भारतको हो भन्न बितिकै दामै नसोधी हिँडिहाल्छन्,' मण्डलले भनिन्, 'म त आफ्नै गाउँको खेतबारीबाट किनेर ल्याइबेच्छु ।' उनी विद्युतीय रिक्सामा दैनिक साढे चार क्विन्टल तरकारी बोकेर विराटनगरको दैनिक हाट बजार पुग्छिन् ।

पुँजी, ढुवानी र आफ्नो श्रमलगायत सबै खाले खर्च काटेर उनले मासिक ३५ हजार रुपैयाँ आम्दानी गर्छिन् । स्वदेशी तरकारीको माग हवात्तै बढेकाले मोरङको जहदा गाउँपालिका-४ मधुरा बस्तीकी मण्डलले यसपालिदेखि श्रीमान् ४२ वर्षीय विजयसँग मिलेर आफ्नै ६ कट्ठा जग्गामा तरकारीको खेती गर्ने सुसरसार गरेकी छिन् । मण्डल दम्पतीले अर्को वर्षदेखि आम्दानी चौबर बढ्ने आशा गरेका छन् । प्रदेश १ को राजधानी विराटनगरस्थित 'विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला' ले पनि स्वदेशी उत्पादनमा विषादी निकै कम पाइएको जनाएको छ । प्रयोगशालाका प्राविधिकहरूले तरकारीमा हुने अर्गानोफस्फेट र कार्बामेटको मात्रा परीक्षण गर्छ । यसलाई प्राविधिक भाषामा 'रुकावट प्रतिशतको अध्ययन' भनिन्छ ।

रुकावट प्रतिशत ३५ भन्दा कम भएमा खान योग्य मानिने प्रयोगशालाका प्राविधिक सहायक सीता बरालले बताइन् । उक्त प्रयोगशालाले २४ असारदेखि २८ असारसम्म विराटनगरको स्थानीय बजारमा बिक्रीमा राखिएको १२ वटा तरकारीको नमुना संकलन गरी परीक्षण गरेको थियो ।

प्रयोगशालाका अनुसार रुकावट प्रतिशत भेंडे खुर्सानीमा २३, परवलमा १२, गोलभेडामा १७, भिन्डीमा ४, सिमीमा २, काँक्रामा २ देखि ५ प्रतिशत, बन्दा र भान्टामा ३/३ प्रतिशत र पिरो खुर्सानीमा ३ प्रतिशत भेटिएको छ ।'जुनसुकै तरकारीमा पनि विषादी त भइहाल्छ तर कुरा कम र बढीको मात्र हो,' उनले भनिन्, 'विषादीको मात्रा बढी भएको तरकारी खाँदा स्वास्थ्यलाई जोखिममा पार्छ ।' तरकारीमा अर्गानोफस्फेट र कार्बामेटको मात्रा बढी हुँदा वान्ता आउने, छाला चिलाउने, टाउको दुःखने, रिंगटा लाग्ने, वेहोस हुने, चिढिने र दिक्क लाग्नेजस्ता लक्षणहरू देखापर्ने नायब प्राविधिक बरालले बताइन् । उनको अनुसार दीर्घकालीन असरमा क्यान्सर, दम, पक्षाघात, सुस्त मनस्थिति एवं पाचनतन्त्रलाई खत्तम पार्न सक्छ ।

हार्दिक श्रद्धाञ्जली



जन्म :
१९८०/०५/११
साँखेजुङ, इलाम

निधन :
२०७६/०४/२४
बिर्तामोड, झापा

स्व. टुङ्गबहादुर बस्नेत

हाम्रा प्रातःस्मरणीय पिता श्री टुङ्गबहादुर बस्नेतको ९६ बर्षको उमेरमा भएको देहावसानको घटनाले मर्माहत हामी उहाँको आत्माको चिरशान्ति एवम् बैकुण्ठबासको कामनाका साथ आज १२ औं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

पुजनीय पिताज्यूसँगको चिरवियोगको कष्टपूर्ण क्षणमा हामीप्रति सहानुभूति, सहयोग र समवेदना प्रकट गर्नु हुने छरछिमेक, इष्टमित्र, कुलकुटुम्ब, बन्धुबान्धव, मलामीजन एवम् शुभचिन्तकहरुप्रति आभारसहित कृतज्ञता प्रकट गर्दछौं ।

छोरा/बुहारीहरू
गोपालकुमार बस्नेत/रमा बस्नेत
श्याम बस्नेत/लीलादेवी बस्नेत
जीतेन्द्र बस्नेत /सुलोचना बस्नेत

छोरी-ज्वाईंहरू
शान्ता शिवाकोटी/सुधिरकुमार शिवाकोटी
टेकबहादुर कार्की
पवित्रा खड्का/धर्म खड्का
अमृता थापा /रमेश थापा
सरिता खत्री

लगायत नातिनातिना, ज्वाईंहरू तथा
समस्त बस्नेत परिवार, बिर्तामोड १, झापा

असिनाले मकै सोत्तर, खडेरीले धान

खडेरीले बाँझिएको खेत देखाउँदै पर्वतको फलेबास नगरपालिका-३ का लोकप्रसाद तिवारी । *तस्बिर: अगन्धर/कान्तिपुर*

■ **अगन्धर तिवारी** (पर्वत)

गत जेठ पहिलो साता आएको असिनाले मकै सोत्तर पार्दा फलेबास-३ की भीमकुमारी जैसी उतिसारो हतोत्साही थिइनन् । १२ रोपनी खेतमा धान रोप्न बाँकी थियो । धानको बीउ उम्रेर हरियो भइसकेको थियो । 'मकै राम्रै फल्दा पनि बाँदरले राख्दैनथ्यो,' उनले भनिन्, 'बाँदरले खाने मकै असिनाले खायो भनेर चित्त बुझाएँ । अहिले धानको बीउ काटेर भैंसीलाई खुवाउनुपरेको छ । हिउँदमा के खाने ?'

भीमकुमारीको मात्रै होइन, स्थानीय धेरै किसान रोपाइँ गर्न नपाएर चिन्तित छन् । यज्ञ पौडेल, होमप्रसाद भुसाल, क्षेत्रप्रसाद गौडेललगायत २५ जनाभन्दा बढी किसानले यो वर्ष धान रोप्न पाएनन् । गत वर्ष कृषि प्राविधिकले सिफारिस गरेको धानमा बाला नलागेपछि रन्थनिएका किसान हिउँदको असिना र अहिलेको खडेरीले झनै पीडित छन् ।

असिनापानीले क्षति पुऱ्याएका फलेबासको रुग्दी, पुर्कोट, चाम्लेस्वाँरा, कार्कीथर, मैदान, डाँडाका किसानले धान रोप्न पाएका छैनन् । त्यस्तै मोदी गाउँपालिकाको भुम, ओखलढुङ्गा, बाउसे, खबरा, बाजुड, ठाँटी, साउनेपानी, धारापानी, चित्रेका अधिकांश किसानले धान रोपेनन् । कुश्मा नगरपालिकाको चुवा, परादी, ठुलीपोखरी, छमर्के, खौलालगायतमा पनि अधिकांश खेत बाँझै छन् ।

बिहादीको रानीपानी, बरांचौर, कुँडादी, पराजुलीथर लगायतमा रोपेको धान पनि सुक्दै गएको किसानले बताए । 'आठ हलमध्ये तीन हलमा मुस्किलले गाबो गाडेका थियौं,' बिहादी-३ का केशव पराजुलीले भने, 'त्यो पनि भिजाउनै सकिएन । धान रोपेको ठाउँमा बोके फुलेको छ । रोपो हरायो ।' मोदी-६ तिलाहारका गजेन्द्रबहादुर मल्लले भएभरको खेत बाँझिएको बताए । 'असिनाले मकै सोत्तर पाऱ्यो,' मल्लले भने, 'खडेरीले धान । अब कसरी परिवार पाल्ने ?'

> 'मकै राम्रै फल्दा पनि बाँदरले राख्दैनथ्यो, बाँदरले खाने मकै असिनाले खायो भनेर चित्त बुझाएँ । अहिले धानको बीउ काटेर भैंसीलाई खुवाउनुपरेको छ । हिउँदमा हामीले के खाने'

कृषि ज्ञानकेन्द्रका अनुसार असिनाले मोदीमा मात्रै ३ करोड ७३ लाख ९० हजार ७८० रुपैयाँको बाली नष्ट गरेको थियो । फलेबास नगरपालिकामा २ करोड २० लाख २९ हजार ४२० रुपैयाँको बालीनाली नष्ट गरेको थियो । साउन सकिएर भदौ लाग्दा समेत असिनाले क्षति पुऱ्याएकै गाउँमा वर्षा भएको छैन । एक-दुई दिन बिराएर भएको हल्का वर्षामा पनि मनसुनको झल्को छैन । 'पल्लो गाउँमा परेको पानी यता आउँदैन,' मोदीका रामबहादुर परियारले भने, 'बिहान पानी पर्लाजस्तो भएर हलगोरु लिएर खेतमा जान्छौं । दिउँसो टन्टलापुर घाम लाग्छ । धेरै दिन यस्तो भएपछि सबै खेत बाँझै छ ।'

असार र साउनमा परेको पानीले लेकाली क्षेत्रमा समेत मूल फुट्नुपर्ने हो तर विगतका वर्षमा ठुल्ठुला मूल फुट्ने ठाउँ अहिले सुक्खा छन् । वर्षाले धानखेती नभएपछि हिउँदमा भोकभोकै बस्नुपर्ने समस्या भएको किसानको गुनासो छ । असार र साउनमा पर्याप्त वर्षा नभएका कारण जिल्लाको १५ प्रतिशत बढी धानखेतमा रोपाइँ हुन नसकेको कृषि ज्ञानकेन्द्रले जनाएको छ ।

रोपाइँका लागि आवश्यक पानी नभएकाले खेत ढिलो रोपिएको र केही खेत बाँझो रहेको ज्ञानकेन्द्र प्रमुख वासुदेव रेग्मीले बताए ।

जिल्लाका मुख्य धान फल्ने क्षेत्रको स्थलगत अवलोकन गरेका रेग्मीले बुढो बीउ, ढिलो रोपाइँ र खडेरीले रोप्न नपाउँदा उत्पादन पनि घट्ने सम्भावना रहेको बताए । पर्वतमा करिब ९ हजार हेक्टर क्षेत्रफल वर्षे धानखेतीका लागि योग्य छ ।

पानी अभाव, उत्पादनयोग्य जमिनको प्लटिङ, सडक विस्तारका नाममा भएको भूक्षय र खेतको नोक्सान, बसाइँसराइ, कृषि मजदुर अभावलगायत कारण ८ हजार ७ सय हेक्टर क्षेत्रफलमा मात्र धान लगाउने गरिएको तथ्यांक छ । पर्वतमा प्रतिहेक्टर जमिनमा २.८ मेट्रिक टन धान उत्पादन हुने गरेको छ ।

kantipurdaily.com

खेलकुद



नयाँ गन्तव्य

बुन्डेसलिगा च्याम्पियन बायर्न म्युनिखले बार्सिलोनाबाट लोनमा ल्याइएका ब्राजिलियन मिडफिल्डर फिलिप कोटिन्होलाई सोमबार म्युनिख स्टेडियममा सार्वजनिक गरेको छ । कोटिन्हो पत्नी आइनेका साथ बायर्नको जर्सीमा प्रस्तुत भए ।

यूकेएफसीविरुद्ध सुनसरी विजयी

■ आनन्द गौतम (ताप्लेजुङ)

सदरमुकाम फुङलिङमा जारी पाथीभरा गोल्डकप फुटबल प्रतियोगितामा पाहुना टिम यूकेएफसी दार्जिलिङ पहिलो खेलबाट घर फर्किएको छ । सोमबार एलेभेन एरोज सुनसरीसँग २-० ले पराजित भएपछि दार्जिलिङ फर्केको हो ।

पहिलो सहभागितामै सुनसरी सेमिफाइनल पुगेको छ । सुनसरीले थ्रीस्टार क्लबबाट खेल्ने रुपेश केसी र विष्णु सुनुवार, मनाङ मर्स्याङदीका प्रवेश दनुवार र एनआरटीका जीवन धामीलाइ मैदान उतारेको थियो । मछिन्द्र क्लबका तीर्थ बस्नेत, सुदीप तामाङ र उमेश कार्की प्लेइङ सेटमै थिए भने क्यामरुनी

आनन्द गौतम

टोली दाउफिन्सबाट खेल्दै आएका पिउसो र यानिक आना मैदानमा हावी भए । सुनसरीको तर्फबाट दुवै गोल यानिकले नै गरे । उनले दोस्रो हाफको पाँचौं मिनेटमा गोलको खाता खोलेका थिए । त्यसपछि उनैले ११ औं मिनेटमा अर्को गोल थपेका थिए । तुलनात्मक होचा र कम उमेर समूहका खेलाडी रहेको दार्जिलिङले सुनसरीलाई टक्कर भने दिएको थियो । दर्शकको समर्थन पनि दार्जिलिङलाई थियो । पहिलो हाफसम्म बराबरी खेलेको दार्जिलिङ दोस्रो हाफको सुरुमै गोल सामना गर्नुपरे पनि त्यसपछि भने रक्षात्मक खेल्यो र सहानुभूति लिएर फर्कियो ।

मंगलबार गत वर्षको विजेता रेडस्टार क्लब झापा र गोर्खा स्पोर्टिङ क्लब दमकबीच प्रतिस्पर्धा हुनेछ । रेड स्टारले झापा ११ का कर्ण लिम्बु, पूजन उपरकोटी, नीरज बस्नेत, विकास थुलुङ, बुद्ध चेम्जोङलगायत उतार्ने छ । गत वर्ष विदेशी खेलाडी ल्याएको रेडस्टारले यसपालि सबै नेपाली खेलाडी उतार्दै छ । गोर्खाले भने रेडस्टारको साख खोस्न क्यामरुनका तीन खेलाडीसहित थ्रीस्टारका विजय धिमाल, मनाङका दीपक राई र सुरज बिक, आर्मीका एकसहित ए डिभिजन खेलेका खेलाडी ल्याएको छ ।

सीसीआरसी र साइपाल च्याम्पियन

काठमाडौं (कास)- ब्वाइजतर्फ सीसीआरसी र गर्ल्सतर्फ साइपाल एकेडेमीले मोर्गन कप अन्तरकलेज बास्केटबलको उपाधि सोमबार जितेका छन् । सीसीआरसीले फाइनलमा टाइम्सलाई ६६-६२ स्कोरले पराजित गऱ्यो । निर्धारित समय ५४-५४ भएपछि थप ४ मिनेटमा सीसीआरसीले अग्रता लिँदै उपाधि जितेको हो । सीसीआरसीका पवन खत्रीले ३२ स्कोर गरे ।

दृष्टि श्रेष्ठको १७ स्कोरमा साइपालले आयोजक मोर्गन कलेजलाई ५२-३५ ले हरायो । ब्वाइज र गर्ल्स दुवैमा फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय पवन र दृष्टि उत्कृष्ट खेलाडी घोषित भए ।

त्यस्तै भ्याली पब्लिक र बीएनए पाँचौं स्किब्स अन्तरविद्यालय बास्केटबलको सिनियर ब्वाइजतर्फ सेमिफाइनल पुगेका छन् । भ्याली पब्लिकले हिमालयलाई १५-१० र बीएनएले एक्सेल्सियरलाई १२-१० ले हराए ।

चौथो बीआईबी अन्तरविद्यालय बास्केटबलको सिनियर गर्ल्समा सोमबार डाफोडिलले सेमिफाइन तय गरेको छ । डाफोडिलले आयोजक बौद्धस्कुललाई ३४-२४ स्कोरले पराजित गऱ्यो । आडिडकी शेर्पाले ११ स्कोर जोडिन् । अर्बिटले कान्जिरोवालाई २६-१५ ले हराउँदा सृष्टि चौधरीले १० स्कोर गरिन् ।

ब्वाइजमा आयोजक बौद्ध र अर्बिट क्वाटरफाइनलमा पुगे ।

प्रदेशस्तरीय ब्याडमिन्टन हुने

सुनसरी (कास)- धरान मदिरा व्यवसायी संघको आयोजनामा प्रदेश १ स्तरीय गोपाल गुप्ता स्मृति ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ । धरानमा सोमबार आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिता धरान-१३ स्थित अमर सेवा समाजको बहुउद्देश्यीय भवनको कोर्टमा भदौ ९ मा हुनेछ ।

विजेताले २० हजार, उपविजेताले १० हजार तथा तेस्रो हुनेले जनही ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने । अनुशासित खेलाडीले १५ सय र उत्कृष्ट खेलाडीले १५ सय रुपैयाँ पाउने संयोजक तथा कोषाध्यक्ष रोशन गुप्ताले बताए । संघका अध्यक्ष नवीनकुमार तामाङका अनुसार प्रतियोगिता पुरुष डबल्समा १६ टिम सहभागी हुने छन् । उदयपुर, सुनसरी, झापा, मोरङ, तेह्रथुमलगायतका जिल्लाका खेलाडी सहभागी हुने आयोजकले जनाएको छ । धरानका पुराना थोक बिक्रेता तथा संघका संस्थापक गुप्ताको स्मृतिमा पहिलोपल्ट ब्याडमिन्टन प्रतियोगिता गर्न लागिएको हो ।

श्रमिक र त्रिभुवन विजयी

मकवानपुर (कास)- क्विक्स कप अन्तरस्कुल फुटबल प्रतियोगितामा सोमबार श्रमिक मावि कर्रा र त्रिभुवन मावि हटिया विजयी भएका छन् । हेटौंडामा सुरु भएको छ । हप्ताचौरमा सुरु प्रतियोगितामा कर्रालें भुटनदेवी उमावि र हटियाले त्रिभुवन मावि नवलपुरलाई समान १-० गोलले पराजित गरे । श्रमिकको जितमा ६० औं मिनेटमा प्रितम स्याङ्बोले गरेको गोल निर्णायक बन्यो । म्यान अफ द म्याच भुटनदेवीका करण माझी घोषित भए । हटियाको तर्फबाट निर्णायक गोल श्याम लामिछानेले ५८ औं मिनेटमा गरे । म्यान अफ द म्याच हटियाका गोलरक्षक निश्चल भुजेल भए ।

एमीसी सेन्ट्रल जोन भलिबल

घरमा सोझो सेटको झट्का

लगनखेलस्थित आर्मी कभर्डहलमा सोमबार एमीसी सेन्ट्रल जोन भलिबलमा किर्गिस्तानको स्पाइक सामना गर्दै नेपाली खेलाडी (नीलो) । नेपालका धनबहादुर भट्टको प्रहार (तल) । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

कान्तिपुर संवाददाता (काठमाडौं)

नेपालले पाँचौं एमीसी सिनियर मेन्स सेन्ट्रल जोन भलिबलमा सुरुआती जित निकाल्न असफल सकेन । परम्परागत समस्याको रूपमा रहेको डिफेन्समा पर्याप्त सुधार नहुँदा नेपाली टोली लगनखेलस्थित त्रिभुवन आर्मी क्लबको कभर्डहलमा किर्गिस्तानसँग ३।० को सोझो सेटमा पराजित भयो । समूह 'ए' मा रहेको नेपालले सेमिफाइनल पुग्नका लागि माल्दिभ्सविरुद्धको खेल जित्नैपर्ने भएको छ ।

उल्लेख्य घरेलु समर्थकमाझ नेपाली टोलीले बलियो किर्गिस्तानसामु कुनै पनि सेटमा २ अंकभन्दा बढीको अग्रता बनाउन सकेन । शारीरिक रूपमा अग्ला किर्गिज टोलीविरुद्ध मुख्यत: रिसिभ र ब्लकमा नेपाली टोली चुकेको हो । नेपालले पहिलो सेट २३।२५ ले गुमाएको थियो । त्यसपछिका दुई सेटमा २२।२५, २२।२५ ले गुमाएपछि नेपाल घरेलु भूममा पहिलो खेलमा अंक जोड्न असफल रह्यो ।

पछिल्लो ४/५ वर्षदेखि मुख्य स्पाइकरको भूमिकामा रहेका मानबहादुर श्रेष्ठको अनुपस्थितिमा धनबहादुर भट्टले त्यो जिम्मेवारी लिएका थिए । तर उनको प्रदर्शन खेलभर फितलो देखियो । अनुभवी कुलबहादुर थापाले पहिलो सेटमा केही आक्रामक शट प्रहार गरेका थिए । त्यसपछिका दुई सेटमा उनी अधिकांश समय बेन्चमै रहे । डेब्यू प्रतियोगिता खेलेका दुर्गाबहादुर खड्काको प्रदर्शन आशालाग्दो थियो । मिडिल ब्लकर पोजिसनमा अग्ला किर्गिज स्पाइकरलाई रोक्ने प्रयासमा उनले आंशिक सफलता पाएका थिए । डेब्यू गरेका अर्का स्पाइकर राजेन्द्र विष्टले पनि अपेक्षाकृत खेल्न सकेनन् । अलराउन्डर नरेन्द्र गिरी र लिबरो ईश्वर थापाको डिफेन्स औसतमात्र थियो ।

नेपाली टोलीका मुख्य प्रशिक्षक हान अविड्ले पराजयका बाबजुद आफू टिमको प्रदर्शनबाट सन्तुष्ट रहेको बताए । 'उनीहरू हामीभन्दा उत्कृष्ट थिए र खेल अवधिभर उनीहरूले हामीलाई नियन्त्रणमा राखे,' ५८ वर्षे डच प्रशिक्षकले भने, 'म मेरा खेलाडीको प्रदर्शनबाट किन खुसी छु भने हामीले खेलमा गल्ती गरेका थिएनौं बरु विपक्षी टोली उच्च स्तरका थिए । उनीहरूले परिस्कृत भलिबल खेले । म किर्गिस्तानलाई बधाई दिन चाहन्छु ।'

प्रशिक्षक हानले नेपाली खेलाडी पूर्ण टिम गेम्सका लागि धेरै सिक्न बाँकी रहेको पनि बताए । नेपालको कमजोर ब्लक र डिफेन्सबारे प्रतिक्रिया दिँदै उनले भने, 'वास्तवमा हामीले ब्लक नगरेको होइन । तर उनीहरू हाम्रो वालभन्दा माथि पुगेर प्रहार गरे । उनीहरूले उचाइको फाइदा लिए । उनीहरू हामीभन्दा धेरै जम्प गर्न सक्थे र त्यो नै किर्गिस्तानी टोलीको क्षमता हो ।'

खेलभर एक्लैले स्पाइकबाट २१ अंक जोडेका किर्गिस्तानी कप्तान तथा स्पाइकर ओनोलबेक कानीबेक उलुको प्रशंसा गरे । 'किर्गिस्तानको आउटसाइड हिटरहरू विशेष गरी जर्सी नम्बर ७ (उलु) लगाउने अर्कैस्तरका थिए । उनको स्पाइक हाम्रो ब्लकभन्दा धेरै स्तरीय थियो,' प्रशिक्षक हानले भने ।

प्रशिक्षक हानले आफ्नो डिफेन्सबारे कुनै गुनासो नरहेको बताए । तर नेपाली खेलाडी र घरेलु समर्थक भावनात्मक रूपमा कमजोर देखिएकोमा चिन्ता व्यक्त गरे । उनले भने, 'हामी खेलभावनालाई लिएर चिन्तित थिएनौं । न खेलाडी रहे न समर्थक । हामीले अर्को खेल मनैदेखि खेल्नुपर्छ । हामीले अंक जोडा र गुमाउँदा धेरै सोच्नुपर्ने कारणै छैन । जब हामी अंक जोड्छौं, हामी खुसी हुन सक्नुपर्छ ।'

किर्गिस्तानका सहायक प्रशिक्षक सर्वग्यशेव किलिच्चेकले सुरुआती जितमा आफ्नो टिमको प्रसंसा गर्दै नेपालभन्दा भाग्यशाली रहेको प्रतिक्रिया दिए । 'हाम्रा मिडिल ब्लकर केही अग्ला र बलिया हुनुको फाइदा हो यो । साथै टिमको सम्पूर्ण प्रदर्शनमा हाम्रा सबै पक्षबाट सन्तुलित प्रदर्शन भयो,' उनले भने । किलिच्चेकले ठूलो अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजनाका लागि नेपाल भलिबल संघलाई धन्यवाद पनि दिए ।

प्रशिक्षक हानले माल्दिभ्सविरुद्धको खेलका लागि दबाब बढे पनि सकारात्मक सोचसहित खेल्नुपर्ने बताए । समूहको दोस्रो खेल नेपालले माल्दिभ्ससँग बुधबार खेल्नेछ ।

तुर्कमेनिस्तान र उज्बेकिस्तान विजयी

सोमबारै अन्य दुई खेलमा साबिक विजेता तुर्कमेनिस्तान र उज्बेकिस्तानले पनि विजयी सुरुआत गरेका छन् । नेपालमा पहिलोपल्ट आयोजना भएको एसियालीस्तरको भलिबलको उद्घाटनअघि बिहान समूह 'बी' अन्तर्गत साबिक विजेता तुर्कमेनिस्तान र अफगानिस्तान आमनेसामने भएका थिए । तुर्कमेनिस्तानले ३।१ को सेटमा जित हासिल गरेको हो ।

आर्मी कभर्डहलमा प्रतिस्पर्धात्मक बनेको पहिलो सेट तुर्कमेनिस्तानले ३२।३० ले आफ्नो पक्षमा पारेको थियो । तर, दोस्रो सेटमा उत्कृष्ट पुनरागमन गरी २५।१६ ले सेट हत्याएको अफगानिस्तानले बाँकी २ सेट भने क्रमश: २७।२५, २६।२४ ले गुमायो । मैत्रीपूर्ण शृंखलामा नेपालसँग पराजित भएको अफगानिस्तानले २ पल्टको च्याम्पियनलाई कडा चुनौति दिएको थियो ।

दिनको तेस्रो खेलमा समूह 'बी' अन्तर्गत नै उज्बेकिस्तानले बंगलादेशलाई ३।० को सोझो सेटमा पराजित गऱ्यो । तीनै सेटमा कमजोर देखिएको बंगलादेशले २५।१६, २५।१६, २५।२३ ले खेल सुम्पियो । मंगलबार ३ खेल हुनेछ ।

'कनकसन सब्स्टिच्युट' को उपयोग

इंग्ल्यान्डका बलर जोफ्रा आर्चरको बलले लागेर घाइते भएका अस्ट्रेलियाका स्टिभ स्थिमको उपचारका लागि सहायता मागिँदै । *तस्बिर : एपी*

लन्डन एएफपी)- मार्नुस लेबासचेन्नीले अन्तर्राष्ट्रिय क्रिकेटको पहिलो 'कनकसन सब्स्टिच्युट' खेलाडी बन्दै इतिहास रचेका छन् । उनकै अर्धशतकमा अस्ट्रेलियाले आइतबार लर्ड्समा एसेज शृंखलाको दोस्रो टेस्टमा इंग्ल्यान्डसँग बराबरीको नतिजा ल्याउन सफल भएको छ ।

लेबासचेन्नी आइतबार बिहानसम्म खेल्ने निश्चित थिएन । शनिबार ९२ रन बनाउनेक्रममा अस्ट्रेलियाका स्टिभ स्मिथलाई जोफ्रा आर्चरको बलले टाउकोमा लागेको थियो । सोही कारण स्मिथले खेल्न नसक्ने भएपछि लेबासचेन्नीले खेल्ने मौका पाएका थिए । टेस्ट क्रिकेटमा यसअघि वैकल्पिक फिल्डरमात्र प्रयोग हुने गरेको थियो । लेबासचेन्नीले वैकल्पिक खेलाडीको भूमिकामा ब्याटिङ गर्दै इतिहास रचेका हुन् ।

'कनकसन सब्स्टिच्युट' को अर्थ कुनै पनि खेलाडीलाई दखल भएको अवस्थामा उनी खेल्न नसक्ने भएर आउने वैकल्पिक खेलाडीलाई भनिन्छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले सुरु गरेको विश्व टेस्ट च्याम्पियनसिपमा यो नियम पनि पहिलोपल्ट प्रयोग गरेको हो । कुनै पनि खेलाडी 'कनकसन' भएमा उसको स्थानमा टोलीको विकल्पमा रहेका कोही खेलाडी पनि आएर ब्याटिङ र बलिङ गर्न पाउने छ । सन् २०१४ मा सेफिल्ड सिल्डमा वाउन्सरले टाउको पछाडि घाँटीको भागमा लागेर फिल ह्युजको निधन भएपछि अस्ट्रेलियाले घरेलु क्रिकेटमा 'कनकसन' नियम ल्याएको थियो, जसलाई अहिले आईसीसीले पनि स्वीकृत गरेको हो ।

लेबासचेन्नीले यो केवल छैठौं सहभागिता हो । अन्तिम अवस्थामा आएको मौकामा उनले ५९ रन बनाए । उनलाई पनि आर्चरको दोस्रो बलले हेलमेटमा लागेको थियो, जुन बल ९१.६ प्रतिमाइल घण्टाको गतिमा थियो । अस्ट्रेलिया ६ विकेट गुमाई १ सय ५४ रनमा रहेको अवस्थामा टेस्ट बराबरीमा टुंगिएको थियो । 'मार्नुसले सानदार खेले,' अस्ट्रेलियाका कप्तान टिम पेनले भने, 'उनलाई दोस्रो बलमै कडा प्रहार लागेको थियो । त्यसका बावजुद उनले जुझारुपनका साथ सानदार स्किल र टेक्निकले खेले ।'

कप्तान जो रुटले अस्ट्रेलियालाई ४८ ओभरमा २ सय ६७ रन बनाउनुपर्ने असम्भव चुनौती दिएपछि इंग्ल्यान्डले शृंखला १-१ को बराबरीमा ल्याउने भरपूर प्रयास गरेको थियो । त्यसभन्दा अघि बेन स्टोक्सले अविजित १ सय १५ रन बनाउँदै इंग्ल्यान्डलाई उकासेका थिए । चिया समयमा अस्ट्रेलिया १३२-३ को स्थितिमा रहँदा टेस्ट बराबरीमा टुंगिने निश्चित जस्तै देखिएको थियो । वर्षाले सुरुको पहिलो पाँच सेसनको खेल हुन नदिँदा र शनिबारको खेल पनि ढिलो गरी सुरु हुनाका बावजुद टेस्ट नतिजाका लागि रोमाञ्चक स्थितिमा पुगेको थियो ।

एजबास्टनको पहिलो टेस्ट २ सय ५१ रनको फराकिलो अन्तरले जितेको अस्ट्रेलियाले १७ रनको अन्तरमा ३ विकेट गुमाएपछि इंग्ल्यान्डको आशा पलाएको थियो । अन्तिम ओभरमा खेल पुग्दा इंग्ल्यान्डलाई ४ विकेट चाहिएको थियो । प्याट कमिन्सले ज्याक लिचको तीन बल खेल्दै सुरक्षित भएपछि टेस्ट बराबरीमा टुंगिएको हो । डेब्यु गरिरहेका तीव्र गतिका बलर आर्चरले ३२ रन खर्चेर ३ विकेट लिँदै टेस्टमा ५ विकेट लिए । लिचले ३७ रन खर्चेर ३ विकेट लिए ।

'बलियो रूपमा पुनरागमन गर्न महत्त्वपूर्ण थियो, मलाई लाग्छ हामीले त्यही गऱ्यौं,' रुटले भने । पहिलो टेस्टको दुवै इनिङ्समा शतक बनाएका स्मिथले टाउकोमा लागेको चोटका कारण बिहीबारदेखि लिड्समा सुरु हुने तेस्रो टेस्ट पनि गुमाउने सम्भावना छ । १८ वर्षपछि इंग्लिस भूमिमा टेस्ट जित्ने आशामा रहेको अस्ट्रेलियालाई स्मिथ अनुपस्थित रहेमा ठूलो धक्का लाग्नेछ ।

'उनले अर्को टेस्ट खेल्नेमा म निश्चित छैन,' पेनले स्मिथबारे भने, 'उनको स्वास्थ्यमा अझ सुधार हुन जरुरी छ, त्यसमा कुनै शंका छैन । उनले खेल्ने छन् भन्ने हाम्रो आस छ । क्रिकेट अस्ट्रेलियाले स्मिथको घाँटीको स्क्यान गरेपछि मात्र उनको स्थिति कस्तो रहने थाहा हुने जनाएको छ । यता स्मिथ घटनापछि क्रिकेट अस्ट्रेलियाले घाँटीमा पनि सुरक्षित साधन लगाउनुपर्ने दिन नजिक आइसकेको जनाउ दिएको छ ।

लाम्पार्ड अझै जितविहीन

लेस्टरका विल्फ्रेड नाडिडी (बीच) ले गोल गर्दै खेल बराबरी पारेपछि निराश चेल्सी खेलाडी (नीलो) । *तस्बिर : रोयटर्स*

लन्डन (एएफपी)- विल्फ्रेड नाडिडीले लेस्टरलाई आइतबार १-१ को बराबरी दिलाएपछि फ्रान्क लाम्पार्ड चेल्सी व्यवस्थापकको रूपमा अझै जितको लागि प्रतीक्षारत छन् ।

गत साता चेल्सीलाई म्यानचेस्टर युनाइटेडले ४-० ले पराजित गरेको थियो । त्यसपछि उसलाई युरोपियन सुपर कपमा बुधबार लिभरपुलले पेनाल्टीमा हराएको थियो । लाम्पार्डको टिमले मासोन माउन्टको गोलसँगै सुरुमै अग्रता लिएको थियो । तर नाडिदीले चेल्सीको गल्तीको फाइदा लिँदै लेस्टरलाई बराबरीमा पुऱ्याए । लाम्पार्डलाई चेल्सी व्यवस्थापकको रूपमा फर्कंदा स्टामफोर्ड ब्रिजमा ठूलो सम्मान दिइएको थियो । ४१ वर्षीय उनले आफ्नो जिम्मेवारीमा धेरै गर्नुपर्ने देखिएको छ । उनले १३ वर्ष चेल्सीको खेलाडी रहँदा तीनपल्ट प्रिमिर लिग र क्लबको पहिलो च्याम्पियन्स लिगको उपाधि जितेको थियो ।

खजुरामा खारिँदै बालबालिका

■ **रूपा गहतराज** (नेपालगन्ज)

बाँकेको खजुरा गाउँपालिका खेलाडीको गाउँ हो । त्यहाँबाट धेरै खेलाडी राष्ट्रियस्तरमा उदाएका छन् । गाउँमा लुकेको खेलसंस्कृति उजागर गर्न त्यहाँ अहिले फुलबल प्रशिक्षण सुरु गरिएको छ । खजुरा गाउँपालिका-२ का १६ वर्षमुनिका बालबालिकालाई प्रशिक्षणमा सहभागी छ । उनीहरू धुलेमाटोमा फुटबलको अभ्यास गर्न तल्लिन छन् । तीन वर्ष नियमित प्रशिक्षण दिएर खेलाडी उत्पादन गर्ने लक्ष्य लिइएको छ ।

'प्रमुख उद्देश्य फुटबलर बनाउने हो,' खेल अभियन्ता ऋषि पोखरेलले भने, 'गाउँमा रहेका प्रतिभालाई प्रशिक्षण दिएर कुशल खेलाडी बनाउने अभियान थालेका हौं ।' अभ्यासमा व्यस्त स्थानीय शान्ति पौडेल बललाई एकैछिन पनि आफूबाट टाढा राख्न सक्दिनन् । नियमित अभ्यासमा सहभागी भएर राष्ट्रिय खेलाडी बन्ने सपना बोकेर मैदानमा उत्रिएकी छन् । 'पढाइ अनि घरको काम सकेर अभ्यासमा आउने गर्छु,' उनले सुनाइन्, 'राम्रो फुटबल खेलाडी बन्ने सोच छ ।'

उनीसँगै खेलिरहेकी मनीषा सुनारले पनि आफू खेल भनेपछि हुरुक्कै हुने गरेको बताइन् । झन् गाउँमा नै फुटबलको अभ्यास जुरेकामा उनमा खुसीको सीमा छैन । 'धेरै खुसी लागेको छ । गाउँमै अभ्यास गर्न पाइयो,' उनले भनिन्, 'टाढा भएको भए सायद खेल्न पाईदैनथ्यो होला ।'

रूपा गहतराज

खजुराको सीगाउँस्थित एक स्कुलको मैदानमा करिब सय बालबालिका फुटबल अभ्यास गरिरहेका भेटिन्छन् । गाउँगाउँमा रहेका प्रतिभालाई एकैथलोमा ल्याएर कुशल खेलाडी बनाउने यो एउटा अभियान भएको फुटबल क्रेजी भनेर चिनिने जिल्ला फुटबल संघका जिल्ला अध्यक्ष भोजराज शाहीले बताए । 'पहिलो त फुटबलको क्रेज बढाउने र फुटबल खेल्ने सीप सिकाउने योजना हो,' उनले भने ।

वातावरण तथा बालअधिकार संरक्षण केन्द्र (इन्प्रोक) को अगुवाइमा बालबालिकालाई फुटबल प्रशिक्षण दिन सुरु गरिएको हो । इन्प्रोक अध्यक्ष तेजविक्रम शाहले खजुरा गाउँपालिकाका धेरै युवा कुलतमा फस्दै गरेकाले फुटबलको अभियान सुरु गरिएको बताए । 'गाउँकै धेरै युवा लागूऔषध चपेटामा छन्,' उनले भने, 'खेलको माध्यमबाट दुर्व्यसन रोक्न खेल अभियान सुरु गरेका हौं ।'

राष्ट्रिय प्रतियोगिताहरू खेलिसकेका भीमजंग शाह नेपालगन्जबाट आएर गाउँमा फुटबल प्रशिक्षकको भूमिका निर्वाह गरिरहेका छन् । 'हाम्रो पालामा सम्भावना थिएन । अहिलेका बालबालिकालाई अवसरै अवसर छ,' उनले भने, 'राम्रा खेलाडी उत्पादन गर्ने र कुलतमा फसेका युवालाई खेलमा व्यस्त गराउने अभियान हो यो ।'

Admission OPEN
BBA / BHM
MBA *PROPOSED
Aayaam
INTERNATIONAL COLLEGE
(A Business School with new Dimension)
01-5550778, 5537674
www.aayaamcollege.edu.np
www.facebook.com/aayaaminternationalcollege

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजश्व विभागको

काठमाडौं महानगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सम्पूर्ण चलचित्र घरहरूलाई मनोरञ्जन कर तिर्न आउने सम्बन्धी अत्यन्त जरूरी सूचना ।

काठमाडौं महानगरपालिका क्षेत्रभित्र संचालनमा रहेका चलचित्र घरहरुले प्रदेश नं. ३ को आर्थिक ऐन २०७६ ले व्यवस्था गरेबमोजिम चलचित्र प्रदर्शन गर्दा प्रति टिकट बिक्रीमा मनोरञ्जन कर बापतको लिएको ५% ले हुने रकम प्रत्येक महिना समाप्त भएको मितिले २५ दिनभित्र काठमाडौं महानगरपालिकामा बुझाउनु पर्ने व्यवस्था भएकोमा उक्त कर रकम बुझाउन पटक पटक पत्राचार गरिएकोमा गत आर्थिक वर्ष २०७५/०७६ मा मनोरंजन कर बापत दर्शकहरुबाट लिएको रकम हाल सम्म पनि स्थानीय सरकार (काठमाडौं महानगरपालिका) लाई नबुझाएको हुँदा यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र सम्बन्धित चलचित्र घरहरुले बिक्री गरेको टिकटको विवरण सहित (गत आर्थिक वर्षको बक्यौताको सोहि ऐनको दफा ४ (३) बमोजिम) काठमाडौं महानगरपालिकाको राजस्व विभाग, बबरमहलमा सम्पर्क गरि मनोरञ्जन कर बुझाउनु हुन अनुरोध गरिन्छ । अन्यथा दर्शकहरु संग मनोरंजन कर बापत असूली गरि सकेको रकम सम्बन्धित स्थानीय सरकारलाई नबुझाउने चलचित्र घरहरुलाई नियमानुसार कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५९३५०००, फ्याक्स: ९७७-१-५९३५००१, email: kantipur@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : नारायण वाग्ले

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ विराटनगर | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

अथक परिश्रम
अपार सफलता

130000+
Students enrollment

40000+
compentent & world-class engineers

30000+
Students pursuing engineering couses in Nepal & abroad

PEA's
B.E./B.Arch.
BSc.CSIT Entrance Preparation

25
Years of
EXCELLENCE



"विगत २५ वर्षको अनुभव र सर्वोत्कृष्ट नतिजा नै हाम्रो परिचय हो ।"

key to success in life

Since 1994
PEA
Association Pvt. Ltd.

Jaycees Marga, Thapathali, Kathmandu, Tel: 014245730, 4257187, www.pea.edu.np

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ विराटनगर | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

सडकमै धराप | ललितपुरको पुल्चोकस्थित मन्त्री क्वार्टरतर्फ जाने सडकको पैदलमार्गमा रहेको खाडल । सधैं खुला रहने यो खाडलको डिलसमेत होचो छ, जहाँ हिँडिरहेको व्यक्तिसमेत पर्न सक्ने जोखिम छ ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/कान्तिपुर

बयुँताइयो सरकारी निर्माण कम्पनी

■ **बलराम बानियाँ** (काठमाडौं)

ठूला भौतिक पूर्वाधार निर्माणमा वैधानिक रूपमै आर्थिक चलखेलको जोखिम बढ्ने गरी सरकारले 'नेपाल पूर्वाधार निर्माण कम्पनी' खडा गरेको छ । यसबाट विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर 'कमिसन' खाने वैधानिक बाटो खुल्ने आशंका बढेको छ ।

पञ्चायतकालदेखि २०५८ सालसम्म विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले नेसनल कन्स्ट्रक्सन कम्पनी अफ नेपाल (एनसीसीएन) मार्फत ठूला भौतिक संरचना निर्माणको काम बिनाप्रतिस्पर्धा आफू नजिकका ठेकेदारलाई दिलाएर गैरकानुनी कमाइ गर्ने गरेका थिए । प्रभावशाली मन्त्रीहरूको प्रस्तावमा सरकारी ठेक्कामा कानुनी रूपमै कमाउ धन्दा चलाउन झन्डै २० वर्षपछि त्यस्तै प्रकृतिको 'नेपाल पूर्वाधार निर्माण कम्पनी' ब्युँताइएको स्रोतले जनायो ।

सरकारले सरकारी स्वामित्वको कम्पनीलाई मन्त्रिपरिषद् निर्णयबाट बिनाप्रतिस्पर्धा सोझै भौतिक पूर्वाधार निर्माण या अरू कुनै पनि ठेक्का दिन पाउने कानुनी व्यवस्था छ । सरकारी कम्पनीले तोकिएको अनुमानित लागत रकममा भौतिक पूर्वाधार निर्माण या कुनै पनि ठेक्का पाउनेछन् । सरकारी कम्पनीले अरू ठेकेदार कम्पनीले जस्तो अनुमानित लागत रकममा घटाघट गरी प्रतिस्पर्धा गर्नु पर्दैन । एनसीसीएनले अनुमानित लागतमा सरकारी पूर्वाधार निर्माणको जिम्मा लिएर १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा ठेकेदारलाई उपठेक्का दिने गर्थ्यो । एनसीसीएनकै ढाँचामा अहिले खोलिएको सरकारी कम्पनीले पनि अनुमानित लागतमा १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा जुनसुकै ठेकेदारलाई जिम्मा दिएर काम गराउन सक्नेछ । 'पञ्चायतकाल र २०५८ सालसम्म प्रभावशाली मन्त्रीहरूले एनसीसीएनमार्फत आफ्नो स्वार्थसिद्धि गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर ठूलो परिमाणमा कमिसन लेनदेन गर्ने प्रवृत्ति फस्टाएको थियो । सरकारले त्यही प्रकृतिको कम्पनीलाई पुनर्जीवन दिएर सरकारी ठेक्कापट्टामा

बिनाप्रतिस्पर्धा सरकारी कम्पनीमार्फत आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई ठेक्का दिलाइने आशंका

विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूलाई फेरि चलखेल गर्ने मौका दिन लागेको छ,' एनसीसीएनमार्फत भएको भ्रष्टाचार देखेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिवले कान्तिपुरसित भने । ती पूर्वसचिवका अनुसार खुला प्रतिस्पर्धा गर्दा ठेकेदारहरूले अनुमानित लागतभन्दा ४० प्रतिशतसम्म कम रकम कबोल गरी ठेक्का लिएर काम गर्ने गर्छन् तर सरकारी कम्पनीमार्फत १० प्रतिशत कम रकममा ठेकेदारले उपठेक्का पाउँदा बढी नाफा हुने भएकाले त्यसैमा ठूलो चलखेल र लेनदेन हुन्छ । **बाँकी पृष्ठ १४**

भित्र

नेपाल स्याटेलाइटको अनुमतिपत्र खारेज

नेकपा सचिवालयमा एक्लिए नेता नेपाल

विवादास्पद न्यायाधीश अधिकारीद्वारा राजीनामा

राजनीतिक दललाई अनुदान दिने कानुन बन्दै

भर्ती केन्द्र बन्यो लुम्बिनी विकास कोष

गजब छ बा !

- अविन -

तपैं नि यै पार्टीको ? अनि कतातिरको नि ?... दायाँतिरको कि बायाँतिरको ...कि छायाँतिरको ?

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक | समृद्ध नेपालको लागि

नेपाल-भारत संयुक्त आयोग बैठक भोलि

एजेन्डाहरू पुरानै

कान्तिपुर संवाददाता (काठमाडौं)

परराष्ट्रमन्त्री स्तरमा बुधबार सुरु हुने नेपाल-भारत संयुक्त आयोगको पाँचौं बैठकमा प्रबुद्ध समूह (ईपीजी) ले यसअघि सम्बोधन गरेकै मुद्दा तथा सुझ्झन नसकेका द्विदेशीय सरोकारका विषयमा छलफल हुने भएको छ ।

बैठकमा राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत, संस्कृति-शिक्षासहितका मुख्य एजेन्डामाथि छलफल हुने परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिए । दुईदिने बैठकमा सहभागी हुन भारतीय विदेशमन्त्री एस जयशंकरसहितको प्रतिनिधिमण्डल बुधबार काठमाडौं आउँदै छ ।

'बैठकमा नयाँभन्दा पनि भइरहेकै समस्या र सरोकारका विषयमा बृहत् छलफल हुनेछ,' परराष्ट्रका एक उच्च अधिकारीले कान्तिपुरसँग भने, 'विगतमा नेपाल-भारत प्रबुद्ध समूहले उठाएका एजेन्डा आयोग बैठकमा पनि दोहोरिँदै छन् । विशेषगरी डुवान समस्या, भारतले प्रतिबद्धता जनाएर पूरा नभएका योजना र पञ्चेश्वरजस्ता थाती रहेका परियोजनाको निकासबारे नेपालले धारणा राख्नेछ ।' लामो समयदेखि अल्झेर बसेका परियोजनालाई कि त खारेज गर्ने अथवा योजनामा नयाँ मोडालिटी पहिल्याउन नेपालले प्रस्ताव गर्ने परराष्ट्रमा दक्षिण एसिया मामिला हेर्ने ती अधिकारीले बताए । परराष्ट्र मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्ञवालीले नेपाल-भारतको सहकार्यमा सञ्चालित योजना तथा तिनका प्रगति एवं उपलब्धिबारे आयोग बैठकमा विस्तृतमा छलफल गरिने बताए । 'अहिले नेपाल-भारत समझदारी उच्चस्तरमा छ,' उनले भने, 'मोतिहारी-अमलेखगन्ज रेलवे

राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत मुख्य एजेन्डा

पाइपलाइन, हुलाकी राजमार्ग, एकीकृत चेकपोस्ट (आईसीपी), जनकपुर-जयनगर रेलवेजस्ता योजनाको उपलब्धिमाथि छलफल हुनेछ । अरुण तेस्रो, अपर कर्णाली जलविद्युत् परियोजनालाई तीव्रतासाथ अघि बढाउनेबारे धारणा राख्नेछौं ।' रक्सौल-काठमाडौं रेलवेको प्राविधिक सर्वेक्षण पूरा भइसकेको र यसको विस्तृत परियोजना रिपोर्ट (डीपीआर) बन्ने क्रममा रहेको उनले जानकारी दिए । बैठकमा नारायणी र कोसी नदीको जलमार्गमा मध्यमस्तरका जहाज सञ्चालन हुनेबारे तयारी तथा प्रस्तावनामा छलफल हुँदै छ । बैठकमा प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदन बुझ्न र कार्यान्वयन तहमा अघि बढ्नसमेत समकक्षी जयशंकरसँग कुरा राखिने मन्त्री ज्ञवालीले बताए । प्रबुद्ध समूहले एक वर्षअघि तयार गरेको प्रतिवेदन भारत सरकारले अझैसम्म नबुझ्दा यसको कार्यान्वयन 'अर्थहीन' बनेको छ ।

'लामो समयदेखि अल्झिएका योजनाबारे पुनरावलोकन गर्नुपर्छ भनेर दुवै देशको तहमा समझदारी बनेको छ,' उनले भने, 'कुनै विषय छ र अघि बढ्न सकेको छैन भने त्यसलाई 'रिभ्यु' गर्न सकिन्छ । अब कार्यान्वयनमा लागौं भन्ने हो ।' नेपाल-भारत समस्या एवं सरोकार सम्बोधनमा मन्त्रीस्तरीय संयन्त्र बैठकमा भाग लिन आउने भारतीय विदेशमन्त्री जयशंकर यसअघि विदेश सचिवका रूपमा सेवारत थिए । नेपालमा संविधान जारी हुनुअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका 'विशेषदूत' भएर काठमाडौं आएका जयशंकरले 'सबै पक्षको सहमति नजुटाई संविधान जारी नगर्न दिएको सुझाव' का कारण उनको छवि विवादित बनेको थियो ।

बाँकी पृष्ठ १४

सामाजिक सञ्जालमा फैलँदै घृणा, आक्रोश र अफवाह
पृष्ठ २

कलिलैमा बिहेले कानुनी झमेला

■ **बिनु तिम्सिना** (विराटनगर)

● ९ महिनाअघि मोरङको रंगेली नगरपालिकाका १७ वर्षीया एक किशोरी र १९ वर्षीय एक किशोर गाउँबाट हराए । गाउँमा खैलाबैला मच्चियो । किशोरीका आमाबुबाले इलाका प्रहरी कार्यालयमा छोरी हराएको भन्दै निवेदन दिए । प्रहरीले दुवैलाई एकै स्थानबाट फेला पाऱ्यो । लामो समयदेखि प्रेम सम्बन्धमा रहेका उनीहरू सँगै भागेका थिए । कानुनत: २० वर्ष नपुगी विवाह गर्न नमिल्ने भएकाले प्रहरीले दुवैलाई आ-आफ्नो अभिभावकको जिम्मा लगायो । तर केही दिनपछि किशोरीका आमाबुबाले किशोरविरुद्ध जबर्जस्ती करणीको मुद्दा दर्ता गराए । किशोर पक्राउ परे । अदालतबाट धरौटीमा छुट्टेपछि दुवै किशोरकिशोरी भागेर भारत गए ।

● विराटनगर महानगरपालिकाका १८ वर्षीया किशोरी र २१ वर्षीय युवा एक महिनाअघि हराए । परिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गरायो । प्रहरीले खोजतलास गर्दा उनीहरू सँगै बसेको फेला पऱ्यो । किशोरीको उमेर २० वर्ष पूरा नपुगेकाले उनीहरूलाई पनि छुटाएर प्रहरीले आफ्नो अभिभावकको जिम्मा लगायो ।

बाँकी पृष्ठ १४

HUAWEI

Y9 Prime 2019

HUAWEI Ultra FullView Display
Auto Pop-Up Camera

Rs. 29,990/-

HOT SALE

Product pictures and display contents on the page are provided for reference only. Actual product features and specifications (including but not limited to appearance, colour, and size), as well as actual display contents (including but not limited to backgrounds, UI, and icons) may vary.

Call Mobility

Authorized Sole Distributor:
Call Mobility Pvt. Ltd.
Tel: 01-4240886
E-mail: marketing@callmobility.com.np
TRADE ENQUIRY NO. 9801248055

Authorized Showrooms: OLA Electronics, Near Tamrakar Complex, Pako Newroad, Ph. No.: 01-4220758, Mob: 9801248177 | Next to Peoples Plaza, Pako, Newroad, Ph. No: 01-4269092

Authorized Service Centers: OLA Electronics Pvt. Ltd., 5th Floor, CTC Mall, Sundhara, Kathmandu, Ph. No.: 01-4218084 | 6th Floor, Tamrakar Complex, Pako, Newroad, Ph No. 01-4252193, 01-4249803 | Narayanghat Service Center (KL Mall, Lions Chowk) Ph. No: 9803571355 | Itahari: Dharan Road, Opposite Gorkha Dept Store Ph. No: 9801248193

WARRANTY: 1 YEAR ON MOBILE PHONE | 6 MONTHS ON BATTERY

FOR SERVICE ENQUIRY: TOLL FREE 16600107107

खोजीखोजी किन्दै स्वदेशी तरकारी

■ **जितेन्द्र साह** (विराटनगर)

बजारमा नेपाली बोडी पाउको ३०, भारतबाट आयातीतको मात्र १५ रुपैयाँ। विराटनगरकी सानु दुलालले खुसीसाथ आधा किलो स्थानीय बोडी नै किनिन्। महँगो भए पनि स्थानीय खेतबारीकै हरिया तरकारी किन्न थालेको उनले बताइन्।

'अचेल पहिले दाम होइन, कहाँ उत्पादन भएको सोध्छु' दुलालले कान्तिपुरसँग भनिन्, 'अत्यधिक रसायनको प्रयोग हुने गरेको हुनाले भारतको तरकारी किन्नै छाडेको छु।' भारतबाट आयातीत तरकारीको तुलनामा स्वदेशीको मूल्य प्रतिकिलो झन्डै दोब्बर छ। परवल प्रतिकिलो ८० रुपैयाँ, इस्कुस ४०, काउली १ सय ५०, बन्दा ४०, काँक्रा ८०, गोलभेंडा १००, घिरौंला ५० छ। 'स्वास्थ्यको सवालमा मूल्य हेर्नु भएन, बरु थोरै खाने तर शुद्ध खाने बानी बसाल्नुपर्छ,' विराटनगरकी स्वास्थ्यकर्मी मैयाँ कार्कीले भनिन्। स्थानीय गोल्डेन अस्पतालमा कार्यरत उनले ड्युटीबाट समय निकालेर आफै तरकारी किन्छिन्। 'नियमित किनिराख्ने तरकारी हेर्रै नेपाली र भारतीय ठम्याउन सकिन्छ,' कार्कीले भनिन्, 'हाम्रा तरकारी आकार, प्रकार, रंगरूप एवं तौलमा ठिक्कको हुन्छ।'

भान्छाका लागि बन्दोबस्ती आफैले गर्ने स्थानीय कपडा व्यवसायी राजेश अग्रवालको छनोटमा वरिपरिकै गाउँका तरकारी पर्छ। १ सय २० रुपैयाँमा भारतबाट आयातीत तरकारी किन्दा दुई छाकलाई र नेपालका किन्दा केवल एक छाकका लागि पुग्ने गरेको उनको अनुभव छ। 'तर, महँगो भए पनि हाम्रो तरकारी एक त ताजा हुन्छ, अर्को कुरा विषादी पनि कम हुन्छ,' उनले भने, 'बेच्ने पनि चिनेजानेका भएकाले बिग्रेको भएमा पैसा पनि फिर्ता गर्छन्।' अर्का स्थानीय ५५ वर्षीया पवित्रा वंशलले अहिलेसम्म भारतीय तरकारी नकिनेको बताइन्।

भारतको तरकारीमा अत्यधिक मलखाद र रसायन प्रयोग हुने गरेको सबैले थाहा पाइसकेको खुद्रा तरकारी व्यवसायी ४० वर्षीय रामकुमार यादवले बताए। उनले यसै कारणले नेपाली बजारमा भारतको हरिया तरकारी बिक्नै छाडेको सुनाए। 'भारतीयले तरकारीलाई हरिया पोटिला देखाउन मनग्यै मलखाद हाल्छन्, त्यसपछि नेपालमा ढुवानी गर्ने क्रममा नबिग्रिउन् भनेर तरकारीमा थप रसायन छर्किइन्छ,' उनले भने, 'भारतबाट हाम्रो बजारमा आइपुग्न तीन दिन लाग्ने हुनाले तरकारी ताजा रहँदैन, भान्छामा दुई दिनमै बिग्रन थाल्छ, हाम्रो खेतबारीको तरकारी त सातासम्म राख्दा पनि बिग्रिदैन।'

सुनसरीको देवानगन्ज-७ का यादवले नेपाली खेतबारीकै तरकारी ल्याएर विराटनगरमा बेच्छन्। 'स्थानीय तरकारीको माग बढेकाले व्यापार अझै बढ्छ,' यादवले भने। यादवकै गाउँका युवा विनोद मेहताले चार बिघा खेतमा आफैंले तरकारी उत्पादन गरी विराटनगरको बजारमा बेच्छन्। 'दुई महिना अधिसम्म सस्तो भारतीय तरकारी खोज्ने अधिकांश सहरियाले जे जस्तो भए पनि यहींकै खेतबारीको सागसब्जी खोज्न थालेकाले राम्रो दाम पाइरहेका छौं, मनोबल बढेको छ,' उनले भने, 'अर्को वर्ष दोब्बर उत्पादन गर्छु।'

> **बजारमा भारतबाट आयातीतको भन्दा स्थानीय तरकारीको मूल्य दोब्बर छ। महँगा नै भए पनि ग्राहक स्थानीय खेतबारीकै हरिया सागसब्जी किन्न खोज्छन्। भारतीय तरकारी भन्ने सुने, बुझे भने ग्राहकले भाउसमेत सोध्न छाडेका छन्।**

मेहता सरकारप्रति भने असन्तुष्ट छन्। 'तर उत्पादन बढाउन सरकारले किसानसम्म पुग्ने गरी कृषि ऋण, सहुलियत र राहत दिनुपर्छ,' उनले भने, 'अहिलेसम्म पहुँचवाला किसानले मात्र पाएका छन्, सरकारले गरिखाने किसानलाई हेर्नुपर्यो।' चार वर्षदेखि यहाँकै बजारमा तरकारी बिक्री गर्ने भारत विहार दरभंगाका गणेश सिंहले नेपाली उत्पादन नै बेच्ने गरेको बताए। 'भारतको तरकारी खुवाएर मान्छेको ज्यान लिनु छ र ?,' उनले भने। सिंहले पूर्वी पहाडी जिल्लाका उत्पादन निग्रो, मूला, काउली, बन्दा, गोलभेंडा, मुन्टा र काँक्रो ल्याएर बेच्छन्।

मुख्यत: स्थानीय उत्पादन पाइने विराटनगरको साप्ताहिक हाटमा अचेल हिलोपानी छिचोल्दै तरकारी किन्नेको घुइँचो लाग्छ। विराटनगर र कटहरी सीमासँग जोडिएको सिंघिया खोलामा आइतबार एवं बुधबार, विराटनगरको तीनपैनीमा सोमबार, अशोक चोकमा मंगलबार, वरगाछीमा बिहीबार, कञ्चनबाडीमा शुक्रबार र नगरपालिका मार्गमा शनिबार हाट लाग्छ। घरेलु तरकारीप्रति बढ्दो आकर्षणले हाटबजारका खुद्रे तरकारी व्यवसायीमा उत्साह बढेको छ। 'सबैभन्दा पहिले कहाँको तरकारी हो भनेर सोध्छन्,' तरकारी व्यवसायी ३८ वर्षीया सीतादेवी मण्डलले भनिन्, 'त्यसपछि मात्रै दाम सोध्छन्,' भारतको तरकारी भन्नेबित्तिकै ग्राहक दामै नसोधी हिंडिहाल्ने गरेको उनले बताइन्।

प्रदेश १ को राजधानी विराटनगरस्थित 'विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला' पनि स्वदेशी उत्पादनमा विषादी निकै कम पाइएको जनाएको छ। प्रयोगशालाका प्राविधिकले तरकारीमा हुने अर्गानोफस्फेट र कार्बामेटको मात्रा परीक्षण गर्छन्। यसलाई प्राविधिक भाषामा 'रुकावट प्रतिशतको अध्ययन' भनिन्छ। रुकावट प्रतिशत ३५ भन्दा कम भएमा खान योग्य मानिने प्रयोगशालाका प्राविधिक सहायक सीता बरालले बताइन्। प्रयोगशालाले तरकारीको नमुना संकलन गरी परीक्षण गरेको थियो। प्रयोगशालाको अनुसार रुकावट प्रतिशत भेडे खुर्सानीमा २३, परवलमा १२, गोलभेंडामा १७, भिन्डीमा ४, सिमीमा २, काँक्रामा २ देखि ५ प्रतिशत, बन्दा र भान्टामा ३/३ प्रतिशत र पिरो खुर्सानीमा ३ प्रतिशत भेटिएको छ। 'जुनसुकै तरकारीमा पनि विषादी त भइहाल्छ तर कम र बढीको मात्र हो,' उनले भनिन्, 'विषादीको मात्रा बढी भएको तरकारी खाँदा स्वास्थ्यलाई जोखिममा पार्छ।' तरकारीमा अर्गानोफस्फेट र कार्बामेटको मात्रा बढी हुँदा बान्ता आउने, छाला चिलाउने, टाउको दुख्नेजस्ता लक्षणहरू देखापर्ने नायब प्राविधिक बरालले बताइन्। उनका अनुसार दीर्घकालीन असरमा क्यान्सर, दम, पक्षाघात, सुस्त मनस्थिति एवं पाचनतन्त्रलाई खतम पार्न सक्छ। विराटनगरमा ७५ प्रतिशत आलु एवं प्याजको आयात भारतबाट हुन्छ भने यसको ठीक विपरीत ७५ प्रतिशत हरियो तरकारीको मागलाई पहाड र मधेसले धानिरहेको समितिले जनाएको छ।

प्रदेशसभा बैठक

कोसीपीडितका मागबारे चासो

कोसीले घरखेत गुमाएका पीडितपरिवार सम्झौताअनुसार भारत सरकारले मुआब्जा तथा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गर्दै शनिबारदेखि आन्दोलनमा

प्रदेश १ संसद्मा आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मत कार्की सांसदले उठाएको प्रश्नको सोमबार जवाफ दिँदै (बायाँ) र सार्वजनिक लेखा समितिका सभापति शिवनारायण गनगाई समितिको प्रतिवेदन प्रस्तुत गर्दै। *तस्विर : देवनारायण/कान्तिपुर*

■ **देवनारायण साह** (मोरङ)

कोसी बाढीपीडितले कटान र डुबानमा परेका ७ हजार ६ सय ६३ बिघा ८ कट्ठा २ धुर जग्गाको मुआब्जा भारत सरकारबाट पाउन सकेका छैनन्। तत्कालीन नेपाल सरकारको परराष्ट्र मन्त्रालयले २०७४ चैत २० मा कोसीपीडित किसानलाई कटान र डुबानमा परेका उक्त जग्गाबापतको ८० करोड ४६ लाख ५७ हजार ५ सय २५ रुपैयाँ मुआब्जा उपलब्ध गराउन भारत सरकारलाई पत्राचार गरेको थियो।

कोसीले घर खेत गुमाएका पीडित परिवारले सम्झौताअनुसार भारत सरकारले मुआब्जा तथा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गर्दै शनिबारदेखि आन्दोलनमा उत्रेका छन्। उनीहरूले कोसी ब्यारेजमा अनिश्चितकालीन रिले अनशन सुरु गरेका हुन्। कोसी नदी कटान डुबान पीडित संघर्ष समितिका अध्यक्ष महिदेव चौधरीको नेतृत्वमा अनशन सुरु गरिएको हो। प्रदेश १ का सुनसरी र उदयपुर र प्रदेश २ का सप्तरीका किसानको उक्त जग्गा कोसी नदीको कटान र डुबानमा परेको छ।

प्रदेश १ सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्कीले नेपाल-भारत प्रबुद्ध समूहको प्रतिवेदन भारत सरकारले बुझेपछि मुआब्जा समस्या समाधान हुनेबारे संसद्लाई सोमबार जानकारी गराएका छन्। 'नेपाल-भारत प्रबुद्ध समूह गठन गरी नेपाल र भारतका सन्धि सम्झौता पुनरवलोकन गर्ने सम्बन्धमा सबै कार्य भएको र उक्त प्रतिवेदन भारत सरकारले अहिलेसम्म बुझेको छैन,' उनले भने, 'भारत सरकारले प्रतिवेदन बुझेपछि कोसीपीडितको मुआब्जा समस्या समाधान हुन्छ।'

प्रदेश सरकारले कोसीपीडितका यी यस्ता सबै समस्याका बारेमा प्रधानमन्त्रीलाई अवगत गराइसकिएकाले चाँडै समस्या समाधान हुने मन्त्री कार्कीले विश्वास व्यक्त गरे। भू-आर्जन कार्यालय विराटनगर तथा विशेष भू-आर्जन कार्यालय कोसी प्रोजेक्ट सहरसा, विहारका पदाधिकारीबीच ०६९ साउन ३ मा भएको सहमतिबमोजिम ७ हजार ६ सय ६३ बिघा ८ कट्ठा २ धुर जग्गा कटान तथा डुबानमा परेको हो। उक्त विषयमा २०६९ असोज २४ मा नेपाल सरकारको परराष्ट्र मन्त्रालयद्वारा काठमाडौंस्थित भारतीय राजदूतावासलाई उक्त जग्गाको मुआब्जा रकम वितरणका लागि आग्रह गरिएको कार्कीले जानकारी गराए।

प्रमुख प्रतिपक्षी दलका नेता राजीव कोइरालाले विशेष समयमा संसद्मा कोसीपीडित किसानले मुआब्जा नपाएको उठाएको विषयमा मन्त्री कार्कीले जवाफ दिएका थिए।

कार्कीले संसद्मा उठेको कोसीटप्पु वन्यजन्तु आरक्षस्थित श्रीलंका टप्पुस्थित चरन क्षेत्रमा २८ गाई र १६ गोरु रगत छादेर मृत्यु भएको घटनामा प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्थलगत अनुगमन गरेको संसद्लाई जानकारी गराए। उनले प्रदेश पशु रोग अन्वेषण प्रयोगशालाले रोग निदानका लागि गरेको नमुना परीक्षणको स्लाइड संघीय सरकारअन्तर्गतको केन्द्रीय रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वरमा पठाएको बताए।

उनले सांसद जयराम यादवले संसद्मा चीन भ्रमणको विषयमा उठाएको प्रश्नको समेत जवाफ दिएका थिए। प्रदेश सरकारको ९ सदस्यीय चीन भ्रमणका बारेमा मन्त्रिपरिषद्ले निर्णयअनुसार भएको र भ्रमणपछि मुख्यमन्त्रीलाई प्रतिवेदनसमेत बुझाइसकिएको उनले जानकारी गराए। सार्वजनिक लेखा समितिका अध्यक्ष शिवनारायण गनगाईले समितिको प्रतिवेदन संसद्मा पेस गरे। उनले सीमित स्रोत, साधन र भौतिक संरचनाको अभाव, समितिले माग गरेको विवरण समयमा प्राप्त नहुनु, महालेखा परीक्षकको प्रतिवेदन समयमा प्राप्त नहुनु जस्ता कारणले समितिको काम कारबाहीको प्रगति नदेखिएको बताए।

हत्यामा संलग्न ९ पक्राउ

भोजपुर (कास)- हत्या घटनामा संलग्न र घटना मिलाउन खोज्ने सहयोगी ६ गरी ९ जनालाई प्रहरीले पक्राउ गरेको छ। भोजपुर नगरपालिका-४ सिद्धेश्वर ओडारे टोलस्थित चम्पिरा भीरमा ०७४ माघ २७ मा मृत भेटिएका पूर्णबहादुर सुयलको हत्यामा संलग्न भनिएका व्यक्ति पक्राउ परेको प्रहरीले जनाएको छ।

घटनाका मुख्य अभियुक्त भनिएका मोहन रम्तेल र सहयोगी विष्णुकुमार मिजार, मनकुमार मिजार, मनकुमारी रम्तेल, मीना मिजार, हरिबहादुर लम्साल र सन्तोष मिजारलाई पक्राउ गरिएको जिल्ला प्रहरी प्रमुख नरबहादुर सलामीमगरले जनाए। घटनापछि छिमेकी हरिबहादुर लम्सालले घटना गुपचुप राख्न अभियुक्तबाट ३ लाख रुपैयाँ मागेको बयानमा उल्लेख छ।

घटनामा आरोपी स्थानीय मनकुमार, सन्तोष र विष्णुले मीनालाई हत्याराबाट रकम दिलाउन सहयोग गरेको प्रहरीको भनाइ छ। मुख्य अभियुक्त मनकुमारी रम्तेलबाट मृतककी पत्नीले २ लाख रुपैयाँ नगद लिएको डीएसपी मगरले बताए। आफनै पतिको हत्याराबाट लिएको रकम सदरमुकामस्थित एक सहकारी संस्थामा जम्मा गरेको खुलेको छ। सहकारीमा १ लाख ७० हजार जम्मा गरेको र बाँकी ३० हजारको भैंसी किनिदिएको भनी मृतककी आमाले बयान दिएपछि घटनाबारे खुलेको हो। यसैगरी खोटाडको केपिलासगढी १ फेदी बस्ने भैमाया राई (तामाङ) को हत्यामा संलग्न रहेको आरोपमा रमेश कार्की र भीमबहादुर कार्कीलाई पक्राउ गरी सार्वजनिक गरिएको छ।

उनीहरूले भैमायालाई खुकुरीको धारको उल्टो भागबाट प्रहार गरी घाइते बनाई घाँटी थिचेर हत्या गरेको प्रहरीले जनाएको छ। उनको साथबाट नगद १८ हजार ५५ रुपैयाँ र नाकमा लगाएको सुनको नथ्थीसमेत लुटिएको थियो। भैमाया साउन ८ मा धोद्रे खोल्सी किनारमा मृत फेला परेकी थिइन्।

श्री त्रिवेणी माध्यमिक विद्यालय (१-१२)
कटारी न.पा.-४ उदयपुर, प्रदेश नं. १, नेपाल

आवश्यकता

श्री त्रिवेणी मा.वि. कटारीलाई 'नमुना विद्यालय विकास सुधार गुरुयोजना' शैक्षिक कार्यक्रम कार्यान्वयन गर्न मा.शि. १ (एक) जना जीव विज्ञान विषय कक्षा (९-१२) अध्यापन गर्न निजी स्रोतमा करार शिक्षक आवश्यकता भएकोले खुल्ला प्रतिस्पर्धाबाट शिक्षक छनोट गर्न तपशिल बमोजिम योग्यता पूरा गरेका नेपाली नागरिक बाट दरखास्त आह्वान गरिन्छ ।

तपसिल
विज्ञापन नं. ०२

पद	:	शिक्षक
विषय	:	जीव विज्ञान
शैक्षिक योग्यता	:	एम. एसी. (जीव विज्ञान)
सेवा सुविधा	:	मासिक तलब रु ४०३८०।००
महंगि भत्ता	:	रु २०००।००
अतिरिक्त भत्ता	:	रु ५०००।००
फारम भर्ने मिति	:	२०७६/०५/०२ गते देखी २०७६/०५/१७ गते सम्म
सम्पर्क मिति	:	२०७६/०५/१७

शर्त : नमुना विद्यालय विकास सुधार गुरुयोजनाको अनुदान,
छनोटका आधारहरू :
१. लिखीत
२. मौखिक (आवश्यकता अनुसार प्रयोगात्मक)
आवश्यक कागजातहरू :
१. नेपाली नागरिकताको प्रतिलिपि १ प्रति
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति
३. शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
४. व्यक्तिगत विवरण
५. आवेदन दस्तुर : रु १००० (एक हजार मात्र)

सम्पर्क नम्बर : फो.नं. ०३५-४५०१५४, मो.नं. ९८६१८२७६४९ मो. नं. ९८६१९६१९३३
Email: highschooltriveni@gamil.com

B.SC. Nursing मा भर्ना खुल्यो !!!
वरिष्ठ डाक्टरहरुको समुहद्धारा सञ्चालित तथा पूर्वाञ्चल विश्वविद्यालय र नर्सिङ काउन्सिलको स्थायी सम्बन्धन प्राप्त
HAMRO SCHOOL OF NURSING
मा शैक्षिक सत्र २०७६ का लागी
भर्ना खुल्यो
फारम बुझाउने अन्तिम मिति: २०७६ भाद्र ८ गते सम्म
विलम्ब शुल्क सहित मिति: २०७६ भाद्र १५ गते सम्म
प्रवेश परिक्षा मिति: २०७६ भाद्र ३० गते
HAMRO SCHOOL OF NURSING
Airport Road Biratnagar, Tel :- 021- 462225

छोटकरी

चट्याङले मृत्यु
उदयपुर (कास)- चट्याङले लागेर त्रियुगा नगरपालिका-१५ की १३ वर्षीया निर्मला मगरको मृत्यु भएको छ। आइतबार परेको चट्याङ लागेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ। चट्याङले २ ९ वर्षीय पूर्णबहादुर मगर घाइते भएका छन्। घाइतेको जिल्ला अस्पतालमा उपचार भइरहेको छ।

सुन गोहोरोसहित पक्राउ
मोरङ (कास)- दुर्लभ वन्यजन्तु मानिने १२ वटा सुन गोहोरोसहित प्रहरीले एकजनालाई पक्राउ गरेको छ। संरक्षित उक्त वन्यजन्तु साइकलमा राखेर लैजाँदै गरेको अवस्थामा ५९ वर्षीय जसबहादुर धिमाललाई सुनवर्षी नगरपालिका-८ मा पक्राउ गरेको प्रहरीले जनाएको छ। जिउँदै सुन गोहोरोलाई बोराभित्र राखेर भारतर्फ लैजान लागिएको अवस्थामा पक्राउ गरिएको थियो। जन्तु र पक्राउ परेका व्यक्तिलाई विराटनगरस्थित डिभिजन वन कार्यालयमा बुझाइएको छ।

हराएका किशोर मृत भेटिए
बिर्तामोड (कास)- दमक-३ स्थित बेलडाँगी शरणार्थी शिविरका १४ वर्षीय ओसी मगर सोमबार मृत फेला परेका छन्। आइतबार साँझ घरबाट हिँडेका उनी हुम्से दुम्से सामुदायिक वन क्षेत्रमा रहेको पोखरीमा डुबेर मृत्यु भएको अवस्थामा फेला परेको प्रहरीले जनायो।

विपन्नलाई जस्तापाता
धनकुटा (कास)- धनकुटा नगरपालिकाले नगरक्षेत्र 'फुसको छानो मुक्त' गर्न सोमबार १ करोड १४ लाख रुपैयाँको रंगीन जस्तापाता निःशुल्क वितरण गरेको छ। नगरका १० वटा वडाका २ सय १ घरका लागि जस्ता वितरण गरिएको नगरपालिकाले जनाएको छ। वडा ८ मा सबैभन्दा बढी ६२ र ६ मा ८ घरका लागि वितरण गरियो। अल्पसंख्यक आठपहरिया जातिलाई प्राथमिकतामा राखेर जस्ता वितरण गरिएको हो। गरिब, दलित, जनजाति तथा पिछडिएका परिवारको अवस्था सर्वेक्षण गरेर जस्ता वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत रामबहादुर थापाले बताए।

ENJOY DOLBY ATMOS SOUND | BIG Movies
NOW SHOWING
BATLA HOUSE : 9:00 AM, 2:45 PM, 5:00 PM, 8:00 PM
HAJAR JUNI SAMMA : 11:30 AM, 4:00 PM, 6:45 PM
ONCE UPON A TIME IN HOLLYWOOD : 12:45 PM
MISSION MANGAL : 8:30 AM, 12:00 PM, 2:15 PM, 5:45 PM, 8:30 PM
3D : FAST AND FURIOUS PRESENTS : HOBBS AND SHAW : 10:00 AM
4011643/45, 01-2112233 | NLIC City Centre Kamalpokhari, Kathmandu | www.bigmovies.com.np | facebook/bigmoviesnepal | Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info: Kathmandu: 01-4442220 Narayanghat: 056-522079 Nepalgunj: 081-411330 Pokhara: 061-522630/47 Birtamode: 023-543083 qfxcinemas.com

BG Mall | BSR MOVIES | FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND | For booking: 01-4362712 Gongabu, Kathmandu www.facebook.com/bsrmoviesnepal www.bsrmovies.com
NOW SHOWING
CURRENT SHOWTIME

MOVIES	ATMOS 1	ATMOS 2
MISSION MANGAL	11:30 AM 5:00 PM	8:00 AM 8:00 PM
BATLA HOUSE	8:30 AM 2:30 PM 8:30 AM	
HAJAR JUNI SAMMA		11:00 AM 2:00 PM
ONCE UPON A TIME IN HOLLYWOOD		4:30 PM

XTENDED SUPER DAYS TUESDAY & WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

Showing Time 8:20, 11:20, 2:20, 5:20 | GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
Judgementall Hai Kya • साइनो • काचली • रातो गलबन्दी • घर • नयाता नउता • Ray
Saino • Ghar • Ray • Kanchuli • Jatrai Jatra • Kabir Shing • Rato Galbandi

तपाईंको आज

मेष	कान्ति क्षय	तुला	डर चिन्ता
वृष	कार्य सफल	वृश्चिक	वादविवादमा सफल
मिथुन	मिष्ठान्न भोजन	धनु	खटपट
कर्कट	पुण्य आर्जन	मकर	पराक्रम बढ्ने
सिंह	नैरश्यता	कुम्भ	धन आर्जन
कन्या	नविन मित्र बन्ने	मीन	पदोन्नति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र ४ गते बुधबार तदनुरुप २१ अगस्ट २०१९ भाद्र कृष्णपक्ष षष्ठि तिथि रात्रिको २:४२ बजेसम्म उप्रान्त सप्तमी तिथी, अश्विनी नक्षत्र रात्रिको १० बजेसम्म उप्रान्त भरणी नक्षत्र, गण्ड योग दिनको ३:३५ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको २:१४ बजेसम्म उप्रान्त वणिज करण, मेष राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमार्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँग (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	मंजलम (लाइभ)
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू एण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर न्युज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	मंजलम (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, घनगदी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कामुनी बहस र परामर्श (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमार्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धलिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड इन्जुकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:००	पुनर्निर्माण
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	लाउड (रेमान)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (अुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

दमकल

विराटनगर	०२१-४२००००
इटहरी	०२५-५८०१०१
धरान	०२५-५२०१९९
इनरुवा	०२५-५६०१०१
दमक	०२३-५८०१०१
भद्रपुर	०२३-५१०१०१
धनकुटा	०२५२०६१९२०१
कोसी अञ्चल अस्पताल विराटनगर	५३०१०३/५२४२३६
मेची अञ्चल अस्पताल, भद्रपुर	०२३-५२०००४
वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०२५-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर	०२१-५२३३०६
विराटनगर आँखा अस्पताल	०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान	०२५-५२०९६८

एम्बुलेन्स

विराटनगर सेन्टर	०२१-५३७००१
लाइफ्गार्ड अस्पताल, विराटनगर	९७४२०४२३३३
दुबधी जेसिज, सुनसरी	०२५-५४०४३५
शव बाहन, विराटनगर	०२१-५२५८७४

प्रहरी

जिल्ला प्रहरी कार्यालय, मोरङ	९००/९८५२०२६७५०
इलाका प्रहरी कार्यालय, उर्लाबारी	५४०२९०/९८५२०२०१३६
इलाका प्रहरी कार्यालय, रंगेली	५८०१३०/९८५२०२०१४४
क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी	०२५-५८०१०५/९८५२०२०१६१/१०३

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६६
टेकु अस्पताल	४२५३३०९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
नेपाल मेडिसिटी अस्पताल	११३४, ४२१७७६६६, ४२१७७५५
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शवबाहन	४४२८०३५
सुलेाक एम्बुलेन्स सेवा	०१ ५५५५५०,९८५१०४४५१०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्जन नि:शुल्क अवबाहन सेवा	४४३४०९३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६००६
नेपाल मिटर ट्यावर्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

प्रदेश संसद्को डेढ वर्ष

सिक्दै अघि बढ्दै

जनअपेक्षाअनुरूप सांसदहरूले कार्य गर्न सकेका छैनन्, हालसम्म ३३ वटा विधेयकमात्रै पारित भएका छन्, सातवटा समिति गठन भए पनि केहीमात्र सक्रिय छन् ।

■ **देवनारायण साह** (मोरङ)

प्रदेश १ को संसद्मा आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मत कार्की सांसदहरूले उठाएको प्रश्नको सोमबार जवाफ दिँदै । *तस्बिर : देवनारायण/कान्तिपुर*

प्रदेश १ का सांसद प्रतापप्रकाश हाङगामले प्रदेशसभा बैठकमा बोल्दा सभामुखलगायत उपस्थित मन्त्री, प्रमुख प्रतिपक्षी दलका नेता तथा पत्रकारलाई समेत सम्बोधन गर्छन् । प्रदेशसभाको चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा बोल्दा प्रदेशसभा नियमावली विपरीत यसरी नै सम्बोधन गरी उनले बोलेका थिए । नियमावलीमा प्रदेशसभामा बोल्दा सभामुखलाई मात्रै सम्बोधन गर्नुपर्ने व्यवस्था छ ।

आफूले शून्य समयमा बोलेका विषयमाथि सबैको ध्यानाकर्षण गराउन बैठकमा उपस्थित सबैलाई सम्बोधन गर्दै आएको हाङगामले बताए । उनले नियमावलीमा त्यस्तो व्यवस्था छ भने अब सभामुखलाई मात्रै सम्बोधन गरेर बोल्ने प्रतिबद्धता जनाए । हाङगाम जस्तै अन्य सांसदहरूले पनि नियमावलीमा गरिएको व्यवस्था विपरीतका गतिविधि संसद्मा गर्दै आएका छन् । कतिपय सांसदहरूले संसद्भित्रै सुर्तीजन्य पदार्थसमेत सेवन गर्ने गरेको पाइएको छ ।

सांसद विमल कार्कीले धेरै सांसद पहिलो पटक संसद्मा प्रतिनिधित्व गरेकाले अनुभवको कमी रहेको बताए । 'अनुभवको कमीले नियमावलीमा व्यवस्था भए विपरीत कार्य पनि अज्ञानमा सांसदबाट हुन गएको छ,' उनले भने, 'सांसदलाई प्रभावकारी रूपमा तालिम, अध्ययनका लागि पुस्तकालय, अवलोकन भ्रमणको व्यवस्था हुनु आवश्यक छ ।'

'विधेयक, ऐन, नियम बनाउनमा प्रदेशसभा अगाडि छ तर भौतिक संरचनामा कमजोर छ,' कार्कीले भने, 'विधेयक निर्माणमा हामी सांसदहरू परिपक्व बन्दै गएका छौं, सदनमा प्रस्तुत भएका विधेयकमाथि व्यापक छलफल गर्ने, समितिमा लगेर दफाबार छलफल गर्ने, संशोधन प्रस्ताव दर्ता गराउने र त्योसहित पारित हुनेसम्मको अभ्यास गर्न थालेका छौं ।'

संविधानसभा सदस्यको अनुभव बोकेका प्रतिपक्षी दल संघीय समाजवादीका नेता जयराम यादवले संसद्लाई मर्यादित बनाउन सरकारले खासै चासो नदिएको गुनासो पोखे । 'प्रदेश सरकारका मन्त्रीहरूले संसद्मा उपस्थित भएर सांसदले उठाएका विषयहरू सुन्ने र त्यसको समयमा जवाफ दिएर संसद्को मर्यादा बढाउनुपर्छ,' उनले भने, 'सांसदले उठाएका सवालको सरकारले गम्भीरतापूर्वक कार्यान्वयनमा समेत चासो लिनुपर्ने हो तर त्यस्तो हुन सकेको छैन ।'

यादवले चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा प्रदेश सरकारका दुई जना मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएको बारेमा सदनलाई जानकारी गराउन ध्यानाकर्षण गराएका थिए । प्रदेशसभाको ३३ औं बठक सम्पन्न भइसक्दा पनि सरकारले मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएकोबारे जानकारी गराएनन् ।

विदेश भ्रमण जानुअघि पनि संसदीय व्यवस्था विपरीत सरकारले संसद्लाई जानकारी दिएका थिएन । आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङबो, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीश कुसियैत, सांसद बिन्दिया कार्कीलगायत चीन भ्रमणमा गएका थिए ।

पहिलो संविधानसभा सदस्यको अनुभवसहित प्रदेशसभा सदस्य भएकी नवोदिता चौधरीले प्रदेशसभा नयाँ संरचना भएको र धेरै सांसदहरू अनुभवहीन भएकाले केही कमीकमजोरी हुने गरेको तर सबै जना सिक्दै र सुधार गर्दै अघि बढिरहेको बताइन् । 'संविधानसभामा एकजना सांसदले पूरै संविधानसभालाई नियन्त्रण गर्न सक्ने हैसियत राख्द थियो तर यहाँ प्रदेशसभामा त्यस्तो हैसियत देखाउन सक्ने सांसदको अभाव छ,' उनले भनिन्, 'संविधानसभामा अनुभवी सांसदहरू भएको र ऐन, नियमहरूबारे निकै धेरै दख्खल राख्ने गरेको पाएका थियौं तर यहाँ त्यस्तो अवस्था छैन ।'

दुई तिहाइको सरकार भएकोले संसद्मा सांसदहरूले बोलेको र उठाएका सवालहरूबारे सरकारले खासै चासो नदिंदा संसद् प्रभावकारी रूपमा अघि बढ्न नसकेको उनको भनाइ थियो । संसदीय समितिहरूले पनि प्रभावकारी रूपमा काम गर्न सकेको छैन । गत चैत २२ मा नेतृत्व पाएका संसदीय समितिहरूले हालसम्म प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन ।

सार्वजनिक लेखा समिति सभापति शिवनारायण गनगाईले चैत २२ मा नेतृत्व पाएपछि समितिको काम अघि बढाएको बताए । यस्तै, न्याय प्रशासन तथा विधायन समिति, अर्थ समिति, सामाजिक विकास समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक स्रोत तथा पूर्वाधार समितिले पनि कामकाज सुरु गरिरहेकै अवस्था छ । अर्थ समितिका सभापति मोहनकुमार खड्काले संसद्मा समितिको वार्षिक प्रतिवेदन पेस गरेका थिए । प्रतिवेदनमा काम गर्न सुरु गरेको मात्रै देखियो ।

सामाजिक विकास समितिका सभापति सरिता थापाले हालसम्म आफ्नो नेतृत्वमा २० वटाभन्दा बढी बैठक बसेर विधेयक, डेंगु, खेलकुदलगायतको विषयमा निर्णयहरू गरेको बताइन् । उनले हालसम्म मन्त्रालयहरूको कामकाजको अनुगमन गर्न नसकेको बताइन् । समितिले विराटनगरस्थित बैजनाथपुर क्रिकेट रंगशाला र मुख्यमन्त्री कप फुटबल लिगमा भएका अनियमितताका बारेमा सामाजिक विकासमन्त्री जीवन घिमिरेलाई बोलाई छानबिन छालेको छ ।

उद्योग, पर्यटन तथा वातावरण समिति सभापति सीता थेवेले समितिको ९ वटा बैठक बसेर विधेयकहरूको छलफल र सरकारले गरेको कामको प्रगति र वार्षिक कार्यक्रम माग्ने काम मात्रै गरेको बताइन् । संसद्मा प्रमुख प्रतिपक्षी दलले पनि प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । संसद्मा सांसदहरूले उठाएको आवाजको कार्यान्वयन नभइरहेको बारेमा समेत प्रमुख प्रतिपक्षी दलले रचनात्मक भूमिका निर्वाह गर्न सकेको छैन । संसद्लाई सरकारले नियन्त्रण गरेर अघि बढाइरहेको छ तर प्रमुख प्रतिपक्षी दल मौन बसेको छ ।

प्रमुख प्रतिपक्षी दल कांग्रेसका नेता राजीव कोइरालाले प्रमुख प्रतिपक्षी दलले अपेक्षा गरे बमोजिमको प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको स्विकारे । उनले प्रदेश सभालाई सरकारले नियन्त्रण गर्न खोजेको अवस्था रहेको बताए ।

प्रदेशसभालाई सरकारको नियन्त्रण बाहिर राख्न सबैको भूमिका आवश्यक रहेको उनको भनाइ थियो । प्रमुख प्रतिपक्षी दलले संसद्मा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव टेबल गरेको थियो । प्रस्ताव टेबल गरेकै दिन छलफल गराउने संसदीय व्यवस्थाविपरीत एक दिन पछि सरकारलाई प्रतिरक्षाको तयारी गर्न समय दिएर मात्रै संसद्मा छलफल गराइएको कोइरालाले बताए ।

प्रदेशसभाले पारित गरेका विधेयकहरूको कार्यान्वयनको पाटो कमजोर रहेकाले त्यसको अनुगमन आवश्यक रहेको कोइरालाको भनाइ थियो । 'प्रदेशसभा भवनमा शौचालयको पानी पसेर वर्षायाममा बैठक अवरुद्ध हुँदै आएको तर त्यसको समाधानमा मौन देखिएको छ,' उनले भने, 'यसपालिको वर्षामा पनि शौचालयको सेफ्टी ट्यांक भरिएर सभा भवनमा शौचालयको दुर्गन्धित पानी पसेर ९ दिन बैठक अवरुद्ध भयो ।'

प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारीले अधिकांश सांसदहरू उपस्थित हुने गरेको तर केही सांसदहरू सदनमा बोल्ने क्रममा सभामुख बाहेकका अन्य व्यक्तिलाई पनि सम्बोधन गर्दै आएको उनले स्विकारे ।

'संसद्मा विद्युतीय उपकरणहरू, मोबाइल, कानेखुसी गर्नेलगायतका कार्य निषेध गरिएको छ,' उनले भने, 'अनुशासन कायम गर्ने विषयमा सबै सांसद जिम्मेवार भएर आ-आफ्ना भूमिका निर्वाह गर्दै आएकाले अहिलेसम्म कुनै किसिमको समस्या भएको छैन ।'

सरकार र प्रतिपक्षलाई मिलाएर अघि बढ्दा दुवै पक्षले बेलाबेलामा आशंका व्यक्त गर्दै आएको भण्डारीको भनाइ थियो । 'सरकार र प्रतिपक्ष हाम्रा लागि दुवै महत्त्वपूर्ण भएकाले मिलाएर लगेका छौं,' उनले भने, 'सरकारले प्रतिपक्षलाई र प्रतिपक्षले सरकारलाई प्रभावमा परेको आरोप लगाउने गरेको तर त्यो यथार्थ होइन र यो संस्थाको प्रकृति पनि पक्षपात गर्ने होइन ।'

पहिलो वर्षको पहिलो अधिवेशन सिक्न र अनुभव प्राप्त गर्न लाग्यो तर यहाँसम्म आइपुग्दा हुँदै आएको अभ्यासले निक्कै खारिँदै गएको बताए । 'सांसदहरू सिक्दै अनुभवी हुँदै गएकाले अहिले संसद् चलाउन सहज भएको छ,' उनले भने, 'विधेयकहरूलाई समितिमा सहजीकरण गर्ने विषयमा पनि पहिले अभ्यास थिएन तर अहिले विधेयक समितिमा गइसकेपछि क्रियाशील भएर दफाबार छलफल गर्ने, आवश्यक पर्दा विज्ञहरूसमेत बोलाउन थालिएको छ ।' हालसम्ममा ३३ वटा विधेयक पारित, ३ वटा प्रक्रियामा र ७ वटा दर्ता भएको उनले बताए । संख्यात्मक रूपमा बढी नयाँ सांसदहरू छन् ।

सामान्य विवादमा निर्घात कुटपिट

राजविराज (कास)- सामान्य विवादमा सप्तरीका एकजना निर्घात कुटिएका छन् । राजगढ गाउँपालिका ६ का ४१ वर्षीय महेश्वर साह आफ्नै छिमेकीबाट निर्घात कुटिएका हुन् । कुटपिटबाट गम्भीर घाइते उनको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ ।

साउन ३२ मा विष्णुपुर गाउँपालिका ४ स्थित कनकट्टा नहरको डिल नजिक साहको दरबाजामा छिमेकी दर्पी भनिने अनिरुद्र साह, बालकृष्ण साह, वीरेन्द्र साह, मंगल साह, जगरनाथ साह, बैजनाथ साह, लालोदेवी साह र शिवनाथ साहले बाँसको भाटालगायतले कुटपिट गरेको महेश्वरका छोरा रमेशकुमार साहले बताए ।

महेश्वर र विपक्षी परिवारबीच वर्षौंदेखि मुद्दा चल्दै आएको छ । पछिल्लो समय कुटपिट गर्नेहरूको बाँस झार्गिएर महेश्वरको घरको छानामा परेपछि उनले विष्णुपुर गाउँपालिकाको न्यायिक समितिमा निवेदन दिएका थिए । महेश्वरको निवेदनमा न्यायिक समितिले बाँस काट्नुपर्ने निर्णय गरेपछि साउन ३१ मा प्रहरी समेतको रोहबरमा बाँस काट्न लगाइएको थियो । बाँस काटिएपछि महेश्वरसित विपक्षीहरू चिढिएको महेश्वरका छोरा रमेशले बताए । 'साउन ३२ मा बुवा आफ्नै दरबाजामा भएका बेला विपक्षीहरूले समूह बनाई बाँसको भाटा लगायतले निर्घात कुटपिट गरे,' रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा दिएको जाहेरीमा छ ।

बाँसको भाटाबाट महेश्वरको दाहिने खुट्टा भाँचिएको छ भने आँखा, नाक र कानमा पनि गम्भीर चोट लागेको छ । घाइते भएपछि महेश्वरलाई उनकै परिवारका सदस्यहरूले उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पुऱ्याएका थिए । राजविराजमा उपचार सम्भव नभएपछि विराटनगरको गोल्डेन अस्पताल लगिएकामा त्यहाँबाट पनि रेफर भई अहिले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ । घाइते महेश्वरका छोरा रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा कुटपिट गरी अंगभंग गरेको कसुरमा ८ जना विरुद्ध जाहेरी दिएका छन् । रमेशले विष्णुपुर गाउँपालिका ४ कनकट्टाका आठ जनाविरुद्ध जाहेरी दिएका छन् ।

प्रहरीले विपक्षीमध्ये अनिरुद्र साहलाई नियन्त्रणमा लिएको र अंगभंग मुद्दामा म्याद थप गरेको जनाएको छ । अन्य प्रतिवादीहरूको खोजी कार्य भइरहेको प्रहरीले बतायो । रमेशले मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १४ को दफा १९२ को उपदफा २ को क, ख, ग, छ र ज नम्बरबमोजिमको कसुर गरेकाले मुलुकी अपराध संहिताको दफा १९२ को उपदफा ४ बमोजिम सजाय, उपचार खर्च र क्षतिपूर्ति माग दाबी गरेका छन् ।

स्थानीय तह बेथिति

सम्झौता थोरै, भुक्तानी धेरै

■ **मोहन शाही** (डोटी)

डोटीका स्थानीय तहले मनोमानी रूपमा रकम वितरण गरेको पाइएको छ । कार्यकर्ता, आफन्त र परिवारनिकट रहेकाहरूलाई पोस्न सम्झौताभन्दा बढी रकम भुक्तानी दिने गरेका छन् ।

दिपायल सिलगढी नगरपालिकाले विभिन्न योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिएको फेला परेको छ । पानीखोला तिखाडाँडाबाट भण्डारी जग्गा हुँदै गिरी महराको घरसम्मको सडक, कौढुंगादेखि थमाल्लीसम्म खानेपानी, सिलखोली गाउँदेखि घटाली गाउँ सडक, रातोली पारवरी कुन्जेडी सडक, पनेरभाडदेखि झंकसम्मको बाटो पीसीसी, घोलतडा सेती नदी कटान संरक्षण योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिइएको फेला परेको हो ।

विभिन्न योजनामा सम्झौताभन्दा १ लाख ७५ हजार ३ सय ६१ रुपैयाँ नगरपालिकाले बढी भुक्तानी गरेको छ । आर्थिक वर्ष ०७४/०७५ मा सम्पन्न ती योजनाको नाममा महालेखापरीक्षकको प्रतिवेदनमा समेत बेरुजु देखाइएको छ । 'काट् नुपर्ने कर नकाटेको देखिएकोले पनि केही योजनामा बेरुजु देखिएको हो,' नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भोजराज शर्माले भने, 'केही योजनामा पछि इस्टिमेट उठाउँदा काम बढी गरेको पाइएकाले पनि सम्झौताभन्दा केही रकम बढी गएको हो ।'

पूर्वीचौकी गाउँपालिका पनि यस्तै योजनामा अनियमित रूपमा भुक्तानी गरिएको छ । विभिन्न मेसिनरी सामग्री लागत अनुमान नै नगरी बिल भुक्तानी गरेको, स्वास्थ्य चौकीमा कार्यालय सामग्री खरिद गर्ने भनी सम्झौता गरेकोमा भुक्तानी गर्दा शौचालय निर्माण तथा मोबाइल खरिदका बिल पेस गरेर रकम बुझेको पाइएको छ ।

त्यस्तै कार्यालय सामान भन्दै पूर्वीचौकी गाउँपालिकाले स्लिपिङ ब्याग १५ थान, रेनकोट १५ थान, पावर बैंक २ थान, टर्चलाइट २० थान कोटेसनबाट शेखर ट्रेड एन्ड सप्लायर्सबाट खरिद गरी भुक्तानी दिइएको छ । टर्चलाइटका लागि भने शेखरको कोटेसन भए पनि गौरव इन्टरप्राइजेजबाट खरिद गरिएको छ ।

'ती सामग्री कहाँ छन् र कसले बुझेको हो भन्ने कुरा न कार्यालयमा दाखिला छ, न बुझ्ने व्यक्तिको भर्पाई छ,' महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ, 'कोटेसन र बिलमा मूल्य फरक पारेर पनि औषधि र उपकरण खरिदमा पनि बढी भुक्तानी मेडी डिस्टिब्युटर्सलाई गाउँपालिकाले दिएको छ,' महालेखाले औंल्याएको बेरुजुमा उल्लेख छ ।

सोही गाउँपालिकले पूर्वी तथा पश्चिमी (सिलगढी-साँफेबगर सडक) सीमामा प्रवेशद्वार बनाउने कामको लागत अनुमान तयार गर्दा पिलरको फाउन्डेसन (हात्तीपाइले) कामको दोहोरो इस्टिमेट राखेर १२ लाख ३ हजार ८ सय ९ रुपैयाँ भुक्तानी दिइएको छ । कोल हाल्ने खानेपानी योजनामा सम्झौताभन्दा बढी रकम भुक्तानी दिएको छ भने होमस्टे कार्यक्रमअन्तर्गत होटल व्यवसायी संघलाई सम्झौता नै नगरी सोझै गाउँपालिका र वडा कार्यालयले सामग्री खरिदको बिल पेस गरी भुक्तानी दिएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

शिखर नगरपालिकाको खन्ने खोला सडक, चुडी पनेरादेखि आँखडा ग्रामीण सडकमा नगरको स्वीकृत नर्म्सभन्दा १८ हजार ८ सय ३३ रुपैयाँ भुक्तानी गरेको पाइएको छ । नगरपालिकाले नगरसभाबाटै पारित गरेर नाफामूलक व्यवसाय शिवानी ट्राभल्स एन्ड टुर्स प्रालिलाई च्याफ्ट खरिदका लागि ६ लाख र जिनिअस जेनेरेसन एकेडेमी प्रालिलाई शैक्षिक सामग्रीमा भनेर २ लाख रुपैयाँ नियमविपरीत भुक्तानी भएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

केआईसिंह गाउँपालिकाले पनि अनियमित र हचुवाका भरमा रकम भुक्तानी दिएको पाइएको छ । दुर्गादेवी कृषक महिला सहकारी संस्थाको भवन निर्माणका लागि २ लाख ५० हजार मात्र बजेट विनियोजन गरेकोमा सहकारीलाई ४ लाख १० हजार भुक्तानी दिएको छ ।

NCCS
College of IT & Management
[Affiliated to TU]

ADMISSION OPEN

BHM
BIM BBM
LAST DATE OF CMAT FORM SUBMISSION :
BHADRA 11, 2076
CMAT EXAM :
BHADRA 21, 2076, SATURDAY

BCA
LAST DATE OF FORM SUBMISSION :
BHADRA 20, 2076
ENTRANCE EXAM :
BHADRA 28, 2076, SATURDAY

BSc.CSIT
LAST DATE OF FORM SUBMISSION :
BHADRA 9, 2076 [WITH NORMAL FEE] | BHADRA 16, 2076 [WITH LATE FEE]
ENTRANCE EXAM :
BHADRA 27, 2076, FRIDAY

National College of Computer Studies
Paknajol, Kathmandu | Phone: 4251711, 4228807, 4267866, 4268221
Fax: 4269807 | Email: info@nccs.edu.np | Web: www.nccs.edu.np
ISO 9001:2015 certified

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ जनकपुर | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

अथक परिश्रम
अपार सफलता

130000+
Students enrollment

40000+
compentent & world-class engineers

30000+
Students pursuing engineering couses in Nepal & abroad

PEA's
B.E./B.Arch.
BSc.CSIT Entrance Preparation

25
Years of
EXCELLENCE



"विगत २५ वर्षको अनुभव र सर्वोत्कृष्ट नतिजा नै हाम्रो परिचय हो ।"

key to success in life

Since 1994
PEA
Association Pvt. Ltd.

Jaycees Marga, Thapathali, Kathmandu, Tel: 014245730, 4257187, www.pea.edu.np

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ जनकपुर | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

सडकमै धराप | ललितपुरको पुल्चोकस्थित मन्त्री क्वार्टरतर्फ जाने सडकको पैदलमार्गमा रहेको खाडल । सधैं खुला रहने यो खाडलको डिलसमेत होचो छ, जहाँ हिँडिरहेको व्यक्तिसमेत पर्न सक्ने जोखिम छ ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/कान्तिपुर

बयुँताइयो सरकारी निर्माण कम्पनी

■ **बलराम बानियाँ** (काठमाडौं)

ठूला भौतिक पूर्वाधार निर्माणमा वैधानिक रूपमै आर्थिक चलखेलको जोखिम बढ्ने गरी सरकारले 'नेपाल पूर्वाधार निर्माण कम्पनी' खडा गरेको छ । यसबाट विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर 'कमिसन' खाने वैधानिक बाटो खुल्ने आशंका बढेको छ ।

पञ्चायतकालदेखि २०५८ सालसम्म विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले नेसनल कन्स्ट्रक्सन कम्पनी अफ नेपाल (एनसीसीएन) मार्फत ठूला भौतिक संरचना निर्माणको काम बिनाप्रतिस्पर्धा आफू नजिकका ठेकेदारलाई दिलाएर गैरकानुनी कमाइ गर्ने गरेका थिए । प्रभावशाली मन्त्रीहरूको प्रस्तावमा सरकारी ठेक्कामा कानुनी रूपमै कमाउ धन्दा चलाउन झन्डै २० वर्षपछि त्यस्तै प्रकृतिको 'नेपाल पूर्वाधार निर्माण कम्पनी' ब्युँताइएको स्रोतले जनायो ।

सरकारले सरकारी स्वामित्वको कम्पनीलाई मन्त्रिपरिषद् निर्णयबाट बिनाप्रतिस्पर्धा सोझै भौतिक पूर्वाधार निर्माण या अरू कुनै पनि ठेक्का दिन पाउने कानुनी व्यवस्था छ । सरकारी कम्पनीले तोकिएको अनुमानित लागत रकममा भौतिक पूर्वाधार निर्माण या कुनै पनि ठेक्का पाउनेछन् । सरकारी कम्पनीले अरू ठेकेदार कम्पनीले जस्तो अनुमानित लागत रकममा घटाघट गरी प्रतिस्पर्धा गर्नु पर्दैन । एनसीसीएनले अनुमानित लागतमा सरकारी पूर्वाधार निर्माणको जिम्मा लिएर १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा ठेकेदारलाई उपठेक्का दिने गर्थ्यो । एनसीसीएनकै ढाँचामा अहिले खोलिएको सरकारी कम्पनीले पनि अनुमानित लागतमा १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा जुनसुकै ठेकेदारलाई जिम्मा दिएर काम गराउन सक्नेछ । 'पञ्चायतकाल र २०५८ सालसम्म प्रभावशाली मन्त्रीहरूले एनसीसीएनमार्फत आफ्नो स्वार्थसिद्धि गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर ठूलो परिमाणमा कमिसन लेनदेन गर्ने प्रवृत्ति फस्टाएको थियो । सरकारले त्यही प्रकृतिको कम्पनीलाई पुनर्जीवन दिएर सरकारी ठेक्कापट्टामा

बिनाप्रतिस्पर्धा सरकारी कम्पनीमार्फत आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई ठेक्का दिलाइने आशंका

विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूलाई फेरि चलखेल गर्ने मौका दिन लागेको छ,' एनसीसीएनमार्फत भएको भ्रष्टाचार देखेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिवले कान्तिपुरसित भने । ती पूर्वसचिवका अनुसार खुला प्रतिस्पर्धा गर्दा ठेकेदारहरूले अनुमानित लागतभन्दा ४० प्रतिशतसम्म कम रकम कबोल गरी ठेक्का लिएर काम गर्ने गर्छन् तर सरकारी कम्पनीमार्फत १० प्रतिशत कम रकममा ठेकेदारले उपठेक्का पाउँदा बढी नाफा हुने भएकाले त्यसैमा ठूलो चलखेल र लेनदेन हुन्छ । **बाँकी पृष्ठ १४**

भित्र

नेपाल स्याटेलाइटको अनुमतिपत्र खारेज

नेकपा सचिवालयमा एक्लिए नेता नेपाल

विवादास्पद न्यायाधीश अधिकारीद्वारा राजीनामा

राजनीतिक दललाई अनुदान दिने कानुन बन्दै

भर्ती केन्द्र बन्यो लुम्बिनी विकास कोष

गजब छ बा !

- अविन -

तपैं नि यै पार्टीको ? अनि कतातिरको नि ?... दायाँतिरको कि बायाँतिरको ...कि छायाँतिरको ?

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक | समृद्ध नेपालको लागि

नेपाल-भारत संयुक्त आयोग बैठक भोलि

एजेन्डाहरू पुरानै

कान्तिपुर संवाददाता (काठमाडौं)

परराष्ट्रमन्त्री स्तरमा बुधबार सुरु हुने नेपाल-भारत संयुक्त आयोगको पाँचौं बैठकमा प्रबुद्ध समूह (ईपीजी) ले यसअघि सम्बोधन गरेकै मुद्दा तथा सुझ्झन नसकेका द्विदेशीय सरोकारका विषयमा छलफल हुने भएको छ ।

बैठकमा राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत, संस्कृति-शिक्षासहितका मुख्य एजेन्डामाथि छलफल हुने परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिए । दुईदिने बैठकमा सहभागी हुन भारतीय विदेशमन्त्री एस जयशंकरसहितको प्रतिनिधिमण्डल बुधबार काठमाडौं आउँदै छ ।

'बैठकमा नयाँभन्दा पनि भइरहेकै समस्या र सरोकारका विषयमा बृहत् छलफल हुनेछ,' परराष्ट्रका एक उच्च अधिकारीले कान्तिपुरसँग भने, 'विगतमा नेपाल-भारत प्रबुद्ध समूहले उठाएका एजेन्डा आयोग बैठकमा पनि दोहोरिँदै छन् । विशेषगरी डुवान समस्या, भारतले प्रतिबद्धता जनाएर पूरा नभएका योजना र पञ्चेश्वरजस्ता थाती रहेका परियोजनाको निकासबारे नेपालले धारणा राख्नेछ ।' लामो समयदेखि अल्झेर बसेका परियोजनालाई कि त खारेज गर्ने अथवा योजनामा नयाँ मोडालिटी पहिल्याउन नेपालले प्रस्ताव गर्ने परराष्ट्रमा दक्षिण एसिया मामिला हेर्ने ती अधिकारीले बताए । परराष्ट्र मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्ञवालीले नेपाल-भारतको सहकार्यमा सञ्चालित योजना तथा तिनका प्रगति एवं उपलब्धिबारे आयोग बैठकमा विस्तृतमा छलफल गरिने बताए । 'अहिले नेपाल-भारत समझदारी उच्चस्तरमा छ,' उनले भने, 'मोतिहारी-अमलेखगन्ज रेलवे

राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत मुख्य एजेन्डा

पाइपलाइन, हुलाकी राजमार्ग, एकीकृत चेकपोस्ट (आईसीपी), जनकपुर-जयनगर रेलवेजस्ता योजनाको उपलब्धिमाथि छलफल हुनेछ । अरुण तेस्रो, अपर कर्णाली जलविद्युत् परियोजनालाई तीव्रतासाथ अघि बढाउनेबारे धारणा राख्नेछौं ।' रक्सौल-काठमाडौं रेलवेको प्राविधिक सर्वेक्षण पूरा भइसकेको र यसको विस्तृत परियोजना रिपोर्ट (डीपीआर) बन्ने क्रममा रहेको उनले जानकारी दिए । बैठकमा नारायणी र कोसी नदीको जलमार्गमा मध्यमस्तरका जहाज सञ्चालन हुनेबारे तयारी तथा प्रस्तावनामा छलफल हुँदै छ । बैठकमा प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदन बुझ्न र कार्यान्वयन तहमा अघि बढ्नसमेत समकक्षी जयशंकरसँग कुरा राखिने मन्त्री ज्ञवालीले बताए । प्रबुद्ध समूहले एक वर्षअघि तयार गरेको प्रतिवेदन भारत सरकारले अझैसम्म नबुझ्दा यसको कार्यान्वयन 'अर्थहीन' बनेको छ ।

'लामो समयदेखि अल्झिएका योजनाबारे पुनरावलोकन गर्नुपर्छ भनेर दुवै देशको तहमा समझदारी बनेको छ,' उनले भने, 'कुनै विषय छ र अघि बढ्न सकेको छैन भने त्यसलाई 'रिभ्यु' गर्न सकिन्छ । अब कार्यान्वयनमा लागौं भन्ने हो ।' नेपाल-भारत समस्या एवं सरोकार सम्बोधनमा मन्त्रीस्तरीय संयन्त्र बैठकमा भाग लिन आउने भारतीय विदेशमन्त्री जयशंकर यसअघि विदेश सचिवका रूपमा सेवारत थिए । नेपालमा संविधान जारी हुनुअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका 'विशेषदूत' भएर काठमाडौं आएका जयशंकरले 'सबै पक्षको सहमति नजुटाई संविधान जारी नगर्न दिएको सुझाव' का कारण उनको छवि विवादित बनेको थियो ।

बाँकी पृष्ठ १४

सामाजिक सञ्जालमा फैलँदै घृणा, आक्रोश र अफवाह
पृष्ठ २

कलिलैमा बिहेले कानुनी झमेला

■ **बिनु तिम्सिना** (विराटनगर)

● ९ महिनाअघि मोरङको रंगेली नगरपालिकाका १७ वर्षीया एक किशोरी र १९ वर्षीय एक किशोर गाउँबाट हराए । गाउँमा खैलाबैला मच्चियो । किशोरीका आमाबुबाले इलाका प्रहरी कार्यालयमा छोरी हराएको भन्दै निवेदन दिए । प्रहरीले दुवैलाई एकै स्थानबाट फेला पाऱ्यो । लामो समयदेखि प्रेम सम्बन्धमा रहेका उनीहरू सँगै भागेका थिए । कानुनत: २० वर्ष नपुगी विवाह गर्न नमिल्ने भएकाले प्रहरीले दुवैलाई आ-आफ्नो अभिभावकको जिम्मा लगायो । तर केही दिनपछि

किशोरीका आमाबुबाले किशोरविरुद्ध जबर्जस्ती करणीको मुद्दा दर्ता गराए । किशोर पक्राउ परे । अदालतबाट धरौटीमा छुट्टेपछि दुवै किशोरकिशोरी भागेर भारत गए ।

● विराटनगर महानगरपालिकाका १८ वर्षीया किशोरी र २१ वर्षीय युवा एक महिनाअघि हराए । परिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गरायो । प्रहरीले खोजतलास गर्दा उनीहरू सँगै बसेको फेला पाऱ्यो । किशोरीको उमेर २० वर्ष पूरा नपुगेकाले उनीहरूलाई पनि छुटाएर प्रहरीले आफ्नो अभिभावकको जिम्मा लगायो ।

बाँकी पृष्ठ १४

राजस्व लक्ष्य धकेलिँदै

पर्सा (कास)- आर्थिक वर्षको पहिलो महिनामा वीरगन्जका २ भन्सार कार्यालयमध्ये एकले मासिक राजस्व असुली लक्ष्य पूरा गरेको छ भने अर्कोले गर्न सकेन।

सिर्सिया सुक्खा बन्दरगाह भन्सारले लक्ष्य भेट्टाएको हो। वीरगन्ज-आईसीपी भन्सार भने यसमा असफल भएको छ। बन्दरगाह भन्सारले साउन महिनामा ३ अर्ब ३६ करोड १२ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य पाएकोमा ३ अर्ब ३७ करोड ३२ लाख २८ हजार संकलन गरेको छ। यो लक्ष्यको १००.३६ प्रतिशत हो।

भन्सार कार्यालयका सूचना अधिकृत विकास साहका अनुसार फलाम, मरिच, मदिरा, इनर्जी जुस आदि वस्तुको नियमित आयातबाटै लक्षित राजस्व असुली गर्न सफलता मिलेको हो। चालु आवका लागि यो भन्सारले ४६ अर्ब ८८ करोड राजस्व संकलनको लक्ष्य पाएको छ। आर्थिक वर्षको पहिलो महिनामै लक्षित राजस्व असुली भएपछि अन्य महिनामा पनि त्यसको सकारात्मक प्रभाव पर्ने साह बताउँछन्।

यता, वीरगन्ज भन्सार कार्यालय आर्थिक वर्षको पहिलो महिनामा लक्ष्यभन्दा करिब ३० प्रतिशत पछाडि रहयो। साउन महिनाका लागि १५ अर्ब १३ करोड ८७ लाख ३५ हजार राजस्व असुलीको लक्ष्य पाएको यो भन्सारले १० अर्ब ९५ करोड ४ लाख ४ हजार रुपैयाँ मात्र असुली गर्न सक्यो। जुन लक्ष्यको ७२.३३ प्रतिशत मात्र हो।

वीरगन्ज भन्सार कार्यालयका प्रमुख गोपाल खत्री साउन महिनामा लक्ष्य बढी हुनु, यसै महिनामा बाढीलगायतका कारणले आयात निर्यातमा केही अवरोधसमेत भएका कारण मासिक राजस्व असुली लक्ष्य भेट्टाउन गाह्रो भएको बताउँछन्।

चालु आर्थिक वर्षका लागि वीरगन्ज भन्सारले १ खर्ब ८८ अर्ब ६२ करोड ४९ लाख ९४ हजार रुपैयाँ राजस्व असुली लक्ष्य पाएको छ। यो लक्ष्य कार्यालयका लागि हालसम्मकै सर्वाधिक हो। राजस्व असुलीको दृष्टिले वीरगन्ज भन्सार मुलुककै एक नम्बर भन्सार हो। नयाँ सवारी साधन, इन्धन, औद्योगिक कच्चा पदार्थ तथा विभिन्न दैनिक उपभोग्य सामग्री यो नाकाबाट सर्वाधिक आयात हुने गर्दछन्। बढी राजस्व संकलन गर्ने भएकाले भन्सार विभागले पनि यो भन्सारको राजस्व असुली लक्ष्यमा बर्सेनि ठूलो वृद्धि गर्दै आएको छ।

मदिराले राजस्व प्रभावित

एउटै मदिराको उत्पादन अरू ठाउँबाट हुँदा त्यसको असर आन्तरिक राजस्व कार्यालय वीरगन्जको असुलीमा परेको छ। गत आवका लागि यो कार्यालयले पाएको राजस्व असुली लक्ष्य भेट्टाउन मदिराकै कारण सकेन।

कार्यालयका प्रमुख गोपिकृष्ण कोइरालाका अनुसार वीरगन्जस्थित हिमालयन डिष्टिलरीले आफ्नो चर्चित ब्रान्ड गोल्डेन ओकको उत्पादन चितवन जिल्लाबाट समेत गर्न थालेपछि त्यसको प्रभाव राजस्वमै परेको हो। राजधानीका लागि उसले गत आवदेखि चितवनस्थित रोलिड रिभर्स उद्योगबाट गोल्डेन ओक ब्रान्डका मदिरा उत्पादन गर्न थालेको हो। जसले गर्दा आन्तरिक राजस्व कार्यालय चितवनको राजस्व वृद्धि हुन गई वीरगन्जको राजस्व असुली घट्न पुगेको हो।

गोल्डेन ओककै कारण चितवनको राजस्वमा अन्तःशुल्कबाट ९४ करोड रुपैयाँ वृद्धि हुन पुग्यो। यतिको राजस्व वीरगन्जमै आएको भए गत आवका लागि वीरगन्जले पाएको लक्ष्यभन्दा ४ प्रतिशत बढी राजस्व संकलन गर्ने थियो। यस्तो अवस्थामा विभागले वीरगन्जको राजस्व असुली लक्ष्य नघटाएको र चितवनको नबढाएकाले पनि समस्या भएको हो। गोल्डेन ओक २ वर्षयता मदिरा पारखीले रुचाएको ब्रान्ड हो। गत आवका लागि कार्यालयले ८ अर्ब ४५ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य पाएकोमा ७ अर्ब ७४ करोड रुपैयाँ मात्र संकलन गर्न सक्यो। जुन लक्ष्यको ९१ दशमलव ५७ प्रतिशत हो। संकलित राजस्वमा आयकरतर्फ मात्र लक्ष्य भेट्टाएको कार्यालयले अन्तःशुल्क र मूल्य अभिवृद्धि करतर्फ लक्ष्य भेट्टाउन सकेन। गत आवमा अन्तःशुल्कतर्फ ५ अर्ब ६० करोड रुपैयाँ असुलीको लक्ष्य रहेकोमा ८७.३८ प्रतिशत मात्र अर्थात् ४ अर्ब ८९ करोड रुपैयाँ असुल गर्न सक्यो। आयकरतर्फ १ अर्ब ५० करोड असुलीको लक्ष्य रहेकोमा १ अर्ब ५७ करोड असुल गऱ्यो। जुन लक्ष्यभन्दा ५ प्रतिशत बढी हो।

मूल्य अभिवृद्धि करतर्फ १ अर्ब ३१ करोड राजस्व संकलनको लक्ष्य रहेकोमा १ अर्ब २० करोड असुली भयो। जुन लक्ष्यको ९२ प्रतिशत हो।

जिल्लामा अन्तःशुल्कमा योगदान गर्ने मदिरा उत्पादन कम्पनी हिमालयन डिष्टिलरी र उसकै भगिनी उद्योग एसियन डिष्टिलरी मात्र हुन्। यिनका उत्पादन कुनै कारणले प्रभावित हुँदा त्यसले कार्यालयको राजस्व असुलीमै प्रभाव पार्ने कोइराला बताउँछन्। एसियन डिष्टिलरीका मजदुर करिब एक महिनादेखि आन्दोलनमा छन्।

मकैले सजिएको घर

महादेवडाँडामा धान खेती हुँदैन। मकै दुई बाली हुन्छ। स्थानीयहरू बार्दली, रेलिङमा मकैका घोगा झुन्ड्याउने गर्छन्। यसले मकै छिटो सुक्ने र घर सुन्दर देखिन्छ।

रौतहटको चन्द्रपुर- ३ महादेवडाँडाका किसानको घरमा सजाएर राखिएको मकै। *तस्बिर : शिव/कान्तिपुर*

■ **शिव पुरी** (रौतहट)

चन्द्रपुर नगरपालीका- ३ महादेवडाँडाका घरहरू यतिखेर पहेँलै देखिन्छन्। यहाँ रंग लगाएर सुन्दर दृश्य देखिएको होइन। अधिकांशको घरमा मकैको घोगा झुन्ड्याइएको छ। यसले घर पनि सजिएको छ। गाउँमा धान खेती नभएपछि सबैले मकै लगाउँछन्। मकै पाकेर घर भित्र्याउने बेला खोस्टा फालेर घोगा सजाएर राख्ने चलन छ।

महादेवडाँडाका स्थानीय दिलबहादुर गोलेको घरमा चारैतिर मकै झुन्ड्याइएको छ। ५ कट्ठा खेतमा लगाइएको मकैले सिंगो घर ढाकेको छ। उनको घर पहेँलै देखिएको छ। बाहिर बार्दली, रेलिङमा समेत सजाएर राखिएको छ। चुरे क्षेत्र भएकाले यहाँ पानीको स्रोत छैन। बालैटे जमिन भएकाले धान फल्दैन। सबैले मकै खेती गर्छन्। मकैको सिजन सकिए पछि सबैको घरमा घोगा सजाएर राख्ने चलन रहेको गोलेले बताए। 'सम्पत्ति भनेकै मकै हो,' उनले भने, 'यसैलाई सजाएर राख्छौं।' चुरे पहाड भएकाले बस्तीका मानिस मकैको ढिँडो खान मन पराउँछन्। यस वडाको महादेवडाँडा, भोलनटार, इपिलघारी, गैँडाटार लगायतको क्षेत्रका स्थानीयले मकैलाई घरमा सजाएर राख्छन्। अग्लो डाँडा जमिन, त्यहीमाथि सधैं सुक्खा हुने गरेकाले यहाँ धान खेती हुँदैन। १० वर्षदेखि मकै बाली लगाउँदै आएको गोलेले सुनाए। त्यस क्षेत्रमा झन्डै एक हजार बढी घरधुरी छन्।

धान खेतीयोग्य जमिन नभएकाले सबैले मकै लगाउँछन्। केहीले मकै बेचेर चामल किन्छन्। उनीहरूले अहिलेसम्म चामलको भात नखाएको बताउँछन्। चुरे क्षेत्र अतिक्रमण गरी बसेपछि उनीहरूले त्यहीं घरखेत जोडे। त्यस क्षेत्रमा तामाङको बाहुल्य छ। यहाँ वर्षमा २ बाली मकै हुन्छ। अधिकांश अर्काकोमा ज्यालादारी गर्न जान्छन्। मकैको सिजनमा डाँडाभरि हरियाली हुन्छ। सबैले धेरथोर खेतमा मकै लगाउँछन्। वन मासेर खेतीयोग्य जमिन बनाएकाले यहाँ उब्जनी त्यति हुँदैन। त्यस क्षेत्रका अधिकांशको जमिन सुक्खा भएकाले धान बाली लगाउँदैनन्। सुरुमा केहीले लगाएका थिए। तर सबै सुकेर क्षति भए पछि लगाउन छाडेका हुन्। दुई बाली लगाए पछि खेत बाझै छाड्ने गरेका छन्। खेत नजिक धेरैको पशु बाँध्ने गोठ छ। रोजगारीको अभाव यो गाउँमा देखिएको छ। गरिबी उत्तिकै छ। महादेवडाँडादेखि पश्चिम क्षेत्रको भोलनटार र इपिलघारी बस्तिको हालत पनि उस्तै छ। नगरपालिका भएर पनि यो बस्ती मानवीय सेवाको पहुँचबाट टाढा छ।

यहाँ एउटा पनि विद्यालय, स्वास्थ्य चौकी, खानेपानी, विद्युतको सुविधा छैन। चुरे क्षेत्र अतिक्रमण गरी २०४४ सालदेखि यहाँ बस्ती बसेको हो। यहाँका स्थानीय सबै बेरोजगार जस्तै छन्। हुनेखाने अधिकांशले जंगलबाट काँचो साल काटेर घर बनाएका छन्। नहुने गरिबको झुपडी छ।

बारा-पर्साका १०६ बेपत्ता

सिमरा (कास)- वैदेशिक रोजगारी र प्रेम विवाहका कारण बारा-पर्सामा किशोरी हराउनेको संख्या बढ्दो छ। हराएका किशोरीमध्ये केहीलाई माइती नेपाललगायतका संघ-संस्थाको सहयोगमा फेला पारिए पनि १ सय ६ महिला/किशोरी अझै बेपत्ता छन्।

माइती नेपाल वीरगन्जको तथ्यांकअनुसार पछिल्लो ३१ महिनामा १ सय ६० महिला/किशोरी हराएका थिए। तीमध्ये नेपाल तथा भारतको विभिन्न स्थानबाट ५४ जनालाई उद्धार गरिएको छ। सन् २०१९ को जनवरीदेखि जुलाईसम्म ४४ जना हराएका छन्। तीमध्ये अहिलेसम्म १६ लाई फेला पारी उद्धार गरिएको छ। बाँकी २८ जना अझै हराइरहेको माइती नेपालको तथ्यांकले जनाएको छ। त्यस्तै सन् २०१८ मा ठूलो संख्यामा ७२ महिला/किशोरी हराए। हराएकामध्ये १८ जनालाई खोजतलास गरी फेला पारिएको थियो। अझै ५४ जना हराइरहेका छन्। सन् २०१७ मा पनि ४४ जना हराएका थिए। तीमध्ये २० जनालाई खोज तलास गरी फेला पारी उद्धार गरियो। अझै २४ जना हराइरहेका छन्।

महिला/किशोरी हराएको संख्या बढ्न थालेपछि सरोकारवाला निकाय चिन्तित छन्। बारा, पर्सामा पछिल्लो समय प्रेमविवाह गर्ने र घर छाडी भाग्ने क्रमसमेत बढ्दै गएको माइती नेपाल वीरगन्ज सम्पर्क कार्यालयकी प्रमुख सगिता पुरीले बताइन्। 'पहिला तराई-मधेसमा किशोरी बेपत्ता भएको घटना हुँदैनथ्यो,' उनले भनिन्, 'पहाडमा यस्तो घटना बढी हुन्थे।' अहिले पहाडको तुलनामा तराईमा यस्तो घटना बढी हुने गरेको पाइएको उनले जानकारी दिइन्। माइती नेपालले छिमेकी देश भारततर्फ जान लागेका किशोरी/महिलालाई भन्सार क्षेत्रमा रोकेर सोधखोज गर्दै आएको छ। शंका लागेका उनीहरूलाई निगरानीमा लिएर अनुसन्धान गरी अभिभावकको जिम्मामा लगाउने गरेको छ।

विभिन्न बहानामा भारततर्फ जान लागेकी १ सय १५ किशोरी/महिलालाई वीरगन्ज, ठोरी नाकाबाट प्रहरीको सहयोगमा नियन्त्रणमा लिएर अभिभावकको

वैदेशिक रोजगारी र प्रेम विवाहका कारण किशोरी हराउने क्रम बढ्दो

जिम्मा लगाएको छ। नेपालबाट भारततर्फ जाने महिला/किशोरीलाई निगरानी गर्न वीरगन्जको शंकराचार्य गेटमा सोधपुछ गर्न बसेकी माइती नेपालकी कोपिला छुमीले शंका लागेमा मात्र रोक्ने गरिएको बताइन्। धेरै महिला/किशोरी भारतीय सहर रक्सौलमा किनमेलका लागि जाने गरेको बताइन्। 'भन्सार नाका हुँदै भारतमा रोजगारीको नाममा लुकीछिपी जाने महिला किशोरीलाई मात्र हामी रोक्न सफल भएका छौं,' उनले भनिन्।

पशुहाट ठेक्कामा तस्करीको प्रभाव

सर्लाही (कास)- सर्लाहीको बरहथवा बजारमा गाईगोरु खरिद-बिक्री बढी हुन्छ। यो आर्थिक वर्षमा पशु हाट ७१ लाख रुपैयाँमा ठेक्का लागेको छ। बरहथवाभन्दा कम कारोबार हुने लालबन्दीस्थित नवलपुर बजार भने एक करोडभन्दा बढीमा ठेक्का लागेको छ।

वार्षिक १० लाखको हाराहारीमा मात्र राजस्व उठ्ने बजार बढीमा ठेक्का लाग्नुको कारण हो, पूर्व-पश्चिम राजमार्गमा गाईगोरु लोड गरेको ट्रकमा अवैध संकलन गर्नु। नवलपुर बजारको मात्र ठेक्का भएकाले त्यहाँ किनबेच भएको गोरुमा कर लिन पाउने भए पनि ठेकेदार कम्पनीले गोरु लोड गरेर पश्चिमबाट पूर्व हिँडेका सबै ट्रकलाई नियन्त्रणमा लिई गैरकानुनी ढंगले कर असुल्न थालेको व्यापारीले बताउँदै आएका छन्। नगरपालिका कार्यालय, स्थानीय प्रहरी प्रशासनलाई अवैध कर असुलीबारे जानकारी गराइए पनि कुनै सुनवाइ नभएको स्थानीय व्यापारी राजु लोप्चनको गुनासो छ।

'दादागिरी शैलीमा अवैध कर असुली भइरहेको भनेर नगरपालिका कार्यालय र प्रहरी प्रशासनमा जानकारी गरायौं तर सुनुवाइ भएन,' उनले भने, 'बजारमा मात्र खरिदबिक्री गर्न ल्याएको गाईगोरुमा कर लिनुपर्ने ठाउँमा राजमार्गमै बसेर जबरजस्ती कर उठाइरहेका छन्।'

लालबन्दी नगरपालिका कार्यालयले ठेक्काका लागि प्रकाशित सूचनाअनुसार परेका चारवटा टेन्डर गत असार २६ मा खोलेको थियो। नवलपुर गोरु बजारमा आर्थिक वर्ष ०७६/७७ मा कर संकलनका लागि परेका गोप्य सिलबन्दी टेन्डरमध्ये बाबा सहलेस निर्माण सेवाले सबैभन्दा बढी १ करोड ३ लाखमा सकार गरेको छ। नगरपालिका कार्यालयले सबैभन्दा बढी बोलकबोल गर्ने ठेकेदार कम्पनीलाई नै ठेक्का दिएको जनाएको छ। पश्चिमबाट पूर्वतर्फ गाईगोरु लोड गरेका अधिकांश ट्रक झापाको नाका भएर भारत पठाउने गरिएको छ। झापाको चलानी देखाएर भारत पठाउने गरेका कारण व्यापारी राजमार्गमा कर तिरेर गुपचुप रहने गरेका छन्। गाईगोरु बोकेको ट्रक एक घण्टाभन्दा बढी रोकेमा लोड गरिएको गाईगोरु मर्ने गरेका कारण पनि कतिपय व्यापारी ठेकेदारको अगाडि निरीह बन्ने गरेका छन्।

पछिल्लो समय गाईगोरु संगठित रूपमा तस्करी भइरहेको रहस्य खुल्दै गएको छ। एक साताअघि गाईगोरु लोड गरेर पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको एक ट्रकलाई सशस्त्र प्रहरीले लालबन्दीमा समातेको थियो। त्यसमा ९ वटा गाईसहित दर्जनौ गोरु लोड गरिएको थिए। तर समातेको घण्टा नबित्दै प्रहरीले छोडेको थियो। प्रहरीले गाईगोरु लोड गरेको ट्रक झापा जान लागेकाले रोक्न नमिलेको जनाएको छ।

यस्तै जिल्लाको दक्षिणी क्षेत्रस्थित संग्रामपुर नाकाबाट गाईगोरु भारततर्फ तस्करी गर्दै गर्दा शनिबार एक जना पक्राउ परेका छन्। पर्सा गाउँपालिकाबाट बा ४ ख ५५१४ नम्बरको ट्रकमा गाईगोरु भारततर्फ लिएर जाँदै गर्दा ट्रक चालक ईश्वरपुर नगरपालिका-६, का ४४ वर्षीय सलाउदिनलाई प्रहरीले पक्राउ गरेको हो। सलाउनदिन ट्रकधनी समेत हुन्। उनले ट्रकमा राखेर लाँदै गरेको आठवटा गाई र एउटा गोरु नियन्त्रणमा लिइएको सर्लाहीका प्रहरी उपरीक्षक गोपालचन्द्र भट्टराईले बताए।

गस्तीमा खटिएको प्रहरी टोलीले शंका लागि ट्रक खानतलासी गर्दा अवैध किसिमले भारततर्फ लान लागिएको गाईगोरु नियन्त्रणमा लिएको थियो। नियन्त्रणमा लिइएको ट्रकसहित गाईगोरु जिल्ला भन्सार कार्यालयमा बुझाइएको छ।

सेवाग्राहीलाई सधैं सास्ती

यातायात सेवा कार्यालय

कान्तिपुर संवाददाता (महोत्तरी)

बर्दिवासस्थित यातायात व्यवस्था सेवा कार्यालयको सर्भरले काम नगर्दा सेवाग्राहीले सधैं सास्ती भोग्नु परेको छ। सर्भर नचलेकै कारण सेवाग्राही र कर्मचारीबीच दिनहुँ विवाद र भनाभन हुने गर्छ।

सवारी लाइसेन्स फारम दर्ताका लागि पुगेका सिन्धुली लदाभीर-३ का प्रेमबहादुर भट्टराई र सर्लाही कौडेना-७ का सद्दाम हुसैन छटपटीमा थिए। लाइनमा अगाडि बसे छिटै काम हुने आसमा बिहान साढे ९ बजेतिरै सेवा कार्यालय पुगेका उनीहरू अपराहन २ बजिसक्दा पनि फाराम दर्ता नभएपछि आक्रोशित बने। फारम दर्ताका लागि कार्यालय परिसरमा प्रतीक्षारत सयभन्दा बढी सेवाग्राही भट्टराई र हुसेनकै अवस्थामा देखिन्थे। सवारी लाइसेन्स नवीकरणका लागि सोही सेवा कार्यालय पुगेका गौशाला-९ भरतपुरका सुनिल प्रधानको समस्या पनि उस्तै थियो। यस्तो अवस्थामा सेवाग्राहीलाई मानवीय समस्यासमेत पर्ने गरेको उनले गुनासो पोखे। 'पर्खौं कतिन्जेल पर्खने जाऔं भने लगत्तै सर्वर चलिदियो भने पालोमा फेरि पछि परिने,' उनले समस्या सुनाए, 'यो दुविधाले हामी सेवाग्राहीलाई भोक तिर्खा, शौचालयजस्ता समस्या सहन बाध्य पारेको छ।'

महोत्तरीको बर्दिवासस्थित यातायात व्यवस्था सेवा कार्यालयमा सेवाग्राही। *तस्बिर : रवीन्द्र उप्रेती/कान्तिपुर*

सेवाग्राहीको छटपटीको कारण अर्को पनि थियो - त्यस दिन साउन २९ गते परेको। सोही दिन काम नभए निवेदन दर्ता कहिले हुने हो अनिश्चित थियो।

भोलिपल्ट जनैपूर्णिमाको बिदा पर्सिपल्ट शुक्रबार फेरि शनिबार परेकाले निवेदन दर्ताकै लागि कहिलेसम्म धाउनुपर्ने हो सेवाग्राही अन्योलमा थिए। सेवा कार्यालयले अपराहन ३ बजे सूचना टाँस्यो। 'सिस्टमले काम नगरेका कारण भदौ ५ सम्मका लागि सवारी फारम दर्ता स्थगित गरिएको छ,' सूचनामा उल्लेख गरिएको छ।

कार्यालय प्रमुख शशी यादवका अनुसार यातायात व्यवस्था विभागको 'इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स सिस्टम' मा खराबी आउँदा सेवा प्रवाहमा समस्या देखिएको हो। सिस्टम (सर्वर) फेल भएपछि सवारी अनुमति पत्रको बायोमेट्रिक दर्ता, सवारी चालक अनुमतिपत्र नवीकरण जस्ता काम रोकिने हुँदा सेवाग्राहीमा असन्तुष्टि बढेको उनले जनाए। विभागको सर्वरले सबै दिन एकनासले काम नगर्ने अन्य कर्मचारीको गुनासो छ। कहिले दिनभर नै काम गर्दैन भने कहिले केहीबेर पछि काम गर्न थाल्छ।





तपाईंको आज

मेष	कान्ति क्षय	तुला	डर चिन्ता
वृष	कार्य सफल	वृश्चिक	वादविवादमा सफल
मिथुन	मिष्ठान्न भोजन	धनु	खटपट
कर्कट	पुण्य आर्जन	मकर	पराक्रम बढ्ने
सिंह	नैरश्यता	कुम्भ	धन आर्जन
कन्या	नविन मित्र बन्ने	मीन	पदोन्नति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र ४ गते बुधबार तदनुरुप २१ अगस्ट २०१९ भाद्र कृष्णपक्ष षष्ठि तिथि रात्रिको २:४२ बजेसम्म उप्रान्त सप्तमी तिथि, अश्विनी नक्षत्र रात्रिको १० बजेसम्म उप्रान्त भरणी नक्षत्र, गण्ड योग दिनको ३:३५ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको २:१४ बजेसम्म उप्रान्त वणिज करण, मेष राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँग (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	लाइसेन्स तु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	मंगलम (लाइभ)
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू एण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स तु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर न्युज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	मंगलम (रिपिट)
८:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बत्स र परामर्श (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (थलिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज जिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरभ्यिसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड एजुकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:००	पुनर्निर्माण
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रिंयका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	लाउड (रेमान)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (भूपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

धनुषा

प्रहरी	०४१५२०४००
एम्बुलेन्स रेडक्रस	१००
बारुण चन्त्र	५२००११
जनकपुर अञ्चल अस्पताल	५२४०३८
एम्बुलेन्स नमबीर चुवा कमिटी	५२५८८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१७८४
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०२३०
जानकी आँखा अस्पताल	५२०३९७
जानकी हेल्थ केयर सेन्टर	५२५३४१
अञ्चल प्रहरी कार्यालय	५२०३६५
एयरपोर्ट	५२००४४
बुद्ध एयर	५२५०२०
याति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८१२/५२७८१९

महोत्तरी

जिल्ला अस्पताल	५२००७०
बारुण चन्त्र	५२००१७
प्रहरी	५२०१९२
प्रहरी	५२००८१
रेडक्रस एम्बुलेन्स	५२०१००
बन्दना हस्पिटल प्रा.लि. गौशाला	९८४४०२५५२७/९८४४०२३५२७
विद्युत फ्च्युज शाखा	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स	९८४४१२७१७७
छिन्नमस्ता गाण	५२०६१९
ई.प्र.का. बर्दिबास	५५५००६
जिल्ला प्रहरी कार्यालय	५२०१९२
प्रहरी कन्ट्रोल	५२००८२
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय गौशाला	५५१००/६९२००२

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२१
तिलगंगा आँखा अस्पताल	४४२३६८४
वीर अस्पताल	४२२१९८८
त्रिभि शिक्षण अस्पताल	४४१२७०७७
प्रसुति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४०९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	९१३४, ४२१७०६६, ४२१७०५५
मेडीकेयर नेशनल अस्पताल	४४६०८४७
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६०८४७
फ्रेन्डस आफ शान्ता भवन	४४६०९८१
नेपाल अर्थोपेडिक अस्पताल	४४२३७२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज	४३७१६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११२५७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४१८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०५४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२

प्रदेश संसद्को डेढ वर्ष

सिक्दै अघि बढ्दै

जनअपेक्षाअनुरूप सांसदहरूले कार्य गर्न सकेका छैनन्, हालसम्म ३३ वटा विधेयकमात्रै पारित भएका छन्, सातवटा समिति गठन भए पनि केहीमात्र सक्रिय छन् ।

■ **देवनारायण साह** (मोरङ)

प्रदेश १ को संसद्मा आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मत कार्की सांसदहरूले उठाएको प्रश्नको सोमबार जवाफ दिँदै । *तस्बिर : देवनारायण/कान्तिपुर*

प्रदेश १ का सांसद प्रतापप्रकाश हाङगामले प्रदेशसभा बैठकमा बोल्दा सभामुखलगायत उपस्थित मन्त्री, प्रमुख प्रतिपक्षी दलका नेता तथा पत्रकारलाई समेत सम्बोधन गर्छन् । प्रदेशसभाको चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा बोल्दा प्रदेशसभा नियमावली विपरीत यसरी नै सम्बोधन गरी उनले बोलेका थिए । नियमावलीमा प्रदेशसभामा बोल्दा सभामुखलाई मात्रै सम्बोधन गर्नुपर्ने व्यवस्था छ ।

आफूले शून्य समयमा बोलेका विषयमाथि सबैको ध्यानाकर्षण गराउन बैठकमा उपस्थित सबैलाई सम्बोधन गर्दै आएको हाङगामले बताए । उनले नियमावलीमा त्यस्तो व्यवस्था छ भने अब सभामुखलाई मात्रै सम्बोधन गरेर बोल्ने प्रतिबद्धता जनाए । हाङगाम जस्तै अन्य सांसदहरूले पनि नियमावलीमा गरिएको व्यवस्था विपरीतका गतिविधि संसद्मा गर्दै आएका छन् । कतिपय सांसदहरूले संसद्भित्रै सुर्तीजन्य पदार्थसमेत सेवन गर्ने गरेको पाइएको छ ।

सांसद विमल कार्कीले धेरै सांसद पहिलो पटक संसद्मा प्रतिनिधित्व गरेकाले अनुभवको कमी रहेको बताए । 'अनुभवको कमीले नियमावलीमा व्यवस्था भए विपरीत कार्य पनि अज्ञानमा सांसदबाट हुन गएको छ,' उनले भने, 'सांसदलाई प्रभावकारी रूपमा तालिम, अध्ययनका लागि पुस्तकालय, अवलोकन भ्रमणको व्यवस्था हुनु आवश्यक छ ।'

'विधेयक, ऐन, नियम बनाउनमा प्रदेशसभा अगाडि छ तर भौतिक संरचनामा कमजोर छ,' कार्कीले भने, 'विधेयक निर्माणमा हामी सांसदहरू परिपक्व बन्दै गएका छौं, सदनमा प्रस्तुत भएका विधेयकमाथि व्यापक छलफल गर्ने, समितिमा लगेर दफाबार छलफल गर्ने, संशोधन प्रस्ताव दर्ता गराउने र त्योसहित पारित हुनेसम्मको अभ्यास गर्न थालेका छौं ।'

संविधानसभा सदस्यको अनुभव बोकेका प्रतिपक्षी दल संघीय समाजवादीका नेता जयराम यादवले संसद्लाई मर्यादित बनाउन सरकारले खासै चासो नदिएको गुनासो पोखे । 'प्रदेश सरकारका मन्त्रीहरूले संसद्मा उपस्थित भएर सांसदले उठाएका विषयहरू सुन्ने र त्यसको समयमा जवाफ दिएर संसद्को मर्यादा बढाउनुपर्छ,' उनले भने, 'सांसदले उठाएका सवालको सरकारले गम्भीरतापूर्वक कार्यान्वयनमा समेत चासो लिनुपर्ने हो तर त्यस्तो हुन सकेको छैन ।'

यादवले चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा प्रदेश सरकारका दुई जना मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएको बारेमा सदनलाई जानकारी गराउन ध्यानाकर्षण गराएका थिए । प्रदेशसभाको ३३ औं बठक सम्पन्न भइसक्दा पनि सरकारले मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएकोबारे जानकारी गराएनन् ।

विदेश भ्रमण जानुअघि पनि संसदीय व्यवस्था विपरीत सरकारले संसद्लाई जानकारी दिएका थिएन । आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङबो, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीश कुसियैत, सांसद बिन्दिया कार्कीलगायत चीन भ्रमणमा गएका थिए ।

पहिलो संविधानसभा सदस्यको अनुभवसहित प्रदेशसभा सदस्य भएकी नवोदिता चौधरीले प्रदेशसभा नयाँ संरचना भएको र धेरै सांसदहरू अनुभवहीन भएकाले केही कमीकमजोरी हुने गरेको तर सबै जना सिक्दै र सुधार गर्दै अघि बढिरहेको बताइन् । 'संविधानसभामा एकजना सांसदले पूरै संविधानसभालाई नियन्त्रण गर्न सक्ने हैसियत राख्द थियो तर यहाँ प्रदेशसभामा त्यस्तो हैसियत देखाउन सक्ने सांसदको अभाव छ,' उनले भनिन्, 'संविधानसभामा अनुभवी सांसदहरू भएको र ऐन, नियमहरूबारे निकै धेरै दख्खल राख्ने गरेको पाएका थियौं तर यहाँ त्यस्तो अवस्था छैन ।'

दुई तिहाइको सरकार भएकोले संसद्मा सांसदहरूले बोलेको र उठाएका सवालहरूबारे सरकारले खासै चासो नदिंदा संसद् प्रभावकारी रूपमा अघि बढ्न नसकेको उनको भनाइ थियो । संसदीय समितिहरूले पनि प्रभावकारी रूपमा काम गर्न सकेको छैन । गत चैत २२ मा नेतृत्व पाएका संसदीय समितिहरूले हालसम्म प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन ।

सार्वजनिक लेखा समिति सभापति शिवनारायण गनगाईले चैत २२ मा नेतृत्व पाएपछि समितिको काम अघि बढाएको बताए । यस्तै, न्याय प्रशासन तथा विधायन समिति, अर्थ समिति, सामाजिक विकास समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक स्रोत तथा पूर्वाधार समितिले पनि कामकाज सुरु गरिरहेकै अवस्था छ । अर्थ समितिका सभापति मोहनकुमार खड्काले संसद्मा समितिको वार्षिक प्रतिवेदन पेस गरेका थिए । प्रतिवेदनमा काम गर्न सुरु गरेको मात्रै देखियो ।

सामाजिक विकास समितिका सभापति सरिता थापाले हालसम्म आफ्नो नेतृत्वमा २० वटाभन्दा बढी बैठक बसेर विधेयक, डेंगु, खेलकुदलगायतको विषयमा निर्णयहरू गरेको बताइन् । उनले हालसम्म मन्त्रालयहरूको कामकाजको अनुगमन गर्न नसकेको बताइन् । समितिले विराटनगरस्थित बैजनाथपुर क्रिकेट रंगशाला र मुख्यमन्त्री कप फुटबल लिगमा भएका अनियमितताका बारेमा सामाजिक विकासमन्त्री जीवन घिमिरेलाई बोलाई छानबिन छालेको छ ।

उद्योग, पर्यटन तथा वातावरण समिति सभापति सीता थेवेले समितिको ९ वटा बैठक बसेर विधेयकहरूको छलफल र सरकारले गरेको कामको प्रगति र वार्षिक कार्यक्रम माग्ने काम मात्रै गरेको बताइन् । संसद्मा प्रमुख प्रतिपक्षी दलले पनि प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । संसद्मा सांसदहरूले उठाएको आवाजको कार्यान्वयन नभइरहेको बारेमा समेत प्रमुख प्रतिपक्षी दलले रचनात्मक भूमिका निर्वाह गर्न सकेको छैन । संसद्लाई सरकारले नियन्त्रण गरेर अघि बढाइरहेको छ तर प्रमुख प्रतिपक्षी दल मौन बसेको छ ।

प्रमुख प्रतिपक्षी दल कांग्रेसका नेता राजीव कोइरालाले प्रमुख प्रतिपक्षी दलले अपेक्षा गरे बमोजिमको प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको स्विकारे । उनले प्रदेश सभालाई सरकारले नियन्त्रण गर्न खोजेको अवस्था रहेको बताए ।

प्रदेशसभालाई सरकारको नियन्त्रण बाहिर राख्न सबैको भूमिका आवश्यक रहेको उनको भनाइ थियो । प्रमुख प्रतिपक्षी दलले संसद्मा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव टेबल गरेको थियो । प्रस्ताव टेबल गरेकै दिन छलफल गराउने संसदीय व्यवस्थाविपरीत एक दिन पछि सरकारलाई प्रतिरक्षाको तयारी गर्न समय दिएर मात्रै संसद्मा छलफल गराइएको कोइरालाले बताए ।

प्रदेशसभाले पारित गरेका विधेयकहरूको कार्यान्वयनको पाटो कमजोर रहेकाले त्यसको अनुगमन आवश्यक रहेको कोइरालाको भनाइ थियो । 'प्रदेशसभा भवनमा शौचालयको पानी पसेर वर्षायाममा बैठक अवरुद्ध हुँदै आएको तर त्यसको समाधानमा मौन देखिएको छ,' उनले भने, 'यसपालिको वर्षामा पनि शौचालयको सेफ्टी ट्यांक भरिएर सभा भवनमा शौचालयको दुर्गन्धित पानी पसेर ९ दिन बैठक अवरुद्ध भयो ।'

प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारीले अधिकांश सांसदहरू उपस्थित हुने गरेको तर केही सांसदहरू सदनमा बोल्ने क्रममा सभामुख बाहेकका अन्य व्यक्तिलाई पनि सम्बोधन गर्दै आएको उनले स्विकारे ।

'संसद्मा विद्युतीय उपकरणहरू, मोबाइल, कानेखुसी गर्नेलगायतका कार्य निषेध गरिएको छ,' उनले भने, 'अनुशासन कायम गर्ने विषयमा सबै सांसद जिम्मेवार भएर आ-आफ्ना भूमिका निर्वाह गर्दै आएकाले अहिलेसम्म कुनै किसिमको समस्या भएको छैन ।'

सरकार र प्रतिपक्षलाई मिलाएर अघि बढ्दा दुवै पक्षले बेलाबेलामा आशंका व्यक्त गर्दै आएको भण्डारीको भनाइ थियो । 'सरकार र प्रतिपक्ष हाम्रा लागि दुवै महत्त्वपूर्ण भएकाले मिलाएर लगेका छौं,' उनले भने, 'सरकारले प्रतिपक्षलाई र प्रतिपक्षले सरकारलाई प्रभावमा परेको आरोप लगाउने गरेको तर त्यो यथार्थ होइन र यो संस्थाको प्रकृति पनि पक्षपात गर्ने होइन ।'

पहिलो वर्षको पहिलो अधिवेशन सिक्न र अनुभव प्राप्त गर्न लाग्यो तर यहाँसम्म आइपुग्दा हुँदै आएको अभ्यासले निक्कै खारिँदै गएको बताए । 'सांसदहरू सिक्दै अनुभवी हुँदै गएकाले अहिले संसद् चलाउन सहज भएको छ,' उनले भने, 'विधेयकहरूलाई समितिमा सहजीकरण गर्ने विषयमा पनि पहिले अभ्यास थिएन तर अहिले विधेयक समितिमा गइसकेपछि क्रियाशील भएर दफाबार छलफल गर्ने, आवश्यक पर्दा विज्ञहरूसमेत बोलाउन थालिएको छ ।' हालसम्ममा ३३ वटा विधेयक पारित, ३ वटा प्रक्रियामा र ७ वटा दर्ता भएको उनले बताए । संख्यात्मक रूपमा बढी नयाँ सांसदहरू छन् ।

सामान्य विवादमा निर्घात कुटपिट

राजविराज (कास)- सामान्य विवादमा सप्तरीका एकजना निर्घात कुटिएका छन् । राजगढ गाउँपालिका ६ का ४१ वर्षीय महेश्वर साह आफ्नै छिमेकीबाट निर्घात कुटिएका हुन् । कुटपिटबाट गम्भीर घाइते उनको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ ।

साउन ३२ मा विष्णुपुर गाउँपालिका ४ स्थित कनकट्टा नहरको डिल नजिक साहको दरबाजामा छिमेकी दर्पी भनिने अनिरुद्र साह, बालकृष्ण साह, वीरेन्द्र साह, मंगल साह, जगरनाथ साह, बैजनाथ साह, लालोदेवी साह र शिवनाथ साहले बाँसको भाटालगायतले कुटपिट गरेको महेश्वरका छोरा रमेशकुमार साहले बताए ।

महेश्वर र विपक्षी परिवारबीच वर्षौंदेखि मुद्दा चल्दै आएको छ । पछिल्लो समय कुटपिट गर्नेहरूको बाँस झार्गिएर महेश्वरको घरको छानामा परेपछि उनले विष्णुपुर गाउँपालिकाको न्यायिक समितिमा निवेदन दिएका थिए । महेश्वरको निवेदनमा न्यायिक समितिले बाँस काट्नुपर्ने निर्णय गरेपछि साउन ३१ मा प्रहरी समेतको रोहबरमा बाँस काट्न लगाइएको थियो । बाँस काटिएपछि महेश्वरसित विपक्षीहरू चिढिएको महेश्वरका छोरा रमेशले बताए । 'साउन ३२ मा बुवा आफ्नै दरबाजामा भएका बेला विपक्षीहरूले समूह बनाई बाँसको भाटा लगायतले निर्घात कुटपिट गरे,' रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा दिएको जाहेरीमा छ ।

बाँसको भाटाबाट महेश्वरको दाहिने खुट्टा भाँचिएको छ भने आँखा, नाक र कानमा पनि गम्भीर चोट लागेको छ । घाइते भएपछि महेश्वरलाई उनकै परिवारका सदस्यहरूले उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पुऱ्याएका थिए । राजविराजमा उपचार सम्भव नभएपछि विराटनगरको गोल्डेन अस्पताल लगिएकामा त्यहाँबाट पनि रेफर भई अहिले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ । घाइते महेश्वरका छोरा रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा कुटपिट गरी अंगभंग गरेको कसुरमा ८ जना विरुद्ध जाहेरी दिएका छन् । रमेशले विष्णुपुर गाउँपालिका ४ कनकट्टाका आठ जनाविरुद्ध जाहेरी दिएका छन् ।

प्रहरीले विपक्षीमध्ये अनिरुद्र साहलाई नियन्त्रणमा लिएको र अंगभंग मुद्दामा म्याद थप गरेको जनाएको छ । अन्य प्रतिवादीहरूको खोजी कार्य भइरहेको प्रहरीले बतायो । रमेशले मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १४ को दफा १९२ को उपदफा २ को क, ख, ग, छ र ज नम्बरबमोजिमको कसुर गरेकाले मुलुकी अपराध संहिताको दफा १९२ को उपदफा ४ बमोजिम सजाय, उपचार खर्च र क्षतिपूर्ति माग दाबी गरेका छन् ।

स्थानीय तह बेथिति

सम्झौता थोरै, भुक्तानी धेरै

■ **मोहन शाही** (डोटी)

डोटीका स्थानीय तहले मनोमानी रूपमा रकम वितरण गरेको पाइएको छ । कार्यकर्ता, आफन्त र परिवारनिकट रहेकाहरूलाई पोस्न सम्झौताभन्दा बढी रकम भुक्तानी दिने गरेका छन् ।

दिपायल सिलगढी नगरपालिकाले विभिन्न योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिएको फेला परेको छ । पानीखोला तिखाडाँडाबाट भण्डारी जग्गा हुँदै गिरी महराको घरसम्मको सडक, कौढुंगादेखि थमाल्लीसम्म खानेपानी, सिलखोली गाउँदेखि घटाली गाउँ सडक, रातोली पारवरी कुन्जेडी सडक, पनेरभाडदेखि झंकसम्मको बाटो पीसीसी, घोलतडा सेती नदी कटान संरक्षण योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिइएको फेला परेको हो ।

विभिन्न योजनामा सम्झौताभन्दा १ लाख ७५ हजार ३ सय ६१ रुपैयाँ नगरपालिकाले बढी भुक्तानी गरेको छ । आर्थिक वर्ष ०७४/०७५ मा सम्पन्न ती योजनाको नाममा महालेखापरीक्षकको प्रतिवेदनमा समेत बेरुजु देखाइएको छ । 'काट् नुपर्ने कर नकाटेको देखिएकोले पनि केही योजनामा बेरुजु देखिएको हो,' नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भोजराज शर्माले भने, 'केही योजनामा पछि इस्टिमेट उठाउँदा काम बढी गरेको पाइएकाले पनि सम्झौताभन्दा केही रकम बढी गएको हो ।'

पूर्वीचौकी गाउँपालिका पनि यस्तै योजनामा अनियमित रूपमा भुक्तानी गरिएको छ । विभिन्न मेसिनरी सामग्री लागत अनुमान नै नगरी बिल भुक्तानी गरेको, स्वास्थ्य चौकीमा कार्यालय सामग्री खरिद गर्ने भनी सम्झौता गरेकोमा भुक्तानी गर्दा शौचालय निर्माण तथा मोबाइल खरिदका बिल पेस गरेर रकम बुझेको पाइएको छ ।

त्यस्तै कार्यालय सामान भन्दै पूर्वीचौकी गाउँपालिकाले स्लिपिङ ब्याग १५ थान, रेनकोट १५ थान, पावर बैंक २ थान, टर्चलाइट २० थान कोटेसनबाट शेखर ट्रेड एन्ड सप्लायर्सबाट खरिद गरी भुक्तानी दिइएको छ । टर्चलाइटका लागि भने शेखरको कोटेसन भए पनि गौरव इन्टरप्राइजेजबाट खरिद गरिएको छ ।

'ती सामग्री कहाँ छन् र कसले बुझेको हो भन्ने कुरा न कार्यालयमा दाखिला छ, न बुझ्ने व्यक्तिको भर्पाई छ,' महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ, 'कोटेसन र बिलमा मूल्य फरक पारेर पनि औषधि र उपकरण खरिदमा पनि बढी भुक्तानी मेडी डिस्टिब्युटर्सलाई गाउँपालिकाले दिएको छ,' महालेखाले औंल्याएको बेरुजुमा उल्लेख छ ।

सोही गाउँपालिकले पूर्वी तथा पश्चिमी (सिलगढी-साँफेबगर सडक) सीमामा प्रवेशद्वार बनाउने कामको लागत अनुमान तयार गर्दा पिलरको फाउन्डेसन (हात्तीपाइले) कामको दोहोरो इस्टिमेट राखेर १२ लाख ३ हजार ८ सय ९ रुपैयाँ भुक्तानी दिइएको छ । कोल हाल्ने खानेपानी योजनामा सम्झौताभन्दा बढी रकम भुक्तानी दिएको छ भने होमस्टे कार्यक्रमअन्तर्गत होटल व्यवसायी संघलाई सम्झौता नै नगरी सोझै गाउँपालिका र वडा कार्यालयले सामग्री खरिदको बिल पेस गरी भुक्तानी दिएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

शिखर नगरपालिकाको खन्ने खोला सडक, चुडी पनेरादेखि आँखडा ग्रामीण सडकमा नगरको स्वीकृत नर्म्सभन्दा १८ हजार ८ सय ३३ रुपैयाँ भुक्तानी गरेको पाइएको छ । नगरपालिकाले नगरसभाबाटै पारित गरेर नाफामूलक व्यवसाय शिवानी ट्राभल्स एन्ड टुर्स प्रालिलाई च्याफ्ट खरिदका लागि ६ लाख र जिनिअस जेनेरेसन एकेडेमी प्रालिलाई शैक्षिक सामग्रीमा भनेर २ लाख रुपैयाँ नियमविपरीत भुक्तानी भएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

केआईसिंह गाउँपालिकाले पनि अनियमित र हचुवाका भरमा रकम भुक्तानी दिएको पाइएको छ । दुर्गादेवी कृषक महिला सहकारी संस्थाको भवन निर्माणका लागि २ लाख ५० हजार मात्र बजेट विनियोजन गरेकोमा सहकारीलाई ४ लाख १० हजार भुक्तानी दिएको छ ।

NCCS
College of IT & Management
[Affiliated to TU]

ADMISSION OPEN

BHM
BIM BBM
LAST DATE OF CMAT FORM SUBMISSION :
BHADRA 11, 2076
CMAT EXAM :
BHADRA 21, 2076, SATURDAY

BCA
LAST DATE OF FORM SUBMISSION :
BHADRA 20, 2076
ENTRANCE EXAM :
BHADRA 28, 2076, SATURDAY

BSc.CSIT
LAST DATE OF FORM SUBMISSION :
BHADRA 9, 2076 [WITH NORMAL FEE] | BHADRA 16, 2076 [WITH LATE FEE]
ENTRANCE EXAM :
BHADRA 27, 2076, FRIDAY

National College of Computer Studies
Paknajol, Kathmandu | Phone: 4251711, 4228807, 4267866, 4268221
Fax: 4269807 | Email: info@nccs.edu.np | Web: www.nccs.edu.np
ISO 9001:2015 certified

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ पोखरा | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

अथक परिश्रम
अपार सफलता

130000+
Students enrollment

40000+
compentent & world-class engineers

30000+
Students pursuing engineering couses in Nepal & abroad

PEA's
B.E./B.Arch.
BSc.CSIT Entrance Preparation

25
Years of
EXCELLENCE



"विगत २५ वर्षको अनुभव र सर्वोत्कृष्ट नतिजा नै हाम्रो परिचय हो ।"

key to success in life

Since 1994
PEA
Association Pvt. Ltd.

Jaycees Marga, Thapathali, Kathmandu, Tel: 014245730, 4257187, www.pea.edu.np

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ पोखरा | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

सडकमै धराप | ललितपुरको पुल्चोकस्थित मन्त्री क्वार्टरतर्फ जाने सडकको पैदलमार्गमा रहेको खाडल । सधैं खुला रहने यो खाडलको डिलसमेत होचो छ, जहाँ हिँडिरहेको व्यक्तिसमेत पर्न सक्ने जोखिम छ ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/कान्तिपुर

ब्युँताइयो सरकारी निर्माण कम्पनी

■ **बलराम बानियाँ** (काठमाडौं)

ठूला भौतिक पूर्वाधार निर्माणमा वैधानिक रूपमै आर्थिक चलखेलको जोखिम बढ्ने गरी सरकारले 'नेपाल पूर्वाधार निर्माण कम्पनी' खडा गरेको छ । यसबाट विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर 'कमिसन' खाने वैधानिक बाटो खुल्ने आशंका बढेको छ ।

पञ्चायतकालदेखि २०५८ सालसम्म विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले नेसनल कन्स्ट्रक्सन कम्पनी अफ नेपाल (एनसीसीएन) मार्फत ठूला भौतिक संरचना निर्माणको काम बिनाप्रतिस्पर्धा आफू नजिकका ठेकेदारलाई दिलाएर गैरकानुनी कमाइ गर्ने गरेका थिए । प्रभावशाली मन्त्रीहरूको प्रस्तावमा सरकारी ठेक्कामा कानुनी रूपमै कमाउ धन्दा चलाउन झन्डै २० वर्षपछि त्यस्तै प्रकृतिको 'नेपाल पूर्वाधार निर्माण कम्पनी' ब्युँताइएको स्रोतले जनायो ।

सरकारले सरकारी स्वामित्वको कम्पनीलाई मन्त्रिपरिषद् निर्णयबाट बिनाप्रतिस्पर्धा सोझै भौतिक पूर्वाधार निर्माण या अरू कुनै पनि ठेक्का दिन पाउने कानुनी व्यवस्था छ । सरकारी कम्पनीले तोकिएको अनुमानित लागत रकममा भौतिक पूर्वाधार निर्माण या कुनै पनि ठेक्का पाउनेछन् । सरकारी कम्पनीले अरू ठेकेदार कम्पनीले जस्तो अनुमानित लागत रकममा घटाघट गरी प्रतिस्पर्धा गर्नु पर्दैन । एनसीसीएनले अनुमानित लागतमा सरकारी पूर्वाधार निर्माणको जिम्मा लिएर १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा ठेकेदारलाई उपठेक्का दिने गर्थ्यो । एनसीसीएनकै ढाँचामा अहिले खोलिएको सरकारी कम्पनीले पनि अनुमानित लागतमा १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा जुनसुकै ठेकेदारलाई जिम्मा दिएर काम गराउन सक्नेछ । 'पञ्चायतकाल र २०५८ सालसम्म प्रभावशाली मन्त्रीहरूले एनसीसीएनमार्फत आफ्नो स्वार्थसिद्धि गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर ठूलो परिमाणमा कमिसन लेनदेन गर्ने प्रवृत्ति फस्टाएको थियो । सरकारले त्यही प्रकृतिको कम्पनीलाई पुनर्जीवन दिएर सरकारी ठेक्कापट्टामा

बिनाप्रतिस्पर्धा सरकारी कम्पनीमार्फत आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई ठेक्का दिलाइने आशंका

विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूलाई फेरि चलखेल गर्ने मौका दिन लागेको छ,' एनसीसीएनमार्फत भएको भ्रष्टाचार देखेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिवले कान्तिपुरसित भने । ती पूर्वसचिवका अनुसार खुला प्रतिस्पर्धा गर्दा ठेकेदारहरूले अनुमानित लागतभन्दा ४० प्रतिशतसम्म कम रकम कबोल गरी ठेक्का लिएर काम गर्ने गर्छन् तर सरकारी कम्पनीमार्फत १० प्रतिशत कम रकममा ठेकेदारले उपठेक्का पाउँदा बढी नाफा हुने भएकाले त्यसैमा ठूलो चलखेल र लेनदेन हुन्छ ।

बाँकी पृष्ठ १४

भित्र

नेपाल स्याटेलाइटको अनुमतिपत्र खारेज

नेकपा सचिवालयमा एक्लिए नेता नेपाल

विवादास्पद न्यायाधीश अधिकारीद्वारा राजीनामा

राजनीतिक दललाई अनुदान दिने कानुन बन्दै

भर्ती केन्द्र बन्यो लुम्बिनी विकास कोष

गजब छ बा !

- अविन -

तपैं नि यै पार्टीको ? अनि कतातिरको नि ?... दायाँतिरको कि बायाँतिरको ...कि छायाँतिरको ?

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक | समृद्ध नेपालको लागि

नेपाल-भारत संयुक्त आयोग बैठक भोलि

एजेन्डाहरू पुरानै

कान्तिपुर संवाददाता (काठमाडौं)

परराष्ट्रमन्त्री स्तरमा बुधबार सुरु हुने नेपाल-भारत संयुक्त आयोगको पाँचौं बैठकमा प्रबुद्ध समूह (ईपीजी) ले यसअघि सम्बोधन गरेकै मुद्दा तथा सुझ्झन नसकेका द्विदेशीय सरोकारका विषयमा छलफल हुने भएको छ ।

बैठकमा राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत, संस्कृति-शिक्षासहितका मुख्य एजेन्डामाथि छलफल हुने परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिए । दुईदिने बैठकमा सहभागी हुन भारतीय विदेशमन्त्री एस जयशंकरसहितको प्रतिनिधिमण्डल बुधबार काठमाडौं आउँदै छ ।

'बैठकमा नयाँभन्दा पनि भइरहेकै समस्या र सरोकारका विषयमा बृहत् छलफल हुनेछ,' परराष्ट्रका एक उच्च अधिकारीले कान्तिपुरसँग भने, 'विगतमा नेपाल-भारत प्रबुद्ध समूहले उठाएका एजेन्डा आयोग बैठकमा पनि दोहोरिँदै छन् । विशेषगरी डुवान समस्या, भारतले प्रतिबद्धता जनाएर पूरा नभएका योजना र पञ्चेश्वरजस्ता थाती रहेका परियोजनाको निकासबारे नेपालले धारणा राख्नेछ ।' लामो समयदेखि अल्झेर बसेका परियोजनालाई कि त खारेज गर्ने अथवा योजनामा नयाँ मोडालिटी पहिल्याउन नेपालले प्रस्ताव गर्ने परराष्ट्रमा दक्षिण एसिया मामिला हेर्ने ती अधिकारीले बताए । परराष्ट्र मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्ञवालीले नेपाल-भारतको सहकार्यमा सञ्चालित योजना तथा तिनका प्रगति एवं उपलब्धिबारे आयोग बैठकमा विस्तृतमा छलफल गरिने बताए । 'अहिले नेपाल-भारत समझदारी उच्चस्तरमा छ,' उनले भने, 'मोतिहारी-अमलेखगन्ज रेलवे

राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत मुख्य एजेन्डा

पाइपलाइन, हुलाकी राजमार्ग, एकीकृत चेकपोस्ट (आईसीपी), जनकपुर-जयनगर रेलवेजस्ता योजनाको उपलब्धिमाथि छलफल हुनेछ । अरुण तेस्रो, अपर कर्णाली जलविद्युत् परियोजनालाई तीव्रतासाथ अघि बढाउनेबारे धारणा राख्नेछौं ।' रक्सौल-काठमाडौं रेलवेको प्राविधिक सर्वेक्षण पूरा भइसकेको र यसको विस्तृत परियोजना रिपोर्ट (डीपीआर) बन्ने क्रममा रहेको उनले जानकारी दिए । बैठकमा नारायणी र कोसी नदीको जलमार्गमा मध्यमस्तरका जहाज सञ्चालन हुनेबारे तयारी तथा प्रस्तावनामा छलफल हुँदै छ । बैठकमा प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदन बुझ्न र कार्यान्वयन तहमा अघि बढ्नसमेत समकक्षी जयशंकरसँग कुरा राखिने मन्त्री ज्ञवालीले बताए । प्रबुद्ध समूहले एक वर्षअघि तयार गरेको प्रतिवेदन भारत सरकारले अझैसम्म नबुझ्दा यसको कार्यान्वयन 'अर्थहीन' बनेको छ ।

'लामो समयदेखि अल्झिएका योजनाबारे पुनरावलोकन गर्नुपर्छ भनेर दुवै देशको तहमा समझदारी बनेको छ,' उनले भने, 'कुनै विषय छ र अघि बढ्न सकेको छैन भने त्यसलाई 'रिभ्यु' गर्न सकिन्छ । अब कार्यान्वयनमा लागौं भन्ने हो ।' नेपाल-भारत समस्या एवं सरोकार सम्बोधनमा मन्त्रीस्तरीय संयन्त्र बैठकमा भाग लिन आउने भारतीय विदेशमन्त्री जयशंकर यसअघि विदेश सचिवका रूपमा सेवारत थिए । नेपालमा संविधान जारी हुनुअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका 'विशेषदूत' भएर काठमाडौं आएका जयशंकरले 'सबै पक्षको सहमति नजुटाई संविधान जारी नगर्न दिएको सुझाव' का कारण उनको छवि विवादित बनेको थियो ।

बाँकी पृष्ठ १४

सामाजिक सञ्जालमा फैलँदै घृणा, आक्रोश र अफवाह
पृष्ठ २

कलिलैमा बिहेले कानुनी झमेला

■ **बिनु तिम्सिना** (विराटनगर)

● ९ महिनाअघि मोरङको रंगेली नगरपालिकाका १७ वर्षीया एक किशोरी र १९ वर्षीय एक किशोर गाउँबाट हराए । गाउँमा खैलाबैला मच्चियो । किशोरीका आमाबुबाले इलाका प्रहरी कार्यालयमा छोरी हराएको भन्दै निवेदन दिए । प्रहरीले दुवैलाई एकै स्थानबाट फेला पाऱ्यो । लामो समयदेखि प्रेम सम्बन्धमा रहेका उनीहरू सँगै भागेका थिए । कानुनत: २० वर्ष नपुगी विवाह गर्न नमिल्ने भएकाले प्रहरीले दुवैलाई आ-आफ्नो अभिभावकको जिम्मा लगायो । तर केही दिनपछि

किशोरीका आमाबुबाले किशोरविरुद्ध जबर्जस्ती करणीको मुद्दा दर्ता गराए । किशोर पक्राउ परे । अदालतबाट धरौटीमा छुट्टेपछि दुवै किशोरकिशोरी भागेर भारत गए ।

● विराटनगर महानगरपालिकाका १८ वर्षीया किशोरी र २१ वर्षीय युवा एक महिनाअघि हराए । परिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गरायो । प्रहरीले खोजतलास गर्दा उनीहरू सँगै बसेको फेला पऱ्यो । किशोरीको उमेर २० वर्ष पूरा नपुगेकाले उनीहरूलाई पनि छुटाएर प्रहरीले आफ्नो अभिभावकको जिम्मा लगायो ।

बाँकी पृष्ठ १४

HUAWEI

Y9 Prime 2019

HUAWEI Ultra FullView Display
Auto Pop-Up Camera

Rs. 29,990/-

HOT SALE

Product pictures and display contents on the page are provided for reference only. Actual product features and specifications (including but not limited to appearance, colour, and size), as well as actual display contents (including but not limited to backgrounds, UI, and icons) may vary.

Call Mobility

Authorized Sole Distributor:
Call Mobility Pvt. Ltd.
Tel: 01-4240886
E-mail: marketing@callmobility.com.np
TRADE ENQUIRY NO. 9801248055

Authorized Showrooms: OLA Electronics, Near Tamrakar Complex, Pako Newroad, Ph. No.: 01-4220758, Mob: 9801248177 | Next to Peoples Plaza, Pako, Newroad, Ph. No: 01-4269092

Authorized Service Centers: OLA Electronics Pvt. Ltd., 5th Floor, CTC Mall, Sundhara, Kathmandu, Ph. No.: 01-4218084 | 6th Floor, Tamrakar Complex, Pako, Newroad, Ph No. 01-4252193, 01-4249803 | Narayanghat Service Center (KL Mall, Lions Chowk) Ph. No: 9803571355 | Itahari: Dharan Road, Opposite Gorkha Dept Store Ph. No: 9801248193

WARRANTY: 1 YEAR ON MOBILE PHONE | 6 MONTHS ON BATTERY

FOR SERVICE ENQUIRY: TOLL FREE 16600107107

भन्डै आधा जनसंख्यामा खाद्यान्न संकट

■ **प्रतीक्षा काफ्ले** (गण्डकी)

संविधानले प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने खाद्य सम्प्रभुता हकको प्रत्याभूति गरेको छ। तर, गण्डकी प्रदेशका ४४ प्रतिशत जनसंख्याले वर्षभरि खान पाउँदैनन्।

१८ प्रतिशत जनसंख्या अर्थात् ४ लाख ६९ हजार मौसमी रूपमा खाद्य असुरक्षामा रहेको तथ्यांकले देखाएको छ। यो जनसंख्याले खाद्य उत्पादनको सिजनमा एकदेखि डेढ महिनासम्म मात्र खान पाउँछन्। गण्डकी प्रदेश सरकारको स्थितिपत्रमा यो उल्लेख छ। समृद्ध प्रदेशको प्राथमिकतामा कृषि राखिए पनि ठूलो संख्या भने खाद्य सुरक्षाको जोखिममा रहेको हो। ६ प्रतिशत घरधुरीले चरम खाद्य असुरक्षित अवस्थाको सामना गर्छन्। आफ्नै उत्पादनले वर्षभरि खान नपुग्ने जनसंख्या ४४ प्रतिशत छ। यो तथ्यांक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हो। मन्त्रालयका प्रवक्ता माधव लम्साल भन्छन्, '१८ प्रतिशतले उत्पादन हुने सिजनमा एक/डेढ महिना खान्छन्। बाँकी महिना भोकै रहन्छन्। जस्तो कि, धानको सिजनमा धान लगायो, मंसिरमा पाक्छ। फागुन/चैतसम्म खान पुग्छ। अनि भोकै हुन्छन्। त्यसपछि गहुँ पाक्छ, गहुँ खान्छन्। यो मौसमी रूपमा खाद्य असुरक्षित जनसंख्या हो।'

मन्त्रालयका अनुसार जिल्लागत रूपमा सबैभन्दा बढी मुस्ताङमा खाद्य सुरक्षाको जोखिम छ। उक्त जिल्लाको कुल जनसंख्यामध्ये ३७.८ प्रतिशत जनसंख्या मौसमी खाद्यबाट असुरक्षित छन्। मनाङमा ३६.८ र बागलुङमा २६.५ प्रतिशत जनसंख्या जोखिममा छन। कास्कीमा सबैभन्दा कम ८.६ प्रतिशत छ। तुलनात्मक रूपमा कास्कीपछि पर्वत १४.५, स्याङजा १६.२ र तनहुँ १८.७ प्रतिशतसहित कम जोखिममा देखिएका छन्। यसरी नै नवलपुरमा २०.१ प्रतिशत, लमजुङमा २१.१ प्रतिशत, गोरखामा २६.३ प्रतिशत र म्यागदीमा ३४.६ प्रतिशत जनसंख्या खाद्यको संकटमा छन्। मन्त्रालय भन्छ, 'यसको मुख्य कारकका रूपमा उत्पादनशील जमिनको कमी, गरिबी, भौगोलिक विकटता, भूकम्प र मौसम परिवर्तन साथै भण्डारण गरिएको खाद्यान्नको कमी आदि हुन्।'

तथ्यांकका अनुसार जिल्लाको गरिबी दर र खाद्य असुरक्षित परिवारको संख्यात्मक विश्लेषणको आधारमा खाद्य असुरक्षाको सामना गर्नुपर्ने जनसंख्या मुस्ताङ, मनाङ, म्यागदी, गोरखा र बागलुङमा उल्लेख्य छ भने कास्कीमा सबभन्दा कम असुरक्षित जनसंख्या छ। खाद्य असुरक्षामा प्रभावित हुनेमध्ये अधिकांश भूमिहीन, दलित तथा न्यून आय भएका गरिब परिवार रहेका छन्। प्रदेशमा कुपोषणको स्थिति पनि विकराल छ। उमेर समूह ६-५९ वर्षसम्मका २९ प्रतिशतमा कुपोषण रहेको स्थितिपत्रमा छ। कुपोषणकै कारण २८ प्रतिशत बालबालिका पुडका छन्। उचाइअनुसार तौल नहुनेको संख्या १४.९ प्रतिशत छ। ४६ प्रतिशत बालबालिकामा रक्तअल्पताको समस्या छ। प्रजनन उमेरका २८ प्रतिशत महिलामा रक्तअल्पताको समस्या छ। ५.८ प्रतिशत बालबालिका ख्याउटे छन्। तथ्यमा आधारित खाद्य र पोषण सुरक्षाका कार्यक्रम तथा नीति निर्माणमा समस्या रहेको लम्सालले बताए। खाद्य सुरक्षा अनुगमनमा समेत चुनौती रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री लेखबहादुर थापा बताउँछन्। थापा भन्छन्, 'हाम्रो खानपानमा संस्कृति प्रभाव परेको छ। जग्गाको बाँझोको स्थिति बढ्दै गएको छ।' गण्डकी प्रदेशमा रहेको २१ लाख ९७ हजार ३ सय ६८ हेक्टर जमिनमध्ये २२ दशमलव २ प्रतिशतमात्रै खेतीयोग्य छ। प्रदेश सरकारले त्रिवर्षीय योजनासहितको मध्यमकालीन खर्च संरचनाअनुसार कृषिको उत्पादन र उत्पादकत्व बढाउने लक्ष्य लिएको छ।

सिँचाइको उपलब्धतालाई आधार बनाउने हो भने कुल जमिनको ३६ दशमलव १ प्रतिशत रहेको छ भने १२ महिना सिँचाइ सुविधा पुगेको जमिन ४६ दशमलव २ प्रतिशत छ। बाँकी जमिन आकाशे पानीकै भरमा छ। मुस्ताङमा खेतीयोग्यमध्ये ६ प्रतिशत जमिन बाँझो छ। मनाङमा ५५ दशमलव ६ प्रतिशत जमिन मौसमी सिँचाइको भरमा छ। मन्त्रालयका अनुसार प्रदेशका ९ जिल्लामा १ लाख १५ हजार पाँच सय ४७ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ। प्रदेशका ९ जिल्लामध्ये सबैभन्दा बढी कास्कीमा २५ हजार ९ सय ५० हेक्टर क्षेत्रफलमा धानखेती गरिँदै आएको छ। जिल्लागत तथ्यांकमा गोरखामा १७ प्रतिशत, लमजुङमा २७, तनहुँमा २१, स्याङ्जामा २५, कास्कीमा २९, मनाङमा ६, मुस्ताङमा २०, म्यागदीमा ३७, पर्वतमा १५, बागलुङमा ३४ र नवलपुरमा १२ प्रतिशत जमिन बाँझो छ।

सरकारले तेस्रो प्राथमिकतामा राखेको कृषि क्षेत्रमा उत्पादन दोब्बर पार्ने, कृषि र पशुपन्छी उत्पादनलाई दोब्बर गर्नका लागि कृषिक्षेत्रको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति, रणनीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिसमेत लिएको लम्सालले जानकारी दिए। सरकारले कृषिलाई प्राथमिकतामा राखी 'एक वडा, एक नमुना व्यावसायिक कृषि तथा पशु विकास कार्यक्रम' र 'एक पालिका, एक उत्पादन कार्यक्रम' बजेट तथा नीति कार्यक्रममा नै उल्लेख गरेको छ।

स्थानीय तहको रोजाइ ताल र पोखरी

पोखरा आएका पर्यटकलाई व्यास क्षेत्रमा केही समय रोक्नलाई र वातावरणमैत्री पर्यटन प्रवर्द्धनका लागि कृत्रिम तालसहितको संरचना निर्माणको योजना

तनहुँको व्यास नगरपालिका-३ र ५ को सिमाना रहेको मादी नदी। नगरपालिकाले यस नदीमा बाँध बाँधेर कृत्रिम ताल निर्माण गर्ने योजना बनाएको छ। *तस्बिर : सम्झना/कान्तिपुर*

■ **सम्झना रसाइली** (तनहुँ)

वातावरण सन्तुलन र पर्यटकीय गन्तव्य बनाउने उद्देश्यसाथ जिल्लाका २ नगरपालिका र २ गाउँपालिकाले कृत्रिम ताल निर्माणलाई विशेष प्राथमिकतामा राखेका छन्। अन्य स्थानीय तहले पनि पोखरी निर्माणमा जोड दिएका छन्।

सदरमुकाम रहेको व्यास नगरपालिकले मादी नदी र नारेश्वर खोला थुनेर २ कृत्रिम ताल बनाउन लागेको प्रमुख प्रशासकीय अधिकृत दिनेशराज पन्तले बताए। उनका अनुसार काठमाडौंबाट १५० र पोखराबाट ५० किलोमिटरको दूरीमा रहेको मादी नदीमा बाँध बाँधेर कृत्रिम ताल निर्माण गरिने भएको हो। पोखरा आएका पर्यटकलाई व्यास क्षेत्रमा केही समय रोक्नलाई र वातावरणमैत्री पर्यटन प्रवर्द्धनका लागि कृत्रिम तालसहितको संरचना निर्माणको योजना बनाइएको उनले बताए।

ताल निर्माणका लागि अध्ययन गर्न चालु आवमा ५० लाख रुपैयाँ विनियोजन गरेको छ। व्यास-३ र ५ वडा सीमा बाँध बाँधेर कृत्रिम ताल निर्माणका लागि ६ अर्ब रुपैयाँ लागत अनुमान गरिएको छ। परियोजना निर्माणपश्चात् व्यास ऋषिको जन्मभूमि दमौलीको पर्यटन विकासमा टेवा पुग्ने पन्तले बताए। 'राजमार्ग नजिक भएकाले पोखरा आउने पर्यटकलाई यहाँ केही समय रोक्न सकिन्छ,' उनले भने, 'कृत्रिम तालसँगै जनजातिसँग सम्बन्धित गाउँ, सभाहल, वनस्पति फूलबारी, मनोरञ्जन केन्द्र, वाटर पार्क, मिनी गल्फकोर्सलगायत संरचना बनाउने लक्ष्य छ।'

यस्तै व्यास-१० दुम्सीचौरमा निर्माणाधीन कृत्रिम तालका लागि चालु आर्थिक वर्षमा २० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। पन्तले भने, 'दुम्सीचौर हुँदै बग्ने नारेश्वर खोलाको पानी थुनेर करिब २८ रोपनी क्षेत्रफलमा बनाइने कृत्रिम तालका लागि १० रोपनी जग्गाको आवश्यक पर्छ। ताल निर्माणमा करिब ४० प्रतिशत सेयर स्थानीयवासीको हुनेछ।' भानु नगरपालिका-१२ र १३ वडाबीचको कर्स्याङदी खोला र वडा ३ र ८ बीचको फाँउदी खोला भोर्लें रहमा कृत्रिम ताल निर्माण गरिने भएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रदेव पाण्डेका अनुसार आन्तरिक पर्यटनको विस्तार तथा जलविद्युत् सिंचाइजस्ता पूर्वाधार विकास सम्भाव्यता अध्ययन गरिनेछ।' यस्तै, नगरभित्र एक वडा एक पोखरीको नीति लिदै प्रकृति र परम्परागत पोखरी संरक्षण गरी आकाशे पानी संकलनबाट वातावरणमैत्री बनाउन जोड दिने उनले बताए।

पानीका मुहान सुक्दै गएपछि समस्या देखा परेकाले हरेक वडामा एक पोखरी निर्माण गरी आकाशे पानी संकलन गर्ने अभियानको थालनी गर्ने कार्यक्रम ल्याइएको नगरप्रमुख उदयराज गौलीले बताए। 'प्राकृतिक र परम्परागत पोखरी संरक्षण र नयाँ पोखरी निर्माण गरी आकाशेपानी संकलनबाट वातावरण अनुकूल बनाउन १३ वटै वडामा पोखरी निर्माण गरिनेछ,' गौलीले भने।

घिरिङ गाउँपालिकाले वडा ३ को गोफाखोला थुनेर कृत्रिम ताल निर्माणका लागि चालु आर्थिक वर्ष १ करोड रुपैयाँ बजेट विनियोजन गरेको अध्यक्ष रनबहादुर रानाले बताए। 'करिब ८० रोपनी क्षेत्रफलमा ताल बन्नेछ,' राना भन्छन्।

सुरु भएको तीन वर्षभित्र ताल निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको उक्त तालको नामकरण घुमाउने ताल गरिएको छ।

यस्तै, बन्दीपुरमा पनि कृत्रिम ताल निर्माणका लागि ३ वर्षअघि नै डीपीआर तयार भइसकेर टेन्डर प्रक्रियामा पुगिसकेको छ। करिब ८ करोडको लागतमा १० रोपनीमा निर्माण गर्न लागिएको ताल निर्माणका लागि ३३ प्रतिशत दानबाट, ३३ प्रतिशत खरिद र ३४ प्रतिशत जग्गा लिन बाँकी रहेको गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले बताए। उनले भने, 'दुई साताभित्रै टेन्डर आहवानको तयारीमा छौं।'

परम्परागत पोखरी संरक्षण गरी पर्यावरण सन्तुलन राख्न अन्य गाउँपालिका र नगरपालिका पनि लागिपरेका छन्। 'पछिल्लो समय कम पानी पर्नले वातावरणमा सुक्खा छाएको छ,' म्याग्दे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दयाराम तिवारीले भने, 'गाउँपालिकाले पानी रिचार्जका लागि परम्परागत पोखरी मर्मत तथा नयाँ पोखरी निर्माणको कार्यलाई प्राथमिकतामा राखेको छ।' खानेपानीको मुहानहरू सुक्दै गएको हुनाले बस्तीको उच्च भागमा आकाशे पानी संकलन गरी मुहान रिचार्ज गर्ने लक्ष्यका साथ आवश्यक क्षेत्रमा पोखरी निर्माण तथा संरक्षणका लागि गाउँपालिकाले करिब ९ लाख रुपैयाँ बजेट विनियोजन गरेको उनले बताए।

रिसिङ गाउँपालिकाले ऐतिहासिक पोखरी पुनर्निर्माणका लागि करिब ७ लाख रुपैयाँ बजेट विनियोजन गरेको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले बताए। देवघाट गाउँपालिकाको ५ स्थानमा रहेको परम्परागत पोखरी संरक्षण गरिने भएको छ। पहाडका उच्च स्थानमा रहेका बासिन्दाहरूले खानेपानीको समस्य खेप्दै आएपछि शुक्लागण्डकी नगरपालिकाले त्यस्ता क्षेत्रमा पोखरी निर्माण गर्ने नीति तथा कार्यक्रम ल्याएको छ। 'नगरपालिकाको उच्च स्थानमा रहेको राईपुर, दगाम र भुजिकोटमा पोखरी निर्माणको कार्यक्रम राखिएको छ,' प्रमुख प्रशासकीय अधिकृत देवबहादुर अधिकारीले भने।

२ करोड बढी बजेट फ्रिज

■ **मनोज पौडेल** (कपिलवस्तु)

कृषिमन्त्री चक्रपाणि खनालले गृहजिल्ला आउँदा सरकारले कृषि क्षेत्रमा ल्याएको नीति कार्यक्रमले व्यावसायिक फडको मार्ने भन्दै पटक-पटक भाषण गरे। सम्मान थापे। तर, उनकै जिल्लामा कृषि क्षेत्रको विकासका लागि आएको २ करोडभन्दा बढी बजेट फ्रिज भएको छ। यसले यहाँका कृषक निराश छन्। गत आवमा विनियोजित बजेटमध्ये कामै गर्न नसकी २ करोड १० लाख ५७ हजार रुपैयाँ फ्रिज भएको हो।

कृषि ज्ञान केन्द्रमा गत आवमा विभिन्न सात कार्यक्रमका लागि ९ करोड ७५ लाख ४६ हजार रुपैयाँ विनियोजन भई आएको थियो। त्यसमध्ये ७ करोड ६४ लाख ८९ हजार रुपैयाँ मात्र खर्च भएको ज्ञान केन्द्रको लेखा शाखाले जनाएको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमको ८६ लाख ३४ हजार रुपैयाँ फ्रिज भएको छ। उक्त कार्यक्रमको ४ करोड २० लाख बजेट थियो। प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत ५० पकेट र नौ ब्लक रहेको ज्ञान केन्द्रका कृषि अर्थविद् महेन्द्र ओझाले बताए। जसमध्ये चारवटा पकेट र पाँचवटा ब्लक कार्यक्रम लिएकाहरू सम्पर्कमै आएनन्। उसले गर्दा प्रधानमन्त्री कार्यक्रमको बढी रकम फ्रिज भएको उनले बताए। 'उनीहरूलाई सम्पर्कमा ल्याउनुपर्थ्यो,' उनले भने, 'किन आएनन्, त्यसबारे बुझेर थप योजना बनाउनुपर्छ।'

कृषि विकास कार्यक्रमको ६० लाख, सहकारी स्किम र सहकारी सिँचाइ कार्यक्रमको २७ लाख २५ हजार रुपैयाँ पनि फिर्ता भएको छ। 'समूह बनाएर एउटा पम्पसेटका लागि धाउँदाधाउँदा थाकें,' कपिलवस्तु नगरपालिका, सिकटवाका बिल्लु यादवले भने, 'तर, पाइनँ। कतिलाई अनुनयविनय गरें तर सुनुवाइ गरिएन। अहिले बजेट फिर्ता गएको सुन्दा आश्चर्यमा परेको छु।' टाठाबाटा र बिचौलियाको पहुँचले समस्या निम्त्याएको बुद्धभूमि नगरपालिका-१०, देवपुराका अगुवा बद्रीची केवटले बताए। 'हामीले सिँचाइका लागि अनेक ठाउँमा योजना पेस गर्दा गर्दै थाक्यौं,' उनले भने, 'यहाँ सिँचाइका लागि आएको बजेट फ्रिज भयो।' यसले आफूहरूलाई दुःखी बनाएको उनले सुनाए।

'कृषि अनुदान पाएका अधिकांश गैरकृषक छन्,' यशोधरा गाउँपालिका, भडेहरका कृषक हरिराम पाण्डेले भने, 'अब उनीहरूले लगेको रकम कसरी सदुपयोग हुन्छ ?' त्यसै गरी, पहुँच र प्रभावमा परेर दिइएको अनुदान धेरै मात्रामा दुरुपयोग भएको उनले बताए।

कृषिमन्त्रीको जिल्लामै २ करोड बढी रकम फिर्ता जानु दुःखद भएको नेपाल किसान संघ केन्द्रीय सदस्य चतुर्भुजमणि त्रिपाठीले बताए। '७० प्रतिशत बढी जनताको मुख्य पेसा कृषि भएको जिल्लामा कृषिमा आएको रकम खर्च हुन नसक्नु विडम्बना हो,' उनले भने, 'वास्तविक किसानले अनुदान पाएका छैनन्। यसभन्दा बढी दुर्भाग्य के हुन सक्छ ?' उनले प्रश्न गरे।

कृषि कार्यक्रम र अनुदानसमेत पारदर्शी रूपमा वितरण नगरिएको उनले बताए। 'रकम फ्रिज हुनुमा कार्यालयको कमजोरी छैन,' कृषि ज्ञान केन्द्र प्रमुख रामचन्द्र अर्यालले भने, 'आवश्यक प्रक्रिया पूरा गरी बजेट खर्चिएको छ।'

संग्रहालय नबन्दै आउन थाले पर्यटक

■ **प्रकाश बराल** (बागलुङ)

शालिग्राम संग्रहालय धमाधम बन्दैछ। संग्रहालय पूरा निर्माण भइनसक्दै आन्तरिक पर्यटक भने बढिरहेका छन्। यसले स्थानीयवासी र निर्माण पक्षमा खुसी थपेको छ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले यहाँ निर्माणाधीन शालिग्राम संग्रहालयको भ्रमण गर्दै भने, 'पर्यटक भित्र्याउने लक्ष्य र कालीगण्डकी सभ्यता देखाउने योजनाबाट प्रभावित भएँ।'

मन्त्री पण्डितमात्र होइन, जिल्ला आउने विशिष्ट व्यक्तिदेखि आन्तरिक र बाह्य पर्यटकको समेत आकर्षक गन्तव्यका रूपमा यहाँ निर्माणाधीन संग्रहालय स्थापित बन्दै गएको छ। दामोदर कुण्डदेखि मुक्तिनाथ हुँदै त्रिवेणीसम्मका सबै धार्मिक र सांस्कृतिक धरोहरलाई एक सय मिटरमा देखाउने लक्ष्यसाथ संग्रहालय बनिरहेको छ। यहींभित्र एक लाख शालिग्राम संग्रह पनि हुनेछ। बागलुङ नगरपालिका-४ कुडुलेफेदीमा निर्माण सुरु भूमिगत शालिग्राम संग्रहालय नबन्दै धेरै पर्यटक आउन थालेका हुन्। यहाँ दैनिक १ सयदेखि २ सयसम्म आउन थालिसकेको विद्याश्रमकी प्रअ शान्ति ज्ञवालीले बताइन्।

मुक्तिनाथ वेद विद्याश्रमसँगै बनेको रंगबेंकटेश्वर मुक्तिनारायण मन्दिर, भूमिगत संग्रहालय र कालीगण्डकी सभ्यताले पर्यटक तानेको हो। 'भव्य मन्दिर बन्दैछ भन्ने सुनेर परिवारसहित घुम्न आयौं' काठमाडौंका पुष्पमान शाक्यले भने, 'अभियानलाई सहयोग पनि गर्नुपर्छ।' सुरुङमा नदी किनारका सबै दृश्य देख्न पाइनेछ। त्रिशूल आकारको सुरुङ मार्ग र भित्री डेकोरेसनका लागि झन्डै ३ करोड रुपैयाँ खर्च भइसकेको छ। यहाँ १ लाख शालिग्राम व्यवस्थित रूपमा रहनेछन्। कालीगण्डकी सभ्यताबारे सुरुङभित्रै बसेर वृत्तचित्र हेर्न पाउने व्यवस्था गरिएको छ। धार्मिक र पर्यटकीय गन्तव्यका रूपमा चिनिएकाले यहाँ विद्यालयबाट भ्रमण ल्याउने, सहकारी तथा आमा समूहबाट आउने

धार्मिक र पर्यटकीय गन्तव्यका रूपमा चिनिएकाले यहाँ विद्यालयबाट भ्रमण ल्याउने, सहकारी तथा आमा समूहबाट आउने क्रम पनि बढिरहेको छ।

क्रम पनि बढिरहेको छ। विद्याश्रमका अध्यक्ष ऋषि प्रपन्नाचार्यको अगुवाइमा अन्य संरचना पनि बनेका हुन्। 'हामीले दानमुठी उठाएर बनाउन लागेकाले ढिला भएको हो,' उनले भने, 'माघे संक्रान्तिसम्म सर्वसाधारणका लागि सबै संरचना खुला हुन्छ।' झन्डै ६ करोडको लागत अनुमान गरिएको संग्रहालयका लागि दाताको सहयोगमात्र स्रोत हो। योजना पूरा भएमा मासिक १ लाख पर्यटक भित्र्याउन सकिने अनुमान प्रपन्नाचार्यले गरे। 'मुक्तिनाथ जाने भारतीय पर्यटक अधिकांश यहाँ आउने वातावरण बनाउँदै छौं,' उनले भने, 'त्यसबाट स्थानीयले फाइदा कमाउने हो।' होटल, रेस्टुरेन्ट र अन्य व्यवसायका लागि पनि बाटो फराकिलो भएको उनले बताए। सुरुङ पूरै बनिसकेको छ। भित्री सजावट र व्यवस्थापनको काममात्र बाँकी छ। यो पूर्वाधार बनिसक्दा भारतीय पर्यटकको बढी आकर्षणको गन्तव्य हुने वडाध्यक्ष ध्रुवबहादुर केसीले बताए। 'कालीगण्डकी सभ्यताको सिंगो अध्ययन १ घण्टाको बसाइमा गर्न पाउनेछन्,' उनले भने, 'भारतीय पर्यटक बढ्दा देशकै अर्थतन्त्र बलियो बन्नेछ।' महत्त्वाकांक्षी र आकर्षक योजना भए पनि सरकारी तहको सहयोगमा चासो भने नपुगेको स्थानीयले बताए। बाहिरी खण्डमा गेट निर्माण भइरहेको छ। सुरुङभित्रै धार्मिक पुस्तकालय, दामोदर कुण्डको डिजाइन्, धौलागिरि र नीलगिरि हिमालसमेत बनाइएको छ। मल्लकालीन डिजाइन र कलात्मक मन्दिरको कारणले यहाँको महत्त्व बढाएको छ। मन्दिरको छाना तामाले छाइएको छ। भजनकीर्तनका लागि बागलुङ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष सहदेव राजभण्डारीले झन्डै एक करोड रुपैयाँ खर्चेर सभाहल तथा गरुड शिलासमेत बनाइदिएका छन्। संग्रहालय संसारकै पहिलो र नयाँ हुने दाबी गरिएको छ। यहाँदेखि पदमार्गमार्फत संसारकै अग्लो कलश निर्माण गरिने पञ्चकोट जाने व्यवस्थापनको काम पनि योजनामा समावेश छ।







तपाईको आज

मेष	कान्ति क्षय	तुला	डर चिन्ता
वृष	कार्य सफल	वृश्चिक	वादविवादमा सफल
मिथुन	मिष्ठान्न भोजन	धनु	खटपट
कर्कट	पुण्य आर्जन	मकर	पराक्रम बढ्ने
सिंह	नैरश्यता	कुम्भ	धन आर्जन
कन्या	नविन मित्र बन्ने	मीन	पदोन्नति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र ४ गते बुधबार तदनुरुप २१ अगस्ट २०१९ भाद्र कृष्णपक्ष षष्ठि तिथि रात्रिको २:४२ बजेसम्म उप्रान्त सप्तमी तिथी, अश्विनी नक्षत्र रात्रिको १० बजेसम्म उप्रान्त भरणी नक्षत्र, गण्ड योग दिनको ३:३५ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको २:१४ बजेसम्म उप्रान्त वणिज करण, मेष राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

KANTIPUR HD

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँग (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	मंगलम (लाइभ)
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	चू ण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर न्युज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	मंगलम (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बहस र परामर्श (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धलिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड ह्युमेकसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:००	पुनर्निर्माण
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	लाउड (रेजान)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (गुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

पोखराका महत्वपूर्ण नम्बरहरू

रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३७०
दमकल सेवा	०६१-५२०२२०
शव बाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०८००
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२०८६६/७०
मनिपाल शिक्षण अस्पताल	०६१-५२६१९६/१०/१८
गण्डकी मेडिकल कलेज	०६१-५४०५३
हिमालय औंसी अस्पताल	०६१-४६१९६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-५६१०४६/५६१५१६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १११११/०६१-४६१८१९
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२५००/९८५६०२८३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५१०२
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२७२०४७

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१८८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका मजावती गुरौ एम्बुलेन्स	९८४६९१७६५००
गोरस्या अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३०
स्याङ्जा रेडक्रस एम्बुलेन्स	०६३ ४२०११४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०११०/४२०१४
पर्वत रेडक्रस एम्बुलेन्स	०६७ ४२०१६१
पर्वत प्रहरी/वारुणयन्त्र	०६७ ४२०१००/४२०१९२
लमजुङ जिल्ला अस्पताल	०६६ ४२०१७५/४२०५४७
लमजुङ सामुदायिक अस्पताल	०६६ ४२०१९३
म्याग्दी जिल्ला अस्पताल	०६२ ४२०१०८
दमौली अस्पताल	०६५ ४६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३

प्रदेश संसद्को डेढ वर्ष

सिक्दै अघि बढ्दै

जनअपेक्षाअनुरूप सांसदहरूले कार्य गर्न सकेका छैनन्, हालसम्म ३३ वटा विधेयकमात्रै पारित भएका छन्, सातवटा समिति गठन भए पनि केहीमात्र सक्रिय छन् ।

■ **देवनारायण साह** (मोरङ)

प्रदेश १ को संसद्मा आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मत कार्की सांसदहरूले उठाएको प्रश्नको सोमबार जवाफ दिँदै । *तस्बिर : देवनारायण/कान्तिपुर*

प्रदेश १ का सांसद प्रतापप्रकाश हाङगामले प्रदेशसभा बैठकमा बोल्दा सभामुखलगायत उपस्थित मन्त्री, प्रमुख प्रतिपक्षी दलका नेता तथा पत्रकारलाई समेत सम्बोधन गर्छन् । प्रदेशसभाको चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा बोल्दा प्रदेशसभा नियमावली विपरीत यसरी नै सम्बोधन गरी उनले बोलेका थिए । नियमावलीमा प्रदेशसभामा बोल्दा सभामुखलाई मात्रै सम्बोधन गर्नुपर्ने व्यवस्था छ ।

आफूले शून्य समयमा बोलेका विषयमाथि सबैको ध्यानाकर्षण गराउन बैठकमा उपस्थित सबैलाई सम्बोधन गर्दै आएको हाङगामले बताए । उनले नियमावलीमा त्यस्तो व्यवस्था छ भने अब सभामुखलाई मात्रै सम्बोधन गरेर बोल्ने प्रतिबद्धता जनाए । हाङगाम जस्तै अन्य सांसदहरूले पनि नियमावलीमा गरिएको व्यवस्था विपरीतका गतिविधि संसद्मा गर्दै आएका छन् । कतिपय सांसदहरूले संसद्भित्रै सुर्तीजन्य पदार्थसमेत सेवन गर्ने गरेको पाइएको छ ।

सांसद विमल कार्कीले धेरै सांसद पहिलो पटक संसद्मा प्रतिनिधित्व गरेकाले अनुभवको कमी रहेको बताए । 'अनुभवको कमीले नियमावलीमा व्यवस्था भए विपरीत कार्य पनि अज्ञानमा सांसदबाट हुन गएको छ,' उनले भने, 'सांसदलाई प्रभावकारी रूपमा तालिम, अध्ययनका लागि पुस्तकालय, अवलोकन भ्रमणको व्यवस्था हुनु आवश्यक छ ।'

'विधेयक, ऐन, नियम बनाउनमा प्रदेशसभा अगाडि छ तर भौतिक संरचनामा कमजोर छ,' कार्कीले भने, 'विधेयक निर्माणमा हामी सांसदहरू परिपक्व बन्दै गएका छौं, सदनमा प्रस्तुत भएका विधेयकमाथि व्यापक छलफल गर्ने, समितिमा लगेर दफाबार छलफल गर्ने, संशोधन प्रस्ताव दर्ता गराउने र त्योसहित पारित हुनेसम्मको अभ्यास गर्न थालेका छौं ।'

संविधानसभा सदस्यको अनुभव बोकेका प्रतिपक्षी दल संघीय समाजवादीका नेता जयराम यादवले संसद्लाई मर्यादित बनाउन सरकारले खासै चासो नदिएको गुनासो पोखे । 'प्रदेश सरकारका मन्त्रीहरूले संसद्मा उपस्थित भएर सांसदले उठाएका विषयहरू सुन्ने र त्यसको समयमा जवाफ दिएर संसद्को मर्यादा बढाउनुपर्छ,' उनले भने, 'सांसदले उठाएका सवालको सरकारले गम्भीरतापूर्वक कार्यान्वयनमा समेत चासो लिनुपर्ने हो तर त्यस्तो हुन सकेको छैन ।'

यादवले चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा प्रदेश सरकारका दुई जना मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएको बारेमा सदनलाई जानकारी गराउन ध्यानाकर्षण गराएका थिए । प्रदेशसभाको ३३ औं बठक सम्पन्न भइसक्दा पनि सरकारले मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएकोबारे जानकारी गराएनन् ।

विदेश भ्रमण जानुअघि पनि संसदीय व्यवस्था विपरीत सरकारले संसद्लाई जानकारी दिएका थिएन । आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङबो, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीश कुसियैत, सांसद बिन्दिया कार्कीलगायत चीन भ्रमणमा गएका थिए ।

पहिलो संविधानसभा सदस्यको अनुभवसहित प्रदेशसभा सदस्य भएकी नवोदिता चौधरीले प्रदेशसभा नयाँ संरचना भएको र धेरै सांसदहरू अनुभवहीन भएकाले केही कमीकमजोरी हुने गरेको तर सबै जना सिक्दै र सुधार गर्दै अघि बढिरहेको बताइन् । 'संविधानसभामा एकजना सांसदले पूरै संविधानसभालाई नियन्त्रण गर्न सक्ने हैसियत राख्द थियो तर यहाँ प्रदेशसभामा त्यस्तो हैसियत देखाउन सक्ने सांसदको अभाव छ,' उनले भनिन्, 'संविधानसभामा अनुभवी सांसदहरू भएको र ऐन, नियमहरूबारे निकै धेरै दख्खल राख्ने गरेको पाएका थियौं तर यहाँ त्यस्तो अवस्था छैन ।'

दुई तिहाइको सरकार भएकोले संसद्मा सांसदहरूले बोलेको र उठाएका सवालहरूबारे सरकारले खासै चासो नदिंदा संसद् प्रभावकारी रूपमा अघि बढ्न नसकेको उनको भनाइ थियो । संसदीय समितिहरूले पनि प्रभावकारी रूपमा काम गर्न सकेको छैन । गत चैत २२ मा नेतृत्व पाएका संसदीय समितिहरूले हालसम्म प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन ।

सार्वजनिक लेखा समिति सभापति शिवनारायण गनगाईले चैत २२ मा नेतृत्व पाएपछि समितिको काम अघि बढाएको बताए । यस्तै, न्याय प्रशासन तथा विधायन समिति, अर्थ समिति, सामाजिक विकास समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक स्रोत तथा पूर्वाधार समितिले पनि कामकाज सुरु गरिरहेकै अवस्था छ । अर्थ समितिका सभापति मोहनकुमार खड्काले संसद्मा समितिको वार्षिक प्रतिवेदन पेस गरेका थिए । प्रतिवेदनमा काम गर्न सुरु गरेको मात्रै देखियो ।

सामाजिक विकास समितिका सभापति सरिता थापाले हालसम्म आफ्नो नेतृत्वमा २० वटाभन्दा बढी बैठक बसेर विधेयक, डेंगु, खेलकुदलगायतको विषयमा निर्णयहरू गरेको बताइन् । उनले हालसम्म मन्त्रालयहरूको कामकाजको अनुगमन गर्न नसकेको बताइन् । समितिले विराटनगरस्थित बैजनाथपुर क्रिकेट रंगशाला र मुख्यमन्त्री कप फुटबल लिगमा भएका अनियमितताका बारेमा सामाजिक विकासमन्त्री जीवन घिमिरेलाई बोलाई छानबिन छालेको छ ।

उद्योग, पर्यटन तथा वातावरण समिति सभापति सीता थेवेले समितिको ९ वटा बैठक बसेर विधेयकहरूको छलफल र सरकारले गरेको कामको प्रगति र वार्षिक कार्यक्रम माग्ने काम मात्रै गरेको बताइन् । संसद्मा प्रमुख प्रतिपक्षी दलले पनि प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । संसद्मा सांसदहरूले उठाएको आवाजको कार्यान्वयन नभइरहेको बारेमा समेत प्रमुख प्रतिपक्षी दलले रचनात्मक भूमिका निर्वाह गर्न सकेको छैन । संसद्लाई सरकारले नियन्त्रण गरेर अघि बढाइरहेको छ तर प्रमुख प्रतिपक्षी दल मौन बसेको छ ।

प्रमुख प्रतिपक्षी दल कांग्रेसका नेता राजीव कोइरालाले प्रमुख प्रतिपक्षी दलले अपेक्षा गरे बमोजिमको प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको स्विकारे । उनले प्रदेश सभालाई सरकारले नियन्त्रण गर्न खोजेको अवस्था रहेको बताए ।

प्रदेशसभालाई सरकारको नियन्त्रण बाहिर राख्न सबैको भूमिका आवश्यक रहेको उनको भनाइ थियो । प्रमुख प्रतिपक्षी दलले संसद्मा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव टेबल गरेको थियो । प्रस्ताव टेबल गरेकै दिन छलफल गराउने संसदीय व्यवस्थाविपरीत एक दिन पछि सरकारलाई प्रतिरक्षाको तयारी गर्न समय दिएर मात्रै संसद्मा छलफल गराइएको कोइरालाले बताए ।

प्रदेशसभाले पारित गरेका विधेयकहरूको कार्यान्वयनको पाटो कमजोर रहेकाले त्यसको अनुगमन आवश्यक रहेको कोइरालाको भनाइ थियो । 'प्रदेशसभा भवनमा शौचालयको पानी पसेर वर्षायाममा बैठक अवरुद्ध हुँदै आएको तर त्यसको समाधानमा मौन देखिएको छ,' उनले भने, 'यसपालिको वर्षामा पनि शौचालयको सेफ्टी ट्यांक भरिएर सभा भवनमा शौचालयको दुर्गन्धित पानी पसेर ९ दिन बैठक अवरुद्ध भयो ।'

प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारीले अधिकांश सांसदहरू उपस्थित हुने गरेको तर केही सांसदहरू सदनमा बोल्ने क्रममा सभामुख बाहेकका अन्य व्यक्तिलाई पनि सम्बोधन गर्दै आएको उनले स्विकारे ।

'संसद्मा विद्युतीय उपकरणहरू, मोबाइल, कानेखुसी गर्नेलगायतका कार्य निषेध गरिएको छ,' उनले भने, 'अनुशासन कायम गर्ने विषयमा सबै सांसद जिम्मेवार भएर आ-आफ्ना भूमिका निर्वाह गर्दै आएकाले अहिलेसम्म कुनै किसिमको समस्या भएको छैन ।'

सरकार र प्रतिपक्षलाई मिलाएर अघि बढ्दा दुवै पक्षले बेलाबेलामा आशंका व्यक्त गर्दै आएको भण्डारीको भनाइ थियो । 'सरकार र प्रतिपक्ष हाम्रा लागि दुवै महत्त्वपूर्ण भएकाले मिलाएर लगेका छौं,' उनले भने, 'सरकारले प्रतिपक्षलाई र प्रतिपक्षले सरकारलाई प्रभावमा परेको आरोप लगाउने गरेको तर त्यो यथार्थ होइन र यो संस्थाको प्रकृति पनि पक्षपात गर्ने होइन ।'

पहिलो वर्षको पहिलो अधिवेशन सिक्न र अनुभव प्राप्त गर्न लाग्यो तर यहाँसम्म आइपुग्दा हुँदै आएको अभ्यासले निक्कै खारिँदै गएको बताए । 'सांसदहरू सिक्दै अनुभवी हुँदै गएकाले अहिले संसद् चलाउन सहज भएको छ,' उनले भने, 'विधेयकहरूलाई समितिमा सहजीकरण गर्ने विषयमा पनि पहिले अभ्यास थिएन तर अहिले विधेयक समितिमा गइसकेपछि क्रियाशील भएर दफाबार छलफल गर्ने, आवश्यक पर्दा विज्ञहरूसमेत बोलाउन थालिएको छ ।' हालसम्ममा ३३ वटा विधेयक पारित, ३ वटा प्रक्रियामा र ७ वटा दर्ता भएको उनले बताए । संख्यात्मक रूपमा बढी नयाँ सांसदहरू छन् ।

सामान्य विवादमा निर्घात कुटपिट

राजविराज (कास)- सामान्य विवादमा सप्तरीका एकजना निर्घात कुटिएका छन् । राजगढ गाउँपालिका ६ का ४१ वर्षीय महेश्वर साह आफ्नै छिमेकीबाट निर्घात कुटिएका हुन् । कुटपिटबाट गम्भीर घाइते उनको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ ।

साउन ३२ मा विष्णुपुर गाउँपालिका ४ स्थित कनकट्टा नहरको डिल नजिक साहको दरबाजामा छिमेकी दर्पी भनिने अनिरुद्र साह, बालकृष्ण साह, वीरेन्द्र साह, मंगल साह, जगरनाथ साह, बैजनाथ साह, लालोदेवी साह र शिवनाथ साहले बाँसको भाटालगायतले कुटपिट गरेको महेश्वरका छोरा रमेशकुमार साहले बताए ।

महेश्वर र विपक्षी परिवारबीच वर्षौंदेखि मुद्दा चल्दै आएको छ । पछिल्लो समय कुटपिट गर्नेहरूको बाँस झार्गिएर महेश्वरको घरको छानामा परेपछि उनले विष्णुपुर गाउँपालिकाको न्यायिक समितिमा निवेदन दिएका थिए । महेश्वरको निवेदनमा न्यायिक समितिले बाँस काट्नुपर्ने निर्णय गरेपछि साउन ३१ मा प्रहरी समेतको रोहबरमा बाँस काट्न लगाइएको थियो । बाँस काटिएपछि महेश्वरसित विपक्षीहरू चिढिएको महेश्वरका छोरा रमेशले बताए । 'साउन ३२ मा बुवा आफ्नै दरबाजामा भएका बेला विपक्षीहरूले समूह बनाई बाँसको भाटा लगायतले निर्घात कुटपिट गरे,' रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा दिएको जाहेरीमा छ ।

बाँसको भाटाबाट महेश्वरको दाहिने खुट्टा भाँचिएको छ भने आँखा, नाक र कानमा पनि गम्भीर चोट लागेको छ । घाइते भएपछि महेश्वरलाई उनकै परिवारका सदस्यहरूले उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पुऱ्याएका थिए । राजविराजमा उपचार सम्भव नभएपछि विराटनगरको गोल्डेन अस्पताल लगिएकामा त्यहाँबाट पनि रेफर भई अहिले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ । घाइते महेश्वरका छोरा रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा कुटपिट गरी अंगभंग गरेको कसुरमा ८ जना विरुद्ध जाहेरी दिएका छन् । रमेशले विष्णुपुर गाउँपालिका ४ कनकट्टाका आठ जनाविरुद्ध जाहेरी दिएका छन् ।

प्रहरीले विपक्षीमध्ये अनिरुद्र साहलाई नियन्त्रणमा लिएको र अंगभंग मुद्दामा म्याद थप गरेको जनाएको छ । अन्य प्रतिवादीहरूको खोजी कार्य भइरहेको प्रहरीले बतायो । रमेशले मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १४ को दफा १९२ को उपदफा २ को क, ख, ग, छ र ज नम्बरबमोजिमको कसुर गरेकाले मुलुकी अपराध संहिताको दफा १९२ को उपदफा ४ बमोजिम सजाय, उपचार खर्च र क्षतिपूर्ति माग दाबी गरेका छन् ।

स्थानीय तह बेथिति

सम्झौता थोरै, भुक्तानी धेरै

■ **मोहन शाही** (डोटी)

डोटीका स्थानीय तहले मनोमानी रूपमा रकम वितरण गरेको पाइएको छ । कार्यकर्ता, आफन्त र परिवारनिकट रहेकाहरूलाई पोस्न सम्झौताभन्दा बढी रकम भुक्तानी दिने गरेका छन् ।

दिपायल सिलगढी नगरपालिकाले विभिन्न योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिएको फेला परेको छ । पानीखोला तिखाडाँडाबाट भण्डारी जग्गा हुँदै गिरी महराको घरसम्मको सडक, कौढुंगादेखि थमाल्लीसम्म खानेपानी, सिलखोली गाउँदेखि घटाली गाउँ सडक, रातोली पारवरी कुन्जेडी सडक, पनेरभाडदेखि झंकसम्मको बाटो पीसीसी, घोलतडा सेती नदी कटान संरक्षण योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिइएको फेला परेको हो ।

विभिन्न योजनामा सम्झौताभन्दा १ लाख ७५ हजार ३ सय ६१ रुपैयाँ नगरपालिकाले बढी भुक्तानी गरेको छ । आर्थिक वर्ष ०७४/०७५ मा सम्पन्न ती योजनाको नाममा महालेखापरीक्षकको प्रतिवेदनमा समेत बेरुजु देखाइएको छ । 'काट् नुपर्ने कर नकाटेको देखिएकोले पनि केही योजनामा बेरुजु देखिएको हो,' नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भोजराज शर्माले भने, 'केही योजनामा पछि इस्टिमेट उठाउँदा काम बढी गरेको पाइएकाले पनि सम्झौताभन्दा केही रकम बढी गएको हो ।'

पूर्वीचौकी गाउँपालिका पनि यस्तै योजनामा अनियमित रूपमा भुक्तानी गरिएको छ । विभिन्न मेसिनरी सामग्री लागत अनुमान नै नगरी बिल भुक्तानी गरेको, स्वास्थ्य चौकीमा कार्यालय सामग्री खरिद गर्ने भनी सम्झौता गरेकोमा भुक्तानी गर्दा शौचालय निर्माण तथा मोबाइल खरिदका बिल पेस गरेर रकम बुझेको पाइएको छ ।

त्यस्तै कार्यालय सामान भन्दै पूर्वीचौकी गाउँपालिकाले स्लिपिङ ब्याग १५ थान, रेनकोट १५ थान, पावर बैंक २ थान, टर्चलाइट २० थान कोटेसनबाट शेखर ट्रेड एन्ड सप्लायर्सबाट खरिद गरी भुक्तानी दिइएको छ । टर्चलाइटका लागि भने शेखरको कोटेसन भए पनि गौरव इन्टरप्राइजेजबाट खरिद गरिएको छ ।

'ती सामग्री कहाँ छन् र कसले बुझेको हो भन्ने कुरा न कार्यालयमा दाखिला छ, न बुझ्ने व्यक्तिको भर्पाई छ,' महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ, 'कोटेसन र बिलमा मूल्य फरक पारेर पनि औषधि र उपकरण खरिदमा पनि बढी भुक्तानी मेडी डिस्टिब्युटर्सलाई गाउँपालिकाले दिएको छ,' महालेखाले औंल्याएको बेरुजुमा उल्लेख छ ।

सोही गाउँपालिकले पूर्वी तथा पश्चिमी (सिलगढी-साँफेबगर सडक) सीमामा प्रवेशद्वार बनाउने कामको लागत अनुमान तयार गर्दा पिलरको फाउन्डेसन (हात्तीपाइले) कामको दोहोरो इस्टिमेट राखेर १२ लाख ३ हजार ८ सय ९ रुपैयाँ भुक्तानी दिइएको छ । कोल हाल्ने खानेपानी योजनामा सम्झौताभन्दा बढी रकम भुक्तानी दिएको छ भने होमस्टे कार्यक्रमअन्तर्गत होटल व्यवसायी संघलाई सम्झौता नै नगरी सोझै गाउँपालिका र वडा कार्यालयले सामग्री खरिदको बिल पेस गरी भुक्तानी दिएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

शिखर नगरपालिकाको खन्ने खोला सडक, चुडी पनेरादेखि आँखडा ग्रामीण सडकमा नगरको स्वीकृत नर्म्सभन्दा १८ हजार ८ सय ३३ रुपैयाँ भुक्तानी गरेको पाइएको छ । नगरपालिकाले नगरसभाबाटै पारित गरेर नाफामूलक व्यवसाय शिवानी ट्राभल्स एन्ड टुर्स प्रालिलाई च्याफ्ट खरिदका लागि ६ लाख र जिनिअस जेनेरेसन एकेडेमी प्रालिलाई शैक्षिक सामग्रीमा भनेर २ लाख रुपैयाँ नियमविपरीत भुक्तानी भएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

केआईसिंह गाउँपालिकाले पनि अनियमित र हचुवाका भरमा रकम भुक्तानी दिएको पाइएको छ । दुर्गादेवी कृषक महिला सहकारी संस्थाको भवन निर्माणका लागि २ लाख ५० हजार मात्र बजेट विनियोजन गरेकोमा सहकारीलाई ४ लाख १० हजार भुक्तानी दिएको छ ।

NCCS
College of IT & Management
[Affiliated to TU]

ADMISSION OPEN

BHM
BIM BBM
LAST DATE OF CMAT FORM SUBMISSION :
BHADRA 11, 2076
CMAT EXAM :
BHADRA 21, 2076, SATURDAY

BCA
LAST DATE OF FORM SUBMISSION :
BHADRA 20, 2076
ENTRANCE EXAM :
BHADRA 28, 2076, SATURDAY

BSc.CSIT
LAST DATE OF FORM SUBMISSION :
BHADRA 9, 2076 [WITH NORMAL FEE] | BHADRA 16, 2076 [WITH LATE FEE]
ENTRANCE EXAM :
BHADRA 27, 2076, FRIDAY

National College of Computer Studies
Paknajol, Kathmandu | Phone: 4251711, 4228807, 4267866, 4268221
Fax: 4269807 | Email: info@nccs.edu.np | Web: www.nccs.edu.np
ISO 9001:2015 certified

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ बुटवल | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

अथक परिश्रम
अपार सफलता

130000+
Students enrollment

40000+
compentent & world-class engineers

30000+
Students pursuing engineering couses in Nepal & abroad

PEA's
B.E./B.Arch.
BSc.CSIT Entrance Preparation

25
Years of
EXCELLENCE



"विगत २५ वर्षको अनुभव र सर्वोत्कृष्ट नतिजा नै हाम्रो परिचय हो ।"

key to success in life

Since 1994
PEA
Association Pvt. Ltd.

Jaycees Marga, Thapathali, Kathmandu, Tel: 014245730, 4257187, www.pea.edu.np

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ बुटवल | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

सडकमै धराप | ललितपुरको पुल्चोकस्थित मन्त्री क्वार्टरतर्फ जाने सडकको पैदलमार्गमा रहेको खाडल । सधैं खुला रहने यो खाडलको डिलसमेत होचो छ, जहाँ हिँडिरहेको व्यक्तिसमेत पर्न सक्ने जोखिम छ ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/कान्तिपुर

ब्युँताइयो सरकारी निर्माण कम्पनी

■ **बलराम बानियाँ** (काठमाडौं)

ठूला भौतिक पूर्वाधार निर्माणमा वैधानिक रूपमै आर्थिक चलखेलको जोखिम बढ्ने गरी सरकारले 'नेपाल पूर्वाधार निर्माण कम्पनी' खडा गरेको छ । यसबाट विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर 'कमिसन' खाने वैधानिक बाटो खुल्ने आशंका बढेको छ ।

पञ्चायतकालदेखि २०५८ सालसम्म विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले नेसनल कन्स्ट्रक्सन कम्पनी अफ नेपाल (एनसीसीएन) मार्फत ठूला भौतिक संरचना निर्माणको काम बिनाप्रतिस्पर्धा आफू नजिकका ठेकेदारलाई दिलाएर गैरकानुनी कमाइ गर्ने गरेका थिए । प्रभावशाली मन्त्रीहरूको प्रस्तावमा सरकारी ठेक्कामा कानुनी रूपमै कमाउ धन्दा चलाउन झन्डै २० वर्षपछि त्यस्तै प्रकृतिको 'नेपाल पूर्वाधार निर्माण कम्पनी' ब्युँताइएको स्रोतले जनायो ।

सरकारले सरकारी स्वामित्वको कम्पनीलाई मन्त्रिपरिषद् निर्णयबाट बिनाप्रतिस्पर्धा सोझै भौतिक पूर्वाधार निर्माण या अरू कुनै पनि ठेक्का दिन पाउने कानुनी व्यवस्था छ । सरकारी कम्पनीले तोकिएको अनुमानित लागत रकममा भौतिक पूर्वाधार निर्माण या कुनै पनि ठेक्का पाउनेछन् । सरकारी कम्पनीले अरू ठेकेदार कम्पनीले जस्तो अनुमानित लागत रकममा घटाघट गरी प्रतिस्पर्धा गर्नु पर्दैन । एनसीसीएनले अनुमानित लागतमा सरकारी पूर्वाधार निर्माणको जिम्मा लिएर १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा ठेकेदारलाई उपठेक्का दिने गर्थ्यो । एनसीसीएनकै ढाँचामा अहिले खोलिएको सरकारी कम्पनीले पनि अनुमानित लागतमा १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा जुनसुकै ठेकेदारलाई जिम्मा दिएर काम गराउन सक्नेछ । 'पञ्चायतकाल र २०५८ सालसम्म प्रभावशाली मन्त्रीहरूले एनसीसीएनमार्फत आफ्नो स्वार्थसिद्धि गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर ठूलो परिमाणमा कमिसन लेनदेन गर्ने प्रवृत्ति फस्टाएको थियो । सरकारले त्यही प्रकृतिको कम्पनीलाई पुनर्जीवन दिएर सरकारी ठेक्कापट्टामा

बिनाप्रतिस्पर्धा सरकारी कम्पनीमार्फत आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई ठेक्का दिलाइने आशंका

विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूलाई फेरि चलखेल गर्ने मौका दिन लागेको छ,' एनसीसीएनमार्फत भएको भ्रष्टाचार देखेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिवले कान्तिपुरसित भने । ती पूर्वसचिवका अनुसार खुला प्रतिस्पर्धा गर्दा ठेकेदारहरूले अनुमानित लागतभन्दा ४० प्रतिशतसम्म कम रकम कबोल गरी ठेक्का लिएर काम गर्ने गर्छन् तर सरकारी कम्पनीमार्फत १० प्रतिशत कम रकममा ठेकेदारले उपठेक्का पाउँदा बढी नाफा हुने भएकाले त्यसैमा ठूलो चलखेल र लेनदेन हुन्छ । **बाँकी पृष्ठ १४**

भित्र

नेपाल स्याटेलाइटको अनुमतिपत्र खारेज

नेकपा सचिवालयमा एक्लिए नेता नेपाल

विवादास्पद न्यायाधीश अधिकारीद्वारा राजीनामा

राजनीतिक दललाई अनुदान दिने कानुन बन्दै

भर्ती केन्द्र बन्यो लुम्बिनी विकास कोष

गजब छ बा !

- अविन -

तपैं नि यै पार्टीको ? अनि कतातिरको नि ?... दायाँतिरको कि बायाँतिरको ...कि छायाँतिरको ?

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक | समृद्ध नेपालको लागि

नेपाल-भारत संयुक्त आयोग बैठक भोलि

एजेन्डाहरू पुरानै

कान्तिपुर संवाददाता (काठमाडौं)

परराष्ट्रमन्त्री स्तरमा बुधबार सुरु हुने नेपाल-भारत संयुक्त आयोगको पाँचौं बैठकमा प्रबुद्ध समूह (ईपीजी) ले यसअघि सम्बोधन गरेकै मुद्दा तथा सुझ्झन नसकेका द्विदेशीय सरोकारका विषयमा छलफल हुने भएको छ ।

बैठकमा राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत, संस्कृति-शिक्षासहितका मुख्य एजेन्डामाथि छलफल हुने परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिए । दुईदिने बैठकमा सहभागी हुन भारतीय विदेशमन्त्री एस जयशंकरसहितको प्रतिनिधिमण्डल बुधबार काठमाडौं आउँदै छ ।

'बैठकमा नयाँभन्दा पनि भइरहेकै समस्या र सरोकारका विषयमा बृहत् छलफल हुनेछ,' परराष्ट्रका एक उच्च अधिकारीले कान्तिपुरसँग भने, 'विगतमा नेपाल-भारत प्रबुद्ध समूहले उठाएका एजेन्डा आयोग बैठकमा पनि दोहोरिँदै छन् । विशेषगरी डुवान समस्या, भारतले प्रतिबद्धता जनाएर पूरा नभएका योजना र पञ्चेश्वरजस्ता थाती रहेका परियोजनाको निकासबारे नेपालले धारणा राख्नेछ ।' लामो समयदेखि अल्झेर बसेका परियोजनालाई कि त खारेज गर्ने अथवा योजनामा नयाँ मोडालिटी पहिल्याउन नेपालले प्रस्ताव गर्ने परराष्ट्रमा दक्षिण एसिया मामिला हेर्ने ती अधिकारीले बताए । परराष्ट्र मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्ञवालीले नेपाल-भारतको सहकार्यमा सञ्चालित योजना तथा तिनका प्रगति एवं उपलब्धिबारे आयोग बैठकमा विस्तृतमा छलफल गरिने बताए । 'अहिले नेपाल-भारत समझदारी उच्चस्तरमा छ,' उनले भने, 'मोतिहारी-अमलेखगन्ज रेलवे

राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत मुख्य एजेन्डा

पाइपलाइन, हुलाकी राजमार्ग, एकीकृत चेकपोस्ट (आईसीपी), जनकपुर-जयनगर रेलवेजस्ता योजनाको उपलब्धिमाथि छलफल हुनेछ । अरुण तेस्रो, अपर कर्णाली जलविद्युत् परियोजनालाई तीव्रतासाथ अघि बढाउनेबारे धारणा राख्नेछौं ।' रक्सौल-काठमाडौं रेलवेको प्राविधिक सर्वेक्षण पूरा भइसकेको र यसको विस्तृत परियोजना रिपोर्ट (डीपीआर) बन्ने क्रममा रहेको उनले जानकारी दिए । बैठकमा नारायणी र कोसी नदीको जलमार्गमा मध्यमस्तरका जहाज सञ्चालन हुनेबारे तयारी तथा प्रस्तावनामा छलफल हुँदै छ । बैठकमा प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदन बुझ्न र कार्यान्वयन तहमा अघि बढ्नसमेत समकक्षी जयशंकरसँग कुरा राखिने मन्त्री ज्ञवालीले बताए । प्रबुद्ध समूहले एक वर्षअघि तयार गरेको प्रतिवेदन भारत सरकारले अझैसम्म नबुझ्दा यसको कार्यान्वयन 'अर्थहीन' बनेको छ ।

'लामो समयदेखि अल्झिएका योजनाबारे पुनरावलोकन गर्नुपर्छ भनेर दुवै देशको तहमा समझदारी बनेको छ,' उनले भने, 'कुनै विषय छ र अघि बढ्न सकेको छैन भने त्यसलाई 'रिभ्यु' गर्न सकिन्छ । अब कार्यान्वयनमा लागौं भन्ने हो ।' नेपाल-भारत समस्या एवं सरोकार सम्बोधनमा मन्त्रीस्तरीय संयन्त्र बैठकमा भाग लिन आउने भारतीय विदेशमन्त्री जयशंकर यसअघि विदेश सचिवका रूपमा सेवारत थिए । नेपालमा संविधान जारी हुनुअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका 'विशेषदूत' भएर काठमाडौं आएका जयशंकरले 'सबै पक्षको सहमति नजुटाई संविधान जारी नगर्न दिएको सुझाव' का कारण उनको छवि विवादित बनेको थियो ।

बाँकी पृष्ठ १४

सामाजिक सञ्जालमा फैलँदै घृणा, आक्रोश र अफवाह
पृष्ठ २

कलिलैमा बिहेले कानुनी झमेला

■ **बिनु तिम्सिना** (विराटनगर)

● ९ महिनाअघि मोरङको रंगेली नगरपालिकाका १७ वर्षीया एक किशोरी र १९ वर्षीय एक किशोर गाउँबाट हराए । गाउँमा खैलाबैला मच्चियो । किशोरीका आमाबुबाले इलाका प्रहरी कार्यालयमा छोरी हराएको भन्दै निवेदन दिए । प्रहरीले दुवैलाई एकै स्थानबाट फेला पाऱ्यो । लामो समयदेखि प्रेम सम्बन्धमा रहेका उनीहरू सँगै भागेका थिए । कानुनत: २० वर्ष नपुगी विवाह गर्न नमिल्ने भएकाले प्रहरीले दुवैलाई आ-आफ्नो अभिभावकको जिम्मा लगायो । तर केही दिनपछि

किशोरीका आमाबुबाले किशोरविरुद्ध जबर्जस्ती करणीको मुद्दा दर्ता गराए । किशोर पक्राउ परे । अदालतबाट धरौटीमा छुट्टेपछि दुवै किशोरकिशोरी भागेर भारत गए ।

● विराटनगर महानगरपालिकाका १८ वर्षीया किशोरी र २१ वर्षीय युवा एक महिनाअघि हराए । परिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गरायो । प्रहरीले खोजतलास गर्दा उनीहरू सँगै बसेको फेला पाऱ्यो । किशोरीको उमेर २० वर्ष पूरा नपुगेकाले उनीहरूलाई पनि छुटाएर प्रहरीले आफ्नो अभिभावकको जिम्मा लगायो ।

बाँकी पृष्ठ १४

बेसहारालाई गाउँपालिकाको सहयोग

■ माधव अर्याल (पाल्पा)

रैनादेवी छहरा गाउँपालिका-४, छहराका ७० वर्षीय दिलबहादुर कामी यतिबेला खुसी छन् । उनको दुई महिनाअघिसम्म खरले छाएको चुहिने झुप्रो थियो । अहिले नयाँ घरमा बसेका छन् ।

रैनादेवी छहरा गाउँपालिकाको एक लाख रुपैयाँभन्दा बढी सहयोगमा ओत लाग्ने गतिलो घर पाएको कामीले सुनाए । '०७२ सालको भूकम्पपछि बिस्तारै घर जीर्ण बन्दै गयो,' उनले भने, 'त्यसपछि खरको छानो फेर्न पनि उपाय भएन ।'

छोराहरू भारततिर बस्छन् । घरमा श्रीमान्/श्रीमतीमात्र छन् । पानी पर्दा भाँडा थापेर र छाता ओढेर बस्नुपर्थ्यो । यति मात्र होइन, रातभरि नसुतेरै धेरै वर्ष बिताएको उनले सुनाए । 'हाम्रो घरमा आम्दानी केही छैन,' उनले भने, 'हामीलाई कसैले सहयोग पनि गरेन ।' छोराहरूले नहेर्दा जीर्ण र चुहिएको घरमा बस्नुपरेको उनले सुनाए । वडाध्यक्ष विष्णुप्रसाद पोखरेल घुम्दै गएका बेला उनले घरका लागि गुनासो राखे । पोखरेलले गाउँ कार्यपालिकाको बैठकमा कुरा राखेपछि अहिले नयाँ घर बनेको हो । 'कार्यपालिकाको बैठकमा कुरा राखेपछि गाउँपालिकाले सहयोग गर्ने निर्णय भयो,' वडाध्यक्ष पोखरेलले भने, 'प्रधानमन्त्री रोजगार कार्यक्रमको काम सकेपछि उनै श्रमिकलाई प्रयोग गरेर १७ दिनमा घर तयार भयो ।' गाउँपालिकाको बजेटमा कामदार मात्र उनीहरूलाई प्रयोग गरेर घर बनाएको उनले सुनाए ।

'हामीले विपन्न असहायका लागि सहयोग गर्ने कोष बनाएका छौं,' प्रमुख प्रशासकीय अधिकृत ज्ञानुराम पन्थीले भने, 'सोही अनुसारको बजेट परिचालन गरिएको हो ।' गाउँपालिका अध्यक्ष रामबहादुर कार्कीले यसअघि पनि ज्येष्ठ नागरिकलाई सम्मान, बालबालिका, अपांगता भएकालाई पढ्नमा सहयोग गरेको बताए । यसअघि पनि गाउँपालिकाले बाबुआमाको मृत्युपछि बेसहारा बनेका तीन बालकलाई विद्यालय जाने वातावरण मिलाएको थियो । गाँसबासको व्यवस्था गरेपछि उनीहरू दैनिक विद्यालय गएका छन् । रैनादेवी छहरा-४, बिसाउना गाउँका खिमबहादुर बिटालु र आमा टेककुमारी बिटालुका तीन छोरालाई गाउँपालिकाले विद्यालयमा अध्ययन गर्ने वातावरण मिलाएको वडाध्यक्ष पोखरेलले बताए । बाबुआमाको मृत्युपछि आठ वर्षका विशाल, नौ वर्षका सुसन र १० वर्षका सुशील सडक बालबालिकाको अवस्थामा पुगेका थिए । उनीहरूको अवस्था दयनीय देखेपछि उनीहरूका काका चन्द्र बिटालुले गाउँ ल्याएका थिए । उनीहरूको पालनपोषण र पढाइका बारेमा गाउँपालिकाको वडामा समस्या राखेपछि वडा कार्यालयले उनीहरूको पढाइको व्यवस्था गरेको हो ।

खान र ओढ्ने, बिछ्याउने कपडा वडा कार्यालयले व्यवस्थापन गरेको छ । उनीहरूलाई नजिकको विद्यालयमा भर्ना गरेको छ । पोसाक, झोला र स्टेसनरी पनि वडाले दिएको छ । बालकलाई विद्यालय तहको शिक्षाका लागि वडाले सहयोग गर्नेछ । गत वर्ष भदौ महिनादेखि गाउँकै सल्लेरी प्राथमिक विद्यालयमा उनीहरू भर्ना भएका हुन् ।

आमाबुबा गुमाएर आर्थिक अवस्था कमजोर भएका हुन् वा बेसहारा जोसुकै नसक्नेलाई सहयोग गर्नु स्थानीय सरकारको कर्तव्य भएको गाउँपालिका उपाध्यक्ष चेतकुमारी थापाले बताइन् । यसअघि पनि गाउँपालिकाले दुई जना अपांगता भएका बालबालिकालाई सहयोग गरेको उनले बताइन् ।

ज्येष्ठ नागरिकलाई सम्मान गर्ने, अपांगता भएका, बेसहारालाई सहयोग गर्ने काममा कुनै कमी नहुने उनले सुनाइन् । रैनादेवी छहरा-४ का कक्षा ८ मा पढ्ने अपांगता भएका विजय सोमैलाई मासिक ६ सय भत्ता प्रदान गर्दै आएको छ । कक्षा १० का पदम रास्कोटीलाई पनि विद्यालयमा भर्ना गर्दै आर्थिक सहयोग गरेको उनले बताइन् । छहराकै सल्लेधारामा अध्ययन गर्ने विधान पोखरेललाई पनि वडाले पोसाक, कापी, कलम सहयोग गरेको छ ।

विद्युत् पोल नसार्दा सडक अलपत्र

विद्युत् पोल सार्न नसक्दा अलपत्र परेको निर्माणाधीन बुटवल-लुम्बिनी जोड्ने नमुना पर्यटन मार्ग । तस्बिर : अमृता/कान्तिपुर

■ अमृता अनमोल (बुटवल)

बिजुलीका पोल नसार्दा बेलवास-बेथरी सडक निर्माण अलपत्र परेको छ । चालु आर्थिक वर्षमा पूरा गर्ने लक्ष्यसहित तीन वर्षअघि निर्माण सुरु भएको थियो । २१ किलोमिटर दूरीको सडकको दोहोरो भागमा १ सय ७७ वटा पोल छन् । नयाँ मापदण्डअनुसारका पोल बनाउन विद्युत् कार्यालयले सिफारिस गरेको छ ।

त्यसअनुसार अब २ सय २३ नयाँ पोल गाड्नुपर्छ । यस क्षेत्रका अन्य सडकमा रकम दिएपछि विद्युत् कार्यालय आफैंले पोल व्यवस्थापन गरिदिन्छ । यो सडकमा भने विद्युत्ले पोल सारिदिन नसक्ने बताएको छ । पोल सार्ने अन्योलले सडक निर्माण नै अलपत्र परेको छ । डिभिजन सडक कार्यालय बुटवलले निर्माणको जिम्मा लिएको मार्ग अहिले प्रदेश मातहत आएको छ । सडक निर्माणमा चालु आर्थिक वर्षमा ३० करोड रुपैयाँ विनियोजन भएको छ । पर्यटन मार्ग हेर्ने जिम्मा पाएको प्रदेशको शिवपुर डिभिजन कार्यालयका इन्जिनियर गिरीशनन्दन पोरसले विद्युत् व्यवस्थापनको कुरा टुंगो नलाग्दा निर्माण सुरु नभएको बताए ।

अहिले सडकमा सात मिटरका पोल छन् । नियमतः ११ हजार भोल्टमा ११ मिटरको विद्युत् पोल राख्नुपर्छ । चार सय भोल्टमा आठ वा नौ मिटरको पोल चाहिन्छ । विद्युत् वितरण केन्द्र बुटवलले नयाँ सडक बनाउँदा सबै पोल ११ मिटरका राख्न सिफारिस गरेको छ । सडकले भने चलनचल्तीको कामचलाउ पोलको प्रस्ताव गरेको छ । निर्माण सुरु हुँदा नै विद्युत्ले त्यस मापदण्डअनुसारको इस्टिमेटसमेत पठाएको थियो । कार्यालय प्रमुख सञ्जयकुमार मिश्रले सडकले विद्युत् कार्यालयको मुख ताक्दा समस्या भएको बताए । 'अहिले त्यहाँ भएका धेरै पोल जीर्ण छन् । मापदण्डअनुसारका पनि छैनन्,' उनले भने, 'तिनलाई सडकले मापदण्ड पुऱ्याएर व्यवस्थापन गर्नुपर्छ ।'

> सडकमा खानेपानी र कुलो व्यवस्थापन समस्या, खानेपानीका लागि बुटवल उपमहानगरपालिका र उपभोक्तालाई जिम्मा दिएर व्यवस्थापनको प्रयास

यस आयोजनामा विद्युत्, पानी, टेलिफोन, क्षतिपूर्तिलगायतमा १ करोड ५३ लाख रुपैयाँ विनियोजन भएको छ । विद्युत् कार्यालयले सिफारिस गरेका पोल बनाउँदा र सार्दा अनुमानित खर्चमा दोब्बर बढ्छ । अर्थात् विद्युत्मा मात्रै १ करोड ८२ लाख रुपैयाँ खर्च हुन्छ । रकम धेरै लाग्ने र आफैंले विद्युत् व्यवस्थापन गर्नुपर्ने भएकाले जटिलता थपिएको इन्जिनियर पोरसले बताए । सडकमा खानेपानी र कुलो व्यवस्थापन अर्को समस्या छ । खानेपानीका लागि बुटवल उपमहानगरपालिका र उपभोक्तालाई जिम्मा दिएर व्यवस्थापनको प्रयास थालिएको छ । कुलो व्यवस्थापन गर्न चालु आर्थिक वर्षमा मात्रै प्रदेश सरकारले एक करोड रकम विनियोजन गरेको छ । तर विद्युत् व्यवस्थापनका लागि लाग्ने रकम र कामको टुंगो अझै लागेको छैन ।

भेलले बगायो कर्णाली तटबन्ध

बर्दिया (कास)- यहाँको राजापुरस्थित कर्णाली नदी छेक्न निर्माण गरिएको तटबन्ध भेलले बगाएको छ । मुर्गहवामा निर्माण भएको तटबन्ध बगाएको हो । तटबन्धका लागि निर्माण गरिएका लन्चिङ, स्पट, स्पर र ड्याम एक वर्ष नबित्दै भासिएपछि एक दर्जनभन्दा बढी गाउँ जोखिममा परेका छन् ।

तटबन्ध भासिन थालेपछि कर्णाली नदी बस्तीमा पस्ने खतरा बढेको राजापुर नगरपालिकाका प्रमुख शिव चौधरीले बताए । कमसल र गुणस्तरहीन काम भएकाले तटबन्ध भासिएको उनको दाबी छ । आयोजनाले आर्थिक वर्ष ०७१/७२ बाट काम सुरु गरेको थियो । अहिलेसम्म १ अर्ब ९० करोड रुपैयाँ लगानी भइसकेको छ । लन्चिङमा बालुवा थुप्रिएपछि नदीको बहाव अन्यत्र मोड्न तटबन्ध निर्माण गरिएको प्राविधिकले बताए ।

अनुगमनमा पुगेका प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्बाङले गुणस्तरीय काम नभएकाले भेलले तटबन्ध बगाउन थालेको बताए । अहिले कटान रोक्न आयोजनाले उपभोक्तामार्फत बोरामा बालुवा भरेर जोगाउने प्रयास गरिरहेको छ । आयोजनाका निमित्त प्रमुख लेखा अधिकृत खिम केसीले प्राविधिक नभएका कारण जेनतेन आयोजनाको काम थेगिरहेको बताए । 'कर्णालीको पश्चिम क्षेत्रमा कटान भइरहेको छ,' उनले भने, 'आयोजना प्रमुखलगायत कुनै पनि प्राविधिक नहुँदा काम गर्न गाह्रो छ ।' वर्षात भइरहेकाले बाढी आउने खतरा छ । आगामी १० वर्षभित्र ४३ किमि लामो तटबन्ध निर्माण गर्ने लक्ष्यसाथ आयोजनाले काम सुरु गरेको छ ।

उपभोक्ता समिति र ठेक्का प्रणालीबाट निर्माणको काम भइरहेको छ । अहिलेसम्म १२ किमि तटबन्ध निर्माण भइसकेको छ । ६ फिट अग्लो स्पट, १५ मिटर लन्चिङ र १४ मिटर चौडाइ भएको तटबन्ध निर्माण जारी छ । कर्णाली नदी आयोजनाको गुरुयोजनाअनुसार यसमा कुल ११ अर्ब रुपैयाँ लगानी रहेको छ । यो कर्णाली र यसको भंगालो गेरुवा नदी नियन्त्रण गर्ने उद्देश्यले निर्माण गरिएको हो । करिब २ लाख जनसंख्या भएको राजापुर क्षेत्रलाई घेरेको कर्णालीमा ८० र गेरुवा नदीमा २० प्रतिशत पानी बग्ने गर्छ । कर्णाली नदी व्यवस्थापन आयोजना प्रमुख रमेशबन्धु अर्याल काठमाडौं र डीई सुरेन्द्र पौडेलको यसै महिना पोखरा सरुवा भएको छ ।

आयोजनामा कार्यरत चार जना सबइन्जिनियर, एक इन्जिनियरसहित आठ जना कर्मचारीको पनि सरुवा भइसकेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय नेपालगन्जले तीन इन्जिनियर र एक चालकलाई १५ लाख रुपैयाँ घूस लिदै गरेको आरोपमा पक्राउ गरेको करिब तीन साता बित्यो । इन्जिनियर विश्वेश्वरप्रसाद साह, कमलप्रसाद सिटौला र हरिप्रसाद चौधरी निलम्बित भएको आयोजनाले जनाएको छ । घूस प्रकरणमा आयोजनाका चालक टंकप्रसाद ओझा पनि पक्राउ परेका थिए ।

हार्दिक श्रद्धाञ्जली

जन्म वि.सं. २०३१।०४।२४

स्वर्गारोहण वि.सं. २०७६।०४।२३

सुवेदार स्व. चित्र बहादुर बोहरा

रुकुम जिल्ला, खलंगा गा.वि.स. वडा नं. २ निवासी बुबा भद्रविर बोहरा र आमा सेती बोहराका छोरा दाङ्ग जिल्ला तुलसीपुर ब्यारेक स्थित श्री नं. १९ बाहिनी अड्डामा कार्यरत **सुवेदार चित्र बहादुर बोहरा**को उपचारको क्रममा छाउनी स्थित वीरेन्द्र अस्पतालमा असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै, यस दुःखद घडीमा शोक सन्तप्त परिवार जनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दै **समवेदना** समेत ब्यक्त गर्दछौं ।

श्री नं. १९ बाहिनी अड्डा परिवार
तुलसीपुर ब्यारेक दाङ्ग

भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७६/०७७ को लागी CTEVT बाट लिईएको प्रमाणपत्र तहको प्रवेश परिक्षामा उत्तिर्ण भई आफुले प्रवेश परिक्षा दिएको संस्थामा भर्ना नपाएका विद्यार्थीहरुले PCL in Lab Technician र PCL in Diagnostic Radiography पढ्न चाहेमा तुरुन्त सम्पर्क गरौं ।

सिट सिमित छ ।

सम्पर्क
कैलपाल हस्पिटल एण्ड कलेज
नेपालगन्ज–१०, बाँके
फोन नं. : ०८१-५२१०१७, ५२६२७५, ९८५८०२४६४८

२ करोड बढी बजेट फ्रिज

कपिलवस्तु (कास)- कृषिमन्त्री चक्रपाणि खनालले गृहजिल्ला आउँदा सरकारले कृषि क्षेत्रमा ल्याएको नीति कार्यक्रमले व्यावसायिक फडको मार्ने भन्दै पटक-पटक भाषण गरे । सम्मान थापे । तर, उनकै जिल्लामा कृषि क्षेत्रको विकासका लागि आएको २ करोडभन्दा बढी बजेट फ्रिज भएको छ । यसले यहाँका कृषक निराश छन् । गत आवमा विनियोजित बजेटमध्ये कामै गर्न नसकी २ करोड १० लाख ५७ हजार रुपैयाँ फ्रिज भएको हो ।

कृषि ज्ञान केन्द्रमा गत आवमा विभिन्न सात कार्यक्रमका लागि ९ करोड ७५ लाख ४६ हजार रुपैयाँ विनियोजन भई आएको थियो । त्यसमध्ये ७ करोड ६४ लाख ८९ हजार रुपैयाँ मात्र खर्च भएको ज्ञान केन्द्रको लेखा शाखाले जनाएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमको ८६ लाख ३४ हजार रुपैयाँ फ्रिज भएको छ । उक्त कार्यक्रमको ४ करोड २० लाख बजेट थियो । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत ५० पकेट र नौ ब्लक रहेको ज्ञान केन्द्रका कृषि अर्थविद् महेन्द्र ओझाले बताए । जसमध्ये चारवटा पकेट र पाँचवटा ब्लक कार्यक्रम लिएकाहरू सम्पर्कमै आएनन् । उसले गर्दा प्रधानमन्त्री कार्यक्रमको बढी रकम फ्रिज भएको उनले बताए । 'उनीहरूलाई सम्पर्कमा ल्याउनुपर्थ्यो,' उनले भने, 'किन आएनन्, त्यसबारे बुझेर थप योजना बनाउनुपर्छ ।'

कृषि विकास कार्यक्रमको ६० लाख, सहकारी स्किम र सहकारी सिँचाइ कार्यक्रमको २७ लाख २५ हजार रुपैयाँ पनि फिर्ता भएको छ । 'समूह बनाएर एउटा पम्पसेटका लागि धाउँदाधाउँदा थाकें,' कपिलवस्तु नगरपालिका, सिकटवाका बिल्लु यादवले भने, 'तर, पाइनँ । कतिलाई अनुनयविनय गरें तर सुनुवाइ गरिएन । अहिले बजेट फिर्ता गएको सुन्दा आश्चर्यमा परेको छु ।' टाठाबाटा र बिचौलियाको पहुँचले समस्या निम्त्याएको बुद्धभूमि नगरपालिका-१०, देवपुराका अगुवा बह्रैची केवटले बताए । 'हामीले सिँचाइका लागि अनेक ठाउँमा योजना पेस गर्दा गर्दै थाक्यौं,' उनले भने, 'यहाँ सिँचाइका लागि आएको बजेट फ्रिज भयो ।' यसले आफूहरूलाई दुःखी बनाएको उनले सुनाए ।

'कृषि अनुदान पाएका अधिकांश गैरकृषक छन्,' यशोधरा गाउँपालिका, भडेहरका कृषक हरिराम पाण्डेले भने, 'अब उनीहरूले लगेको रकम कसरी सदुपयोग हुन्छ ?' त्यसैगरी, पहुँच र प्रभावमा परेर दिइएको अनुदान धेरै मात्रामा दुरुपयोग भएको उनले बताए ।

कृषिमन्त्रीको जिल्लामै २ करोड बढी रकम फिर्ता जानु दुःखद भएको नेपाल किसान संघ केन्द्रीय सदस्य चतुर्भुजमणि त्रिपाठीले बताए ।

ENJOY DOLBY ATMOS SOUND BIG Movies
NOW SHOWING



BATLA HOUSE : 9:00 AM, 2:45 PM, 5:00 PM, 8:00 PM
HAJAR JUNI SAMMA : 11:30 AM, 4:00 PM, 6:45 PM
ONCE UPON A TIME IN HOLLYWOOD : 12:45 PM
MISSION MANGAL : 8:30 AM, 12:00 PM, 2:15 PM, 5:45 PM, 8:30 PM
3D : FAST AND FURIOUS PRESENTS : HOBBS AND SHAW : 10:00 AM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185* * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com



BG Mall BSR MOVIES
FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
NOW SHOWING



CURRENT SHOWTIME

MOVIES	ATMOS 1	ATMOS 2
MISSION MANGAL	11:30 AM 5:00 PM	8:00 AM 8:00 PM
BATLA HOUSE	8:30 AM 2:30 PM 8:30 AM	
HAJAR JUNI SAMMA		11:00 AM 2:00 PM
ONCE UPON A TIME IN HOLLYWOOD		4:30 PM

XTENDED SUPER 2 DAYS TUESDAY & WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

गाँधी कृष्ण Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.

• Judgementall Hai Kya • साइनो • काचली • रातो गलबन्दी • घर • नयाता नउता • Ray
• Saino • Ghar • Ray • Kanchuli • Jatrai Jatra • Kabir Shing • Rato Galbandi

तपाईंको आज

मेष	कान्ति क्षय	तुला	डर चिन्ता
वृष	कार्य सफल	वृश्चिक	वादविवादमा सफल
मिथुन	मिष्ठान्न भोजन	धनु	खटपट
कर्कट	पुण्य आर्जन	मकर	पराक्रम बढ्ने
सिंह	नैरश्यता	कुम्भ	धन आर्जन
कन्या	नविन मित्र बन्ने	मीन	पदोन्नति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र ४ गते बुधबार तदनुरुप २१ अगस्ट २०१९ भाद्र कृष्णपक्ष षष्ठि तिथि रात्रिको २:४२ बजेसम्म उप्रान्त सप्तमी तिथी, अश्विनी नक्षत्र रात्रिको १० बजेसम्म उप्रान्त भरणी नक्षत्र, गण्ड योग दिनको ३:३५ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको २:१४ बजेसम्म उप्रान्त वणिज करण, मेष राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

KANTIPUR HD

५:00	भक्तिसुर
५:30	आध्यात्मिक सन्देश
६:00	जीवन विज्ञान
६:30	मार्गदर्शन (लाइभ)
७:00	कान्तिपुर समाचार
८:00	गुडमर्निङ नेपाल
८:30	कान्तिपुर न्युज
९:00	फायरसाइड (रिपिट)
१०:00	कान्तिपुर समाचार
१०:30	सुमनसँग (रिपिट)
११:00	कान्तिपुर न्यूज
११:30	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:00	कान्तिपुर समाचार
१२:30	मंगलम (लाइभ)
१:30	बलियो घर (रिपिट)
२:00	कान्तिपुर समाचार
२:30	यू एण्ड आई (रिपिट)
३:00	फायरसाइड (रिपिट)
४:00	कान्तिपुर समाचार
४:30	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:00	कल कान्तिपुर रिलोडेड
६:00	कान्तिपुर न्यूज
६:30	मनी टक्स (रिपिट)
७:00	कान्तिपुर समाचार
७:30	प्रदेश विशेष (लाइभ)
८:00	कान्तिपुर समाचार
९:00	सरोकार
१०:00	मनी टक्स (रिपिट)
१०:30	कान्तिपुर न्युज
११:00	प्रदेश विशेष (रिपिट)
११:30	कान्तिपुर समाचार
१२:00	कल कान्तिपुर रिपीटेड
१:00	कान्तिपुर न्युज रिपीटेड
१:30	मनी टक्स (रिपिट)
२:00	कान्तिपुर समाचार (रिपीट १)
२:30	मार्गदर्शन (रिपिट)
३:00	मंगलम (रिपिट)
४:00	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:00	भक्ति अनुष्ठान (अच्युत)
०६:30	कान्तिपुर डायरी
०७:00	द हेडलाइनर्स
७:30	कानुनी बहस र परामर्श (कमला)
०८:00	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:30	ओल्ड इज गोल्ड
०९:00	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जव करिअर कनेक्ट (एलिसा)
१०:00	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:00	आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी
१२:00	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:00	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:00	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:00	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:00	हेल्थ एन्ड एजुकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:00	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:00	पुनर्निर्माण
१८:30	कान्तिपुर डायरी
१९:00	कनेक्ट (प्रियंका)
२०:00	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	लाउड (रेमन)
२१:00	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:30	इन्द्रेनी
२२:00	कालजयी गीत संगीत (भूपेन्द्र)
२३:00	पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल)
००:00	फिल्मी परेड (रिपिट)
०१:00	कालजयी गीत संगीत (रिपिट)
०२:00	नेपाली गीतहरू लगातार
०३:00	हिन्दी गीतहरू लगातार
०४:00	भजनहरू लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१५४०२००
बुद्ध सामुदायीक मुटु अस्पताल	०७१५४६१९७
महिला तथा बाल अस्पताल-आम्दा	०७१५४४४५०
युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा	०७१५०६०३०
भीम अस्पताल भैरहवा	०७१५२०१९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८५२०१८८
अर्घाखाची जिल्ला अस्पताल	०७७४२०२५७
गुल्मी जिल्ला अस्पताल	०७९५२०१८८
कपिलवस्तु जिल्ला अस्पताल	०७६५६०२००
रेडक्रस एम्बुलेन्स भैरहवा	०७१-५२०२६३, ९७४७०२११०४
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८६७३२६४५७
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१००४
संयुक्त एम्बुलेन्स चालक संघ बुटवल	९८५७०२३०९९
भीम अस्पताल भैरहवा	०७१-५२०१९३
युनिभर्सल शिक्षण अस्पताल भैरहवा	०७१-५०६०९२, ५०६०५२
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-५२२८७५, ९८५७०९०३९०
इलाका प्रहरी कार्यालय बेलहिया	०७१-४१८००४
अध्यागमन कार्यालय बेलहिया	०७१-४१८०२०
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-५०७०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-५२०२१५
दमकल बुटवल उपमहानगरपालिका	०७१-५४०१११
माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा	०७१-५२३५३४
जिल्ला प्रशासन कार्यालय	५६०१३३
जिल्ला प्रहरी कार्यालय	५६०१९९
राप्ती उपक्षेत्रीय अस्पताल घोराही	५६२३६५
राप्ती अञ्चल अस्पताल तुलसीपुर	५२००११
लमही अस्पताल	५४००११
राप्ती आँखा अस्पताल तुलसीपुर	५२०१६५
आँखा अस्पताल लमही	४१७००८
घोराही उपमहानगरपालिका	५६०७००
तुलसीपुर उपमहानगरपालिका	५२०२३३
लमही नगरपालिका	५४००५०
उच्च अदालत तुलसीपुर	५२००२४
जिल्ला अदालत	५६०२४५
राप्ती प्राबिधिक शिक्षालय लालमटिया	४१३००१
एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर	९८५७८२३१२३
एम्बुलेन्स परिवार नियोजन संघ घोराही	५६००२३/९८४७८६२३५८
दमकल घोराही	५६०४९९
दमकल तुलसीपुर	५२०३०५
रेडक्रस सोसाइटी घोराही ब्लड बैंक	५६१४६०
रेडक्रस सोसाइटी तुलसीपुर ब्लड बैंक	५२३१४०
घोराही बसपार्क	५६०४१५
तुलसीपुर बसपार्क	५२०५७४
लमही बसपार्क	५४००४०
जिल्ला प्रहरी कार्यालय बाँके	५२०२११/५२२७४८/१००
ईलाका प्रहरी कार्यालय कोहलपुर	५४०४२०/५४०११३
वडा प्रहरी कार्यालय नेपालगन्ज	५२०२९९
क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज	५४०००३/ १०३
जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज	५२०८५३
नेपाल रेडक्रस सोसाईटी	५२०१०४
एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज	५२०१७४
दमकल नेपालगन्ज	५२०१११
दमकल कोहलपुर	९८६८११४९६०
भेरी अन्चल अस्पताल नेपालगन्ज	५२०१२०
नेपालगन्ज मेडिकल कलेज	५२२४५८
कोहलपुर मेडिकल	५४०४०८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०९३
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

प्रदेश संसद्को डेढ वर्ष

सिक्दै अघि बढ्दै

जनअपेक्षाअनुरूप सांसदहरूले कार्य गर्न सकेका छैनन्, हालसम्म ३३ वटा विधेयकमात्रै पारित भएका छन्, सातवटा समिति गठन भए पनि केहीमात्र सक्रिय छन् ।

■ **देवनारायण साह** (मोरङ)

प्रदेश १ को संसद्मा आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मत कार्की सांसदहरूले उठाएको प्रश्नको सोमबार जवाफ दिँदै । *तस्बिर : देवनारायण/कान्तिपुर*

प्रदेश १ का सांसद प्रतापप्रकाश हाङगामले प्रदेशसभा बैठकमा बोल्दा सभामुखलगायत उपस्थित मन्त्री, प्रमुख प्रतिपक्षी दलका नेता तथा पत्रकारलाई समेत सम्बोधन गर्छन् । प्रदेशसभाको चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा बोल्दा प्रदेशसभा नियमावली विपरीत यसरी नै सम्बोधन गरी उनले बोलेका थिए । नियमावलीमा प्रदेशसभामा बोल्दा सभामुखलाई मात्रै सम्बोधन गर्नुपर्ने व्यवस्था छ ।

आफूले शून्य समयमा बोलेका विषयमाथि सबैको ध्यानाकर्षण गराउन बैठकमा उपस्थित सबैलाई सम्बोधन गर्दै आएको हाङगामले बताए । उनले नियमावलीमा त्यस्तो व्यवस्था छ भने अब सभामुखलाई मात्रै सम्बोधन गरेर बोल्ने प्रतिबद्धता जनाए । हाङगाम जस्तै अन्य सांसदहरूले पनि नियमावलीमा गरिएको व्यवस्था विपरीतका गतिविधि संसद्मा गर्दै आएका छन् । कतिपय सांसदहरूले संसद्भित्रै सुर्तीजन्य पदार्थसमेत सेवन गर्ने गरेको पाइएको छ ।

सांसद विमल कार्कीले धेरै सांसद पहिलो पटक संसद्मा प्रतिनिधित्व गरेकाले अनुभवको कमी रहेको बताए । 'अनुभवको कमीले नियमावलीमा व्यवस्था भए विपरीत कार्य पनि अज्ञानमा सांसदबाट हुन गएको छ,' उनले भने, 'सांसदलाई प्रभावकारी रूपमा तालिम, अध्ययनका लागि पुस्तकालय, अवलोकन भ्रमणको व्यवस्था हुनु आवश्यक छ ।'

'विधेयक, ऐन, नियम बनाउनमा प्रदेशसभा अगाडि छ तर भौतिक संरचनामा कमजोर छ,' कार्कीले भने, 'विधेयक निर्माणमा हामी सांसदहरू परिपक्व बन्दै गएका छौं, सदनमा प्रस्तुत भएका विधेयकमाथि व्यापक छलफल गर्ने, समितिमा लगेर दफाबार छलफल गर्ने, संशोधन प्रस्ताव दर्ता गराउने र त्योसहित पारित हुनेसम्मको अभ्यास गर्न थालेका छौं ।'

संविधानसभा सदस्यको अनुभव बोकेका प्रतिपक्षी दल संघीय समाजवादीका नेता जयराम यादवले संसद्लाई मर्यादित बनाउन सरकारले खासै चासो नदिएको गुनासो पोखे । 'प्रदेश सरकारका मन्त्रीहरूले संसद्मा उपस्थित भएर सांसदले उठाएका विषयहरू सुन्ने र त्यसको समयमा जवाफ दिएर संसद्को मर्यादा बढाउनुपर्छ,' उनले भने, 'सांसदले उठाएका सवालको सरकारले गम्भीरतापूर्वक कार्यान्वयनमा समेत चासो लिनुपर्ने हो तर त्यस्तो हुन सकेको छैन ।'

यादवले चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा प्रदेश सरकारका दुई जना मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएको बारेमा सदनलाई जानकारी गराउन ध्यानाकर्षण गराएका थिए । प्रदेशसभाको ३३ औं बठक सम्पन्न भइसक्दा पनि सरकारले मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएकोबारे जानकारी गराएनन् ।

विदेश भ्रमण जानुअघि पनि संसदीय व्यवस्था विपरीत सरकारले संसद्लाई जानकारी दिएका थिएन । आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङबो, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीश कुसियैत, सांसद बिन्दिया कार्कीलगायत चीन भ्रमणमा गएका थिए ।

पहिलो संविधानसभा सदस्यको अनुभवसहित प्रदेशसभा सदस्य भएकी नवोदिता चौधरीले प्रदेशसभा नयाँ संरचना भएको र धेरै सांसदहरू अनुभवहीन भएकाले केही कमीकमजोरी हुने गरेको तर सबै जना सिक्दै र सुधार गर्दै अघि बढिरहेको बताइन् । 'संविधानसभामा एकजना सांसदले पूरै संविधानसभालाई नियन्त्रण गर्न सक्ने हैसियत राख्द थियो तर यहाँ प्रदेशसभामा त्यस्तो हैसियत देखाउन सक्ने सांसदको अभाव छ,' उनले भनिन्, 'संविधानसभामा अनुभवी सांसदहरू भएको र ऐन, नियमहरूबारे निकै धेरै दख्खल राख्ने गरेको पाएका थियौं तर यहाँ त्यस्तो अवस्था छैन ।'

दुई तिहाइको सरकार भएकोले संसद्मा सांसदहरूले बोलेको र उठाएका सवालहरूबारे सरकारले खासै चासो नदिंदा संसद् प्रभावकारी रूपमा अघि बढ्न नसकेको उनको भनाइ थियो । संसदीय समितिहरूले पनि प्रभावकारी रूपमा काम गर्न सकेको छैन । गत चैत २२ मा नेतृत्व पाएका संसदीय समितिहरूले हालसम्म प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन ।

सार्वजनिक लेखा समिति सभापति शिवनारायण गनगाईले चैत २२ मा नेतृत्व पाएपछि समितिको काम अघि बढाएको बताए । यस्तै, न्याय प्रशासन तथा विधायन समिति, अर्थ समिति, सामाजिक विकास समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक स्रोत तथा पूर्वाधार समितिले पनि कामकाज सुरु गरिरहेकै अवस्था छ । अर्थ समितिका सभापति मोहनकुमार खड्काले संसद्मा समितिको वार्षिक प्रतिवेदन पेस गरेका थिए । प्रतिवेदनमा काम गर्न सुरु गरेको मात्रै देखियो ।

सामाजिक विकास समितिका सभापति सरिता थापाले हालसम्म आफ्नो नेतृत्वमा २० वटाभन्दा बढी बैठक बसेर विधेयक, डेंगु, खेलकुदलगायतको विषयमा निर्णयहरू गरेको बताइन् । उनले हालसम्म मन्त्रालयहरूको कामकाजको अनुगमन गर्न नसकेको बताइन् । समितिले विराटनगरस्थित बैजनाथपुर क्रिकेट रंगशाला र मुख्यमन्त्री कप फुटबल लिगमा भएका अनियमितताका बारेमा सामाजिक विकासमन्त्री जीवन घिमिरेलाई बोलाई छानबिन छालेको छ ।

उद्योग, पर्यटन तथा वातावरण समिति सभापति सीता थेवेले समितिको ९ वटा बैठक बसेर विधेयकहरूको छलफल र सरकारले गरेको कामको प्रगति र वार्षिक कार्यक्रम माग्ने काम मात्रै गरेको बताइन् । संसद्मा प्रमुख प्रतिपक्षी दलले पनि प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । संसद्मा सांसदहरूले उठाएको आवाजको कार्यान्वयन नभइरहेको बारेमा समेत प्रमुख प्रतिपक्षी दलले रचनात्मक भूमिका निर्वाह गर्न सकेको छैन । संसद्लाई सरकारले नियन्त्रण गरेर अघि बढाइरहेको छ तर प्रमुख प्रतिपक्षी दल मौन बसेको छ ।

प्रमुख प्रतिपक्षी दल कांग्रेसका नेता राजीव कोइरालाले प्रमुख प्रतिपक्षी दलले अपेक्षा गरे बमोजिमको प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको स्विकारे । उनले प्रदेश सभालाई सरकारले नियन्त्रण गर्न खोजेको अवस्था रहेको बताए ।

प्रदेशसभालाई सरकारको नियन्त्रण बाहिर राख्न सबैको भूमिका आवश्यक रहेको उनको भनाइ थियो । प्रमुख प्रतिपक्षी दलले संसद्मा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव टेबल गरेको थियो । प्रस्ताव टेबल गरेकै दिन छलफल गराउने संसदीय व्यवस्थाविपरीत एक दिन पछि सरकारलाई प्रतिरक्षाको तयारी गर्न समय दिएर मात्रै संसद्मा छलफल गराइएको कोइरालाले बताए ।

प्रदेशसभाले पारित गरेका विधेयकहरूको कार्यान्वयनको पाटो कमजोर रहेकाले त्यसको अनुगमन आवश्यक रहेको कोइरालाको भनाइ थियो । 'प्रदेशसभा भवनमा शौचालयको पानी पसेर वर्षायाममा बैठक अवरुद्ध हुँदै आएको तर त्यसको समाधानमा मौन देखिएको छ,' उनले भने, 'यसपालिको वर्षामा पनि शौचालयको सेफ्टी ट्यांक भरिएर सभा भवनमा शौचालयको दुर्गन्धित पानी पसेर ९ दिन बैठक अवरुद्ध भयो ।'

प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारीले अधिकांश सांसदहरू उपस्थित हुने गरेको तर केही सांसदहरू सदनमा बोल्ने क्रममा सभामुख बाहेकका अन्य व्यक्तिलाई पनि सम्बोधन गर्दै आएको उनले स्विकारे ।

'संसद्मा विद्युतीय उपकरणहरू, मोबाइल, कानेखुसी गर्नेलगायतका कार्य निषेध गरिएको छ,' उनले भने, 'अनुशासन कायम गर्ने विषयमा सबै सांसद जिम्मेवार भएर आ-आफ्ना भूमिका निर्वाह गर्दै आएकाले अहिलेसम्म कुनै किसिमको समस्या भएको छैन ।'

सरकार र प्रतिपक्षलाई मिलाएर अघि बढ्दा दुवै पक्षले बेलाबेलामा आशंका व्यक्त गर्दै आएको भण्डारीको भनाइ थियो । 'सरकार र प्रतिपक्ष हाम्रा लागि दुवै महत्त्वपूर्ण भएकाले मिलाएर लगेका छौं,' उनले भने, 'सरकारले प्रतिपक्षलाई र प्रतिपक्षले सरकारलाई प्रभावमा परेको आरोप लगाउने गरेको तर त्यो यथार्थ होइन र यो संस्थाको प्रकृति पनि पक्षपात गर्ने होइन ।'

पहिलो वर्षको पहिलो अधिवेशन सिक्न र अनुभव प्राप्त गर्न लाग्यो तर यहाँसम्म आइपुग्दा हुँदै आएको अभ्यासले निक्कै खारिँदै गएको बताए । 'सांसदहरू सिक्दै अनुभवी हुँदै गएकाले अहिले संसद् चलाउन सहज भएको छ,' उनले भने, 'विधेयकहरूलाई समितिमा सहजीकरण गर्ने विषयमा पनि पहिले अभ्यास थिएन तर अहिले विधेयक समितिमा गइसकेपछि क्रियाशील भएर दफाबार छलफल गर्ने, आवश्यक पर्दा विज्ञहरूसमेत बोलाउन थालिएको छ ।' हालसम्ममा ३३ वटा विधेयक पारित, ३ वटा प्रक्रियामा र ७ वटा दर्ता भएको उनले बताए । संख्यात्मक रूपमा बढी नयाँ सांसदहरू छन् ।

सामान्य विवादमा निर्घात कुटपिट

राजविराज (कास)- सामान्य विवादमा सप्तरीका एकजना निर्घात कुटिएका छन् । राजगढ गाउँपालिका ६ का ४१ वर्षीय महेश्वर साह आफ्नै छिमेकीबाट निर्घात कुटिएका हुन् । कुटपिटबाट गम्भीर घाइते उनको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ ।

साउन ३२ मा विष्णुपुर गाउँपालिका ४ स्थित कनकट्टा नहरको डिल नजिक साहको दरबाजामा छिमेकी दर्पी भनिने अनिरुद्र साह, बालकृष्ण साह, वीरेन्द्र साह, मंगल साह, जगरनाथ साह, बैजनाथ साह, लालोदेवी साह र शिवनाथ साहले बाँसको भाटालगायतले कुटपिट गरेको महेश्वरका छोरा रमेशकुमार साहले बताए ।

महेश्वर र विपक्षी परिवारबीच वर्षौंदेखि मुद्दा चल्दै आएको छ । पछिल्लो समय कुटपिट गर्नेहरूको बाँस झार्गिएर महेश्वरको घरको छानामा परेपछि उनले विष्णुपुर गाउँपालिकाको न्यायिक समितिमा निवेदन दिएका थिए । महेश्वरको निवेदनमा न्यायिक समितिले बाँस काट्नुपर्ने निर्णय गरेपछि साउन ३१ मा प्रहरी समेतको रोहबरमा बाँस काट्न लगाइएको थियो । बाँस काटिएपछि महेश्वरसित विपक्षीहरू चिढिएको महेश्वरका छोरा रमेशले बताए । 'साउन ३२ मा बुवा आफ्नै दरबाजामा भएका बेला विपक्षीहरूले समूह बनाई बाँसको भाटा लगायतले निर्घात कुटपिट गरे,' रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा दिएको जाहेरीमा छ ।

बाँसको भाटाबाट महेश्वरको दाहिने खुट्टा भाँचिएको छ भने आँखा, नाक र कानमा पनि गम्भीर चोट लागेको छ । घाइते भएपछि महेश्वरलाई उनकै परिवारका सदस्यहरूले उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पुऱ्याएका थिए । राजविराजमा उपचार सम्भव नभएपछि विराटनगरको गोल्डेन अस्पताल लगिएकामा त्यहाँबाट पनि रेफर भई अहिले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ । घाइते महेश्वरका छोरा रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा कुटपिट गरी अंगभंग गरेको कसुरमा ८ जना विरुद्ध जाहेरी दिएका छन् । रमेशले विष्णुपुर गाउँपालिका ४ कनकट्टाका आठ जनाविरुद्ध जाहेरी दिएका छन् ।

प्रहरीले विपक्षीमध्ये अनिरुद्र साहलाई नियन्त्रणमा लिएको र अंगभंग मुद्दामा म्याद थप गरेको जनाएको छ । अन्य प्रतिवादीहरूको खोजी कार्य भइरहेको प्रहरीले बतायो । रमेशले मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १४ को दफा १९२ को उपदफा २ को क, ख, ग, छ र ज नम्बरबमोजिमको कसुर गरेकाले मुलुकी अपराध संहिताको दफा १९२ को उपदफा ४ बमोजिम सजाय, उपचार खर्च र क्षतिपूर्ति माग दाबी गरेका छन् ।

स्थानीय तह बेथिति

सम्झौता थोरै, भुक्तानी धेरै

■ **मोहन शाही** (डोटी)

डोटीका स्थानीय तहले मनोमानी रूपमा रकम वितरण गरेको पाइएको छ । कार्यकर्ता, आफन्त र परिवारनिकट रहेकाहरूलाई पोस्न सम्झौताभन्दा बढी रकम भुक्तानी दिने गरेका छन् ।

दिपायल सिलगढी नगरपालिकाले विभिन्न योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिएको फेला परेको छ । पानीखोला तिखाडाँडाबाट भण्डारी जग्गा हुँदै गिरी महराको घरसम्मको सडक, कौढुंगादेखि थमाल्लीसम्म खानेपानी, सिलखोली गाउँदेखि घटाली गाउँ सडक, रातोली पारवरी कुन्जेडी सडक, पनेरभाडदेखि झंकसम्मको बाटो पीसीसी, घोलतडा सेती नदी कटान संरक्षण योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिइएको फेला परेको हो ।

विभिन्न योजनामा सम्झौताभन्दा १ लाख ७५ हजार ३ सय ६१ रुपैयाँ नगरपालिकाले बढी भुक्तानी गरेको छ । आर्थिक वर्ष ०७४/०७५ मा सम्पन्न ती योजनाको नाममा महालेखापरीक्षकको प्रतिवेदनमा समेत बेरुजु देखाइएको छ । 'काट् नुपर्ने कर नकाटेको देखिएकोले पनि केही योजनामा बेरुजु देखिएको हो,' नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भोजराज शर्माले भने, 'केही योजनामा पछि इस्टिमेट उठाउँदा काम बढी गरेको पाइएकाले पनि सम्झौताभन्दा केही रकम बढी गएको हो ।'

पूर्वीचौकी गाउँपालिका पनि यस्तै योजनामा अनियमित रूपमा भुक्तानी गरिएको छ । विभिन्न मेसिनरी सामग्री लागत अनुमान नै नगरी बिल भुक्तानी गरेको, स्वास्थ्य चौकीमा कार्यालय सामग्री खरिद गर्ने भनी सम्झौता गरेकोमा भुक्तानी गर्दा शौचालय निर्माण तथा मोबाइल खरिदका बिल पेस गरेर रकम बुझेको पाइएको छ ।

त्यस्तै कार्यालय सामान भन्दै पूर्वीचौकी गाउँपालिकाले स्लिपिङ ब्याग १५ थान, रेनकोट १५ थान, पावर बैंक २ थान, टर्चलाइट २० थान कोटेसनबाट शेखर ट्रेड एन्ड सप्लायर्सबाट खरिद गरी भुक्तानी दिइएको छ । टर्चलाइटका लागि भने शेखरको कोटेसन भए पनि गौरव इन्टरप्राइजेजबाट खरिद गरिएको छ ।

'ती सामग्री कहाँ छन् र कसले बुझेको हो भन्ने कुरा न कार्यालयमा दाखिला छ, न बुझ्ने व्यक्तिको भर्पाई छ,' महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ, 'कोटेसन र बिलमा मूल्य फरक पारेर पनि औषधि र उपकरण खरिदमा पनि बढी भुक्तानी मेडी डिस्टिब्युटर्सलाई गाउँपालिकाले दिएको छ,' महालेखाले औंल्याएको बेरुजुमा उल्लेख छ ।

सोही गाउँपालिकले पूर्वी तथा पश्चिमी (सिलगढी-साँफेबगर सडक) सीमामा प्रवेशद्वार बनाउने कामको लागत अनुमान तयार गर्दा पिलरको फाउन्डेसन (हात्तीपाइले) कामको दोहोरो इस्टिमेट राखेर १२ लाख ३ हजार ८ सय ९ रुपैयाँ भुक्तानी दिइएको छ । कोल हाल्ने खानेपानी योजनामा सम्झौताभन्दा बढी रकम भुक्तानी दिएको छ भने होमस्टे कार्यक्रमअन्तर्गत होटल व्यवसायी संघलाई सम्झौता नै नगरी सोझै गाउँपालिका र वडा कार्यालयले सामग्री खरिदको बिल पेस गरी भुक्तानी दिएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

शिखर नगरपालिकाको खन्ने खोला सडक, चुडी पनेरादेखि आँखडा ग्रामीण सडकमा नगरको स्वीकृत नर्म्सभन्दा १८ हजार ८ सय ३३ रुपैयाँ भुक्तानी गरेको पाइएको छ । नगरपालिकाले नगरसभाबाटै पारित गरेर नाफामूलक व्यवसाय शिवानी ट्राभल्स एन्ड टुर्स प्रालिलाई च्याफ्ट खरिदका लागि ६ लाख र जिनिअस जेनेरेसन एकेडेमी प्रालिलाई शैक्षिक सामग्रीमा भनेर २ लाख रुपैयाँ नियमविपरीत भुक्तानी भएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

केआईसिंह गाउँपालिकाले पनि अनियमित र हचुवाका भरमा रकम भुक्तानी दिएको पाइएको छ । दुर्गादेवी कृषक महिला सहकारी संस्थाको भवन निर्माणका लागि २ लाख ५० हजार मात्र बजेट विनियोजन गरेकोमा सहकारीलाई ४ लाख १० हजार भुक्तानी दिएको छ ।

NCCS
College of IT & Management
[Affiliated to TU]

ADMISSION OPEN

BHM
BIM BBM
LAST DATE OF CMAT FORM SUBMISSION :
BHADRA 11, 2076
CMAT EXAM :
BHADRA 21, 2076, SATURDAY

BCA
LAST DATE OF FORM SUBMISSION :
BHADRA 20, 2076
ENTRANCE EXAM :
BHADRA 28, 2076, SATURDAY

BSc.CSIT
LAST DATE OF FORM SUBMISSION :
BHADRA 9, 2076 [WITH NORMAL FEE] | BHADRA 16, 2076 [WITH LATE FEE]
ENTRANCE EXAM :
BHADRA 27, 2076, FRIDAY

National College of Computer Studies
Paknajol, Kathmandu | Phone: 4251711, 4228807, 4267866, 4268221
Fax: 4269807 | Email: info@nccs.edu.np | Web: www.nccs.edu.np
ISO 9001:2015 certified

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ सुर्खेत | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

अथक परिश्रम
अपार सफलता

130000+
Students enrollment

40000+
compentent & world-class engineers

30000+
Students pursuing engineering couses in Nepal & abroad

PEA's
B.E./B.Arch.
BSc.CSIT Entrance Preparation

25 Years of EXCELLENCE



"विगत २५ वर्षको अनुभव र सर्वोत्कृष्ट नतिजा नै हाम्रो परिचय हो ।"

key to success in life

Since 1994
PEA
Association Pvt. Ltd.

Jaycees Marga, Thapathali, Kathmandu, Tel: 014245730, 4257187, www.pea.edu.np

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ सुखेंत | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

सडकमै धराप | ललितपुरको पुल्चोकस्थित मन्त्री क्वार्टरतर्फ जाने सडकको पैदलमार्गमा रहेको खाडल । सधैं खुला रहने यो खाडलको डिलसमेत होचो छ, जहाँ हिँडिरहेको व्यक्तिसमेत पर्न सक्ने जोखिम छ ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/कान्तिपुर

ब्युँताइयो सरकारी निर्माण कम्पनी

■ **बलराम बानियाँ** (काठमाडौं)

ठूला भौतिक पूर्वाधार निर्माणमा वैधानिक रूपमै आर्थिक चलखेलको जोखिम बढ्ने गरी सरकारले 'नेपाल पूर्वाधार निर्माण कम्पनी' खडा गरेको छ । यसबाट विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर 'कमिसन' खाने वैधानिक बाटो खुल्ने आशंका बढेको छ ।

पञ्चायतकालदेखि २०५८ सालसम्म विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले नेसनल कन्स्ट्रक्सन कम्पनी अफ नेपाल (एनसीसीएन) मार्फत ठूला भौतिक संरचना निर्माणको काम बिनाप्रतिस्पर्धा आफू नजिकका ठेकेदारलाई दिलाएर गैरकानुनी कमाइ गर्ने गरेका थिए । प्रभावशाली मन्त्रीहरूको प्रस्तावमा सरकारी ठेक्कामा कानुनी रूपमै कमाउ धन्दा चलाउन झन्डै २० वर्षपछि त्यस्तै प्रकृतिको 'नेपाल पूर्वाधार निर्माण कम्पनी' ब्युँताइएको स्रोतले जनायो ।

सरकारले सरकारी स्वामित्वको कम्पनीलाई मन्त्रिपरिषद् निर्णयबाट बिनाप्रतिस्पर्धा सोझै भौतिक पूर्वाधार निर्माण या अरू कुनै पनि ठेक्का दिन पाउने कानुनी व्यवस्था छ । सरकारी कम्पनीले तोकिएको अनुमानित लागत रकममा भौतिक पूर्वाधार निर्माण या कुनै पनि ठेक्का पाउनेछन् । सरकारी कम्पनीले अरू ठेकेदार कम्पनीले जस्तो अनुमानित लागत रकममा घटाघट गरी प्रतिस्पर्धा गर्नु पर्दैन । एनसीसीएनले अनुमानित लागतमा सरकारी पूर्वाधार निर्माणको जिम्मा लिएर १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा ठेकेदारलाई उपठेक्का दिने गर्थ्यो । एनसीसीएनकै ढाँचामा अहिले खोलिएको सरकारी कम्पनीले पनि अनुमानित लागतमा १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा जुनसुकै ठेकेदारलाई जिम्मा दिएर काम गराउन सक्नेछ । 'पञ्चायतकाल र २०५८ सालसम्म प्रभावशाली मन्त्रीहरूले एनसीसीएनमार्फत आफ्नो स्वार्थसिद्धि गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर ठूलो परिमाणमा कमिसन लेनदेन गर्ने प्रवृत्ति फस्टाएको थियो । सरकारले त्यही प्रकृतिको कम्पनीलाई पुनर्जीवन दिएर सरकारी ठेक्कापट्टामा

बिनाप्रतिस्पर्धा सरकारी कम्पनीमार्फत आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई ठेक्का दिलाइने आशंका

विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूलाई फेरि चलखेल गर्ने मौका दिन लागेको छ,' एनसीसीएनमार्फत भएको भ्रष्टाचार देखेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिवले कान्तिपुरसित भने । ती पूर्वसचिवका अनुसार खुला प्रतिस्पर्धा गर्दा ठेकेदारहरूले अनुमानित लागतभन्दा ४० प्रतिशतसम्म कम रकम कबोल गरी ठेक्का लिएर काम गर्ने गर्छन् तर सरकारी कम्पनीमार्फत १० प्रतिशत कम रकममा ठेकेदारले उपठेक्का पाउँदा बढी नाफा हुने भएकाले त्यसैमा ठूलो चलखेल र लेनदेन हुन्छ । **बाँकी पृष्ठ १४**

भित्र

नेपाल स्याटेलाइटको अनुमतिपत्र खारेज

नेकपा सचिवालयमा एक्लिए नेता नेपाल

विवादास्पद न्यायाधीश अधिकारीद्वारा राजीनामा

राजनीतिक दललाई अनुदान दिने कानुन बन्दै

भर्ती केन्द्र बन्यो लुम्बिनी विकास कोष

गजब छ बा !

- अविन -

तपैं नि यै पार्टीको ? अनि कतातिरको नि ?... दायाँतिरको कि बायाँतिरको ...कि छायाँतिरको ?

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक | समृद्ध नेपालको लागि

नेपाल-भारत संयुक्त आयोग बैठक भोलि

एजेन्डाहरू पुरानै

कान्तिपुर संवाददाता (काठमाडौं)

परराष्ट्रमन्त्री स्तरमा बुधबार सुरु हुने नेपाल-भारत संयुक्त आयोगको पाँचौं बैठकमा प्रबुद्ध समूह (ईपीजी) ले यसअघि सम्बोधन गरेकै मुद्दा तथा सुझ्झन नसकेका द्विदेशीय सरोकारका विषयमा छलफल हुने भएको छ ।

बैठकमा राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत, संस्कृति-शिक्षासहितका मुख्य एजेन्डामाथि छलफल हुने परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिए । दुईदिने बैठकमा सहभागी हुन भारतीय विदेशमन्त्री एस जयशंकरसहितको प्रतिनिधिमण्डल बुधबार काठमाडौं आउँदै छ ।

'बैठकमा नयाँभन्दा पनि भइरहेकै समस्या र सरोकारका विषयमा बृहत् छलफल हुनेछ,' परराष्ट्रका एक उच्च अधिकारीले कान्तिपुरसँग भने, 'विगतमा नेपाल-भारत प्रबुद्ध समूहले उठाएका एजेन्डा आयोग बैठकमा पनि दोहोरिँदै छन् । विशेषगरी डुवान समस्या, भारतले प्रतिबद्धता जनाएर पूरा नभएका योजना र पञ्चेश्वरजस्ता थाती रहेका परियोजनाको निकासबारे नेपालले धारणा राख्नेछ ।' लामो समयदेखि अल्झेर बसेका परियोजनालाई कि त खारेज गर्ने अथवा योजनामा नयाँ मोडालिटी पहिल्याउन नेपालले प्रस्ताव गर्ने परराष्ट्रमा दक्षिण एसिया मामिला हेर्ने ती अधिकारीले बताए । परराष्ट्र मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्ञवालीले नेपाल-भारतको सहकार्यमा सञ्चालित योजना तथा तिनका प्रगति एवं उपलब्धिबारे आयोग बैठकमा विस्तृतमा छलफल गरिने बताए । 'अहिले नेपाल-भारत समझदारी उच्चस्तरमा छ,' उनले भने, 'मोतिहारी-अमलेखगन्ज रेलवे

राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत मुख्य एजेन्डा

पाइपलाइन, हुलाकी राजमार्ग, एकीकृत चेकपोस्ट (आईसीपी), जनकपुर-जयनगर रेलवेजस्ता योजनाको उपलब्धिमाथि छलफल हुनेछ । अरुण तेस्रो, अपर कर्णाली जलविद्युत् परियोजनालाई तीव्रतासाथ अघि बढाउनेबारे धारणा राख्नेछौं ।' रक्सौल-काठमाडौं रेलवेको प्राविधिक सर्वेक्षण पूरा भइसकेको र यसको विस्तृत परियोजना रिपोर्ट (डीपीआर) बन्ने क्रममा रहेको उनले जानकारी दिए । बैठकमा नारायणी र कोसी नदीको जलमार्गमा मध्यमस्तरका जहाज सञ्चालन हुनेबारे तयारी तथा प्रस्तावनामा छलफल हुँदै छ । बैठकमा प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदन बुझ्न र कार्यान्वयन तहमा अघि बढ्नसमेत समकक्षी जयशंकरसँग कुरा राखिने मन्त्री ज्ञवालीले बताए । प्रबुद्ध समूहले एक वर्षअघि तयार गरेको प्रतिवेदन भारत सरकारले अझैसम्म नबुझ्दा यसको कार्यान्वयन 'अर्थहीन' बनेको छ ।

'लामो समयदेखि अल्झिएका योजनाबारे पुनरावलोकन गर्नुपर्छ भनेर दुवै देशको तहमा समझदारी बनेको छ,' उनले भने, 'कुनै विषय छ र अघि बढ्न सकेको छैन भने त्यसलाई 'रिभ्यु' गर्न सकिन्छ । अब कार्यान्वयनमा लागौं भन्ने हो ।' नेपाल-भारत समस्या एवं सरोकार सम्बोधनमा मन्त्रीस्तरीय संयन्त्र बैठकमा भाग लिन आउने भारतीय विदेशमन्त्री जयशंकर यसअघि विदेश सचिवका रूपमा सेवारत थिए । नेपालमा संविधान जारी हुनुअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका 'विशेषदूत' भएर काठमाडौं आएका जयशंकरले 'सबै पक्षको सहमति नजुटाई संविधान जारी नगर्न दिएको सुझाव' का कारण उनको छवि विवादित बनेको थियो ।

बाँकी पृष्ठ १४

सामाजिक सञ्जालमा फैलँदै घृणा, आक्रोश र अफवाह
पृष्ठ २

कलिलैमा बिहेले कानुनी झमेला

■ **बिनु तिम्सिना** (विराटनगर)

● ९ महिनाअघि मोरङको रंगेली नगरपालिकाका १७ वर्षीया एक किशोरी र १९ वर्षीय एक किशोर गाउँबाट हराए । गाउँमा खैलाबैला मच्चियो । किशोरीका आमाबुबाले इलाका प्रहरी कार्यालयमा छोरी हराएको भन्दै निवेदन दिए । प्रहरीले दुवैलाई एकै स्थानबाट फेला पाऱ्यो । लामो समयदेखि प्रेम सम्बन्धमा रहेका उनीहरू सँगै भागेका थिए । कानुनत: २० वर्ष नपुगी विवाह गर्न नमिल्ने भएकाले प्रहरीले दुवैलाई आ-आफ्नो अभिभावकको जिम्मा लगायो । तर केही दिनपछि

किशोरीका आमाबुबाले किशोरविरुद्ध जबर्जस्ती करणीको मुद्दा दर्ता गराए । किशोर पक्राउ परे । अदालतबाट धरौटीमा छुट्टेपछि दुवै किशोरकिशोरी भागेर भारत गए ।

● विराटनगर महानगरपालिकाका १८ वर्षीया किशोरी र २१ वर्षीय युवा एक महिनाअघि हराए । परिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गरायो । प्रहरीले खोजतलास गर्दा उनीहरू सँगै बसेको फेला पऱ्यो । किशोरीको उमेर २० वर्ष पूरा नपुगेकाले उनीहरूलाई पनि छुटाएर प्रहरीले आफ्नो अभिभावकको जिम्मा लगायो ।

बाँकी पृष्ठ १४

HUAWEI

Y9 Prime 2019

HUAWEI Ultra FullView Display
Auto Pop-Up Camera

Rs. 29,990/-

HOT SALE

Product pictures and display contents on the page are provided for reference only. Actual product features and specifications (including but not limited to appearance, colour, and size), as well as actual display contents (including but not limited to backgrounds, UI, and icons) may vary.

Call Mobility

Authorized Sole Distributor:
Call Mobility Pvt. Ltd.
Tel: 01-4240886
E-mail: marketing@callmobility.com.np
TRADE ENQUIRY NO. 9801248055

Authorized Showrooms: OLA Electronics, Near Tamrakar Complex, Pako Newroad, Ph. No.: 01-4220758, Mob: 9801248177 | Next to Peoples Plaza, Pako, Newroad, Ph. No: 01-4269092

Authorized Service Centers: OLA Electronics Pvt. Ltd., 5th Floor, CTC Mall, Sundhara, Kathmandu, Ph. No.: 01-4218084 | 6th Floor, Tamrakar Complex, Pako, Newroad, Ph No. 01-4252193, 01-4249803 | Narayanghat Service Center (KL Mall, Lions Chowk) Ph. No: 9803571355 | Itahari: Dharan Road, Opposite Gorkha Dept Store Ph. No: 9801248193

WARRANTY: 1 YEAR ON MOBILE PHONE | 6 MONTHS ON BATTERY

FOR SERVICE ENQUIRY: TOLL FREE 16600107107

महिनैपिच्छे बिग्रन्छ बिजुली

मुगुको गमगाढ साना जलविद्युत् आयोजनाको पावरहाउस ।

तस्विर : राजबहादुर/कान्तिपुर

■ **राजबहादुर शाही** (मुगु)

गमगाढ साना जलविद्युत् आयोजना महिनैपिच्छे बिग्रन थालेपछि जनजीवन प्रभावित हुन थालेको छ । नहरबाट पानी चुहिने, उपकरण बिग्रने, पहिरो जानेलगायत समस्याले विद्युत् सेवा पटक पटक अवरुद्ध हुन थालेपछि स्थानीय पीडित भएका छन् ।

जेठ पहिलो साता पावरहाउसमा जडान गरिएको मेसिन बिग्रिएपछि स्थानीयले सातासम्म बिजुली बाल्न पाएनन् । मर्मत गरी विद्युत सुचारु भएको एक महिना नपुग्दै असार दोस्रो साता पहिरोले नहर भत्क्यो । पहिरोले २ सातासम्म विद्युत् आपूर्ति बन्द भएको आयोजनाको मुहान शनिबार बाढीले बगाएको छ । मुहान र ट्यांकी बगाउँदा सदरमुकाम अन्धकार छ । विद्युत् अनिश्चित बनेपछि स्थानीय बासिन्दा टुकीको भरमा रात कटाउन बाध्य छन् ।

'बत्तीले साह्रै दुःख दिन थाल्यो,' स्थानीय दिनेश श्रेष्ठले भने, 'महिना-महिनामा बिग्रँदा पनि स्थानीय सरकार मौन छ ।' महिनाभरि बिजुली नबाले पनि महसुल तिर्नैपर्ने बाध्यता रहेको उनले गुनासो गरे । उनका अनुसार बत्ती नबाले पनि २० युनिटसम्मको प्रतियुनिट ३ र २१ देखि ४० युनिटसम्मको ४ रुपैयाँका दरले महसुल तिर्नुपर्ने बाध्यता छ । अनियमित विद्युतका कारण गमगढीमा सञ्चालित ३ रेडियोको प्रशारण अवरुद्ध हुँदै आएको छ । विद्युतको भरपर्दो व्यवस्था नहुँदा व्यवसायी समस्यामा परेको उद्योग वाणिज्य संघका अध्यक्ष कमल बुढाले बताए । उनले केन्द्रीय प्रशारण लाइन जोड्न र वैकल्पिक जलविद्युतको व्यवस्था गर्न माग गरिए पनि सरकारले बेवास्ता गरिरहेको उनको आरोप छ । 'पटकपटक बिजुली जाँदा अधिकांशको व्यवसाय चौपट हुन थालेको छ,' उनले भने, 'घरेलु तथा साना उद्योगीलाई विद्युत् समस्याकै कारण परिवार पाल्न समस्या भइरहेको छ ।' गमगढी बजार क्षेत्रका मासु पसल, डेरी, पाउरोटी र चाउमिनलगायत उद्योग विद्युत् अवरुद्ध हुँदा बन्द भएका छन् । त्यस्तै कम्प्युटर इन्स्टिच्युट, इलेक्ट्रोनिक व्यवसायी र फोटो स्टुडियो सञ्चालक बढी समस्यामा परेको उनको भनाइ छ ।

बाढीका कारण अवरुद्ध विद्युत् सुचारु गर्न कम्तिमा २ साता लाग्ने आयोजना प्रमुख पुष्कर सुनारले बताए । उनका अनुसार मुहानमा डोजर लगाइ मर्मत गर्ने आयोजनाको तयारी छ । २०६८ मा निर्माण गरिएको आयोजनामार्फत सदरमुकाम गमगढी र आसपासका गाउँमा विद्युत् सुविधा पुऱ्याइएको छ । करिब ४ सय किलोवाट क्षमताको आयोजनामार्फत २ हजार ३ सय घरधुरीमा विद्युत् सुविधा पुऱ्याइएको आयोजना प्रमुख सुनारले जानकारी दिए । पावरहाउसमा जडान गरिएका २ मेसिनमध्ये एउटाले मात्र विद्युत् प्रवाह गर्दै आएको उपभोक्ता समितिले जनाएको छ । अर्को मेसिन २ वर्षअघि नै बिग्रिएकाले समस्या भएको सुनारको भनाइ छ ।

बिजुली नहुँदा सरकारी कार्यालय, गैरसरकारी संघ-संस्था, बैंकलगायत वित्तीय संस्थाको काम प्रभावित हुने गरेको छ । गमगढीमा विद्युत् अवरुद्ध भएको मौका छोपी केही व्यवसायीले जेनेरेटर सञ्चालन गरी महँगोमा सेवा दिन थालेका छन् । एकप्रति फोटोकपीको २०, मोबाइल चार्जको ५० र ल्यापटप चार्ज गरेबापत सय रुपैयाँसम्म असुल्ने गरिएको स्थानीयको गुनासो छ । विद्युत् नहुँदा जिल्ला अस्पतालको उपचार पनि प्रभावित भइरहेको छ । अस्पतालका अनुसार भिडियो एक्सरे, एक्सरे, प्रयोगशाला परीक्षणलगायत सेवा प्रभावित भएका हुन् ।

पटकपटक विद्युत् अवरुद्ध हुन थालेपछि आयोजनाको विकल्पको खोजी गर्न थालिएको छायानाथरारा नगर प्रमुख हरिजंग शाहीले बताए । उनका अनुसार शोभा, गम र बाम खोलाबाट १ मेगावाट विद्युत् उत्पादन गर्ने कार्ययोजना अघि सारिएको छ । 'त्यसको सम्भाव्यता अध्ययनका लागि छिट्टै प्राविधिक टोली खटाइनेछ,' उनले भने, 'गमगाढको विकल्पमा विद्युत् योजना निर्माण गर्न प्रदेश र संघीय सरकारको सहयोग मागिनेछ ।'

बाँझो जग्गामा घाँस

घाँस गोडमेल गर्दै शारदा नगरपालिका ५, रानीकोटका कृषक कमलप्रसाद उपाध्याय ।

तस्विर : विप्लव/कान्तिपुर

■ **विप्लव महर्जन** (सल्यान)

शारदा नगरपालिका ५, रानीकोटका आनन्द शाहीको घर नजिकैको पाखो ५ वर्षदेखि बाँझो थियो । खेतीयोग्य जग्गा बाँझिँदै गएपछि र अन्नबालीको उत्पादन बर्सेनि घटदै गएपछि उनले बाँझो जग्गामा घाँस खेती सुरु गरेका छन् । छिमेकी कमला बुढाथोकीको बाँझो बारीमा पनि अहिले घाँस फस्टाइरहेको छ ।

उनीहरू मात्र होइन, राष्ट्रिय कृषि विकास समूहमा आबद्ध २५ स्थानीयले ५ सय रोपनी बाँझो जग्गामा सामूहिक घाँसखेती थालेका हुन् । व्यावसायिक रूपमै सुपर नेपियर, बदामे, स्टाइलो, भिमल, कोइरालो, बकाइनोलगायत जातको उन्नत घाँस खेती सुरु गरिएपछि आम्दानी बढ्ने स्थानीयको अपेक्षा छ । केही परिवारले अन्नबाली लगाउने जग्गामा समेत घाँसखेती सुरु गरेको बुढाथोकीले बताइन् । आसपासका गाउँमा व्यावसायिक घाँसखेती सफल भएपछि उनीहरू सामूहिक घाँसखेती गर्ने निर्णयमा पुगेका हुन् ।

२५ घरधुरीले १०/१० हजार रुपैयाँ संकलन र १५ दिन श्रमदान गरी सामूहिक घाँसखेती थालेका हुन् । घरघरमा बाखापालन गर्ने र विभिन्न जातका घाँसको अनुसन्धान केन्द्र बनाउने उनीहरूको लक्ष्य छ ।

व्यावसायिक र दीर्घकालीन सोचका साथ घाँसखेती गरिएको कृषि फार्म व्यवस्थापन समिति अध्यक्ष कमलप्रसाद उपाध्यायले बताए । 'घाँसखेती गर्दा खाली जग्गाको सदुपयोग हुनुका साथै पशुपालनको अवसर सिर्जना भएको छ,' उनले भने, 'घाँसबाटै सबै घरधुरीलाई आत्मनिर्भर बनाउने हाम्रो योजना हो ।' सामूहिक रुपमा काम गर्दा सामाजिक एकता र सद्भावमा टेवा पुगेको उनी बताउँछन् । जंगलमा परिणत हुन थालेको जग्गालाई व्यावसायिक घाँसखेतीमार्फत उत्पादनशील बनाउन खोजिएको स्थानीय सुमित्रा शाहीले बताइन् ।

'भर्खर घाँसका बेर्ना लगाएका छौं, उत्पादन दिन त केही समय लाग्ला,' उनले भनिन्, 'आसपासका क्षेत्रमा घाँसखेती सफल बन्दै गएपछि हामी पनि व्यावसायिक बनेका हौं, घाँसबाटै आत्मनिर्भर बन्ने हाम्रो योजना छ ।' उनका अनुसार सुरुमै घाँसखेती सप्रिएकाले किसान हौसिएका छन् । उनले बर्सेनि घाँसखेतीको विस्तार गर्ने समूहको योजना सुनाइन् ।

नेपाल इन्भेस्टमेन्ट बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष खगेन्द्र शाहीले ५ सय रोपनीमा सुरु गरिएको घाँसखेतीबाट यो वर्ष करिब १२ लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखिएको जनाए । उनका अनुसार कृषकलाई व्यावसायिक पशुपालनमा अग्रसर बनाउन पनि घाँसखेती सुरु गरिएको हो । 'परम्परागत रुपमै यहाँका कृषकले २ सय बढी बाखा पालेका छौं, घाँस र प्राविधि ज्ञानको अभावमा व्यावसायिक बनाउन सकेका थिएनौं,' उनले भने, 'घाँसको उत्पादन सुरु भएपछि बाखापालनलाई पनि व्यवस्थित र व्यावसायिक बनाइनेछ ।' घरघरमा व्यावसायिक बाखापालन सुरु भएपछि अधिकांश घाँस गाउँमै खपत हुने र बाँकी घाँस नजिकैका व्यापारिक केन्द्रमा पुऱ्याएर बिक्री गर्ने योजना रहेको उनको भनाइ छ ।

वर्षा र हिमपातले सप्रियो तरकारी

हुम्ला (कास)- अनुकूल वर्षा र हिमपातका कारण जिल्लामा तरकारी सप्रिएको छ । बर्सेनि खेती फस्टाउन थालेपछि वर्षायाममा स्थानीय तरकारीले नै सदरमुकाम सिमकोटको माग धान्न थालेको छ । जिल्ला कृषि ज्ञान केन्द्रका अनुसार पछिल्लो समय तरकारी उत्पादन राम्रो हुन थालेपछि व्यावसायिक किसान बढदै गएका छन् । समुद्र सतहदेखि ३ हजार मिटर उचाइको सिमकोट आसपासको क्षेत्र तरकारीले हरियो देखिन थालेको छ । सिमकोटका किसानले गोलभेडा, टमाटर, खुर्सानी, मुला, गाँजरलगायत तरकारी फलाउने गरेका हुन् ।

सिमकोट ५ का धर्मराज रोकायाका अनुसार कृषकले भान्टा, गोलभेडा, फर्सी, खुर्सानीलगायत तरकारी फलाउन थालेपछि सदरमुकाममा तरकारीको भाउ सस्तो हुन थालेको छ । '६/७ वर्षअघिसम्म बाहिरकै तरकारीमा निर्भर थियौं, जिल्लामा आलु मात्र उत्पादन हुन्थ्यो,' उनले भने, 'महँगो मूल्यमा जहाजमार्फत ढुवानी गरेर ल्याएको तरकारी खान बाध्य थियौं, अहिले वर्षायामको ५ महिनाको माग स्थानीय तरकारीले नै धानिरहेको छ ।'

सिमकोट ३, लाडुकी कारसाङमा लामाले बारीमा पहाड र तराईमा फल्ने विभिन्न जातका तरकारी खेती गर्दै आएको बताइन् । तरकारी खेतीले मनग्गे आम्दानी हुन थालेको उनको भनाइ छ ।

१७ वर्षपछि पुलको ठेक्का

■ **हरि गौतम** (रुकुम पश्चिम)

राप्ती लोकमार्गको ट्रयाक खुलेको १७ वर्षपछि पुल निर्माणका लागि ठेक्का लागेको छ । राप्ती लोकमार्गअन्तर्गत मुसीकोट नगरपालिका १२, मा रहेको पितिबाङ खोलामा मोटरेबल पुल बनाउन ठेक्का लागेको हो ।

राप्ती लोकमार्गमा हरेक वर्षाको समयमा यात्रुले सबैभन्दा बढी दुःख पाउने खोला यही हो । जिल्ला बाहिरिने तथा भित्रिने अर्को विकल्प नहुँदा यात्रुले बर्सेनि सास्ती भोग्नुपर्छ । वर्षामा आउने बाढीले दैनिक सयौं मालवाहक तथा यात्रुवाहक सवारीसाधनले समस्या व्यहोर्दै आएका हुन् । सडक डिभिजन कार्यालय, चौरजहारीले पुल निर्माणका लागि ठेक्का लगाइसकेको जनाएको छ । डिभिजन प्रमुख नरेन्द्र भट्टका अनुसार २ वर्षमा पुल निर्माण गर्नेगरी ५ करोड २८ लाख रुपैयाँमा ठेकेदार कम्पनीलाई जिम्मा दिइएको हो । संरक्षण निर्माण सेवासँग २०७८ वैशाख ८ गतेभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको उनले जानकारी दिए ।

अधिल्लो वर्षको बर्खामा रुकुम पश्चिम मुसीकोट नगरपालिका १२, पितिबाङ खोलामा बोकेर मोटरसाइकल तार्दै स्थानीय युवा । *फाइल तस्विर : हरि/कान्तिपुर*

गत वर्ष खोला बढेका कारण स्थानीय युवाले मोटरसाइकल तथा मान्छे बोकेर खोला वारपार गराउने गरेका थिए । नगद रकम लिएर जोखिम मोल्दै युवाले स्थानीय तथा सवारी साधनलाई वारपार गराएका थिए । २ महिनासम्म सवारी बोकेका युवाले उनीहरूबाट ज्यालाबापत ७ लाख रुपैयाँ आम्दानी गरेका थिए । 'मान्छे अलपत्र हुन्थे जोखिम मोलेरै भए पनि मान्छे र मोटरसाइकल तारियो,' स्थानीय युवा पहलवहादुर पुनले भने, 'यात्रुको काम पनि हुने आम्दानी पनि हुने भएपछि अघिल्लो वर्ष खोला तार्ने काम गरियो ।'

यस वर्ष भने सडक डिभिजनले खोलामा 'कजवे' निर्माण गरेपछि आउजाउ सजिलो बनेको छ । केही हचुम पाइप हालेर कजवे बनाइएको छ । 'पितिबाङमा यात्रुले दुःख पाउने दिन अब सकिए,' डिभिजन प्रमुख नरेन्द्र भट्टले भने, 'यो वर्ष बनाएको कजवेले यो वर्षा र २०७७ को वर्षा कटाउला ।' २०७८ को वर्षामा पुल बनिसक्ने उनको दाबी छ । पुल नबनेकै कारण यात्रुले दुःख पाएको गुनासो गरेपछि आफू आउनर्वित्तिकै पुल निर्माणको लागि ठेक्का प्रक्रिया अघि बढाएको उनी बताउँछन् ।

बुरालमष्टमा भक्तजन

रुकुम पश्चिम (कास)- वर्षमा ४ पटक बलीसहित पूजा गरिने बुरालमष्ट मन्दिरमा बर्सेनि भक्तजन बढेका छन् । जिल्लाकै पुरानो मानिने मन्दिरमा भक्तजनको आगमन बढेसँगै लगानी पनि बढेको छ । यहाँ १९९४ देखि पूजापाठ हुन थालेको हो । वैशाख, साउन, कात्तिक र माघको पूर्णिमाको दिन हुने ठूलो मेलासहित मन्दिरमा पूजा हुन्छ । व्यवस्थापन समितिले मन्दिर, पर्खाल निर्माणलगायतमा विभिन्न स्थानबाट लगानी खोजिएको जनाएको छ । गत आवमा सहरी विकास मन्त्रालयअन्तर्गत संघीय आयोजना कार्यान्वनय एकाइबाट बजेट आएपछि मन्दिर क्षेत्र व्यवस्थित बनाइएको हो ।

यसअघिको मन्दिर पुरानो र जीर्ण भएपछि नयाँ मन्दिर बनाइएको बुडुमष्ट क्षेत्र विकास समिति अध्यक्ष वीरबहादुर केसीले बताए । उनका अनुसार यस अघिका वर्षमा करिब १० लाख बजेटबाट विभिन्न काम गरिएको उनको भनाइ छ ।

मन्दिरमा सोमबार र बिहीबारबाहेक अरू बारमा नियमित पूजापाठ हुने संरक्षक धुवराज केसीले बताए । वैशाखको बुद्ध पूर्णिमा, साउनको जनै पूर्णिमा, कात्तिक र माघको पूर्णिमाको दिन मन्दिरमा ठूलो मेला लाग्ने उनको भनाइ छ । मन्दिरमा रुकुम पश्चिमसहित रुकुम पूर्व, सल्यान, रोल्पा, जाजरकोट र सुर्खेतका भक्तजन आउने गरेको बुडुमष्ट क्षेत्र विकास कोषका सचिव सुकराम देवकोटाले बताए ।

३३ कर्मचारी अनुपस्थित

सल्यान (कास)- स्थानीय प्रशासनले जिल्लाका ११ सरकारी कार्यालयको छड्के निरीक्षणका क्रममा ३३ कर्मचारी अनुपस्थित रहेको भेटाएको छ । कार्यालयमा कर्मचारीको उपस्थिति, सेवाप्रवाहको स्थितिलगायत विषयमा प्रशासनले छडके अनुगमन गरेको हो । जिल्ला प्रशासनका अनुसार अनुगमन गरिएका कार्यालयमा १ सय ४ जनाको दरबन्दी रहे पनि ८१ कर्मचारी मात्र भेटिएका थिए ।

चट्याङ लागेर ९ घाइते

रुकुम पश्चिम (कास)- चट्याङ लागेर सानीभेरी गाउँपालिकामा ९ जना घाइते भएका छन् । आइतबार दिउँसो सानीभेरी गाउँपालिका ८, आमडाँडाका इन्द्रबहादुर ओलीको घरमा परेको चट्याङ लागेर ५ सख्त र ४ जना सामान्य घाइते भएका हुन् । चट्याङ लागेर ३२ वर्षीया कौशिला ओली, २७ वर्षीय सुशील बुढाथोकी, ३० वर्षीय भुपुलाल बीसी, ३२ वर्षीय गोवर्द्धन ओली र २१ वर्षीया रमिता ओली घाइते भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उनीहरू सबैको अवस्था चिन्ताजनक छ । चौरजहारी अस्पतालमा प्राथमिक उपचारपछि उनीहरूलाई थप उपचारका लागि नेपालगन्ज पठाइएको डीएसपी सुमित खडकाले बताए ।

घटेन लैंगिक विभेद

सुर्खेत (कास)- कर्णाली प्रदेशमा बालबालिकाको अवस्था दयनीय भएको एक कार्यक्रमका सहभागीले जनाएका छन् । संयुक्त राष्ट्र संघमा आगामी वर्ष हुने बालबालिकासम्बन्धी आवधिक समीक्षाका लागि कर्णाली प्रदेशस्तरीय सुझाव संकलनमा कर्णालीका बालबालिका जोखिममा रहेको जानकारी दिइयो । बालविवाह, बालश्रम, बालबालिकाको अवैध ओसारपसार र बेचविखन, लैंगिक विभेदलगायत समस्या कर्णालीमा घट्न नसकेको सरोकारवालाको भनाइ छ ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको आयोजनामा सुरु २ दिने कार्यशालामा सुर्खेत, दैलेख, कालीकोट, जुम्ला, जाजरकोट, रुकुम र सल्यानका बालअधिकारकर्मीको सहभागिता छ ।

भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७६/०७७ को लागी CTEVT बाट लिईएको प्रमाणपत्र तहको प्रवेश परिक्षामा उत्तिर्ण भई आफुले प्रवेश परिक्षा दिएको संस्थामा भर्ना नपाएका विद्यार्थीहरुले PCL in Lab Technician र PCL in Diagnostic Radiography पढ्न चाहेमा तुरुन्त सम्पर्क गरौं ।

सिट सिमित छ ।

सम्पर्क

कैलपाल हस्पिटल एण्ड कलेज

नेपालगन्ज–१०, बाँके

फोन नं. : ०८१-५२१०१७, ५२६२७५, ९८५८०२४६४८







तपाईको आज

मेष	कान्ति क्षय	तुला	डर चिन्ता
वृष	कार्य सफल	वृश्चिक	वादविवादमा सफल
मिथुन	मिष्ठान्न भोजन	धनु	खटपट
कर्कट	पुण्य आर्जन	मकर	पराक्रम बढ्ने
सिंह	नैरश्यता	कुम्भ	धन आर्जन
कन्या	नविन मित्र बन्ने	मीन	पदोन्नति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र ४ गते बुधबार तदनुरुप २१ अगस्ट २०१९ भाद्र कृष्णपक्ष षष्ठि तिथि रात्रिको २:४२ बजेसम्म उप्रान्त सप्तमी तिथी, अश्विनी नक्षत्र रात्रिको १० बजेसम्म उप्रान्त भरणी नक्षत्र, गण्ड योग दिनको ३:३५ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको २:१४ बजेसम्म उप्रान्त वणिज करण, मेष राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँग (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	मंगलम (लाइभ)
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	चू ध्यड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर न्युज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट १)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	मंगलम (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बहस र परामर्श (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धलिसा)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	गृह श्रृंगार (सुजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	कान्तिपुर म्याच (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:००	पुनर्निर्माण
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रियंका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	लाउड (रेमन)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (अुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरू (दृष्टि अर्चाल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३५०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१११९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२४८
जिल्ला प्रशासन कार्यालय	५२१२०२

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१४००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५४०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२४८/५२३४८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२११०८/५२२४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८४८४४०१९९/४२०२०४
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५५४०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९९

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-अस्पताल-एम्बुलेन्स	०८९-४३०१३९, ९८५८०४५५५५ ०८९४३०१८८ ९८५५५०४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४४७००२४४

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९७४८९४९६४६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८९४५४८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४७, ०८८५३०१५५
एम्बुलेन्स	९८०८९८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०६३०५९

सोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९९
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२७४४४

सल्यान

प्रहरी	०८८-५२००४०, ९८५७८४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४९२४५/४२४९०२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुलेक एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४०२२९२
देव कर्मर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२४८०८६
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

प्रदेश संसद्को डेढ वर्ष

सिक्दै अघि बढ्दै

जनअपेक्षाअनुरूप सांसदहरूले कार्य गर्न सकेका छैनन्, हालसम्म ३३ वटा विधेयकमात्रै पारित भएका छन्, सातवटा समिति गठन भए पनि केहीमात्र सक्रिय छन् ।

■ **देवनारायण साह** (मोरङ)

प्रदेश १ को संसद्मा आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मत कार्की सांसदहरूले उठाएको प्रश्नको सोमबार जवाफ दिँदै । *तस्बिर : देवनारायण/कान्तिपुर*

प्रदेश १ का सांसद प्रतापप्रकाश हाङगामले प्रदेशसभा बैठकमा बोल्दा सभामुखलगायत उपस्थित मन्त्री, प्रमुख प्रतिपक्षी दलका नेता तथा पत्रकारलाई समेत सम्बोधन गर्छन् । प्रदेशसभाको चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा बोल्दा प्रदेशसभा नियमावली विपरीत यसरी नै सम्बोधन गरी उनले बोलेका थिए । नियमावलीमा प्रदेशसभामा बोल्दा सभामुखलाई मात्रै सम्बोधन गर्नुपर्ने व्यवस्था छ ।

आफूले शून्य समयमा बोलेका विषयमाथि सबैको ध्यानाकर्षण गराउन बैठकमा उपस्थित सबैलाई सम्बोधन गर्दै आएको हाङगामले बताए । उनले नियमावलीमा त्यस्तो व्यवस्था छ भने अब सभामुखलाई मात्रै सम्बोधन गरेर बोल्ने प्रतिबद्धता जनाए । हाङगाम जस्तै अन्य सांसदहरूले पनि नियमावलीमा गरिएको व्यवस्था विपरीतका गतिविधि संसद्मा गर्दै आएका छन् । कतिपय सांसदहरूले संसद्भित्रै सुर्तीजन्य पदार्थसमेत सेवन गर्ने गरेको पाइएको छ ।

सांसद विमल कार्कीले धेरै सांसद पहिलो पटक संसद्मा प्रतिनिधित्व गरेकाले अनुभवको कमी रहेको बताए । 'अनुभवको कमीले नियमावलीमा व्यवस्था भए विपरीत कार्य पनि अज्ञानमा सांसदबाट हुन गएको छ,' उनले भने, 'सांसदलाई प्रभावकारी रूपमा तालिम, अध्ययनका लागि पुस्तकालय, अवलोकन भ्रमणको व्यवस्था हुनु आवश्यक छ ।'

'विधेयक, ऐन, नियम बनाउनमा प्रदेशसभा अगाडि छ तर भौतिक संरचनामा कमजोर छ,' कार्कीले भने, 'विधेयक निर्माणमा हामी सांसदहरू परिपक्व बन्दै गएका छौं, सदनमा प्रस्तुत भएका विधेयकमाथि व्यापक छलफल गर्ने, समितिमा लगेर दफाबार छलफल गर्ने, संशोधन प्रस्ताव दर्ता गराउने र त्योसहित पारित हुनेसम्मको अभ्यास गर्न थालेका छौं ।'

संविधानसभा सदस्यको अनुभव बोकेका प्रतिपक्षी दल संघीय समाजवादीका नेता जयराम यादवले संसद्लाई मर्यादित बनाउन सरकारले खासै चासो नदिएको गुनासो पोखे । 'प्रदेश सरकारका मन्त्रीहरूले संसद्मा उपस्थित भएर सांसदले उठाएका विषयहरू सुन्ने र त्यसको समयमा जवाफ दिएर संसद्को मर्यादा बढाउनुपर्छ,' उनले भने, 'सांसदले उठाएका सवालको सरकारले गम्भीरतापूर्वक कार्यान्वयनमा समेत चासो लिनुपर्ने हो तर त्यस्तो हुन सकेको छैन ।'

यादवले चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा प्रदेश सरकारका दुई जना मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएको बारेमा सदनलाई जानकारी गराउन ध्यानाकर्षण गराएका थिए । प्रदेशसभाको ३३ औं बठक सम्पन्न भइसक्दा पनि सरकारले मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएकोबारे जानकारी गराएनन् ।

विदेश भ्रमण जानुअघि पनि संसदीय व्यवस्था विपरीत सरकारले संसद्लाई जानकारी दिएका थिएन । आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङबो, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीश कुसियैत, सांसद बिन्दिया कार्कीलगायत चीन भ्रमणमा गएका थिए ।

पहिलो संविधानसभा सदस्यको अनुभवसहित प्रदेशसभा सदस्य भएकी नवोदिता चौधरीले प्रदेशसभा नयाँ संरचना भएको र धेरै सांसदहरू अनुभवहीन भएकाले केही कमीकमजोरी हुने गरेको तर सबै जना सिक्दै र सुधार गर्दै अघि बढिरहेको बताइन् । 'संविधानसभामा एकजना सांसदले पूरै संविधानसभालाई नियन्त्रण गर्न सक्ने हैसियत राख्द थियो तर यहाँ प्रदेशसभामा त्यस्तो हैसियत देखाउन सक्ने सांसदको अभाव छ,' उनले भनिन्, 'संविधानसभामा अनुभवी सांसदहरू भएको र ऐन, नियमहरूबारे निकै धेरै दख्खल राख्ने गरेको पाएका थियौं तर यहाँ त्यस्तो अवस्था छैन ।'

दुई तिहाइको सरकार भएकोले संसद्मा सांसदहरूले बोलेको र उठाएका सवालहरूबारे सरकारले खासै चासो नदिंदा संसद् प्रभावकारी रूपमा अघि बढ्न नसकेको उनको भनाइ थियो । संसदीय समितिहरूले पनि प्रभावकारी रूपमा काम गर्न सकेको छैन । गत चैत २२ मा नेतृत्व पाएका संसदीय समितिहरूले हालसम्म प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन ।

सार्वजनिक लेखा समिति सभापति शिवनारायण गनगाईले चैत २२ मा नेतृत्व पाएपछि समितिको काम अघि बढाएको बताए । यस्तै, न्याय प्रशासन तथा विधायन समिति, अर्थ समिति, सामाजिक विकास समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक स्रोत तथा पूर्वाधार समितिले पनि कामकाज सुरु गरिरहेकै अवस्था छ । अर्थ समितिका सभापति मोहनकुमार खड्काले संसद्मा समितिको वार्षिक प्रतिवेदन पेस गरेका थिए । प्रतिवेदनमा काम गर्न सुरु गरेको मात्रै देखियो ।

सामाजिक विकास समितिका सभापति सरिता थापाले हालसम्म आफ्नो नेतृत्वमा २० वटाभन्दा बढी बैठक बसेर विधेयक, डेंगु, खेलकुदलगायतको विषयमा निर्णयहरू गरेको बताइन् । उनले हालसम्म मन्त्रालयहरूको कामकाजको अनुगमन गर्न नसकेको बताइन् । समितिले विराटनगरस्थित बैजनाथपुर क्रिकेट रंगशाला र मुख्यमन्त्री कप फुटबल लिगमा भएका अनियमितताका बारेमा सामाजिक विकासमन्त्री जीवन घिमिरेलाई बोलाई छानबिन छालेको छ ।

उद्योग, पर्यटन तथा वातावरण समिति सभापति सीता थेवेले समितिको ९ वटा बैठक बसेर विधेयकहरूको छलफल र सरकारले गरेको कामको प्रगति र वार्षिक कार्यक्रम माग्ने काम मात्रै गरेको बताइन् । संसद्मा प्रमुख प्रतिपक्षी दलले पनि प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । संसद्मा सांसदहरूले उठाएको आवाजको कार्यान्वयन नभइरहेको बारेमा समेत प्रमुख प्रतिपक्षी दलले रचनात्मक भूमिका निर्वाह गर्न सकेको छैन । संसद्लाई सरकारले नियन्त्रण गरेर अघि बढाइरहेको छ तर प्रमुख प्रतिपक्षी दल मौन बसेको छ ।

प्रमुख प्रतिपक्षी दल कांग्रेसका नेता राजीव कोइरालाले प्रमुख प्रतिपक्षी दलले अपेक्षा गरे बमोजिमको प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको स्विकारे । उनले प्रदेश सभालाई सरकारले नियन्त्रण गर्न खोजेको अवस्था रहेको बताए ।

प्रदेशसभालाई सरकारको नियन्त्रण बाहिर राख्न सबैको भूमिका आवश्यक रहेको उनको भनाइ थियो । प्रमुख प्रतिपक्षी दलले संसद्मा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव टेबल गरेको थियो । प्रस्ताव टेबल गरेकै दिन छलफल गराउने संसदीय व्यवस्थाविपरीत एक दिन पछि सरकारलाई प्रतिरक्षाको तयारी गर्न समय दिएर मात्रै संसद्मा छलफल गराइएको कोइरालाले बताए ।

प्रदेशसभाले पारित गरेका विधेयकहरूको कार्यान्वयनको पाटो कमजोर रहेकाले त्यसको अनुगमन आवश्यक रहेको कोइरालाको भनाइ थियो । 'प्रदेशसभा भवनमा शौचालयको पानी पसेर वर्षायाममा बैठक अवरुद्ध हुँदै आएको तर त्यसको समाधानमा मौन देखिएको छ,' उनले भने, 'यसपालिको वर्षामा पनि शौचालयको सेफ्टी ट्यांक भरिएर सभा भवनमा शौचालयको दुर्गन्धित पानी पसेर ९ दिन बैठक अवरुद्ध भयो ।'

प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारीले अधिकांश सांसदहरू उपस्थित हुने गरेको तर केही सांसदहरू सदनमा बोल्ने क्रममा सभामुख बाहेकका अन्य व्यक्तिलाई पनि सम्बोधन गर्दै आएको उनले स्विकारे ।

'संसद्मा विद्युतीय उपकरणहरू, मोबाइल, कानेखुसी गर्नेलगायतका कार्य निषेध गरिएको छ,' उनले भने, 'अनुशासन कायम गर्ने विषयमा सबै सांसद जिम्मेवार भएर आ-आफ्ना भूमिका निर्वाह गर्दै आएकाले अहिलेसम्म कुनै किसिमको समस्या भएको छैन ।'

सरकार र प्रतिपक्षलाई मिलाएर अघि बढ्दा दुवै पक्षले बेलाबेलामा आशंका व्यक्त गर्दै आएको भण्डारीको भनाइ थियो । 'सरकार र प्रतिपक्ष हाम्रा लागि दुवै महत्त्वपूर्ण भएकाले मिलाएर लगेका छौं,' उनले भने, 'सरकारले प्रतिपक्षलाई र प्रतिपक्षले सरकारलाई प्रभावमा परेको आरोप लगाउने गरेको तर त्यो यथार्थ होइन र यो संस्थाको प्रकृति पनि पक्षपात गर्ने होइन ।'

पहिलो वर्षको पहिलो अधिवेशन सिक्न र अनुभव प्राप्त गर्न लाग्यो तर यहाँसम्म आइपुग्दा हुँदै आएको अभ्यासले निक्कै खारिँदै गएको बताए । 'सांसदहरू सिक्दै अनुभवी हुँदै गएकाले अहिले संसद् चलाउन सहज भएको छ,' उनले भने, 'विधेयकहरूलाई समितिमा सहजीकरण गर्ने विषयमा पनि पहिले अभ्यास थिएन तर अहिले विधेयक समितिमा गइसकेपछि क्रियाशील भएर दफाबार छलफल गर्ने, आवश्यक पर्दा विज्ञहरूसमेत बोलाउन थालिएको छ ।' हालसम्ममा ३३ वटा विधेयक पारित, ३ वटा प्रक्रियामा र ७ वटा दर्ता भएको उनले बताए । संख्यात्मक रूपमा बढी नयाँ सांसदहरू छन् ।

सामान्य विवादमा निर्घात कुटपिट

राजविराज (कास)- सामान्य विवादमा सप्तरीका एकजना निर्घात कुटिएका छन् । राजगढ गाउँपालिका ६ का ४१ वर्षीय महेश्वर साह आफ्नै छिमेकीबाट निर्घात कुटिएका हुन् । कुटपिटबाट गम्भीर घाइते उनको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ ।

साउन ३२ मा विष्णुपुर गाउँपालिका ४ स्थित कनकट्टा नहरको डिल नजिक साहको दरबाजामा छिमेकी दर्पी भनिने अनिरुद्र साह, बालकृष्ण साह, वीरेन्द्र साह, मंगल साह, जगरनाथ साह, बैजनाथ साह, लालोदेवी साह र शिवनाथ साहले बाँसको भाटालगायतले कुटपिट गरेको महेश्वरका छोरा रमेशकुमार साहले बताए ।

महेश्वर र विपक्षी परिवारबीच वर्षौंदेखि मुद्दा चल्दै आएको छ । पछिल्लो समय कुटपिट गर्नेहरूको बाँस झार्गिएर महेश्वरको घरको छानामा परेपछि उनले विष्णुपुर गाउँपालिकाको न्यायिक समितिमा निवेदन दिएका थिए । महेश्वरको निवेदनमा न्यायिक समितिले बाँस काट्नुपर्ने निर्णय गरेपछि साउन ३१ मा प्रहरी समेतको रोहबरमा बाँस काट्न लगाइएको थियो । बाँस काटिएपछि महेश्वरसित विपक्षीहरू चिढिएको महेश्वरका छोरा रमेशले बताए । 'साउन ३२ मा बुवा आफ्नै दरबाजामा भएका बेला विपक्षीहरूले समूह बनाई बाँसको भाटा लगायतले निर्घात कुटपिट गरे,' रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा दिएको जाहेरीमा छ ।

बाँसको भाटाबाट महेश्वरको दाहिने खुट्टा भाँचिएको छ भने आँखा, नाक र कानमा पनि गम्भीर चोट लागेको छ । घाइते भएपछि महेश्वरलाई उनकै परिवारका सदस्यहरूले उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पुऱ्याएका थिए । राजविराजमा उपचार सम्भव नभएपछि विराटनगरको गोल्डेन अस्पताल लगिएकामा त्यहाँबाट पनि रेफर भई अहिले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ । घाइते महेश्वरका छोरा रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा कुटपिट गरी अंगभंग गरेको कसुरमा ८ जना विरुद्ध जाहेरी दिएका छन् । रमेशले विष्णुपुर गाउँपालिका ४ कनकट्टाका आठ जनाविरुद्ध जाहेरी दिएका छन् ।

प्रहरीले विपक्षीमध्ये अनिरुद्र साहलाई नियन्त्रणमा लिएको र अंगभंग मुद्दामा म्याद थप गरेको जनाएको छ । अन्य प्रतिवादीहरूको खोजी कार्य भइरहेको प्रहरीले बतायो । रमेशले मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १४ को दफा १९२ को उपदफा २ को क, ख, ग, छ र ज नम्बरबमोजिमको कसुर गरेकाले मुलुकी अपराध संहिताको दफा १९२ को उपदफा ४ बमोजिम सजाय, उपचार खर्च र क्षतिपूर्ति माग दाबी गरेका छन् ।

स्थानीय तह बेथिति

सम्झौता थोरै, भुक्तानी धेरै

■ **मोहन शाही** (डोटी)

डोटीका स्थानीय तहले मनोमानी रूपमा रकम वितरण गरेको पाइएको छ । कार्यकर्ता, आफन्त र परिवारनिकट रहेकाहरूलाई पोस्न सम्झौताभन्दा बढी रकम भुक्तानी दिने गरेका छन् ।

दिपायल सिलगढी नगरपालिकाले विभिन्न योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिएको फेला परेको छ । पानीखोला तिखाडाँडाबाट भण्डारी जग्गा हुँदै गिरी महराको घरसम्मको सडक, कौढुंगादेखि थमाल्लीसम्म खानेपानी, सिलखोली गाउँदेखि घटाली गाउँ सडक, रातोली पारवरी कुन्जेडी सडक, पनेरभाडदेखि झंकसम्मको बाटो पीसीसी, घोलतडा सेती नदी कटान संरक्षण योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिइएको फेला परेको हो ।

विभिन्न योजनामा सम्झौताभन्दा १ लाख ७५ हजार ३ सय ६१ रुपैयाँ नगरपालिकाले बढी भुक्तानी गरेको छ । आर्थिक वर्ष ०७४/०७५ मा सम्पन्न ती योजनाको नाममा महालेखापरीक्षकको प्रतिवेदनमा समेत बेरुजु देखाइएको छ । 'काट् नुपर्ने कर नकाटेको देखिएकोले पनि केही योजनामा बेरुजु देखिएको हो,' नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भोजराज शर्माले भने, 'केही योजनामा पछि इस्टिमेट उठाउँदा काम बढी गरेको पाइएकाले पनि सम्झौताभन्दा केही रकम बढी गएको हो ।'

पूर्वीचौकी गाउँपालिका पनि यस्तै योजनामा अनियमित रूपमा भुक्तानी गरिएको छ । विभिन्न मेसिनरी सामग्री लागत अनुमान नै नगरी बिल भुक्तानी गरेको, स्वास्थ्य चौकीमा कार्यालय सामग्री खरिद गर्ने भनी सम्झौता गरेकोमा भुक्तानी गर्दा शौचालय निर्माण तथा मोबाइल खरिदका बिल पेस गरेर रकम बुझेको पाइएको छ ।

त्यस्तै कार्यालय सामान भन्दै पूर्वीचौकी गाउँपालिकाले स्लिपिङ ब्याग १५ थान, रेनकोट १५ थान, पावर बैंक २ थान, टर्चलाइट २० थान कोटेसनबाट शेखर ट्रेड एन्ड सप्लायर्सबाट खरिद गरी भुक्तानी दिइएको छ । टर्चलाइटका लागि भने शेखरको कोटेसन भए पनि गौरव इन्टरप्राइजेजबाट खरिद गरिएको छ ।

'ती सामग्री कहाँ छन् र कसले बुझेको हो भन्ने कुरा न कार्यालयमा दाखिला छ, न बुझ्ने व्यक्तिको भर्पाई छ,' महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ, 'कोटेसन र बिलमा मूल्य फरक पारेर पनि औषधि र उपकरण खरिदमा पनि बढी भुक्तानी मेडी डिस्टिब्युटर्सलाई गाउँपालिकाले दिएको छ,' महालेखाले औंल्याएको बेरुजुमा उल्लेख छ ।

सोही गाउँपालिकले पूर्वी तथा पश्चिमी (सिलगढी-साँफेबगर सडक) सीमामा प्रवेशद्वार बनाउने कामको लागत अनुमान तयार गर्दा पिलरको फाउन्डेसन (हात्तीपाइले) कामको दोहोरो इस्टिमेट राखेर १२ लाख ३ हजार ८ सय ९ रुपैयाँ भुक्तानी दिइएको छ । कोल हाल्ने खानेपानी योजनामा सम्झौताभन्दा बढी रकम भुक्तानी दिएको छ भने होमस्टे कार्यक्रमअन्तर्गत होटल व्यवसायी संघलाई सम्झौता नै नगरी सोझै गाउँपालिका र वडा कार्यालयले सामग्री खरिदको बिल पेस गरी भुक्तानी दिएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

शिखर नगरपालिकाको खन्ने खोला सडक, चुडी पनेरादेखि आँखडा ग्रामीण सडकमा नगरको स्वीकृत नर्म्सभन्दा १८ हजार ८ सय ३३ रुपैयाँ भुक्तानी गरेको पाइएको छ । नगरपालिकाले नगरसभाबाटै पारित गरेर नाफामूलक व्यवसाय शिवानी ट्राभल्स एन्ड टुर्स प्रालिलाई च्याफ्ट खरिदका लागि ६ लाख र जिनिअस जेनेरेसन एकेडेमी प्रालिलाई शैक्षिक सामग्रीमा भनेर २ लाख रुपैयाँ नियमविपरीत भुक्तानी भएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

केआईसिंह गाउँपालिकाले पनि अनियमित र हचुवाका भरमा रकम भुक्तानी दिएको पाइएको छ । दुर्गादेवी कृषक महिला सहकारी संस्थाको भवन निर्माणका लागि २ लाख ५० हजार मात्र बजेट विनियोजन गरेकोमा सहकारीलाई ४ लाख १० हजार भुक्तानी दिएको छ ।

NCCS
College of IT & Management
[Affiliated to TU]

ADMISSION OPEN

BHM
BIM BBM
LAST DATE OF CMAT FORM SUBMISSION :
BHADRA 11, 2076
CMAT EXAM :
BHADRA 21, 2076, SATURDAY

BCA
LAST DATE OF FORM SUBMISSION :
BHADRA 20, 2076
ENTRANCE EXAM :
BHADRA 28, 2076, SATURDAY

BSc.CSIT
LAST DATE OF FORM SUBMISSION :
BHADRA 9, 2076 [WITH NORMAL FEE] | BHADRA 16, 2076 [WITH LATE FEE]
ENTRANCE EXAM :
BHADRA 27, 2076, FRIDAY

National College of Computer Studies
Paknajol, Kathmandu | Phone: 4251711, 4228807, 4267866, 4268221
Fax: 4269807 | Email: info@nccs.edu.np | Web: www.nccs.edu.np
ISO 9001:2015 certified

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ गोदावरी | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

अथक परिश्रम
अपार सफलता

130000+
Students enrollment

40000+
compentent & world-class engineers

30000+
Students pursuing engineering couses in Nepal & abroad

PEA's
B.E./B.Arch.
BSc.CSIT Entrance Preparation

25 Years of EXCELLENCE



"विगत २५ वर्षको अनुभव र सर्वोत्कृष्ट नतिजा नै हाम्रो परिचय हो ।"

key to success in life

Since 1994
PEA
Association Pvt. Ltd.

Jaycees Marga, Thapathali, Kathmandu, Tel: 014245730, 4257187, www.pea.edu.np

घरेलु समर्थन
सेन्ट्रल जोन भलिबल । २०

धनगढीमा हरेरी
रमाए थारू समुदाय । १०

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

kantipurdaily.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १८३ गोदावरी | ३ भदौ २०७६ मंगलबार भाद्र कृष्णपक्ष पञ्चमी | नेपाल संवत् ११३९ | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 20, 2019 | पृष्ठ १२+८+२ | १० रुपैयाँ

सडकमै धराप | ललितपुरको पुल्चोकस्थित मन्त्री क्वार्टरतर्फ जाने सडकको पैदलमार्गमा रहेको खाडल । सधैं खुला रहने यो खाडलको डिलसमेत होचो छ, जहाँ हिँडिरहेको व्यक्तिसमेत पर्न सक्ने जोखिम छ ।

तस्बिर : प्रकाशचन्द्र तिमिल्सेना/कान्तिपुर

ब्युँताइयो सरकारी निर्माण कम्पनी

■ **बलराम बानियाँ** (काठमाडौं)

ठूला भौतिक पूर्वाधार निर्माणमा वैधानिक रूपमै आर्थिक चलखेलको जोखिम बढ्ने गरी सरकारले 'नेपाल पूर्वाधार निर्माण कम्पनी' खडा गरेको छ । यसबाट विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर 'कमिसन' खाने वैधानिक बाटो खुल्ने आशंका बढेको छ ।

पञ्चायतकालदेखि २०५८ सालसम्म विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूले नेसनल कन्स्ट्रक्सन कम्पनी अफ नेपाल (एनसीसीएन) मार्फत ठूला भौतिक संरचना निर्माणको काम बिनाप्रतिस्पर्धा आफू नजिकका ठेकेदारलाई दिलाएर गैरकानुनी कमाइ गर्ने गरेका थिए । प्रभावशाली मन्त्रीहरूको प्रस्तावमा सरकारी ठेक्कामा कानुनी रूपमै कमाउ धन्दा चलाउन झन्डै २० वर्षपछि त्यस्तै प्रकृतिको 'नेपाल पूर्वाधार निर्माण कम्पनी' ब्युँताइएको स्रोतले जनायो ।

सरकारले सरकारी स्वामित्वको कम्पनीलाई मन्त्रिपरिषद् निर्णयबाट बिनाप्रतिस्पर्धा सोझै भौतिक पूर्वाधार निर्माण या अरू कुनै पनि ठेक्का दिन पाउने कानुनी व्यवस्था छ । सरकारी कम्पनीले तोकिएको अनुमानित लागत रकममा भौतिक पूर्वाधार निर्माण या कुनै पनि ठेक्का पाउनेछन् । सरकारी कम्पनीले अरू ठेकेदार कम्पनीले जस्तो अनुमानित लागत रकममा घटाघट गरी प्रतिस्पर्धा गर्नु पर्दैन । एनसीसीएनले अनुमानित लागतमा सरकारी पूर्वाधार निर्माणको जिम्मा लिएर १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा ठेकेदारलाई उपठेक्का दिने गर्थ्यो । एनसीसीएनकै ढाँचामा अहिले खोलिएको सरकारी कम्पनीले पनि अनुमानित लागतमा १० प्रतिशत कम रकममा बिनाप्रतिस्पर्धा जुनसुकै ठेकेदारलाई जिम्मा दिएर काम गराउन सक्नेछ । 'पञ्चायतकाल र २०५८ सालसम्म प्रभावशाली मन्त्रीहरूले एनसीसीएनमार्फत आफ्नो स्वार्थसिद्धि गर्ने ठेकेदारलाई बिनाप्रतिस्पर्धा ठेक्का दिएर ठूलो परिमाणमा कमिसन लेनदेन गर्ने प्रवृत्ति फस्टाएको थियो । सरकारले त्यही प्रकृतिको कम्पनीलाई पुनर्जीवन दिएर सरकारी ठेक्कापट्टामा

बिनाप्रतिस्पर्धा सरकारी कम्पनीमार्फत आफ्नो स्वार्थअनुरूप काम गर्ने ठेकेदारलाई ठेक्का दिलाइने आशंका

विकासे मन्त्रालयका प्रभावशाली मन्त्रीहरूलाई फेरि चलखेल गर्ने मौका दिन लागेको छ,' एनसीसीएनमार्फत भएको भ्रष्टाचार देखेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तत्कालीन सचिवले कान्तिपुरसित भने । ती पूर्वसचिवका अनुसार खुला प्रतिस्पर्धा गर्दा ठेकेदारहरूले अनुमानित लागतभन्दा ४० प्रतिशतसम्म कम रकम कबोल गरी ठेक्का लिएर काम गर्ने गर्छन् तर सरकारी कम्पनीमार्फत १० प्रतिशत कम रकममा ठेकेदारले उपठेक्का पाउँदा बढी नाफा हुने भएकाले त्यसैमा ठूलो चलखेल र लेनदेन हुन्छ । **बाँकी पृष्ठ १४**

भित्र

नेपाल स्याटेलाइटको अनुमतिपत्र खारेज

नेकपा सचिवालयमा एक्लिए नेता नेपाल

विवादास्पद न्यायाधीश अधिकारीद्वारा राजीनामा

राजनीतिक दललाई अनुदान दिने कानुन बन्दै

भर्ती केन्द्र बन्यो लुम्बिनी विकास कोष

गजब छ बा !

- अविन -

तपैं नि यै पार्टीको ? अनि कतातिरको नि ?... दायाँतिरको कि बायाँतिरको ...कि छायाँतिरको ?

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक | समृद्ध नेपालको लागि

नेपाल-भारत संयुक्त आयोग बैठक भोलि

एजेन्डाहरू पुरानै

कान्तिपुर संवाददाता (काठमाडौं)

परराष्ट्रमन्त्री स्तरमा बुधबार सुरु हुने नेपाल-भारत संयुक्त आयोगको पाँचौं बैठकमा प्रबुद्ध समूह (ईपीजी) ले यसअघि सम्बोधन गरेकै मुद्दा तथा सुझ्झन नसकेका द्विदेशीय सरोकारका विषयमा छलफल हुने भएको छ ।

बैठकमा राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत, संस्कृति-शिक्षासहितका मुख्य एजेन्डामाथि छलफल हुने परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिए । दुईदिने बैठकमा सहभागी हुन भारतीय विदेशमन्त्री एस जयशंकरसहितको प्रतिनिधिमण्डल बुधबार काठमाडौं आउँदै छ ।

'बैठकमा नयाँभन्दा पनि भइरहेकै समस्या र सरोकारका विषयमा बृहत् छलफल हुनेछ,' परराष्ट्रका एक उच्च अधिकारीले कान्तिपुरसँग भने, 'विगतमा नेपाल-भारत प्रबुद्ध समूहले उठाएका एजेन्डा आयोग बैठकमा पनि दोहोरिँदै छन् । विशेषगरी डुवान समस्या, भारतले प्रतिबद्धता जनाएर पूरा नभएका योजना र पञ्चेश्वरजस्ता थाती रहेका परियोजनाको निकासबारे नेपालले धारणा राख्नेछ ।' लामो समयदेखि अल्झेर बसेका परियोजनालाई कि त खारेज गर्ने अथवा योजनामा नयाँ मोडालिटी पहिल्याउन नेपालले प्रस्ताव गर्ने परराष्ट्रमा दक्षिण एसिया मामिला हेर्ने ती अधिकारीले बताए । परराष्ट्र मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्ञवालीले नेपाल-भारतको सहकार्यमा सञ्चालित योजना तथा तिनका प्रगति एवं उपलब्धिबारे आयोग बैठकमा विस्तृतमा छलफल गरिने बताए । 'अहिले नेपाल-भारत समझदारी उच्चस्तरमा छ,' उनले भने, 'मोतिहारी-अमलेखगन्ज रेलवे

राजनीतिक, सुरक्षा र सीमा, आर्थिक सहयोग र भौतिक पूर्वाधार, व्यापार-पारवहन, ऊर्जा-जलस्रोत मुख्य एजेन्डा

पाइपलाइन, हुलाकी राजमार्ग, एकीकृत चेकपोस्ट (आईसीपी), जनकपुर-जयनगर रेलवेजस्ता योजनाको उपलब्धिमाथि छलफल हुनेछ । अरुण तेस्रो, अपर कर्णाली जलविद्युत् परियोजनालाई तीव्रतासाथ अघि बढाउनेबारे धारणा राख्नेछौं ।' रक्सौल-काठमाडौं रेलवेको प्राविधिक सर्वेक्षण पूरा भइसकेको र यसको विस्तृत परियोजना रिपोर्ट (डीपीआर) बन्ने क्रममा रहेको उनले जानकारी दिए । बैठकमा नारायणी र कोसी नदीको जलमार्गमा मध्यमस्तरका जहाज सञ्चालन हुनेबारे तयारी तथा प्रस्तावनामा छलफल हुँदै छ । बैठकमा प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदन बुझ्न र कार्यान्वयन तहमा अघि बढ्नसमेत समकक्षी जयशंकरसँग कुरा राखिने मन्त्री ज्ञवालीले बताए । प्रबुद्ध समूहले एक वर्षअघि तयार गरेको प्रतिवेदन भारत सरकारले अझैसम्म नबुझ्दा यसको कार्यान्वयन 'अर्थहीन' बनेको छ ।

'लामो समयदेखि अल्झिएका योजनाबारे पुनरावलोकन गर्नुपर्छ भनेर दुवै देशको तहमा समझदारी बनेको छ,' उनले भने, 'कुनै विषय छ र अघि बढ्न सकेको छैन भने त्यसलाई 'रिभ्यु' गर्न सकिन्छ । अब कार्यान्वयनमा लागौं भन्ने हो ।' नेपाल-भारत समस्या एवं सरोकार सम्बोधनमा मन्त्रीस्तरीय संयन्त्र बैठकमा भाग लिन आउने भारतीय विदेशमन्त्री जयशंकर यसअघि विदेश सचिवका रूपमा सेवारत थिए । नेपालमा संविधान जारी हुनुअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका 'विशेषदूत' भएर काठमाडौं आएका जयशंकरले 'सबै पक्षको सहमति नजुटाई संविधान जारी नगर्न दिएको सुझाव' का कारण उनको छवि विवादित बनेको थियो ।

बाँकी पृष्ठ १४

सामाजिक सञ्जालमा फैलँदै घृणा, आक्रोश र अफवाह
पृष्ठ २

कलिलैमा बिहेले कानुनी झमेला

■ **बिनु तिम्सिना** (विराटनगर)

● ९ महिनाअघि मोरङको रंगेली नगरपालिकाका १७ वर्षीया एक किशोरी र १९ वर्षीय एक किशोर गाउँबाट हराए । गाउँमा खैलाबैला मच्चियो । किशोरीका आमाबुबाले इलाका प्रहरी कार्यालयमा छोरी हराएको भन्दै निवेदन दिए । प्रहरीले दुवैलाई एकै स्थानबाट फेला पाऱ्यो । लामो समयदेखि प्रेम सम्बन्धमा रहेका उनीहरू सँगै भागेका थिए । कानुनत: २० वर्ष नपुगी विवाह गर्न नमिल्ने भएकाले प्रहरीले दुवैलाई आ-आफ्नो अभिभावकको जिम्मा लगायो । तर केही दिनपछि

किशोरीका आमाबुबाले किशोरविरुद्ध जबर्जस्ती करणीको मुद्दा दर्ता गराए । किशोर पक्राउ परे । अदालतबाट धरौटीमा छुट्टेपछि दुवै किशोरकिशोरी भागेर भारत गए ।

● विराटनगर महानगरपालिकाका १८ वर्षीया किशोरी र २१ वर्षीय युवा एक महिनाअघि हराए । परिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गरायो । प्रहरीले खोजतलास गर्दा उनीहरू सँगै बसेको फेला पऱ्यो । किशोरीको उमेर २० वर्ष पूरा नपुगेकाले उनीहरूलाई पनि छुटाएर प्रहरीले आफ्नो अभिभावकको जिम्मा लगायो ।

बाँकी पृष्ठ १४

HUAWEI

Y9 Prime 2019

HUAWEI Ultra FullView Display
Auto Pop-Up Camera

Rs. 29,990/-

HOT SALE

Product pictures and display contents on the page are provided for reference only. Actual product features and specifications (including but not limited to appearance, colour, and size), as well as actual display contents (including but not limited to backgrounds, UI, and icons) may vary.

Call Mobility

Authorized Sole Distributor:
Call Mobility Pvt. Ltd.
Tel: 01-4240886
E-mail: marketing@callmobility.com.np
TRADE ENQUIRY NO. 9801248055

Authorized Showrooms: OLA Electronics, Near Tamrakar Complex, Pako Newroad, Ph. No.: 01-4220758, Mob: 9801248177 | Next to Peoples Plaza, Pako, Newroad, Ph. No: 01-4269092

Authorized Service Centers: OLA Electronics Pvt. Ltd., 5th Floor, CTC Mall, Sundhara, Kathmandu, Ph. No.: 01-4218084 | 6th Floor, Tamrakar Complex, Pako, Newroad, Ph No. 01-4252193, 01-4249803 | Narayanghat Service Center (KL Mall, Lions Chowk) Ph. No: 9803571355 | Itahari: Dharan Road, Opposite Gorkha Dept Store Ph. No: 9801248193

WARRANTY: 1 YEAR ON MOBILE PHONE | 6 MONTHS ON BATTERY

FOR SERVICE ENQUIRY: TOLL FREE 16600107107

जता हेऱ्यो उतै पहिरो

११५ गाउँ उच्च जोखिममा

'जन्मभूमि छाड्ने रहर कसलाई हुन्छ र ? हाम्रा लागि सडक आएन, सतुर (शत्रु) आयो । गाउँकै चिल्लीबिल्ली बनाइदियो'

■ **वसन्तप्रताप सिंह** (बझाङ)

सडककै कारण थलारा गाउँपालिकाको तोली, ठिड र पडेस गाउँमाथिबाट सुरु भएको पहिरो । तस्बिर : वसन्तप्रताप/कान्तिपुर

२०७३ चैतमा सडक पुग्दा थलारा गाउँपालिकाको तोली, पडेस र ठिड गाउँका बासिन्दाको खुट्टा भुइँमा थिएन । वर्षौंदेखिको थाप्लोको नाम्लो छुटेको र आफ्नै गाउँमा जिप पुगेको खुसीमा त्यहाँ भव्य उत्सव आयोजना गरिएको थियो । गाउँमा गाडी पुगेको खुसीमा यहाँका बासिन्दाले जिल्लाबाट सडक उद्घाटन गर्न आएका नेता, कर्मचारी, पत्रकार र गाडी चालकलाई थेग्ने नसक्ने गरी फूलमाला लगाइदिए । चिन्ने नसक्ने गरी अबिरले रंगाइदिए ।

उत्सवमय त्यो भीडमा सबैभन्दा खुसी देखिन्थे, तोलीका हरिमल बोहोरा । खुसीको कारण थियो, उनको घरको आँगनलाई छोएर गएको सडक । 'घरकै छेउ भएर सडक गएको छ । चिया बेचेर भए पनि केटाकेटी पाल्छु भन्ने ठानेर सबैभन्दा बढी खुसी मै भएको थिएँ,' उनले भने, 'घरको अगाडी सानो टहरो बनाउँछु । त्यसैमा सानो चिया पसल खोल्छु । आफूले फलाएको फलफूल र तरकारी पनि त्यहीँ राखेर बिक्री गर्छु भन्ने सोचेको थिएँ । तर अहिले त्यो सबै सपना भयो ।'

उनले जुन सडकसँग जोडेर सपना बुनेका थिए । त्यही सडकले नै उठिबास लगाउला र आफ्नो परिवारले शरणार्थीको जिन्दगी बाँच्नु पर्ला भन्ने त कल्पना पनि गरेका थिएनन् । तर भइ दियो त्यस्तै । सडक पुगेको ५ महिना नपुग्दै ०७४ असारमा त्यही सडक पहिरोमा परिणत भयो । उनको सपना पूरा हुनु त कता कता भएको घर जग्गा सबै पहिरोले बगाइए दियो ।

'भाग्यमा बाँच्नु लेखेको रैछ र मान्छेलाई केही भएन । अरु केही पनि बचेन,' उनले भने । अहिले उनका ४ छोरी, १ छोरा र पतिपत्नीसहित ७ जनाको परिवार विवाह भएर गइसकेकी छोरी निर्मलादेवी खातीको धनगढीको बंगराकटानमा रहेको घरमा आश्रय लिएर बसिरहेका छन् ।

उनी कहिलेकाँही गाउँ पुग्छन् । पहिरोमा परिणत भइसकेको घर जग्गा हेर्छन । एक्लै टोलाउँछन् । केहीदिन दौतरीहरूसँग भेटघाट गरेर अनि बंगराकटान फर्कन्छन् । 'पराईघर पठाई सकेकी छोरीको घरमा सिंगै परिवार आश्रय लिएर बस्नुपर्दा मन त कति पोल्छ कति,' उनी दुख पोख्दै भन्छन्, 'भएको सम्पत्ति पहिरोले लग्यो । अरु विकल्प नभएपछि लाज पचाएर बसेका छौं ।'

यसरी सडकले पहिरोको रुप लिएपछि आफ्नो थातथलो रुदै छाड्नुपर्ने बाध्यता हरिमललाई मात्र होइन । अरूको अवस्था पनि झन्डै उस्तै छ । ३ वर्षअघि गुल्जार हुने तोलीगाउँका घरहरूलाई एकएक गरी पहिरोले निल्दै गएको छ । हरिमल जस्तै लालाबाला छोडेर प्रत्येक वर्ष यहाँका २/३ परिवार रुँदै मुग्लान पस्नुपर्ने बाध्यता छ ।

०७५ भदौमा गाउँ छोडेका तोलीका नवराज जोशी भन्छन्, 'जन्मभूमी छोड्ने रहर कसलाई हुन्छ र ? हाम्रा लागि सडक आएन, सतुर आयो । गाउँकै चिल्लीविल्ली बनाई दियो ।' सडकको पहिरोले घरखेतबगाई दिएपछि, ३ छोरी, २ छोरा, पतिपत्नी र बुढी आमासहित उनको ८ जनाको परिवार अहिले कञ्चनपुरमा विस्थापित छ ।

रायल, ठिडर तोली हुँदै पडेससम्म पुग्ने सडक बनाएपछि सुरु भएको पहिरोले हरिमल र नवराज जस्तै तोली ठिड र पडेस गाउँको दशा सुरु भएको हो । तोलीका दुर्गादत्त जोशी, नवराज जोशी, जयबहादुर बोहोरा, मानबहादुर बोहोरा, अम्म बोहोरा, प्रेम बोहोरा, दिनेश बोहोरा, शेर बोहोरा, अजिभान मिजार, दिलबहादुर डौडे, धना देवी बोहोरा, हरि बोहोरा, हरिमल बोहोरा, रुद्र बोहोरा र बलबहादुर बोहोरागरी १५ परिवार यो वर्ष विस्थापित हुने तयारीमा छन् । 'तर कहाँ जाने ?' पहिरोले जोखिम बनाएको घरमा बस्दै आएकी धनादेवी बोहोराले भनिन्, 'अन्त कतै बस्ने ठाउँ भैदिए यहाँ कालको मुखमा बस्ने रहर कस्लाई हुँदो हो ।' उनले पहिरोले घर जुनसुकै बेला पनि बगाउने खतरा रहेकोले बर्खामा राम्रोसँग सुत्न नपाएको बताईन् ।

तोलीमा मात्र हैन । पडेश र ठिड गाउँका वीरबहादुर रावल, गोरख थापा, जगदीश रावल, हरिश रावल, अम्मर रावल र सुनादेवी उपाध्यायलगायत २३ परिवारको घर पनि जुन सुकै बेला पहिरोले निल्ने अवस्थामा पुगेका छन् ।

'राती होस् या दिउँसो । पानी पर्ने वित्तिकै यहाँ भागदौड मच्चिन्छ,' दुर्गादत्त जोशीले भने, 'अलि ठुलो पानी पऱ्यो कि खाँदाखाँदैको गाँस छोडेर, बच्चाबच्ची टिपेर भाग्नु पर्छ । राम्रोसँग खान र सुत्न नपाएको २ महिना भैसक्यो,' उनले सामान्य अवस्थामा पनि पहिरो बग्ने गरेका कारण कुन बेला गाउँ नै एकै चिहान हुने हो भन्ने त्रासले यहाँका बासिन्दा त्राहिमाम भएको बताए । 'ठुलै विनास हुनेवाला छ । तीनवटै गाउँका ४० भन्दा बढी घर अहिले जोखिममा छन्,' थलारा गाउँपालिका ४ का वडाध्यक्ष विष्णु विष्टले भने, '१/२ वर्षभित्रै गाउँको नामो निसान मेटिने अवस्था छ ।' पहिरोले ३ वटै गाउँका ६५ परिवारको १ सय ५० रोपनीभन्दा बढी जग्गा पनि बगाइसकेको र अझै बगाउने क्रम जारी रहेको उनले बताए ।

विनासमै सडक बनाउँदाको परिणाम

०७१ मा सर्भे गरी ०७२ मा निर्माण सुरु भएको यो सडक तत्कालीन सडक डिभिजन कार्यालय बैतडीले निर्माण गरेको थियो । तत्कालिन संविधानसभा सदस्य लालबहादुर रावलको पहलमा १ करोड ७० लाखको केन्द्रिय बजेट परेपछि निर्माण सुरु भएको थियो । सडक कटान गर्दा सर्भे भएभन्दा अर्कै ठाउँबाट निर्माण भएकोले गाउँमा पहिरो सुरु भएको स्थानीयको भनाई छ । सुरुमा खैराणी, माटिखान, पिपलको रुख, हुँदै तिखा ढुंगा भएर सडक कटान गर्ने गरी सर्भे भएको थियो । तर सडक पछि आएर विना सर्भे खैराणी, सिलम्भु तोलीहुँदै तिखा ढुंगातिरबाट सडक निर्माण गरेका कारण यस्तो हविगत भएको उनीहरू बताउँछन् । उसो त सर्भे भएकै ठाउँबाट सडक निर्माण गर्नका लागि स्थानीयले दबाब पनि नदिएका होइनन् । 'विनासर्भे सडक नबनाउनुस, जोखिम हुन्छ भनेर अनुरोध गऱ्यौं,' स्थानीय मानबहादुर बोहोराले भने, 'ठेकदारले मान्दै नमानेपछि डोजरको अगाडि सुतेर अवरोध पनि गरेका हौं ।' उनले स्थानीयको अवरोध हटाउन सडक डिभिजनका कर्मचारी, नेता र ठेकेदारहरूले कुनै पनि जोखिम नहुने र भइहाले पनि नियन्त्रणका लागि योजना पारिदिने भन्दै गाउँलेलाई फकाएर काम सुरु गरेको बताए । ०७४ मा पहिरो सुरु भएपछि करोडौं लगानी गरी निर्माण गरिएको यो सडकसमेत काम नलाग्ने भएको छ । उदघाटन गरेको ३ महिनापछि बन्द भएको यो सडक गाडी सञ्चालन नहुने गरी बन्द भएको हो ।

नियन्त्रणकै नाममा करोड बढी बग्यो

सडकले जोखिममा पारेको क्षेत्र तत्कालीन संविधानसभा सदस्य लालबहादुर रावलको गाउँ पनि हो । गाउँमा सडक पुगेकै वर्ष पहिरो सुरु हुँदा उनले आफ्नो पहुँच प्रयोग गरी पहिरो नियन्त्रणका लागि ठुलो बजेट गाउँमा भित्र्याए पनि सबै प्रयास पहिरोसँगै बगेर गएका छन् । गाउँ बचाउन भनेर केन्द्रिय योजनाबाट १ करोड २० लाख खर्च भएको छ । यो बृहत योजनाबाट पहिरो क्षेत्रमा लगाएका ग्याबिन जाली सबै पहिरोले बगाई सकेको छ ।

यसैको लागि गत वर्ष प्रदेश सरकारबाटसमेत १५ लाख खर्च गरेर तारजाली लगाउने कामसमेत गरिएको थियो । 'प्रदेशको पैसाले लगाएको जाली त योजना पास भएको तेस्रो दिन नै सबै बगाई सकेको थियो,' सुनादेवी बोहोराले भनिन्, 'करोडका जालीले त काम गरेन । १५ लाखका जाली के टिक्थे ।' पहिरो नियन्त्रणका नाममा झन्डै डेढ करोड खर्च गरे पनि पहिरो रोकिने कुनै छाँटकाट नदेखिएकाले गाउँ नै सुरक्षित स्थानमा सारिदिए आफूहरू ढुक्कले सुत्न पाउने यहाँका बासिन्दाको माग छ । सडकबाट आएको पहिरोले गाउँ नै बगाउन लाग्दा पनि विस्थापित तथा जोखिममा रहेका परिवारको पीडालाई कसैले नसुनेको स्थानीयको गुनासो छ ।

यता तत्कालीन संविधानसभा सदस्य रावल भने गाउँलेकै जिद्दीका कारण यो अवस्था आइलागेको बताउँछन् । 'सर्भे गरेको ठाउँमा सडक लैजाउँ, भोली जोखिम हुन्छभन्दा उतिबेला आफ्ना घरघरमा रोड पुऱ्याउन खोजे,' उनले भने, 'सर्भे गरेको ठाउँबाट लगिदिएको भए यस्तो हुने थिएन ।' उनले सम्पूर्ण गाउँलेले आफ्नो घरजग्गा क्षति भए पनि कुनै उजुर नगर्ने सर्तमा मन्जुर भए पछि सर्वे विपरीत सडक निर्माण गरिएको र सम्पुर्ण गाउँलेले हस्ताक्षर गरेको कागज अहिले पनि आफूसँग सुरक्षित रहेको बताए । आफूले त्यहाँको जनप्रतिनिधीका हैसियतले पहिरो नियन्त्रण गर्न विभिन्न निकायमा गुहार गरी बजेट हाल्न लगाए पनि ठुलै पहिरो लागेकाले रोक्न नसकिएको बताउदै बस्ती सार्नु नै सबैभन्दा उत्तम विकल्प भएको बताए । प्रदेश सरकारले यही ठाउँमा चालु आवका लागि पनि पहिरो नियन्त्रण गर्ने शीर्षकमा १५ लाख रकम विनियोजन गरेको छ ।

जथाभाबी डोजरले प्रकोप

यसै गाउँपालिकामा डिभिजन सडक कार्यालय बैतडीले नै निर्माण गरेको अर्को जडार-कोइरालकोट सडकका कारण वडा ९, आममबगर र भुवाँबस्तीका ८ घर भत्किएका छन् । २५ घर पहिरोको जोखिममा छन् । यहाँका बासिन्दा पनि बस्ती सारिदिन माग गर्दै ३ वर्षदेखि जिल्लाका विभिन्न निकायसँगै मुख्यमन्त्रीको कार्यालयसम्म धाइरहेका छन् । थलारा गाउँपालिकामा मात्र विभिन्न सडकका कारणले ७ गाउँ जोखिममा छन् । बझाङका ११ गाउँपालिकाका १ सय १५ भन्दा बढी गाउँ सडकका कारणले उत्पन्न भएको प्राकृतिक प्रकोपको जोखिममा रहेको जिल्ला दैविप्रकोप उद्धार समितिको तथ्यांक छ ।

प्राकृतिक प्रकोपसम्बन्धी अध्ययन गर्ने अन्तर्राष्ट्रिय संस्था जियोहजार्ड इन्टरनेसनलले पनि बझाङ पहिरोको उच्च जोखिममा रहेको अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो । उक्त संस्थाले गत वर्ष सार्वजनिक गरेको प्रतिवेदनले बझाङमा ७ रेक्टरभन्दा माथिको भूकम्प गएको अवस्थामा ११ गाउँपालिकाको ३ हजार ६ सय ३० ठाउँमा पहिरो जाने र ठुलो धनजनको क्षति हुने तथ्यांक सार्वजनिक गरेको हो । भूकम्पले बझाङमा पर्ने असर र उत्थानशीलताका लागि चाल्नुपर्ने कदमबारे जानकारी दिन आयोजना गरेको कार्यक्रममा प्रतिवेदन सार्वजनिक गरिएको थियो ।

पछिल्लो समय वातावरणीय प्रभावको विश्लेषण नगरी डोजर लगाएर सडक खन्ने काम तीव्र रूपमा भइरहेका कारण पहिरोको खतरा बढेको उक्त प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनअनुसार बझाङको वित्थडचीर गाउँपालिकामा १५०, बुडगल नगरपालिकामा ८००, छविस पाथिभेरा गाउँपालिकामा २००, दुर्गाथली गाउँपालिकामा ११० र जयपृथ्वी नगरपालिकामा ३०० भन्दा बढी ठाउँमा पहिरो लाग्न सक्ने अनुमान गरिएको छ । यस्तै खप्तड छान्ना गाउँपालिकामा ३६०, केदारस्युँ गाउँपालिकामा २००, मष्टा गाउँपालिकामा १९०, सुर्मा गाउँपालिकामा ४९०, तल्कोट गाउँपालिकामा ६०० र थलारा गाउँपालिकामा १९० भन्दा बढी स्थानमा पहिरोको जोखिम रहेको छ ।

'कमजोर भौगर्भिक अवस्था भएको पहाडी जिल्लामा जथाभावी डोजर चलाएका कारण पहिरोको खतरा दिन प्रतिदिन बढदै गएको छ,' जियोहजार्ड इन्टरनेसनका राष्ट्रिय प्रतिनिधि उपमा ओझाले भनिन्, 'उसै पनि धेरै ठाउँमा पहिरो सुरु भइसकेको छ । त्यसैमाथि भूकम्प गयो भने जिल्लाभरि पहिरैपहिरो हुनेछन् ।' पश्चिम नेपालमा ठूलो भूकम्प नआएको लामो समय भइसकेका कारण जतिबेला पनि भूकम्पको खतरा रहेको भन्दै यसवाट हुने क्षति कम गर्न वातावरण मैत्री विकासको अभ्यास हुनुपर्ने उनको सुझाव छ । जियोहार्जाड इन्टरनेसनलका भुगर्भविदहरूले करिब २ वर्ष लगाएर प्रतिवेदन तयार गरेको बताउँदै ओझाले बझाङमा भूकम्पपछि खस्ने पहिरो र अन्य कारणले हुने क्षतिको विवरण पनि प्रस्तुत गरेकी थिइन् ।

७ दशमलव ८ रेक्टरको भूकम्प आउँदा बझाङको ३४ हजार घरधुरीमध्ये ९ हजार ५ सय घरधुरी पूर्ण रूपमा क्षति हुने र २३ हजार घरधुरी आंशिक रुपमा क्षति हुने प्रतिवेदनमा अनुमान गरिएको छ । उक्त प्रतिवेदनअनुसार त्यो भूकम्प जाँदा जिल्लाका १५ घर मात्र बच्ने र अरु सबैमा पुर्ण वा आंशिक क्षति हुने उल्लेख छ । घरहरू भत्केर मात्र ४ हजार जनाको मृत्यु हुनसक्ने र १५ हजार जना सख्त घाइते हुने सक्ने तथ्यांकमा उल्लेख गरिएको छ । जिल्लाभरि ९३ प्रतिशत घर ढुंगाले बनेकाले बढी पहिरोको जोखिमयुक्त ठाउँमा भएको र ०.३ प्रतिशत घर मात्र भूकम्प प्रतिरोधी र सुरक्षित भएको प्रतिवेदनमा उल्लेख छ । राष्ट्रिय जनगणना २०६८ अनुसार बझाङको कुल जनसंख्या १ लाख ९५ हजार छ ।

यसअघि ०२३ मा बझाङमा केन्द्रविन्दु बनाएर ६ दशमलव ३ रेक्टरको भूकम्प गएको थियो । यसले ८० जनाको ज्यान गएको र ३ हजार घर भत्काएको थियो । त्यस्तै ०३७ मा बझाङमै केन्द्रविन्दु बनाएर आएको ६.५ रेक्टरकै भूकम्पले समेत १ सय ७८ जनाको ज्यान गुमेको थियो । २ हजारभन्दा बढी त घर भत्किएको थियो ।

भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७६/०७७ को लागी CTEVT बाट लिईएको प्रमाणपत्र तहको प्रवेश परिक्षामा उत्तिर्ण भई आफुले प्रवेश परिक्षा दिएको संस्थामा भर्ना नपाएका विद्यार्थीहरुले PCL in Lab Technician र PCL in Diagnostic Radiography पढ्न चाहेमा तुरुन्त सम्पर्क गरौं ।

सिट सिमित छ ।

सम्पर्क

कैलपाल हस्पिटल एण्ड कलेज

नेपालगन्ज–१०, बाँके

फोन नं. : ०८१-५२१०१७, ५२६२७५, ९८५८०२४६४८

बुढीगंगामा वैकल्पिक मार्ग

कान्तिपुर संवाददाता (बाजुरा)

बाजुरा- बुढीगंगा नदीमा सडक भासिएपछि साँफे-मार्तडी खण्डअर्न्तगत अम्कोटको द्वारीमा तत्कालका लागि वैकल्पिक मार्ग खोल्न सुरु गरिएको छ । बुढीगंगा नगरपालिका १, बल्देदेखि द्वारीसम्म करिब १५ मिटर सडक भासिएपछि सवारी आवतजावत रोकिएको छ ।

प्रमुख जिल्ला अधिकारी चेतराज बरालसहित जिल्ला विपत व्यवस्थापन समितिको टोलीले शनिबार सडकको अनुगमन गरेको थियो । लामो समय यातायात अवरुद्ध भएकाले आइतबार बिहानदेखि अस्थायी रुपमा वैकल्पिक मार्ग खोल्न सुरु गरिएको प्रजिअ बरालले बताए । तत्कालका लागि सडक विभागको आपतकालिन रकमले वैकल्पिक मार्ग निर्माण थालिएको उनको भनाइ छ । 'भासिएको ठाउँमा बल्देबाट माथिमेला हुँदै द्वारीको डाँडामा मिलाउने प्रयास गर्छौं,' उनले भने ।

बाजुरा सडक कालोपत्रे भएको ३ वर्ष मात्रै भयो । बार्जुगाढदेखि मार्तडीसम्मको २७ किमि खण्डमा हरेक वर्षा अवरुद्ध हुँदै आएको छ । 'हल्का वर्षा हुनेवित्तिकै सडक अवरुद्ध भयो भन्ने खबर आउँछ,' प्रजिअ बरालले भने, 'सडककै कारणले जिल्लावासीले हरेक वर्षामा सास्ती खेप्नुपर्ने बाध्यता छ ।' सडक भासिएकाले हाल बुढीगंगा नगरपालिकाको बल्देसम्म मात्रै बस सेवा सञ्चालनमा छन् । त्यहाँबाट सदरमुकाम पुग्न करिब १४ किमि रहेकाले महँगो भाडा तिरेर वारिपट्टि रहेका जिपमा यात्रा गर्नुपर्ने बाध्यता रहेको वडा १ का अध्यक्ष पदम भण्डारीले बताए । मार्तडी, कोल्टी, पिलुचौर, धुलाचौरसम्म पुग्ने सडक पनि अहिले अवरुद्ध छन् ।

सडक यातायात अवरुद्ध भएकाले व्यापारीहरूले महँगो भाडा तिरेर खच्चड र भरियाबाट समान ढुवानी गर्नुपरेको बताएका छन् । 'सास्तीको त कुरै छाडौं,' खप्तड छेडेदह गाउँपालिकाका व्यापारी सुरेन्द्र नाथले भने, 'महँगीको मार छ ।'





तपाईंको आज

मेष	कान्ति क्षय	तुला	डर चिन्ता
वृष	कार्य सफल	वृश्चिक	वादविवादमा सफल
मिथुन	मिष्ठान्न भोजन	धनु	खटपट
कर्कट	पुण्य आर्जन	मकर	पराक्रम बढ्ने
सिंह	नैरश्यता	कुम्भ	धन आर्जन
कन्या	नविन मित्र बन्ने	मीन	पदोन्नति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र ४ गते बुधबार तदनुरुप २१ अगस्ट २०१९ भाद्र कृष्णपक्ष षष्ठि तिथि रात्रिको २:४२ बजेसम्म उप्रान्त सप्तमी तिथी, अश्विनी नक्षत्र रात्रिको १० बजेसम्म उप्रान्त भरणी नक्षत्र, गण्ड योग दिनको ३:३५ बजेसम्म उप्रान्त वृद्धि योग, गर करण दिनको २:१४ बजेसम्म उप्रान्त वणिज करण, मेष राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँग (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	मंगलम (लाइभ)
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू एण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर न्यूज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्यूज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	मंगलम (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बत्स र परामर्श (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडनार्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (थलिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सुजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज जिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड ह्युकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:००	पुनर्निर्माण
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रिंयका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	लाउड (रेमन)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (भुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१९९९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१३५८
जिल्ला प्रशासन कार्यालय	५२१९०२

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५६०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१९९९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२१९०१/५२२८०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०९३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१९०/४२०२०४
जिल्ला अस्पताल	४२००९०
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५५४०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९०
जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५४५०२४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४४७००२४४

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००१३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००८५
एम्बुलेन्स	९८४४२४९४६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८१६५४६८१

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०२९७
जिल्ला अस्पताल	०८८५३०२७७, ०८८५३०१५५
एम्बुलेन्स	९८०४८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००२९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०७३५१२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९९
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२१४६६६

सल्यान

प्रहरी	०८८-५२००४०, ९८५४०८५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४१९४५/४२४१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुनेरु एम्बुलेन्स सेवा	०१ ५५५५५०,९७५२०४५५२०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अज्ञवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९९
देव कर्नर निःशुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६००६
नेपाल मिटर दवाबसी संघ	४२२६३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५५-२२२२ (Ncell)

प्रदेश संसद्को डेढ वर्ष

सिक्दै अघि बढ्दै

जनअपेक्षाअनुरूप सांसदहरूले कार्य गर्न सकेका छैनन्, हालसम्म ३३ वटा विधेयकमात्रै पारित भएका छन्, सातवटा समिति गठन भए पनि केहीमात्र सक्रिय छन् ।

■ **देवनारायण साह** (मोरङ)

प्रदेश १ को संसद्मा आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मत कार्की सांसदहरूले उठाएको प्रश्नको सोमबार जवाफ दिँदै । *तस्बिर : देवनारायण/कान्तिपुर*

प्रदेश १ का सांसद प्रतापप्रकाश हाङगामले प्रदेशसभा बैठकमा बोल्दा सभामुखलगायत उपस्थित मन्त्री, प्रमुख प्रतिपक्षी दलका नेता तथा पत्रकारलाई समेत सम्बोधन गर्छन् । प्रदेशसभाको चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा बोल्दा प्रदेशसभा नियमावली विपरीत यसरी नै सम्बोधन गरी उनले बोलेका थिए । नियमावलीमा प्रदेशसभामा बोल्दा सभामुखलाई मात्रै सम्बोधन गर्नुपर्ने व्यवस्था छ ।

आफूले शून्य समयमा बोलेका विषयमाथि सबैको ध्यानाकर्षण गराउन बैठकमा उपस्थित सबैलाई सम्बोधन गर्दै आएको हाङगामले बताए । उनले नियमावलीमा त्यस्तो व्यवस्था छ भने अब सभामुखलाई मात्रै सम्बोधन गरेर बोल्ने प्रतिबद्धता जनाए । हाङगाम जस्तै अन्य सांसदहरूले पनि नियमावलीमा गरिएको व्यवस्था विपरीतका गतिविधि संसद्मा गर्दै आएका छन् । कतिपय सांसदहरूले संसद्भित्रै सुर्तीजन्य पदार्थसमेत सेवन गर्ने गरेको पाइएको छ ।

सांसद विमल कार्कीले धेरै सांसद पहिलो पटक संसद्मा प्रतिनिधित्व गरेकाले अनुभवको कमी रहेको बताए । 'अनुभवको कमीले नियमावलीमा व्यवस्था भए विपरीत कार्य पनि अज्ञानमा सांसदबाट हुन गएको छ,' उनले भने, 'सांसदलाई प्रभावकारी रूपमा तालिम, अध्ययनका लागि पुस्तकालय, अवलोकन भ्रमणको व्यवस्था हुनु आवश्यक छ ।'

'विधेयक, ऐन, नियम बनाउनमा प्रदेशसभा अगाडि छ तर भौतिक संरचनामा कमजोर छ,' कार्कीले भने, 'विधेयक निर्माणमा हामी सांसदहरू परिपक्व बन्दै गएका छौं, सदनमा प्रस्तुत भएका विधेयकमाथि व्यापक छलफल गर्ने, समितिमा लगेर दफाबार छलफल गर्ने, संशोधन प्रस्ताव दर्ता गराउने र त्योसहित पारित हुनेसम्मको अभ्यास गर्न थालेका छौं ।'

संविधानसभा सदस्यको अनुभव बोकेका प्रतिपक्षी दल संघीय समाजवादीका नेता जयराम यादवले संसद्लाई मर्यादित बनाउन सरकारले खासै चासो नदिएको गुनासो पोखे । 'प्रदेश सरकारका मन्त्रीहरूले संसद्मा उपस्थित भएर सांसदले उठाएका विषयहरू सुन्ने र त्यसको समयमा जवाफ दिएर संसद्को मर्यादा बढाउनुपर्छ,' उनले भने, 'सांसदले उठाएका सवालको सरकारले गम्भीरतापूर्वक कार्यान्वयनमा समेत चासो लिनुपर्ने हो तर त्यस्तो हुन सकेको छैन ।'

यादवले चौथो तथा बजेट अधिवेशनको ३२ औं बैठकमा साउन २४ मा शून्य समयमा प्रदेश सरकारका दुई जना मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएको बारेमा सदनलाई जानकारी गराउन ध्यानाकर्षण गराएका थिए । प्रदेशसभाको ३३ औं बठक सम्पन्न भइसक्दा पनि सरकारले मन्त्री र सांसदहरूले चीन भ्रमणमा गएकोबारे जानकारी गराएनन् ।

विदेश भ्रमण जानुअघि पनि संसदीय व्यवस्था विपरीत सरकारले संसद्लाई जानकारी दिएका थिएन । आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङबो, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीश कुसियैत, सांसद बिन्दिया कार्कीलगायत चीन भ्रमणमा गएका थिए ।

पहिलो संविधानसभा सदस्यको अनुभवसहित प्रदेशसभा सदस्य भएकी नवोदिता चौधरीले प्रदेशसभा नयाँ संरचना भएको र धेरै सांसदहरू अनुभवहीन भएकाले केही कमीकमजोरी हुने गरेको तर सबै जना सिक्दै र सुधार गर्दै अघि बढिरहेको बताइन् । 'संविधानसभामा एकजना सांसदले पूरै संविधानसभालाई नियन्त्रण गर्न सक्ने हैसियत राख्द थियो तर यहाँ प्रदेशसभामा त्यस्तो हैसियत देखाउन सक्ने सांसदको अभाव छ,' उनले भनिन्, 'संविधानसभामा अनुभवी सांसदहरू भएको र ऐन, नियमहरूबारे निकै धेरै दख्खल राख्ने गरेको पाएका थियौं तर यहाँ त्यस्तो अवस्था छैन ।'

दुई तिहाइको सरकार भएकोले संसद्मा सांसदहरूले बोलेको र उठाएका सवालहरूबारे सरकारले खासै चासो नदिंदा संसद् प्रभावकारी रूपमा अघि बढ्न नसकेको उनको भनाइ थियो । संसदीय समितिहरूले पनि प्रभावकारी रूपमा काम गर्न सकेको छैन । गत चैत २२ मा नेतृत्व पाएका संसदीय समितिहरूले हालसम्म प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन ।

सार्वजनिक लेखा समिति सभापति शिवनारायण गनगाईले चैत २२ मा नेतृत्व पाएपछि समितिको काम अघि बढाएको बताए । यस्तै, न्याय प्रशासन तथा विधायन समिति, अर्थ समिति, सामाजिक विकास समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक स्रोत तथा पूर्वाधार समितिले पनि कामकाज सुरु गरिरहेकै अवस्था छ । अर्थ समितिका सभापति मोहनकुमार खड्काले संसद्मा समितिको वार्षिक प्रतिवेदन पेस गरेका थिए । प्रतिवेदनमा काम गर्न सुरु गरेको मात्रै देखियो ।

सामाजिक विकास समितिका सभापति सरिता थापाले हालसम्म आफ्नो नेतृत्वमा २० वटाभन्दा बढी बैठक बसेर विधेयक, डेंगु, खेलकुदलगायतको विषयमा निर्णयहरू गरेको बताइन् । उनले हालसम्म मन्त्रालयहरूको कामकाजको अनुगमन गर्न नसकेको बताइन् । समितिले विराटनगरस्थित बैजनाथपुर क्रिकेट रंगशाला र मुख्यमन्त्री कप फुटबल लिगमा भएका अनियमितताका बारेमा सामाजिक विकासमन्त्री जीवन घिमिरेलाई बोलाई छानबिन छालेको छ ।

उद्योग, पर्यटन तथा वातावरण समिति सभापति सीता थेवेले समितिको ९ वटा बैठक बसेर विधेयकहरूको छलफल र सरकारले गरेको कामको प्रगति र वार्षिक कार्यक्रम माग्ने काम मात्रै गरेको बताइन् । संसद्मा प्रमुख प्रतिपक्षी दलले पनि प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । संसद्मा सांसदहरूले उठाएको आवाजको कार्यान्वयन नभइरहेको बारेमा समेत प्रमुख प्रतिपक्षी दलले रचनात्मक भूमिका निर्वाह गर्न सकेको छैन । संसद्लाई सरकारले नियन्त्रण गरेर अघि बढाइरहेको छ तर प्रमुख प्रतिपक्षी दल मौन बसेको छ ।

प्रमुख प्रतिपक्षी दल कांग्रेसका नेता राजीव कोइरालाले प्रमुख प्रतिपक्षी दलले अपेक्षा गरे बमोजिमको प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको स्विकारे । उनले प्रदेश सभालाई सरकारले नियन्त्रण गर्न खोजेको अवस्था रहेको बताए ।

प्रदेशसभालाई सरकारको नियन्त्रण बाहिर राख्न सबैको भूमिका आवश्यक रहेको उनको भनाइ थियो । प्रमुख प्रतिपक्षी दलले संसद्मा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव टेबल गरेको थियो । प्रस्ताव टेबल गरेकै दिन छलफल गराउने संसदीय व्यवस्थाविपरीत एक दिन पछि सरकारलाई प्रतिरक्षाको तयारी गर्न समय दिएर मात्रै संसद्मा छलफल गराइएको कोइरालाले बताए ।

प्रदेशसभाले पारित गरेका विधेयकहरूको कार्यान्वयनको पाटो कमजोर रहेकाले त्यसको अनुगमन आवश्यक रहेको कोइरालाको भनाइ थियो । 'प्रदेशसभा भवनमा शौचालयको पानी पसेर वर्षायाममा बैठक अवरुद्ध हुँदै आएको तर त्यसको समाधानमा मौन देखिएको छ,' उनले भने, 'यसपालिको वर्षामा पनि शौचालयको सेफ्टी ट्यांक भरिएर सभा भवनमा शौचालयको दुर्गन्धित पानी पसेर ९ दिन बैठक अवरुद्ध भयो ।'

प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारीले अधिकांश सांसदहरू उपस्थित हुने गरेको तर केही सांसदहरू सदनमा बोल्ने क्रममा सभामुख बाहेकका अन्य व्यक्तिलाई पनि सम्बोधन गर्दै आएको उनले स्विकारे ।

'संसद्मा विद्युतीय उपकरणहरू, मोबाइल, कानेखुसी गर्नेलगायतका कार्य निषेध गरिएको छ,' उनले भने, 'अनुशासन कायम गर्ने विषयमा सबै सांसद जिम्मेवार भएर आ-आफ्ना भूमिका निर्वाह गर्दै आएकाले अहिलेसम्म कुनै किसिमको समस्या भएको छैन ।'

सरकार र प्रतिपक्षलाई मिलाएर अघि बढ्दा दुवै पक्षले बेलाबेलामा आशंका व्यक्त गर्दै आएको भण्डारीको भनाइ थियो । 'सरकार र प्रतिपक्ष हाम्रा लागि दुवै महत्त्वपूर्ण भएकाले मिलाएर लगेका छौं,' उनले भने, 'सरकारले प्रतिपक्षलाई र प्रतिपक्षले सरकारलाई प्रभावमा परेको आरोप लगाउने गरेको तर त्यो यथार्थ होइन र यो संस्थाको प्रकृति पनि पक्षपात गर्ने होइन ।'

पहिलो वर्षको पहिलो अधिवेशन सिक्न र अनुभव प्राप्त गर्न लाग्यो तर यहाँसम्म आइपुग्दा हुँदै आएको अभ्यासले निक्कै खारिँदै गएको बताए । 'सांसदहरू सिक्दै अनुभवी हुँदै गएकाले अहिले संसद् चलाउन सहज भएको छ,' उनले भने, 'विधेयकहरूलाई समितिमा सहजीकरण गर्ने विषयमा पनि पहिले अभ्यास थिएन तर अहिले विधेयक समितिमा गइसकेपछि क्रियाशील भएर दफाबार छलफल गर्ने, आवश्यक पर्दा विज्ञहरूसमेत बोलाउन थालिएको छ ।' हालसम्ममा ३३ वटा विधेयक पारित, ३ वटा प्रक्रियामा र ७ वटा दर्ता भएको उनले बताए । संख्यात्मक रूपमा बढी नयाँ सांसदहरू छन् ।

सामान्य विवादमा निर्घात कुटपिट

राजविराज (कास)- सामान्य विवादमा सप्तरीका एकजना निर्घात कुटिएका छन् । राजगढ गाउँपालिका ६ का ४१ वर्षीय महेश्वर साह आफ्नै छिमेकीबाट निर्घात कुटिएका हुन् । कुटपिटबाट गम्भीर घाइते उनको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ ।

साउन ३२ मा विष्णुपुर गाउँपालिका ४ स्थित कनकट्टा नहरको डिल नजिक साहको दरबाजामा छिमेकी दर्पी भनिने अनिरुद्र साह, बालकृष्ण साह, वीरेन्द्र साह, मंगल साह, जगरनाथ साह, बैजनाथ साह, लालोदेवी साह र शिवनाथ साहले बाँसको भाटालगायतले कुटपिट गरेको महेश्वरका छोरा रमेशकुमार साहले बताए ।

महेश्वर र विपक्षी परिवारबीच वर्षौंदेखि मुद्दा चल्दै आएको छ । पछिल्लो समय कुटपिट गर्नेहरूको बाँस झार्गिएर महेश्वरको घरको छानामा परेपछि उनले विष्णुपुर गाउँपालिकाको न्यायिक समितिमा निवेदन दिएका थिए । महेश्वरको निवेदनमा न्यायिक समितिले बाँस काट्नुपर्ने निर्णय गरेपछि साउन ३१ मा प्रहरी समेतको रोहबरमा बाँस काट्न लगाइएको थियो । बाँस काटिएपछि महेश्वरसित विपक्षीहरू चिढिएको महेश्वरका छोरा रमेशले बताए । 'साउन ३२ मा बुवा आफ्नै दरबाजामा भएका बेला विपक्षीहरूले समूह बनाई बाँसको भाटा लगायतले निर्घात कुटपिट गरे,' रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा दिएको जाहेरीमा छ ।

बाँसको भाटाबाट महेश्वरको दाहिने खुट्टा भाँचिएको छ भने आँखा, नाक र कानमा पनि गम्भीर चोट लागेको छ । घाइते भएपछि महेश्वरलाई उनकै परिवारका सदस्यहरूले उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा पुऱ्याएका थिए । राजविराजमा उपचार सम्भव नभएपछि विराटनगरको गोल्डेन अस्पताल लगिएकामा त्यहाँबाट पनि रेफर भई अहिले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ । घाइते महेश्वरका छोरा रमेशले जिल्ला प्रहरी कार्यालय सप्तरीमा कुटपिट गरी अंगभंग गरेको कसुरमा ८ जना विरुद्ध जाहेरी दिएका छन् । रमेशले विष्णुपुर गाउँपालिका ४ कनकट्टाका आठ जनाविरुद्ध जाहेरी दिएका छन् ।

प्रहरीले विपक्षीमध्ये अनिरुद्र साहलाई नियन्त्रणमा लिएको र अंगभंग मुद्दामा म्याद थप गरेको जनाएको छ । अन्य प्रतिवादीहरूको खोजी कार्य भइरहेको प्रहरीले बतायो । रमेशले मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १४ को दफा १९२ को उपदफा २ को क, ख, ग, छ र ज नम्बरबमोजिमको कसुर गरेकाले मुलुकी अपराध संहिताको दफा १९२ को उपदफा ४ बमोजिम सजाय, उपचार खर्च र क्षतिपूर्ति माग दाबी गरेका छन् ।

स्थानीय तह बेथिति

सम्झौता थोरै, भुक्तानी धेरै

■ **मोहन शाही** (डोटी)

डोटीका स्थानीय तहले मनोमानी रूपमा रकम वितरण गरेको पाइएको छ । कार्यकर्ता, आफन्त र परिवारनिकट रहेकाहरूलाई पोस्न सम्झौताभन्दा बढी रकम भुक्तानी दिने गरेका छन् ।

दिपायल सिलगढी नगरपालिकाले विभिन्न योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिएको फेला परेको छ । पानीखोला तिखाडाँडाबाट भण्डारी जग्गा हुँदै गिरी महराको घरसम्मको सडक, कौढुंगादेखि थमाल्लीसम्म खानेपानी, सिलखोली गाउँदेखि घटाली गाउँ सडक, रातोली पारवरी कुन्जेडी सडक, पनेरभाडदेखि झंकसम्मको बाटो पीसीसी, घोलतडा सेती नदी कटान संरक्षण योजनामा सम्झौताभन्दा बढी भुक्तानी दिइएको फेला परेको हो ।

विभिन्न योजनामा सम्झौताभन्दा १ लाख ७५ हजार ३ सय ६१ रुपैयाँ नगरपालिकाले बढी भुक्तानी गरेको छ । आर्थिक वर्ष ०७४/०७५ मा सम्पन्न ती योजनाको नाममा महालेखापरीक्षकको प्रतिवेदनमा समेत बेरुजु देखाइएको छ । 'काट् नुपर्ने कर नकाटेको देखिएकोले पनि केही योजनामा बेरुजु देखिएको हो,' नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भोजराज शर्माले भने, 'केही योजनामा पछि इस्टिमेट उठाउँदा काम बढी गरेको पाइएकाले पनि सम्झौताभन्दा केही रकम बढी गएको हो ।'

पूर्वीचौकी गाउँपालिका पनि यस्तै योजनामा अनियमित रूपमा भुक्तानी गरिएको छ । विभिन्न मेसिनरी सामग्री लागत अनुमान नै नगरी बिल भुक्तानी गरेको, स्वास्थ्य चौकीमा कार्यालय सामग्री खरिद गर्ने भनी सम्झौता गरेकोमा भुक्तानी गर्दा शौचालय निर्माण तथा मोबाइल खरिदका बिल पेस गरेर रकम बुझेको पाइएको छ ।

त्यस्तै कार्यालय सामान भन्दै पूर्वीचौकी गाउँपालिकाले स्लिपिङ ब्याग १५ थान, रेनकोट १५ थान, पावर बैंक २ थान, टर्चलाइट २० थान कोटेसनबाट शेखर ट्रेड एन्ड सप्लायर्सबाट खरिद गरी भुक्तानी दिइएको छ । टर्चलाइटका लागि भने शेखरको कोटेसन भए पनि गौरव इन्टरप्राइजेजबाट खरिद गरिएको छ ।

'ती सामग्री कहाँ छन् र कसले बुझेको हो भन्ने कुरा न कार्यालयमा दाखिला छ, न बुझ्ने व्यक्तिको भर्पाई छ,' महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ, 'कोटेसन र बिलमा मूल्य फरक पारेर पनि औषधि र उपकरण खरिदमा पनि बढी भुक्तानी मेडी डिस्टिब्युटर्सलाई गाउँपालिकाले दिएको छ,' महालेखाले औंल्याएको बेरुजुमा उल्लेख छ ।

सोही गाउँपालिकले पूर्वी तथा पश्चिमी (सिलगढी-साँफेबगर सडक) सीमामा प्रवेशद्वार बनाउने कामको लागत अनुमान तयार गर्दा पिलरको फाउन्डेसन (हात्तीपाइले) कामको दोहोरो इस्टिमेट राखेर १२ लाख ३ हजार ८ सय ९ रुपैयाँ भुक्तानी दिइएको छ । कोल हाल्ने खानेपानी योजनामा सम्झौताभन्दा बढी रकम भुक्तानी दिएको छ भने होमस्टे कार्यक्रमअन्तर्गत होटल व्यवसायी संघलाई सम्झौता नै नगरी सोझै गाउँपालिका र वडा कार्यालयले सामग्री खरिदको बिल पेस गरी भुक्तानी दिएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

शिखर नगरपालिकाको खन्ने खोला सडक, चुडी पनेरादेखि आँखडा ग्रामीण सडकमा नगरको स्वीकृत नर्म्सभन्दा १८ हजार ८ सय ३३ रुपैयाँ भुक्तानी गरेको पाइएको छ । नगरपालिकाले नगरसभाबाटै पारित गरेर नाफामूलक व्यवसाय शिवानी ट्राभल्स एन्ड टुर्स प्रालिलाई च्याफ्ट खरिदका लागि ६ लाख र जिनिअस जेनेरेसन एकेडेमी प्रालिलाई शैक्षिक सामग्रीमा भनेर २ लाख रुपैयाँ नियमविपरीत भुक्तानी भएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

केआईसिंह गाउँपालिकाले पनि अनियमित र हचुवाका भरमा रकम भुक्तानी दिएको पाइएको छ । दुर्गादेवी कृषक महिला सहकारी संस्थाको भवन निर्माणका लागि २ लाख ५० हजार मात्र बजेट विनियोजन गरेकोमा सहकारीलाई ४ लाख १० हजार भुक्तानी दिएको छ ।

NCCS
College of IT & Management
[Affiliated to TU]

ADMISSION OPEN

BHM
BIM BBM
LAST DATE OF CMAT FORM SUBMISSION :
BHADRA 11, 2076
CMAT EXAM :
BHADRA 21, 2076, SATURDAY

BCA
LAST DATE OF FORM SUBMISSION :
BHADRA 20, 2076
ENTRANCE EXAM :
BHADRA 28, 2076, SATURDAY

BSc.CSIT
LAST DATE OF FORM SUBMISSION :
BHADRA 9, 2076 [WITH NORMAL FEE] | BHADRA 16, 2076 [WITH LATE FEE]
ENTRANCE EXAM :
BHADRA 27, 2076, FRIDAY

National College of Computer Studies
Paknajol, Kathmandu | Phone: 4251711, 4228807, 4267866, 4268221
Fax: 4269807 | Email: info@nccs.edu.np | Web: www.nccs.edu.np
ISO 9001:2015 certified